'पञ्ञा नरानं रतनं'

# परियत्ति : द्वितीय प्रवेश शिक्षा

(प. स. पा. को प्रवेश द्वितीय वर्षको पाठ्य-पुस्तक)

बु. सं. २५४६ देखि स्वीकृत

Downloaded from http://dhamma.digital/

'पञ्ञा नरानं रतनं'

# परियत्ति : द्वितीय प्रवेश शिक्षा

(बु. सं. २५४६ देखि स्वीकृत)

(नेपाल बौद्ध परियत्ति शिक्षा समितिको निर्देशन अनुसार
प. स. पा. को प्रवेश द्वितीय वर्षको पाठ्य-पुस्तक)

सम्पादक तथा संयोजन

कोण्डन्य

(संयोजक : नेपाल बौद्ध परियत्ति शिक्षा, पाठ्यक्रम विकास समिति)



Downloaded from http://dhamma.digital/

प्रकाशक:

**नेपाल बौद्ध परियत्ति शिक्षा परिषद्**

**पाठ्यक्रम विकास तथा ब्यवस्थापन समिति**

**मणिमण्डप महाविहार, पटको, पाटन।**

सर्वाधिकार सुरक्षित : नेपाल बौद्ध परियत्ति शिक्षा, बु. सं. २५४६

नेपालमा वितरणार्थ आर्थिक सहयोगः

| | | |
|---|---|---|
| प्रकाशन ब्यवस्थापन | : | बुद्ध विहार भृकुटीमण्डप, सुखी होतु नेपाल |
| संकलित पुनर्मुद्रण | : | कर्पोरेट बडी अफ द बुद्ध एजुकेशनल फाउण्डेशन,टाइवान |
| सहयोगीहरू | : | भिक्षु मंगल, भिक्षु बोधिज्ञान, भिक्षु वजिरबुद्धि, बासुदेव देसार |
| कम्प्यूटर सज्जा | : | किरणमुनि वज्राचार्य, डिल्लीराम गौतम राजु |
| प्रकाशन | : | बु. सं. २५४७, बि. सं. २०६० |
| | | नै. सं. ११२४, ई. सं. २००४ |

Printed for free distribution by

**The Corporate Body of the Buddha Educational Foundation**

11F., 55 Hang how South Road Sec 1, Taipei, Taiwan, R.O.C.

Tel: 886-2-23951198, Fax: 886-2-23913415

Email: overseas@budaedu.org

Website: http: // www.budaedu.org

यो पुस्तक निःशुल्क वितरणको लागि हो, बिक्रीको लागि होइन।

**This book is strictly for free distribution, it is not to be sold.**

Printed in Taiwan



Downloaded from http://dhamma.digital/

# केही शब्द

नेपालको बुद्ध शासनिक क्षेत्रमा अखिल नेपाल भिक्षु महासंघबाट झण्डै ४० वर्ष देखि संचालित नेपाल बौद्ध परियत्ति शिक्षाको विशिष्ठ देन सर्वविदितै छ। यस्को श्रेय बुद्धशासनप्रति श्रद्धा र श्रम समर्पित गर्दै आउनु भएका नेपाल बौद्ध परियत्ति शिक्षाका संचालन सम्बन्धित पदाधिकारी, सदस्यहरू, परियत्ति शिक्षाका सम्पूर्ण केन्द्रका प्रबन्धक र शिक्षक-शिक्षिकाहरू, पुस्तक प्रकाशक र पुरस्कार वितरणार्थ श्रद्धालुहरूलाई छ।

नेपाल बौद्ध परियत्ति शिक्षालाई व्यापक रूपमा फैलाउन परिवर्तित परिप्रेक्ष अनुसार नेपाल बौद्ध परियत्ति शिक्षाका विविध पक्षहरूमा समयानुकुल परिवर्तित र परिवर्द्धित गरिंदै लानुपर्ने कुरालाई ध्यानकेन्द्रित गरी नेपाल बौद्ध परियत्ति शिक्षाको नियमावली बनेको र पाठ्यक्रम निर्माणमा प्रयास भएको छ। यसै अन्तर्गत प्रवेश द्वितीय वर्षको पत्रगत नेपाली भाषामा सिङ्गो एक पुस्तक *परियत्ति : द्वितीय प्रवेश शिक्षा* उपलब्ध हुने गरी पाठ्य-पुस्तक प्रकाशितहुनु *"धम्मपीति"* को विषय हो।

अखिल नेपाल भिक्षु महासंघबाट संचालित नेपाल बौद्ध परियत्ति शिक्षा नेपालको बुद्धशासनिक क्षेत्रमा आफ्नै विशेषता र देन रहेको कुरा स्पष्टहुँदै आएको छ। परियत्ति शिक्षाको प्रारम्भ समयमा अध्ययन गर्ने विद्यार्थी, परियत्तिका शिक्षक-शिक्षिका तथा शुभचिन्तकहरू उत्तरोत्तर उन्नति-प्रगति गरिंदै यसलाई व्यवस्थित ढङ्गले अगाडी बढाई शिक्षा प्रणाली अनुरूप वैज्ञानिकीकरण गरिंदै पाठ्य-पुस्तकलाई व्यवस्थित गरी अध्ययनार्थीहरूलाई सुलभ गरिंदै जानुमा सचेतता देखिनु पनि सकारात्मक कदम हो।



Downloaded from http://dhamma.digital/

पाठ्य-पुस्तकलाई प्रयोगमा ल्याई अनुभवी शिक्षकले पाठ्यक्रमद्वारा लक्षित विषयवस्तुलाई विविध श्रोतको सदुपयोग गरी सफलतापूर्वक अध्यापन गर्न सक्ने हुन्छ तापनि सहजरूपमा हाम्रा परियत्ति केन्द्रहरूमा अन्य सहायक सामाग्रीहरू उपलब्ध नहुँदा पाठ्य-पुस्तक माथि अत्यधिक निर्भर रहनु परेको छ। परिवर्तित परिप्रेक्ष अनुसार नेपाल बौद्ध परियत्ति शिक्षाको पाठ्यक्रम परिवर्तित र परिवर्द्धित गरिँदै लानुपर्ने लक्ष्यतिर ध्यान केन्द्रितगरी नेपाल बौद्ध परियत्ति शिक्षाको प्रवेश स्तरका प्रथम, द्वितीय र तृतीय वर्षका प्रत्येक प्रश्न-पत्रका एउटै सिंगोपुस्तक नेपाली भाषामा उपलब्ध गराउने प्रयास भैरहेछ। यसै अनुरूप प्रस्तुत पाठ्य-पुस्तकलाई सीमित जनशक्ति र श्रोतलाई प्रयोगगरी सकेसम्म स्तरयुक्त बनाई शिक्षक र विद्यार्थीहरूका आवश्यकतालाई अत्यधिक मात्रामा पूरागर्न सकियोस् भनी केही हदसम्म प्रयास गरिएतापनि भाषा, विषयक्रम, शैलीजस्ता पाठ्य-पुस्तकमा हुनुपर्ने विविध पक्षमा अझै कमी/कमजोरीहरू यथेष्टनै नहोलान् भन्न सकिन्न र तापनि शिक्षक, अभिभावक, विद्यार्थी, बौद्ध-विद्वान् तथा शिक्षाविद् लगायत सम्पूर्ण पाठकहरूको सक्रिय सहयोगको महत्वपूर्ण भूमिका रहनेहुँदा सम्बद्ध सबैका लागि रचनात्मक सुझाव, सरसल्लाहका लागि नेपाल बौद्ध प. शि. पाठ्यक्रम विकास समिति सदैव हार्दिक स्वागत गर्दछ।

यस पाठ्य-पुस्तकलाई एकै ठाउँमा संकलनगरी तयार पारिएकोलाई निःशुल्क मुद्रण गरिदिनु भएकोमा The Corporate Body of the Buddha Educational foundation, Taiwan परिवारलाई तथा प्रत्यक्ष-अप्रत्यक्ष सहयोग पुऱ्याउनेहरू सबै सम्बन्धित निकाय एवं श्रद्धालु महानुभावहरू तथा प्रकाशन कार्यमा सहयोग गरिदिनु हुने श्रद्धालु दाताप्रति हार्दिक साधुवाद व्यक्त गरिन्छ।

साधुवाद।

नेपाल बौद्ध परियत्ति शिक्षा परिषद्

पाठ्यक्रम विकास समिति

Downloaded from http://dhamma.digital/

# दुई शब्द

बुद्ध जन्मभूमि नेपालमा बुद्धधर्म, बौद्ध संस्कृति, इतिहास र दर्शन विषय अध्ययन गर्न स्वदेश बाहिर जानुपर्ने अवस्थालाई अन्त्य गर्न काठमाडौं उपत्यका बाहिर त्रिशुलीको सुगतपुर विहारमा वर्तमान अखिल नेपाल भिक्षु महासंघका अध्यक्ष एवं नेपाल बौद्ध परियत्ति शिक्षाका शिक्षाध्यक्ष संघउपनायक भिक्षु बुद्धघोष महास्थविरले सुगत बौद्ध मण्डलका तत्कालीन सचिव धर्मरत्न शाक्यको प्रार्थना र सहयोगमा बि.सं. २०१९ सालमा अनौपचारिक रूपले बौद्ध परियत्ति शिक्षा पठन-पाठनको शुरूवात गर्नुभयो। यसको लगत्तै नेपाल अधिराज्यमैं परियत्ति शिक्षालाई व्यापकता दिंदैलान कक्षा १-३ सम्मको पाठ्यक्रम स्वीकृत गरी अनौपचारिक बौद्ध शिक्षालाई ५ बैशाख २०२० सालको बैठकमा अखिल नेपाल भिक्षु महासंघले "नेपाल बौद्ध परियत्ति शिक्षा" नामाकरण गरी औपचारिकता प्रदान गरे।

यसरी अखिल नेपाल भिक्षु महासंघको २३ फागुण २०२० सालको बैठकले पुन: परियत्ति धम्म पालक (पछि परियत्ति सद्धम्म पालक) को व्यवस्था गरियो भने परियत्ति शिक्षाको अध्ययन-अध्यापनमा लोकप्रियता बढेको कुरालाई ध्यानमा राखी १ फागुण २०२३ को अ.ने.भि. महासंघको बैठकले परियत्ति सद्धम्म कोविद परीक्षा पनि व्यवस्था गरियो। यसरी अ.ने.भि.महासंघद्वारा संचालित नेपाल बौद्ध परियत्ति शिक्षा पठन-पाठन गर्न केन्द्रहरूको अवधारणा विकास गरी थेरवादी विहारहरूमा यो शिक्षा सुरुवात गरिएको मान्नसकिन्छ। हालसम्म परियत्ति परीक्षा संचालन हुने ३२ वटा केन्द्रहरू स्थापित भैसकेका छन्।



Downloaded from http://dhamma.digital/

बौद्ध विहार, बहा: बहीको सम्पर्कमा रहेकाहरूका छोरा-छोरी, आफन्त र साथीहरूले यो परियत्ति शिक्षा अध्ययनगर्दै आएका छन्। परियत्ति शिक्षामा सुरुमा प्रारम्भिक कक्षा १-३ सम्म, त्यसपछि सद्धम्मपालक उपाधि परीक्षा सातौं तहसम्मको व्यवस्था गरियो भने अन्ततः कोविद अन्तिम वर्ष भनी १० औं तहसम्मको अध्ययन व्यवस्था गरियो। सुरुदेखिनै विद्यार्थीहरूले बडो श्रद्धा र अभिरूचिपूर्वक यो शिक्षा अध्ययनगर्दै आइरहेका छन्। वस्तुतः परियत्ति अध्ययन गर्ने र नगर्ने विद्यार्थीहरूकाबीच पनि यसले ठूलो प्रभाव एवं छाप छोडेको छ।

केही वर्ष अगाडी देखि परियत्ति पढ्ने विद्यार्थीहरूमा र यस परियत्ति शिक्षाको उत्तरोत्तर उन्नति-प्रगति हुनुपर्छ भन्ने शुभ चिन्तकहरूमा नेपाल बौद्ध परियत्ति शिक्षालाई व्यवस्थित ढंगले अगाडि बढाई शिक्षा प्रणाली अनुरूप वैज्ञानिकीकरण गरिंदै पाठ्यक्रमलाई व्यवस्थित पार्दै लानुपर्ने सचेतता आएको देखिंदैछ। परियत्ति शिक्षालाई निश्चय पनि वैज्ञानिकीकरण गर्नुपर्ने हो, तर यसको लागि दक्ष जनशक्ति, आर्थिक संकलन र व्यवस्थापन पक्ष पनि मजबूत हुनु नितान्त आवश्यक कुरा हुन्। सम्बन्धित सबैले आ-आफ्नो जिम्मेवारी बहन गर्नेतर्फ उन्मुख हुनसके निश्चय पनि नेपाल बौद्ध परियत्ति शिक्षालाई व्यवस्थितगर्दै अगाडि बढाउन सकिने हुन्छ। वास्तवमा परियत्ति शिक्षाको अवधारणा विकास अनुरूप त्रिभुवन विश्व विद्यालयमा Post Graduate Diploma in Buddhist Studies (PGD) सुरुभई दुइवर्षीय स्नातकोत्तर अध्ययनको पनि व्यवस्था भैसकेको कुरालाई नकार्न सकिंदैन।

परियत्तिका विकास कार्यमा पाठ्यक्रमले पनि ठूलो भूमिका निभाउने कुरालाई नकार्न सकिंदैन। पाठ्यक्रम अनुरूप विद्यार्थीहरूलाई सुलभ हुने तवरमा पाठ्य



Downloaded from http://dhamma.digital/

पुस्तक उपलब्ध गर्नाले पढ्ने विद्यार्थीहरूलाई हौसला बढ्ने कुरा स्वाभाविक हुन् । यसका लागि पत्रगतरूपमा पाठ्यपुस्तकको व्यवस्था हुनुपर्ने धेरैको रचनात्मक सुझाव तथा अत्यावश्यक पक्षलाई ध्यानमा राखी यसतर्फ अगाडि बढ्ने अभ्यासहरू भइरहेको थियो ।

अखिल नेपाल भिक्षु महासंघको बैठकले ५ बैशाख २०५७ का दिन नेपाल बौद्ध परियत्ति शिक्षाको पाठ्यक्रम परिमार्जन, परिवर्द्धन तथा संशोधन एवं परिवर्तनका लागि म भिक्षु कोण्डन्यको संयोजकत्वमा गठित श्रद्धेय महास्थविर भिक्षुहरू बुद्धघोष, ज्ञानपूर्णिक, सुदर्शन, धर्मशोभन र शीलभद्र तथा भिक्षुहरू भद्दिय, बोधिज्ञान र निग्रोध गरी नौ सदस्सिय समिति गठन भएअनुरूप एवं बौद्ध महिला संघ, नेपालको आयोजनामा २०५७ मा भएको नेपाल बौद्ध परियत्ति शिक्षा विकास दुइदिने कार्याशाला गोष्ठी पछि अझ पाठ्यक्रमलाई व्यवस्थित ढंगमा अगाडि बढाउन विभिन्न व्यक्तिहरूसित सरसल्लाहगरी पाठ्यक्रमलाई सुधार गरिने कार्य भयो । यस पाठ्यक्रम स्वरूपमा प्रारम्भिक प्रथम वर्षदेखि प्रवेश तृतीय वर्षसम्म नेपाली भाषामा पनि प्रस्तुत गरिएको छ भने पाठ्य पुस्तक पनि पत्रगत आधारमा प्रवेश तृतीय वर्षसम्म व्यवस्था गरि एअनुरूप नेपाली भाषामै पाठ्यपुस्तकहरू प्रकाशित भैसकेको सुखद् विषय हुन् । दाताहरू क्रमश: मोतिलाल शिल्पकार-ललितपुर, अनागारिका धम्मवती-धर्मकीर्ति विहार, शरणलक्ष्मी कंसाकार-पुतलीसडक, रत्नमाया शाक्य-जावलाखेल, धर्म बहादुर धाख्वा कल्याण कोषर-ललितपुर, डा. केशर मान वज्राचार्य-काठमाडौंबाट हजार-हजार प्रति प्रकाशित भएका थिए । प्रकाशक दाताहरू साधुवादका पात्र हुन्, उहाँहरूलाई पाठ्यक्रम विकास समितिको तर्फबाट पनि साधुवाद व्यक्त गर्दछु । विशेषत: बु.सं. २५४६ देखि लागू हुनेगरी प्रकाशित गरिएको सो



Downloaded from http://dhamma.digital/

पाठ्यपुस्तक अन्तरगत **"परियत्ति : प्रथम प्रवेश शिक्षा-१, परियत्ति : प्रथम प्रवेश शिक्षा-२, परियत्ति : प्रथम प्रवेश शिक्षा-३, परियत्ति : द्वितीय प्रवेश शिक्षा-१, परियत्ति :द्वितीय प्रवेश शिक्षा-२,परियत्ति : द्वितीय प्रवेश शिक्षा-३"** लाई २०६० आश्विन ७ बुधवार भएको नेपाल बौद्ध परियत्ति शिक्षा परिषदको बैठकमा पारित भएअनुरूप टाइवानबाट निःशुल्क पुनर्मुद्रण गरिनेक्रममा परियत्ति प्रवेश प्रथम वर्षका लागि **"परियत्ति : प्रथम प्रवेश शिक्षा"** र परियत्ति प्रवेश द्वितीय वर्षका लागि **"परियत्ति : द्वितीय प्रवेश शिक्षा"** भनी नामाकरण गरिएको छ ।

वस्तुतः परियत्तिको विकास गर्ने क्रममा इतिहास, पुरातत्व एवं बौद्ध संस्कृतिविद् पूर्व अखिल नेपाल भिक्षु महासंघका उपाध्यक्ष तथा नेपाल भाषा एकेडेमीका उपकुलपति दिवंगत श्रद्धेय भिक्षु सुदर्शन महास्थविरको जुन अथक प्रयास र योगदान रहेको छ, त्यसले उहाँ परियत्तिको इतिहासमा सदा स्मरणीय व्यक्तित्वको रूपमा रहीरहने छ भने नयाँ पाठ्यक्रमको स्वरूपलाई मूर्तरूप दिन वर्तमान परीक्षा केन्द्रीय परीक्षा नियन्त्रक भिक्षु बोधिज्ञान, भिक्षु निग्रोध, अनागारिकाहरू धम्मवती, सुजाता र ञाणवती, डा. गणेश बहादुर माली, डा. वज्रराज शाक्य, डा.केशरी लक्ष्मी मानन्धर, नानीमैंया मानन्धर, ठाकुरमान शाक्य, त्रिरत्न मानन्धर, रीना तुलाधर, अमिता धाख्वा, वीणा कंसाकारको पनि ठूलो सहयोग रहेकोलाई स्मरण गर्नैपर्छ ।

याथार्थतः परियत्ति शिक्षा राष्ट्रियस्तरमै अगाडि बढिसकेको भएर पनि यसमा सुधारात्मक कार्यहरू अझै धेरै हुन बाकी छ, यो स्वीकार्य छ । मूलतः संस्थागत कार्यलाई ध्यानाकृष्ट गरीनुपर्ने देखिन्छ । जे होस् विद्यार्थीहरूको सहभागितालाई



Downloaded from http://dhamma.digital/

हामीले निश्चय पनि सचेतता अपनाई यस बौद्ध परियत्ति शिक्षालाई कसरी निरन्तरता दिंदै अघि बढ्ने भन्ने विषयमा धर्मप्रेमी हामी सबैको ध्यान केन्द्रित हुनु सबैको लागि सुखकर हुने भएर नेपाल बौद्ध परियत्ति शिक्षाको विकासमा सबैले टेवा पुऱ्याउन सकौं परिणामतः यस पछिको अर्को पाठ्यक्रममा हामीले अझ व्यवस्थित तथा वैज्ञानिक पद्धतिलाई अपनाउन सक्ने कुरामा नकार्न सकिंदैन ।

नेपाल बौद्ध परियत्ति शिक्षा परिषद्का लागि निःशुल्क मुद्रण गरिदिने टाइवानको दातृसंस्था The Corporate Body of The Buddha Educational Foundation, प्रकाशनार्थ व्यवस्थापनको अभिभार बहन गर्ने बुद्ध विहार भृकुटीमण्डप तथा सुखी होतु नेपाल, टाइवानमा प्रकाशनको लागि आवश्यक सहयोग गर्नुहुने भिक्षु मंगल र भिक्षु वजिरबुद्धि, सहयोगीहरू केन्द्रीय परीक्षा नियन्त्रक भिक्षु बोधिज्ञान, बासुदेव देसार, किरणमुनि वज्राचार्य, डिल्लीराम गौतम आदि सबैलाई साधुवाद छ ।

- कोण्डन्य,

बुद्ध विहार-भृकुटी मण्डप
संयोजक, पाठ्यक्रम विकास समिति

Downloaded from http://dhamma.digital/

# विषय-सूची


| विषय | पृष्ठः |
|---|---|
| **परित्त सुत्त** | |
| बोज्झङ्ग सुत्तं | १ |
| बोज्झङ्ग सूत्रको निधान | ३ |
| बोज्झङ्ग सूत्रको अर्थ | ३ |
| परित्त सुत्त–अभ्यास – १ | ५ |
| बुद्धानुस्सति | ६ |
| बुद्धानु स्मृतिको अर्थ | ८ |
| परित्त सुत्त–अभ्यास – २ | १० |
| **बुद्ध-जीवनी भाग-२** | ११ |
| **बाह्रौं परिच्छेद** १३-२० | |
| तीनजना जटिल तपस्वीहरूको भिक्षुभाव | १३ |
| राजगृह गमन | १३ |
| बिम्बिसारको निमन्त्रणा | १४ |
| वेणुवन-दान | १५ |
| उपतिस्स र कोलित परिव्राजकहरू | १६ |
| उपतिस्स र कोलितलाई बौद्ध-दर्शनको ज्ञान प्राप्त | १७ |
| उपतिस्स र कोलितको उपसम्पदा | १९ |
| अग्रश्रावक स्थान | १९ |
| बुद्ध-जीवनी–अभ्यास – १ | २० |




Downloaded from http://dhamma.digital/

| विषय | पृष्ठः |
|---|---|

**तेह्रौं परिच्छेड** २१–३१


शुद्धोदन महाराजका दूतहरू २१
कालुदायी मन्त्रीको प्रव्रज्या २२
स्वदेशको भ्रमण ........................................ २२
मार्गको बीचमा राजभोजन २३
शुद्धोदनद्वारा बुद्धको स्वागत २४
शुद्धोदनको तृतीयबार पुत्र-वन्दना २५
जातिहरूलाई धर्मोपदेश ........................................ २५
कपिलपुरमा भिक्षाटन २६
महाराजलाई धर्मोपदेश ........................................ २७
यशोधराको कोठामा भगवान्को प्रवेश ........................ २८
यशोधराको बुद्ध-वन्दना २९
यशोधराको गुण वर्णन २९
बुद्धजीवनी – अभ्यास - २ ३१


**चौधौं परिच्छेड** ३२–३९


नन्दकुमारको प्रव्रज्या ३२
राहुलकुमारको प्रव्रज्या ३२
शुद्धोदनको अनागामीत्व ........................................ ३४
अनाथपिण्डिकलाई बुद्ध-दर्शन ३५
अनाथपिण्डिकको जेतवन विहार दान ३५
उपाली नाउँको प्रव्रज्या ३६
लोकहित ३८
बुद्धजीवनी – अभ्यास - ३ ........................................ ३९




Downloaded from http://dhamma.digital/

| विषय | | पृष्ठ: |
|---|---|---|
| **पन्ध्रौं परिच्छेद** | **४०-४६** | |
| गौतमीको गृहत्याग | | ४० |
| प्रजापती प्रव्रज्या | | ४० |
| शासनको अचिरस्थायी | | ४३ |
| नमस्कार नगर्ने | | ४४ |
| तथागतको धर्म | | ४४ |
| यशोधराको प्रव्रज्या | | ४५ |
| बुद्धजीवनी – अभ्यास - ४ | | ४६ |
| **सोह्रौं परिच्छेद** | **४७-५५** | |
| छैठौंदेखि एकाइसौं वर्षावाससम्म | | ४७ |
| विशाखा उपासिका | | ४७ |
| विशाखाको विहार दान | | ४८ |
| समर्थ भिक्षुहरू | | ५१ |
| समर्थ भिक्षुणीहरू | | ५३ |
| समर्थ उपासिकाहरू | | ५३ |
| समर्थ उपासिकाहरू | | ५४ |
| बुद्धजीवनी – अभ्यास - ५ | | ५५ |
| **सत्रौं परिच्छेद** | **५६-६४** | |
| अपरिहानीय धर्मदेशना | | ५६ |
| बुद्धको उपदेश | | ५८ |
| भगवान्को अन्तिम वर्षावास | | ५९ |




Downloaded from http://dhamma.digital/

| विषय | पृष्ठ: |
|---|---|
| बुद्ध-शासनमा गुरुमुष्ठि छैन | ५९ |
| मारको प्रार्थना | ६० |
| भूकम्प | ६१ |
| आनन्द स्थविरको प्रार्थना | ६१ |
| बुद्धजीवनी – अभ्यास - ६ | ६४ |
| **अठारौं परिच्छेड** | **६५–७३** |
| प्रजापती गौतमी र यशोधराको परिनिर्वाण | ६५ |
| तथागतको धर्म भन्दैमा स्वीकार नगर्नू | ६५ |
| भगवान्को अन्तिम भोजन | ६६ |
| परम पूजा | ६६ |
| दर्शनीय चार स्थानहरू | ६७ |
| स्त्रीहरूसितको व्यवहार | ६८ |
| स्तूप बनाउने योग्य अस्थिधातु | ६८ |
| आनन्द स्थविरको विलाप | ६८ |
| अन्तिम श्रावक | ६९ |
| धर्म नै शास्ता हो | ७० |
| बुद्धको अन्तिम उपदेश | ७१ |
| परिनिर्वाण | ७१ |
| बुद्धजीवनी – अभ्यास - ७ | ७३ |
| **उन्नाइसौं परिच्छेड** | **७४–७७** |
| आदाहनोत्सव | ७४ |
| महाकाश्यप स्थविरको कुशीनगर आगमन | ७४ |
| चिताको आगो बलेन | ७५ |



Downloaded from http://dhamma.digital/

| विषय | पृष्ठः |
|---|---|
| महाकाश्यपको अन्तिम वन्दना | ७५ |
| बुद्धजीवनी – अभ्यास - ८ | ७७ |
| **बीसौं परिच्छेड** ७८–८२ | |
| धातु कोलाहल | ७८ |
| धातु विभाजन | ७९ |
| दशचैत्य स्थापना | ८१ |
| बुद्धजीवनी – अभ्यास - ८ | ८२ |
| **पालि भाषा अवतरण** | **८५–११५** |
| १) भविष्यत क्रिया, पुलिङ्ग, इकारान्त शब्द, उकारान्त पुलिङ्ग शब्द अभ्यास – ११ | ८५-९० |
| २) गुणवन्तु विशेषण पद, स्त्रीलिङ्ग, कालार्थ निपात अभ्यास – १२ | ९१-९५ |
| ३) विधि क्रिया, निपात पद, अभ्यास–१३, भूमि कुमारी इकारान्त शब्द | ९५-९९ |
| ४) पूर्वक्रिया अभ्यास – १४ | ९९-१०० |
| ५) मातु/धेनु स्त्रीलिङ्ग इकारान्त शब्द अभ्यास – १५ | १००-१०२ |
| ६) चित्त/अकारान्त शब्द अभ्यास – १६ | १०२-१०४ |
| ७) नपुसंक इकारान्त शब्द, उकारान्त शब्द अभ्यास – १७ | १०५-१०६ |
| ८) संज्ञा-भेद, सर्वनाम, सर्वनामको प्रयोग | |



Downloaded from http://dhamma.digital/

| विषय | पृष्ठः |
|---|---|
| अभ्यास – १८ ........................................ | १०७-१११ |
| ९) पुलिङ्ग, स्त्रीलिङ्ग, नपुसंक लिङ्ग | |
| अभ्यास – १९/२० | १११-११५ |


**प्रथम खण्डः**

# धम्मपद

(११६–१२६)


| | |
|---|---|
| चित्त वग्गो | ११७ |
| धम्मपद अभ्यास – १ | १२० |
| पुप्फवग्गो ........................................ | १२१ |
| धम्मपद अभ्यास – २ | १२६ |


**दुतीय खण्डः**

# संक्षिप्त कथा सहित धम्मपद


| | |
|---|---|
| १. चक्षुपाल स्थविर | १२९ |
| अभ्यास – १........................................ | १४२ |
| २. मट्टकुण्डली ........................................ | १४३ |
| अभ्यास – २........................................ | १५० |
| ३. तिश्य स्थविर | १५१ |
| अभ्यास – ३........................................ | १५७ |
| ४. बाँझी स्त्री | १५८ |
| अभ्यास – ४........................................ | १६२ |
| ५. कौशम्बिक भिक्षुहरू | १६३ |
| अभ्यास – ५........................................ | १७० |




Downloaded from http://dhamma.digital/

६. चूलकाल महाकाल भिक्षुहंरू १७१
अभ्यास – ६ ........ १७७
७. देवदत्त १७८
अभ्यास – ७ ........ १८३
८. अग्रश्रावक १८४
अभ्यास – ८ १९८
९. नन्द स्थविर १९९
अभ्यास – ९ २०६
१०. चुन्दसूकरिक २०७
अभ्यास – १० ........ २१०
११. धार्मिक उपासक २११
अभ्यास – ११ २१५
१२. सुमनादेवी २१६
अभ्यास – १२ २१९

**तृतीय खण्डः**

# वेस्सन्तर जातक

(२२१–३०५)

**१) दानकथा ........ २२३**
वर्तमान कथा २२३
अतीत कथा २२५
दश वरदान ........ २२७
वेस्सन्तरको जन्म ........ २२८
वोधिसत्त्वको दान ........ २३२
वेस्सन्तर जातक अभ्यास – १ ........ २३९



Downloaded from http://dhamma.digital/

२) **दान काण्ड** ........................................ **२४०**
वेस्सन्तर जातक अभ्यास – २ ........................ २४८
३) **वन काण्ड** ........................................ **२४९**
बोधिसत्त्वको तपस्वी भेष २५२
मद्दीदेवीको नित्यचर्या २५५
वेस्सन्तर जातक अभ्यास – ३ २५५
४) **जूजक काण्ड** ........................................ **२५६**
वेस्सन्तर जातक अभ्यास – ४ २६०
५) **छः क्षत्रिय काण्ड** ........................................ **२६१**
मद्दीदेवीको स्वप्न ........................................ २६२
वेस्सन्तरको छोराछोरी दान २६३
अद्वार पुरुष दोष ........................................ २७१
जालि र कृष्णाजिनीको विलाप २७३
मद्दीदेवी ........................................ २७७
पत्नीदान २८५
महाराजको कुरा ........................................ २९०
वेस्सन्तर जातक अभ्यास – ५ ........................ २९६
६) **नगर काण्ड** ........................................ **२९७**
निगमन ........................................ ३०४
वेस्सन्तर जातक अभ्यास – ६ ३०५

---



Downloaded from http://dhamma.digital/

'पञ्ञा नरानं रतनं'

# परियत्ति : द्वितीय प्रवेश शिक्षा

(भाग-१, नेपाली)

(बु. सं. २५४६ देखि स्वीकृत)

(नेपाल बौद्ध परियत्ति शिक्षा समितिको निर्देशन अनुसार
प. स. पा. को द्वितीय वर्ष प्रथम पत्रको पाठ्य-पुस्तक)

**निर्देशन**

**भिक्षु सुदर्शन महास्थविर**

**सम्पादन तथा संयोजन**

**कोण्डन्य**

(संयोजक : नेपाल बौद्ध परियत्ति शिक्षा, पाठ्यक्रम विकास समिति)



Downloaded from http://dhamma.digital/

परियत्ति : द्वितीय प्रवेश शिक्षा – १

परित्त सुत्त

बुद्धजीवनी – २

– लेखक : आचार्य भिक्षु अमृतानन्द महास्थविर

– अनु. केशवलाल कर्माचार्य

पालिभाषावतरण

– लेखक : भिक्षु बुद्धदत्त, श्रीलंका

– अनु. भिक्षु शीलभद्र महास्थविर

परियत्ति : द्वितीय प्रवेश शिक्षा – २

धम्मपद

– अनुवादक : आचार्य भिक्षु अमृतानन्द महास्थविर

संक्षिप्त कथा सहित धम्मपद

– लेखक : आचार्य भिक्षु अमृतानन्द महास्थविर

वेस्सन्तर जातक

– लेखक : आचार्य भिक्षु अमृतानन्द महास्थविर

– अनु. : धर्मरत्न शाक्य 'त्रिशुली'

परियत्ति : द्वितीय प्रवेश शिक्षा – ३

पञ्चशील

– सुश्री नानी मैया मानन्धर

– त्रिरत्न मानन्धर

– कोण्डन्य

बौद्ध सामान्य ज्ञान

– लेखक तथा संकलन :कोण्डन्य

गृही-विनय

– लेखक : भिक्षु अमृतानन्द महास्थविर

– अनु. : केशव लाल कर्माचार्य

– लेखन, सम्पादन तथा संयोजन : कोण्डन्य



Downloaded from http://dhamma.digital/

# परित्त सुत्त



Downloaded from http://dhamma.digital/

Downloaded from http://dhamma.digital/

# बोज्झङ्ग सुत्तं

संसारे संसरन्तानं, सब्ब–दुक्ख–विनासने ।
सत्त धम्मेच बोज्झङ्गे, मार–सेना–पमद्दने ॥

बुज्झित्वा येचि मे सत्ता, ति–भवा मुत्तकुत्तमा ।
अ–जाति म–जरा–ब्याधिं, अ–मतं निब्भयं गता ॥

एवमादि–गुणू पेतं, अनेक–गुणसङ्गहं ।
ओसधञ्च इमं मन्तं, बोज्झङ्गञ्च भणाम हे ॥

बोज्झङ्गो सति–सङ्खातो, धम्मानं–विचयो तथा
वीरियं पीति–पस्सद्धि, बोज्झङ्गाच तथा परे ॥१॥

समाधु पेक्खा–बोज्झङ्गा, सत्ते ते सब्ब–दस्सिना
मुनिना सम्म–दक्खाता, भाविता बहुली–कता ॥२॥

संवत्तन्ति अभिञ्ञाय, निब्बानायच बोधिया ।
एतेन सच्च वज्जेन, सोत्थि ते होतु सब्बदा ॥३॥



Downloaded from http://dhamma.digital/

एकस्मिं समये नाथो, मोग्गल्लानञ्च कस्सपं ।
गिलाने दुक्खिते दिस्वा, बोज्झङ्गे सत्त देसयि ॥४॥

तेच तं अभिनन्दित्वा, रोगा मुच्चिंसु तङ्खणे ।
एतेन सच्च–वज्जेन, सोत्थि ते होतु सब्बदा ॥५॥

एकदा धम्म–राजपि, गेलञ्ञे ना भिपीलितो ।
चुन्दत्थेरेन तंयेव, भणापेत्वान सादरं ॥६॥

सम्मोदित्वान आबाधा, तम्हा वुट्ठासि ठानसो ।
एतेन सच्च–वज्जेन, सोत्थि ते होतु सब्बदा ॥७॥

पहीना तेच आबाधा, तिण्णन्नम्पि महेसिनं ।
मग्ग–हता किलेसा व, पत्तानुपत्ति–धम्मतं ।
एतेन सच्च–वज्जेन, सोत्थि ते होतु सब्बदा ॥८॥

(बोज्झङ्ग –सुत्तं निट्ठितं)



Downloaded from http://dhamma.digital/

# बोज्झङ्ग सूत्रको निदान

भगवान् बुद्ध राजगृहको वेलुवन कलन्दक निवापमा विहार गरिरहनुभएको बखतमा आयुष्मान महाकाश्यप पिप्फलि गुफामा बिरामी भएर बसेको ठाउँमा भगवान बुद्ध पाल्नुभई उहाँको रोग शान्त गर्नुको निम्ति बोज्झङ्ग सूत्र देशना गर्नु भयो। त्यस्तै गृद्धकूट पर्वतमा आयुष्मान् मोद्गल्यायन बिरामी हुँदा पनि भगवान् बुद्ध पाल्नुभई उहाँको रोग शान्त गर्नुकोनिम्ति बोज्झङ्ग सूत्र देशना गर्नुभयो।

एकदिन स्वयं भगवान् बुद्ध अस्वस्थ हुनुभयो। त्यसबेला आयुष्मान् चुन्द भगवान् बुद्धकहाँ आएर अभिवादन गरी एक छेउमा बस्नुभयो। एक छेउमा बसेका आयुष्मान् चुन्दलाई भगवान् बुद्धले भन्नुभयो,– 'प्रिय पुत्र चुन्द ! मलाई बोज्झङ्ग सूत्र सुन्ने इच्छा भयो राम्रोसँग सुनिने गरी पाठ गर।'

आयुष्मान् चुन्दले भगवानको आज्ञालाई शिरोपर गरी "**सतिमे बोज्झङ्गा भगवता सम्दक्खाता**" आदि बोज्झङ्ग सूत्र पाठ गरिदिनुभयो। यसरी आयुष्मान् चुन्दले पाठ गरेको बोज्झङ्ग सूत्र ध्यानपूर्वक भगवान् बुद्धले सुन्नुभयो। त्यति बेला भगवान् बुद्धको शरीरमा भइरहेको सबै रोग हुरीले उडाएर लगेझैं शान्त भएर गयो।

प्रस्तुत परित्राणमा आएको "**बोज्झङ्ग सति संघतो**" आदि गाथा उपरोक्त बोज्झङ्ग सूत्र देशनासहित सत्यकृयाको रूपमा आचार्यहरूले संक्षिप्त गरेर रचना गरी राखेको गाथा हो। तैपनि आनिशंस फल कम हुँदैन।

# बोज्झङ्ग सूत्रको अर्थ

संसारचक्रमा घुमिरहेका सत्वहरूका सम्पूर्ण दुःख विनाश भई क्लेश रूपि मारको सेनासहित दमन हुने अर्हत मार्गमा सातप्रकारका बोधि अङ्ग छन् सो सातप्रकारका वोधि अङ्ग यथार्थ बुझ्ने व्यक्ति तीन भवबाट मुक्त भए। मुक्त हुने



Downloaded from http://dhamma.digital/

व्यक्तिलाई जन्म, जरा, ब्याधि, मरण, भय, शोक, रोगादि केही नभएको निर्वाणपद प्राप्त भयो। यस्तो अनेक गुणले सम्पन्न भइरहेको तथा महौषध र मन्त्रसमान यो बोध्यङ्ग सूत्रलाई हामी पनि पाठ गर्दछौं।

स्मृति बोध्यङ्ग, धर्म विचय् बोध्यङ्ग, वीर्य बोध्यङ्ग, प्रीति बोध्यङ्ग, प्रसब्धी बोध्यङ्ग त्यसपछि ॥१॥

समाधि बोध्यङ्ग र उपेक्षा बोध्यङ्ग यी सात बोध्यङ्ग (बोधिज्ञानको अङ्ग) भई रहेकालाई स्वदेशी तथागतले लोकहितको निम्ती सम्यक्रूपले देशना गर्नुभयो ॥२॥

फेरि अर्हन्त मार्गको ज्ञानको निम्ति अभिञ्ञाणको निम्ति र निर्वाणको निम्ति पनि धेरै पटक भावना गर्नुपर्दछ। यो सत्य वचनको प्रभावले तिमीलाई सदा सुख बृद्धि होस् ॥३॥

एक समय महामौद्गल्यायन र काश्यपलाई रोग भइरहेको बुद्धले देख्नुभई यही सात प्रकारको बोध्यङ्ग सूत्र देशना गर्नुभयो ॥४॥

त्यसलाई अभिनन्दन गर्नाले उहाँहरू तत्क्षणमै रोगबाट मुक्त हुनुभयो। यो सत्य वचनको प्रभावले तिमीलाई सदा सुख बृद्धि होस् ॥५॥

एक समय धर्मराजा तथागतलाई नै रोगले ग्रस्त भइरहेको बखतमा चुन्द स्थविरले बोध्यङ्ग सूत्र पाठ गरिदिनुभयो ॥६॥

त्यस बखतमा भगवान बुद्ध प्रसन्न भएर उहाँको त्यो रोग पनि तत्क्षणमै शान्त भएर रोगबाट मुक्त हुनुभयो। यो सत्य वचनको प्रभावले तिमीलाई सदा सुख बृद्धि होस् ॥७॥

उहाँहरू तीनजनाको रोग पनि मार्ग ज्ञानद्वारा हुत्याई दिएको क्लेश झैं फेरी उत्पन्न नहुने तरिकाले निरोगिता प्राप्त भयो। यो सत्य वचनको प्रभावले तिमीलाई सदा सुख बृद्धि होस् ॥८॥

Downloaded from http://dhamma.digital/

# परित्त सुत्त–अभ्यास – १

१) **खाली ठाउँमा भर्नुहोस् ।**

विचयो तथा

वीरियं पीति–पस्सद्धि, ॥

पहीना तेच........................................

................................ पत्तानुपत्ति–धम्मतं ।

एतेन सच्च ॥

.................................... मुच्चिंसु तङ्खणे ।

एतेन सच्च–वज्जेन, ॥

२) **मिल्ने अर्थ लेख्नुहोस् ।**

क) एकस्मिं समये नाथो, मोग्गल्लानञ्च कस्सपं ।
गिलाने दुक्खिते दिस्वा, बोज्भङ्गे सत्त देसयि ॥

ख) एकदा धम्म–राजपि, गेलञ्ञे ना भिपीलितो ।
चुन्दत्थेरेन तंयेव, भणापेत्वान सादरं ॥

ग) संवत्तन्ति अभिञ्ञाय, निब्बानायच बोधिया ।
एतेन सच्च वज्जेन, सोत्थि ते होतु सब्बदा ॥

---



Downloaded from http://dhamma.digital/

# बुद्धानुस्सति

बुद्धानुस्सति मेत्ता च, असुभं मरणस्सति ।
इतिमा चतुरा रक्खा, भिक्खु भावेय्य सीलवा ॥१॥

अनन्तवित्थार गुणं गुणतोनुस्सरं मुनिं ।
भावेय्य बुद्धिमा भिक्खु, बुद्धानुस्सतिमादितो ॥२॥

सवासने किलेसे सो, एको सब्बे निघातिय ।
अहू सुसुद्ध सन्तानो, पूजानञ्च सदारहो ॥३॥

सब्ब कालगते धम्मे, सब्बे सम्मा सयंमुनि ।
सब्बाकारेन बुज्झित्वा, एको सब्बञ्ञुतं गतो ॥४॥

विपस्सनादि बिज्जाहि, सीलादि चरेणेहि च ।
सुसमिद्धेहि सम्पन्नो, गगनाभेहि नायको ॥५॥

Downloaded from http://dhamma.digital/

सम्मा गतो सुभं ठानं, अमोघ वचनो च सो ।
तिविधस्सापि लोकस्सञाता निरवसेसतो ॥६॥

अनेकेहि गुणोघेहि सब्ब सत्तुत्तमो अहु ।
अनेकेहि उपायेहि नरदम्मे दमेसि च ॥७॥

एको सब्बस्स लोकस्स, सब्ब सत्थानुसास को ।
भाग्य इससरियादीनं गुणानं परमो निधि ॥८॥

पञ्ञास्स सब्ब धम्मेसु, करुणा सब्ब जन्तुसु ।
अत्तत्थानं परत्थानं, साधिका गुणजेट्ठिका ॥९॥

दयाय पारमी चित्वा, पञ्ञाय'त्तान मुद्धरि
उद्धरि सब्ब धम्मे च, दयाय'ञ्ञे च उद्धरि ॥१०॥

दिस्समानो पि तावस्स, रूपकायो अचिन्तियो ।
असाधारण ञाणड्ढे, धम्मकाये कथा'व का'ति ॥११॥

(वुद्धानुस्सति–सुत्तं निट्ठितं)



Downloaded from http://dhamma.digital/

# बुद्धानु स्मृतिको अर्थ

भिक्षु जीवनलाई रक्षा गर्ने बुद्धानुस्मृति भावना, मैत्री भावना, अशुभ भावना, मरणानुस्मृति भावना, यी चार किसिमका भावनालाई शीलवान् भिक्षुहरूले अभ्यास गर्नु पर्दछ ॥१॥

बुद्धिमान भिक्षुहरू अनन्त गुणसंयुक्त हुनुभएका शाक्यमुनि बुद्धका गुण इतिपि सो आदि शुरुदेखि सम्झेर स्मरण गरी भावना गर्नुपर्दछ ॥२॥

उहाँ बुद्धले सबै प्रकारका आशक्ति र क्लेशलाई आफू एक्लैले नाश गर्नुभयो, चित्त सन्ततिलाई परिशुद्ध गर्नुभयो । त्यसकारण उहाँ सधैं सम्पूर्ण प्राणीहरूबाट पूज्य हुनुभयो ॥३॥

अतीत अनागत र वर्तमान तीन कालका सम्पूर्ण धर्मलाई सबैप्रकारले आफैले अवबोध गर्नु भई उहाँले अद्वितीय सर्वज्ञता प्राप्त गर्नुभयो ॥४॥

विपश्यना आदि विद्या र शील आदि आचरणले राम्रोसँग सम्पन्न हुनु भई आकाशमा सूर्य जस्तै उहाँ प्रकाशमान हुनुभयो ॥५॥

उहाँ तथागत शुभस्थानमा अर्थात् निर्वाणपुरमा राम्रोसँग पुग्नुभयो । उहाँको वचन पनि अमोघ छ। अर्थात् कहिल्यै व्यर्थ भएन । उहाँले तीन लोकको स्वभावलाई पनि निशेष रूपले सबै जान्नुभयो ॥६॥

अनेक गुणले संयुक्त हुनुभई उहाँ सम्पूर्ण सत्वहरूको बीचमा उत्तमोत्तम हुनुभयो । दमन गर्न योग्य नरनारीहरूलाई उहाँले अनेक प्रकारको उपायद्वारा दमन पनि गर्नुभयो ॥७॥



Downloaded from http://dhamma.digital/

एकजना उहाँ मात्र सम्पूर्ण लोकका सम्पूर्ण प्राणीहरूका अनुशासक हुनु हुन्छ। फेरि उहाँ भाग्य ऐश्वर्य आदि गुणका सर्वोत्तम निधि हुनुहुन्छ ॥८॥

सम्पूर्ण धर्मको विषयमा उहाँ प्रज्ञावान् हुनुहुन्छ। सबै सत्वहरूप्रति करुणा छ। अनि आफ्नो निम्ति र अरुको निम्ति कल्याण हुने गुण अरु प्राणीहरूको भन्दा उहाँसँग बढी छ ॥९॥

दयाद्वारा दशपारमिता धर्म पूर्ण गरेर उहाँले प्रज्ञाद्वारा संसार सागरवाट आफूलाई उत्तीर्ण गर्नुभयो। फेरि नाना प्रकारका धर्म सागरबाट उत्तम निर्वाण धर्म पनि प्राप्त गर्नु भयो। यस्तै उहाँले सम्पूर्ण अन्य प्राणीहरूलाई दया अनुकम्पापूर्वक उतारी उद्धार गर्नुभयो ॥१०॥

उहाँको रूपकाय हेर्दा मात्र पनि अचिन्तिय अर्थात् यस्तो भनी भन्न सकिदैन। ज्ञानमा उहाँ असाधारण हुनु हुन्छ भने उहाँको धर्मकायको विषयमा कसरी भन्न सक्नु ? ॥११॥

Downloaded from http://dhamma.digital/

## परित्त सुत्त–अभ्यास – २

**१) खाली ठाउँमा भर्नुहोस् ।**

अनन्तवित्थार

बुद्धानुस्सतिमादितो ॥

सीलादि चरेणेहि च ।

सुसमिद्धेहि सम्पन्नो, ॥

एको सब्बस्स

परमो निधि ॥

**२) मिल्ने अर्थ लेख्नुहोस् ।**

क) बुद्धानुस्सति मेत्ता च, असुभं मरणस्सति ।
इतिमा चतुरा रक्खा, भिक्खु भावेय्य सीलवा ॥

ख) सब्ब कालगते धम्मे, सब्बे सम्मा सयंमुनि ।
सब्बाकारेन बुज्भित्वा, एको सब्बञ्ञुतं गतो ॥

ग) दिस्समानो पि तावस्स, रूपकायो अचिन्तियो ।
असाधारण ञाणड्ढे, धम्मकाये कथा'व का'ति ॥



Downloaded from http://dhamma.digital/

# बुद्ध-जीवनी

(भाग-२)

लेखक

**भिक्षु अमृतानन्द महास्थविर**

अनुवादक

**केशव लाल कर्माचार्य**



Downloaded from http://dhamma.digital/

12

Downloaded from http://dhamma.digital/

# बाह्रौ परिच्छेद

## तीनजना जटिल तपस्वीहरूको भिक्षुभाव

भगवान् बुद्ध उरुवेल पुग्नुभयो। त्यहाँ उहाँले सुप्रसिद्ध प्रमुखाचार्य भैरहेका पाँच सय धुरंधुर जटिल शिष्यहरूका आचार्य भैरहेका उरुवेलकाश्यपलाई, तीन शय जटिल शिष्यहरूका आचार्य भैरहेका नदीकाश्यपलाई र दुई शय जटिल शिष्यहरूका आचार्य भैरहेका गयाकाश्यप दाजुभाइहरूलाई हजारौं प्रातिहार्य ऋद्धि देखाई दमन गर्नुभयो। अनिपछि ती हजारैजना भिक्षुहरू साथमा लिई गयाशीर्ष नामक पर्वततिर जानुभयो। त्यहाँ पुगेपछि अग्निपर्याय धर्मोपदेश गरी तिनीहरू सबैलाई अर्हत्-फलमा सुप्रतिस्थित गराउनुभयो।

## राजगृह गमन

त्यसपछि राजा बिम्बिसारलाई दिइराखेको वचन पूरा गर्न ती हजारैजना जटिल भिक्षुहरू साथमा लिनुभई भगवान् राजगृह नगर तिर प्रस्थान गर्नुभयो। त्यस नगरबाहिर राजाको साह्रै राम्रो एउटा यष्ठीबनोद्यान थियो। भगवान् भिक्षुवर्ग सहित त्यहीं उद्यानभित्र गई विश्राम गर्नुभयो। त्यस उद्यानका बनपालेले दौडेर गई यो खबर बिम्बिसार राजालाई दियो। खबर पाउनासाथ राजा लाखौं ब्राह्मणसहित गृहपतिहरू पनि साथमा लिई भगवान् भएको ठाउँमा आए। भगवान्लाई त्यहाँ एक आसनमा विराजमान भएको देखेर सादर अभिवादन गरी एक छेउतिर गई बसिरहे। अरु सकल परिषद्हरू पनि बसे। बसिरहेका परिषद्हरूको बीचमा कुनै कुनै ब्राह्मण तथा गृहपतिहरूको मनमा यस्तो संशय उत्पन्न भयो– "महाश्रमण गौतम



Downloaded from http://dhamma.digital/

उरुवेलकाश्यपहरूका शिष्य हुन् कि उरुवेलकाश्यपहरू महाश्रमण गौतमका शिष्यहरू हुन् ?"

भगवान् बुद्धले परिषद्को संशयबुझी आयुष्मान् उरुवेल काश्यपसित यस्तो प्रश्न गरे– "हे काश्यप ! हजारौं अग्निहोत्री जटिल शिष्यहरूको गुरु भैरहेका तिमीले आज किन त्यो अग्निहोत्र-कार्य छोडेको यसको कारण के हो ?"

काश्यपले भने– "भगवान् ! यज्ञादि होम आदिबाट रूपादि पञ्चकाम सम्पत्तिमात्र प्राप्त हुने र जन्म-मरणको बन्धनबाट मुक्त हुने निर्वाण-पद प्राप्त नहुने भन्ने थाहा पाई यज्ञादि अग्निहोत्रको कार्य छोडेको हुँ ।"

"काश्यप ! तिम्रो मन रूपादि पञ्चकामपट्टि लाग्दैन भने तिम्रो मन केमा छ त ?"

"भगवान् ! दुःखको हेतु नभएको कामभवादि प्रपञ्च केही नभएको जन्म-मरण नभएको स्वयं आफूले लाभ गर्नुपर्ने शान्त निर्वाण-पद बेस, जाति भन्ने ठानी रूपादि पञ्चकामरसमा मन मरी यतातिर मन लगाएको हुँ ।"

यति भनी आफ्नो आसनबाट उठी बुद्ध भगवान्को श्रीचरण वन्दना गरी आयुष्मान् उरुवेलकाश्यप बोले–

"भगवान् ! तपाईं मेरो गुरु हुनुहुन्छ, म तपाईंको श्रावक शिष्य हुँ ।"

काश्यप र गौतम बुद्धका यस्ता कुरा सुनेका त्यहाँ उपस्थित हजारौं मागधी ब्राह्मण तथा गृहपति महाजनहरूको संशय निवारण भयो ।

## बिम्बिसारको निमन्त्रणा

त्यसपछि त्यहाँ रहेका परिषद्हरूको मनोभाव बुझी भगवान्ले दानादिको-कथा वर्णन गर्नुभयो । त्यसको साथसाथै श्रेष्ठोत्तम चतुरार्यसत्यको पनि उपदेश



Downloaded from http://dhamma.digital/

गर्नुभयो । त्यो उपदेश सुनी राजा बिम्बिसार प्रमुख परिषद्का बाह्र भागमा एघार भाग मानिसहरूलाई निर्मल धर्मचक्षु लाभ भयो । बाँकी एक भाग मानिसहरूले उपासकत्व प्रतिज्ञा गरे ।

भगवान्को सदुपदेश सुनी साह्रै प्रसन्न भएका विम्बिसारले अनेक प्रकारले आफ्ना सन्तोष-भाव प्रकाश गर्दै भन्नुभयो– "भन्ते ! जसरी कोल्टो परेकोलाई सुल्टो पारिदिँदा, छोपिरहेकोलाई उघारिदिंदा, बाटो भुलेकोलाई बाटो देखाइदिँदा र अँध्यारो स्थानमा तेलको बत्ती बालिदिँदा आँखा भएकोले राम्ररी स्पष्ट रूपादि वस्तु देख्नथाल्दछ त्यसरी नै तपाईंले मलाई अनेक पर्यायद्वारा धर्म प्रकाशित गरिदिनुभयो । अब म भगवान्को शरणमा, धर्मको शरणमा तथा संघको शरणमा आउँछु । आजदेखि जन्मभर शरणमा आएको उपासक भन्ने जानी मलाई ग्रहण गर्नुहोस् । भिक्षुसंघसहित मकहाँ भोलिको भोजन पनि स्वीकार गर्नुहोस् ।"

बिम्बिसारको प्रार्थना भगवान्ले तुष्णीभावले स्वीकार गर्नुभयो । तदनन्तर मगधाधिपति महाराज बिम्बिसार भगवान् बुद्धलाई अभिवादन गर्दै प्रदक्षिण गरी महलतिर फर्के ।

## वेणुवन-दान

भोलिपल्ट राजा बिम्बिसारले नानाप्रकारको भोजन तयार गराई भगवान्लाई सूचना पठाए । भगवान् पात्र चीवर धारणा गरी हजार जटिल भिक्षुहरूसित राजभवनमा आउनुभयो । त्यहाँ आसन ग्रहण गरी राजाले चढाउन ल्याएका उत्तम अति उत्तम भोजन गर्नुभयो । भगवान् प्रमुख भिक्षुसंघहरूले भोजन गरिसकेका देखी राजा एकातिर गई बसिरहे ।

बसिरहेका राजालाई यस्तो किसिमको कुरा मनमा उत्पन्न भयो–



Downloaded from http://dhamma.digital/

"भगवान्‌सहित यतिका भिक्षुहरू छन् । बस्ने स्थान छैन । मेरो यो वेणुवन त्यतिको टाढा पनि छैन नजिक पनि छैन । आउन जान गर्नलाई कठिन पनि छैन; यही बन भगवान् प्रमुख भिक्षुसंघलाई परित्याग गरिदिन पाए राम्रो हुनेछ ।"

यस्तो किसिमले बिचार गरेका राजाले भगवान्‌को अगिल्तिर गई कलशबाट जलधार बहाई– "यो मेरो उद्यान भगवान् प्रमुख भिक्षुसंघलाई परित्याग गरेको छु" भनी दान गरे । भगवान्‌ले पनि तुष्णीभावले स्वीकार गर्नुभयो । बुद्धशासनको प्रथम:प्रथम जग त्यही वनमा स्थापना भयो । त्यसबेला महाभूकम्प पनि भयो । भगवान्‌ले राजालाई धर्मोपदेश गर्दै बस्तुदानमध्ये विहार-दान साह्रै उत्तम दान हो भनी आज्ञा गर्नुभयो । त्यस उप्रान्त भगवान् भिक्षुसंघसहित त्यहाँबाट फर्कनुभयो ।

## उपतिस्स र कोलित परिव्राजकहरू

त्यस समयमा राजगृह नगरमा संजय नाम गरेका एकजना परिव्राजक (सन्यासी) थिए । उनका अढाइसय शिष्यहरू थिए । त्यस देशमा उपतिस्स र कोलित भन्ने दुइवटा ब्राह्मण गाउँ पनि थिए । ती दुबै गाउँमा साह्रै नै धनी ब्राह्मणका दुइ परिवार पनि थिए । उपतिस्स गाउँमा बस्ने साहुकी पत्नीको नाम रूपसारी र कोलित गाउँमा बस्ने साहूकी पत्नीको नाम मौद्‌गली थियो । ती ब्राह्मण-पत्नीहरूका एकैदिनमा एक-एकवटा छोरो जन्मे । उपतिस्स गाउँमा जन्मेको बालकको नाम उपतिस्स नै र कोलित गाउँमा जन्मेको बालकको नाम कोलित नै राखियो । ती दुवै ब्राह्मणपुत्रहरू भगवान्‌कहाँ भिक्षु भैसकेपछि सारी ब्राह्मणीको छोरो सारिपुत्र र मौद्‌गली ब्राह्मणीको छोरो मौद्‌गल्यायन भन्ने नामले प्रसिद्ध भएका थिए ।



Downloaded from http://dhamma.digital/

उपतिस्स र कोलित दुबै साह्रै मिलेका घनिष्ठ साथी थिए । तरुण भैसकेपछि ती दुबै गृहत्याग गरी संजय परिव्राजकका शिष्यहरूमध्ये प्रमुख भैरहेका थिए। एक दिन ती दुबैले यस किसिमले प्रतिज्ञा गरे– "हामी दुईमध्ये सबभन्दापहिले जसले मोक्षधर्म प्राप्त गर्नेछ त्यसले दोस्रोलाई बताउनुपर्दछ ।

## उपतिस्स र कोलितलाई बौद्ध-दर्शनको ज्ञान प्राप्त

त्यस समयमा पञ्चभद्रवर्गीयमध्ये सबभन्दा कान्छो आयुष्मान् अस्सजि देश भ्रमण गर्दै राजगृहमा पुगेर भिक्षाटन गरिरहेका थिए। उपतिस्स परिव्राजकले उनी त्यसरी भिक्षाटन गरिरहेका देखेर उनको स्वभावमा सुप्रसन्न हुँदै पछिपछि लागे। भिक्षाटनबाट फर्की एक वृक्षमुनि बसेर भोजन गरिसकेका आयुष्मान् अस्सजिलाई देखेर परिव्राजकले यसरी प्रश्न गरे–

"भो आवुसो ! तपाईको अनुहार साह्रै प्रसन्न देखिन्छ ! के उद्देश्यले तपाई प्रव्रजित हुनुभएको ? तपाईको गुरु को हुनुहुन्छ ? तपाईलाई सबभन्दा मनपरेको धर्म कुन छ ?"

आयुष्मान् अस्सजिले जवाफ दिए–

"आवुसो ! शाक्यकुलबाट प्रव्रजित भएका महाश्रमण महामुनि एकजना हुनुहुन्छ। म उहाँ भगवान् बुद्धको शिष्य हुँ। उहाँ मेरा गुरु हुनुहुन्छ। उहाँको धर्म मलाई सबभन्दा मन पर्दछ।"

परिव्राजकले सोधे– "उहाँ कुन वादीका हुनुहुन्छ र उहाँको उपदेश के हो ?"

यस प्रश्नको उत्तर दिंदै आयुष्मान् अस्सजिले सकल बौद्ध सिद्धान्तलाई संग्रह गरी यस्तो श्लोक पढेर सुनाए–



Downloaded from http://dhamma.digital/

*"ये धम्मा हेतुप्पभवा तेसं हेतु तथागतो आह ।*
*तेसञ्च यो निरोधो एवं वादी महासमणो'ति ॥"*

(जुन धर्म हेतुबाटै उत्पन्न हुने हो, जुन धर्मको हेतु तथागतबाट आज्ञा हुन्छ त्यही हेतुको निरोध पनि आज्ञा गर्ने उनै महाश्रमण हुन् ।)

यस श्लोकको प्रथम दुई पद सुन्नु मात्रले नै उपतिस्स परिव्राजकलाई निर्मल धर्मचक्षु प्राप्त भयो । हजारौं प्रकारले त्यस श्लोकको अर्थ गरी-बुझी आयुष्मान् अस्सजिसित सोधे– "आजकल भगवान् बुद्ध कहाँ हुनुहुन्छ ?" यही राजगृहमा राजा बिम्बिसारको वेणुवनमा नै बस्नुभएको छ भन्ने जवाफ पाई ती परिव्राजक आफ्नो साथीलाई दिएको वचनानुसार त्यस उत्तम कुरा सुनाउन जानुपऱ्यो भनी परिव्राजकाराममा गए ।

प्रसन्न मुखपारी आएका आफ्ना साथीलाई कोलितले सोधे– "आज तिम्रो मुख साह्रै प्रसन्न देखिन्छ । तिमीलाई आज अमृत-ज्ञान प्राप्त भयो कि कसो ?"

"हो साथी, आज मलाई अमृत-ज्ञान प्राप्त भएको छ" भनी उपतिस्सले सबै वृत्तान्त बताउँदै उनलाई पनि त्यही श्लोक पढेर सुनाए । उनले पनि त्यस श्लोकको अर्थ अनेक प्रकारले बुझी निर्मल धर्मचक्षु लाभ गरे ।

भगवान् शाक्यमुनिकहाँ जाने निश्चय गरेका ती दुबैजनाले आफ्नो भरोसामा रहेका अढाइशय परिव्राजकहरूलाई पनि त्यो वृत्तान्त सुनाएपछि तिनीहरू पनि सबै भगवान्कहाँ जान तम्से । अनिपछि ती सबै मिली संजय परिव्राजककहाँ गई उनको अगिल्तिर आफ्ना विचार प्रकट गरे । तिनीहरूका कुरा सुनेका ती संजयको मुटु ढुकढुक हुन थाल्यो । अनेकप्रकारले उनले आफ्ना ती शिष्यहरूलाई रोक्न खोजे । केही लागेन । आखिर सबै गई छाडे । यसरी शिष्यहरू जम्मै गएका देखी संजयले मुखबाट रगत वमन गरे ।



Downloaded from http://dhamma.digital/

## उपतिस्स र कोलितलाई उपसम्पदा

ती सबै परिव्राजकहरू वेणुवनतिर हिँडे । तिनीहरू त्यसरी आइरहेका टाढैबाट देख्नुभएका भगवान्‌ले भिक्षुहरूतिर फर्की यस्तो आज्ञा गर्नुभयो– "त्यता तिर हेर त, उपतिस्स र कोलित अढाइसय परिव्राजकहरू सित यतातिर आइरहेका छन् । ती दुबैजना मेरो शासनमा अग्रश्रावक हुनेछन् ।" तिनीहरूले पनि भगवान्‌को अगाडि पुगेपछि सादर प्रणाम गर्दै प्रव्रज्या र उपसम्पदा मागे । भगवान्‌ले आज्ञा गर्नुभयो– "यता आऊ, भिक्षुगण ! स्वाख्यात धर्मविनयमा राम्रोसित ब्रह्मचर्य पालन गरी दुःखको अन्त गर ।"

यही वाक्य तिनीहरूको निम्ति उपसम्पदा भयो ।

## अग्रश्रावक स्थान

त्यसपछि तिनीहरूलाई भगवान्‌ले अनेक तरहले उपदेश दिनुभयो । उपदेश सुनी तदनुसार ध्यान गरी रहँदा एक सप्ताहपछि आयुष्मान् मौद्‌गल्यायनले अनन्त ऋद्धिबलसहित संसारबन्धनबाट सुविमुक्त युक्त अर्हत्-फल प्राप्त गरे । दुई सप्ताहपछि आयुष्मान् सारिपुत्रले अनेकविध प्रज्ञा-ज्ञानसहित जन्म-मरणबाट विनिर्मुक्त युक्त अर्हत्-फल प्राप्त गरे । तदनन्तर भगवान्‌ले ती दुबै आयुष्मान् सारिपुत्र र मौद्‌गल्यायनलाई भिक्षुहरूका अग्रश्रावक-स्थानमा प्रतिस्थित गराउनुभयो ।

★



Downloaded from http://dhamma.digital/

## बुद्धजीवनी–अभ्यास – १

१) कुन कुन जटिल तपस्वीहरू कसरी बुद्धका शिष्य भए ?
२) राजगृह गमन बारे प्रष्ट पार्नुहोस् ।
३) राजा बिम्बिसारले बुद्धलाई किन र कसरी निमन्त्रणा गरे ?
४) कसरी राजा बिम्बिसारमा वेणुवन दान गर्ने शुभेच्छा उत्पन्न भयो र कसरी वेणुवन दान गरियो ?
५) उपतिस्स र कोलित परिव्राजकहरूको छोटो परिचय लेख्नुहोस् ।

---

Dhamma.Digital



Downloaded from http://dhamma.digital/

# तेह्रौं परिच्छेद

## शुद्धोदन महाराजका दूतहरू

छ वर्षसम्मको दुष्करचर्याद्वारा बुद्धत्व प्राप्त गरिसकेपछि धर्मचक्र चलाई आजकाल राजगृहाधिपति बिम्बिसार राजाको वेणुवन उद्यानमा शाक्यसिंह बसिरहनुभएको छ भन्ने खबर महाराजा शुद्धोदनकहाँ पुग्यो । छोराको मुख देख्न व्याकुल भएका राजाले तुरुन्त एउटा सचिवलाई बोलाई भने– "भणे ! मेरो प्यारो पुत्र भगवान् बुद्ध आजकाल राजगृह देशको वेणुवनमा बसिरहनुभएको छ रे भन्ने सुनिन्छ। तिमी त्यहाँ गएर उनलाई तुरुन्त बोलाएर ल्याऊ ।"

राजाको आज्ञा पाएका सचिव एकहजार सिपाहीँहरू साथमा लिई वेणुवन विहारतिर गए। त्यहाँ पुगेर हेर्छन् त भगवान् शाक्यमुनि आफ्ना हजारौं शिष्यहरूलाई धर्मोपदेश गरिरहनुभएको छ । सिपाहीँहरूसहित त्यो सचिव पनि एक स्थानमा बसी धर्मोपदेश सुन्नमा तल्लीन भए । भगवान्को धर्म व्याख्याको अवसानको समयमा तिनीहरू पनि जम्मै अर्हत् भए । तिनीहरू भगवान्को समक्ष गई उपसम्पदा मागी प्रव्रजित पनि भए। राजा शुद्धोदनको समाचार भगवान्लाई कसैले सुनाएनन्। उता राजाले धेरै दिनसम्म पनि तिनीहरू फर्की नआएको देखेर अर्को एकजना सचिवलाई एक हजार सिपाहीँ साथ लिई फेरि पठाए । तिनीहरू पनि भगवान्को धर्मोपदेशले प्रव्रजित भएर गए र कपिलवस्तु फर्केनन् । यसप्रकारले राजाले नौ पटकसम्म दूतहरू पठाउँदा पनि सबैले राजाको समाचार भगवान्लाई भनेका होइनन् ।



Downloaded from http://dhamma.digital/

## कालुदायी मन्त्रीको प्रव्रज्या

बूढो भैसकेका शुद्धोदनको मनमा ठूलो सन्ताप पऱ्यो । यतिका मान्छेहरू पठाइसकें, एकजना पनि जवाफ लिएर फर्केको होइन। यतिका मान्छेहरूमा मलाई सम्झने कोही पनि रहेनछ, मलाई स्नेह गर्ने कोही पनि रहेनछ। अब म कसलाई भनेर मेरो छोराको मुख देख्न पाउँला-भनी विलाप गरिरहेका थिए । त्यसैबेला कालुदायी नामक मन्त्रीलाई सम्झी यिनी त बालककालदेखिका राजकुमारका साथी हुन् । यिनको म उपर स्नेह पनि छ । यिनले मेरो मनोकामना पूरागर्ने छन् भनी उनैलाई डाक्न पठाए। राजाको वृतान्त कुरा सुनिसकेपछि कालुदाइले यसरी भने– "महाराज ! मलाई पनि प्रव्रजित हुने आज्ञा बक्सिए म उहाँलाई यहाँ ल्याउन सक्नेछु अन्यथा असमर्थ रहनेछु ।"

राजाले भने– "कालुदायी ! तिम्रो जे इच्छा छ गर्न सक्छौ । जसो गरेर भए पनि मेरो छोराको मुख मलाई चाँडै देखाउने काम गर ।"

राजाको आज्ञा पाई एक हजार जवान सिपाहीँ साथमा लिई मन्त्री कालुदायी शाक्यमुनि भएको ठाउँमा गए । त्यहाँ पुगेपछि भगवान्को धर्मोपदेशले उनी पनि अर्हत् भएर प्रव्रजित भए । भगवान्ले उनलाई उपसम्पदा पनि प्रदान गर्नुभयो ।

## स्वदेश–भ्रमण

भगवान्ले ऋषिपतन छोड्नुभएको आजले करिब पाँच महिना भयो । तीन महिनाजति उरुवेलमा बित्यो। यस वेणुवनमा दुई महिना बित्यो। वेणुवनमा आउँदा पौष-पूर्णिमा थियो । त्यस हिसाबले अहिले वसन्त-ऋतुको आगमनको बेला छ ।

कपिलपुरबाट आएको आठदिन जति भएपछि आयुष्मान् कालुदायीले,



Downloaded from http://dhamma.digital/

भगवान्‌लाई कपिलपुर लैजाने अभिलाषाले उहाँको अगिल्तिर गई कपिलपुर जाने मार्गको वर्णन गर्दै यसप्रकारले भने– "महावीर ! आजकाल ऋतुगुण साह्रै सुखदायी छ। अति जाडो पनि होइन, अति गर्मी पनि होइन। घाम साह्रै कडा पनि होइन, साह्रै नरम पनि होइन। कपिलपुरतिर जाने मार्गमा भर्खर-भर्खरै फुल्न लागेका रंविरंगका फूलहरू शोभायमान भैरहेका छन्। मार्ग साह्रै आनन्ददायक छ। बाटोमा पनि न धेरै हिलो छ न ग्रीष्मकालमा जस्तै धुलो उड्छ। ऋतुराजले आफ्नो शोभा प्रदर्शन गरिराखेको छ। नानाप्रकारका पंक्षीहरूको संगीतले गर्दा मार्गको सौन्दर्य अझ दुगुना बढेको छ।"

अनेकप्रकारले कपिलपुरतिर जाने मार्ग सौन्दर्य वर्णन गरेको देखी भगवान्‌ले कालुदायीसित सोध्नुभयो– "उदायी ! यसप्रकारले किन तिमीले मार्गको वर्णन गरेको ?"

कालुदायीले भने– "भन्ते ! हजुरका बाबा महाराज शुद्धोदनले हजुरको दर्शन गर्न ठूलो इच्छा गर्नुभएको छ। भन्ते ! ज्ञातिहरूको मन राखिदिनुहोस्।"

## मार्गको बीचमा राजभोजन

Dhamma.Digital

भगवान्‌ले पनि फाल्गुणपूर्णिमाको दिन बीस हजार भिक्षुहरूसित आयुष्मान् कालुदायीसित कपिलवस्तुको निम्ति राजगृहबाट प्रस्थान गर्नुभयो।

शाक्यमुनीन्द्र राजगृहबाट प्रस्थान गरेपछि आयुष्मान् कालुदायी महाराज शुद्धोदनलाई यो समाचार भन्न आकाश मार्गबाट कपिलपुर पुगे। राजाले कालुदायीलाई देखी साह्रै हर्ष मानी सादर प्रणाम गरी आसनमा बसालेर भोजन अगिल्तिर राखिदिए। आयुष्मान् कालुदायी भोजनपात्र लिई उठी जान लागेको देखी राजाले सोधे–



Downloaded from http://dhamma.digital/

"भन्ते, किन ? कहाँ जान लाग्नुभो ?"

"महाराज, म उहीँ भगवान्‌कहाँ गएर नै भोजन गर्छु ।"

"भन्ते, आजकाल भगवान् कहाँ हुनुहुन्छ ?"

"आजकाल भगवान् राजगृह छाडी कपिलवस्तुतिर आउँदै हुनुहुन्छ ।"

"त्यसो भए भन्ते ! तपाई भोजन यहीँ गर्नुहोस् । कृपया आजदेखि भगवान्‌लाई पनि यहींबाट दिन्हौं भोजन लैजाने गर्नुहोस् ।"

राजाको प्रार्थना स्वीकार गरी आयुष्मान् कालुदायीले त्यहीं भोजन गरी पुनः पात्र भरी राजभोजन राखी भगवान् भएका ठाउँमा गई चढाए । त्यस दिनदेखि भगवान्‌ले कपिलपुर नपुगुन्जेलसम्म राजाले दिएर पठाएको भोजन गर्नुभएको थियो । दिनको एक योजन गमन गरी दुई महिनापछि साठी योजनको मार्ग तय गरी वैशाखपूर्णिमाको दिन भगवान् कपिलपुर नगरमा आइपुग्नुभयो ।

बीस हजार भिक्षुहरूसित भगवान्‌लाई राज गराउन एउटा रमणीय स्थान चाहिन्छ भनी राजा शुद्धोदनले शाक्य राजपरिवारहरू जम्मा गरी निग्रोध शाक्य-उद्यानमा एउटा विहार बनाउन लगाए । निग्रोध शाक्य-उद्यानमा बनाएको हुनाले त्यस विहारको नाम पनि 'निग्रोधाराम' भन्ने रह्‌यो ।

Dhamma.Digital

## शुद्धोदनद्वारा बुद्धको स्वागत

शाक्यकुलका यशवर्धक सर्वज्ञबुद्ध कपिलवस्तु नगरमा आइपुगे भन्ने समाचार सुनी शाक्य राजपरिवारमा सदस्यहरू ब्राह्मण, क्षत्री, वैश्य, शूद्रादि सबै नगर वासीहरू राजभवनमा जम्मा भए । महाराज शुद्धोदन पनि भगवान् शाक्यमुनिलाई स्वागतार्थ लिनजान सफा-सफेद शुद्ध वस्त्र लगाई राजभवनबाट ओर्ले । अनि पछि त्यहाँ जम्मा भएका सकल नर-नारी, बालक-बालिकाहरूलाई नाना सुगन्धित धूप,



Downloaded from http://dhamma.digital/

दीप, फूल, माला, ध्वजापताकादि समात्न लगाए । तिनीहरूलाई अगाडि हिंड्न लगाई त्यसपछि शाक्यराजकन्याहरूलाई पनि त्यस्तै धूप, फूलमालादि समात्न लगाई आफू स्वयं लाखौं महाजनहरूसहित तथागत बुद्धको पूजा गर्न निग्रोधाराम पुगे । भगवान् पनि बीस हजार क्षीणास्रवी भिक्षुहरूसहित निग्रोधाराम आएर बस्नुभयो । त्यसबेला त्यहाँ विशालरूपले शाक्यकुलीनहरू जम्मा भएका थिए ।

## शुद्धोदनको तृतीयबार पुत्र-वन्दना

शाक्यकुलका सदस्यहरू साह्रै जातिअभिमानी थिए । भगवान्लाई प्रणाम-वन्दना केही नगरी "यो सिद्धार्थ हाम्रै छोरा त हुन् नि, हाम्रै नाति त हुन् नि" भन्ने भावना लिई खालि केटाकेटीहरूलाई अघि सराई भगवान्लाई प्रणाम गर, वन्दना गर भनी आफूहरू पछिल्तिर उभिरहे । यो देखी भगवान्ले तिनीहरूको जात्यभिमान हटाइदिन आफ्नो ऋद्धिबलले आकाशमाथि गई रत्नमय चंक्रमण-शाला बनाई त्यसमा चंक्रमण गर्दै आफ्नो पाउको धूलो सबै शाक्य नर-नारीहरूका शिरमा फुर-फुर छरिदिनुभयो । यस्तो ऋद्धिदेखी सर्वप्रथम राजा शुद्धोदनले भगवान्लाई साष्टाङ्ग प्रणाम गरे । यो देखी सकल शाक्यहरूले पनि साष्टाङ्ग प्रणाम गरे । राजा शुद्धोदनको यो तृतीयबार पुत्र-वन्दना थियो ।

## जातिहरूलाई धर्मोपदेश

यसप्रकारले शाक्यहरूको महासमागम भैरहेको बेलामा त्यहाँ साह्रै ठूलाठूला थोपाको वृष्टि भयो । फेरि त्यो वृष्टि पनि आश्चर्यको थियो । इच्छा भएकाहरूलाई मात्रै वृष्टि थोपा लाग्ने, इच्छा नभएकाहरूलाई एक थोपा पनि नलाग्ने । यस-



Downloaded from http://dhamma.digital/

प्रकारको वृष्टि देखेर त्यहाँ भएका सकल नरनारीहरू आश्चर्यचकित भए । यस विषयमा परिषद्हरूमा चर्चा भएपछि भगवान्ले तिनीहरूलाई डाकी "यस्तो अनौठोको वर्षा आज मात्रै भएको होइन, अतीत कालमा ज्ञातिहरूको महासमागम भएको बखतमा पनि यस्तै भएको थियो" भनी विश्वन्तर[१] जातकको कुरा आज्ञा गरी धर्मोपदेश गर्नुभयो । धर्मोपदेश सुनिसकेपछि सकल नरनारी भगवान् बुद्धलाई प्रार्थना गर्दै प्रदक्षिणा गरी आफ्ना-आफ्ना घर फर्के । त्यतिका ज्ञातिहरू हुँदा पनि भगवान्लाई कसैले "भोलिको भोजनको निम्ति हामीकहाँ आउनुहोस्" भनी निमन्त्रणा दिएका होइनन् । महाराज शुद्धोदन पनि निमन्त्रणा आदि केही नगरी "मेरो छोरा मेरा राजभवनमा नआई अन्त कहाँ जाला र !" भन्ने विचार गरी अरुसरह नै दरबारतिर गए ।

## कपिलपुरमा भिक्षाटन

भोलिपल्ट बिहान शाक्यमुनि भगवान् भिक्षा माग्न जानको निम्ति कपिलपुर नगरभित्र जानुभयो । नगरद्वारमा उभिएर "अघिअघिका बुद्धहरूले स्वजन्मभूमिमा प्रवेश गर्दा के गरेका थिए" भनी ध्यानदृष्टिले विचार गरी हेर्दा उनीहरूले घर-घरैपिच्छे भिक्षाटन गरी हिँडे भन्ने जानी "म पनि उही बुद्धकुलको हुँ, मैले पनि त्यस्तै गर्नुपर्छ" भनी नगर प्रवेश गरी घर-घरमा भिक्षा माग्दै जानुभयो ।

सिद्धार्थकुमार भिक्षु भई घर-घरैपिच्छे भिक्षा माग्दै आए भन्ने खबर सुनेका बालवृद्ध सकल नर-नारीहरू झ्याल-झ्यालमा, ढोका-ढोकामा, बरण्डा-कौसी आदिमा बसेर दर्शनार्थ हेरिरहे । भगवान् यसरी भिक्षा माग्दै आए भन्ने समाचार तुरुन्त

---

१) हेर्नुहोस् लेखकको विश्वन्तर जातक ।



Downloaded from http://dhamma.digital/

राहुल-माताकहाँ पुग्यो । अनि तिनको मनमा यस्तो विचार उब्ज्यो– “आर्यपुत्र यही नगरमा पहिले कस्तो रत्नमय रथमा बसेर अनेक शाक्यकुमारसहित घुम्नुहुन्थ्यो, आज राज्यसुख सबै छोडी त्यस्तो सुन्दर केश काटी काषायवस्त्र धारण गरी हातमा भिक्षापात्र लिई भिक्षुसंघहरूसित यही नगरमा भिक्षा माग्न आउनुभयो । उहाँलाई यो कार्य सुहाएको होला !”

यस्तो मनमा धारणा गरी कोठाको झ्यालबाट वाहिर हेरिन् । काषायवस्त्र धारण गरी आफ्नो शरीरको चारैतिर रश्मि प्रकाशमान गरी तारागणमध्ये निर्मल शान्त चन्द्रमा जस्तो मुख भएको हजारौं शान्त-दान्त भिक्षुहरूको बीचमा अति शान्त शाक्यमुनीन्द्र आइरहनुभएको देखिन् । अनि हत्तरपत्तर दगुर्दै ससुरा शुद्धोदनकहाँ गई भनिन्– “हजुरको पुत्ररत्न शाक्यमुनीन्द्र भगवान् बुद्ध हजारौं भिक्षुहरू साथमा लिई नगरमा भिक्षाटन गरिरहनुभएको छ ।”

## महाराजलाई धर्मोपदेश

महाराज शुद्धोदन पनि हत्तरपत्तर उठी दगुर्दै भगवान्को अगिल्तिर पुगी भने– “भन्ते ! किन हामीलाई यस्तो लाजमर्नु पार्नुभएको ? किन घर-घरपिच्छे भिक्षा माग्दै हिँड्नुभएको ? के यति भिक्षुहरूलाई मैले भोजन गराउन सक्दिन र ?”

भगवान्ले भन्नुभयो– “महाराज ! यो मेरो वंशको धर्म हो ।”

“हाम्रो वंश महासम्मादि क्षत्रिय वंश होइन र ? पूर्खाहरूले पनि यस्तै भिक्षा मागेर खाएर हिँडेका थिए ?”

“महाराज ! तपाईको वंश राजवंश हो । मेरो वंश त दीपंकरादि बुद्धहरूका पालादेखि चलेर आएको बुद्धवंश हो । तिनीहरू सवैले अप्रमादी भई भिक्षाटन गरी जीविका गर्नुभएको थियो ।”



Downloaded from http://dhamma.digital/

यसप्रकारको उत्तर दिँदै भगवान्‌ले– "अप्रमत्तदि भई राम्ररी धर्माचरण गरिरहेका धर्मचारीलाई यस लोक र परलोक दुवैमा सुख प्राप्त हुनेछ" भनी बाटोको बीचैमा बसी धर्मोपदेश गरी महाराज शुद्धोदनलाई पनि स्रोतापत्ति मार्गफलमा प्रतिस्थित गराई निर्मल धर्मचक्षु प्राप्त गराउनुभयो ।

त्यसपछि राजाले भगवान्‌को पात्र समाती सकल भिक्षुसंघलाई राजभवनमा लगी अत्यन्त प्रणीताकारपूर्वक क्वाँटी आदि प्रातः भोजन गराए । त्यहाँ पनि भगवान्‌ले राजालाई उपदेश गर्दै "धर्मको आचरण राम्ररी गर्नुपर्दछ, नराम्रो तरिकाले गर्नुहुन्न । राम्रोसित धर्माचरण गर्नेलाई इहलोक र परलोक दुबैमा सुख शान्ति मिल्दछ" भनी प्रजापती गौतमीलाई स्रोतापत्ति मार्गफलमा र राजालाई सकृदागामी मार्गफलमा सुप्रतिस्थित गराए ।

## यशोधराको कोठामा भगवानको प्रवेश

दिवाभोजनोपरान्त एकजना राहुलमाता बाहेक सकल राजभवनका नर-नारीहरू गई भगवान्‌लाई वन्दना गरे । "देवी ! आर्यपुत्रको वन्दना गर्न जाऔं हिँड" भनी अरू स्त्रीहरूले राहुलमातालाई भन्दा "यदि ममा राम्रो गुण भए आर्यपुत्र स्वयं यहीं कोठामा मलाई दर्शन दिन आउनुहुनेछ" भनी आफ्नै कोठामा बसिरहिन् । केही समयपछि भगवान् स्वयं राजालाई पात्र समात्न लगाई दुइजना अग्रश्रावकहरूको साथमा यशोधरादेवीको देवभवनतुल्य कोठामा आउनुभयो ।

त्यसबखतमा यशोधराका परिचारिकाहरूको संख्या चालीस हजार थियो । त्यसमध्ये क्षत्रिय कन्याहरू नौ हजारभन्दा बढ्ता थिए । भगवान् आए भन्ने सुनी देवीले सकल परिचारिकाहरूलाई काषायवस्त्र धारण गरी आउनू भनी अह्राइन् । परिचारिकाहरू सबै काषायवस्त्र लगाई हाजिर भए । यशोधरादेवी त जुन दिन



Downloaded from http://dhamma.digital/

कुमारले काषायवस्त्र धारण गरे भन्ने सुनेकी थिइन्, त्यही दिनदेखि काषायवस्त्र पहिरेर बसेकी थिइन्। "तिमीहरूले यशोधरालाई केही नभन्नू" भनी अग्रश्रावकलाई आज्ञा गरी भगवान् कोठाभित्र आई ओछ्याइराखेको आसनमा बस्नुभयो।

## यशोधराको बुद्ध–वन्दना

भगवान् आसनमा विराजमान भैसकेपछि यशोधरादेवी दगुर्दै गई पद्मकमलजस्ता श्रीचरणमा शिर राखी छ, छ वर्षदेखि सन्चित अश्रुधारा बहाई हिक्का छाड्दै रुन थालिन्। यशोधरादेवी रुनथालेकी देखेर चारैतिर उभिरहेका परिचारिकाहरू पनि रोए। यसप्रकारले विरहमा डुबी रूँदा पनि भगवान्ले देवीलाई केही भन्नुभएन। देवी इच्छापूर्ण हुने गरी रोइसकेपछि आफैले धैर्य धारण गरी राजकुलीनानुसार अत्यन्तादरपूर्वक भगवान्लाई मान र आदर गरी एक कुनातिर गई उभिरहिन्।

## यशोधराको गुण वर्णन

त्यसपछि त्यहीँ अगाडि उभिरहेकी यशोधरदेवीको चालचलनमा सदा सुप्रसन्न भएका शुद्धोदन महाराजले बुहारीको गुण वर्णन गर्दै भने– "भगवान्! मेरी बुहारी यिनी यशोधरादेवी साह्रै शिलवती छिन्। तपाईले काषायवस्त्र धारण गर्नुभो भन्ने सुनेर यिनले पनि त्यही दिनदेखि राजवस्त्र छाडी काषायवस्त्र धारण गरिन्। तपाईले फूलमालादि धारण गर्न छोड्नुभो भन्ने सुनी यिनले पनि रत्नमालादि गहना लगाउन छोडिन्। तपाईले अग्लो पलंगमा शयन गर्न छोड्नुभो भन्ने सुनी यिनले पनि भुईंमा नै बिछ्यौना लगाई सुत्ने गर्न थालिन्। तपाई एक छाकमात्रै खानुहुन्छ भन्ने सुनेर यिनले पनि एकै छाकमात्र खान थालिन्। माइतबाट कति



Downloaded from http://dhamma.digital/

पटक बोलाउन पठाउँदा पनि गइनन् । शरीर एकातिर रहे पनि मन सँधै तपाईमा लगाई सदा तपाईकै मात्र ध्यान गरी दान पुण्य गर्दै गरीबहरूलाई खुवाई अप्रमादि भई मैत्री भावना राखी राजभवनमा बसी तपाईको पद-गमन गरीरहेकी छिन् ।"

यशोधराको यस्तो गुण वर्णन सुनी भगवान्ले भन्नुभयो– "महाराज ! तपाईले जस्ताको आरक्षामा बसेर यशोधरादेवीले आफ्नो पतिव्रताशील पालन गर्नु आश्चर्यको कुरा होइन । यिनले अतीत कालमा किन्नर योनीमा जन्म लिँदा रक्षा गर्ने कोही नभएको हिमालय पर्वतमा बसेर पनि आफ्नो शील नबिगारी परिशुद्ध तरिकाले पतिव्रताधर्म पालन गरेकी थिइन् ।"

यति आज्ञा गरी भगवान् बुद्धले चन्दकिन्नर-जातको कथा धर्मोपेदश गर्नु भयो ।

★



Downloaded from http://dhamma.digital/

## बुद्धजीवनी–अभ्यास – २

१) शुद्धोदन महाराजले बुद्ध समक्ष किन र कति पटकसम्म आफ्ना दूतहरूलाई पठाए ?

२) कालुदायी मन्त्री कहिले र कुन अवस्थामा प्रव्रजित भएका हुन् ?

३) कालुदायीले बुद्ध समक्ष कसरी प्रकृतिको वर्णन गरे ?

४) बुद्धको प्रथमबार कपिलवस्तु आगमनमा शुद्धोदन महाराजले कसरी स्वागत प्रवन्ध गरेका थिए ? चर्चा गर्नुहोस् ।

५) शुद्धोदन महाराजको तृतीयबार पुत्र-वन्दनाको घटनालाई चित्रण गर्नुहोस् ।

६) प्रथमबार कपिलवस्तु आगमनमा भगवान् बुद्धले शाक्य जातिलाई गर्नुभएको उपदेश बारे चर्चा गर्नुहोस् ।

७) भगवान् बुद्ध कपिलपुरमा किन भिक्षाटन जानुभयो ? भिक्षाटनबाट के-कस्ता प्रभाव र असर परे ?

८) भगवान् बुद्धले कसरी शुद्धोदन महाराजलाई धर्मोपदेश गर्नुभयो ?

९) कसरी भगवान् बुद्ध र यशोधराको पुनः भेट भयो ? त्यतिबेला यशोधराले कस्तो व्यवहार प्रदर्शन गरिन् ?

१०) कसरी शुद्धोदन महाराजले बुहारी यशोधराको गुण वर्णन गरेका थिए ?



Downloaded from http://dhamma.digital/

# चौधौं परिच्छेद

## नन्दकुमार प्रव्रज्या

भोलिपल्ट पनि भगवान् बुद्ध भोजनको निम्ति राजभवनमा नै आउनुभयो। त्यसदिन राजभवनमा चहलपहल थियो। नन्दकुमारलाई विवाह गराई राज्याभिषेक दिने मंगलोत्सव थियो। भगवान् भोजन गरिसकेपछि मंगल-धर्मोपदेश गरी नन्दकुमारलाई आफ्नो पात्रभिक्षा समात्न लगाई दरबारबाट फर्कनुभयो। भरेङ्निर पुगेपछि त यो पात्र भगवान्ले लिने होलान् भनी नन्दकुमार पछि-पछि लागे तर त्यहाँ लिनुभएन। फेरि तल ओर्लेपछि ढोकानिर पुग्दा लिने होलान् भनी पछि-पछि लागे। त्यहाँ पनि लिनुभएन। नन्दकुमार साह्रै दुबिधामा परे। न भगवान्लाई पात्र लिनुहोस् भन्नु न आफू फर्कनु। असजिलो मान्दै अलिपर पुगेपछि लिने होलान्, अझ अलि परमा लिने होलान् भन्दाभन्दै उनी भगवान् बुद्धको पछि-पछि लागी निग्रोधारामसम्म पुगे। निग्रोधाराममा पुगेपछि भगवान्ले "नन्द ! प्रव्रजित हुन्छौ ?" भनी सोद्धा "हुँदैन" भन्न लाज मानी "हुन्छु" भनी उत्तर दिए। यसप्रकारले नन्दकुमारलाई कपिलपुर पुगेको तेस्रो दिनमा प्रव्रजित गराउनुभयो।

## राहुल कुमारको प्रव्रज्या

कपिलवस्तु पुगेको सातौं दिनमा पनि भगवान् भोजन निंति राजभवनमा नै जानुभयो। त्यसदिन यशोधरा-देवीले सात वर्षको राहुलकुमारलाई कुरा सिकाइन्– "वावु ! यी बीस हजार श्रमणहरूको बीचमा तारागणमध्ये चन्द्रमा सुवर्ण वर्णका बत्तीस लक्षणले युक्त भएका महापुरुष तिम्रो पूज्य बाबा हुनुहुन्छ। उहाँ यस



Downloaded from http://dhamma.digital/

राजभवनमा पहिले रहनुहुँदा उहाँसित धनले परिपूर्ण चारवटा घडा थिए । उहाँ राजपाट गृहस्थ त्यागी जानुभएपछि ती चारैवटा घडा देखिएनन् । बाबाको सम्पत्तिमा छोराकै हक् हुन्छ । तिमी गएर 'म चक्रवर्ती राजा हुनुपर्छ त्यसको निंति मलाई धेरै धनको आवश्यकता पर्दछ मलाई अंश देऊ' भनी माग ।"

यति कुरा सिकाई राहुललाई भगवान्कहाँ पठाइन् । कुमारले पनि बाबाको अगिल्तिर गई बाल्यस्वभावको साह्रै हिसी लाग्दो गरी हाँस्दै आमाले सिकाएर पठाएको कुरा जम्मै भने । फेरि "बा ! तपाईको छायाँ मलाई साह्रै आनन्द दिंदो रहेछ !" भन्दै बाल्य-चञ्चलता देखाउँदै भगवान्सँगै वस्न पुगे ।

भगवान् भोजन गरिसकेपछि भुक्तानुमोदन गरी आसनबाट उठी राजभवनबाट बाहिर निस्कनुभयो । राहुलकुमार पनि 'बा ! मलाई अंश दिनोस्" भन्दै पछि-पछि लागे । कुमारलाई कसैले पनि "फर्केर जाऊ" भनी भन्न हिम्मत गर्न सकेका होइनन् । सात वर्षको सानो कुमार निग्रोधारामसम्म नै पछि-पछि लागे । विहारमा पुगेपछि भगवान् बुद्धले राहुल कुमारलाई संसार-यात्रा समाप्त भई निर्वाण-सम्पत्ति प्राप्त हुने सप्तार्यधन दिने अभिलाषा गरी आयुष्मान् सारिपुत्रलाई डाक्नु भयो । सारिपुत्र अगाडि आइपुगेपछि भगवान्ले राहुलकुमारलाई प्रव्रजित गर भनी आज्ञा दिनुभयो । भगवान्को आज्ञा पाई सारिपुत्र स्वयं उपाध्याय भई, मौद्गल्यायनलाई आचार्य बनाई राहुलकुमारलाई प्रव्रजित गराउनु भयो । यसरी सातौं दिनमा राहुलकुमारलाई पनि प्रव्रजित गर्ने कार्य सुसम्पन्न भयो ।

यसप्रकारले राहुलकुमार पनि प्रव्रजित भए भन्ने सुनेका राजा शुद्धोदन साह्रै दुःखित हुँदै भगवान्कहाँ पुगे । नाति पनि प्रव्रजित भएकोमा साह्रै दुःखमानी भगवान्को समक्ष हृदयको वृत्तान्त कुरा सुनाई आमाबाबाको अनुमतिबिना कुनै बालक-बालिकालाई प्रव्रजित गराउन नपाइने वर मागी राजा राजभवनतर्फ फर्के । त्यसबेलादेखि आमाबाबाका अनुमतिबिना केटाकेटीहरू प्रव्रजित गर्न नपाइने नियम भगवान्ले बनाइदिनुभयो ।



Downloaded from http://dhamma.digital/

## शुद्धोदनको अनागामित्व

त्यसको भोलिपल्ट पनि भगवान् राजभवनमा भोजनको निंति जानुभयो । प्रातः कालको भोजनोपरान्त परिषद्लाई धर्मोपदेश गर्नुभयो । तदुपरान्त राजाले सुख दुःखको कुरा बताउँदै भगवान्लाई यसप्रकारले भने– "भन्ते ! तपाई उरुवेल बनमा तपस्या गरिरहनुभएको बेलामा एकजना देवता आई आकाशमार्गबाट नै आहार त्याग्नुभएको हुनाले बुद्धत्व प्राप्त गर्नुभन्दा अगाडि नै तपाई मरण भयो भनी मलाई सुनाएका थिए ।"

"विश्वास गर्नु भो त, महाराज ?"

"गरिन ।"

"महाराज ! धर्मपाल महाराजको समयमा मेरो मृत्यु भैसक्यो भनी तपाईंकै अगिल्तिर मेरा हाड भंनी देखाउन ल्याउँदा पनि तपाई पत्याउनु भएको थिएन"– भन्दै भगवान्ले महाधम्मपाल जातकको कथा बताउँदै धर्मोपदेश गराउनुभयो । धर्मोपदेश गरिसकेपछि राजा शुद्धोदन अनागामी फलमा सुप्रतिस्थित भए ।

यसप्रकारले स्वदेशमा आएकै तेस्रो दिनमा भगवान् बुद्धले भाइ नन्दकुमारलाई प्रव्रजित गराउनुभयो । सातौं दिनमा छोरा राहुलकुमारलाई प्रव्रजित गराउनुभयो । सौतेनी आमा प्रजापती गौतमीलाई श्रोतापत्ति मार्ग-फलमा र बाबा शुद्धोदनलाई अनागामी फलमा सुप्रतिस्थित गराई पुनः कपिलवस्तु छाडी राजगृहतिर नै फर्कनुभयो ।

## अनाथपिण्डिकलाई बुद्ध-दर्शन

त्यसबखतमा कोशलराज्यमा श्रावस्ती नामक नगरमा साह्रै धनी अनाथपिण्डिक नाम गरेका एकजना सेठ थिए । उनको ससुरा राजगृह नगरको एक अति धनी साहू थियो । एक दिन त्यो महाजन आफ्नो ससुरालाई भेट्न भनी एक सय



Downloaded from http://dhamma.digital/

गाडाभरि चीजबस्तु राखी श्रावस्तीबाट राजगृहतर्फ हिँडे । भगवान् बुद्ध राजगृहमा आउनुभएको छ भन्ने सुनी अनाथपिण्डिकलाई भगवान् दर्शन गर्ने प्रबल इच्छा भयो । बिहान सबेरै उठी भगवान् भएको ठाउँमा पुगे । अनि भगवान्लाई सादर प्रणाम गरी एक छेउमा बसी धर्मोपदेश सुनिरहे । धर्मोपदेश सुनिरहेका महाजनलाई त्यहीँ श्रोतापत्तिफल प्राप्त भयो । तदुपरान्त भगवान्लाई "श्रावस्ती नगरमा आउनुहोस्" भनी प्रार्थना गरे । भगवान्ले पनि मौन-सम्मति दिनुभयो ।

## अनाथपिण्डिकको जेतवन विहार दान

भगवान्लाई श्रावस्ती नगरमा आउने निमन्त्रणा गरी फर्केका साहू अनाथपिण्डिकका एक-एक योजनको अन्तर पारी पैंतालीस योजनको मार्गमा पैंतालिसैवटा विहार श्रावस्तीसम्म बनाइदिए । एक-एक विहार बनाउन एक-एक लाख गरी जम्मा पैंतालीस लाख खर्च लागेको थियो । अठार करोड तिरी जेतवन उद्यान पनि किने । त्यस उद्यानमा भगवान् प्रमुख अस्सीजना महाश्रावकहरूको निंति समेत विहार बनाउन लगाए । चंक्रमण स्थान, दिवास्थान, रात्रीस्थान, स्नानगृह, धर्मशाला, सभागृह, इनार तथा बगैंचा आदि अनेक स्थानहरू पनि सुन्दराकारले बनाउन लगाए । विहार बनाउनमा जम्मा अठार करोड रूपियाँ खर्च भएको थियो । विहार-निर्माण कार्य सकिएपछि महाजनले भगवान्कहाँ खबर पठाए । भगवान् पनि खबर पाउनासाथ हजारौं भिक्षुहरू साथमा लिई राजगृहबाट पैंतालीस योजन मार्ग तय गरी श्रावस्ती आइपुग्नुभयो ।

भगवान् श्रावस्ती आइपुगे भन्ने खबर सुनेका अनाथपिण्डिकले आफ्नो छोरालाई वस्त्र अलंकारादिले सिंगारी, पाँच सय अरू कुमारहरूको साथमा फूलमाला ध्वजापताकादि समात्न लगाई, तिनीहरूका पछि-पछि अरू पाँच सय



Downloaded from http://dhamma.digital/

कुमारीहरूसहित महासुभद्रा र चूलसुभद्रा नामक आफ्ना दुइजना छोरीहरूलाई पनि वस्त्रालंकार आदिले सुसज्जित गराई भगवान्‌लाई लिन पठाए । त्यसपछि आफ्नी गृहणीलाई पनि त्यस्तै सिँगार्न लगाई पाँच सय स्त्रीहरूको साथमा पठाए । आफूचाहिं सबभन्दा पछाडि पाँच सय उपासकहरूसहित शुद्ध सेतो वस्त्र लगाई भगवान्‌लाई लिन गए । बीच बाटोमा भगवान्‌सँग भेट भयो । पूजा मान्यादिले स्वागत सत्कार गरी भगवान्‌लाई जेतवन विहारमा ल्याए । त्यहाँ पुगेपछि अनाथपिण्डिकले सुवर्ण-कलशबाट जलधारा बहाई जेतवन विहार भगवान्‌लाई दान दिए । भगवान्‌ले "दानमध्ये विहारदान श्रेष्ठोत्तम दान हो" भनी समयोचित धर्मोपदेश गर्नुभयो । भगवान् बुद्धको श्रावस्तीमा पदार्पण भएदेखि महिनौं दिनसम्म अनाथपिण्डिकले विहारोत्सव गरी अठार करोड धन खर्च गरे । यसप्रकारले साहू अनाथपिण्डिकले जेतवन विहारको निंति चौवन्न करोड द्रव्य खर्च गरेका थिए ।

## उपालि नाउको प्रव्रज्या

महाकारुणिक भगवान् बुद्ध जेतवन विहारमा नौ महिना बसी फेरि राजगृह नगरतर्फ फर्किनुभयो । त्यहाँबाट पनि घुम्दैफिर्दै अनोमा नदीको किनारमा स्थित मल्ल राजाहरूको सानो देशमा अनुप्रिय नामक आम्रवनमा पुग्नुभयो ।

उता कपिलवस्तुमा महाराज शुद्धोदनले सबै शाक्य परिवारहरूलाई एकत्रित गरेर भने– "राजन हो ! सिद्धार्थ कुमार राजभवनमा बसी राजपाट सम्हालेर बसेको भए आज उहाँ चक्रवर्ती राजा भैसक्ने थियो । हामी जम्मै उहाँका परिचारक भैसक्ने थियौं । तर आज उहाँ यो सुख ऐश्वर्य जम्मै त्यागी जगत् हितार्थ सर्वज्ञबुद्ध हुन पुग्नुभयो । यस कुरामा तिमीहरू पनि सबैले बिचार गरी आफ्ना आफ्ना कुमारहरूलाई भगवान्‌कहाँ लगी प्रव्रजित गराउनु साह्रै उत्तम छ ।"



Downloaded from http://dhamma.digital/

राजाको यस्तो प्रीति वाक्य सुनेका शाक्यकुमार एकै पटकमा एक हजार जवान भगवान्कहाँ गई प्रव्रजित भए। तर तीमध्ये महानामादि शाक्यकुलबाट कुनै पनि प्रव्रजित हुन गएन । एक दिन भद्दिय राजा, अनुरुद्ध, आनन्द, भगु, किम्भिल तथा देवदत्तादि छ जना शाक्यहरू आफ्ना आफ्ना सैन्य लिई बन विहार गरिसकेपछि सकल सैन्यलाई फर्काई पठाई उपालि नामक नाउ एक जनालाई मात्रै साथमा लिई अनुप्रिय बनतर्फ हिँडे । त्यस बनमा पुगेपछि आफूहरूले पहिरेर आएको राजवस्त्र जम्मै फुकाली त्यस नाउलाई दिई "तिमी घर फर्क" भनी पठाए । उपालि नाउ पनि लुगाको पोको बोकी अलि परसम्म त गयो तर एकाएक उसको मनमा यस्तो विचार उठ्यो– "यी शाक्यकुलका मानिसहरूको रिस बडो नराम्रो छ। यो लुगाको पोको मैले लिएर गएपछि यिनीहरूका आमा बाबाले सोधनी बुझी नै केही नगरी हाम्रा छोराहरूलाई मारेरै पो यसले लुगाको पोको लिएर आएको होलान् भनी मलाई मार्न बेर लाउने छैनन् । म मात्रै यस संसारमा दुःख खाएर बसिरहनु किन !"

अनिपछि यो लुगाको पोको जोसुकैले लेओस् भनी एउटा रुखमा झुण्डाई उपालि पनि ती राजकुमारहरू गएको बाटैवाटो अगाडि बढ्यो । तिनीहरूले "तिमी किन फर्क्यौ ?" लुगाको पोको खोई नि ?" भनी सोध्दा उपालिले जम्मै वृतान्त कुरा बतायो ।

यसप्रकारले उपालि नाउसमेत ती सातैजना भगवान् बुद्धको समक्ष पुगी बिन्ती गरे– "भगवान् ! शाक्यकुलका मानिसहरू एकदम अभिमानी हुन्छन् । सबभन्दा पहिले यो हाम्रो नोकरलाई प्रव्रजित गर्नुहोस् । यसलाई वन्दना गरिसकेपछि मात्रै हामी प्रव्रजित हुनेछौं । यसले गर्दा हाम्रो अभिमान दमन हुनेछ ।"

भगवान्ले पनि तिनीहरूको कुरा सुनी सबभन्दा पहिले उपालिलाई नै प्रव्रजित गर्नुभयो । त्यसपछि ती अरू छ जना राजकुमारहरू त्यस नाउलाई वन्दना तथा नमस्कार गरिसकेपछि मात्रै प्रव्रजित भए ।



Downloaded from http://dhamma.digital/

## लोकहित

यसकिसिमले शान्ति-नायक शाक्यमुनीन्द्र बुद्ध भगवान्‌ले ठूलो सानो, धनी-गरिव, छूत-अछूत भन्ने क्षुद्र विचारको कुनै भेदभाव नराखी सकल मानवसमाज उपर एकै प्रकारको मैत्रीभाव राखी लाखौं प्रव्रज्यापेक्षहरूलाई प्रव्रजित गर्नुभयो । मानव-समाज हितको निम्ति देशविदेश घुमी उपदेश दिँदै मोक्षगवेषी अनेक विद्वान्‌हरूलाई शिक्षा तथा विद्या दान गर्नुभयो । करोडौं नरनारीहरूलाई दान, शील, भावना मैत्री तथा प्रज्ञाको उपदेश दिई स्वर्ग र मोक्षको मार्ग देखाइ-दिनुभयो । स्त्री तथा पुरुषको पनि अलग्ग संघ बनाइदिनुभयो । उभयपंक्षीहरूलाई समानाधिकार दिनुभयो । बुद्धिलाई प्रधान स्थानमा राख्नुभयो । अन्धविश्वासले बुद्धको शिक्षा तथा धर्ममा कहीँ स्थान पाएन ।

★

Dhamma.Digital



Downloaded from http://dhamma.digital/

## बुद्धजीवनी–अभ्यास – ३

१) नन्द कुमार कसरी प्रव्रजित भएका हुन् ?

२) भगवान् बुद्धले नाबालक राहुल कुमारलाई किन श्रामणेर दीक्षा प्रदान गर्न आज्ञा गर्नु भयो ? राहुलको प्रव्रज्या घट्नालाई चित्रण गर्नुहोस् ।

३) कुनबेला शुद्धोदन महाराज अनागामी अवस्थामा पुगेका थिए ?

४) अनाथपिण्डिक उपासकको बारेमा चर्चा गर्नुहोस् ।

५) भद्दिय राजा लगायत अन्य ५ जना शाक्यहरू किन प्रव्रजित हुने विचार गरे ?

६) उपालिले आफू पनि प्रव्रजितनै हुने किन निर्णय गरेका हुन् ?

७) भद्दिय राजा लयागत पाँचजना शाक्यहरू र उपालिको प्रव्रज्या कसरी सम्पन्न भयो ?



Downloaded from http://dhamma.digital/

# पन्ध्रौं परिच्छेद

## गौतमीको गृहत्याग

महाराज शुद्धोदन पनि अब साह्रै वूढा भैसकेका थिए। एकदिन राजभवनमा श्वेतछत्रको मुनि बसेर ध्यान गर्न लागेका थिए। ध्यान बढाउँदा बढाउँदै अर्हत् भई परिनिर्वाण पनि भए। महाराजको परलोक गमन भएपछि प्रजापती गौतमीको मनमा साह्रै विरक्त उत्पन्न भयो। एकजना नाउलाई वोलाउन पठाई आफ्नो त्यत्तिको राम्रो केश मुण्डन गर्न लगाइन्, अनि काषायवस्त्र लगाई पाँच सय शाक्यस्त्रीहरू साथमा लिई वैशाली नगरतिर हिँडिन्। महारानी गौतमीले पहिले पनि एक पटक भगवान् निग्रोधाराममा छँदाखेरि प्रव्रज्या हुन अनुमति मागेकी थिइन् तर भगवान्ले "प्रव्रजित हुने इच्छा नगर" भनी तीन पटकसम्म पनि वस्नुभएको थियो। तस्मात् आज गौतमी स्वयं आफैले शिरमुण्डन गरी काषायवस्त्र धारण गरी बुद्धको समक्ष प्रव्रजित हुनको निम्ति आइपुगिन्।

## प्रजापतीको प्रव्रज्या

प्रजापती गौतमी कपिलपुरदेखि वैशालीनगरसम्म पैदल नै गइन्। त्यहाँ भगवान् बसिरहेको कूटागार विहारको ढोका अगिल्तिर गई आँखाभरि आँशु गरी बसिरहिन्। त्यस्तो सुख भोगमा बसिरहेकी महारानी जस्ता मानिस शिर मुण्डन गरी काषायवस्त्र धारण गरी पैदल हिँडेर आई अश्रुमुखी भई ढोकाको अगिल्तिर वसेर रोइरहेकी वृद्धा गौतमीलाई देखेर आयुष्मान् आनन्दले "किन रोइरहनु- भएको ?" भनेर सोधे।



Downloaded from http://dhamma.digital/

गौतमीले भनिन्– "म यस्ती बूढी भैसकेकी छु, भगवान्‌ले मलाई आजसम्म पनि प्रव्रजित गर्नुभएन । त्यसै कारणले दु:खमानी रोइरहेकी हुँ ।

गौतमीको यस्तो उत्तर पाई आयुष्मान् आनन्दले भित्र गई भगवान्‌लाई सबै कुरा बताउँदै भने– "स्त्रीहरूलाई प्रव्रजित गर्नुभएन भनी बाहिर गौतमी रोइरहनुभएको छ । उहाँलाई पनि प्रव्रजित हुने आज्ञा दिनुहोस् ।"

"स्त्री जातिलाई प्रव्रजित गर्ने कुरामा तिमी जिद्दी नगर भनी तीन-तीन पटकसम्म भगवान्‌ले भन्नुहुँदा पछि आयुष्मान् आनन्दले भगवान् छेउ यस्तो प्रश्न गरे– भन्ते ! तपाईंको शासनमा प्रव्रजित भएका स्त्रीहरूले श्रोतापत्यादि मार्ग-फल साक्षात्कार गरी दु:खबाट छुटकारा पाउन सक्दैनन् ?"

"सक्छन्, आनन्द !"

"भन्ते ! त्यसो भए महारानी गौतमीलाई पनि प्रव्रजित गर्नुभयो भने उहाँको जीवन सफल हुनेछ । फेरि उहाँ तपाईंको उपकारक पनि हुनुहुन्छ । उहाँले तपाईंको ठूलो उपकार गर्नुभएको थियो । त्यो बाहेक उहाँ तपाईंको आमा पनि हुनुहुन्छ। मायादेवीको निधन भएपछि उहाँले आफ्नो छोरा नन्दलाई धाइआमाहरूलाई दिई तपाईंलाई आफ्नो स्तनको दूध खुवाई पालन गरेकी थिइन् । तपाईंको मलमूत्रादि सफा गरेकी थिइन् । तपाईं राजमहलबाट निस्कनुभएदेखि तपाईंलाई सम्झेर सधैं रोइरहने त्यस्ती बूढी क्षीर दाता आमाको कल्याण गर्नुहोस् ।"

आयुष्मान् आनन्दको यस्तो कुरा सुनी भगवान्‌ले आज्ञा गर्नुभयो– "आनन्द ! प्रजापती गौतमीले यी आठवटा कठिन नियमहरू पालन गर्न स्वीकार गर्छिन् भने उनको निम्ति त्यही नियम प्रव्रजित र उपसम्पदा हुनेछन् । ती आठवटा नियम यी नै हुन्–

(१) "उपसम्पदा प्राप्त गरेकी स्त्रीले, सय वर्ष नै पुगिसकेको बूढी भएपनि आजमात्रै उपसम्पदा प्राप्त गरेको भिक्षुलाई अभिवादन, प्रत्युपस्थान, नमस्कार



Downloaded from http://dhamma.digital/

तथा मानसत्कारादि आचरण गर्नुपर्दछ ।"

(२) "भिक्षुहरूको आश्रय नभएको आवासमा वर्षावास कदापि गर्नुहुँदैन ।"

(३) "हरेक दोस्रो हप्तामा भिक्षुहरूकहाँ गई यो कुन उपोसथ हो र भिक्षुणीहरूलाई उपदेश दिने कोही भिक्षु छन् कि छैनन् भनी सोध्ने काम गर्नुपर्दछ ।"

(४)"वर्षावास सिद्धिनासाथ भिक्षु भिक्षुणी-संघमा 'दृष्ट श्रुत परिशंकित नामक तीन प्रकारको पवारणा गर्नु पर्दछ ।"

(५) "नियम उल्लंघन गर्ने भिक्षुणीले दुबै संघसभामा एक पक्षसम्म मानात्मता पालन गुर्नुपर्छ ।"

(६) "दुई वर्षसम्म छ वटा शिक्षा राम्ररी आचरण गरिसकेकी शिक्षामाणविकाले दुबै संघसित उपसम्पदा मागिलिनु पर्दछ ।"

(७) "कुनैप्रकारले पनि भिक्षुहरूको निन्दा नगर्ने र तिनीहरूप्रति अपशब्द प्रयोग नगर्ने व्रत लिनुपर्दछ ।"

(८) "भिक्षुहरूप्रति भिक्षुणीहरूले आफ्नो मुख बन्द गर्नुपर्दछ र भिक्षुणीहरूप्रति भिक्षुहरूलाई सधैं मुख खोल्ने अधिकार दिनु पर्दछ ।"

"यी आठवटा नियममध्ये कुनै एउटा नियम पनि भिक्षुणीले उल्लंघन गर्नुहुन्न । उक्त आठै नियमप्रति आदर सत्कार तथा भक्ति राखी जीवनभर पालन गर्नुपर्दछ ।"

"आनन्द ! प्रजापती गौतमीले यी आठवटा कठिन नियमहरू पालन गर्ने स्वीकार गर्छन् भने तिनको निम्ति प्रव्रज्या र उपसम्पदा त्यही हो ।"

भगवान् बुद्धको यस्तो आज्ञा सुनी आयुष्मान् आनन्द गौतमीकहाँ गई सबै वृत्तान्त कुरा सुनाउनुभयो । त्यसबेला गौतमीले भनिन्– "आनन्द भन्ते ! सौन्दर्यको पूजारी कुनै युवक तथा युवतीलाई सुगन्धयुक्त फूलमाला दिंदा जसरी आनन्द



Downloaded from http://dhamma.digital/

मानेर त्यसले दुबै हात थापिलिई गलामा लाउँछ अथवा जुरोको शोभा बढाउँछ त्यस्तै ती आठवटा कठिन नियमहरू म अत्यन्त गौरव आदरपूर्वक सहर्ष शीरमा थापिलिन्छु । जीवनभर त्यसमध्ये कुनै नियम पनि उल्लंघन नगरी पालन गर्नेछु ।

## शासनको अचिरस्थायी

अनिपछि आयुष्मान् आनन्दले भगवान्को अगिल्तिर गई "गौतमीले ती आठवटा नियम आदरपूर्वक शिरमा थापिलिइन् ।" भनी बताउनुभयो । यो कुरा सुनी भगवान्ले भन्नुभयो– "आनन्द ! स्त्री जातिलाई तथागतको शासनमा प्रव्रज्या प्राप्त नभएको भए यो श्रेष्ठ ब्रह्मचर्यशासन हजार वर्षसम्म चीरस्थायी हुने थियो । यस शासनमा स्त्री जातिलाई प्रव्रज्या प्राप्त भएदेखिन् अब अचिरस्थायी हुने भयो । आनन्द ! जसरी लोग्नेमान्छे नभएको खालि स्वास्नीमान्छे मात्रै भएको घरमा चोरले सजिलैसित हमला गर्छ त्यस्तै स्वास्नीमान्छे प्रव्रजित हुने स्थान भएको शासन अचिरस्थायी हुन्छ ।"

"आनन्द ! कीरा लागेको धानको बोट जसरी चाँडै ढल्छ त्यसरी नै स्वास्नीमान्छे प्रव्रजित हुने स्थान भएको शासन चाँडै नाश हुनेछ ।"

"आनन्द ! जसरी एउटा बलवान् मानिसले पोखरीको पानी बाहिर नजाओस् भनी पोखरीको चारैतिर पर्खाल बनाइदिन्छ त्यसरी नै मैले भिक्षुणीहरूलाई जीवनभर उल्लंघन गर्न नहुने आठवटा कठिन नियमहरू बनाइदिएको छु ।"

यसप्रकार भिक्षुणीसंघ प्रतिस्थित हुनासाथ हजारौंको संख्यामा स्त्रीहरू गृहत्याग गरी प्रव्रजित भई शील, समाधि र प्रज्ञामा प्रतिस्थापित भई ।



Downloaded from http://dhamma.digital/

## नमस्कार नगर्ने

एकदिन भिक्षुणी प्रजापती गौतमी आयुष्मान् आनन्दकहाँ गई भनिन्– "भन्ते ! भगवान्सित एउटा वर माग्न चाहन्छु। भगवान्ले भिक्षु र भिक्षुणीहरूको बीचमा परस्पर मानसूचक वन्दना गर्ने नियम बनाइदिनु भएमा अत्युत्तम हुने थियो।" आनन्दले गौतमीले भनेको कुरा भगवान्लाई सुनाएपछि भगवान्ले भन्नुभयो– "आनन्द ! तथागतले स्त्रीजातिलाई वन्दना गर्ने तथा आसनबाट उठी गौरव सत्कार गरी मान गर्ने नियम कल्यै बनाउँदैन। दुराख्यात अन्य तीर्थीयहरूको धर्मविनयमा पनि स्त्रीजातिलाई मानसत्कार वन्दनादि गर्ने चलन छैन भनेदेखि कसरी तथागतले यस्तो स्वाख्यात धर्म-विनयमा स्त्रीजातिलाई वन्दनामानादि गर्ने अनुमति दिन्छ।"

यति भनेपछि भगवान्ले त्यही कारणमा त्यहीविषयमा भिक्षुवर्गलाई उपदेश गर्दै भन्नुभयो– "भिक्षुगण ! स्त्रीजातिलाई अभिवादन, प्रत्युपस्थान, अञ्जलिकर्म, तथा मानसत्कारादि गर्नुपर्दैन, जसले गर्दछ त्यसलाई दुष्कृत्य आपत्ति हुनेछ[१]।"

## तथागतको धर्म

फेरि एक दिन भिक्षुणी प्रजापती गौतमी भगवान्कहाँ गई अभिवादन गरी यसरी प्रार्थना गरिन्– "भन्ते ! मलाई तपाईंले यस्तो किसिमको एउटा संक्षिप्त धर्मोपदेश गर्नुहोस जुन धर्मोपदेश सुनी म एक शून्यागारमा बसी अप्रमादी हुन सकुं।"

---

१) न भिक्खवं मातुगामस्स अभिवादन, पच्चुपट्ठान अञ्जलीकम्म, साचीचिकम्म कातव्वं, यो कुरेय्य आपति दुक्कटस्स। (चूलवग्ग)



Downloaded from http://dhamma.digital/

गौतमीको यस्तो प्रार्थना सुनी भगवान्ले आज्ञा गर्नुभयो, "गौतमी ! जुन धर्मले वैराग बढाउनुको सट्टा संस्कार बढाउँछ, जुन धर्मले लोभ, असन्तोष, जनाकीर्ण र आलस्य मात्रै बढाउँछ, त्यो धर्म "न धर्म नै हो, न विनय नै हो र न त तथागतको शासन नै हो" भनी तिमीले निश्चयरूपले जान । जुन धर्मले राग घटाउँछ, जुन धर्मले वैराग, वियोग, असंस्कार, अलोभ, सन्तोष, एकान्तता, वीर्य तथा सु-भरता बढाउँछ त्यो धर्म '**धर्म हो, विनय हो, तथागतको शासन हो**' भनी तिमीले निश्यचरूपले जानी विश्वास गर ।"

## यशोधराको प्रव्रज्या

तदुपरान्त एक दिन कपिलवस्तुको राजभवनमा एक्लै बसिरहेकी यशोधरा देवीको मनमा यस्तो बिचार उत्पन्न भयो– "मेरो स्वामी राजपाट जम्मै त्यागी बुद्ध हुनुभो । पुत्र राहुल पनि प्रव्रजित भएर गैसक्यो । राजमहलमा बसिरहनुभएकी सासू प्रजापती गौतमी पनि सयौं आइमाईहरूसहित प्रव्रजित हुन जानुभो । ममात्रै एक्लै यहाँ श्मसानमा बसेझैं बसी अभिमानी भइरहनु किन ! प्रव्रजित भएर जान पाएँ भने छोराको मुख पनि सँधै देख्न पाइनेछ भगवान्को दर्शन पनि प्रतिदिन प्राप्त हुनेछ ।"

यस्तो विचार गरी विरक्त भई सयौं परिचारिकाहरू साथमा लिई यशोधरादेवी भिक्षुणी-उपश्रयमा गई प्रव्रजित भइन् । प्रव्रजित भैसकेपछि उपाध्यायी र आचार्यहरूको सँग राहुल र भगवान्को दर्शन प्रतिदिन पाइने गरी श्रावस्तीमा गई वसिन् ।

यसप्रकारले भगवान् बुद्धको शासनमा भगवान्का सकल परिवार प्रव्रजित भए । ज्ञात्यार्थचर्या पूर्ण गरी भगवान्ले बन्धुवर्ग सबैलाई जन्म-मरणको बन्धनबाट छुटकारा पाइने शान्त प्रणीतयुक्त निर्वाण-पद प्राप्त गराउनुभयो ।

★



Downloaded from http://dhamma.digital/

## बुद्धजीवनी–अभ्यास – ४

१) प्रजापति गौतमीले किन गृहत्याग गरी जाने निर्णय गरिन् ?

२) प्रजापति गौतमीलाई प्रव्रजित हुन के-कस्ता कठिनाईहरू सृजना भए ?

३) बुद्धशासनमा नारीहरूको प्रवेशमा भिक्षु आनन्दको के भूमिका रहेको छ ?

४) भिक्षुणी प्रव्रजित हुन आवश्यक आठवटा कठिन नियमहरू अर्थात् अष्टगरु धर्म भन्नाले के-कस्ता नियमहरूलाई बुझाउँदछ ?

५) "धर्म हो, विनय हो, तथागतको शासन हो" भनी भिक्षुणी प्रजापति गौतमीलाई भगवान् बुद्धले कसरी उपदेश गर्नुभएको थियो ?

६) यशोधरा देवी किन र कसरी भिक्षुणी-उपश्रयमा गई प्रव्रजित भइन् ?

Downloaded from http://dhamma.digital/

# सोह्रौं परिच्छेद

## छैठौंदेखि एकाइसौं वर्षावाससम्म

पाँचौ वर्षाकाल वैशालीनगरको कूटानगरशालामा व्यतीत गरिसकेपछि त्यहाँबाट शान्तिनायक अशरणका शरणगत महामुनि भगवान् बुद्धले लोकहित कार्य प्रारम्भ गर्दै नगर-नगर, ग्राम-ग्राम भ्रमण गर्दै धर्मोपदेश गर्दै छैठौं वर्षावास महुल नामक पर्वतमा गएर बिताउनुभयो । सातौं वर्षावासचाँहि तावतिस देवलोकमा, आठौं भग्गदेशको सुंसुमारगिरि नगरको भेशकला नामक बनमा, नवौं कौशम्बी नगरको घोषितारामा, दसौं पारिलेय्यक बनमा, एघारौं मगध राज्यको दक्षिण गिरिको एकनाल नामक ब्राह्मणग्राममा, बाह्रौं वेरञ्जा नगरमा, तेह्रौं चालीय पर्वतमा, चौंधौं श्रावस्ती नगरको जेतवन विहारमा, पन्ध्रौं कपिलवस्तुको निग्रोधाराममा, सोह्रौं आलवक देशमा, सत्रौं राजगृहको वेणुवनाराम विहारमा, अठारौं चालीय पर्वतमा उन्नइसौं पनि त्यहीँ, बीसौं पुनः राजगृहमा नै व्यतीत गरी श्रावस्तीमा फर्किनु भयो । एक्काइसौं वर्षाकाल चाहिँ त्यही जेतवन महाविहारमा बिताए ।

## विशाखा उपासिका

त्यसबेला श्रावस्ती नगरमा साह्रै धनी सेठ एकजना थिए । तिनको नाम मृगार थियो । मृगारको पूर्णवर्धन नामक एउटा छोरा पनि थियो । मृगारले छोरा तरुनो भएपछि शाकेत देशमा वस्ने धनञ्जय नाम गरेका एकजना साहुकी छोरी सित उनको विवाह गरिदिए । विशाखा नाम गरेकी ती दुलही भगवान्‌की उपासिका थिइन् । उनी आफ्नो बराज्यू साहू मेन्दकको घर अंग देशमा भद्दिय नामक नगरमा बस्दाखेरि प्रथमवार भगवान् बुद्धको उपदेश सुनी सात वर्षको उमेरमा नै स्रोतापत्ति-फल प्राप्त गरी बुद्ध-शासनमा सुप्रसन्न भैसकेकी थिइन् ।



Downloaded from http://dhamma.digital/

## विशाखाको विहार दान

एक दिन उपासिका विशाखा पाँच सय साथीहरूसहित एउटी सखीकहाँ निमन्त्रणमा गएकी थिइन्। त्यहाँबाट फर्कदा जेतवन विहारमा गई भगवान्को दर्शन गरेर मात्रै फर्कदा जेतवन विहारमा गई भगवान्को दर्शन गरेर मात्रै घर फर्कन्छु भन्ने बिचार गरी जेतवनतिर लागिन्। बीच बाटोमा पुग्दा 'भगवान्को अघिल्तिर यस्तो बहुमूल्य गहना लगाई जानु उचित पर्दैन भनी गहना जम्मै फुकाली पोका पारी एउटी दासीलाई बोकाइन् र साधारण वस्त्र लगाई विहारभित्र पसिन्। भगवान्को अगिल्तिर पुगी सादर अभिवादन गरी एक स्थानमा बसिन्। धर्मोपदेश सुनी-वरी गरिसकेपछि सुप्पिया आदि उपासिकाहरूसहित भिक्षुहरूसित कुशलवार्ता सोध्दै हरेक आवासमा गई सुखः दुःखको कुरा गरी घरतिर फर्किन्। बीचबाटोमा पुगेपछि विशाखाले दासीसित गहना मागिन्। "आच्चे गहनाको पोको त विहारमा बिर्सेछु" भनी दासी झस्केर विहारतर्फ दौड्न खोजिन्। अनि विशाखाले दासीलाई रोक्दै भनिन्– "दासी ! ती गहना आनन्द स्थविरले सुरक्षित राखिराख्नु भएको रहेछ भने लिएर नआओ। उहाँले छोइसक्नुभएको गहना संघलाई नै अर्पण गर्दछु।"

दासी हत्तरपत्तर दगुर्दै गई हेर्छ त गहनाको पोका आनन्द स्थविरले देखी कसको हो लिन आउला भनी हिफाजतसाथ भरेङमुन्तिर सच्याई राखिदिएको रहेछ। यो देखी दासी फर्केर गई सो कुरा विशाखालाई भनी। अनि विशाखाले "त्यो गहनाको पोको त्यहीँ राखेर उहाँहरूको कुनै काम आउने होइन बरु त्यो बेची संघलाई प्रयोजन हुने कुनै वस्तु किनिदिनु उचित होला।" भन्ने विचार गरी फेरि दासीलाई त्यो गहनाको पोका लिन पठाइन्।

गहनाको पोका ल्याइसकेपछि उपासिकाले श्रावस्तीका सुनार तथा ज्वाहारीहरूलाई डाक्न पठाई त्यसको मोल राख्न लगाइन्। तिनीहरूले त्यसको



Downloaded from http://dhamma.digital/

मोल नौ करोड राखे । अनि एउटा मानिसलाई त्यो गहनाको पोका दिई श्रावस्ती नगरमा बेच्न पठाइन् तर त्यतिको मोल पर्ने गहना किन्ने त्यस नगरमा कुनै धनी निस्केन । बेच्न नसकी फिर्ता ल्यायो । विशाखा आफैले नौ करोड तिरी त्यो गहना किनेर लिइन् ।

त्यसपछि नौ करोड दाम बोकी उपासिका विशाखा भगवान् बुद्धकहाँ गई निवेदन गरिन्– "भन्ते ! मैले संघलाई परित्याग गरेको गहनाको दाम यति छ ग्रहण गर्नुहोस् ।"

भगवान्‌ले आज्ञा गर्नुभयो– "विशाखा ! आजकाल यहाँ श्रावस्तीमा भिक्षुहरू धेरै छन् । यस नगरको पूर्वतिर एउटा विहार भए बेश हुनेछ ।"

"हवस्, म यस दामबाट विहारै बनाइदिन्छु ।" भनी विशाखा फर्किन् । अनि विशाखाले श्रावस्तीको पूर्वतिर नौ करोड दाम तिरी विहार बनाउन एक टुक्रा जमिन किनिन् । त्यहाँ तिनले पाँच-पाँच सय कोठा भएका दुइतल्ले एउटा विशाल विहार बनाउन लगाइन् ।

त्यसपछि एक दिन भगवान् बुद्ध बिहान सबेरै ध्यानमा बसी लोकतर्फको बिचार गरिरहनुभएको थिए । त्यसबेला भद्रिय नगरमा भद्रिय नै नाम गरेका एकजना साहूको कुलमा उत्पन्न भएको छोराको धर्मावबोध गर्न सक्ने शक्ति छ भन्ने कुरा भगवान्‌ले थाहापाउनु भयो । यस्तो कुशल हेतु जानी भगवान्‌ले भिक्षुसंघ साथमा लिई श्रावस्तीबाट प्रस्थान गर्नुभयो ।

भगवान् श्रावस्तीबाट हिँड्न आँट्नुभयो भन्ने खबर सुनेर विशाखा भगवान् कहाँ दगुर्दै गई भनिन्– "भन्ते ! हजुर भ्रमणमा जान लाग्नु भएको हो कि ?"

भगवान्‌ले भन्नुभयो– "हो विशाखा ।"

निश्चय नै भगवान् जान आँट्नुभएको हो भन्ने बुझी विशाखाले भनिन्– "भन्ते ! यतिका धन खर्च गरी विहार बनाउन लागिरहेको छु । हजुर जानुभो भने



Downloaded from http://dhamma.digital/

यो काम कसरी पूर्ण होला ? बरु कुनै एउटा भिक्षुलाई नियुक्ति गरी जानुभएमा उत्तम होला कि ?"

भगवान्‌ले भन्नुभयो– "त्यसोभए कुनै एकजना भिक्षुको पात्र मागी लिनु ।"

यद्यपि विशाखाको आयुष्मान् आनन्दप्रति विशेष भक्ति भए तापनि विहार बनाउने काममा आयुष्मान् महामौद्‌गल्यायनको ऋद्धिद्वारा धेरै उपकार हुनसक्ने बुझी उनैको पात्र मागिन् । उनले विशाखालाई पात्र दिँदै भगवान्‌को मुख हेरे । उनको आशय बुझी भगवान्‌ले भन्नुभयो, "मौद्‌ल्यायन ! आफ्नो परिवारलाई लिई तिमी फर्क ।"

भगवान्‌को आज्ञा पाई आयुष्मान् महामौद्‌गल्यायन आफ्नो परिवारसहित श्रावस्तीमा नै बसे ।

भगवान् श्रावस्तीबाट प्रस्थान गरी नौ महिनाजति देश भ्रमण गरी प्राणीहरूलाई धर्मामृत-पान गराउँदै पुनः श्रावस्तीमा नै फर्किनुभयो । विशाखाद्वारा निर्मित विहार पनि पूर्ण भैसकेको थियो । त्यसकारण उपासिका विशाखाले भगवान् प्रमुख भिक्षुसंघलाइ त्यस विहारमा वर्षावास गराई अति अलंकारले महोत्सव मनाइन् । चार महिनासम्म उत्सव गर्दा विशाखाको अर्को नौ करोड धन खर्च भएको थियो । जमिन किन्दा नौ करोड, विहार बनाउँदा नौ करोड उत्सव गर्दा नौ करोड गरी जम्मा सत्ताइस करोड दाम खर्च गरी भगवान् बुद्धप्रमुख भिक्षुसंघलाई विशाखाले त्यो नवनिर्मित विहार दान गरिन् । पूर्वदिशातिर रहेको हुनाले त्यस विहारको नाम पनि 'पूर्वाराम' भन्ने रह्यो ।

विशाखाको त्यस नवनिर्मित विहारमा भगवान्‌ले बाइसौ वर्षावास बिताउनु भयो । चवालिसौं वर्षावासम्म पनि भगवान् श्रावस्तीमा नै बस्नुभयो । पैंतालिसौं अन्तिम वर्षावास भगवान्‌ले वैशालीको वेलुग्राममा बस्नुभयो ।[1]

---

१) सं. नि. V. पृ. १३० : गिलानसुत्तं : दी. नि. II. पृ. महापरिनिब्बानसुत्त र बु. रा.– १, पृ १५३



Downloaded from http://dhamma.digital/

## समर्थ भिक्षुहरू

महाकारुणिक तथागत बुद्धले पैंतालिस वर्षसम्म परार्थचर्यौ पालन गरी देशविदेश भ्रमण गर्दै देवसहित सकल मनुष्यहरूलाई अमृतपान गराउँदै हिँड्नु भएकोथियो। यति समयभित्रमा उहाँको शासनमा त्रिविध तथा नवाङ्ग बुद्धशासन बुझेका ग्रन्थी–कारण फुकाउन सक्ने सामर्थ्य भएका विस्तृत अर्थलाई संक्षिप्त र संक्षिप्त अर्थलाई विस्तृत पारी सहेतुक सप्रमाणिक गरी बुझाउन सामर्थ्य भएका एक-से-एक समर्थवान् भिक्षु र भिक्षुणीहरू धैरै संख्यामा भए। उपासक र उपासिकाहरूमा पनि त्यस्ता सामर्थ्य भएका पुरुष र स्त्रीहरूको संख्या कम भएन।

(१) चिररात्रज्ञहरूमा अग्रगण्य कौण्डन्य महास्थविर, (२) प्रज्ञावान्हरूमा श्रेष्ठ सारिपुत्र महास्थविर, (३) ऋद्धिवान्हरूमा अग्रगण्य महामौद्गल्यायन महास्थविर, (४) धुताङ्ग-धारीहरूमा श्रेष्ठ महाकाश्यप महास्थविर (५) दिव्यचक्षु लाभ गरेकाहरूमा अग्रगण्य अनुरुद्ध महास्थविर, (६) उच्च कुलीनहरूमा अग्रगण्य भद्रीय महास्थविर, (७) मधुर स्वरहरूमा अग्र लकुण्टक भद्दिय महास्थविर, (८) सिंहनाद गर्नेहरूमा अग्र पिण्डोलभारद्वाज महास्थविर, (९) धर्मकथिकहरूमा पूर्ण मन्त्राणी पुत्र महास्थविर, (१०) संक्षिप्त कुरा बुझी विस्तारपूर्वक उपदेश गर्नेहरूमा महाकात्यायन महास्थविर, (११) मनोमयऋद्धिलाभीहरूमा चुल्लपन्थ महास्थविर, (१३) निक्लेश विहारीहरूमा श्रेष्ठ सुभूति महास्थविर, (१४) जङ्गलवासीहरूमा रेवत महास्थविर, (१५) ध्यानीहरूमा अग्रन्य कंखारेवत महास्थविर, (१६) वीर्यवान्हरूमा अग्रगण्य सोण कोलिविस महास्थविर, (१७) कल्याण वार्ता गर्नेहरूमा अग्र सोण कुठिकण्ण महास्थविर, (१८) लाभीहरूमा अग्र शीवलि महास्थविर, (१९) श्रद्धाधिकहरूमा अग्र वक्कली महास्थविर, (२०) शिक्षाकामीहरूमा अग्र राहुलमहास्थविर, (२१) श्रद्धाले प्रव्रजित भएकाहरूमा अग्र रट्ठपाल महास्थविर



Downloaded from http://dhamma.digital/

(२२) सलाक ग्रहण गर्नेहरूमा कुण्डधान महास्थविर, (२३) प्रतिभाण प्राप्त गरेकाहरूमा अग्रवंगीस महास्थविर, (२४) प्रासादिक हुनेहरूमा उपसेन वङ्गन्तपुत्र महास्थविर, (२५) शयनासन तयार पार्नेहरूमा दव्वमल्लपुत्र महास्थविर, (२६) देवगणहरूका मनपरेकाहरूमा अग्र पिलिन्दवच्छ महास्थविर, (२७) तुरुन्त अभिज्ञालाभीहरूमा अग्रबाहिय दारुचीरिय महास्थविर थिए, (२८) व्यक्त कथिकहरूमा श्रेष्ठ कुमारकाश्यप महास्थविर, (२९) प्रतिसंभिदा लाभीहरूमा श्रेष्ठ महाकोट्ठित महास्थविर थिए । यी बाहेक (३०) बहुश्रुतहरूमा स्मृतिवानहरूमा बुद्धिवान्हरूमा तथा उपस्थापकहरूमा अग्रगण्य आनन्द महास्थविर, (३१) महापरिवार प्राप्त भएकाहरूमा अग्र उरुवेल काश्यप महास्थविर, (३२) कुल प्रसन्नकर्ताहरूमा अग्र कालुदायी महास्थविर, (३३) निरोगीहरूमा अग्र बक्कुल महास्थविर, (३४) पूर्वानुस्मृतिज्ञान भएकाहरूमा अग्र उपालि महास्थविर, (३५) विनयधरहरूमा अग्र उपालि महास्थविर,। (३६) भिक्षुणीहरूलाई अर्ति उपदेश दिनेहरूमा नन्दक महास्थविर, (३७) इन्द्रिय संयमी हुनेहरूमध्येमा नन्द महास्थविर, (३८) भिक्षुहरूलाई अर्ती उपदेश गर्नेहरूमध्येमा महाकप्पिन महास्थविर, (३९) तेजधातुकुशल हुनेहरूमध्येमा सागत महास्थविर (४०) प्रतिभान अर्थात् बुझ्न सक्नेहरूमध्येमा मोघराज महास्थविर अग्र थिए । यसप्रकारले बुद्धशासन अन्तर्गत धेरै समर्थवान् भिक्षुहरू भए ।

## समर्थ भिक्षुणीहरू

भिक्षुणीहरूमा पनि समर्थवान् स्त्रीहरू कम थिएनन् । (१) प्रजापती गौतमी चिररात्रज्ञहरूमा अग्रणी थिइन् । (२) खेमा महास्थविरनी प्रज्ञावान्हरूमा अग्रणी, (३) उप्पलवण्णा महास्थविरनी प्रज्ञावान्हरूमा अग्रणी, (४) पटाचारा महास्थविरनी



Downloaded from http://dhamma.digital/

विनयधरहरूमा अग्रणी, (५) धर्मकथिकहरूमा अग्रणी सोणा महास्थविरनी, (६) ध्यानीहरूमा अग्रणी सोणा महास्थविरनी, (७) वीर्यवान्हरूमध्येमा अग्रणी सोणा महास्थविरनी, (८) दिव्यचक्षुलाभीहरूमा अग्रणी सकुला महास्थविरनी, (९) भद्दा कुण्डलकेशा महास्थविरनी तुरुन्त अभिज्ञालाभीहरूमा अग्रणी, (१०) पूर्वानुस्मृतिवान्हरूमा अग्रगण्य भद्रा कापिलानी महास्थविरनी, (११) भद्दकच्चाना (यशोधरा) महास्थविरनी महाज्ञानलाभीहरूमा अग्रणी, (१२) रूक्षचीवर लगाउनेहरूमा अग्रणी कृशागौतमी महास्थविरनी् र (१३) श्रद्धाधिमुक्तमा सिंगालकमाता स्थविरनी अग्रणी । यी बाहेक समर्थ भिक्षुणीहरू अरू पनि बुद्ध-शासनमा धेरै थिए ।

## समर्थ उपासकहरू

(१) सर्वप्रथम बुद्धको शरण जाने उपासकहरूमा अग्र तपुस्स र भल्लुक थिए । बुद्ध-शासनमा दाताहरूमा पनि ठूलो महत्व थियो । साहू अनाथपिण्डिकको दानकार्य महान् थियो । त्यसबेलाका सर्वश्रेष्ठ दानीहरूको नामावलीमा उसैको नामले प्रथम स्थान प्राप्त गरेको थियो । (२) त्यसकारण उसलाई दानी उपासकमा अग्र पनि भनिन्थ्यो । यिनी बाहेक उपासकहरूमा अरू पनि समर्थवान्हरूमा श्रेष्ठ थिए । (३) चतुसंग्रह बस्तु उपकार गर्नेहरूमा अग्रहत्थालवक उपासक (४) प्रणीत दान गर्नेहरूमा अग्र महानाम शाक्य थिए । (५) मनपराउने दान गर्नेहरूमा अग्रगण्य वैशाली नगरमा बस्ने उग्ग गृहपति नामक उपासक थियो । (६) संघ उपस्थाकहरूमा अग्र सूर अम्बट्ठ थिए । (७) प्रसन्न व्यक्तिहरूमा अग्र जीवक वैद्य र (८) विश्वासीहरूमा अग्र नकुलपिता (९) संघ उपस्थापकहरूमा अग्र उग्ग गृहपति आदि धेरै समर्थवान् उपासकहरू थिए ।



Downloaded from http://dhamma.digital/

## समर्थ उपासिकाहरू

(१) सर्वप्रथम बुद्धको शरण जाने उपासिकाहरूमध्येमा उरुवेलबासी सेनीयकी छोरी सुजाता उपासिका अग्र थिइन् । उपासिकाहरूमा पनि अग्रगण्य स्त्रीहरू कम थिएनन् । (२) विशाखा महोपासिकालाई दानकार्यमा कसैले भेट्टाउन सकेका थिएनन् । त्यसैले उनी दायिकाहरूमध्येमा अग्र थिइन् । (३) खुज्जुत्तरा नामक उपासिक बहुश्रुतहरूमा श्रेष्ठ थिइन् । (४) मैत्री विहारीहरूमा महारानी श्यामावती । (५) ध्यानीहरूमा राजगृहका सुमन नामक महाजनकी छोरी उत्तरा नै अग्रणी । (६) प्रणीत दानदिनेहरूमा अग्रणी सुप्पवासा कोलिय राजकुमारी । (७) रोगीको सेवा गर्नेहरूमा अग्रणी उपासिका सुप्पिया । (८) निश्चल प्रसन्नहरूमा कात्यायनीय अग्र, (९) विश्वासीहरूमा अग्रणी नकुलमाता, (१०) सुन्नुमात्रले प्रसन्न हुनेहरूमा अग्रणी कुररघर नामक देशमा रहेकी काली उपासिका थिइन् ।

यसप्रकारले भगवान् बुद्धको शासन तथा धर्मविनयमा एक-से-एक समर्थवान् श्रेष्ठ भिक्षु तथा भिक्षुणी उपासक तथा उपासिकाहरू भए ।

Downloaded from http://dhamma.digital/

## बुद्धजीवनी–अभ्यास – ५

१) भगवान् बुद्धले छैठौं वर्षावासदेखि एकाइसौं वर्षावास कहाँ-कहाँ बिताउनु भएका थिए ?

२) विशाखाको परिचय दिई बुद्धशासनमा उनको योगदानको बारेमा चर्चा गर्नुहोस् ।

३) समर्थ भिक्षुहरू भन्नाले के बुझिन्छ ?

४) समर्थ भिक्षुणीहरू भन्नाले के बुझिन्छ ?

५) समर्थ उपासकहरू भन्नाले के बुझिन्छ ?

६) समर्थ उपासिकाहरू भन्नाले के बुझिन्छ ?

७) चिररात्रज्ञ, प्रज्ञावान्, ऋद्धिवान्, धुताङ्ग-धारीहरूमध्ये अग्रगन्य भिक्षुहरू को-को थिए ?

८) संक्षिप्त कुरा बुझी विस्तारपूर्वक उपदेश गर्ने, लाभ प्राप्त गर्ने, श्रद्धा अधिक, तुरुन्त अभिज्ञा लाभीहरूमध्ये अग्रगन्य भिक्षुहरू को-को थिए ?

९) व्यक्त कथिक, बहुश्रुत एवं उपस्थापक, निरोगी, पूर्वानुस्मृति ज्ञान भएका, विनय धर, भिक्षुणीहरूलाई अर्ति उपदेश दिनेहरूमध्ये अग्रगन्य भिक्षुहरू को-को थिए ?

१०) चिररात्रज्ञ, विनयधर, दिव्य-चक्षु, तुरुन्त अभिज्ञा लाभीहरूमध्ये अग्रणी भिक्षुणीहरू को-को थिइन् ?

११) भद्रीय महास्थविर, लकुण्टक भद्दिय महास्थविर, सुभूति महास्थविर, रेवत महास्थविर, मोघराज महास्थविरहरू कुन-कुन विषयमा समर्थ अग्रगन्य भिक्षुहरू हुन् ?

१२) भद्रा कापिलानी, भद्दकच्चाना (यशोधरा), कृशा गौतमी, सिंगालमाता भिक्षुणीहरू कुन कुन विषयमा समर्थ अग्रणी भिक्षुणीहरू हुन् ?

१३) सर्वप्रथम बुद्धको शरण जाने उपासकहरू, दानी उपासक, प्रणीत दान गर्ने, सङ्घ उपस्थापक, प्रसन्न व्यक्ति, विश्वासीहरूमध्ये अग्र उपासकहरू को-को हुन् ?

१४) सर्वप्रथम बुद्धको शरण जाने उपासिका, दानी उपासिका, बहुश्रुत-उपासिका, मैत्री विहारी उपासिकाहरू मध्ये अग्रणी उपासिकाहरू को-को हुन् ?

१५) सुप्पवासा कोलिय राजकुमारी, सुप्पिया, कात्यायनीय, नकुल माता, काली उपासिकाहरू कुन कुन विषयमा समर्थ अग्रणी उपासिकाहरू हुन् ?



Downloaded from http://dhamma.digital/

# (चतुर्थ खण्ड)

(अपरिहानीय धर्मदेशनादेखि परिनिर्वाणसम्म)

# सत्रौं परिच्छेद

## अपरिहानीय धर्मोपदेश

भगवान् बुद्धले शासनधर भिक्षु, भिक्षुणी, उपासक तथा उपासिकाहरू तयार पारी संसारमा शान्ति-धर्म प्रचार गरी जेतवन विहारमा चवालिसौं वर्षवास बिताउनुभयो। त्यहाँबाट पनि ठाउँ ठाउँमा धर्मोपदेश गर्दै राजगृहमा आई वेणुवनको कलन्दकनिवापमा आएर आराम गर्नुभयो । त्यसबखतमा भगवान्को उमेर अस्सी वर्ष पुगिसकेको थियो । राजा अजातशत्रुले वज्जीहरूसित युद्ध-घोषणा गर्ने कुरा सोचिरहेका थिए । भगवान् वेणुवनमा आइपुगेका छन् भन्ने सुनेका अजातशत्रुले वस्सकार नामक एकजना ब्राह्मण महामन्त्रीलाई भगवान्कहाँ गई वज्जीहरूको कुरा बुझेर आऊ भनी पठाए। त्यो ब्राह्मण भगवान् भएको ठाउँमा गई सादर प्रणाम गरी एउटा आसन ग्रहण गरी बसे । भगवान्ले त्यस ब्राह्मणबाट अजातशत्रुको विचार वृत्तान्त सुनिसकेपछि यसप्रकारले आज्ञा गर्नुभयो– "ब्राह्मण ! जबसम्म ती वज्जीहरूले मैले केही दिन अगाडि सारन्दद चैत्यस्थानमा बताएको सातवटा अपरिहानीय धर्म[1] पालन गरिरहेका छन् तबसम्म उनीहरूको परिहानी असम्भव छ अर्थात् उनीहरूको कुनै प्रकारले हानि नोक्सानी हुनेछैन ।"

---

१. सात अपरिहानीय धर्म :

"(१) आपसमा बराबर जम्मा भई एकत्रित हुनु, (२) सबै एक गोल भई मिल्नु,



Downloaded from http://dhamma.digital/

यो कुरा सुनी वस्सकार ब्राह्मणले भने– "भगवान् ! यी सातवटा नियममध्ये एउटाको मात्र पालन गरिरहे पनि कुनै प्रकारले हानि हुनेछैन भनेदेखि सातैवटा नियम तिनीहरूले पालन गरिरहेका छन् भने अब भन्नु नै के बाँकी रह्यो र ?"

यति भनी ती ब्राह्मणहरू भगवान्लाई वन्दना तथा प्रदक्षिणा गरी फर्के ।

वस्सकार ब्राह्मण फर्किसकेपछि भगवान्ले आयुष्मान् आनन्दलाई भनी राजगृहमा रहेका सकल भिक्षुबन्धुहरूलाई त्यहाँ भेला गराउनुभयो । सकल भिक्षुहरू जम्मा भैसकेपछि भगवान् सभागृहमा गई धर्मासनमा बसी यस्तो आज्ञा गर्नुभयो– "भिक्षुगण ! जुनबेलासम्म तिमीहरूले यो सातवटा अपरिहानीय धर्म राम्रोसित पालन गरेर बसिरहन्छौ त्यसबेलासम्म तिमीहरूको वृद्धि (उन्नति) बाहेक अवृद्धि तथा परिहानी हुनेछैन ।"

ती सातवटा अपरिहानी धर्महरू यी नै हुन् –

(१) "भिक्षुहरू बराबर एकत्रित भई जम्मा हुनु ।"

(२) "सबै एकत्रित भई भेला हुनु, सबै एकत्रित उठ्नु तथा सबै एकचित्त भई काम-कारवाहीमा लाग्नु ।"

(३)"तथागतले प्रज्ञप्त नगरेकोलाई प्रज्ञप्त नगर्नु, प्रज्ञप्त गरिराखेका शिक्षा नियमलाई नबिगार्नु तथा प्रज्ञप्त गरिराखेको शिक्षा नियमको पालन गर्नु ।"

---

सबै एकमति भई उठ्नु (उन्नति गर्नु), सबै मिलेर काम गर्नु । (३) प्रज्ञप्त गरी नराखेकोलाई प्रज्ञप्त नगर्नु, प्रज्ञप्त गरिराखेकालाई नबिगार्नु तथा प्रज्ञप्त गरिराखेको पुराना वज्जीहरूको धर्म (नीति) पालन गर्नु । (४) आफू भन्दा उमेरमा पाकाहरूको मानसत्कार गर्नु तथा उनीहरूको आज्ञा मान्नु । (५) अन्यजनका स्त्रीहरूलाई तथा कन्याकुमारीहरूलाई बलात्कार गरी हरण नगर्नु । (६) आफ्ना पूज्यस्थानमा तथा पूज्यहरूलाई पपहिले देखि नै दिएर आएका पूजादि दान दिनु, (७) अर्हत् आदि धार्मिक श्रमण ब्राह्मणहरूको राम्रोसित हेरविचार गर्नु ।" नि. – ७, पृ. १६४ वस्सकारसुत्तं ।



Downloaded from http://dhamma.digital/

(४) "तृष्णाको वशमा नपर्नु ।"

(५) "आफूभन्दा उमेरमा पाको भिक्षुहरूको गौरवादि मानसत्कार गर्नु तथा उनीहरूले भने बमोजिम गर्नु ।"

(६) "जङ्गलबासको अभिलाषा गर्नु ।"

(७) "स्मृतिवान् भएर बस्नु र नआइसकेका शीलवान् सब्रह्मचारीहरूको सुखकामना गर्नु ।"

यी बाहेक अरू पनि पाँचवटा अपरिहानी धर्महरू छन् –

(१) "सब्रह्मचारीहरू उपर अगाडि पछाडि जहाँ तहीं कायिक मैत्रीभाव राख्नु ।"

(२) "सब्रह्मचारीहरू उपर वाचसिक मैत्रीभाव राख्नु ।"

(३) "सब्रह्मचारीहरू उपर मानसिक मैत्रीभाव राख्नु ।"

(४) "धर्मपूर्वक लाभ भएका चतुप्रत्यय वस्तु सब्रह्मचारीहरूमा बाँडिदिनु ।"

(५) "सब्रह्मचारीहरूले जस्तै श्रेष्ठोत्तम सम्यक्दृष्टि राखी बस्नु ।"

यसप्रकारले भगवान्ले भिक्षुहरूलाई अनेक तरहले अपरिहानीय धर्मोपदेश गर्दै "शील भनेको यस्तो हुनुपर्दछ । समाधि भनेको यस्तो हुनुपर्दछ, प्रज्ञा भनेको यस्तो हुनु पर्दछ, शीलको वृद्धि गर्दै लगेमा समाधिको फल महान् भएर आउँछ । समाधि वृद्धि गर्दै लगेका प्रज्ञाको फल महान् भएर आउँछ र प्रज्ञा वृद्धि गर्दै लगेमा चित्त आस्रवबाट मुक्त हुन्छ" भनी दयापूर्वक भिक्षुहरूलाई सम्भाइदिनुभयो ।

## बुद्धको उपदेश

त्यसको केही समयपछि भगवान् त्यहाँबाट राजगृह र नालन्दाको बीचमा रहेको अम्बलट्ठिक नामक बनमा जानुभयो ।

त्यहाँ पनि भगवान्ले अनेकविध शील, समाधि तथा प्रज्ञाको बारेमा भिक्षुहरूलाई



Downloaded from http://dhamma.digital/

उपदेश दिनुभयो । त्यहाँबाट भगवान् नालन्दामा पावारिक नामक आम्रवनमा जानुभयो । त्यहाँपनि धर्मोपदेश गर्दै केही दिन बसी पाटली ग्रामतर्फ जानुभयो । त्यस ग्राममा रहेका उपासक उपासिकाहरूलाई अनेक प्रकारले धर्मोपदेश गरी तिनीहरूलाई स्वर्ग र मोक्षको बाटो देखाउनुभयो । त्यहाँबाट उहाँ कोटी नामक गाउँमा पुग्नुभयो । त्यहाँ पनि आर्यशीलादिको बारेमा उपदेश दिई केही दिन नगरमा पुग्नुभयो । वैशाली नगरमा अम्बपालीको आम्रवनमा बसी भिक्षुहरूलाई जम्मा गराई "स्मृतिवान् भएर रहनु नै बुद्धहरूको अनुशासन हो" भनी सतिपट्ठानको उपदेश गर्नुभयो । त्यहाँ केही दिन व्यतीत गरी धेरै भिक्षुहरू साथमा लिई त्यहाँबाट वेलुव नामक गाउँमा जानुभयो ।

## भगवानको अन्तिम वर्षावास

वेलुव-ग्राममा पुगेपछि अनेकप्रकारले भिक्षुहरूलाई उपदेश दिँदै शास्ताले यस्तो आज्ञा गर्नुभयो– "भिक्षुगण ! वर्षाकाल आइपुग्यो । अब तिमीहरू पनि आफ्ना आफ्ना मित्रहरूकहाँ चिनेजानेकाहरूकहाँ तथा विश्वासीहरूकहाँ गई वर्षावास गर्न जाऊ । म चाहिँ यहीं वेलुव-ग्राममा नै वर्षावास गर्नेछु ।"

भगवान् बुद्धको आज्ञा मानी सकल भिक्षुहरू वैशाली नगरको चारैतिर वर्षावास गर्न गए । भगवान् बुद्धले चाहिँ त्यहीँ वेलुव-ग्राममा नै वर्षाकाल बिताउन बस्नुभयो ।

भगवान्को पैतालिसौं तथा अन्तिम वर्षावास पनि यही हो ।

Downloaded from http://dhamma.digital/

## बुद्ध-शासनमा गुरुमुष्ठि छैन

वर्षावास गरिरहकै अवस्थामा शाक्यमुनि भगवान्लाई ठूलो रोग लाग्यो । उहाँले सकल पीडालाई ध्यानवलले सहनुभयो । आखिरमा शारीरिक वेदनालाई ध्यान-बलले नै दमन गरी आफ्नै वीर्यबलले रोग निको पार्नुभयो । त्यसपछि एक दिन विहारको पछिल्तिरको एउटा रूखमुनि रहेको आसनमा बसिरहनुभएको थियो । त्यही बेला त्यहाँ आयुष्मान् आनन्द आई भगवान् बिरामी हुँदा आफ्नो मनमा उत्पन्न भएको दुःख र शोकका कुराहरू भगवान्लाई बताउनुभयो । भगवान्को अन्तिम उपदेश तथा अओवाद सुन्ने अभिलाषा उत्पन्न भएको कुरा पनि भन्नु भयो । अनि महाकारुणिक त्रैलोकाचार्य भगवान्ले आनन्द स्थविरलाई आमन्त्रण गर्दै यस्तो आज्ञा गर्नुभयो –

"आनन्द ! अब मसित तिमीहरूले पाउनुपर्ने केही बाँकी रहेन । धर्मको विषयमा मसित गुरुमुष्ठि भएको होइन[1] । मैले बताउनुपर्ने कुराहरू जम्मै बताइसकेको छु । अब मेरो उमेर पनि अस्सी वर्षको भईसक्यो । बूढो भैसकेको छु । त्यसो भएर आनन्द ! जुनबेला तथागत (म) समापत्ति ध्यानमा बस्दछ, त्यसबेला उहाँको (मेरो) शरीरमा कुनै प्रकारको दुःखको अनुभव हुँदैन । तस्मात् आनन्द ! अनन्य शरण नभई आफ्नो दीप आफै बन आफ्नो शरण पनि आफै भई बस्ने कोशिश गर । धर्मदीप, धर्मशरण भएर बस्ने प्रयत्न गर । अन्य शरण भएर बस्ने प्रयत्न नगर !"

एक दिन बिहान सबेरै चीवरधारण गरी वैशाली नगरमा भिक्षाटन गरी भोजन गरिसकेपछि आनन्द स्थविरलाई साथमा लिई दिनका समय व्यतीत गर्न भगवान् चापाल नामक बनमा जानुभयो । त्यहाँ भगवान्ले आनन्द स्थविरलाई "आनन्द ! इच्छा गरे भने तथागतहरू ऋद्धिबलद्वारा कल्पान्तसम्म पनि बाँच्न

---

१) "नत्थानन्द, तथागतस्स धम्मेसु आचरियमुट्ठि ।" (दी. नि. II. पृ. ८० : महापरिनिब्बानसुत्त ।)



Downloaded from http://dhamma.digital/

सक्दछन्" भनी तीन तीन पटकसम्म आज्ञा गर्दा आनन्द स्थविरले आनन्द स्थविरले "त्यसोभए भन्ते ! कल्पान्तसम्म बसी कृपा गर्नुस् त" भनी प्रार्थना गर्न सकेका होइनन् । त्यसपछि भगवान्ले "समयलाई बुझ" भनी आज्ञा गर्नुभएपछि आनन्द स्थविरले भगवान्लाई वन्दना गरी त्यहींको एउटा रूखमुनि गएर बस्नुभयो ।

## मारको प्रार्थना

आनन्द गएको एकैछिनपछि वशवर्ती मार आई भगवान्लाई प्रार्थना गरे– "भन्ते ! चाँडै महापरिनिर्वाण हुनुहोस् ।" यसरी आएर मारले भगवान्लाई यस्तो भनेको यसपटक मात्रै होइन । अगाडि पनि धेरै पटक मारले महापरिनिर्वाणको निम्ति प्रार्थना गर्न आएका थिए । त्यसबेला मारले भगवान्बाट यसप्रकारको उत्तर पाएका थिए– "हे मार ! जुनबेलासम्म मेरो शासनमा धर्म बुझेको धर्मधर तथा शासनधर भिक्षु, भिक्षुणी, उपासक तथा उपासिकाहरू एक-से-एक समर्थवान् हुँदैनन् त्यसबेलासम्म म परिनिर्वाण हुँदिन ।"

त्यसकारण अब त्यो मार आई प्रार्थना गर्न थाले– "भन्ते ! तपाईंको शासनमा एक-से-एक समर्थवान् भिक्षु, भिक्षुणी, उपासक तथा उपासिकाहरू भैसके । अब चाँडै परिनिर्वाण हुनुहोस् ।"

## भूकम्प

त्यसपछि मारको प्रार्थना पनि भएको तथा पहिले पनि उनलाई वचन दिइराखिसकेको हुनाल फेरि कल्पान्तसम्म (आयुकल्प) बस्नलाई पनि कसैले प्रार्थना नगरेको हुनाले भगवान् तथागतले मारलाई आज्ञा गर्नुभयो– "आजको तीन



Downloaded from http://dhamma.digital/

महिनापछि तथागत (म) परिनिर्वाण हुनेछ ।" यसप्रकारले मारलाई महापरिनिर्वाण हुने वचन दिई भगवान्ले आयुसंस्कार छाडिदिनुभयो । त्यसबखतमा अति भयानक तरिकाले भूकम्प भयो ।

## आनन्द स्थविरको प्रार्थना

भूकम्प भएको देखेर आनन्द स्थविर के कारणले भूकम्प भयो भनी भगवान् बसेको स्थानमा गई भूमिकम्पको कारण सोधे । भगवान्ले यसरी आज्ञा गर्नुभयो– "आनन्द ! भूमिकम्प हुने कारण आठवटा छन् । के के भने (१) यो महापृथ्वी पानीमाथि प्रतिस्थित भैरहेको छ । पानी हावामाथि प्रतिस्थित छ । हामा आकाशस्थ छ । यस्तो समय आउँछ जुन समयमा बेस्सरी हुरी आई पानी चल्न थाल्दछ पानी चलेपछि भूमिकम्प हुन थाल्दछ ।

(२) ऋद्धिवान् श्रमण ब्राह्मण अथवा देवताहरूले पनि भूकम्प गराउन सक्दछन् ।

(३) बोधिसत्त्व तुषित लोकबाट ओर्ली स्मृतिपूर्वक मातृगर्भमा गराउन सक्दछन् ।

(४) बोधिसत्त्व मातृगर्भबाट स्मृतिपूर्वक निस्कने समयमा पनि भूकम्प हुन्छ ।

(५) तथागतलाई सम्यक्सम्बोधिज्ञान अवबोध हुने बेलामा पनि भूकम्प हुन्छ ।

(६) तथागतले अनुत्तर धर्मचक्र चलाउने बखतमा पनि भूकम्प हुन्छ ।

(७) तथागतले स्मृतिपूर्वक आफ्नो आयुसंस्कार छोड्ने बखतमा पनि भूकम्प हुन्छ ।



Downloaded from http://dhamma.digital/

(८) तथागत अनुपादिशेष महापरिनिर्वाण हुने बखतमा पनि भूकम्प हुन्छ।

"आनन्द ! यी आठ कारणले लोकमा भूकम्प हुन्छ। योमध्ये यो चाहिँ भूकम्प तथागतले (मेरो) आफ्नो आयुसंस्कार त्याग छोडेको कारणले भुकम्प भएको हो तब स्थविरले भगवान्‌लाई कल्पान्तसम्म रहनुहोस् भनी प्रार्थना गरे । अब पछि परिसक्यो भनी भगवान्‌ले स्वीकार गर्नुभएन । आनन्द स्थविर अश्रुमुखी भई दुःख मानेको देखी भगवान्‌ले उहाँलाई अनेकप्रकारले संयोग र वियोगको उपदेश दिई बोध्य गराउनुभयो ।

तदुपरान्त भगवान् कूटागारशालामा गई आनन्द स्थविरलाई भनी वैशाली नगरमा रहेका सकल भिक्षुहरूलाई जम्मा गराउन लगाउनुभयो। अनि तिनीहरूलाई आफूले अवबोध गरिराखेको चारवटा सतिपट्ठान। सम्यग्प्रधान, चारवटा ऋद्धिपाद, पञ्चेन्द्रिय, पञ्चबल, सप्तबोध्यङ्ग तथा आर्याष्टिाङ्गिक मर्गादि ज्ञान-गुण धर्मको उपदेश दिँदै भगवान्‌ले भन्नुभयो– "भिक्षुगण ! संस्कार भनेको चीज नित्य कहिल्यै हुँदैन। यसको स्वभावै विनाश तथा अनित्य हुनु हो। त्यसकारण भिक्षुगण ! तिमीहरू अप्रमादी होओ, कुनै कुरामा नभूली गुणधर्म सम्पादन गर्दै आफ्नो जीवन सुधार्ने कोशिश गर ! आजको तीन महीनापछि तथागतको (मेरो) परिनिर्वाण हुनेछ ।"

यस्तो अववाद दिइसकेपछि भगवान्‌ले फेरि आज्ञा गर्नुभयो– "म बूढो भैसकेको छु । मेरो आयु पनि अब धेरै छैन । तिमीहरूसित छुट्टिने बेला नजिकै आइसकेको छ । प्रमादलाई छाडी तिमीहरू शीलवान् होओ, स्मृतिवान् होओ, सुसमाहित भई चित्तको रक्षा गर्ने प्रयत्न गर । जसले अप्रमादी भई विनय-धर्ममा लागी जन्म-मरणको दुःखबाट छुटकारा पाउँछ उही यस संसारको दुःखको बन्धनबाट मुक्त हुन्छ ।"

★



Downloaded from http://dhamma.digital/

## बुद्धजीवनी–अभ्यास – ६

१) अपरिहानीय धर्मोपदेश भन्नाले के बुझिन्छ ? सप्त अपरिहानीय धर्मलाई क्रमशः प्रस्तुत गर्नुहोस् ।

२) भगवान् बुद्धको अन्तिम वर्षावास कहाँ भएको थियो ? उक्त वर्षावास अगाडि भिक्षुहरूलाई शास्ताले के आज्ञा गर्नुभएको थियो ?

३) बुद्ध शासनमा गुरुमुष्ठि छैन भन्ने कुरालाई स्पष्ट गर्न भगवान् बुद्ध र आनन्द स्थविरको वार्तालापबारे चर्चा गर्नुहोस् ।

४) वशवर्ती मारले बुद्ध समक्ष चाँडै महापरिनिर्वाण हुनुहोस् भनी प्रार्थना गर्न आउँदा बुद्धले के जवाफ दिनुभयो ? र त्यतिबेला के घट्ना घट्यो ?

५) भूकम्प भएको देखेर त्यसको कारणबारे आनन्द स्थविरले जिज्ञासा प्रकट गर्दा भगवान् बुद्धले के आज्ञा गर्नुभएको थियो ?

६) आयु संस्कार परित्याग गरिसकेपछि तत्काल भूकम्प आएको विषयले आनन्द स्थविरलाई कस्तो प्रभाव पारेको थियो ?

७) आयु संस्कार परित्याग गरिसकेपछि भगवान् बुद्धले भिक्षुहरूलाई के उपदेश गर्नुभयो ?

Downloaded from http://dhamma.digital/

# अठारौं परिच्छेद

## प्रजापती गौतमी र यशोधरा भिक्षुणीको परिनिर्वाण

भगवान् बुद्ध परिनिर्वाण भएर जाने भए भन्ने समाचार भिक्षुणी-आश्रममा पनि पुग्यो । यो खबर सुनेका प्रजापती गौतमी हत्तरपत्तर दौड्दै गई आफू पनि परिनिर्वाण हुने इच्छा भगवान्को समक्ष प्रकट गरिन् । भगवान्ले यिनी पनि अब एक सय बीस वर्ष पुगिहालिन् भनी परिनिर्वाणको वचन दिनुभयो । अनि गौतमी महास्थविरनी अनेक ऋद्धि प्रातिहार्य देखाउँदै परिनिर्वाण भएर गइन् । त्यसपछि महास्थविरनी यशोधरा देवी पनि अपराध क्षमा मागी भगवान्को वचन लिई नाना प्रकारले ऋद्धि प्रातिहार्य देखाउँदै परिनिर्वाण भएर गइन् ।

## तथागतको धर्म भन्दैमा स्वीकार नगर्नू

एकदिन बिहान सबेरै देवातिदेव शाक्यमुनीन्द्र भगवान् बुद्ध पात्र-चीवर धारण गरी वैशाली नगरमा भिक्षाटन गर्न जानुभयो । त्यसबेला आनन्द स्थविरलाई "यो तथागतको अन्तिम अवलोकन हो" भनी आज्ञा गरी नगर अवलोकन गर्दै मण्ड नामक गाउँमा पनि जानुभयो । त्यहाँबाट भोग नामक नगरमा आनन्द-चैत्यस्थानमा जानुभयो । त्यहाँ भिक्षुगणहरूलाई भेला गराई यस्तो आज्ञा गर्नुभयो- "भिक्षुगण ! कुनै भिक्षुले पनि यो तथागतको धर्म हो, यो तथागतको विनय हो, यो मैले तथागतबाटै सुनेको हुँ" भन्दैमा तिमीहरूले त्यसलाई तुरुन्त प्रशंसा अथवा निन्दा नगर्नू । पहिले तिमीहरूले त्यस कुरालाई सूत्रविनयादि धर्ममा मिलाई हेर्नू, यदि मिल्ने रहेछ भने 'यो निश्चय पनि तथागतको धर्म तथा उपदेश हो' भनी स्वीकार



Downloaded from http://dhamma.digital/

गर्नू । यदि मिल्ने रहेनछ भने 'निश्चय पनि यो तथागतको उपदेश होइन' भनी त्यसलाई त्यागिदिनु !

"त्यस्तै फलानो स्थानमा बस्ने महासंघले भनेका, फलानो स्थानमा बस्ने धर्मधर स्थविरहरूले भनेका, फलानो स्थानमा बस्ने विनयधरहरूले भनेको भनी जिद्दी गरे तापनि तुरुन्तै त्यस कुरालाई प्रशंसा अथवा निन्दा नगरी त्यस कुरालाई सूत्रविनयादि धर्ममा मिलाउँदा मिल्दछ भने 'निश्चय पनि यो तथागतको धर्म हो' भनी स्वीकार गरी ग्रहण गर्नू, यदि मिल्दैन भने 'यो तथागतको धर्म होइन विनय होइन' भनी त्याग गर्नू ।

## भगवानको अन्तिम भोजन

भगवान् बुद्ध केही दिन त्यहीं बसी भिक्षुहरूलाई शील समाधि तथा प्रज्ञाको उपदेश दिइरहनुभयो । त्यसपछि पावा नामक नगरतर्फ प्रस्थान गर्नुभयो । त्यहाँ उहाँ चुन्द नामक नकर्मीपुत्रको आम्रवनमा गएर बस्नुभयो । भगवान् बुद्ध त्यहाँ आउनुभएको छ भन्ने खबर सुनी चुन्द नकर्मीपुत्रले भगवान् प्रमुख सकल भिक्षुसंघलाई प्रणीताकारपूर्वक भोजन दान दिए । भगवान्को अन्तिम भोजन यही थियो ।

## परम पूजा

त्यस आम्रवनबाट पनि भगवान् ककुध नामक नदीको तिरमा पुगी स्नान गर्नुभयो ! त्यहाँबाट पनि हिरण्य नदी पारी स्थित कुशीनगरमा पुग्नुभयो । त्यहाँ मल्ल राजाहरूका उपवर्तन नामक शालोद्यान एउटा थियो । त्यस उद्यानमा दुइटा शाल-वृक्षको बीचमा, आनन्द स्थविरलाई भनी, एउटा आसन बनाउन लगाउनु



Downloaded from http://dhamma.digital/

भयो । त्यस आसनमा उत्तरतर्फ शिरान गरी भगवान् सिहंशैया गरी शयन गर्नु भयो ।

त्यस मुहूर्तमा ब्रह्मादि अनेक देवगणले भगवान् बुद्धलाई सुगन्धयुक्त पुष्प तथा दिव्यअत्तरद्वारा पूजा गर्न आए ।

आनन्द स्थविरलाई डाकी भगवान्ले यस्तो आज्ञा गर्नुभयो–

"आनन्द ! सुगन्धयुक्त दिव्य पुष्प धूपादिले पूजा गर्दैमा तथागतलाई सत्कार, गौरव, मान तथा पूजा गरेको ठहरिँदैन । आनन्द ! जुन भिक्षु अथवा भिक्षुणीले तथा उपासक अथवा उपासिकाले धर्मलाई आदर राखी तदनुसार अभ्यास गरी धर्माचरण गर्दछ त्यसले तथागतलाई सत्कार गरेको, मान गरेको, गौरव गरेको तथा परमोत्तम पूजा सामग्रीले पूजा गरेको ठहर्दछ ।"

## दर्शनीय चार स्थानहरू

त्यस समयमा अर्थात् भगवान्को अन्त्यावस्थामा त्यहाँ महाब्रह्मादि अनेक देवगण जम्मा भैरहेका थिए । तिनीहरूमध्ये केही भगवान्को अन्त्य आइपुग्यो भनी नानातरहले विलाप गरिरहेका थिए । आर्यज्ञान लाभी केही देवताहरू 'सकल संस्कार अनित्य हो, संस्कारित बस्तु सदा नित्य भएर रहँदैन !" भनी धर्मसंवेग प्राप्त गरेर बसिरहेका थिए ।

त्यस अन्त्य अवस्थामा भगवान्ले आनन्द स्थविरलाई भन्नुभयो– "आनन्द ! यी चारवटा स्थान– (१) बुद्ध जन्मेको स्थान लुम्बिनी, (२) वुद्धत्व प्राप्त गरेको स्थान बुद्धगया, (३) धर्मचक्र चलाएको स्थान ऋषिपतन (सारनाथ) र (४) महापरिनिर्वाण भएको स्थान कुशीनगर-दर्शनीय छन् । ती स्थानहरूको दर्शनले श्रद्धालु जनलाई संवेग उत्पन्न भई श्रद्धा र भक्ति लाभ भई पुण्य प्राप्त हुनेछ ।"



Downloaded from http://dhamma.digital/

## स्त्रीहरूसितको व्यवहार

त्यसबेला आनन्द महास्थविरले स्त्रीहरूसित कस्तो व्यवहार गर्नुपर्छ भनी विन्ती गरे। मुख नहेर्नु; मुख हेर्नुपर्ने अवस्थामा कुरा नगर्नु; कुरा गर्नुपर्ने अवस्थामा स्मृतिलाई सम्हाली होश राखेर बस्नु भनी भगवान्ले उत्तर दिनुभयो।

## स्तूप बनाउन योग्य अस्थिधातु

भगवान्ले फेरि आनन्द स्थविरलाई सम्बोधन गर्दै आज्ञा गर्नुभयो– "आनन्द ! स्तूप बनाउन योग्य अस्थिधातु चारवटा छन्– (१) तथागतहरूका अस्थिधातु स्तूप बनाउन योग्य छ, (२) प्रत्येकबुद्धहरूका अस्थिधातु स्तूप बनाउन योग्य छ, (३) अर्हत्हरूका अस्थिधातु स्तूप बनाउन योग्य छ र (४) चक्रवर्ती राजाहरूका स्तूप बनाउन योग्य छ। यी चार प्रकारका अस्थिधातु स्तूप बनाउन योग्य छ। जुन स्तूपहरू देखेर "यो तथागतको स्तूप हो, यो प्रत्येक बुद्धको स्तूप हो, यो अर्हत्को स्तूप हो, यो चक्रवर्ती राजाको स्तूप हो" भनी श्रद्धालु भक्ति उत्पन्न गरी कुशल चेतना प्राप्त गरी पुण्यलाभ गर्न सक्छन्।

## आनन्द स्थविरको विलाप

भगवान् बुद्ध परिनिर्वाण भएर जान आँट्नुभयो भनी आनन्द स्थविर साह्रै दुःखित हुँदै दुबै हात आफ्नो टाउकोमा राखी एउटा कुनामा गई रोइरहनुभयो। यो देखेर आनन्द स्थविरलाई डाकी भगवान्ले धर्मोपदेश गर्नुभयो–



Downloaded from http://dhamma.digital/

"आनन्द ! न रोऊ, धैर्य गर ! जुनसुकै वस्तु पनि एक दिन विनाश भई वियोग हुन्छ भनी मैले तिमीलाई भनेको थिइन ? यस संसारमा प्राणीहरू सबैले एक दिन मर्नै पर्दछ । संसारै अनित्य छ भनी तिमीले कसरी नबुझेको ? रुने किन, धैर्य राख ! तिमी साह्रै भाग्यमानी छौ । भगवान्को मनलाई सन्तोष पारी सेवा गरेका छौ । तिमी पनि दुःखबाट चाँडै मुक्त हुनेछौ ।"

## अन्तिम श्रावक

त्यस समयमा कुशीनगरमा सुभद्र नाम गरेको एकजना परिव्राजक थिए । भगवान् आजै परिनिर्वाण भएर जान आँट्नुभयो भन्ने खबर सुनी "बुद्ध भनेको अत्यन्त दुर्लभ हुन्छन् भनी मेरा गुरुजनहरू भन्दछन्" भनी दौड्दै भगवान् भएको स्थानमा गए तर आनन्द स्थविरले अन्तिम बेलमा कष्ट दिनु उचित पर्दैन भनी त्यस सुभद्रलाई भगवान्सित भेट्न दिएनन् ।

अनि भगवान्ले यो कुरा थाहापाई आनन्द स्थविरलाई डाकी यस्तो आज्ञा गर्नुभयो– "आनन्द ! संसारमा बुद्ध भनेका दुर्लभ हुन्छ । त्यस्ता दुर्लभ बुद्धको दर्शन गर्ने तथा उहाँसित कुरा गर्ने समय अलिकति मात्रै बाँकी छ । केही समयपछि तथागतको दर्शन पाइने छैन । त्यसकारण सुभद्रलाई यहाँ पठाऊ । उनी भगवान्लाई कष्ट दिने नियतले आएका होइनन्, धर्म बुझ्न भनी आएका हुन् ।"

भगवान्को आज्ञा सुनी आनन्द स्थविरले उनलाई भगवान् छेउ लगिदिए । उनी पनि भगवान्लाई सादर प्रणाम गरी अघिल्तिर बसे । अनि उनले यसरी प्रश्न गरे– "भन्ते ! सबैले आफ्नो सम्प्रदाय श्रेष्ठ भनी भन्दछन् । यो कुरा ठीक हो कि बेठीक ?"

भगवान्ले भन्नुभयो– "सुभद्र ! तिम्रो प्रश्नको जवाफ दिने बेला यो होइन



Downloaded from http://dhamma.digital/

तर तिमीलाई म धर्मोपदेश गर्दछु सुन ।"

यति भनी भगवान् बुद्धले निम्न उपदेश दिनुभयो–

"सुभद्र ! जुन धर्म विनयमा आर्याष्टाङ्गिक मार्ग छैन त्यस धर्म विनयमा श्रमणहरू पनि हुँदैनन् । जुन धर्मविनयमा आर्याष्टाङ्गिक मार्ग हुन्छ त्यस धर्मविनयमा श्रमणहरू पनि हुन्छन् । सुभद्र ! भिक्षुहरूले राम्ररी धर्माचरण गरेर बसे भने यस लोकमा अर्हत्हरू बिलाउने छैनन्[१] ।"

यो धर्मोपदेश सुनी सुभद्र परिव्राजक अर्हत् भए । अर्हत् भैसकेपछि भगवान्सित प्रव्रज्या र उपसम्पदा मागिलिई भगवान्सितै परिनिर्वाण भएर गए ! भगवान्को अन्तिम श्रावक तथा भगवान्सितै परिनिर्वाण भएर जाने श्रावक यी आयुष्मान् सुभद्र हुन् ।

## धर्म नै शास्ता हो

सुभद्रलाई उपदेश दिइसकेपछि भगवान्ले आनन्द स्थविरलाई डाकी यस्तो आज्ञा गर्नुभयो– "आनन्द ! निर्वाण भैसकेपछि तिमीहरूको मनमा 'अब उपदेश दिने गुरु भएन, अब हाम्रा शास्ता छैनन्' भन्ने भान पर्न सक्दछ तर आनन्द त्यस्तो मनमा लिनुहुन्न । आनन्द ! जुन धर्म र विनय मैले तिमीहरूलाई देशना गरी प्रज्ञप्ति गरिराखेको छु त्यही धर्म र विनय म नभैसकेपछि तिमीहरूको शास्ता हुनेछन्[२] ।"

भगवान्ले फेरि भन्नुभयो– "आनन्द ! आजकाल जसरी भिक्षुहरू परस्पर

---

१) "इमे च, समद्द, भिक्ख सम्मा विहेरेय्युं, असञ्ञो लोको अरहन्तेहि अस्सा' ति ।" (दी. नि. II. पृ. ११७ : महापरिनिब्बानसुत्तं ।)

२) "यो वो, आनन्द, मया धम्मो च विनयो च देसितो पञ्अज्ञो सो वो ममच्चयेन सत्था ।" (दी. नि. II. पृ. ११७ : महापरिनिब्बानसुत्तं ।)



Downloaded from http://dhamma.digital/

आपसमा कुरा गर्दा 'आवुसो' भनी सम्बोधन गर्छन् म नभएपछि त्यसरी नै सम्बोधन गरी कुरा नगर्नू । त्यसबेला आफूभन्दा ठूलालाई 'आयुष्मान्' अथवा 'भन्ते' भनी सम्बोधन गर्नू र आफूभन्दा सानालाई 'आवुसो' भन्नु । भिक्षुहरूको मनमा कुनै कुराको सन्देह बाँकी छ भने अहिलेसम्म समय छ तथागतसित सोध्न ।"

## बुद्धको अन्तिम उपदेश

त्यस समयका त्यहाँ उपस्थित त्यतिका भिक्षुहरूमध्ये कसैको मनमा पनि बुद्ध, धर्म तथा शिक्षाको बारेमा कुनै प्रकारको सन्देश नरहेको हुनाले महास्थविर आनन्दले भगवान्लाई बिन्ती गर्नुभयो– "भगवान् ! यस परिषद्मा शंका भएका भिक्षुहरू कोही छैनन् सबै सुप्रसन्न छन् ।"

अनि भगवान्ले भिक्षुहरूलाई सम्बोधन गरी भन्नुभयो– "भिक्षुगण ! संस्कार जम्मै अनित्य भन्ने बुझी अप्रमादी भई राम्ररी स्मृति राखी गुण-धर्म सम्पादन गरिलिने प्रयत्न गर ।" भगवान् बुद्धको यही वाक्य अन्तिम उपदेश भयो ।

## परिनिर्वाण

तदनन्तर भगवान् प्रथमध्यानमा बस्नुभयो । त्यसपछि क्रमैसित द्वितीयध्यानमा, तृतीयध्यानमा तथा चतुर्थध्यानमा बस्नुभयो । चतुर्थध्यानपछि आकाशानन्त्यायतन भन्ने अरूपीध्यानमा बस्नुभयो । त्यसपछि विज्ञानन्त्यायतन भन्ने अरूपीध्यानमा बस्नुभयो । त्यसपछि आकिञ्चन्यायतन भन्ने अरूपीध्यानमा बस्नुभयो । अनि नैवसंज्ञानासंज्ञायतन नामक अरूपीध्यानमा बस्नुभयो । त्यसपछि निरोधसमापत्तिमा बस्नुभयो । तदनन्तर फेरि क्रमैसित प्रथमध्यान सम्म ओर्लिनुभयो । फेरि प्रथमध्यानबाटै



Downloaded from http://dhamma.digital/

क्रमैसित चतुर्थध्यान सम्म पुग्नुभयो । अनि त्यस ध्यानवाटै महापरिनिर्वाण भए ।

यसप्रकारले महाकारुणिक सम्यक्सम्बुद्ध अस्सी वर्ष सम्पूर्ण भएकै दिन वैशाख-पूर्णिमाको रात्री तृतीय प्रहरमा सकल संस्कारको अनित्यभाव देखाई आफू स्वयं निदर्शन भई अनुपादिशेष महापरिनिर्वाण भएर जानुभयो । त्यसबखतमा त्यहाँ अति भयानक महाभूकम्प पनि भएको थियो ।

Dhamma.Digital



Downloaded from http://dhamma.digital/

## बुद्धजीवनी–अभ्यास – ७

१) भगवान् बुद्धले तथागतको धर्म भन्दैमा आँखा चिम्ली स्वीकार नगर्नू भनी कसरी र किन उपदेश गर्नुभएको थियो ?

२) भगवान् बुद्धले अन्तिम भोजन कस्कहाँ र के भोजन गर्नुभएको थियो ?

३) सुगन्ध युक्त दिव्य पुष्पादिले पूजा गर्दैमा तथागतलाई सत्कार, गौरव, मान तथा पूजा गरेको ठहरिंदैन भनी भगवान् बुद्धले किन उपदेश गर्नुभएको थियो ?

४) संवेगनीय स्थल भन्नाले के बुझिन्छ ? र चार संवेगनीय स्थलहरू क्रमशः लेख्नुहोस् ।

५) स्त्रीहरूसित कस्तो व्यवहार गर्नुपर्छ भनी आनन्द स्थविरले जिज्ञासा राख्दा भगवान् बुद्धले के आज्ञा गर्नुभएको थियो ?

६) स्तूप बनाउन योग्य अस्थि धातु चार प्रकारका छन् । ती के-के हुन् ?

७) भगवान् बुद्धको महापरिनिर्वाणावस्थामा आनन्द स्थविरले किन र कसरी विलाप गरे ? उनलाई भगवान् बुद्धले कसरी सम्झाउनु भयो ?

८) कसरी सुभद्र परिव्राजक भगवान् बुद्धको अन्तिम श्रावक भए ?

९) "अब उपदेश दिने गुरु भएन, अब हाम्रा शास्ता छैनन्" भन्ने भावना उत्पन्न होला कि भनेर भगवान् बुद्धले के उपदेश गर्नु भएको थियो ?

१०) भिक्षुहरूबीच परस्पर व्यवहार गर्दा कसरी सम्बोधन गर्नुपर्छ भनी भगवान् बुद्धले आज्ञा गर्नुभयो ?

११) भगवान् बुद्धको अन्तिम उपदेशबारे प्रकाश पार्नुहोस् ।

१२) भगवान् बुद्धको महापरिनिर्वाण अवस्थालाई चित्रण गर्नुहोस् ।



Downloaded from http://dhamma.digital/

# (पंचम खण्ड)

## (आदाहनोत्सब देखि दशचैत्य स्थापनासम्म)

## उन्नाइसौं परिच्छेद

### आदाहनोत्सब

आयुष्मान अनुरुद्धले आयुष्मान् आनन्दको आज्ञा लिई कुशीनगरमा राजाहरूकहाँ भगवान् परिनिर्वाण भएको समाचार भन्न पठाए। तिनीहरू सबै त्यहाँ उपस्थित भई नगर सबै ध्वजापताकादिले सिँगारी तूर्यनाद गराउन लगाई भगवान्को मृतदेह नगरभरि घुमाई जात्रा गरी नाना सुगन्धित धूप पुष्पादिले पूजा गरी सात दिनसम्म आदाहनोत्सब मनाइरहे। त्यसपछि भगवान्का मृतदेह नगरको पूर्व ढोकाबाट नगर बाहिर ल्याई मुकुटवन्धन भन्ने मल्ल राजाहरूका पूजनीय मृतदेहलाई जस्तै सयौं थानका थान सेतो कपडाले भगवान्को मृतदेहलाई बेरी चितामा राखे।

### महाकाश्यप स्थविरको कुशीनगर आगमन

त्यसैबेला महाकाश्यप महास्थविर पाँचसय भिक्षुगणसहित पावाबाट कुशीनगर तिर आइरहेका थिए। यौटा रूखमुनि विश्राम गरिरहेको बखतमा आजीवक एकजना बाटोमा आइरहेको देखी महाकाश्यपले ऊनीसित सोधे– "आवुसो ! तथागतलाई चिन्हेका छौ के ? चिन्हेका छौ भने अचेल उहाँ कहाँ रहनु भएको छ थाहा छ के ?"



Downloaded from http://dhamma.digital/

“तथागतलाई मैले चिनेको छु। उहाँ मल्ल राजाहरूको शालोद्यानमा परिनिर्वाण हुनुभएको आज सात दिन भैसक्यो। म त्यही आदाहनोत्सव हेरेर देवताहरूले वृष्टि गरेको फूल एउटा पनि लिएर आएको छु” भनी आफ्नो हातमा भएको मन्दार फूल देखाए। यो कुरा सुन्नासाथ आस्रव क्षय नभइसकेका भिक्षुहरू त्यहीँ बाटैमा मूर्छित हुँदै रुन थाले। आस्रव क्षय भैसकेका भिक्षुहरू “सकल संस्कार अनित्य हो” भनी धर्मविनय सम्झेर त्यसै बसिरहे।

## चिताको आगो बलेन

उता कुशीनगर-मुकुटबन्धन स्थानमा मल्ल राजाहरू सबै मिली चितामा अग्नि हाले तर आगो बलेन। अनेक उपाय गर्दा पनि चिताको आगो बाल्नै सकेनन्। सकल नरनारीले आश्चर्य अद्‌भुत माने। सबै गएर आयुष्मान् अनुरुद्धसित यसको कारण सोधे। आयुष्मान् महाकाश्यप आइरहेका छन् उनी आएर भगवान्‌को श्रीचरण शिरले वन्दना नगरेसम्मा आगो बल्दैन भनी आयुष्मान् अनुरुद्धले जवाफ दिए।

## महाकाश्यपको अन्तिम वन्दना

महाकाश्यप महास्थविर पनि भिक्षुसंघ सहित त्यहाँ आइपुगे। भगवान्‌को मृत शरीरलाई तीनपल्ट परिक्रमा गरी शिरमा वन्दना गरे। भिक्षुसंघले पनि वन्दना गरे, भिक्षुहरूले वन्दना गर्नमात्रै के सिध्याएका थिए चितामा आफसेआफ आगो बलेर आयो। अनि भगवान्‌को अधिष्ठानअनुसार चारवटा दन्त-धातु, कपाल-धातु (उण्हीस) तथा दुइवटा अक्ख-धातुबाहेक अरू सबै अस्थि ‘रायो’ को गेडा जत्रा ‘कनिका’ जत्रा र ‘मूगी’ जत्राको रूपले गोल-गोल आकारका भएर गए। यो



Downloaded from http://dhamma.digital/

भन्दा आश्चर्यको कुरो त यो भयो कि भगवान्को मृतदेह वेरिराखेका सय्यौं थान कपडामा सबभन्दा भित्रपट्टिको एक तह र सबभन्दा । वाहिरपट्टिको एक तह र कपडा ज्यूंको त्यूं रहे आगोले छोएन । यसप्रकारले शारीरिक धातु जम्मै गोल-गोल गेडो भएर गैसकेपछि आकाशबाट सुगन्ध जलेको वृष्टि भई चिताको आगो जम्मै निभ्यो ।

★



Downloaded from http://dhamma.digital/

## बुद्धजीवनी–अभ्यास – ८

१) आदाहनोत्सव भन्नाले के बुझिन्छ ?

२) महाकाश्यप स्थविरको कुशीनगर आगमनबारे चर्चा गर्नुहोस् ।

३) बुद्धको महापरिनिर्वाणपछि अन्तिम संस्कारको बेला चिताको आगो किन बलेन ? स्पष्ट पार्नुहोस् ।

४) महाकाश्यपको अन्तिम वन्दना र बुद्धको पार्थिव शरीरको अन्तिम संस्कार कसरी भएको थियो ?



Downloaded from http://dhamma.digital/

# बीसौं परिच्छेद

## धातु कोलाहल

अनि पछि कुशीनगराधिपति मल्ल राजाहरूले अस्थिधातु सबै जम्मा पारी सुनेका बट्टामा हाली हात्तीमाथि राखी नृत्य, गीत, बाद्य, सुगन्ध, धूप तथा पुष्पादिले पूजा सत्कार गरी महोत्सव गर्दै सभागृहमा लगे । त्यहाँ सातौं दिनसम्म त्यस धातुलाई चतुरंगिणी सैन्यको आरक्षमा राखी पूजा आदर गरिराखे ।

(१) मगधाधिपति राजा अजातशत्रुले कुशीनगरको शालोद्यानमा भगवान्को परिनिर्वाण भयो भन्ने खबर सुने । भगवान्को शारीरिक अस्थिधातुमा आफ्नो पनि अधिकार छ भनी मल्ल राजाहरूकहाँ दूतहरू पठाई धातु माग्न पठाए । (२) वैशाली देशका राजाहरूले र (३) कपिलवस्तुका शाक्य राजाहरूले पनि भगवान्को अस्थिधातु माग्न पठाए । (४) अल्लकप्प देशका बुलय राजाहरूले पनि (५) रामग्रामका कोलीय राजाहरूले पनि (६) वेठदीपक नगरका ब्राह्मण तथा (७) पावा नगरका मल्ल राजाहरूले पनि अस्थिधातु माग्न पठाए । (८) कुशीनगरका मल्ल राजाहरूले भगवान् हाम्रै शालोद्यानमा परिनिर्वाण हुनुभएकोले उहाँको अस्थिधातुमा हाम्रो बाहेक अरू कसैको अधिकार हुँदैन भनी भने । यसप्रकारले अस्थिधातु कसैलाई पनि नदिने कुरा गरेपछि त्यहाँ त्यस विषयलाई लिएर ठूलो झगडा होला जस्तो भयो ।



Downloaded from http://dhamma.digital/

# धातु विभाजन

महाकारुणिक तथागत सम्यक्सम्बुद्धको अस्थिधातुको विषयमा झगडा होला जस्तो देखी सकल राजपरिवारका आचार्य भैरहेका द्रोण नामक ब्राह्मणले "यसरी झगडा गर्नु उचित भएन" भन्ने मनमा लिई त्यहाँ उपस्थित सकल जनको अगाडि यस्तो भाषण गरे– "भो वीर क्षत्रियजन ! जुन अनुत्तर सम्यक्सम्बुद्ध भगवान्ले सत्वकरूणाको धर्मोपदेश दिएर जानुभो । उहाँ भगवान् शाक्यमुनिको शारीरिक अस्थिधातुको कारणमा अमानुषिक तरिकाले परस्पर शस्त्र प्रहार गरी रगतको खोलो बगाई झगडा गर्नु कदाचित राम्रो काम होइन । अहिंसाका नायकको अस्थिधातुको भाग सबैलाई शान्तिपूर्वक बाँडेर लिनु नै उचित होला । यसो गरेमा सकलजनलाई पुण्य पनि प्राप्त हुनेछ । त्यसकारण यो आठ देशको निम्ति आठ भाग लाऔं ।"

आचार्य द्रोणले यति घोषणा गरी सबैले सुन्ने गरी यो श्लोक पढेर सुनाए ।

"सुणन्तु भन्तो मम एक वाच,
अम्हाकं वुद्धो अहु खन्तिवादी ।
नहि साधु यं उत्तम पुग्गलस्स
शरीर भागे सिया सम्पहारो ॥
सब्बेव भन्तो सहिता समग्गा,
सम्मोदमाना सरोमट्ठ भागे ।
वित्थारिका होन्तु दिसासु थूपा,
बहुज्जनो चक्खुमतो पसन्ना ॥" (दी. II. पृ. १२७)



Downloaded from http://dhamma.digital/

(तपाईंहरू मेरो एक वचन सुन्नुहोस् । हाम्रो बुद्ध शान्तिवादी हुनुहुन्थ्यो । उत्तम पुरुषको शरीर-भागको कारणले सम्प्रहार हुनु राम्रो होइन ।)

("तपाई हामी सबै एकछन्द र एकमत्त भई परस्पर प्रसन्न भई आठ भाग गरौं । धेरै जना चक्षुमान् बुद्धप्रति प्रसन्न छन् । त्यसैले सबै दिशामा स्तूपको विस्तार होस् ।")

द्रोणचार्यको यस्तो न्याययुक्त तथा धर्मयुक्त कुरा सुनी त्यहाँ उपस्थित सकलजनको चित्त बुझ्यो । अनि अस्थिधातु आठ भाग गरियो । भाग लगाउने द्रोण आचार्यले दन्तधातु एउटा कसैले नदेख्ने गरी आफ्नो पगरीमा लुकाए । यो देखको शक्र देवेन्द्रले देवानुभावले त्यो लुकाइराखेको धातु लिएर देवलोकमा पुऱ्याए । त्यहाँ अत्यन्त भक्त्यादरले पूजा सत्कार गरी राखिछाडे । भाग लाइसकेपछि द्रोण ब्राह्मणले आफ्नो पगरीको दन्त-धातु खोज्दा नपाई मनमा साह्रै पीर माने तर कसैलाई केही भन्न नसकी मल्ल राजाहरूसित अस्थिधातु भरिदिएको 'कुम्भ' (मानो) एउटा मागेर लिए ।

पिप्पलिवन नामक देशका मोरिय (मौर्य्य) हरू पनि भगवान् परिनिर्वाण हुनुभयो भन्ने समाचार सुनी अस्थिधातु माग्न कुशीनगर पुगे । अस्थिधातु बाँडिसकेको र सिद्धिसकेको हुनाले भगवान्को दिपमा गई त्यहाँ बाँकिरहेको गोल तथा खरानी लिएर फर्के ।

## दशचैत्य स्थापना

भगवान्को अस्थिधातु लिएर गएका सबैले आफ्ना आफ्ना देशमा ती धातु राखी चैत्य बनाए । द्रोण आचार्यले पनि मानो (कुम्भ) राखेर चैत्य बनाए । यसप्रकारले भगवान्को शारीरिक-धातु भएको चैत्य आठवटा (८) धातु भरिदिएको



Downloaded from http://dhamma.digital/

मानो भएको चैत्य एउटा (१) र दिपको गोल (खरानी) भएको चैत्य एउटा (१) – जम्मा दशवटा (१०) चैत्य यस लोकमा खडा भए । ती चैत्यलाई मान सत्कार तथा गौरवादर राखी पूजा गरी पुण्य लाभ गर्दै लाखौं-करोडौं मनुष्यहरू सुगति प्राप्त गरी स्वर्गलोकमा उत्पन्न हुन गए ।

Dhamma.Digital



Downloaded from http://dhamma.digital/

## बुद्धजीवनी–अभ्यास – ९

१) भगवान् बुद्धको पवित्र अस्थि धातुको विषयमा किन र कसरी धातु कोलाहल भएको थियो ?

२) बुद्धको पवित्र अस्थि धातु कसरी र कस्‌कसलाई धातु वितरण गरियो ?

३) बुद्धको पवित्र अस्थि धातुलाई कुन रूपमा सम्मान सत्कार गरी संरक्षण गरियो ?

Dhamma.Digital



Downloaded from http://dhamma.digital/

# पालि भाषा अवतरण

Dhamma.Digital

लेखक

भिक्षु बुद्धदत्त, श्रीलंका

अनुवादक

भिक्षु शीलभद्र महास्थविर



Downloaded from http://dhamma.digital/

# भविष्यत् क्रिया
## (FUTURE TENSE)

१९) पच-धातुलाई भविष्यत्कालमा यसरी विभक्तिरूप चलाइन्छ -

| | एकवचन | बहुवचन |
|---|---|---|
| पठम | : पचिस्सति = (भात) पकाउँनेछ | पचिस्सन्ति |
| मज्झिम | : पचिस्ससि | पचिस्सथ |
| उत्तम | : पचिस्सामि | पचिस्साम |

वर्तमान त्रियापदको बीचमा इस्स भन्ने एउटा शब्द थपिदिएमा यो भविष्यत्-क्रियापद बन्छ भन्ने कुरा याद गरिराखेमा सजिलो हुनेछ ।

वर्तमान क्रियामा देखाइएको सबै क्रियापदहरू यहाँ पनि प्रयोग गरी देखाइएको छ ।

| | |
|---|---|
| गच्छिस्सति = जानेछ | वसिस्सति = बस्नेछ |
| गमिस्सति = जानेछ | भायिस्सति = डराउनेछ |
| भविस्सति = हुनेछ | लभिस्सति = प्राप्तहुनेछ |
| पस्सिस्सति = हेर्नेछ | करिस्सति = गर्नेछ |
| जानिस्सति = थाहापाउनेछ | जीविस्सति = बाँच्नेछ, जीविकागर्नेछ |
| ददिस्सति = दिनेछ | आरूहिस्सति = चढ्नेछ |
| दस्सति = दिनेछ | पहरिस्सति = पिट्नेछ इत्यादि । |

# पुल्लिङ्ग ईकारान्त शब्द

२०) ईकारान्त-पुल्लिङ्ग शब्दको विभक्तिरूप यसरी चलाइन्छ –

### पक्खी-शब्द (= पंछी)

| | एकवचन | बहुवचन |
|---|---|---|
| पठमा | : पक्खी | पक्खी, पक्खिनो |
| दुतिया | : पक्खिनं, पक्खिं | पक्खी, पक्खिनो |

Downloaded from http://dhamma.digital/

| | | |
|---|---|---|
| ततिया | : पक्खिना | पक्खीभि, पक्खीहि |
| चतुत्थी | : पक्खिनो, पक्खिस्स | पक्खीनं |
| पञ्चमी | : पक्खिना, पक्खिम्हा, पक्खिस्मा | पक्खीभि, पक्खीहि |
| छट्ठी | : पक्खिनो, पक्खिस्स | पक्खीनं |
| सत्तमी | : पक्खिनि, पक्खिम्हि, पक्खिस्मिं | पक्खीसु |
| करण | : पक्खिना | पक्खीभि, पक्खीहि |
| आलपन | : (हे) पक्खि | (हे) पक्खी, पक्खिनो |

यस्तै रूप चलाउन सकिने अन्य केही शब्दहरू -

| | |
|---|---|
| हत्थी = हात्ती | करी = हात्ती |
| सामी = स्वामी, पति, मालिक | बली = बलवान्, शक्तिवान् |
| ससी = चन्द्रमा | गणी = समूह भएको |
| माली = मालाधारी, मालाकार | छत्ती = छाता भएको |
| सुखी = सुखी | पापकारी = पापगर्ने |
| सिखी = मयूर, आगो | दीघजीवी = लामो आयु भएको |
| दाठी = सर्प, दाह्रा भएको | धम्मवादी = धर्मदेशक |
| भोगी = सर्प, सम्पत्ति भएको | सीघयायी = छिटोजाने |
| कुट्ठी = कुष्ठरोगी | सेट्ठी = सेठ, साहू |
| दन्ती = हात्ती, दाँत भएको | सारथी[1] = सारथी, रथचलाउने |
| मन्ती = मन्त्री | दण्डी = लट्ठी भएको |

नेपालीभाषामा अनुवाद गर्नुहोस् -

१) मन्ती हत्थिनं आरुहिस्सति । २) मयं सेट्ठिनो गेहं गमिस्साम । ३) त्वं सामिनो पुत्तस्स कपिं ददिस्सस । ४) गणिनो सुखिनो भविस्सन्ति । ५) अम्हाकं सामिनो दीघजीवीनो न भवन्ति । ६) पापकारी यट्ठिना भोगिं मारेस्सति । ७) मम पुत्ता सेट्ठिनो गामे वसिस्सन्ति । ८) सिखी छत्तिम्हा भायिस्सति । ९) सारथी अस्से गामम्हा हरिस्सन्ति । १०) तुम्हे मालीहि ससिनं ओलोकेस्सथ । ११) बली दाठिनो कायं छिन्दिस्सति । १२) अम्हाकं मन्तिनो बलिनो अभविंसु । १३) कुट्ठी सारथिनो पादं यट्ठिना पहरिस्सति । १४) सेट्ठिनो मालिनो पुरिसे पस्सिस्सन्ति । १५) मयं गेहे ओदनं (भात) भुञ्जिस्साम ।

[1] कहीं "इ" कारान्त भए कहीं "ई" कारान्त पनि छन् ।


Downloaded from http://dhamma.digital/

पालिभाषामा अनुवाद गर्नुहोस् -

१) हाम्रो मालिक मन्त्रीहरूकहाँ[२] जानुहुनेछ । २) सेठ लामो आयुभएको हुनेछ । ३) पापगर्नेहरू सुखी हुनेछैनन् । ४) दाह्रा भएकोले कोढीलाई कुट्नेछ । ५) मन्त्रीले मालिकबाट मयूर प्राप्तगर्नुहुनेछ । ६) सारथीले मन्त्रीसँग घोडाहरू किन्नेछ । ७) मेरा मयूरहरू पहाडमा जीविकागर्नेछन् । ८) सर्पहरूले शक्तिवान्हरूलाई टोक्नेछन् । ९) मालिकका छोराहरूले साहूहरूका सिंहहरूलाई हेर्नेछन् । १०) हामीले आगन्तुकसँग मृग किन्नेछौं । ११) हात्तीले खुट्टाद्वारा मानिस मार्‍यो । १२) तिमी साहू हुँदैनौ । १३) राजाका छोराहरू मन्त्रीहरूसँगै खानेछन् । १४) बाँदर रूखबाट खस्दैन । हामीले हात्ती सारथीकहाँ लानेछैनौं ।

तल दिइएका खाली वाक्यमा भूत र भविष्यत्-क्रियापद भर्नुहोस्-

१) मय्हं दासो हत्थिम्हा ...... । २) तव पक्खी तरुम्हि ...... ।
३) सिन्धुम्हि वानरा .......... । ४) पापकारी फरसुना कुट्टिं .... ।
५) सुसु पाणिना पक्खिं ........ । ६) आखवो रुक्खं ............ ।
७) अहं पाणिना असिं .......... । ८) त्वं असिना अरिं ........ ।
९) दन्तिनो उच्छुं ............ । १०) दण्डी मय्हं बाहुं ........ ।
११) तुय्हं बन्धवो गामे ........ । १२) बली अम्हाकं केतुं ........ ।

[२] द्वितीया विभक्ति प्रयोग गरेमा "कहाँ" भन्ने अर्थ आउँछ ।


Downloaded from http://dhamma.digital/

# उकारान्त पुल्लिङ्ग शब्द

२१) **गरु = गुरु, आचार्य**

| | एकवचन | बहुवचन |
|---|---|---|
| पठमा | : गरु | गरू, गरवो |
| दुतिया | : गरुं | गरू, गरवो |
| त.पं.क | : गरुना | गरूभि, गरूहि |
| च. छ. | : गरुनो, गरुस्स | गरूनं |
| सत्तमी | : गरुम्हि, गरुस्मिं | गरूसु |
| आलपन | : (हे) गरु | (हे) गरू, गरवो |

यस्तै रूप चलाउन सकिने अरू केही शब्दहरू -

| | | |
|---|---|---|
| भिक्खु = भिक्षु | सत्तु = शत्रु | बन्धु = नातेदार |
| उच्छु = उखु | तरु = रूख | पसु = पशु |
| फरसु = बन्चरो | बाहु = पाखुरा | कतच्छु = चम्चा, पन्यू |
| आखु = मुसा | वेलु = बाँस | सिन्धु = समुद्र |
| सुसु = बालक | सेतु = पूल | केतु = झण्डा |

२२) केही उकारान्त शब्द गरु - शब्द जस्तै नभई अर्कै रूपमा रूप चलाइन्छ ।

## पुल्लिङ्ग शब्द

**"भातु" = दाजुभाइ**

| | एकवचन | बहुवचन |
|---|---|---|
| पठम | : भाता | भातरो |
| दुतिया | : भातरं | भातरे, भातरो |
| त.पं.क. | : भातरा | भातरेभि, भातरेहि, भातूभि, भातूहि |
| च. छ. | : भातु, भातुनो, भातुस्स | भातरानं, भातानं, भातूनं |

Downloaded from http://dhamma.digital/

| | | |
|---|---|---|
| सप्तमी | : भातरि | भातरेसु, भातूसु , भातुसु |
| आलपन | : (हे) भात, भाता | (हे) भातरो |

पिता भन्ने अर्थ बुझाउने पितु शब्द भातु शब्द जस्तै हो ।

२३) नत्तु-शब्दको रूप यो भन्दा फरक छ ।

नत्तु = नाति

| | एकवचन | बहुवचन |
|---|---|---|
| पठमा | : नत्ता | नत्तारो |
| दुतिया | : नत्तारं | नत्तारे , नत्तारो |
| त.पं.क. | : नत्तारा | नत्तारेभि, नत्तारेहि |
| च. छ. | : नत्तु, नत्तुनो, नत्तुस्स | नत्तारानं, नत्तानं |
| सप्तमी | : नत्तरि | नत्तारेसु |
| आलपन | : (हे) नत्त, नत्ता | (हे) नत्तारो |

नत्तु - शब्द जस्तै रूप चलाउने अरू केही शब्दहरू -

| | |
|---|---|
| सत्थु = बुद्ध, अनुशासक | नेतु = नायक, लैजाने |
| कत्तु = गर्ने, कर्ता | वत्तु = बोल्ने , वक्ता |
| भत्तु = स्वामी, लोग्ने, पति | जेतु = जित्ने |
| गन्तु = जाने | दातु = दिने |
| सोतु = सुन्ने | विनेतु = शिक्षक, नम्र गराउने |

टिप्पणी-

सँगै भन्ने अर्थ बुझाउने सह, सद्धिं यी दुई निपातलाई तृतीया विभक्ति सँगै प्रयोग गर्नुपर्दछ । यी दुइवटा पदहरू प्रायगरी सम्बन्ध राख्ने पदको पछाडि मात्र प्रयोग गरिन्छ । जस्तै - "पुरिसेन सद्धिं" आदि हुन् ।

जोड्ने अर्थमा प्रयोगहुने र पदको सट्टा पालिभाषामा च, अपि भन्ने निपात प्रयोग गरिन्छ । अपि शब्दमा धेरैजसो अकार लोप भई पि मात्र बाकी भएको देखिन्छ । अथवा भन्नु परेमा वा निपात प्रयोग गरिन्छ ।

Downloaded from http://dhamma.digital/

# अभ्यास - ११

नेपालीभाषामा अनुवाद गर्नुहोस् -

१) बन्धवो सुसूहि सद्धिं अम्हाकं गेहं आगमिस्सन्ति । २) सत्तु फरसुना तव तरवो छिन्दिस्सति । ३) गरु मह्यं सुसूनं उच्छवो अददि । ४ भिक्खवो नत्तारानं धम्मं देसेस्सन्ति । ५) त्वं बन्धुना सिन्धुं गमिस्ससि । ६) अस्सा च गोणा च गामे चरिस्सन्ति । ७) तुम्हे पसवो वा पक्खी वा मा मारेथ । ८) मयं नेत्तारेहि सह सत्थारं पूजेस्साम । ९) भाता वेलुना पक्खिं मारेस्सति । १०) अम्हाकं पितरो सत्तूनं केतवो आहरिंसु । ११) जेता दातारं बाहुना पहरि । १२) सत्था अम्हाकं नेता भवि । १३) मयं पितरा सद्धिं वेलवो आहरिस्साम । १४) अहयो आखवो भुञ्जन्ति । १५) मम सत्तवो सेतुम्हि निसीदिंसु । १६) अम्हाकं भातरो च पितरो च सिन्धुं गच्छिंसु । १७) अहं मम भातरा सिखिनो विक्किणिस्सामि । १८) सुसवो कटच्छुना ओदनं आहरिंसु । १९) गामं गन्ता तरूसु केतवो पस्सिस्सति । २०) सेतुं कत्ता गामम्हा वेलवो आहरि ।

पालिभाषामा अनुवाद गर्नुहोस् -

१) मैले मेरो बन्चरोले बाँस काट्नेछु । २) गुरुहरूले जित्नेलाई हेर्नेछन् । ३) उनीहरूले हात्तीलाई उखु लगे । ४) धर्म सुन्नेहरू भिक्षुहरूकहाँ आउनेछन् । ५) चितुवाहरू र सिंहहरू गाउँहरूमा बस्दैनन् । ६) म मेरो भाइसँग अनुशासककहाँ गएँ । ७) हाम्रा बाबुहरू पनि दाजुभाइहरू पनि व्यापारीहरू हुन् । ८) मेरा नातेदारहरूले मयूरहरू र पंछीहरू किन्नेछन् । ९) बाँदर र मृग पहाडमा बस्छन् । १०) उसले मेरो नातिको काँधमा पिट्यो । ११) शत्रुहरूले हाम्रो नायकको झण्डा लानेछन् । १२) पुल बनाउनेहरूले गाउँबाट बाँस ल्याए । १३) मुसाहरू सर्पदेखि[३] डराउँनेछन् । १४) मैले मेरा नातेदारहरूलाई भात दिनेछु । १५) खाना[४] दिनेले पन्यूद्वारा भात ल्यायो । १६) मेरो बाबुका पशुहरू पहाडमा बस्छन् । १७) हाम्रो नाति र दाजुभाइले हात्तीहरू किन्दैनन् । १८) गुरुको छोराले घोडा अथवा साँढे किन्यो । १९) मेरो छोराले वा भाइले बच्चाहरूको लागि[५] बाँदर ल्याउनेछ । २०) हामी नायकसँग बुद्धपूजा गर्नेछौं ।

---

[३] पञ्चमी बहुवचनमा प्रयोगगरेमा "सर्पदेखि" भन्ने अर्थ आउँछ ।

[४] खाना अर्थ व्यक्त हुने "आहार" शब्द पुरिस शब्द जस्तै विभक्तिमा लान सकिन्छ ।

[५] चतुर्थीमा लगेमा "लागि" भन्ने अर्थ आउँछ ।


Downloaded from http://dhamma.digital/

टिप्पणी-

२४) माथि उल्लिखित उकारान्त पुल्लिङ्ग शब्दसँग जोडा नभएको वन्तु, मन्तु दुइवटा प्रत्यय अन्त भएका पदहरू प्रायगरी विशेषण जस्तो देखिने गुणनामको एक अंश हो; जसको विभक्तिरूप तल उल्लेख गरिएअनुसार हुनेछ -

## "गुणवन्तु" आदि विशेषणपद

### गुणवन्तु = गुणवान्

| | एकवचन | बहुवचन |
|---|---|---|
| पठमा : | गुणवा | गुणवन्तो, गुणवन्ता |
| दुतिया : | गुणवन्तं | गुणवन्ते |
| त. क.: | गुणवता, गुणवन्तेन | गुणवन्तेभि, गुणवन्तेहि |
| च. छ.: | गुणवतो, गुणवन्तस्स | गुणवतं, गुणवन्तानं |
| पं. : | गुणवता, गुणवन्तम्हा, गुणवन्तस्मा | गुणवन्तेभि, गुणवन्तेहि |
| सं. : | गुणवति, गुणवन्ते, गुणवन्तम्हि, गुणवन्तस्मिं | गुणवन्तेसु |
| आ. : | (हे) गुणवं, गुणव, गुणवा | (हे)गुणवन्तो, गुणवन्ता |

### नपुंसक लिङ्ग

| | एकवचन | बहुवचन |
|---|---|---|
| प. : | गुणवं, गुणवन्तं | गुणवन्ता, गुणवन्तानि |
| दु. : | गुणवं, गुणवन्तं | गुणवन्ता, गुणवन्तानि |

बाँकी अन्य रूप पुल्लिङ्ग जस्तै हो ।

## स्त्रीलिङ्ग

स्त्रीलिङ्गमा वन्तुको वती, वन्ती र मन्तुको मती, मन्ती हुनेछन् । जस्तै - गुणवती, गुणवन्ती; सिरीमती, सिरीमन्ती । यसको रूप स्त्रीलिङ्ग कुमारी शब्द जस्तै हुन्छ । यो रूप पृष्ठ १४ मा उल्लेख छ ।

| | |
|---|---|
| सीलवन्तु = शीलवान् | पञ्ञवन्तु = प्रज्ञावान् |
| धनवन्तु = धनवान् | पुञ्ञवन्तु = पुण्यवान् |
| कुलवन्तु = कुलवान् | यसवन्तु = कीर्तिवान् |
| हिमवन्तु = हिमालय | भगवन्तु = भाग्यवान् |
| बलवन्तु = बलवान् | फलवन्तु = फलवान् |


Downloaded from http://dhamma.digital/

चक्खुमन्तु = चक्षुमान्
बुद्धिमन्तु = बुद्धिमान्
सतिमन्तु = स्मृतिमान्
हिरीमन्तु = लज्जावान्
बन्धुमन्तु = नातेदार
भानुमन्तु = तेजवान्, सूर्य

आदि वन्तु मन्तु अन्त भएका शब्दहरू गुणवन्तु जस्तै हुन् ।

## ऊकारान्त पुल्लिङ्ग शब्द

२५ विदू = पण्डित

| | एकवचन | बहुवचन |
|---|---|---|
| प. आ. | विदू | विदू, विदुनो |
| दु. | विदुं | विदू, विदुनो |
| त.पं.क. | विदुना | विदूभि, विदूहि |
| च. छ. | विदुनो, विदुस्स | विदूनं |
| स. | विदुम्हि, विदुस्मिं | विदूसु |

विञ्ञू = पण्डित
वदञ्ञू = भन्न जान्ने, परित्याग गर्ने
सब्बञ्ञू = सर्वज्ञ
मत्तञ्ञू = मात्रा जान्ने
कतञ्ञू = कृतज्ञ हुने
पभू = अधिपति
वेदगू = वेद जान्ने

आदि शब्दहरू माथि उल्लेख भए जस्तै हुन् ।

## कालार्थ प्रकाशक निपात

२६ (समय देखाउने निपातपद)

कदा = कहिले
हीयो = हिजो
यदा = जहिले
पूरा = पहिले
अज्ज = आज
सुवे = भोलि
सदा = सधैं
सायं = साँझ
इदानि = अब, अहिले
तदा = उहिले
पातो = बिहान सबेरै
एकदा = एक समयमा
पच्छा = पछि


Downloaded from http://dhamma.digital/

# अभ्यास - १२

नेपालीभाषामा अनुवाद गर्नुहोस् -

१) भगवा अज्ज सोतारानं धम्मं देसेस्सति । २) भिक्खवो तदा भगवतो पादे वन्दिंसु । ३) चक्खुमन्तो सदा भानुमन्तं पस्सन्ति । ४) तदा बलवन्ता अरी वेलूहि पहरिंसु । ५) कदा तुम्हे धनवन्तं पस्सिस्सथ ? ६) सुवे मयं सीलवन्तं भिक्खुं वन्दिस्साम । ७) भगवन्तो सब्बञ्ञुनो भवन्ति । ८) विदुनो इदानि कुलवतो गेहं गच्छिंसु । ९) हिमवति सीहा च इसिने च सदा वसन्ति । १०) पुञ्ञवतो नत्ता बन्धुमा भवि । ११) कुलवतं भातरो धनवन्तो न भविंसु । १२) अहं हिमवन्तम्हि फलवन्ते रूक्खे पस्सिं । १३) पुरा मयं बन्धूहि सह हिमवन्तं गच्छिम्ह । १४) हीयो सायं बुद्धिमन्तो यसवतं गामं गच्छिंसु । १५) विञ्ञुनो पच्छा पभुनो गेहे वसिस्सन्ति । १६) यसवतं भातरो बलवन्तो भवन्ति । १७) अम्हाकं पितरो सतिमन्तो अभविंसु । १८) पुञ्ञवन्तो एकदा मणयो लभन्ति । १९) बुद्धिमन्तो अम्हाकं सत्थारं वन्दन्ति । २०) बलवतो नत्ता पातो मम गोणं गण्हि ।

पालिभाषामा अनुवाद गर्नुहोस् -

१) चक्षुवान्ले (आँखा हुनेले) बिहान सबेरै शीलवान्हरूलाई हेर्छ । २) धनवान्हरूका छोराहरू सधैं प्रज्ञावान् हुँदैनन् । ३) नातेदार हुनेहरू शत्रुदेखि डराउँदैनन् । ४) गुणवान्हरूको दाजुभाइहरूले उहिले बुद्धको पाउमा ढोगे । ५) तिम्रा नातिहरू अब बुद्धिमान् भएनन् । ६) बुद्धिमान्ले भोलि कुलवान्हरूलाई धर्मदेशना गर्नेछ । ७) धनवान्हरू छोराहरूसँग हिमालयमा जानेछन् । ८) भगवान् बुद्ध शीलवान्हरू र बुद्धिवान्हरूका गुरु भए । ९) कीर्तिवान्हरू हाम्रो गाउँमा कहिले आउँछन् ? १०) बलवान्हरूका बच्चाहरू पछि गुणवान् हुनेछन् । ११) एक दिन पण्डितका दाजुभाइले गुणवान्लाई कुट्यो । १२) पहिले म अधिपतिहरूको घरमा बासबसें । १३) हिजो बाटोमा हात्तीहरू र घोडाहरू बसे । १४) कुलवान्ले अब सिंह र मृग किने । १५) धनवान्ले हिमालबाट हात्ती र सिंह ल्याए । १६) आज बिहान सबेरै धनवान्हरूका छोराहरू हिमालयमा गए । १७) हाम्रा नातिहरू शीलवान् बाबुहरूलाई नमस्कार गर्छन् । १८) पुण्यवान्हरूका छोराहरू नातेदार भएका हुन्छन् । १९) बुद्धको धर्म सुन्नेहरू सधैं सुखी हुनेछन् । २०) बलवान्हरूका दासहरूले हिजो साँझ मेरा घोडाहरू लगे ।


Downloaded from http://dhamma.digital/

टिप्पणी-

अकारान्त पुल्लिङ्ग राज-शब्द र अत्त-शब्दको रूप पुरिस शब्द जस्तै नभएर अर्कै तरिकाबाट रूप चलाइन्छ । यी दुई विभक्तिरूपको आकार र ओकारान्त पुल्लिङ्ग गो शब्दको विभक्तिरूप चलाउने आकार दोश्रो भागमा उल्लेख हुनेछ । सा आदि आकारान्त पुल्लिङ्ग शब्दहरूको र पुमा, ब्रह्मा आदि प्रथमाको एकवचनमा आकारान्त जस्तै रूप चल्ने अकारान्त शब्दका विभक्तिरूपहरू तेस्रो भागमा उल्लेख हुनेछन् ।

## स्त्रीलिङ्ग

२७) आकारान्त स्त्रीलिङ्ग वनिता (स्त्री) शब्दको विभक्तिरूप यसरी चलाइन्छ । (स्त्रीलिङ्गमा अकारान्त शब्द हुँदैन) ।

| | एकवचन | बहुवचन |
|---|---|---|
| पठमा | : वनिता | वनिता, वनितायो |
| दुतिया | : वनितं | वनिता, वनितायो |
| त.पं.क. | : वनिताय | वनिताभि, वनिताहि |
| च. छ. | : वनिताय | वनितानं |
| स. | : वनितायं, वनिताय | वनितासु |
| आ. | : (हे) वनिते | (हे) वनिता, वनितायो |

यसरी नै विभक्तिरूपमा लानसकिने अरू शब्दहरू -

| | | |
|---|---|---|
| गङ्गा = गङ्गा | जंघा = जाँघ | दारिका = केटी |
| नावा = डुङ्गा, जहाज | वाचा = वचन | भरिया = स्वास्नी, पत्नी |
| दिसा = दिशा | मञ्जूसा = बाकस | देवता = देवता |
| सेना = सेना | नासा = नाक | पूजा = पूजा |
| साला = हल, घर | तुला = तराजु | वसुधा = जमीन |
| सभा = सभा | भासा = भाषा | गुहा = गुफा |
| परिसा = फौज (परिषद्) | माला = माला | खुदा = भोक |
| कथा = कथा | वलवा = घोडी | निद्दा = सुत्ने |
| गीवा = घाँटी | लता = लहरा | सक्खरा = सक्खर, लोरा |
| जिह्वा = जिब्रो | कञ्ञा = कन्या | साखा = शाखा, हांगा |
| सिला = पत्थर | वालिका = बालुवा | गाथा = गाथा |


Downloaded from http://dhamma.digital/

| | | |
|---|---|---|
| विसिखा = सडक | वालुका = बालुवा | सुरा = रक्सी |
| पञ्ञा = प्रज्ञा | | |

"आमा" भन्ने अर्थ बोधहुने अम्मा शब्दको रूप वनिता शब्दझैं भएतापनि सम्बोधन एकवचनमा "(हे) अम्म, अम्मा" हुनजान्छ ।

# विधि-क्रिया

## (IMPERATIVE MOOD)

## पञ्चमी-विभक्ति

२८) तीनवटै कालमा अन्तर्गत रहेको क्रिया तल उल्लेख गरिएको छ । अरूलाई अह्राउने काम बुझाउने क्रियालाई विधि-क्रिया भनिन्छ । जस्तै– "जाऊ, पकाऊ" आदि । विशेषरूपमा भन्नुपर्दा यो क्रिया मध्यम पुरुषमा मात्र प्रयोग हुन्छ । जाओस्, आओस्, बाँचोस् आदि क्रिया कुनै एकजनासँग प्रार्थनागर्ने हुनाले अथवा इच्छा र आशा व्यक्तगर्ने हुनाले आर्शीवाद वाचक भनिन्छ । पालिभाषामा यी दुइवटाको अर्थ एउटै किसिमको क्रियाबाट व्यक्तहुन्छ । त्यसको विशेष काल हुँदैन अथवा वर्तमान कालझैं हुन्छ ।

### पच धातु = पकाउनु

| | एकवचन | बहुवचन |
|---|---|---|
| पठम | : पचतु | पचन्तु |
| मज्झिम | : पच, पचाहि | पचथ |
| उत्तम | : पचामि | पचाम |

निम्न लिखित केही क्रियापदहरूलाई माथि उल्लेख गरिएको पच धातुको क्रियाझैं क्रिया-रूप बनाउन सकिन्छ ।

| | | |
|---|---|---|
| जयतु = जितोस् | थपेतु = राखोस् | भवतु = होस् |
| रक्खतु = रक्षागरोस् | गच्छतु = जाओस् | होतु = होस् |
| भासतु = भन्नोस् | पिवतु = पिओस् | सुणातु = सुनोस् |


Downloaded from http://dhamma.digital/

# निपात-पद
## (PARTICALS)

२९) निपात भनेको लिङ्ग, विभक्ति र वचन परिवर्तन नहुने एउटै आकारमा रहने पद हुन् ।

तर, कुनै-कुनै निपात-पद नाम-विभक्तिको विभिन्न अर्थमा पनि व्यक्तगर्न सकिन्छ । जस्तै- हे (हे, अय्) निपात-पद सम्बोधन विभक्तिपदमा मात्र प्रयोग हुन्छ । हेट्ठा (= तल), उपरि (= माथि), अधो (= मुनि) र बहि (= बाहिर) इत्यादि निपात-पद र २६ औं क्रमांश संख्यामा देखाइएको कालार्थ प्रकाश गर्ने निपाद-पद सप्तमी विभक्तिमा प्रयोग हुन्छ । सयं (= स्वयं) निपात प्रथमा र तृतीया विभक्तिमा प्रयोग हुन्छ ।

| | | |
|---|---|---|
| तथा = त्यस्तो | यदि = यदि | पन = भैं, जस्तै |
| यथा = जस्तो, जसरी | आम = हो | अद्धा = निश्चय पनि |
| याव = जहिले सम्म | एवं = यसरी | पुन = फेरि |
| ताव = त्यसबेलासम्म | अथ= अनि, त्यसपछि | अन्तरा = बीचमा |
| सचे = त्यसोभए | अथवा = अथवा | सनिकं = बिस्तारै |
| तत्थ = त्यहाँ | तिरियं = छड्के | उपरि = माथि |
| समन्ता = चारैतिर | हेट्ठा = तल | अन्तो = भित्र |
| कत्थ = कहाँ, कुनठाउँमा | बहि = बाहिर | यत्थ = जहाँ, जतातिर |
| इतो = यहाँदेखि | यहिं = यहाँ | कुतो = कहाँदेखि |
| तहिं = त्यहाँदेखि | ततो = त्यहाँदेखि | इध = यहाँ |
| खिप्पं = चाँडै | | |

# अभ्यास - १३

नेपालभाषामा अनुवाद गर्नुहोस् -

१) वनितायो नावाहि गङ्गासु गच्छन्ति । २) त्वं सालायं कञ्ञानं ओदनं पचाहि । ३) सचे तुम्हे नहायिस्सथ, अहम्पि नहायिस्सामि । ४) याव तव कञ्ञा आगमिस्सति ताव इध तिट्ठाहि । ५) लंकाय भूपतिनो सेनायो तत्थ जयन्तु । ६) देवता वसुधायं मनुस्से रक्खन्तु । ७) तुम्हे कञ्ञाय हत्थे मालं ठपेथ । ८) सालाय छाया बसुधायं अत्थि । ९) चोरा इतो मञ्जूसायो गुहं हरिंसु ।


Downloaded from http://dhamma.digital/

१०) अथ कञ्ञायो गोधं सक्खराहि पहरिंसु । ११) त्वं ततो कत्थ गच्छसि ? १२) यत्थ पञ्ञवन्तो वसन्ति, तत्थ अहं गमिस्सामि । १३) हत्थि गामम्हा बहि तरुनो साखा छिन्दि । १४) सचे तुम्हे तदा परिसाय कथेस्सथ, अहम्पि कथेस्सामि । १५) वनितानं मणयो मंजूसाय अन्तो ठपेथ । १६) मयं गामस्स समन्ता गुहासु वसाम । १७) अम्हाकं अम्मा सुवे दोलाय गामं गमिस्सति । १८) तुम्हे परिसाय सद्धिं मम कथं सुणाथ । २०) दारिका कञ्ञाय नासायं सक्खरं खिपि ।

पालिभाषामा अनुवाद गर्नुहोस् -

१) चोरले बाकस गुफामा लग्यो । २) तिमीहरू आमाहरूसँग भोलि गाँउमा जान्छौ । ३) स्त्रीका दाजुभाइहरू हिजो जहाजबाट गए । ४) जहिलेपनि मेरो पूजा ज्ञान हुनेहरूको लागि होस् । ५) तिमीहरूले आज कन्याको हातमा माला राखिदेओ । ६) जस्तो तिम्रो बाबुले भन्नुहुन्छ त्यस्तै गर । ७) जहिले फौज जानेछ उहिले म पनि जानेछु । ८) यदि मालिककी स्वास्नीले सभामा भाषण दिनेछिन् भने हामीले पनि सुन्नेछौं । ९) स्त्रीले बाकसबाट तराजु ल्याएर त्यसमा सक्खर राखिन् । १०) बच्चाको बाकसमा माणिकहरू छन्[१] । ११) कन्याहरूले बिहान सबेरै गल्लीबाट बालुवा ल्याए । १२) राजाका हात्तीहरूले गाउँमा भएका रूखहरूका हांगाहरू भाँचिदिए । १३) लंकामा ढुंगा, लोरा र पहाडहरू छन् । १४) त्यसपछि राजा फौजसँगै जहाजबाट गंगामा गए । १५) लहराहरूको छायाँ जमीनमा छ । १६) देवताहरूले हाम्रो छोराहरू र नातिहरूलाई रक्षागरुन् । १७) मेरो सेनाले गाउँबाहिर जितोस् । १८) हामी हाम्रा जिब्रोहरूद्वारा वचन बोल्छौं । १९) मैले सभामा केटीको भाषण सुनें । २०) मेरी आमा आज साँझ अवश्य आउँनुहुनेछ ।

## ३०) स्त्रीलिङ्ग इकारान्त शब्द

### भूमि = जमीन

| | एकवचन | बहुवचन |
|---|---|---|
| पठमा : | भूमि | भूमी, भूमियो |

---

[१] सन्ति



Downloaded from http://dhamma.digital/

| | | |
|---|---|---|
| दुतिया | : भूमिं | भूमी, भूमियो |
| त.क.पं | : भूमिया | भूमीभि, भूमीहि |
| च. छ. | : भूमिया | भूमीनं |
| सत्तमी | : भूमियं, भूमिया | भूमीसु |
| आलपन | : (हे) भूमि | (हे) भूमी, भूमियो |

त्यस्तै तल दिइएका शब्दहरूको पनि रूप बनाउन सकिन्छ -

| | | |
|---|---|---|
| रत्ति = बेलुकी, राती | मति = बुद्धि | नालि = माना |
| खन्ति = सहनु, क्षान्ति | अटवि = जंगल | अंगुलि = औंला |
| सति = स्मृति | युवति = युवती | दुन्दुभि = ढोलक |
| सन्ति = शान्ति | पत्ति = थलसेना | धूलि = धूलो |
| दोणि = डुङ्गा, कुरुवा | वुट्ठि = वर्षा | पीति = प्रीति |
| कित्ति = कीर्ति | रंसि = रश्मि | वुड्ढि = उन्नति, अभिवृद्धि |
| असनि = वज्र, विजूलि, चटयाङ्ग | | वुद्धि = उन्नति, अभिवृद्धि |

## ३१) स्त्रीलिङ्ग "ईकारान्त" शब्द

### कुमारी = कन्या

| | एकवचन | बहुवचन |
|---|---|---|
| पठमा | : कुमारी | कुमारी, कुमारियो |
| दुतिया | : कुमारिं | कुमारी, कुमारियो |
| त.पं.क. | : कुमारिया | कुमारीभि, कुमारीहि |
| च. छ. | : कुमारिया | कुमारीनं |
| सत्तमी | : कुमारियं, कुमारिया | कुमारीसु |
| आलपन | : (हे) कुमारि | (हे) कुमारी, कुमारियो |

यस्तै प्रकारका अन्य शब्दहरू -

| | | |
|---|---|---|
| किन्नरी = किन्नरी | धनवती = साहूनी | सखी = सहेली |
| तरूणी = तरुनी, तन्नेरी | कुक्कुटी = कुखुरा | दासी = दासी, नोकरनी |
| नारी = नारी, आइमाई | पोक्खरणी = पोखरी | काकी = कौवा |
| कदली = केराको बोट | राजिनी = रानी | गावी = गाई |
| देवी = देवी | मातुलानी = माइजू | मिगी = मृगी |
| नदी = नदी | ब्राह्मणी = बाहुणी | इत्थी = स्त्री |


Downloaded from http://dhamma.digital/

| | | |
|---|---|---|
| भगिनी = दिदीबहिनी | हत्थिनी = ढोई | वापी = दह, कुवा |
| वानरी = बाँदरनी | सीही = सिंहीनी | |

# पूर्व-क्रिया

३२) धातुको पछाडि त्वा, त्वान र तुन प्रत्यय राखी पूर्वकालिक क्रिया बनाइन्छ । कत्वा (गरी), गन्त्वा (गएर) आदि त्वा अन्त भएका क्रियालाई मूलक्रियाको अगाडि राखिने भएको हुनाले पूर्वक्रिया भनिन्छ । यहां माथि लेखिएका पूर्व क्रियाले मात्र वाक्य पूरा गर्न सकिन्न जबसम्म मूल-क्रिया अन्तिममा हुँदैन । कत्वा आदिलाई पूर्वक्रिया भन्ने नाम दिइएतापनि कहिलेकाही क्रियापदमा समावेश नगरी निपात पदमा समावेश गरिराखेको देखिन्छ ।

| | | |
|---|---|---|
| गन्त्वा = गएर | आगन्त्वा = आएर | धावित्वा = दगुरेर |
| नहात्वा = नुहाएर | निसीदित्वा = बसेर | लभित्वा = पाएर |
| पचित्वा = पकाएर | उट्ठहित्वा = उठेर | खादित्वा = खाएर |
| सयित्वा = सुतेर | भुञ्जित्वा = खाएर | ठत्वा = उभिएर |

त्वा प्रत्यय अन्त हुने सबै पूर्व-क्रियामा पचित्वान सयित्वान आदि शब्दमा जस्तै त्वान भन्ने प्रत्यय राखेर पनि रूप बनाउन सकिन्छ भन्ने कुरा बुझ्नुपर्छ । माथि उल्लिखित पूर्व-क्रियासँग जोडा नभएका अन्य किसिमका पूर्वक्रियाहरू पनि छन् । जस्तै -

| | | |
|---|---|---|
| लद्धा = पाएर | आगम्म = आएर | आरुह्य = चढेर |
| लद्धान = पाएर | आदाय = ल्याएर | कातुन = गरेर |
| निक्खम्म = बाहिर गएर | ओरुह्य = ओर्लेर | |

# अभ्यास - १४

**नेपालीभाषामा अनुवाद गर्नुहोस् -**

१) ब्राह्मणी कुमारिया सद्धिं पातो नदियं नहात्वा गेहं अगमि । २) नारियो ओदनं पचित्वा भुञ्जित्वा कुक्कुटीनंपि अदंसु । ३) सुवे देविया कुमारियो सखीहि सह वापिं गन्त्वा नहायिस्सन्ति । ४) राजिनी परिसाय सह दीपा निक्खम्म नावाय गमिस्सति । ५) वानरी इत्थियो पस्सित्वा तरुं आरुह्य निसीदि । ६) तरुणीयो हत्थेहि तरूनं साखा आदाय छिन्दिंसु । ७) तुम्हे पुन वापिं



Downloaded from http://dhamma.digital/

तरित्वा[७] अटविं पविसथ । ८) दीपयो अटवीसु ठत्वा मिगी मारेत्वा खादन्ति । ९) युवतीनं पितरो सायं अटविया आगम्म भुञ्जित्वा सयिस्सन्ति । १०) हत्थिनी पोक्खरणिं ओरुह्य नहात्वा कदलियो खादिस्सति । ११) सीही अजं मारेत्वा सुसूनं दस्सति । १२) मम मातुलानि पुत्तस्स दुन्दुभिं आनेस्सति । १३) सकुणियो महियं चरित्वा सुसूनं आहारं परियेसन्ति (खोज्नु) । १४) काकी तरुनो साखासु निसीदित्वा वीहिं भुञ्जिसु । १५) गावियो भूमियं सयित्वा गामे चरित्वा अटविं गच्छिसु ।

पालिभाषामा अनुवाद गर्नुहोस् -

१) सिंहिनीले हिजो मृगीलाई मारेर खाई । २) बाहुणीले गङ्गा पारगरी (नदिं तरित्वा) जंगलबाट अप्सरा ल्याई ३) त्यसपछि युवतीको दाजुले गङ्गामा नुहाएर घर गएर खायो । ४) बाँदरनीले रूखमा चढेर हातले हांगा समाती । ५) युवतीहरू दहमा गएर नुहाएर खेलेर चाँडै गाउँमा आए । ६) तिमीहरूले डुङ्गाद्वारा गङ्गा पारगरी गाउँहरूबाट कुखुराहरू ल्यायौ । ७) युवती बाबुलाई भात पकाएर सहेलीहरूसँग त्यहाँ पोखरीमा गइन् । ८) हाम्रा दाजुभाइहरूले आज बिहान जंगलमा गएर मृगीलाई मारे । ९) हामीहरू पोखरीमा नुहाएर गाउँमा गएर (खाना) पकाई खाएर सुत्नेछौं । १०) मेरा दिदीबहिनीहरू त्यहाँबाट डुङ्गामा चढेर गङ्गामा गए । ११) कुमारीहरूले चाँडै फूलमाला ल्याएर देवताको गलामा पहिराए । १२) साहूका गाईहरू र साँढेहरू साँझमा जंगलबाट बाहिर आएर दहमा पानी पिएर गाउँ भित्र गए । १३) देवी परिषद्सँग राजाको पोखरीमा गएर नुहाई । १४) स्त्रीकी दिदीले ढोलक किनेर सहेलीलाई दिई । १५) सिंहहरू हात्तीहरूलाई र ढोईहरूलाई मारेर खाएर जंगलमा बस्छन् ।

## ३३) उकारान्त स्त्रीलिङ्ग शब्द

### मातु = आमा

| | एकवचन | बहुवचन |
|---|---|---|
| पठमा | माता | मातरो |
| दुतिया | मातरं | मातरे, मातरो |
| त.पं.क. | मातरा, मातुया | मातूभि, मातूहि, मातरेभि, मातरेहि |
| च. छ. | मातुया, मातु, मातुस्स | मातरानं, मातानं, मातूनं |

[७] वापिं तरित्वा = दह पार गरेर



Downloaded from http://dhamma.digital/

| | | |
|---|---|---|
| सप्तमी | : मातरि, मातुया, मातुयं | मातरेसु, मातूसु |
| आलपन | : (हे) मात, माता | (हे) मातरो |

धीतु = (छोरी), दुहितु = (छोरी) शब्दहरू मातु शब्द जस्तै हुन् ।

३४) मातु शब्दसँग जोड़ा नभएको धेनु शब्दको रूप -

## धेनु = गाई

| | एकवचन | बहुवचन |
|---|---|---|
| पठमा | : धेनु | धेनू, धेनुयो |
| दुतिया | : धेनुं | धेनू, धेनुयो |
| त.प.क. | : धेनुया | धेनूभि, धेनूहि |
| च. छ. | : धेनुया | धेनूनं |
| सत्तमी | : धेनुयं, धेनुया | धेनूसु |
| आलपन | : (हे) धेनु | (हे) धेनू, धेनुयो |

यस्तैप्रकारका अन्य शब्दहरू -

| | | |
|---|---|---|
| यागु = यागु, जाउला | कण्डु = चिलाउने | कासु = खाल्डो |
| दद्दु = चिलाउने खटिरा | रज्जु = डोरी | सस्सु = सासू |
| विज्जु = करेन्ट, बिजूली | धातु = धातु | कनेरु = ढोई |

# अभ्यास - १५

नेपालीभाषामा अनुवाद गर्नुहोस् -

१) दासिया माता धेनुं रज्जुया बन्धित्वा इध आनेसि । २) मह्यं मातुलानी पातो यागुं पचित्वा धीतरानं ददिस्सति । ३) कणेरुयो अटवीसु चरित्वा तत्थ कासूसु पतिंसु । ४) धनवतिया सस्सु अज्ज इध आगम्म भिक्खुं वन्दिस्सति । ५) राजिनिया धीतरो हीयो विहारं गन्त्वा सत्थारं मालाहि पूजेसुं । ६) कञ्ञानं पितरो सदा धीतरानं वुद्धिं इच्छन्ति । ७) कुतो त्वं धेनुयो किणिस्ससि ? ८) कत्थ तव भगिनियो नहायित्वा पचित्वा भुञ्जिसु ? ९) कुमारा नदिया च वापिया च अन्तरा कीलिंसु । १०) नारिया धीतरो गेहस्स अन्तो मञ्चेसु सयन्ति । ११) धीतुया जङ्घायं दद्दु अत्थि । १२) युवती माला आदाय सायं सस्सुया गेहं गमिस्सति । १३) अम्हाकं मातरानं गावियो सब्बत्थ चरित्वा


Downloaded from http://dhamma.digital/

रत्तियं आगमिस्सन्ति । १४) धनवन्तिया नत्तारो मग्गे तिरियं धावित्वा अटविं पवि-सिंसु । १५) असनि रुक्खस्स उपरि पतित्वा साखा भञ्जित्वा रुक्खं मारेसि ।

**पालिभाषामा अनुवाद गर्नुहोस् -**

१) कन्याकी आमाले युवतीलाई माला दिई । २) स्त्रीले बिहान सबेरै गाईहरूलाई डोरीले बाँधेर जंगलमा लगी । ३) युवतीका दाजुभाइहरूले देशमा सबै ठाउँमा घुमी खाना खाए । ४) तिम्री आमाकी बहिनी कहाँ बस्छे ? ५) मेरी बहिनीकी छोरीहरू गङ्गामा नुहाएर काममा गए । ६) उनीहरू कहिले डुंङ्गाबाट आउनेछन् ? ७) रानीकी माइजू हिजो यहाँ आएर केराको बोट हेरी । ८) धनवतीका छोरीहरू दहमा नुहाएर गाउँको बीचबाट गए । ९) हाम्री माइजुसासूले यागु बनाएर सहेलीहरूसँग पिई । १०) सासूकी गाईहरू पहाडको बीचमा हिँड्छन् । ११) तिम्री आमाले र छोरीले कहिले विहारमा गएर धर्म सुन्नेछिन् ? १२) तिमीले हात्ती कहाँबाट ल्याएको ? १३) हाम्रा गाईहरू जङ्गलमा घुमेर खाल्डोमा खसिन् । १४) बिजूली गर्जेर पहाडमा चटयाङ्ग परेर त्यहाँ हात्ती मऱ्यो । १५) दिदीको हातमा खटिरा छन् ।

## ३५) नपुंसकलिङ्ग अकारान्त शब्द

### चित्त = मन

| | एकवचन | बहुवचन |
|---|---|---|
| पठमा | : चित्तं | चित्ता, चित्तानि |
| दुतिया | : चित्तं | चित्ते, चित्तानि |
| त.क. | : चित्तेन | चित्तेभि, चित्तेहि |
| च.छ. | : चित्तस्स | चित्तानं |
| पञ्चमी | : चित्ता, चित्तम्हा, चित्तस्मा | चित्तेभि, चित्तेहि |
| सत्तमी | : चित्ते, चित्तम्हि, चित्तस्मिं | चित्तेसु |
| आलपन | : (हे) चित्त | (हे) चित्ता, चित्तानि |

**यस्तैप्रकारका अन्य केही शब्दहरू -**

| | | |
|---|---|---|
| आयुध = शस्त्रअस्त्र, हतियार | दुक्ख = दुःख | सील = शील |
| अलात = आगोको भिल्को | पाप = पाप | पण्ण = पात |
| सोत = कान, श्रोत | सुसान = मसान | पीठ = कुर्सी |
| वत्थ = वस्त्र, कपडा | अण्ड = अण्डा | धन = धन |



Downloaded from http://dhamma.digital/

| | | |
|---|---|---|
| पुप्फ = फूल, पुष्प | उदक = पानी | दान = दान |
| ञाण = ज्ञान, बुद्धि | पुञ्ञ = पुण्य | रूप = रूप |
| कूल = किनारा | चेतिय = चैत्य | सुख = सुख |
| हदय = हृदय, मुटु | बल = शक्ति | लोचन = आँखा |
| कुल = परिवार | घाण = नाक | तिण = घाँस |
| मूल = जरा, मूल्य | वदन = अनुहार | वन = जङ्गल |
| फल = फल, विपाक | पदुम = कमल | नयन = आँखा |
| नगर = नगर, शहर | खीर = दूध | चीवर = चीवर |
| अरञ्ञ = जङ्गल | अमत = अमृत | सुवण्ण = सुन |
| पुलिन = बालुवा | छत्त = छाता | सोपाण = भऱ्याङ्ग |

मन शब्दको रूप, यस रूपभन्दा अलिकति फरक भएको हुँदा यहाँ उल्लेख गरिएको छैन ।

३६) "तुं" प्रत्ययान्त शब्द

| | | |
|---|---|---|
| पचितुं = पकाउन | आहरितुं = ल्याउन | कत्तुं = गर्न |
| लद्धुं = प्राप्तगर्न | कातुं = गर्न | लभितुं = पाउन |
| गन्तुं = जान | भोत्तुं = खान | पातुं = पिउन |
| भुञ्जितुं = खान | पिवितुं = पिउन | हरितुं = लान |

आदि यी शब्दहरू निपात-पद अन्तर्गतका शब्दहरू हुन् ।

## अभ्यास - १६

नेपालीभाषामा अनुवाद गर्नुहोस् -

१) धनवन्तो भातरानं धनं दातुं न इच्छन्ति । २) दानं दत्वा सीलं रक्खित्वा सग्गे निब्बत्तितुं सक्कोन्ति[८] ३) कुमारी अलातं आहरित्वा भत्तं पचितुं अग्गिं जालेस्सति । ४) नारियो नगरा निक्खम्म उदकं पातुं वापिया कूलं गच्छिंसु । ५) नत्तारो अरञ्ञा फलानि आहरित्वा खादितुं आरभिंसु[९] । ६) सीलवा इसि धम्मं देसेतुं पीठे निसीदि । ७) चोरो आयुधेन पहरित्वा मम पितुनो अंगुलिं छिन्दि । ८) युवतियो पदुमानि ओचिनितुं नदिं गन्त्वा कूले

---

[८] "सक्कोति"

[९] आरभि = प्रारम्भगऱ्यो


Downloaded from http://dhamma.digital/

निसीदिंसु । ९) मयं छत्तानि आदाय सुसानं गन्त्वा पुप्फानि ओचिनिस्साम । १०) कञ्ञा वत्थं आनेतुं आपणं गमिस्सति । ११) तुम्हे वनं गन्त्वा गावीनं दातुं पण्णानि आहरथ । १२) मयं लोचनेहि रूपानि पस्सित्वा सुखं दुक्खं च लभाम । १३) त्वं सोतेन सुणितुं घाणेन घायितुं च सक्कोसि । १४) कुक्कुटिया अण्डानि (फूल) रुक्खस्स मूले सन्ति । १५) विदुनो अमतं लभित्वा मरणा न भायन्ति । १६) मनुस्सा चित्तेन चिन्तेत्वा पुञ्ञानि करिस्सन्ति । १७) तुम्हे धम्मं सोतुं विहारं गन्त्वा पुलिने निसीदथ । १८) धनवन्तो सुवण्णं दत्वा ञाणं लद्धुं न सक्कोन्ति । १९) दारको छत्तं गण्हितुं सोपाणं आरुहि । २०) मम भगिनी पुञ्ञं लभितुं सीलं रक्खिस्सति ।

पालिभाषामा अनुवाद गर्नुहोस् -

१) बच्चाहरू फल खान रूखमुनि गए । २) युवती फूल टिपेर जम्मा गर्न रूख चढी । ३) म छाता र लुगा ल्याउन घर गएं । ४) कुमारीले आगो बाल्न आगो मागी । ५) हामी आँखाबाट रूप हेर्न सक्छौं । ६) तिमीहरू नाकबाट गन्ध सुंघ्छौ, कानबाट सुन्छौ । ७) कथा सुन्न गएर उनीहरू बालुवा माथि बसे । ८) मानिसहरूले पैसा दिएर ज्ञान प्राप्त गर्न सक्दैनन् । ९) धनवान्ले आफ्नो (अत्तनो) धन विभाजन गरी छोरीहरू र छोराहरूलाई दियो । १०) युवतीहरू नदीमा नुहाउन शहरबाट बाहिर गए । ११) युवतीहरू नदीमा नुहाएर शहरमा आए । १२) शत्रुले हतियारद्वारा प्रहारगरी मेरी सासूको हात काटिदियो । १३) उनीहरूले बगैंचामा गएर बच्चाहरूलाई फूल र फल ल्यायौ । १४) त्यो गाईहरूलाई खुवाउन घाँस र पात ल्याउन जङ्गलमा गयो । १५) केटाहरू र केटीहरूले चैत्य पूजागर्न पोखरीबाट कमल ल्याए । १६) हाम्रा दाजुभाइहरू र दिदीबहिनीहरू दहमा नुहाएर खान र सुत्न घरमा आए । १७) बच्चाले चितुवालाई देखेर बगैंचाको बीचबाट दगुरेर गई नदी पार गऱ्यो । १८) तिमीहरूले दान र शीलद्वारा पुण्य प्राप्त गर। १९) मेरी माइजूका गाईहरू मसानमा घाँस खाएर पानी खान दहमा गए । २०) तन्नेरीहरूले आफ्नी दिदीबहिनीहरूलाई फूलमाला बनाउन फूल ल्याए ।


Downloaded from http://dhamma.digital/

## ३७) नपुंसक इकारान्त शब्द

### अट्ठि = हाड

| | एकवचन | बहुवचन |
|---|---|---|
| पठमा : | अट्ठि | अट्ठी, अट्ठीनि |
| दुतिया : | अट्ठिं | अट्ठी, अट्ठीनि |
| ततिया : | अट्ठिना | अट्ठीभि, अट्ठीहि |

बाकी भएको अट्ठि शब्दको रूप सबै पुल्लिङ्ग अग्गि शब्दझैं हुन्छ । यो सँग मिल्ने केही शब्दहरू तल उल्लेख गरिन्छ -

| | | |
|---|---|---|
| वारि = पानी | अच्चि = आगोको ज्वाला | अक्खि = आँखा |
| सत्थि = जाँघ | दधि = दही | सप्पि = घ्यू |

## उकारान्त शब्द

३८ **चक्खु = आँखा**

| | एकवचन | बहुवचन |
|---|---|---|
| पठमा : | चक्खु | चक्खू, चक्खूनि |
| दुतिया : | चक्खुं | चक्खू, चक्खूनि |
| ततिया : | चक्खुना | चक्खूभि, चक्खूहि |

बाकी अन्य रूप पुल्लिङ्ग शब्दजस्तै हुन्छ ।

| | | |
|---|---|---|
| आयु = आयु | अम्बु = पानी, जल | धनु = धनुष |
| जतु = लाहा | हिङ्गु = हिंग | तिपु = सीसा |
| मधु = मह | दारु = दाउरा | अस्सु = आँसु |

इत्यादि शब्दहरू चक्खु शब्दझैं हुन् ।

### ३९) (A) अर्को पनि निपात-पद

| | | |
|---|---|---|
| वा = अथवा | च = पनि, र | कथं = कसरी |
| सकिं = एकपटक | नाना = अनेक, नाना | पुरतो = अगाडि |
| कस्मा = किन | विना = बाहेक | किमत्थं = केको लागि |
| तस्मा = त्यसकारण, त्यसैले | | |


Downloaded from http://dhamma.digital/

# अभ्यास - १७

## नेपालीभाषामा अनुवाद गर्नुहोस् -

१) मयं गाविया खीरं, खीरम्हा दधिं, दधिम्हा सप्पिं च लभाम । २) माता धीतुया अक्खीसु अस्सूनि दिस्वा तस्सा (उसकी) वदनं वारिना धोवि । ३) कस्मा त्वं अज्ज वापिं गन्त्वा पुन नदिं गन्तुं इच्छसि ? ४) कथं तव भातरो नदिया पदुमानि ओचिनित्वा आहरिस्सन्ति ? ५) अद्धा ते धनूनि आदाय वनं पविसित्वा मिगे मारेत्वा आनेस्सन्ति । ६) अम्हाकं पितरो तदा वनम्हा मधुं आहरित्वा दधिना सह भुञ्जिसु । ७) मयं सुवे तुम्हेभि विना[१०] अरञ्ञं गन्त्वा दारूनि भञ्जिस्साम । ८) कुमारा सीघं धावित्वा वापियं कीलित्वा सनिकं गेहानि अगमिंसु । ९) तुम्हे खीरं पिवितुं इच्छथ, अथवा दधिं भुञ्जितुं ? १०) याव मह्यं पिता नहायिस्सति ताव अहं इध तिट्ठामि । ११) यथा भूपति आणापेति, तथा त्वं करोहि । १२) आम, अहं भूपतिनो वचनं अतिक्कमितुं न सक्कोमि ।

## पालिभाषामा अनुवाद गर्नुहोस् -

१) तिमीहरूलाई दूध पिउन मनपर्छ कि दही खान मनपर्छ ? २) म पहिले यागु पिएर महसँग दही खानेछु । ३) पसलमा गएर चाँडै दही लिएर आऊ । ४) समुद्रमा नुहाएर आएर अब फेरि किन त्यहाँ जान लागेको ? ५) हाम्रा दाजुहरूले कसरी जंगलबाट मह जमाए[११] भनी तिमीलाई थाहाछ ? ६) तिमी नदी पारगरी (फर्केर) नआएसम्म म नदीको किनारमा बसिरहनेछु । ७) मेरी सासू साथीविना शहर गएर दिदीसँग आइन् । ८) साहूले राजाको पाउसम्म[१२] निहुरेर राजालाई[१३] नमस्कारगऱ्यो । ९) तिम्रो घोडा छिटो दगुर्न सक्छ र ? १०) हो, त्यो निश्चय नै चाँडै दगुनिछ । ११) गाउँमा बस्ने मानिसहरूले बाण लिएर जंगलमा गई हात्तीलाई मारेर उसको दांत भाँचिदिए । १२) तिम्रो बाबु किन बालुवामाथि बिस्तारै हिँड्छ ?

---

[१०] "विना" निपात-पदसंग तृतीया विभक्ति रहन्छ ।

[११] "भनी" भन्ने शब्दको निमित्त पालिभाषामा "इति" शब्द प्रयोग गर्ने ।

[१२] सप्तमी बहुवचनमा राख्ने ।

[१३] कर्म विभक्तिमा राख्ने ।



Downloaded from http://dhamma.digital/

# संज्ञा-भेद
## (CLASSIFICATION OF NOUNS)

३९) (B) संज्ञा-पद भनेको १) नामनाम, २) सर्वनाम, ३) समासनाम, ४) तद्धितनाम र ५) कृदन्तनाम भनी पाँच प्रकारका छन् ।

२) सर्वनाम भनेको त (= त्यो), इम (= यो), य (= केही, कोही), सब्ब (= सबै), इतर (= अर्को), अम्ह (= म) र तुम्ह (= तिमी) आदि हुन् ।

३) समासनाम भनेको दुइवटा पद वा त्योभन्दा बढी पदहरू जोडेर बनाउन सकिनेलाई भन्दछ । नीलुप्पल (= नीलो कमल), राजपुत्तो (= राजपुत्र), र सुरासुरनरोरग (= देवता, असुर, मानिस, सर्प) आदि हुन् ।

४) तद्धितनाम भनेको संज्ञाको सट्टामा आउने नाम हो । जस्तै - उसको पुत्र आदि अर्थमा कुनै एक प्रत्यय थपी बन्ने संज्ञा हो । समण शब्दको पछाडि पुत्र अर्थ व्यक्त गर्न णेर भन्ने प्रत्यय जोडेर सामणेर बन्छ । जसको अर्थ श्रमणको पुत्र हुनजान्छ ।

५) कितकनाम अथवा कृदन्तनाम भनेको धातुको पछाडि प्रत्यय जोडेर बन्ने संज्ञा हो । दिने अर्थ बुझाउने दा धातुको पछाडि ण्वु प्रत्यय जोडेर फेरि त्यो प्रत्ययलाई अक आदेश भई दायक संज्ञा बन्दछ । यसले दिने भन्ने अर्थ व्यक्त हुन्छ ।

१) माथि उल्लिखित संज्ञा चारवटैबाट अलग्ग भएको रुक्ख (= रूख), मनुस्स (= मानिस), अस्स (= घोडा), भूमि (= जमीन) र चित्त (= मन) आदि शब्दलाई नामनाम भनिन्छ ।

सारिपुत्त, आनन्द आदि व्यक्तिवाचक संज्ञा पनि यसैमा समावेश छन् ।

# सर्वनाम
## (PRONOUNS)

४०) यो विभिन्न लिङ्ग हुने प्रत्येक व्यक्तिहरू र बस्तुहरूको सट्टामा आउने शब्द हो । यो सर्वनाम जहिले नामको गुणलाई प्रकटगर्न अगाडि रहन आउँछ, उहिले यसले विशेषणको रूप पनि लिन्थ्यो । यसमा सातैं विभक्तिरूपमा


Downloaded from http://dhamma.digital/

रहेता पनि सम्बोधन एउटा अभाव हुनेछ अथवा सर्वनाममा सम्बोधनको आवश्यकता हुँदैन ।

पुरिसो अज्ज गामं गच्छति, सो सुवे आगमिस्सति । (= पुरुष आज गाउँमा गइरहेको छ, त्यो भोलि आउनेछ ।) भन्ने ठाउँमा सो भनेको सर्वनाम हो । त्यो पुरिसो को सट्टामा आएको हो । त्यसकारण त्यो पुल्लिङ्ग हो ।

अयं पुरिसो रुक्खं छिन्दति । (= यो पुरुषले रूख काट्छ ।) यहाँ अयं भन्ने सर्वनाम पुरिसो को विशेषण रूपमा आएको हो ।

एका कञ्ञा भत्तं पचि; सा तं भुञ्जिस्सति । (= एकजना कन्याले भात पकाई; उनी त्यो भात खानेछी ।) यहाँ सा सर्वनाम कञ्ञा को सट्टामा आएको हो । कञ्ञा स्त्रीलिङ्ग शब्द भएको हुनाले त्यसको सट्टामा आएको सर्वनाम पनि स्त्रीलिङ्ग नै हुनजान्छ । एका सर्वनाम कञ्ञाको विशेषणको रूपमा प्रयोग भइरहेको छ ।

अयं दारको फलानि ओचिनित्वा, तानि भातरानं अदासि । (= यो बालकले फलहरू जम्मागरी, ती (फलहरू) दाजुभाइहरूलाई दियो ।) यहाँ तानि सर्वनाम फलानिको सट्टामा आएको हो । फल शब्द नपुंसक लिङ्ग भएको हुनाले तानि सर्वनाम पनि नपुंसक लिङ्ग नै हुनुपर्ने भयो ।

४१) सर्वनाम "य" शब्दको तीनवटै लिङ्गमा प्रयोगभएको रूप तल उल्लेख गरिन्छ -

## पुल्लिङ्ग शब्द
### य = कोही

| | एकवचन | बहुवचन |
|---|---|---|
| पठमा | यो | ये |
| दुतिया | यं | ये |
| त. क. | येन | येभि, येहि |
| च. छ. | यस्स | येसं, येसानं |
| पञ्चमी | यम्हा, यस्मा | येभि, येहि |
| सत्तमी | यम्हि, यस्मिं | येसु |


Downloaded from http://dhamma.digital/

## स्त्रीलिङ्ग

| | एकवचन | बहुवचन |
|---|---|---|
| पठमा | या | या, यायो |
| दुतिया | यं | या, यायो |
| त.क.प. | याय | याभि, याहि |
| च. छ. | यस्सा, याय | यासं, यासानं |
| सत्तमी | यस्सं, यायं | यासु |

## नपुंसकलिङ्ग

| | एकवचन | बहुवचन |
|---|---|---|
| पठमा | यं | ये, यानि |
| दुतिया | यं | ये, यानि |
| त. क. | येन | येभि, येहि |

बाकी (भएको) रूप पुल्लिङ्ग जस्तै हो ।

यो य शब्द जस्तै अन्य केही शब्दहरू -

सब्ब = सबै
अञ्ञ = अर्को, अरू
इतर = अर्को (दुइजनाको बीचमा)
अञ्ञतर = एउटा प्रकार
पर = पछि, अर्को
कतम = को (फौजको बीचमा)
क (मुल-किं) = को
एक = एउटा
अपर = अर्को, पछि पश्चिमतिर
उभय = दुइजना
कतर = को (दुइजनाको बीचमा)

४२) यो शब्दमध्ये अञ्ञ, अञ्ञतर, इतर, एक शब्दको स्त्रीलिङ्गमा चतुर्थी, षष्ठी- एकवचनमा- अञ्ञिस्सा, अञ्ञतरिस्सा, इतरिस्सा, एकिस्सा र सप्तमी एकवचनमा- अञ्ञिस्सं, अञ्ञतरिस्सं, इतरिस्सं, एकिस्सं रूप जस्तै पुब्ब, पर, अपर भन्ने शब्दको पुल्लिङ्ग पञ्चमी एकवचनमा – पुब्बा, परा, अपरा अनि सप्तमी एकवचनमा पुब्बे, परे, अपरे रूपहरू पनि देखिन्छन् ।

### ४३) सर्वनामको प्रयोग

सर्वनाम र विशेषण भनी दुईप्रकारबाट प्रयोगगर्न सकिन्छ ।


Downloaded from http://dhamma.digital/

अञ्ञो (= अर्को) यी शब्दमात्र राखेर वाक्य बनाउने अवस्थामा यो अर्को शब्द विशेषण होइन । अर्को शब्दको सट्टामा आएको मात्र हो । यहाँ यो अञ्ञ शब्दबाट देखाउने को भनी बुझिँदैन, तर पुल्लिङ्गमा राम्ररी प्रयोग भएकोले यो शब्द कोही पुरुषको निम्ति अथवा पुल्लिङ्ग अन्तर्गत अर्के एकजना सत्त्वको अथवा द्रव्यको सट्टामा आएको हो भनेर स्पष्ट भएको छ ।

अञ्ञो पुरिसो (= अर्को पुरुष) भन्नुपर्दा अञ्ञो शब्द पुरिसोको विशेषणको रूपमा देखाएको छ ।

अञ्ञे पुरिसा (= अर्का मानिसहरू) भनेर भन्नुपर्दा यहाँ पुरिसा बहुवचन भएको ले त्यसको विशेषण अञ्ञ शब्द पनि बहुवचनमा नै प्रयोग गर्नुपर्ने भएको छ ।

इतरा वनिता (= अर्की स्त्री) इतरायो वनितायो (= अरू स्त्रीहरू) वनिता- शब्द स्त्रीलिङ्ग शब्द भएको ले त्यसको सट्टामा आइराखेको इतर शब्द पनि स्त्रीलिङ्ग नै हुन्छ ।

यं फलं (= अर्को फल), यानि फलानि (= अरू फलहरू)

फल– शब्द नपुसंकलिङ्ग शब्द भएकोले य-शब्द पनि नपुसंक नै भयो । यसरी सर्वनामहरू केको सट्टामा आएको हो, त्यसै संज्ञाको लिङ्ग, विभक्ति र वचनमा समान रूपले प्रयोग गर्नुपर्छ भन्ने कुरा बुझ्नु पर्दछ ।

# अभ्यास - १८

नेपालीभाषामा अनुवाद गर्नुहोस् -

१) सब्बेसं नत्तारो पञ्ञावन्तो न भवन्ति । २) सब्बा इत्थियो वापियं नहात्वा पदुमानि पिलन्धित्वा आगच्छिंसु । ३) वाणिजो सब्बं धनं याचकानं दत्वा अञ्ञं रट्ठं अगमि । ४) माता उभयासम्पि धीतरानं वत्थानि किणित्वा ददिस्सति । ५) को नदिया च वापिया च अन्तरा धेनुं हरति ? ६) कस्स पुत्तो दक्खिणं दिसं गन्त्वा वीहिं आहरिस्सति ? ७) ये पापानि करोन्ति, ते निरये निब्बतित्वा दुक्खं लभिस्सन्ति । ८) कासं धीतरो वनम्हा दारूनि आहरित्वा ओदनं पचिस्सन्ति ? ९) कतरेन मग्गेन सो पुरिसो नगरं गन्त्वा भण्डानि किणि ? १०) इतरा दारिका वनिताय हत्था पुप्फानि गहेत्वा चेतियं पूजेसि ।


Downloaded from http://dhamma.digital/

११) परेसं धनं धञ्ञं वा गण्हितुं मा चिन्तेथ । १२) अपरो अञ्ञिस्सं वापियं नहात्वा पुब्बाय दिसाय नगरं पाविसि ।

पालिभाषामा अनुवाद गर्नुहोस् –

१) घर, गल्ली र बगैचा पनि हेर्न सबै शहर भित्र गए । २) गाउँमा बस्नेहरू[१४] सबै स्त्रीहरूका छोरीहरू बाटोबाट चैत्यतिर गए । ३) अर्की कन्याले कमल ल्याएर अर्कोलाई दिइयो । ४) कसले मलाई दूध भएपनि दही भएपनि (ल्याई) दिनेछ ? ५) कसले नदी किनारमा बसी दक्षिण दिशातर्फ हेर्नेछ ? ६) सबै धनवान्हरूका छोराहरू सधै धनवान् हुँदैनन् । ७) कसका नातिहरूले गाईहरूलाई यहाँ ल्याएर खानलाई घाँस दिएको ? ८) भोलि शहरमा भएका सबै युवतीहरू बाहिर आई जङ्गलमा घुम्न जानेछन् । ९) अर्की केटी बाटोमा चितुवालाई देखेर बगैचाको बीचबाट दगुरेर गइन । १०) दान दिई पुण्य जम्मागर्नेहरू स्वर्गमा जन्मलिनेछन् । ११) कोही एकजना मानिसले नदीबाट कमल ल्यायो, अर्को मानिसले त्यो बेच्न पसलमा लग्यो । १२) मेरो भाइको छोराले फूल र फल तोडेर जम्मागर्न अर्को रूखको हाँगा भाँच्यो ।

## पुल्लिङ्ग शब्द

४४

### त = ऊ

| | एकवचन | बहुवचन |
|---|---|---|
| पठमा | सो | ते |
| दुतिया | तं | ते |
| त. क. | तेन | तेभि, तेहि |
| च. छ. | तस्स | तेसं, तेसानं |
| पञ्चमी | तम्हा, तस्मा | तेभि, तेहि |
| सत्तमी | तम्हि, तस्मिं | तेसु |

### स्त्रीलिङ्ग

| | एकवचन | बहुवचन |
|---|---|---|
| पठमा | सा | ता, तायो |
| दुतिया | तं | ता, तायो |
| त.क.प. | ताय | ताभि, ताहि |

[१४] "गामे" भनी प्रयोग गरेमा बस्नेहरू भन्ने अर्थ व्यक्त हुन्छ ।



Downloaded from http://dhamma.digital/

| | | |
|---|---|---|
| च. छ. | : तस्सा, ताय | तासं, तासानं |
| सत्तमी | : तस्सं, तायं | तासु |

## नपुंसकलिङ्ग

| | एकवचन | बहुवचन |
|---|---|---|
| पठमा | : तं | ते, तानि |
| दुतिया | : तं | ते, तानि |

**अर्को शब्द सबै पुल्लिङ्ग जस्तै हुन् ।**

**४५) एत शब्द पनि त शब्द जस्तै हो ।**

**एत = त्यो (पुरुष)**

| | एकवचन | बहुवचन |
|---|---|---|
| पठमा | : एसो | एते |
| दुतिया | : एतं | एते |
| पठमा | : एसा | एता, एतायो |
| दुतिया | : एतं | एता, एतायो |
| पठमा | : एतं | एते, एतानि |
| दुतिया | : एतं | एते, एतानि |

**यसैप्रकारले बुझ्नुपर्छ ।**

पुल्लिङ्ग, स्त्रीलिङ्ग र नपुंसक लिङ्गको त शब्द प्रथमा एकवचनमा बाहेक अर्को सबै विभक्ति रूपहरूमा पनि ने, ना, नायो; नं, नानि इत्यादि नकार युक्तभएको पद बनाउन सकिन्छ । द्वितीया-तृतीया एत शब्दमा मात्र एतं-एते आदि पद विद्यमान हुन्छ ।

४६) **पुल्लिङ्ग शब्द**

**इम = यो**

| | एकवचन | बहुवचन |
|---|---|---|
| पठमा | : अयं | इमे |
| दुतिया | : इमं | इमे |



Downloaded from http://dhamma.digital/

| | | |
|---|---|---|
| त. क. | : इमिना; अनेन | इमेभि, इमेहि; एभि, एहि |
| चं. छ. | : इमस्स, अस्स | इमेसं, इमेसानं, एसं, एसानं |
| पञ्चमी | : इमम्हा, इमस्मा; अस्मा | इमेभि, इमेहि, एभि, एहि |
| सत्तमी | : इमम्हि, इमस्मिं; अस्मिं | इमेसु; एसु |

### स्त्रीलिङ्ग

| | एकवचन | बहुवचन |
|---|---|---|
| पठमा | : अयं | इमा, इमायो |
| दुतिया | : इमं | इमा, इमायो |
| ततिया | : इमाय | इमाभि, इमाहि |
| च. छ. | : इमिस्सा, इमाय; अस्सा, अस्साय | इमासं, इमासानं |
| पञ्चमी | : इमाय | इमाभि, इमाहि |
| सत्तमी | : इमिस्सं, इमायं; अस्सं | इमासु |

### नपुंसकलिङ्ग

| | एकवचन | बहुवचन |
|---|---|---|
| पठमा | : इदं, इमं | इमे, इमानि |
| दुतिया | : इदं, इमं | इमे, इमानि |
| ततिया | : इमिना, अनेन | |

अन्य पुल्लिङ्ग जस्तै हुन् ।

## अभ्यास - १९

**नेपालीभाषामा अनुवाद गर्नुहोस् -**

१) अयं सीहो तम्हा वनम्हा निक्खम्म इमस्मिं मग्गे एकं इत्थिं मारेसि । २) सो तासं युवतीनं तानि वत्थानि विक्किणित्वा मूलं लभिस्सति । ३) इमिस्सा धीतरो अस्मा वनम्हा इमानि फलानि आहरिंसु, अञ्ञा नारियो तानि खादितुं गण्हिंसु । ४) इमा सब्बा युवतियो तं विहारं गन्त्वा धम्मं सुत्वा बुद्धं वन्दिस्सन्ति । ५) इमे मनुस्सा यानि पुञ्ञानि वा पापानि वा करोन्ति, तानि ते अनुगच्छन्ति । ६) तस्सा कञ्ञाय माता दक्खिणाय दिसाय इमं गामं आगन्त्वा इध चिरं वसिस्सति । ७) तस्स नत्ता इमस्स भातरा सद्धिं नगरं गन्त्वा तानि भण्डानि किणिस्सति । ८) ता नारियो एतासं सब्बासं कुमारीनं हत्थेसु पदुमानि


Downloaded from http://dhamma.digital/

ठपेसुं । ९) तस्सा राजिनिया ता दासियो इमेहि रुक्खेहि इमानि पुप्फानि ओचिनित्वा इमा माला करिंसु । १०) केसं सो इमं धनं दत्वा सुखं लभिस्सति ? ११) यो मग्गे गच्छति, तस्स पुत्तो सुरं पिवित्वा एत्थ सयति । १२) के तं खेत्तं गन्त्वा तिणं आहरित्वा इमासं गावीनं दत्वा खीरं लभितुं गच्छन्ति ?

पालिभाषामा अनुवाद गर्नुहोस् -

१) कोही मानिसले मसानमा गई त्यो फूल टिपेर यहाँ ल्यायो । २) यो सिंहीनीले त्यो जङ्गलबाट बाहिर आएर यो ठाउँमा गाईलाई मारी । ३) यस स्त्रीको लोग्नेले पसलबाट यो कपडा ल्याएर उसकी नातिहरूलाई दियो । ४) तिमीलाई पनि मलाई पनि वस्तु ल्याउन को काठमाडौं जानेछ ? ५) भोलि उसका दाजुभाइहरूले त्यो जङ्गलमा गएर मह र फल जम्मागर्नेछन् । ६) उनका दिदीबहिनीहरू यी गाईहरूलाई घाँस ल्याउन त्यो खेतमा गए । ७) मैले यो कमल र फूल त्यो गाउँमा बस्ने स्त्रीबाट प्राप्तगरें । ८) आज यो शहरमा सबै युवतीहरू त्यो नदीमा गई त्यहाँ नुहाउनेछन् । ९) उनीहरूले यो व्यापारीहरूलाई गाईहरू बिक्रीगरी त्यस पैसाबाट कपडा पनि फूलमाला पनि छाता पनि किने । १०) उनीहरूले त्यो वस्तु त्यो पसलमा बस्ने पसल्यालाई दिन ल्याए । ११) हिजो कसले यो जङ्गलमा सिंहलाई मारेको ? १२) फूलमाला चोरेर गल्लीमा दगुरेर जाने स्त्री को हुन् ?

Dhamma.Digital

# अभ्यास - २०

अस्स, इमे, इमं, इमस्मिं, कस्स, तस्मिं, तासं, सब्बे, सो, यो, ये, ते, इमानि, एते, सब्बेसं, तस्सा यी वचनहरू तल दिइएका खाली वाक्यहरूमा मिल्ने गरी राखेर भर्नुस् ।

१) ........ भाता वनं गन्त्वा सीहं विज्झि ।
२) अम्हाकं पितरो ........ गेहं किणिंसु ।
३) ........ पुरिसा फलानि ओचिनित्वा वीक्कणन्ति ।
४) ........ रुक्खे पुप्फानि न सन्ति, पण्णानि सन्ति ।
५) ........ धावित्वा पतित्वा उट्ठासि ।


Downloaded from http://dhamma.digital/

६) ........... पुत्ता ........... गोणं पहरिंसु ?
७) युवतीनं मातरो ........... वत्थानि अदंसु ।
८) ........... वने सीहा न सन्ति, व्यग्घा वसन्ति ।
९) ........... विहारं गन्त्वा धम्मं सुणिस्सन्ति ।
१०) ........ पुञ्ञं करिस्सति ........ सग्गे निब्बत्तिस्सति ।
११) पीठेसु निसीदिंसु ........... नगरे आपणं अगमिंसु ।
१२) को ........... आयुधानि आहरि ?
१३) ........... पदुमानि ओचिनितुं नदिं गमिस्सन्ति ।
१४) ........ पुत्ता मरिस्सन्ति ।
१५) कुमारी वत्थं किणित्वा ........ भातुनो अदासि ।

तल दिइएका वाक्यको खाली ठाउँमा मिल्ने पूर्व-क्रिया एउटा वा दुइटा भर्नुस् :-

पचित्वा, भुञ्जित्वा, सयित्वा, गन्त्वा, आगन्त्वा, सुत्वा (सुनेर), आहरित्वा, दत्वा, ओचिनित्वा, रक्खित्वा, कत्वा, खादित्वा, मारेत्वा, किणित्वा, नहात्वा

१) तस्स पुत्तो भत्तं .................. सयित्वा कीलि ।
२) सब्बा इत्थियो .............. भुञ्जित्वा सयिस्सन्ति ।
३) अहं गामं .............. फलानि आनेस्सामि ।
४) कुमारी मञ्चे ................ उट्ठहित्वा भत्तं भुञ्जि ।
५) कुमारिया माता वापियं ............... भुञ्जिस्सति ।
६) ता इत्थियो नदियं पदुमानि ............... नगरे वीक्कणिंसु ।
७) तासं मातरो अटविं ............. दारूनि ............. आहरिस्सन्ति ।
८) तुह्यं पिता विहारं ......... धम्मं ............. आगमिस्सति ।
९) एको सीहो गामं ............. मनुस्सं ........... अगमासि ।
१०) तुम्हे फलानि ......... नगरं ............. विक्किणाथ ।
११) दानं ............ सीलं ............. पुञ्ञं लभन्ति ।
१२) पुञ्ञानि ............. सग्गे निब्बत्तन्ति ।
१३) व्यग्घो मिगं ............... सयि ।
१४) इमे मनुस्सा आपणं .......... वत्थानि .............. आगमिंसु ।

❀ ❀ ❀


Downloaded from http://dhamma.digital/

'पञ्ञा नरानं रतनं'

# परियत्ति : द्वितीय प्रवेश शिक्षा

(भाग-२, नेपाली)

(बु. सं. २५४६ देखि स्वीकृत)

(नेपाल बौद्ध परियत्ति शिक्षा समितिको निर्देशन अनुसार
प. स. पा. को द्वितीय वर्ष द्वितीय पत्रको पाठ्य-पुस्तक)

लेखक तथा अनुवादक

**आचार्य भिक्षु अमृतानन्द महास्थविर**

सम्पादन तथा संयोजन

**कोण्डन्य**

(संयोजक : नेपाल बौद्ध परियत्ति शिक्षा, पाठ्यक्रम विकास समिति)



Downloaded from http://dhamma.digital/

# धम्मपद

अनुवादक

आचार्य भिक्षु अमृतानन्द महास्थविर



Downloaded from http://dhamma.digital/

## चित्त वग्गो (तृतीय वर्ग)

(चित्त वर्ग)

चालिका पर्वत (३३) मेघिय स्थविर

**फन्दनं चपलं चित्तं-दुरक्खं दुन्निवारयं ।**
**उजुं करोति मेधावी-उसुकारो'व तेजनं ॥१॥**

३३- बुद्धिमान् व्यक्तिले वाणकारकले वाण सोझो पार्ने झैं आफ्नो चञ्चल तथा रक्षागर्न गाह्रो चित्तलाई तहलाउँछ ॥१॥

(३४)

**वारिजो'व थले खित्तो-ओकमोकत उब्भतो**
**परिफन्दति 'दं चित्तं-मारधेय्यं पहातवे ॥२॥**

३४- जसरी पानीबाट झिकेर सुख्खा जमीनमा राख्दा माछा छट्पटाउँछ, त्यसरी नै मारको जालबाट छुटाउँदा यो चित्त छट्पटाउँछ ॥२॥

श्रावस्ती (३५) कुनै एक भिक्षु

**दुन्निग्गहस्स लहुनो-यत्थकामनिपातिनो ।**
**चित्तस्स दमथो साधु-चित्तं दन्तं सुखावहं ॥३॥**

३५-क्षण क्षणमा उत्पन्नहुने, रोक्न गाह्रो, जताततै दगुर्ने, स्वेच्छाचारी चित्तलाई दमनगर्नु बेसहुन्छ, चित्त दमनगर्नाले नै सुख पाइन्छ ॥३॥

श्रावस्ती (३६) कुनै उत्कण्ठित भिक्षु

**सुदुद्दसं सुनिपुणं-यत्थकामनिपातिनं**
**चित्तं रक्खेथ मेधावी-चित्तं गुत्तं सुखावहं ॥४॥**

३६- पण्डित हो ! अगोचर, सूक्ष्म र मनपरेको ठाउँमा जाने चित्तलाई रक्षा गर, चित्तलाई वशमा राख्यो भने सुखपाइन्छ ॥४॥



Downloaded from http://dhamma.digital/

श्रावस्ती (३७) संघरक्षित स्थविर

**दूरङ्गमं एकचरं-असरीरं गुहासयं ।**
**ये चित्तं सञ्ञमेस्सन्ति-मोक्खन्ति मारबन्धना ॥५॥**

३७– टाढा टाढासम्म पुग्नसक्ने, एक्लै हिंड्ने, विना शरीरको, गुफामा बस्ने चित्तलाई वशमा राख्नसक्ने व्यक्ति मारको बन्धनबाट मुक्तहुन्छ ॥५॥

श्रावस्ती (३८) चित्तहत्थ थेर

**अनवट्ठित-चित्तस्स-सद्धम्मं अविजानतो ।**
**परिप्लवपसादस्स-पञ्ञा न परिपूरति ॥६॥**

३८– चित्त स्थिर नभएको सद्धर्म नजान्ने र प्रसन्न स्वभाव नभएको व्यक्तिलाई प्रज्ञा-ज्ञान पूर्णरूपले प्राप्त हुनसक्दैन ॥६॥

(३९)

**अनवस्सुत-चित्तस्स-अनन्वाहत चेतसो ।**
**पुञ्ञपाप-पहीणस्स-नत्थि जागरतो भयं ॥७॥**

३९– अनासक्त, स्थिरचित्त र जाग्रतचित्त भई पुण्य र पाप दुबै नभएको व्यक्तिलाई भय हुनेछैन ॥७॥

श्रावस्ती (४०) वीर्यवान् भिक्षुहरू

**कुम्भू'पमं कायमि'मं विदित्वा**
**नगरू'पमं चित्तमि'दं ठपेत्वा ।**
**योधेथ मारं पञ्ञायुधेन**
**जितञ्च रक्खे अनिवेसनो ॥८॥**



Downloaded from http://dhamma.digital/

४०– शरीरलाई माटाको भाँडो सम्झी, चित्तलाई नगर झैं सुरक्षित राखेर प्रज्ञा रूपी शस्त्र लिएर मारसँग युद्ध गर, मारलाई जितेर पनि अनासक्त भई आफ्नो चित्तलाई रक्षा गरी रहून् ॥८॥

श्रावस्ती (४१) पूतिगत्त तिस्स थेर

**अचिरं वत'यं कायो-पठविं अधिसेस्सति ।**
**छुद्धो अपेतविञ्ञाणो-निरत्थं'व कलिंगरं ॥९॥**

४१– चाँडै नै यो शरीर विज्ञान रहित भै काम नलाग्ने काठको मुढा झैं भूमिमा लडी रहनेछ ॥९॥

कोशल देश (४२) नन्द गोपालक

**दिसो दिसं यं तं कयिरा-वेरी वा पन वेरिनं ।**
**मिच्छा पणिहितं चित्तं-पापियो नं ततो करे ॥१०॥**

४२– शत्रुले शत्रुलाई जति हानि पुऱ्याउँन सक्छ, त्यो भन्दा बढी हानि कुमार्गमा लागेको चित्तले पुऱ्याउँछ ॥१०॥

कोशल देश (४३) सोरेय्य थेर

**न तं माता पिता कयिरा-अञ्ञे वा पि च ञातका ।**
**सम्मा पणिहितं चित्तं-सेय्यसो नं ततो करे ॥११॥**

४३– सुमार्गमा लागेको चित्तले आफूलाई जति उपकार गर्दछ, त्यति उपकार बाबु आमा र कुटुम्बले समेत गर्नसक्तैनन् ॥११॥

**चित्त वर्ग सिद्धियो**



Downloaded from http://dhamma.digital/

## धम्मपद (चित्त वर्ग) : अभ्यास – १

**(१) तलका खालि ठाउँमा भर्नुहोस् ।**

(क) फन्दनं चपलं ................................ उसुकारॉव तेजनं ।

(ख) दूरङ्गमं एकचरं मोक्खन्ति मारबन्धना ।

(ग) अनवस्सुत चित्त जागरतो भयं ।

(घ) अचिरं वत कलिंगर ।

(ङ) दिसो दिसं .............................................नं ततो करे ।

**(२) तलका पालि गाथाहरूलाई नेपालीमा अर्थ लेख्नुहोस् ।**

(क) दुन्निग्गहस्स लहुनो-यत्थकामनिपातिनो ।
चित्तस्स दमथो साधु-चित्तं दन्तं सुखावहं ।

(ख) अनवट्ठित-चित्तस्स-सद्धम्मं अविजानतो ।
परिप्लवपसादस्स-पञ्ञा न परिपूरति ।

(ग) कुम्भू'पमं कायमि'मं विदित्वा
नगरू'पमं चित्तमि'दं ठपेत्वा ।
योधेथ मारं पञ्ञायुधेन
जितञ्च रक्खे अनिवेसनो ।

(घ) न तं माता पिता कयिरा-अञ्ञे वा पि च ञातका ।
सम्मा पणिहितं चित्तं-सेय्यसो नं ततो करे ।

❖❖❖❖



Downloaded from http://dhamma.digital/

# पुप्फवग्गो (चतुर्थ वर्ग)

## (फूल वर्ग)

श्रावस्ती (४४) पाँच सय भिक्षु

**को इमं पठविं विजेस्सति**
**यमलोकञ्च इमं सदेवकं ?**
**को धम्मपदं सुदेसितं**
**कुसलो पुप्फमि'व पचेस्सति ? ॥१॥**

४४– यमलोक, देवलोक सहितको यो पृथ्वीलाई कस्ले जित्न सक्तछ ? चतुर मालीले फूल छाने झैं राम्रोसँग देशित धर्मपद कसले रोज्न सक्ला ? ॥१॥

(४५)

**सेखो पठविं विजेस्सति[1]**
**यमलोकञ्च इमं सदेवकं**
**सेखो धम्मपदं सुदेसितं**
**कुसलो पुप्फमि'व पचेस्सति ॥२॥**

४५– यमलोक, देवलोक सहितको यो पृथ्वीलाई शैक्ष[2]ले जित्ला, चतुर मालीले झैं राम्रोसँग देशित धर्मपद शैक्षले रोज्ला ॥२॥

१. व. विचेस्सति

२. शैक्ष (शिक्षित)



Downloaded from http://dhamma.digital/

श्रावस्ती (४६) मृगतृष्णा भावना गर्ने भिक्षु

**फेणू'पमं कायमिमं विदित्वा**
**मरीचिधम्मं अभिसम्बुधानो ।**
**छेत्वान मारस्स पपुप्फकानि[1]**
**अदस्सनं मच्चुराजस्स गच्छे ॥३॥**

४६– शरीरलाई पानीको फीँज समान अथवा मृगतृष्णा समान सम्झेर पण्डितहरू मारबन्धनबाट मुक्तभई मारले नदेख्ने ठाउँमा पुग्दछन् ॥३॥

श्रावस्ती (४७) पाँच सय भिक्षु

**पुप्फानि हे'व पचिनन्तं-ब्यासत्तमनसं[2] नरं ।**
**सुत्तं गामं महो'घो'व-मच्चु आदाय गच्छति ॥४॥**

४७– पञ्चकामेन्द्रियरूपी फूल टिप्नमा आसक्त भईरहने व्यक्तिलाई, सुतिरहेका ग्रामवासीहरूलाई बाढीले बगाएर लगे झैं मृत्युले लैजान्छ ॥४॥

श्रावस्ती (४८) पतिपूजिका

**पुप्फानि हे'व पचिन'न्तं-ब्यासत्तमनसं नरं ।**
**अतित्तं ये'व कामेसु-अन्तको कुरुते वसं ॥५॥**

४८– पञ्चकामेन्द्रियरूपी फूल टिप्नमा व्यस्त भइरहने व्यक्तिलाई आफ्नो तृष्णा पूरा नहुँदै मृत्युराजले वशमा राख्दछ ॥५॥

---

१. ब. सपुप्फकानि ।

२. ब. मानसं ।



Downloaded from http://dhamma.digital/

श्रावस्ती (४९) कंजूस कोसिय साहु

**यथा'पि भमरो पुप्फं-वण्णगन्धं अहेठयं ।**
**पलेति रसमा'दाय-एवं गामे मुनीचरे ॥६॥**

४९– भमराले फूलको रङ्ग रूप नविगारीकन त्यसको रस चुसेर गए झैं मुनिहरू ग्राममा विचरण गर्दछन् ॥६॥

श्रावस्ती (५०) पाठिय आजीवक

**न परेसं विलोमानि-न परेसं कता'कतं ।**
**अत्तनो'व अवेक्खेय्य-कतानि अकतानि च ॥७॥**

५०– अर्काको दोष र अर्काले के गऱ्यो के गरेन भनी हेर्नुभन्दा आफ्नो दोष र आफूले के गरे के गरिन भनी हेर्नु नै बेसछ ॥७॥

श्रावस्ती (५१) छत्तपाणि

**यथापि रुचिरं पुप्फं-वण्णवन्तं अगन्धकं ।**
**एवं सुभासिता वाचा-अफला होति अकुब्बतो ॥८॥**

५१– जस्तो बास नआएको फूल राम्रो भएता पनि निष्फल हुन्छ, त्यस्तै क्रियाहीन कुरा पनि निष्फल हुन्छ ॥८॥

(५२)

**यथा'पि रुचिरं पुप्फं-वण्णवन्तं सगन्धकं ।**
**एवं सुभासिता वाचा-सफला होति सकुब्बतो ॥९॥**

५२– सुगन्ध भएको राम्रो फूलको कदर भए झैं क्रियायुक्त कुरा सफल हुन्छ ॥९॥



Downloaded from http://dhamma.digital/

श्रावस्ती, पूर्वाराम (५३) विशाखा उपासिका

**यथा'पि पुप्फरासिम्हा-कयिरा मालागुणे बहु ।**
**एवं जातेन मच्चेन-कत्तब्बं कुसलं बहुं ॥१०॥**

५३– मालीले धेरै फूलबाट छानी छानी राम्रो माला गाँसे झैं संसारमा जन्मने मानिसले धेरै कुशल कर्म गर्नुपर्छ ॥१०॥

श्रावस्ती (५४) आनन्द स्थविर

**नपुप्फगन्धो पटिवातमे'ति**
**न चन्दनं तगरमल्लिका वा ।**
**सतं च गन्धो पटिवातमे'ति**
**सब्बादिसा सप्पुरिसो पवाति ॥११॥**

५४– फूल, चन्दन, चमेली आदिको बास हावा नपुगेको ठाउँमा जान सक्तैन किन्तु सत्पुरुषको सौजन्यरूपी सुगन्ध दसै दिशामा फैलिन्छ ॥११॥

(५५)

**चन्दनं तगरं वा'पि-उप्पलं अथ वस्सिकी ।**
**एतेसं गन्धजातानं-सीलगन्धो अनुत्तरो ॥१२॥**

५५– चन्दन, तगरकमल, चमेली आदिको सुगन्धभन्दा शील-गुणको सुगन्ध उत्तमहुन्छ ॥१२॥

राजगृह, वेणुवन (५६) महाकश्यप स्थविर

**अप्पमत्तो अयं गन्धो-यायं तगर-चन्दिनी ।**
**यो च सीलवतं गन्धो-वाति देवेसु उत्तमो ॥१३॥**



Downloaded from http://dhamma.digital/

५६– तगरचन्दनादिको सुगन्ध कम्ती छ, शीलवान्हरूको सुगन्ध देवलोकसम्म पनि फैलिन्छ ॥१३॥

राजगृह, वेणुवन (५७) गोधिक थेर

**तेसं सम्पन्नसीलानं-अप्पमादविहारिनं ।**
**सम्मदञ्ञा विमुत्तानं-मारो मग्गं न विन्दति ॥१४॥**

५७– शीलवान् औ अप्रमादी भएर चित्तलाई क्लेशवाट मुक्त गराएर वस्ने व्यक्तिको मार्ग मारले पत्ता लगाउन सक्तैन ॥१४॥

जेतवन (५८–५९) गरहदिन्न

**यथा संकारधानस्मिं-उज्झितस्मिं महापथे ।**
**पदुमं तत्थ जायेथ-सुचिगन्धं मनोरमं ॥१५॥**
**एवं सङ्कारभूतेसु-अन्धभूते पुथुज्जने ।**
**अतिरोचति पञ्ञाय-सम्मासम्बुद्ध-सावको ॥१६॥**

५८-५९– ठूल्ठूला बाटामा फ्याँकिएका फोहर ठाउँमा कमलको फूल उम्रे झैं क्लेशयुक्त पृथग्जनको बीचमा सम्यक्सम्वुद्धका शिष्यहरू प्रज्ञावान् भएर जगमगाउँछ ॥१५-१६॥

**फूल वर्ग सिद्धियो ।**



Downloaded from http://dhamma.digital/

## धम्मपद (पुप्फ वर्ग) : अभ्यास – २

**(१) तलका खालि ठाउँमा भर्नुहोस् ।**

(क) सेखो पठविं ........................................ व पचेस्सति ।

(ख) पुप्फानि हे'व ........................................ कुरुते वसं ।

(ग) न परेसं ........................................ अकतानि च ।

(घ) नपुप्फगन्धो ........................................ पवाति ।

(ङ) यथा संकारधानस्मिं ........................................ मनोरमं ।

**(२) तलका पालि गाथाहरूलाई नेपालीमा अर्थ लेख्नुहोस् ।**

(क) नपुप्फगन्धो पटिवातमेति
न चन्दनं तगरमल्लिका वा ।
सतं च गन्धो पटिवातमेति
सब्बादिसा सप्पुरिसो पवाति ।

(ख) अप्पमत्तो अयं गन्धो-यायं तगर-चन्दिनी ।
यो च सीलवतं गन्धो-वाति देवेसु उत्तमो ।

(ग) चन्दनं तगरं वा'पि-उप्पलं अथ वस्सिकी ।
एतेसं गन्धजातानं-सीलगन्धो अनुत्तरो ।

(घ) तेसं सम्पन्नसीलानं-अप्पमादविहारिनं ।
सम्मदञ्ञा विमुत्तानं-मारो मग्गं न विन्दति ।

❖❖❖❖



Downloaded from http://dhamma.digital/

# संक्षिप्त कथा सहित धम्मपद

(भाग–१)

लेखक

## आचार्य भिक्षु अमृतानन्द महास्थविर

129

Downloaded from http://dhamma.digital/

नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स ।

## दुतीय खण्ड :

# यमकवर्ग अन्तर्गत कथाहरू : १

# १. चक्षुपाल स्थविर

**('मनोपुब्बङ्गमा धम्मा' भन्ने गाथाको कथा)**

**"मनोपुब्बङ्गमा धम्मा..."** भन्ने यो गाथा **जेतवनमा** बसिरहनु भएका भगवान् बुद्धले चक्षुपाल भिक्षुको कारणमा बताउनु भएको हो–

**श्रावस्तीवासी** महाधनी तथा निसन्तान **महासुवर्ण** नामक सेठ थिए । एक दिन नुहाएर आइरहेको बेलामा उनले बाटोमा यौटा ठूलो रुख देखेर "यो वृक्षमा अवश्य पनि कुनै प्रभावशाली देवता बास बसेको हुनुपर्छ" भन्ने ठाने । अनि ध्वजा पताकाले सो वृक्षलाई सिंगारी "यदि पुत्र वा पुत्री पाउन सकें भने तपाईको महान् सम्मान गर्नेछु" भनी प्रार्थना गरे । नभन्दै केही दिन पछि नै गर्भिणी भएकी उनकी भार्याले दश महीना पछि छोरा जन्माइन् । "आफूले पालन गरेको वृक्षदेवताको कृपाले छोरा पाएँ" भन्ने ठानी पुत्रको नाम **'पाल'** भन्ने राखे । पछि अर्को छोरा पनि पाए । उसको नाम **'चूलपाल'** (= स्यानो पाल) भन्ने राखे र फेरि जेठोको नाम संशोधन गरी **'महापाल'** भन्ने राखे । ठूला भएपछि उनीहरू घरजम गरी बसे ।

त्यसै बखत बुद्धत्व प्राप्तिको साथै धर्मचक्र प्रवर्तन पछि चउन्न कोटी (५४,००,००,०००) धन लगाई बनाइदिएको **अनाथपिण्डिक सेठको जेतवन विहारमा**



Downloaded from http://dhamma.digital/

भगवान् बुद्ध बसिरहनु भएको थियो । आफ्नो जन्मभूमि **कपिलवस्तुमा** भने वहाँले एक पटक मात्र वर्षावास बिताउनु भएको थियो । **अनाथपिण्डिक** सेठले बनाइदिएको **जेतवनाराममा** उन्नाइस पटक (१९) र सत्ताइसकोटी (२७,००,००,०००) खर्च गरी श्रावस्तीकै **विशाखा** महाउपासिकाले बनाइदिएको **पूर्वाराममा** छ पटक (६) वर्षावास गरी जम्मा पच्चीस (२५) वर्षावास **श्रावस्तीमा** बिताउनु भयो भनी **धम्मपदट्ठकथाले** उल्लेख गरेको छ । तर सं. नि. IV. पृ. १३० **गिलानसूत्र** अनुसार वहाँको अन्तिम वर्षावास **वेलुवग्राममा** भएको हुनाले **श्रावस्तीमा** जम्मा चौबीस पटक मात्र (२४) वर्षावास बिताउनु भएको ठहरिन्छ । उनीहरू दुबै जना दिनको दुइ पटक विहारमा जान्थे । **अनाथपिण्डिक र विशाखाको** घरमा दुइ दुइ हजार भिक्षुहरूको लागि नित्य आसनहरू बिच्छ्याइराखिएका हुन्थे ।

त्यसवखत **श्रावस्तीको** जनसंख्या सातकोटी (७,००,००,०००) थियो । यी मध्ये **तथागतको** धर्मश्रवणद्वारा पाँचकोटी (५,००,००,०००) मानिसहरू आर्यश्रावक (बुद्धधर्म अनुसार स्रोतापन्न, सकृदागामी, अनागामी तथा अरहत् हुनेहरूलाई 'आर्यश्रावक' भन्दछन् र बाँकी अरूलाई 'पृथग्जन' भन्दछन् ।) थिए । दुइकोटी मात्र पृथग्जनहरू थिए । श्रावस्तीवासी आर्यश्रावकहरू दिनहुँ हातमा माला र सुगन्धित फूलहरू लिएर **जेतवनमा** जान्थे ।

एक दिन ती आर्यश्रावकहरू **जेतवनतिर** गइरहेको देखेर **महापालले** "यिनीहरू कहाँ जाँदैछन् ?" भनी सोध्दा "धर्मश्रवणार्थ **जेतवनाराममा** जाँदैछन्" भन्ने सुनेपछि "म पनि जान पर्‍यो" भनी गई धर्मसभाको एक छेउमा बसे । भगवान्ले देशना गर्नु भएको आनुपूर्विकथा (आनुपूर्विकथा भनेको कस्तो हो भन्ने बारेमा लेखकको बु. व्रा. भा-२, पृ. १६१ मा हेर्नू ।) सुनेपछि **महापालले** यस्तो सोच्न थाले– "परलोक जाँदा यी धनसम्पत्ति र छोराछोरीहरू साथमा आउने होइनन् । अरु त के यही शरीर पनि साथमा आउँदैन । यस्तो स्थितिमा घरमा मात्र बसेर के गर्ने ? प्रव्रजित हुनुपर्‍यो ।" अनि उपदेश सिद्धियो र मानिसहरू फर्केपछि गएर भगवान्सँग प्रव्रज्याको निमित्त



Downloaded from http://dhamma.digital/

उनले अनुरोध गरे। यसपछि भगवान्ले "तिमीले घरमा सोध्नुपर्ने अरु कोही छैन ?" भनी सोध्नु हुँदा "यौटा भाइ छ" भन्ने जवाफ दिए।

"त्यसोभए उनीसँग सोधेर आऊ।"

अनि घर गई भाइ चाहिंलाई बोलाई "भाइ ! यो घरमा सविज्ञानक (= सजीव) र अविज्ञानक (= निर्जीव) जे जति सम्पत्तिहरू छन् ती जम्मै तिम्रो जिम्मा भयो" भनी भने।

"तपाई के गर्नु हुन्छ नि ?"

"म बुद्ध कहाँ गई प्रव्रजित हुनेछु।"

"दाइ ! के भन्नु भएको ? आमा बाबु मरेपछि तपाई मेरा आमा बाबु जस्तै हुनु भएको छ। घरमा बसेर पनि धर्मकर्म गर्न सकिन्छ नि। घरमा यत्रो धनसम्पत्ति छ। यस्तो काम नगर्नुहोस्।"

"भाइ ! **तथागतको** धर्मोपदेश सुनेर आएँ। वहाँले आदि-मध्य-अन्त्य कल्याण हुने धर्मोपदेश सुनाउनु भयो। सूक्ष्मरूपले अनित्यादि त्रिलक्षणको (अनित्य, दुःख तथा अनात्मलाई 'त्रिलक्षण' भन्दछन्।) कुरा पनि सुनाउनु भयो। प्रव्रजित नभइकन त्यस्तो कल्याण-धर्म प्राप्त गर्न सकिन्न। भाइ ! म त प्रव्रजित हुने छु।"

"दाइ ! तपाई अहिले तन्नेरी नै हुनुहुन्छ। वृद्ध भएपछि मात्र प्रव्रजित हुनु होला।"

"भाइ ! बुढेस कालमा आफ्ना हात खुट्टा आफूले भने जस्ता हुँदैनन्। हातखुट्टा शिथिल हुने बेलामा कसरी धर्मपालन गर्न सकिएला ? म त प्रव्रजित नै हुनेछु" भनीं भगवान् कहाँ गई प्रव्रजित भए। प्रव्रजित भएपछि उपसम्पन्न (गृहत्याग गरी काषायवस्त्र धारण गर्नेलाई बुद्धधर्ममा "श्रामणेर" भन्दछन्। त्यसपछि २० वर्ष आयु पुग्दा भिक्षुत्वको सम्मत पाउन सक्छ। यस्तो सम्मत पाएकोलाई 'उपसम्पन्न' भन्दछन्।) भई आचार्यको साथमा पाँचवर्षसम्म (उपसम्पन्न भइसकेको भिक्षु कमसे कम पाँच वर्षसम्म आचार्यको आश्रयमा वस्नुपर्ने नियम छ।) वसे। अनि पवारणा (वर्षावास सिद्धिएपछि गरिने भिक्षु नियमलाई 'पवारणा' भन्दछन्। अर्थात्



Downloaded from http://dhamma.digital/

वर्षावास सिध्याउने विधि ।) गरिसकेपछि भगवान् कहाँ गई भन्ते ! यो बुद्ध धर्ममा मुख्यतया गर्नु पर्ने काम (= धुर) कति छन्" भनी सोधे ।

"भिक्षु ! ग्रन्थ अध्ययन गर्ने काम र ध्यान-भावना गर्ने काम यी दुइ कामहरू छन् ।"

बौद्धसाहित्यमा पहिलो कामलाई '**ग्रन्थधुर**' र दोश्रोलाई '**विपश्यनाधुर**' भन्दछन् । ग्रन्थधुरको काम गर्न चाहनेले वुद्ध-भाषित त्रिपिटक (सूत्रपिटक, विनयपिटक तथा अभिधर्मपिटकलाई 'त्रिपिटक' भन्दछन् । 'त्रिटक' मात्र पनि भन्ने चलन छ ।) ग्रन्थहरू मध्ये आ-आफ्नो शक्ति अनुसार एक वा दुइ पिटकको अध्ययन, अध्यापन तथा धर्मदेशना आदि गर्छन् । विपश्यनाधुरको काम गर्न चाहनेले सरल तथा हल्का जीवन बिताई यो शरीरमा देखिने क्षय-व्ययमाथि ध्यान राखी अनित्य, दुःख र अनात्म भन्ने विषयमा मनन गरी दिन बिताउँछन् ।

अनि **महापालले** "भन्ते ! ग्रन्थधुरको काम गर्न सक्दिन; विपश्यना धुरको काम पूरा गर्ने छु" भनेपछि भगवान्‌ले उनलाई अरहत् मार्ग सम्मको ध्यानको कुरा बताउनु भयो ।

अनि साठीजना भिक्षुहरू साथमा लिई उनी एकशय बीस योजन जति टाढा गई एक प्रत्यन्त गाउँमा वर्षावास बसे । अनि एक वैद्य आई त्यहाँका भिक्षुहरूलाई भन्यो– "भन्ते ! धेरै मानिसहरू बस्ने ठाउँमा कुनै न कुनै रोग पैदा हुनसक्छ । यस्तो भयो भने मलाई भन्नुहोला म औषधी गरिदिने छु ।" वर्षावास (आषाढ पूर्णिमाको भोलिपल्टदेखि वर्षावास गरिन्छ ।) वस्ने दिन नजिक आइपुगेपछि उनले भिक्षुहरूलाई बोलाई "आवुसो" ! (बौद्ध साहित्यमा आफूभन्दा कम उमेरकालाई सम्वोधन गर्दा 'आवुसो' भनी तथा आफूभन्दा जेठोलाई सम्वोधन गर्दा 'भन्ते' वा 'आयुष्मान्' भन्ने चलन छ ।) तिमीहरू कति ईर्य्यापथ (वस्नु, सुत्नु, टहल्नु र उठ्नु– यी चारलाई 'ईर्य्यापथ' भनिन्छ ।) पालन गरी तीन महीना वर्षावास बस्छौ ?" भनी सोधे–

"भन्ते ! चार ईर्य्यापथ ।"



Downloaded from http://dhamma.digital/

"आवुसो ! जीवमान बुद्ध कहाँबाट ध्यानका कुराहरू सिकी हामी आएका छौं। शाठ्यताद्वारा बुद्धलाई सन्तुष्ट पार्न सकिंदैन। असल र शुद्ध विचारद्वारा सन्तुष्ट पार्न सकिन्छ। प्रमादी हुनेहरूकोलागि अपायहरू आफ्नै घर जस्तै हुनेछन्। अतः आवुसो ! अप्रमादी भई बस।"

"भन्ते ! तपाई कति ईर्य्यापथ पालन गरेर बस्नु हुन्छ नि ?"

"म तीन ईर्य्यापथ पालन गरेर बस्ने छु। सुत्ने काम गर्ने छैन।"

"ठीक छ, भन्ते ! अप्रमादी हुनुहोस्।"

स्थविर ननिदाएकाले पहिलो महीना बितेपछि गाग्रीबाट पानी चुहिए झैं उनको आँखाबाट आँसु खस्न थाल्यो। रातभर श्रमणधर्म (शरीरमा भएका बत्तीस भागहरूको विषयमा विचार पुऱ्याई बस्नुलाई "श्रमणधर्म" भनिन्छ।) गरी अरुणोदयको समयमा कोठा भित्र गई बसे। भिक्षाटनको समय भएपछि भिक्षुहरू आई "भन्ते ! भिक्षा जाने बेला भयो" भनी भनेपछि आफ्नो पात्र-चीवर समात्न लगाई निस्के। उनको आँखाबाट आँसु बघिरहेको देखेर भिक्षुहरूले "भन्ते ! हामीलाई फलानो वैद्यले औषधी गरिदिने छु" भनी भनेको थियो। अब उसैलाई खबर गर्नु पर्ला भनी उनीहरूले भने। यसपछि सुतेर नाकमा हाल्नुपर्ने तेल वैद्यले पकाई दियो। स्थविरले नाकमा तेल हाल्दा सुतेर नहाली बसेर नै हाले। फेरि एक दिन भिक्षाटन् गरिरहेको बेलामा सो वैद्यले स्थविरको आँखाबाट आँसु बघिरहेको देखेर "भन्ते ! मैले दिएको तेल नाकमा हाल्नु भएन ?" भनी सोध्दा स्थविरले "हालें" भनी भने। वैद्यको मनमा लाग्यो कि "एकै मात्रामा रोग निको हुने औषधी-तेल दिएको थिएँ। तर स्थविरको रोग निको भएको छैन; किन होला। वहाँ बस्ने ठाउँ हेर्न पऱ्यो" भनी विहारमा गई हेर्दा उहाँ बस्ने ठाउँमा सुत्ने ठाउँ कतै नदेखी स्थविरसँग सोध्यो "भन्ते ! तपाईले सुतेर तेल राख्नु भएन ?" स्थविरले केही जवाफ दिएनन्। "भन्ते ! स्वास्थ्य ठीक भयो भनेमात्र ध्यान भावना गर्न सकिनेछ। अतः सुतेरै नाकमा तेल हाल्नुहोस्" भनी धेरै पटक सम्झायो।



Downloaded from http://dhamma.digital/

"आवुसो ! कुरा गरी हेर्नेछु, तिमी जाऊ" भनी स्थविरले जवाफ दिए । यहाँ स्थविरका कोही नाताकुटुम्व देखिदैनन् । कोसँग कुरा गर्ने ? अतः आफ्नै शरीरसँग कुरा गर्दै "आवुसो ! पालित ! भन, अब तिमी के चाहन्छौ ? बुद्धशासन चाहन्छौ कि आँखा ? यो अनन्त संसारमा तिमी अनगिन्ति समयसम्म अन्धा भइसक्यौ होला, अनेक बुद्धहरू बितिसके । ती मध्ये यौटा वुद्धसँग पनि तिम्रो परिचय छैन । अब यो वर्षावास तीन महिना पल्टेर सुत्ने छैन भनी तिमीले प्रतिज्ञा गरिसकेका छौं । त्यसैले आँखा बिग्रे पनि वुद्धशासनलाई नै रक्षा गर" भन्दै यो भौतिक शरीरलाई निम्न गाथाद्वारा उपदेश गरे–

१. **"चक्खू नि हायन्ति ममायितानि,**
**सोतानि हायन्ति तथेव देहो ।**
**सब्बम्पिदं हायन्ति देहनिस्सितं,**
**किं कारणा पालित त्वं पमज्जसि ?"**

२. **"चक्खू नि जीरन्ति ममायितानि,**
**सोतानि जीरन्ति तथेव कायो ।**
**सब्बम्पिदं जीरति कायनिस्सितं,**
**किं कारणा पालित त्वं पमज्जसि ?"**

३. **"चक्खू नि भिज्जन्ति ममायितानि,**
**सोतानि भिज्जन्ति तथेव रूप ।**
**सब्बम्पिदं भिज्जति रूपनिस्सितं,**
**किं कारणा पालित त्वं पमज्जसि ?"**

अर्थ–

१– "मेरा मेरा भनिरहेका यी आँखाहरू विनाश हुने छन्, कानहरू पनि विनाश हुनेछन् र त्यस्तै गरी यो शरीर पनि । यो शरीरमा रहेका सवै वस्तुहरू विनाश हुनेछन् । अतः हे पालित ! किन तिमी प्रमादी हुन्छौ ?"



Downloaded from http://dhamma.digital/

२– "मेरा मेरा भनिरहेका यी आँखाहरू जीर्ण हुनेछन्, कानहरू पनि जीर्ण हुनेछन् र त्यस्तै गरी यो शरीर पनि। यो शरीरमा रहेका सबै वस्तुहरू जीर्ण हुनेछन्। अतः हे पालित ! किन तिमी प्रमादी हुन्छौ ?"

३– "मेरा मेरा भनिरहेका यी आँखाहरू फुट्नेछन्, कानहरू पनि बेकम्मा हुनेछन् र त्यस्तै गरी यो शरीर पनि। यो रूपमा आश्रय लिएका सबै इन्द्रियहरू नाश हुनेछन्। अतः हे पालित ! किन तिमी प्रमादी हुन्छौ ?"

यसरी तीन गाथाद्वारा आफूलाई सम्झाई बसेर नै नाकमा तेल राखी गाउँमा भिक्षा माग्न गए। त्यस बखत वैद्यले स्थविरसँग "भन्ते ! आँखा कस्तो छ ?" भनी सोध्यो। स्थविरले "दुख्दै छ" भनी जवाफ दिए।

"भन्ते ! सुतेर तेल राख्नुभयो कि बसेर ?"

स्थविरले केही जवाफ दिएनन्। अनि वैद्यले भन्यो "भन्ते ! तपाई पथ्यमा बस्नुहुन्न। पथ्यमा नबसिकन औषधीको गुण प्राप्त गर्न सकिन्न। यदि तपाई पथ्यमा बस्नु हुन्न भने अमुक वैद्यले औषधी गरिरहेको छ भनी आजदेखि कसैलाई नभन्नु होला" भनी भन्यो।

वैद्यले छोडेपछि स्थविर विहारमा गई "वैद्यले पनि छोडिसक्यो। अतः हे श्रमण ! ईर्य्यापथलाई नबिगार" भनी यसरी आफूलाई सम्झाए–

"तिमीलाई औषधी गर्न वैद्यले पनि छोडिसक्यो। अब तिमी निश्चय नै मृत्युराजाको हुनेछौं ! अतः हे पालित ! प्रमादी नहोउ।"

यसरी आफूलाई सम्झाइबुझाई श्रमण धर्म गर्नमा नै तल्लीन भएर बसे। अनि रातको मध्यम याममा उनका आँखाहरू अन्धा भए र क्लेशहरू पनि विनाश भए। यी दुबै घटना एकै समयमा घटे। बिहान भिक्षा माग्न जाने समय भएपछि भिक्षुहरू आई "भन्ते ! भिक्षा माग्न जानेबेला भयो" भनी सूचित गर्दा उनले "आवुसो ! तिमीहरू मात्र जाओ" भनी भने।

"तपाई के गर्नु हुन्छ नि ?"



Downloaded from http://dhamma.digital/

"आवुसो ! म आँखा देख्दिन ।"

यो सुनेर उनीहरूले **स्थविरको** आँखा हेरी विरह गरी "भन्ते ! धन्दा नमान्नुहोस्, हामी तपाईको हेरचाह गर्नेछौं" भनी भने । यो खबर सुनेर गाउँका उपासकहरूले पनि विरह गरी विहारमा गई त्यहाँदेखि स्थविरकोलागि भोजनहरू दिनहुँ विहारमै पठाउन थाले । स्थविरको अववाद (= अर्ति बुद्धि) मा रहेर ती साठीजना भिक्षुहरूले वर्षावासको अन्त्यतिर **प्रतिसम्भिदाज्ञान** (प्रतिसम्भिदाज्ञान भनेको कस्तो हो भन्ने बारेमा लेखकको बु. म. भा–१. पृ. २०९ को पादटिप्पणीमा हेर्नू ।) सहित अरहत्व प्राप्त गरे । वर्षावास सिद्धिएपछि भगवान्को दर्शनार्थ **श्रावस्तीमा** जान पर्‍यो भन्ने लागेपछि स्थविरकहाँ गई उनीहरूले "भन्ते ! भगवान्को दर्शनार्थ **श्रावस्ती** जान चाहन्छौं" भनी निवेदन गरे । स्थविरले "म कमजोर छु, आँखाले पनि देख्दिन । यिनीहरूसँग जाँदा मेरो कारणले यिनीहरू सबैलाई कष्ट हुनेछ" भन्ने इत्यादि सोचेर यसो भने– "आवुसो ! तिमीहरू अगाडि जाओ ।"

"भन्ते ! तपाई के गर्नुहुन्छ नि ?"

"आवुसो ! म कमजोर छु । बाटो पनि कठिन छ । तिमीहरूसँग जाँदा तिमीहरू सबैलाई कष्ट हुनसक्छ । अतः तिमीहरू पहिले जाओ ।"

"भन्ते ! यसो नभन्नुहोस् । हामी तपाईलाई लिएर नै जान चाहन्छौ ।"

"आवुसो ! यो इच्छा नगर । यसो भन्यो भने मलाई असजिलो हुनेछ । **श्रावस्तीमा** मेरा भाइलाई भेट्दा म अन्धो भएको कुरा सुनाइ देओ । सम्भवतः उसले कसैलाई पठाइ दिनेछ । तिमीहरूले **दशबल** (दशबल भनेको के के हुन् भन्ने बारेमा लेखकको बु. रा. भा–१. पृ. ४१ को पादटिप्पणीमा हेर्नू ।) शास्तालाई र **असीतिमहाश्रावक** (असीतिमहाश्रावकहरू भनेका के के हुन् भन्ने कुरा लेखकको बु. म. भा–१. पृ. ८९ को पादटिप्पणीमा हेर्नू ।) स्थविरहरूलाई मेरो वचनले वन्दना गरिदेओ ।"

**श्रावस्तीमा** पुगेपछि उनीहरूले स्थविरको भाइलाई खबर सुनाइदिए । उसले स्थविरलाई ल्याउनको निमित्त आफ्नो भाञ्जालाई श्रामणेर बनाउन लगाई पठायो ।



Downloaded from http://dhamma.digital/

त्यस गाउँमा गई मामा हुने स्थविरलाई श्रामणेरले साथमा लिएर आयो ।

आउँदा स्थविरको लट्ठीको टुप्पो समाती हिंडिरहेको बेलामा जङ्गलमा दाउरा खोज्न आएकी एउटी केटीको गीतस्वर सुनी आकर्षित र आसक्त भएको श्रामणेरले "मामा ! केही छिन यहाँ पर्खनुहोस्, केहीछिनको लागि जङ्गलमा जानेछु" भनी केटी भएको ठाउँमा श्रामणेर पुग्यो । त्यसैले भगवान्‌ले भन्नु भएको "यो संसारमा जसरी स्त्रीको शब्दले पुरुषको मनलाई आकर्षित गर्न सक्छ त्यस्तै शब्द अरु कुनै म देख्दिन ।" सो केटीसँग श्रामणेरको शील भ्रष्ट भयो । उता पर्खिरहेका स्थविरले सोच्न थाले- "भर्खरै एउटी केटीको गीतस्वर सुनिएको थियो श्रामणेर पनि अहिलेसम्म आएको छैन । अवश्यमेव श्रामणेरको शील भ्रष्ट भयो होला ।" आफ्नो काम सिध्याएर फर्केर आई, "भन्ते ! जाउँ" भनी श्रामणेरले भन्यो ।

स्थविरले "श्रामणेर ! पापी भयौ कि क्याहो !" भनी सोधे । ऊ चूपलागेर बस्यो । दोहऱ्याई तेहेऱ्याई सोध्दा पनि केही बोलेन । अनि स्थविरले भने- "तिमी जस्ताले मेरो लट्ठी समात्नु पर्दैन ।" यो कुरा सुनी ऊ विरक्तिएर काषायवस्त्र छाडी गृहस्थीभेष लिएर "भन्ते ! अघि म श्रामणेर थिएँ अब म गृहस्थी नै भइसकें । प्रव्रजित हुँदा पनि म श्रद्धाले भएको थिइन । आउनुहोस् जाऔं" भनी भन्यो ।

"आवुसो ! गृहस्थीले गरेको पाप पनि पापै हो । प्रव्रजितले गरेको पाप पनि पापै हो । श्रामणेर भएर पनि तिमीले शील मात्र रक्षा गर्न सकेनौ भने गृहस्थी भएर के कल्याणकार्य गर्न सकौला ? त्यस्ताले मेरो लट्ठी समात्न पर्दैन ।"

"भन्ते ! यो वनमा अनेक भय छ । तपाइँ आँखा पनि देख्नु हुन्न । कसरी यो जंगलमा एक्लै बस्नुहुन्छ ?"

स्थविरले उसलाई भने- "तिमीले यसमा चिन्ता लिन पर्दैन । यहीं मरे पनि यताउता लड्न गए पनि तिमी जस्तासँग त म जाने छैन ।"

स्थविरको यस्तो कुरा सुनी उसलाई सारै विरक्त लाग्यो र "अहो मैले कस्तो अपराध गरेछु !" भन्दै टाउकोमा हात राखी विलाप गर्दै ऊ वन भित्र पसेको पस्यै भयो ।



Downloaded from http://dhamma.digital/

स्थविरको शीलको प्रभावद्वारा साठी योजन लामो, पचास योजन चौडाइ र पन्ध्र योजन अग्लो भएको; बस्दा भित्र जाने र उठ्दा जस्ताको तस्तै हुने जयसुमन पुष्पवर्ण भएको **इन्द्रको** पण्डुकम्बल शैलासन तातेर आयो । अनि यस्तो किन भयो होला भनी **इन्द्रले** लोकमा हेर्दा दिव्यचक्षुद्वारा धर्म गौरव गर्ने स्थविरलाई देखे । "यस्तो धर्म गौरव गर्ने र पापको निन्दा गर्ने स्थविरकहाँ नगएको खण्डमा मेर ो शीर सात टुक्रा पनि हुन सक्दछ" भन्ने विचार गरी स्थविरको अगाडि आई हिंडिरहेको आवाज उनले सुनाए । स्थविरले "यो को हो ?" भनी सोधे ।

"भन्ते ! म हुँ, बाटो हिड्ने ।"

"उपासक कहाँ जाँदै छौ !"

"भन्ते ! **श्रावस्ती** जाँदै छु ।"

"जाउ त ।"

"आर्य ! तपाई कहाँ जानुहुन्छ नि ?"

"म पनि त्यतैतिर जाने हुँ ।"

"त्यसोभए सँगै जाऔं ।"

"म भने कमजोर छु र आँखा पनि देख्दिन । मसँग जानेलाई असजिलो तथा कष्ट हुन सक्छ ।"

"मेरो कुनै हतारो काम छैन । तपाईसँग जाँदा दशपुण्यक्रियामध्ये एउटा पुण्यक्रियाको फल पाउने छु । त्यसैले तपाईको साथ जाने निश्चय गरेको छु ।"

स्थविरले "कुनै सत्पुरुष होला" भन्ने विचार गरी "त्यसोभए मेरो लट्ठीको टुप्पो समात त" भने ।

**शक्रले** (= इन्द्रले) त्यस्तै गरी बाटो छोटचाई चाँडै नै **श्रावस्तीमा** पुऱ्याइदिए । चाँडै **श्रावस्तीमा** पुगेको देखेर स्थविरले विचार गरे "यो पुरुष मानिस त होइन होला, कुनै देवता हुनुपर्छ ।"

स्थविरको भाइले दाइ **महापाल** (चक्षुपाल) आइपुगेको समाचार सुनी विहारमा



Downloaded from http://dhamma.digital/

गई दाइसँग भेटी रोइकराई पछि आफू कहाँका दुइजना दासहरूलाई दासत्वबाट मुक्त गराई श्रामणेर बनाई स्थविरको निमित्त शहरबाट खानपान इत्यादि ल्याइदिनको लागि विहारमा राखिदियो। गर्नुपर्ने विहारको कामधाम गरी श्रामणेरहरू स्थविरको सेवा गरी बसे।

एक दिन केही गाउँले भिक्षुहरू "भगवान्को दर्शन गर्नु पर्‍यो" भनी **जेतवनमा** गई शास्तालाई र **असीतिमहाश्रावकहरूलाई** वन्दना गरी विहार चारिका गर्दै **चक्षुपाल** स्थविर बस्ने विहारतिर पुग्दा "यो पनि हेर्नुपर्‍यो" भनी संध्यासमयतिर त्यो विहारतिर लागे। त्यस बखत बादलले आकाश ढाकेको थियो त्यसैले "अहिले संध्या पनि भइसक्यो र आकाशमा बादल पनि लागिरहेको छ। भोलि बिहान सबेरै हेरौंला" भनी उनीहरू फर्के। रातको प्रथम याममा मुसलधारे पानी पर्‍यो र दोश्रो याममा पानी रोकियो।

स्थविर चाहिं वीर्य सम्पन्न तथा ध्यानरत जीवन बिताइरहेका थिए। अतः बिहान सबेरै उठेर चंक्रमण (टहलने) गर्दथे। सधैं झैं त्यस दिन पनि सबेरै उठेर चंक्रमण गरे। यो नयाँ बनाइएको चंक्रमणस्थलमा नयाँ माटो बिच्छ्याइएको थियो। रातमा परेको पानीले त्यहाँ राता राता कमिला (इन्दगोपका) निस्केका थिए। चंक्रमण गर्दा ती कमिलाहरू कुल्चिएका थिए। त्यसदिन सो स्थानमा समयमै बढार्ने काम श्रामणेरहरूले बिर्सेका थिए। विहार चारिका गर्ने भिक्षुहरूले सबेरै विहार हेर्न आउँदा चंक्रमण स्थलमा कमिलाहरू मारिइरहेका देखे। "यहाँ चंक्रमण गर्ने को हो?" भनी सोध्दा श्रामणेरहरूले "हाम्रा उपाध्याय **चक्षुपाल महास्थविर**" भनी भनेको सुनेपछि "आँखा देखुञ्जेलसम्म केही नगरी सुतेर बसे। अहिले अन्धो भएपछि चंक्रमण गर्न थाल्दा यतिका प्राणीहरू मारे। हेर यी श्रमणको काम!" भनी उनीहरू कराउन थाले। अनि उनीहरूले भगवान्लाई सो कुरा सुनाए।

"भिक्षु हो! यसले प्राणी मारेको तिमीहरूले देख्यौ कि?" भनी भगवान्ले सोध्नु भयो।



Downloaded from http://dhamma.digital/

"देखिनौं" भनी उनीहरूले भने ।

"जस्तै तिमीहरूले प्राणी मारेको देखेनौं त्यस्तै उनले पनि प्राणीहरू देखेका थिएनन् । भिक्षु हो ! क्षीणास्रवीको मनमा प्राणी हिंसा गर्ने चेतना हुँदैन ।"

"भन्ते ! यदि अरहन्त हुने पुण्यसंस्कार भएको भए किन उनी अन्धा भए त ?"

"भिक्षु हो ! आफैले गरेको कर्म फलले अन्धा भए ।"

"भन्ते ! उनले कस्तो कर्म गरेका थिए त ?"

"भिक्षु हो ! त्यसो भए उनले गरेको कुरा सुन" भनी अतीतका निम्न कुराहरू भगवान्ले सुनाउनु भयो"–

"अतीत समयमा **वाराणसीका राजाले** वाराणसीमै राज्य गरिरहेको बेलामा एक वैद्य गाउँ घरमा घुमी औषधी गर्दथ्यो । एक दिन उसले कमजोर आँखा भएकी एउटी स्त्रीलाई देखी सोध्यो–

"बहिनी ! तिमीलाई के भएको छ ?"

"आँखाले देख्दिन ।"

"त्यसो भए तिम्रो औषधी गर्नेछु ।"

"हुन्छ गर्नुहोस् ।"

"मलाई के दिन्छ्यौ त ?"

"यदि मेरा आँखा राम्ररी निको पारिदिनु भएमा म आफ्ना छोराछोरी समेत तपाईको दासी भएर बस्ने छु ।"

वैद्यले औषधी बनाइदियो । एकमात्रा औषधीले नै उसका आँखा जस्तातस्तै भए । अनि ऊ सोच्न थाली– "मैले यसलाई छोराछोरीहरू सहित दासी भई बस्नेछु भनी वचन दिएकी छु । दासहरूप्रति उसले राम्रो व्यवहार गर्नेछैन । अतः उसलाई छल्नु पर्‍यो ।" अर्कोदिन उसँग भेट हुँदा वैद्यले "भद्रे ! तिम्रा आँखा कस्ता छन् ? भनी सोध्दा उसले "अघि मेरा आँखा अलि अलि मात्र दुख्थे, अहिले त झन् बढी दुख्न थाले" भनी ढाँटी । उसले ढाँटेको कुरा बुझेर वैद्यले "अहिले नै यसका दुवै



Downloaded from http://dhamma.digital/


आँखा अन्धा पारिदिनेछु" भनी मनमा द्वेषभाव राखी त्यसोभए म अर्को असल औषधी दिनेछु" भनी घरमा गई आफ्नी भार्यालाई यो कुरा सुनायो । उसले केही भनिन । अनि वैद्यले एउटा औषधी तयार पारी उसकहाँ गई "भद्रे ! यो औषधी आँखामा लगाऊ" भनी लगाउन लगायो । औषधी लगाउने बित्तिकै उसका दुबै आँखाहरू बत्ती निभी अन्धकार भए जस्तै भए ।"

"भिक्षु हो ! त्यसबखत उसले गरेको कर्म पछि लागेर आयो । पापकर्मको फल भनेको गाडा तान्ने गोरुको पछि पछि पांग्रा आउने झैं आउँछ" भनी भन्नु भई यसै सिलसिलामा भगवान्‌ले यो गाथा भन्नु भयो–

**१. "मनोपुब्बङ्गमा धम्मा मनोसेट्ठा मनोमया ।**
**मनसा चे पदुट्ठेन भासति वा करोति वा ।**
**ततो नं दुक्खमन्वेति चक्कंव वहतो पदं" ॥१॥**

**अर्थ—**

१– "मनको मुख्य धर्म नै जुनसुकै काममा पनि अगुवा हुनु हो । अर्थात् मन नै मुख्य भएर जताततै पुगेको हुन्छ । त्यसकारण अशुद्ध मनले कसैले बोल्यो वा गऱ्यो भने गोरुको पछिपछि गाडाको पांग्रा आए झैं दुःख पनि पछि पछि लागेर आउँछ ।"





Downloaded from http://dhamma.digital/

## संक्षिप्त धम्मपद कथा अभ्यास – १

१. महापाल र चूलपाल भनी किन नाम राखिएको हो ?
२. महापाललाई किन प्रव्रजित हुने इच्छा जाग्यो ? उनी कसरी प्रव्रजित भए ?
३. 'ग्रन्थधुर' र 'विपश्यना धुर' भन्नाले के बुझ्नु हुन्छ ?
४. 'इर्य्यापथ' लाई परिभाषित गर्नुहोस् ।
५. महापालले नसुती बस्ने नियम पालन गर्दा उनलाई कस्तो शारीरिक असर पर्‍यो ?
६. महापालले आफूले आफूलाई कसरी सम्झाउने प्रयत्न गरे ?
७. चक्षुपाल स्थविर कसरी चाँडै श्रावस्तीमा पुगे ? सविस्तार लेख्नुहोस् ।
८. चक्षुपाल स्थविरको जीवनी पढेर के शिक्षा पायो ?
९. चक्षुपाल भनी किन भनियो ? खुलस्त पार्नुहोस् ।
१०. "मनोपुब्बङ्गमा धम्मा ............. चक्कंव वहतो पदं" गाथाको अर्थ स्पष्ट हुने गरी चक्षुपाल स्थविरको संक्षिप्त जीवनी लेख्नुहोस् ।

❖❖❖❖

Dhamma.Digital



Downloaded from http://dhamma.digital/

# २. मट्टकुण्डली

**(‘मनोपुब्बङ्गमा धम्मा’ भन्ने गाथाको कथा)**

“**मनोपुब्बङ्गमा धम्मा**...” भन्ने यो गाथा **श्रावस्तीमा** बसिरहनु भएका बुद्धले **मट्ठकुण्डलीको** कारणमा बताउनु भएको हो–

**श्रावस्तीमा अदिन्नपुब्बक** भन्ने एक धनी ब्राह्मण थियो। उसले कहिल्यै पनि कसैलाई केही दिएको थिएन। ऊ कन्जूस पनि थियो। त्यसैले उसलाई ‘**अदिन्नपुब्बक**’ भनी भनिएको हो। उसको एकलौटे अति प्यारो छोरो थियो। ऊ उसको निमित्त सुनको मुन्द्री बनाइदिन चाहन्थ्यो। तर “यदि सुवर्णकारलाई बनाउन दिएको खण्डमा ज्याला दिन पर्ला” भन्ने विचार गरी उसले आफैले सुन पिटी राम्रो मुन्द्री बनाई दियो। त्यसैले राम्रो मुन्द्री लगाउने भएकाले आफ्नो पुत्रलाई ‘**मट्ठकुण्डली**’ भनी भन्न थाल्यो। तर सोह्र वर्षको उमेरमा उसलाई पाण्डुरोग लाग्यो। अनि आमा चाहिंले वैद्य बोलाई औषधी गराउने कुरा आफ्नो जहानसँग भनी। यो सुनेर “हे ब्राह्मणी! यदि वैद्य बोलाई ल्याएँ भने उसलाई भात वेतन दिनुपर्ने हुन्छ। यसोगर्दा मेरो धन खर्च हुनेछ” भन्ने कुरा तिमी बुझ्दिनौ?

“यसोभए के गर्नुहुन्छ त?”

“जसोगर्दा धन खर्च हुने छैन त्यसै गर्नेछु।”

अनि वैद्यहरू कहाँ गई “फलानो रोग भएमा तपाईहरू के औषधी गर्नु हुन्छ?” भनी उसले सोध्यो। अनि यो महाकञ्जूस हो भन्ने ठानेर वैद्यहरूले कुनै एक रुखको बोक्रा पकाई ख्वाउने कुरा बताए। उसले सोही रुखको बोक्रा ल्याई पकाई



Downloaded from http://dhamma.digital/

छोरालाई ख्वाउन थाल्यो । यस्तो गर्दा गर्दै उल्टै रोग बढेर आयो । निको नहुने अवस्थामा पुग्यो । अनि सारै भएपछि उसले एक वैद्यलाई बोलायो । वैद्य आएर रोगीलाई हेरी– "मेरो अर्को काम छ । अरु कुनै वैद्य बोलाई औषधी गराऊ" भनी फर्केर गयो । **मट्टकुण्डलीको** मरण हुने अवस्था देखेर "यसलाई हेर्न आउने मानिसहरूले घरभित्र भएको सम्पत्ति पनि देख्ने छन्" भन्ने विचार गरी छोरालाई बाहिर दलानमा सुतायो ।

त्यस दिन भोरको समयमा सबेरै समाधिष्ठ हुनु भएका बुद्धले "आफूलाई देखेर प्रसन्न भई सो माणव **त्रयस्त्रिंश देवलोकमा** उत्पन्न हुनेछ भन्ने र पछि मेरो उपदेश सुनी **अदिन्नपुब्बक ब्राह्मण** पनि स्रोतापन्न हुनेछ" भन्ने कुरा बुद्धचक्षुद्वारा देख्नु भयो । अनि भिक्षाटन्को समयमा भिक्षुहरू सहित **श्रावस्ती** नगरमा भिक्षाटन् गर्दै क्रमशः त्यो ब्राह्मणको घरतिर जानुभयो । त्यस बखत **मट्टकुण्डली** घरको भित्तातिर फर्केर सुतिरहेको थियो । उसले आफूलाई नदेखेको कुरा बुझी ऊ सुतिरहेको ठाउँतिर भगवान्ले रश्मी पठाउनु भयो । माणवले "यो के को आभाष रहेछ" भनी फर्केर हेर्दा **तथागतको** दर्शन पाई "यो अन्धमूर्ख पिताको कारणले गर्दा बुद्ध जस्ता महापुरुष अगाडि आउँदा पनि मैले वहाँलाई कुनै सेवा वा दान दिन सकिन । न त मैले कुनै धर्मोपदेश नै सुन्न सकें । अब मेरा हातखुट्टा आफ्ना वशमा छैनन् । यस्तो अवस्थामा म अरु कुनै धर्मकर्म गर्न सक्दिन" भन्ने मनमा राखी बुद्धप्रति चित्त प्रसन्न गऱ्यो । "यसको लागि यत्ति नै पर्याप्त छ" भनी भगवान् आफ्नो बाटो लागी जानुभयो । माणव **तथागतलाई** हेर्दा हेर्दै प्रसन्न चित्त लिएर प्राण त्यागी सुतेर उठेको जस्तो गरी **त्रयस्त्रिंश देवलोकमा** कनक विमानमा उत्पन्न भयो ।

उसको दाहसंस्कार गरिसकेपछि ब्राह्मण सधैं झैं विरह गरी दिनहुँ मसानमा गई "हाय् मेरो एकलौटे छोरा ! तिमी कहाँ गयौ, तिमी कहाँ गयौ !" भन्दै रुन थाल्यो ।



Downloaded from http://dhamma.digital/

**त्रयस्त्रिंश भवनमा** उत्पन्न भएको **मट्टकुण्डली देवपुत्रले** "के कर्म गरेर मैले यस्तो दिव्य श्रीसम्पत्ति पाएको रहेछु" भनी विचार गरी हेर्दा "बुद्ध प्रति चित्त प्रसन्न गरेको प्रभावले" भन्ने कुरा जानी "म सञ्चो नहुँदा केही औषधी नगराई अब यो ब्राह्मण दिनुहुँ मसानमा गई विलाप गर्दछ" भन्ने कुरा पनि देखेर "अब उसलाई विरक्त्याउनेछु" भन्ने विचार गरी **मट्टकुण्डली** माणव जस्तै भई आएर मसान नजिकै टाउकोमा हात राखी रोइरह्यो। अनि ब्राह्मणले देखेर "म त आफ्नो छोराको वियोगले रुँदैछु, यो बालक किन रोइरहेको होला, सोध्नुपर्‍यो" भनी उसकहाँ गई "हे बालक ! तिमीलाई के दुःख पर्‍यो र यस्तो मसानमा आई रोइरहेका हौ ?" भनी सोध्यो ।

"हे ब्राह्मण ! मैले यौटा अति राम्रो सुवर्णमय रथ पाएको छु। तर उसलाई उपयुक्त हुने पाँग्रा पाउन नसकेको हुनाले रोइरहेको हुँ ।"

अनि आफ्नो छोराको जस्तै रूप देखी मनमा स्नेह लाग्दा ब्राह्मणले– "हे बालक ! सुनचाँदी आदि केको पाँग्रा चाहन्छौ भन, म बनाइदिने छु" भनी भन्यो ।

"यो ब्राह्मणले आफ्नो छोरालाई औषधीसम्म पनि गराएन । अहिले मलाई पुत्र जस्तै ठानेर सुनचाँदी आदि केको पाँग्रा चाहन्छौ भन भनी भन्दैछ । अब यसलाई उपहास गर्नुपर्‍यो" भन्ने सोची "हे ब्राह्मण ! कत्रो पाँग्रा बनाइदिनेछौ त ?" भनी भन्दा "जत्रो भन्छौ त्यत्रै बनाइदिनेछु" भनी भनेपछि देवपुत्र भन्दछन्– "ब्राह्मण मलाई अरुको होइन चन्द्र र सूर्यको दुई पाँग्रा चाहिन्छ ।"

यो सुनेर ब्राह्मण भन्दछ– "हे बालक ! तिमीले अप्रार्थनीय वस्तु प्रार्थना गर्दैछौ । मरे पनि तिमीले चन्द्र सूर्य पाउन सक्ने छैनौ । तिमी त सारै मूर्ख रहेछौ ।"

"हे ब्राह्मण ! देखिने वस्तुको लागि प्रार्थना गर्ने मूर्ख हो कि नदेखिने वस्तुको लागि प्रार्थना गर्ने त ?" भनी देवपुत्रले यो गाथा भने–

**"गमनागमनम्पि दिस्सति, वण्णधातु उभयत्थ वीथियो ।**

**पेतो कालकतो नदिस्सति, को निध कन्दतं बालतरो ?"**



Downloaded from http://dhamma.digital/

**अर्थ—**

"जसको गमनागमन देखिन्छ, जसको रूपाकार पनि देखिन्छ र जसको आउने जाने दुवै बाटाहरू देखिन्छन् । परन्तु मरेर पितृ भएकाको कुनै रूपाकार यहाँ देखिन्न । अनि यहाँ रुनेहरू मध्ये को मूर्खतर छ त ?"

यो सुनेर ब्राह्मणले "यो कुरा ठीकै हो, यसले उचित नै भन्दैछ" भनी "हे बालक ! तिमीले भनेको कुरा साँच्चै हो । बालकले चन्द्रमा मागे झैं मृत्यु भएकाको लागि रुने म नै मूर्ख हुँ" भनी भन्यो ।

यो कुराले उसको मनको शोक सन्ताप दूर भएर गयो । अनि खुशी भई उसको स्तुति गर्दै– "हे बालक ! घिउको ज्वाला जस्तै मेरो मनमा शोकरूपी ज्वाला वलिरहेको थियो । अब पानी छम्की ज्वाला निभाए जस्तै तिमीले मेरो मनको ज्वालालाई निभाइदियौ । मेरो मनमा गडिरहेको जुन शोकरूपी काँढा थियो त्यो तिमीले झिकिदियौ । अब ममा शोकरूपी काँढा छैन । अब शोक सन्ताप लिने छैन ।"

यति भनी "तिमी को हौ ?" भनी उसले सोध्यो ।

देवपुत्रले भने– "जसको कारणमा तिमी रुँदैछौ जसलाई तिमीले मसानमा दाहसंस्कार गर्‍यौ म सोही तिम्रो छोरा हुँ । कुशलकर्मको प्रभावले अहिले म **त्रयस्त्रिंश** भवनमा उत्पन्न भएको छु ।

"तिमी भन्दै छौ कि कुशलकर्मको प्रभावले देवलोकमा उत्पन्न भएँ । परन्तु तिमीले कुनै कुशलकर्म गरेको कुरा मलाई थाहा छैन । घरमा छँदा तिमीले थोरै वा धेरै कुनै पनि दान दिएको मलाई थाहा छैन । न त तिमीले कुनै उपोसथव्रत (अष्टशील पालन गरी ब्रह्मचारी भई विलासिता त्यागी शील पालन गर्ने व्रतलाई 'उपोसथव्रत' भनिन्छ ।) नै पालन गरेको थाहा छ । अनि कस्तो कुशलकर्मको प्रभावद्वारा तिमी देवलोकमा उत्पन्न भयौ ?"



Downloaded from http://dhamma.digital/

"ब्राह्मण ! जब म रोगी र दुःखी दुर्मन भई घरमा बसेको थिएँ। तब निर्मल हुनु भएका अनुपम प्रज्ञा हुनु भएका बुद्ध भगवान्लाई मैले देखें। अनि चित्त प्रसन्न पारी वहाँलाई हात जोरी विन्तिगरी नमस्कार गरें। यही कुशलकर्मको प्रभावले देवलोकमा उत्पन्न भएको हुँ।"

उनको कुरा सुन्दा सुन्दै ब्राह्मणको जिउभरी प्रीति फैलिएर गयो। यही प्रीतिको कारण व्यक्त गर्दै "कस्तो आश्चर्य ! कस्तो अद्भूत ! नमस्कार मात्रको यस्तो फल !! म पनि प्रसन्न चित्तलिई आजै बुद्धको शरणमा जानेछु' भनी ब्राह्मणले भन्यो।

ब्राह्मणको यो उद्गार सुनेर देवपुत्रले यस्तो भने–

"ब्राह्मण ! आजै प्रसन्न चित्त लिएर बुद्धको शरणमा जाऊ र पञ्चशील ग्रहण गर, प्राणी हिंसा नगर, नदिएको अर्काको वस्तु हरण नगर, व्यभिचार नगर, झूठो कुरा नबोल तथा मद्यपान पनि नगर।" "हे देवपुत्र ! तिमी मेरा हितैषी हौ, तिमीले भने जति सबै कर्तव्य पालन गर्नेछु र आजै म बुद्ध, धर्म तथा सङ्घको शरणमा पनि जाने छु।"

अनि फेरि देवपुत्रले "हे ब्राह्मण ! तिम्रो घरमा धेरै धनसम्पत्ति छन्। **शास्ता कहाँ** गई दान देऊ, धर्म श्रवण गर तथा प्रश्न पनि सोध" भनी देवपुत्र उहीं अन्तरधान भए।

अनि घर गई ब्राह्मणीलाई बोलाई "भद्रे ! **श्रमण गौतमलाई** निम्तो गरी प्रश्नहरू सोध्ने छु। तिमीले राम्ररी सत्कार गर" भनी विहारमा गई **शास्तालाई** निम्तो गरे। शास्ताले स्वीकार गर्नु भयो। शास्ताले स्वीकार गरेपछि निकै खुशी भई हतार-हतार गरी घर फर्की उसले उपयुक्त खाद्य भोज्यहरू तयार पार्न लगायो। **शास्ता** पनि भिक्षुसङ्घका साथ आउनु भई विच्छ्याइराखेको आसनमा बस्नु भयो। अत्यन्त भक्ति र श्रद्धापूर्वक ब्राह्मणले भोजन गरायो।



Downloaded from http://dhamma.digital/

त्यस बखत ब्राह्मणका घरमा बुद्ध भक्तहरू र अन्य भक्तहरू गरी धेरै मानिसहरू भेला भएका थिए । कुनै अन्यदृष्टिकले बुद्धलाई निम्तो गर्दा दुबै थरी भेला हुन्थे । "आज भगवान्सँग सोधिने अनेक प्रश्नहरू सुन्नु पर्‍यो" भनी अन्य भक्तहरू तथा बुद्ध भक्तहरू "आज भगवान्ले फलानालाई बुद्ध लीलाले धर्मोपदेश दिनु हुने कुरा सुन्नु पर्‍यो" भनी एकत्रित हुन्थे ।

अनि भोजन कृत्य सिद्धिएपछि एक होचो आसन लिएर बसेको ब्राह्मणले "भो गौतम ! तपाईलाई दान नदिइकनै, धर्मश्रवण नगरिकनै अथवा उपोसथ व्रत पालन नगरिकनै केवल तपाई प्रति चित्त मात्र प्रसन्न पारेर स्वर्ग पुग्ने कुनै छ के ?" भनी सोधे ।

"ब्राह्मण ! किन यो प्रश्न सोधेका हौ ? तिम्रो छोरा **मट्टकुण्डलीले** ममाथि चित्त प्रसन्न गरी आफू स्वर्गलोकमा पुगेको कुरा तिमीलाई भने होइन ?"

"भो गौतम ! कहिले ?"

"ब्राह्मण ! तिमी मसानमा रोइरहेको बेलामा अलंकृत बालक देखेर उसँग कुरागर्दा सो देवपुत्र बालकले तिमीलाई यसो भनेको होइन ?" भनी त्यहाँ भएका जम्मै कुराहरू भगवान्ले बताउनु भयो । फेरि "ब्राह्मण ! त्यसरी ममाथि चित्त प्रसन्न गरी स्वर्ग पुग्नेहरू एकशय, दुइशय मात्र होइनन् असंख्य छन्" भन्नुभयो । तर यत्तिकैले त्यहाँ भेला भएका मानिसहरूको आशंका पूर्णरूपेण दूर भएको थिएन त्यसैले भगवान्ले "**मट्टकुण्डली** देवपुत्र यहाँ आऊ" भनी अधिष्ठान गर्नुभयो । उतनाघरीमै सो देवपुत्र दिव्याभरणले अलंकृत भई त्यहाँ आई **तथागतलाई** अभिवादन गरी एक छेउमा उभिइरहे । अनि **शास्ताले** "हे देवपुत्र ! यो श्रीसम्पत्ति के कर्म गरेर पाएका हौ ?" भनी सोध्नु हुँदा देवपुत्रले "भन्ते ! यो श्रीसम्पत्ति तपाई प्रति चित्त प्रसन्न गर्नाको कारणद्वारा पाएको हुँ" भनी भने । यो सुनेर भेला भएका मानिसहरू आश्चर्य चकित भई "अहो कस्तो अद्भूत ! अहो कस्तो आश्चर्य ! ! अहो बुद्धगुण ! ! ! कुनै दान नदिइकनै, कुनै धर्मोपदेश नसुनिकनै, कुनै उपोसथव्रत पालन नगरिकनै,




Downloaded from http://dhamma.digital/

केवल बुद्ध प्रति चित्त प्रसन्न पार्नाले मात्र **अदिन्नपुब्बक** ब्राह्मणका छोरा स्वर्गलोक पुगे" भन्दै सन्तोष प्रकट गरे । अनि भगवान्ले उनीहरूलाई "कुशलाकुशल गर्ने काममा चित्त प्रमुख हुन्छ, चित्त प्रधान हुन्छ र चित्त प्रसन्न पारेर गरेको कर्मफलले छाँया समान आफूलाई छाड्ने छैन" भनी भन्नुभई यही शिलसिलामा वहाँले यो गाथा भन्नु भयो ।

२. "**मनोपुब्बङ्गमा धम्मा, मनोसेट्ठा मनोमया ।**
**मनसा चे पसन्नेन, भासति वा करोति वा ।**
**ततो नं सुखमन्वेति, छायाव अनपायिनि ।**"

**अर्थ—**

२– "जुनसुकै काममा पनि अगुवा हुनु मनको धर्म हो र मन मुख्य भएर जतातत्तै पुगेको हुन्छ । त्यस कारण शुद्ध मन लिएर कसैले बोल्यो वा गऱ्यो भने आफ्नो पीछा लाग्ने छाँया जस्तै गरी सुख पछि पछि लागेर आउँछ ।"





Downloaded from http://dhamma.digital/

## संक्षिप्त धम्मपद कथा अभ्यास – २

१. 'अदिन्नपुब्बकं' किन भनिएको हो ?
२. 'मट्टकुण्डली' भन्नाले के बुझ्नुहुन्छ ?
३. अदिन्नपुब्बकलाई महाकञ्जूस भनी कसरी चित्रण गर्न सकिन्छ ?
४. भगवान् बुद्ध किन श्रावस्ती नगरमा भिक्षाटन् गर्दै अदिन्नपुब्बकको घरतिर जानु भयो ?
५. मट्टकुण्डलीले भगवान् बुद्धको कसरी दर्शन गरे ? दर्शन पछि के भयो ? लेख्नुहोस् ।
६. मट्टकुण्डलीले दिनहुँ मसान गई रुने अदिन्नपुब्बकलाई कसरी विरक्त्याउने कार्य गरे ? स्पष्ट हुने गरी लेख्नुहोस् ।
७. अदिन्नपुब्बकले देवपुत्रको कुरा सुनेर पछि आफ्नो जीवन कसरी अगाडि बढाए ? लेख्नुहोस् ।
८. 'कुशलाकुशल गर्ने काममा चित्त प्रमुख हुन्छ, चित्त प्रधान हुन्छ र चित्त प्रसन्न पारेर गरेको कर्मफलले छाँया समान आफूलाई छाड्ने छैन' भन्ने कुरालाई मट्टकुण्डलीको कथाबाट प्रष्ट पार्नुहोस् ।
९. मट्टकुण्डली कथा पढेर के शिक्षा पाउन सकिन्छ ?
१०. अदिन्नपुब्बक प्रवृत्तिका बाबु आफ्नो समाजमा पनि विद्यमान होलान् । यसबारे आफ्नो विचार लेख्नुहोस् ।

❖❖❖❖



Downloaded from http://dhamma.digital/

# ३. तिश्य स्थविर

**('अक्कोच्छि मं' भन्ने गाथाको कथा)**

"**अक्कोच्छि मं**..." भन्ने यो गाथा **जेतवनमा** बसिरहनु भएका बुद्धले **तिस्स** (= **तिश्य**) स्थविरको कारणमा बताउनु भएको हो ?

यी आयुष्मान् भगवान्का फुपूका छोरा थिए र निकै मोटा थिए । बैंश गइसकेपछि उनी प्रव्रजित भएका थिए । बुद्धलाई प्राप्त हुने लाभ सत्कार परिभोग गरी असल असल चीवर पहिरी विहारको प्रमुख स्थानमा बसिरहन्थे । तथागतको दर्शनार्थ आउने भिक्षुहरूले उनलाई प्रमुख स्थानमा बसिरहेको देखेर "कुनै महास्थविर होलान्" भन्ने ठानी नजिकमा गई भिक्षुहरूले गर्नुपर्ने व्रतको बारेमा सोध्दथे । उनी चुप लागेर बसिरहन्थे । आफू भन्दा जेठा भिक्षुहरूको मानसत्कार तथा स्वागत पनि गर्दैनथे । अनि एक तरुण भिक्षुले "भन्ते ! तपाईंको वर्ष कति भयो (कुनै भिक्षुको कुनै अपरिचित भिक्षुसँग भेट हुँदा "तपाई कति वर्षको हुनुहुन्छ ?" भनी सोध्ने भिक्षुहरूको चारित्रिक नियम हो । यो चाहिं उमेर सोधेको होइन । उपसम्पन्न भएको वर्ष सोधेको हो । यसरी सोध्दा उपसम्पन्न भएको आधारमा जो जेठो हुन्छ उसलाई कान्छो हुनेले अभिवादन आदि गर्नु पर्ने नियम छ । कान्छो हुने चाहिं आसनमा बसिरहेको भए आसनबाट उठी जेठो हुनेलाई आसन दिनुपर्छ ।) ?" भनी सोध्दा "वर्ष थाहा छैन, बैंश गइसकेपछि प्रव्रजित भएको हुँ" भनी जवाफ दिए । अनि "कस्ता दुर्विनीत बुढा होलान् । आफ्नो प्रमाण पनि जान्दैनन् । यतिका महास्थविरहरू देखेर पनि



Downloaded from http://dhamma.digital/

आसनबाट उठी आगन्तुक सत्कारसम्म पनि नगरी चुप लागेर प्रमुख स्थानमा बसिरहन्छन् । संकोच मात्र पनि मान्दैनन्" भन्दै भिक्षुहरू कराए । यो सुनेर क्षेत्रीय अभिमान देखाई "तिमीहरू कसकहाँ आएका हौ ?" भनी सोध्दा "**शास्ताकहाँ** आएका हौ" भनी भनेपछि "तिमीहरू मलाई के ठान्दछौ ? तिमीहरूको जरो समेत उखेलिदिनेछु" भन्दै दुःखी दुर्मन भई **शास्ताकहाँ** गए । "यसले कुनै गडबड कुरा गर्नेछ" भन्दै उनीहरू पनि उनैको पछि पछि लागेर गई **शास्तालाई** वन्दना गरी एक छेउमा बसे । अनि **शास्ताले** "**तिश्य** ! किन दुःखी दुर्मन भई आएका हौ ?" भनी सोध्नु भयो । **तिश्य भिक्षुले** "भन्ते ! यिनीहरू मलाई गाली गर्छन् ।"

"तिश्य ! तिमी कहाँ बसिरहेका थियौ ?"

"प्रमुख विहारको बीचको उपस्थान शालामा ।"

"यी भिक्षुहरू आएका तिमीले देख्यौ कि देखेनौ त ?"

"देखें भन्ते !"

"आसनबाट उठी उनीहरूको प्रत्युगमन गर्‍यौ कि गरेनौं त ?"

"भन्ते ! गरिन ।"

"कुनै गर्नु पर्ने आगन्तुक व्रत गर्‍यौ कि गरेनौ त ? अथवा पानी आदि चाहिन्छ कि भनी सोध्यौ कि सोधेनौ त ?"

"भन्ते ! सोधिन ।"

"आसन् ल्याई खुट्टा मिच्ने आदि व्रत पालन गर्‍यौ कि गरेनौ त ?"

"भन्ते ! गरिन ।"

"तिश्य ! प्रमुख विहारको बीचको उपस्थान शालामा बस्नेले उक्त जम्मै नियमहरू पालन गर्नु पर्छ र नगर्नेले विहारको प्रमुख स्थानमा बस्नु हुन्न । तिम्रै दोष हो । यिनीहरूसँग क्षमा माग ।"

"भन्ते ! यिनीहरूले मलाई गालि गरे । अतः म उनीहरूसँग क्षमा माग्दिन ।"



Downloaded from http://dhamma.digital/

"क्षमा माग्दिन भन्ते !"

अनि ती भिक्षुहरूले "भन्ते ! यी भिक्षु दुर्वाची छन्, भनेको कुरा मान्ने होइनन्" भनी भनेपछि भगवान्ले "भिक्षुहो ! अहिले मात्र यिनी दुर्वाची होइनन् अघि पनि दुर्वाची नै थिए" भनी भन्नु भएपछि तिनीहरूले अतीतमा कस्ता थिए त भनी सोधेपछि भगवान्ले अतीतका कुरा बताउनु भयो–

अतीत समयमा देवल भन्ने तपस्वी हिमालय पर्वतबाट शहरतिर आए । अनि उनले बाटामा एक केटोसँग यस नगरमा तपस्वीहरू कहाँ वास बस्छन् ? भनी सोध्दा केटोले "फलाना कुम्हालेको शालामा" भनी वतायो ।

तपस्वी त्यहाँ गई "यदि तिमीलाई कुनै बोझ हुँदैन भने एक रात तिम्रो शालामा वास बस्छु" भनी उनले भने ।

"भन्ते ! रातमा मेरो शालामा कुनै काम छैन । चाहनु हुन्छ भने वस्नुहोस्" भनी कुम्हालेले भने । अनि तपस्वी त्यहाँ गई बसे । बसीसकेपछि अर्का **नारद** भन्ने तपस्वी आई कुम्हालेसँग उनको शालामा एक रात बास बस्न मागेपछि कुम्हालेले "पहिले बसेका तपस्वीलाई कुनै आपत्ति छैन भने बस्नुहोस्" भनी भने । **नारद** त्यहाँ गई **देवलसँग** सोधी दुवै जना त्यहाँ बसे । सुत्न जाँदा **नारदले** देवल सुत्ने ठाउँ राम्ररी हेरी सुते । देवल चाहिं आफू अघि सुत्न लागेको ठाउँमा नसुती निस्केर दैलो अगाडि तेर्सो परी सुते । रातमा **नारद** बाहिर जाँदा देवलको जटा कुल्चियो ।

"मेरो जटा कुल्चने को हो ?"

"आचार्य ! म हुँ" भनी नारदले भने ।

"दुष्ट जटिल, जंगलबाट आएर मेरो जटा कुल्चिन्छस्" भनी **देवलले** भने ।

"आचार्य ! तपाई यहाँ सुत्नु भएको थाहा पाइन । मलाई क्षमा गर्नुहोस्" भन्दै बाहिर निस्के ।

"फर्केर आउँदा फेरि यसले मेरो जटा कुल्चन सक्छ" भनी पहिले राखेको



Downloaded from http://dhamma.digital/

सिरानतिर गोडा पारी सुते । भित्र आइरहेका **नारदले** सोचे "अघि मैले आचार्यमाथि अपराध गरें अब गोडापट्टिवाट जान पर्‍यो" भनी गोडातिरबाट जाँदा फेरि गर्धनमा कुल्चे ।

"यो को हो ?" भन्दा "म हुँ आचार्य !" भनी नारदले भने ।

"दुष्ट जटिल, पहिले मेरो जटामा कुल्चिस् फेरि अहिले मेरो गर्धनमा । अब म तँलाइ सराप्नेछु" भनी **देवलले** भने ।

"आचार्य ! मेरो दोष छैन । तपाई यसरी सुत्नु भएको कुरा मलाई थाहा थिइन । अघि आचार्यमाथि अपराध गरें भन्ठानी अहिले गोडातिरबाट जान पर्‍यो भनी म आएको हुँ; क्षमा गर्नुहोस्" भनी भने ।

परन्तु **देवलले** "दुष्ट जटिल, सराप नदिई छोड्दिन" भने ।

"आचार्य ! यसो नगर्नुहोस्" भनी भन्दा पनि उनले "भोलि सूर्योदय हुँदा तेरो शीर सात टुक्रा होस्" भनी सराप दिए ।

"आचार्य ! मेरो दोष छैन भन्दा पनि तपाईले सराप्नुभयो; जसको दोष हो उसैको शीर टुक्रियोस्" भनी नारदले पनि सरापे । यी नारद तपस्वी महाप्रतापी थिए । अतीतको चालीस र अनागतको चालीस गरी जम्मा असी कल्पका कुराहरू संस्मरण गर्न सक्थे । त्यसैले "यो सराप कसमाथि पर्नेछ" भनी ध्यानदृष्टिद्वारा हेर्दा आफूमाथि नपर्ने कुरा बुझी **देवलमाथि** अनुकम्पा राखी **नारदले** आफ्नो ऋद्धिबल-द्वारा सूर्योदय समेत रोकिदिए । सूर्योदय भएन । सूर्योदय नभएपछि नागरिकहरू राजदरबारमा गई "महाराज ! सूर्योदय भएन । सूर्योदय गराइदिनुहोस्" भनी विन्ति गर्न थाले । अनि राजाले आफ्नो कार्यकलापमा कुनै त्रुटी नदेखी "के कारणले यसो भयो होला" भनी विचार गर्दा "सायद कुनै तपस्वीहरूको झगडाले त होइन" भन्ने लागेपछि "नगरमा कुनै नयाँ तपस्वीहरू आएका छन् के ?" भनी सोधेपछि "कुम्हालेको शालामा आएका छन्" भन्ने कुरा सुनी तुरुन्तै चिराग लिन लगाई त्यहाँ गएका **राजाले** **नारदलाई** वन्दना गरी "हे नारद ! सूर्य उदय नभएकाले



Downloaded from http://dhamma.digital/

जम्बुद्वीपमा सारा कामकाजहरू ठप्प भएका छन् । के कारणले सूर्य उदय नभएको होला ? भन्नुहोस्" भनी निवेदन गरे ।

**नारद** तपस्वीले सबै कुरा बताए । अनि यो पनि बताए कि आचार्यको शीरमा सराप लाग्ने देखेर मैले सूर्य उदय हुन नदिएको हुँ ।

"भन्ते ! त्यसोभए सो सराप मोचन गराउने कुनै उपाय छैन के ?" भनी सोध्दा **नारदले** "महाराज ! यदि मसँग क्षमा मागेको खण्डमा मोचन हुनेछ" भनी भने ।

अनि महाराजले **देवललाई नारदसँग** क्षमा माग्न अनुरोध गरे ।

"महाराज ! यसले मेरो जटामा र गर्धनमा पनि कुल्चेको थियो । म योसँग क्षमा माग्दिन ।"

भन्ते ! यसो नभन्नुहोस्, क्षमा माग्नुहोस् ।"

"महाराज ! म क्षमा माग्दिन ।"

"तपाईको शीर सात टुक्रा हुनेछ । क्षमा माग्नुहोस्" भनी बार बार भन्दा पनि उनले क्षमा मागेनन् । अनि राजाले "यदि आफ्नो खुशीले क्षमा माग्दैनौ भने" भन्दै उसका हातगोडाहरू समात्न लगाई **नारदको** गोडामा ढोग्न लगाए । **नारदले** "आचार्य ! उठ्नुहोस्, म क्षमा गर्नेछु" भन्दै राजासँग यो पनि भने कि– यिनले आफ्नो खुशीले क्षमा मागेनन् । अतः अमुक पोखरीमा यिनलाई गर्धनसम्म पानीमा दुवाइ यिनको शरीरमा माटोको डल्लो राखिदिनुहोस् । राजाले त्यस्तै गराए । अनि **नारदले** देवललाई बोलाई "आचार्य ! मैले ऋद्धिवल हटाएपछि सूर्य देखिनेछ । सूर्य देखिने वित्तिकै तपाई पानीमा डुबी अर्कै ठाउँबाट उत्रनुहोस्" भनी भने । सूर्यको किरण लाग्नासाथ माटोको डल्लो फुटचो । उनी पानीमा डुबी अर्कैतिरबाट निस्की भागेर गए ।"

**शास्ताले** यो धर्मदेशना सुनाउनु भई "भिक्षु हो ! त्यसबखत राजा हुने आनन्द, देवल हुने तिश्य र नारद चाहिं म नै थिएँ । यसरी त्यसबखत पनि यी दुर्वाची



Downloaded from http://dhamma.digital/


दुर्विनीत नै थिए" भनी भन्नुभयो । त्यसपछि **तिश्यलाई** सम्बोधन गर्दै "तिश्य ! फलानाले मलाई गालि दियो, फलानाले कुट्यो, फलानाले जित्यो र फलानाले मेरो वस्तु हरण गऱ्यो भनी बार-बार मनमा राख्ने भिक्षुको वैरभाव (= रिस) शान्त हुँदैन; यस्तो मनमा नराख्नेको मन शान्त हुन्छ" भनी भन्नुभई निम्न गाथा भन्नुभयो–

३. "**अक्कोच्छि मं अवधि मं, अजिनि मं अहासि मे ।**
**ये च तं उपनय्हन्ति, वेरं तेसं न सम्मति ॥**"
४. "**अक्कोच्छि मं अवधि मं, अजिनि मं अहासि मे ।**
**ये तं नउपनय्हन्ति, वेरं तेसूपसम्मति ॥**"

**अर्थ—**

३. "जसको मनले बारम्बार मलाई गालि गऱ्यो, मलाई कुट्यो, मलाई हरायो औ मेरो हरण गऱ्यो भनी विचार गर्छ उसको मनमा रहेको वैरभाव (= रिस) कहिल्यै शान्त हुन्न ।"

४. "मलाई गालि गऱ्यो, मलाई कुट्यो, मलाई हरायो औ मेरो हरण गऱ्यो भनी जसले बारम्बार विचार गर्दैन उसको मनमा रहेको वैरभाव (= रिस) शान्त हुन्छ ।"





Downloaded from http://dhamma.digital/

## संक्षिप्त धम्मपद कथा अभ्यास – ३

१. भिक्षुहरूबीच भेट हुँदा कसरी अभिवादन कार्य हुन्छ ?

२. भगवान् बुद्धले तिष्यलाई 'तिम्रै दोष हो, यिनीहरूसँग क्षमा माग ।' भनी किन भन्नुभयो ? उनले क्षमा मागे त ?

३. नारद र देवलबीच कसरी कलहपूर्ण व्यवहार श्रृजना भयो ?

४. द्वेषभावपूर्ण देवलले कस्तो प्रतिक्रिया जनाए ?

५. महाराजले देवललाई नारदसँग क्षमा माग्न अनुरोध गर्दा के भयो ?

६. 'अक्कोच्छिमं अवधि मं ....' गाथा किन भगवान् बुद्धले देशना गर्नुभएको हो ? अर्थ सहित स्पष्ट हुने जवाफ लेख्नुहोस् ।

७. तिष्य स्थविरको कथाबाट व्यवहारिक जीवनमा के कस्तो सन्देश दिइरहेको छ ? लेख्नुहोस् ।

८. यस कथाबाट के शिक्षा प्राप्त गर्न सकिन्छ ? आफ्नै भाषामा लेख्नुहोस् ।

❖❖❖❖

Dhamma.Digital



Downloaded from http://dhamma.digital/

# ४. बाँझी स्त्री

## ('**न हि वेरेन वेरानि**' **भन्ने गाथाको कथा**)

"**न हि वेरेन वेरानि** ..." भन्ने यो गाथा **जेतवनमा** बस्नु भएका बुद्धले कुनै बाँझी स्त्रीको कारणमा बताउनु भएको हो ।

एक कुलपुत्रले आफ्नो पिताको देहान्तपछि घरको काम र खेतको काम आफैले हेरचाह गरी आमाको सेवाटहल पनि गरिरहेको थियो । पछि आमाचाहिंले "तिमीलाई एउटी केटी ल्याइदिनेछु" भनी भन्दा उसले "भो चाहिन्न, म यस्तै गरी आमाको सेवा गरी बस्नेछु' भनी भन्यो । तर आमा चाहिंले पछि उसलाई एउटी केटी ल्याइदिई । ऊ बाँझी भई । "निस्सन्तानको घर बिग्रिन्छ । अर्को केटी ल्याउनु पर्छ" भनी आमा र छोराको बीचमा कुरा भइरहेको बुहारीले सुनी । अनि उसले सोची कि म बाँझी छु, कस्ती सौतेनी पर्ने हो भन्न सकिन्न । बरू आफैले खोजी भने जस्तो मान्ने सौतेनी ल्याउनु पर्‍यो भनी एउटी सौतेनी ल्याई । पछि उसले सोची कि यदि यसले छोरा वा छोरी पाई भने उही नै घरकी मालिकिनी बन्ने छे । जस्तो गर्दा यसले बालक नपाउने हो त्यस्तो गर्नुपर्‍यो । यति सोची उसले सौतेनीलाई भनी "जब तिमी गर्भिणी हुने छयौ तब मलाई भन ।" पछि गर्भवती हुँदा उसले जेठीलाई भनी । उसले उसको गर्भपतन हुने औषधी ख्वाई त्यसबाट गर्भपतन भयो । दोस्रो पटक पनि यस्तै गरी । एकदिन छिमेकीहरूसँग कुराकानी हुँदा उसले गर्भपतन भएको कुरा सुनाई । अनि उनीहरूले भने "तिम्रो जेठीको काम हुन सक्छ । तिमीले सन्तान जन्मायौ भने तिमी घरकी मालिकनी हुनेछयौ भनी उसले यस्तो गराएकी हो । किन उसलाई भनेको ?" भनी भनेपछि तेश्रोपटक गर्भिणी हुँदा उसले जेठीलाई भनिन । पछि उसको पेट देखेर जेठीले "किन मलाई



Downloaded from http://dhamma.digital/

नभनेको ?" भनी भन्दा "तिमीले मलाई ल्याई दुइपटकसम्म मेरो गर्भपात गराइसक्यौ । अब तिमीलाई किन भन्ने" भनी भनेपछि "अब भने मेरो सत्यानाश भयो" भन्दै जेठी चाहिंले मौका छोपी गर्भ परिपक्व हुने वेलामा फेरि पनि औषधी ख्वाई दिई । गर्भ परिपक्व भएको हुँदा पतन हुन सकेन र तेर्सो परेर बालक रहचो । यसबाट उसलाई बहुतै वेदना भयो । जीवन मरणको आशंका भयो । अनि उसले सौतिनीलाई भनी "तिमीले नै मलाई ल्यायौ । दुइ दुइपटकसम्म मेरा बालकहरू विनाश पारिसक्यौ, अब यो तेश्रो बालक पनि विनाश पारिदियौ । अब म पनि मर्नेछु । "यहाँबाट मरेपछि यक्षिणी भई तिम्रो बालक पनि खानसकूँ" भनी प्रार्थना गरी मरेर त्यसै घरमा बिरालो भएर जन्मी । लोग्नेले "मेरो कुल विनाश पार्ने" भन्दै उसलाई वेसरी कुटचो । ऊ सोही कुटाइको कारणले मरेर सोही घरमै कुखुरा भएर जन्मी र पछि फुल पनि पारी । विरालो आएर फुल खाई दियो । दोश्रो तेश्रो पटक पनि खाइदियो । कुखुराले "तिमीले मैले पारेका फुलहरू जम्मै खाइदियौ । अब मलाई पनि खानेछौ । "यहाँबाट मरेर बच्चा सहित तिमीलाई पनि खान सकूँ" भनी प्रार्थना गरी र मरेपछि चितुवी भएर जन्मी । अर्की चाहिं मृगिणी भएर जन्मी । मृगीणीले बच्चा पाउँदा ऊ आएर तीनपटकसम्म बच्चाहरू खाइदिई । मृगिणी मर्ने बेलामा "यसले तीनपटकसम्म मेरा बच्चाहरू खाइदिई अब मलाई पनि खानेछ ! यहाँबाट च्युत भई यसलाई पुत्र सहित खानपाउँ" भनी प्रार्थना गरी यक्षिणी भएर जन्मी । चितुवी चाहिं भने त्यस जुनिबाट च्युतभई **श्रावस्तीमा** एक कुलपुत्री भई जन्मी ।

ठुली भएपछि **द्वारगाउँमा** बस्नेसँग गई ? पछि उसले पुत्र जन्माई । यक्षिणी उसकी साथीको भेष लिएर आई "मेरो साथी कहाँ छे ?" भनी सोध्दा "भित्र सुत्केरी हुन लागेकी छे" भनी भनेपछि "के जन्माउँदै छे हेर्नुपऱ्यो" भन्दै भित्र कोठामा गई बालकलाई लिएर खाइदिई । अर्को पटक पनि त्यस्तै गरी । तेश्रोपटक चाहिं गर्भ परिपक्व भएपछि आफ्नो पतिलाई भनी "स्वामी ! यहाँ एक यक्षिणी आई मेरा दुइ बालकहरू खाएर गइसकी । अब म माइती घरमा गई बालक जन्माउने छु ।" यति भनी गएर



Downloaded from http://dhamma.digital/

बालक जन्माई । त्यस समय सो यक्षिणीलाई **वैश्रवण** राजाकहाँ पानी बसार्ने पालो परेको हुँदा त्यहाँ गएकी थिई । पालो सिद्धिएपछि सो आई सोध्दा "यहाँ जन्मेका बालकहरू एक यक्षिणी आई खाइदिने भएकीले यस पटक ऊ सुत्केरी हुनको निमित्त माइतीघरमा गई" भनेपछि "तिमी जहाँ जाऊ मेरो हातबाट बच्न पाउने छैनौ" भन्दै दगुर्दै **श्रावस्ती** नगरतिर लागी ।

ऊ पनि, बालकको छैटी सिद्धिएपछि "अब घर फर्कनु पर्‍यो" भनी बालक लिई पतिको साथ **जेतवन** विहारको बाटो भई जाँदा विहारको पोखरीमा पुगेपछि नुहाउनको निमित्त बालकलाई पतिको हातमा दिई । आफूले नुहाइसकेपछि पछि पति नुहाउञ्जेलसम्म बालकलाई दूध ख्वाई पोखरीको छेउमा बसिरही । यत्तिकैमा टाढैदेखि सो यक्षिणी दगुर्दै आइरहेको उसले देखी र "भो स्वामी ! चाँडै आउनुहोस् ! चाँडै आउनुहोस् ! सो यक्षिणी आउँदैछे" भनी चिच्याएर कराउन थाली । लोग्ने आउञ्जेलसम्म पनि बस्न नसकी ऊ बालक लिएर दौडेर जेतवन विहार भित्र पसी । त्यस बखत बुद्ध भगवान् परिषद्को बीचमा बसी धर्मोपदेश गर्दै हुनुहुन्थ्यो । उसले "यो बालक तपाईलाई चढाएँ । यो मेरो पुत्रको ज्यान बचाइ दिनुहोस्" भनी आर्तनाद गर्दै बुद्धको चरणमा बालक राखी । उता यक्षिणी पनि उसको पछि पछि लागेर विहार भित्र पस्न खोज्दा विहारको द्वारमा बस्ने देवताले उसलाई भित्र पस्न दिएनन् ।

**शास्ताले** आयुष्मान् **आनन्दलाई** "आनन्द ! जाऊ, सो यक्षिणीलाई बोलाएर ल्याऊ" भनी भन्नु भयो । स्थविरले बोलाएर ल्याउनुभयो । बालककी आमा चाहिं "भन्ते ! सो यक्षिणी आउँदैछे" भनी डराएर कराउन थाली । **शास्ताले** "आउन देऊ, हल्ला नगर" भनी भन्नुभयो । अनि ऊ आएर उभिरहेपछि "किन त्यसो गर्दछचौ ? यदि तिमीहरूले म जस्ता बुद्धलाई नभेटेको भए तिमीहरूको वैरभाव कौवा र लाटोकोसेरा जस्तै कल्पकल्पान्तसम्म रहने थियो । किन वैरप्रति वैर गरिरहेको ? वैरभावले वैरभाव कहिल्यै शान्त हुन सक्दैन । अवैरभाव तथा मित्रताले




Downloaded from http://dhamma.digital/

मात्र वैरभाव शान्त हुन सक्छ" भनी निम्न गाथा बताउनु भयो–

**५. "न हि वेरेन वेरानि, सम्मन्तीध कुदाचनं ।**
**अवेरेन च सम्मन्ती, एस धम्मो सनन्तनो ॥"**

**अर्थ—**

५. "वैरभावले वैरभाव शान्त हुन सक्दैन, मैत्रीभावले मात्र वैरभाव शान्त हुन सक्छ । यही सनातनदेखि चलिआएको धर्म हो ।"



Dhamma.Digital



Downloaded from http://dhamma.digital/

## संक्षिप्त धम्मपद कथा अभ्यास – ४

१. सौता र सोतेनीवीच झगडाको शुरुवात कसरी भयो ?
२. जन्म-जन्मान्तरसम्म चलेको वैरभाव कसरी एकपछि अर्को जन्ममा सर्दै गए ? विस्तृतरूपमा लेख्नुहोस् ।
३. "तिमी जहाँ जाऊ मेरो हातवाट बच्न पाउने छैनौ" यस भनाई खुलस्त पार्नुहोस् ।
४. यक्षिणी र बालकको आमाबीच भइरहेको कौवा र लाटोकोसेरा जस्तै कल्पकल्पान्तर चल्ने वैरभाव कसरी शान्त भयो ?
५. "वैरभावले वैरभाव शान्त हुन सक्दैन" किन ? कथात्मकरूपमा प्रष्ट्याउनुहोस् ।

❖❖❖❖



Downloaded from http://dhamma.digital/

# ५. कौशम्बिक भिक्षुहरू

**('परे च न विजानन्ति' भन्ने गाथाको कथा)**

"**परे च न विजानन्ति**..." भन्ने यो गाथा **जेतवनमा** बस्नु भएका बुद्धले **कौशम्बिक** भिक्षुहरूको कारणमा भन्नु भएको हो ।

**कौशम्बिको घोषितारामममा** पाँचशय परिवारहरू हुने दुइ भिक्षुहरू थिए । **विनयधर** (= भिक्षुहरूको रूल नियम जान्ने) र **धर्मकथिक** (= धर्म उपदेश गर्ने) ।

एक दिन धर्मकथिक भिक्षु दिसा गर्न जाँदा लोटामा बाँकी रहेको पानी त्यहीं राखेर निस्के (भिक्षुहरूको नियम अनुसार दिसा गरिसकेपछि लौटा घोप्टचाई राख्नु पर्छ ।) । त्यसपछि सोही चर्पीमा विनयधर भिक्षु दिसा गर्न जाँदा लोटामा बाँकी पानी देखेर बाहिर आई उनीसँग सोधे "आवुसो ! तिमीले लोटामा पानी बाँकी राखेर आयौ के ?"

"आवुसो ! हो ।"

"के यसमा दोष छ भन्ने थाहा छैन ?"

"अँ थाहा छैन ।"

"आवुसो ! यसमा दोष (= आपत्ति) हुन्छ ।"

"त्यसोभए प्रतिकार गर्नेछु ।"

"आवुसो ! यदि तिमीले नजानेर गरेको वा वेहोसी भई यस्तो गरेको हो भने दोष छैन ।"

अनि उसलाई यसप्रकारको दोषबारे आफू निर्दोष भएको विश्वास भयो ।



Downloaded from http://dhamma.digital/

विनयधरले चाहिं आफू कहाँ बस्ने भिक्षुहरूलाई "यी **धर्मकथिक** भिक्षुलाई दोष र निर्दोष भन्ने कुरा पनि थाहा रहेनछ" भनी भने । उनीहरूले धर्मकथिक भिक्षु कहाँ बस्ने भिक्षुहरूलाई "तिमीहरूका उपाध्याय दोषलाई पनि दोष भन्ने जान्दैनन्" भनी भने । अनि आफ्ना उपाध्याय कहाँ गएर उनीहरूले यो कुरा सुनाए । उनले यस्तो भने "यी **विनयधर** भिक्षुले अघि भने दोष छैन भने अहिले चाहिं फेरि दोष छ भन्दछन् । यी मृषावादी हुन् ।"

उनीहरू गएर **विनयधर** भिक्षुकहाँ बस्ने भिक्षुहरूलाई "तिमीहरूका उपाध्याय मृषावादी रहेछन्" भने । यसो गर्दा गर्दै उनीहरूको आपसमा झगडा बढ्यो । अनि एकदिन मौका छोपी **विनयधर** भिक्षुले **धर्मकथिकलाई** 'दोषलाई दोष' भनी जान्न नसकेकोमा **उत्क्षेपणीयकर्म** (उक्खेपनियकम्म) आजकलको भाषामा भन्ने हो भने सङ्घसदस्यताबाट निष्कासन गर्ने अथवा निलम्बन गर्ने काम हो ।) गरे । त्यहाँदेखि उनीहरूको अनुगमन गर्ने अथवा हेरचाह गर्ने दाताहरू पनि दुइथरी भए । भनिन्छ कि यो झगडाको कारणले ब्रह्मलोकसम्मका सबै पृथग्जनहरू (बौद्ध साहित्यले स्रोतापन्न, सकृदागामी, अनागामी तथा अरहत् हुनेहरूलाई 'आर्य' र बाँकी अरु सबैलाई 'पृथग्जन' भनी उल्लेख गरेको छ ।) पनि दुइथरी भए ।

अनि एक भिक्षु तथागत कहाँ गई उत्पेक्ष गर्ने (= निष्कासन गर्ने) भिक्षुहरूको 'यो काम नियमानुसार छ' भन्ने धारणाको कुरा, उत्क्षेपित (= निष्कासित) भिक्षुहरूको 'यो काम नियमानुसार भएको छैन' भन्ने धारणाको कुरा र निष्कासित (सङ्घबाट निष्कासित भिक्षु कुनै पनि सङ्घसँग बस्न नहुने तथा कसै साथ लाग्न नहुने नियम छ ।) भिक्षु परिवार सहित विचरण गरिरहेको कुरा पनि सुनाए । अनि भगवान्ले "भिक्षुहरू मिलजुल भएर बसुन्" भन्ने सन्देश दुइपटकसम्म पठाउनु भयो । "ती भिक्षुहरू मिलेर बसेका छैनन्" भन्ने खबर सुनेपछि तेस्रोपटक "भिक्षुसङ्घमा फूट भयो" भन्नुहुँदै उनीहरू कहाँ जानुभई निष्कासन गर्नेहरूले निष्कासन गर्नमा र दोषलाई दोष भनी जान्न नसक्नाको दुष्परिणामको कुरा



Downloaded from http://dhamma.digital/

बताउनु भई फेरि उनीहरूलाई एउटै ठाउँमा **'उपोसथ'** (उपसम्पन्न भिक्षुहरू भेलाभई प्रत्येक १५ दिनको एक पटक विशेष ठाउँमा बसी भिक्षुनियम (= प्रातिमोक्ष) को आवृत्ति गर्ने कार्यलाई 'उपोसथ' भनिएको हो ।) गर्ने अनुमति दिनुभयो । फेरि पनि झगडा नै गरेरै ती भिक्षुहरू बसेका छन्" भन्ने कुरा सुनी फेरि पनि त्यहाँ जानुभई "भिक्षुहो ! भइहाल्यो, झगडा नगर, झगडा गर्नु ठीक छैन" भनी अनेक कुराहरू सुनाउनु भयो । यसरी अववाद (= अर्तिबुद्धि) दिंदा पनि उनीहरूका बीच मेलमिलाप गराउनु सक्नु भएन । अनि भगवान्ले "यी भिक्षुहरू मेरो कुरा मान्दैनन् । अतः किन म एकान्तमा नबसूँ" भनी सोच्नु भई कुनै भिक्षुलाई केही नभनी **कौशम्बीमा** भिक्षाटन् गरी **पारिलेय्यक** वनमा एक्लै जानुभयो । अनि त्यहाँ **पारिलेय्यक** भन्ने हात्तीको रेखदेखमा वर्षावास तीन महिना सुविस्तासाथ बिताउनु भयो ।

विहारमा जाँदा **कौशम्बी वासी** उपासकहरूले भगवान्लाई नदेखी "भगवान्कहाँ जानु भयो ?" भनी सोधे ।

"**पारिलेय्यक** वनखण्डमा जानुभयो ।"

"किन त्यहाँ जानुभयो त ?"

"हामीलाई मेलमिलाप गराउन खोज्नु भएको थियो तर हामीले मानेनौं ।"

"के त वहाँसँगै प्रव्रजित भएका तपाईहरूलाई वहाँले नै मिलाउन खोज्दा पनि नमिल्नु भएको त ?"

"हो ।"

"यिनीहरूले गर्दा हामीले **तथागतको** दर्शन गर्न पाएनौं । अब यिनीहरूलाई न भोजन दिनेछौं, न अभिवादन गर्नेछौं' भने । त्यहाँदेखि मानिसहरूले उनीहरूलाई आदरसम्म पनि गरेनन् । अल्पाहारताको कारणले गर्दा उनीहरू निक्कै दुर्बल र दुब्ला पनि भए । त्यसपछि परस्पर क्षमा याचना गरी मेलमिलाप भयो । अनि उनीहरूले उपासकहरूलाई "उपासक हो ! अब हामी समगी (= मेलमिलाप) भयौं । तिमीहरू पनि अघि जस्तै होऊ" भनी भने ।



Downloaded from http://dhamma.digital/

"**शास्तासँग** क्षमा माग्नु भयो त ?"

"मागेको छैन ।"

"भन्ते ! त्यसोभए **शास्तासँग** क्षमा मागिसकेपछि हामी पनि अघि कै जस्तै हुनेछौं ।"

वर्षावास भएको हुनाले यस वीच भगवान्‌कहाँ जान सकेनन् र वडो कष्टपूर्वक उनीहरूले वर्षावास विताए ।

**श्रावस्ती** नगरबाट **अनाथपिण्डिक सेठ** र **विशाखा उपासिका** जस्ता प्रतिष्ठित कुलका मानिसहरूले **आनन्द स्थविरलाई** "भगवान्‌को दर्शन गर्न पाऊँ" भनी पत्र पठाए । वर्षावास सिद्धिएपछि **आनन्द स्थविरकहाँ** आई दिशा विदिशामा बस्ने भिक्षुहरूले पनि "भगवान्‌को श्रीमुखबाट धर्मोपदेश सुन्न नपाएको धेरै दिन भइ सक्यो । कृपया हामीले भगवान्‌बाट धर्मोपदेश सुन्न पाऔं" भनी निवेदन गरे । अनि उनीहरूलाई साथमा लिई **आनन्द स्थविर पारिलेय्यक वनखण्डमा** जानु भयो । "तीन महिनासम्म एक्लै एकान्तमा बस्नु भएका भगवान्‌का समक्ष एकै पटक यतिका भिक्षुहरू साथमा लिएर जानु उचित हुने छैन ।" भन्ने विचार गरी ती भिक्षुहरूलाई वनबाहिर राखी आफू एक्लै भगवान्‌कहाँ जानु भयो र वन्दना गरी एक छेउमा बस्नु भयो । अनि भगवान्‌ले "के तिमी एक्लै आएको ?" भनी सोध्नु भएपछि वहाँले "होइन, पाँचशय भिक्षुहरूका साथ आएको हुँ" भनी भन्नु भएपछि भगवान्‌ले "उनीहरू कहाँ छन् त ?" भनी सोध्दा "तपाईंको विचार जान्न नसकेको हुँदा उनीहरू वनबाहिर राखेर आएको छु" भनी भन्नु हुँदा "त्यसोभए उनीहरूलाई बोलाउ भनी भन्नुभएपछि आनन्द स्थविरले उनीहरूलाई बोलाई ल्याउनु भयो । भगवान्‌ले तिनीहरूसँग कुशलक्षेम कुराकानी गर्नुभयो । तिनीहरूले "स्याहार सम्भार विना नै जंगलमा एक्लै वस्दा वडो कष्ट पाउनु भयो होला" भनी भगवान्‌सँग सोध्दा "**पारिलेय्यक हात्ती** जस्ता साथी पाएमा साथमा बस्नु योग्य छ,



Downloaded from http://dhamma.digital/

यदि त्यस्तो साथी नपाएमा एक्लै वस्नु नै वेश हुनेछ" भन्नु हुँदै भगवान्‌ले यी गाथाहरू भन्नु भयो–

१. "**सचे लभेथ निपकं सहायं,**
**सद्धिंचरं साधुविहारि धीरं ।**
**अभिभुय्यक सब्बानि परिस्सयानि,**
**चरेय्य तेनत्तमनो सतीमा ॥**"

२. "**नो चे लभेथ निपकं सहायं,**
**सद्धिंचरं साधुविहारि धीरं ।**
**राजाव रट्ठ विजितं पहाय,**
**एको चरे मातङ्गरञ्ञेव सतीमा ॥**"

३. "**एकस्स चरितं सेय्यो,**
**नत्थि बाले सहायता ।**
**एको चरे न च पापानि कयिरा,**
**अप्पोसुक्को मातङ्गरञ्ञोव नागो'ति ।**"

(यो गाथा सुत्त. नि. पा. पृ. २७६ खग्गविसानसुत्तमा पनि छ ।)

**अर्थ–**

१– "यदि बुद्धिमान साथी पाएको खण्डमा सबै विघ्नबाधा हटाई स्मृतिमान् तथा प्रसन्न भई त्यस्तासँग बस्नु वेश हुनेछ ।"

२– "यदि बुद्धिमान साथी नपाएमा पराजित देशलाई राजाले छाडे झैं अथवा मातङ्ग हात्ती बसे झैं एक्लै वस्नु वेश हुनेछ ।"

३– "मूर्खसँग बस्नु भन्दा पाप नगरी अल्पोत्सुकी भई मातङ्ग हात्ती बसे झैं एक्लै वस्नु बेश हुनेछ ।"

गाथाको अवशानमा ती पाँचशय भिक्षुहरूले अरहत्व प्राप्त गरे ।



Downloaded from http://dhamma.digital/

**आनन्द स्थविरको अनाथपिण्डिक** आदिले पठाएको पत्रको बारेका कुरा सुनाउनु भएपछि भगवान्ले "त्यसो भए पात्र चीवर लेऊ" भनी लिन लगाई क्रमशः शास्ता श्रावस्तीको **जेतवनविहारमा** जानुभयो । "भगवान् **श्रावस्ती** जानुभयो" भन्ने खबर **कौशम्बिक** भिक्षुहरूले सुनी क्षमा माग्नको निमित्त **श्रावस्ती** गए ।

"ती झगडालु भिक्षुहरू आउँदैछन्" भन्ने कुरा कोशल **राजाले** सुनेपछि भगवान्कहाँ गई "भन्ते ! ती झगडालु भिक्षुहरूलाई म मेरो राज्यमा आउन दिने छैन" भनी भन्दा भगवान्ले "महाराज ! ती भिक्षुहरू शीलवान् हुन् । केवल परस्परको विवादको कारणले गर्दा मेरो वचन नमानेका हुन् । अब मसँग क्षमा माग्न आइरहेका छन् । महाराज ! आउन दिनु होस्" भनी भन्नु भयो । **अनाथपिण्डिकले** पनि "भन्ते ! म उनीहरूलाई मेरो विहारमा पस्न दिने छैन ।" भनी भन्दा भगवान्ले उपरोक्ताकारले नै सम्झाउनु भयो । उनीहरू आएपछि अरु भिक्षुहरू उनीहरूसँग नबस्ने हुनाले भगवान्ले उनीहरूलाई बस्नको निमित्त एक अलग स्थान तयार पार्न लगाउनुभयो । आए आएका भिक्षुहरूले "भन्ते ! ती झगडालु कौशम्बिक भिक्षुहरू कहाँ छन् ?" भनी सोध्दा भगवान्ले "यी हुन्" भन्दै देखाइदिनुभयो । आए आएकाले "ती झगडालु **कौशम्बिक** भिक्षुहरू यी हुन्" भनी औंला देखाई देखाई जान थाले । यसबाट उनीहरू लज्जित भई टाउको ठाडो पार्न नसकी भगवान्कहाँ गई चरणमा ढोगी क्षमा मागे । भगवान्ले "भिक्षु हो ! तिमीहरूले बडो भारी काम गर्‍यौ । मसँग प्रव्रजित भएका तिमीहरू मैले मिलाउँदा पनि मिलेनौ । मेरो कुरा सुनेनौ । पुराना पण्डितहरूले चाहिं आमा बाबुको आज्ञा पालन गरी दुइटै राज्यमा राज्य गरे" भन्नु भई कोसम्बक जातकको (जा. पा. I. पृ. १८०; जा. अ. क. IV. पृ. ४ नं. ४२८) कुरा सुनाउनु भई यो गाथा भन्नुभयो–




Downloaded from http://dhamma.digital/

**६. "परे च न विजानन्ति, मयमेत्थ यमामसे ।**
**ये च तत्थ विजानन्ति, ततो सम्मन्ति मेधगा ॥**

**अर्थ–**

६– मूर्खले मात्र "एक दिन अवश्य मर्नुपर्छ भन्ने कुरा विचार गर्दैन । 'हामी मर्नेछौं' भन्ने कुरा सम्झने बित्तिकै कलह शान्त हुन्छ ।"



Dhamma.Digital



Downloaded from http://dhamma.digital/

## संक्षिप्त धम्मपद कथा अभ्यास – ५

१. विनयधर र धर्मकथिक भन्नाले के बुझ्नुहुन्छ ?
२. विनयधर र धर्मकथिकहरूबीच किन झगडा भयो ?
३. 'आर्य' र 'उपोसथ' शब्दलाई परिभाषित गर्नुहोस् ।
४. तथागत किन पारिलेय्यक प्रस्थान गर्नुभयो ?
५. झगडालु भिक्षुहरूप्रति उपासकोपासिकाहरूले कस्तो व्यवहार प्रदर्शन गरे ? कसरी भिक्षुहरू शान्त भए ?
६. 'झगडालु भिक्षुहरूलाई म मेरो राज्यमा आउन दिने छैन' भनी कोशल नरेशले भन्दा तथागतले के जवाफ दिनुभयो ?
७. 'कौशम्बिक भिक्षुहरू' कथा पढेर आफूलाई कस्तो लाग्यो ? आफ्नै भाषामा लेख्नुहोस् ।

❖❖❖❖

Dhamma.Digital



Downloaded from http://dhamma.digital/

# ६. चूलकाल महाकाल भिक्षुहरू

**('सुभानुपस्सिं विहरन्तं' भन्ने गाथाको कथा)**

"**सुभानुपस्सिं विहरन्तं** ..." भन्ने यो गाथा **सेतब्य नगरको** आश्रय लिई सिंसापावनमा बसिरहनु भएका बुद्धले **चूलकाल** र **महाकाल** भिक्षुहरूको कारणमा बताउनु भएको हो ।

**सेतब्यवासी चूलकाल, मज्झिमकाल** तथा **महाकाल** भन्ने तीन दाजुभाइहरू थिए । यी मध्ये जेठो र कान्छो दुइजना मालसामानको निमित्त यताउता गई जम्मा गरी गाडामा राखी ल्याउँथे । ती सामानहरू दोश्रो भाइ चाहिंले घरमा बसी बिक्री गर्थ्यो ।

एकदिन पाँचशय गाडा भरी मालसामानहरू लिई ती दुइ भाइ **श्रावस्ती** गए । त्यहाँ पुगेपछि **श्रावस्ती** नगर र **जेतवनविहारको** बीचमा गाडाहरू रोकी गोरूहरू छाडी बास बसे । अनि **श्रावस्तीवासी** मानिसहरू हातमा फूलमाला इत्यादि लिई संध्या समयमा **जेतवनतिर** गइरहेका देखेर "यिनीहरू कहाँ गएका हुन् ?" भनी सोध्दा "**जेतवन विहारमा**" भन्ने कुरा सुनी **महाकाल** पनि गए र परिषद्को उक छेउमा बसे । भगवान्ले उनलाई देखेर उनलाई अनुकूल हुने गरी आनुपूर्वीकथा आदिको धर्मोपदेश गरी **दुक्खक्खन्ध सूत्रानुसार** (म. नि. I. पृ. ११७ ।) पञ्चकाम विषयको दुष्परिणाम देखाई अनेक प्रकारले पञ्चकाम विषयहरूको दुष्परिणाम र संक्लेश आदिको विषयमा उपदेश दिनु भयो । यो सुनेर **महाकालले** "सबै छाडेर जान पर्ने रहेछ । परलोक जाने बेलामा छोराछोरी, भार्या र नाताकुटुम्बहरू कोही पनि साथमा आउने होइनन्, घरमा बसेर के गर्ने, प्रव्रजित हुनु पर्‍यो" भन्ने ठानी सभाषद्का मानिसहरू फर्किसके पछि भगवान्को छेउमा गई प्रव्रज्या मागे ।



Downloaded from http://dhamma.digital/

"तिमीले सोध्नुपर्ने कोही छैन के ?" भनी भन्नु हुँदा "मेरो कान्छो भाइ छ" भनी भनेपछि भगवान्ले "त्यसो भए उसँग सोधेर आऊ" भनी भन्नुभयो। "हवस्" भनी गई कान्छो भाइलाई बोलाई उनले "भाइ ! यी सबै सम्पत्तिहरू जिम्मा लेऊ" भनी भने।

"तपाई के गर्नुहुन्छ नि ?"

"म भगवान्कहाँ प्रव्रजित हुनेछु।"

यो सुनेर भाइ चाहिंले अनेक कुरा सुनाई "रोक्न खोज्यो तर सकेन। अनि उसले "जस्तो चाहनुहुन्छ गर्नुहोस्" भनी भन्यो। उनी गएर भगवान्कहाँ प्रव्रजित भए। त्यसपछि "दाइलाई चीवर छोडाएर घर फर्काउने छु" भन्ने विचार गरी कान्छो भाइ चाहिं पनि प्रव्रजित भयो। पछि **महाकाल** उपसम्पन्न भएर **शास्ताकहाँ** गई "बुद्धशासनमा कति धुरहरू छन् ?" भनी सोध्दा **शास्ताले** दुइवटा धुरहरूका कुरा बताउनु भएपछि "भन्ते ! म बृद्ध अवस्थामा प्रव्रजित भएको हुँदा **ग्रन्थधुरको** काम पूरा गर्न समर्थ छैन। **विपश्यनाधुर** चाहिं पूरा गर्ने छु" भनी अरहत् सम्मका ध्यानका कुरा बताउन लगाई **स्मशानिक धुताङ्ग** (धुताङ्ग भनेको के हो भन्ने बारेमा लेखकको बु. प. भा-१, पृ. १२३ को पादटिप्पणीमा हेर्नू।) समादान गरी रातको प्रथम याम बिती सबै सुतिसकेपछि, मसानमा गई सबेरै कोही नउठ्दै विहारमा आउने गर्न थाले।

मसानमा दाह कर्म गर्ने काली भन्ने स्त्रीले स्थविर बस्ने ठाउँ देखेर "यहाँ को बस्न आउँदो रहेछ" भनी खोज तलास गर्दा स्थविर बस्न आउने कुरो थाहा पाई "भन्ते ! मसानमा बसी ध्यान भावना गर्नेले आफू मसानमा बस्ने कुरो मसानमा पालो बस्नेलाई, विहारका महास्थविरलाई तथा गाउँको द्वारेलाई सूचित गरी राख्नु पर्छ" भनी भने।

"के कारणले ?" भनी सोध्दा उ भन्छे– "चोरलाई लखेटी ल्याउँदा चोरले चोरेर ल्याएका वस्तुहरू मसानमा छाडेर भाग्छन्। अनि मानिसहरूले मसानमा



Downloaded from http://dhamma.digital/

बस्नेलाई चोर भनी दु:खकष्ट दिन्छन् । उक्त मानिसहरूलाई भनिराखेको खण्डमा 'यी भदन्त यतिका दिनदेखि यहाँ बसिरहेका कुरा हामीलाई थाहा छ । उनी चोर होइनन्' भनी उपद्रव हटाइदिन सक्छन् । त्यसैले यिनीहरूलाई सूचना दिइराख्नु बेश हुन्छ ।"

"अरु के गर्नु पर्छ त ?"

"भन्ते ! मसानमा बस्नेले माछा, मासु, पीठो, तील खान हुन्न, दिनमा निदाउनु हुन्न, अल्छी हुनु हुन्न, वीर्यवान् हुनु पर्छ, कुहक (= ढोंगी), छली नभई शुद्ध कल्याण विचार लिएर बस्नुपर्छ; रातमा सबै सुतेपछि मसानमा आउनुपर्छ र कोही नउठ्दै बिहान सबेरै विहारमा फर्कनु पर्छ । यदि यहाँ कुनै शव दाह गर्न ल्याएको खण्डमा म तपाईलाई भन्नेछु ।"

एकदिन कुनै रोग नलागी तत्कालै मरेकी सुन्दरीको शव जलाउनको निमित्त कालीलाई जिम्मा दिए । उसले सो शव जलाउनु भन्दा अगाडि स्थविरलाई सूचना दिई । स्थविर आई रूप हेरी **कालीलाई** "जलाउने बेलामा मलाई बोलाऊ" भनी फर्केर गए । सो शवलाई चित्तामा राखी आगो लगाइसकेपछि स्थविर कहाँ गई भनी । स्थविर आई हेर्दा हेर्दै त्यतिको राम्रो शरीर आगोले छोए छोएको ठाउँमा सेतो सेतो तथा टाटेपाटे देखिन थाल्यो र हातखुट्टा पनि खुम्चिन थाले । यस्तो दृश्य देखेका स्थविरले "अहो अनित्य ! अहो असार ! अघि मात्रै यो रूप कति सुन्दर थियो । अब सोही रूप यस्तो विरूप भयो" भन्दै मनमा अनित्य भावना लिई आफ्नो स्थानमा आई भावना गर्दा गर्दै **प्रतिसम्भिदाज्ञान** सहित अरहत्व (राग, द्वेष, मोह तथा सबै क्लेशहरू निरुद्ध भएकालाई 'अरहत्' भन्दछन् ।) लाभ गरे ।

केही दिनपछि भिक्षुसङ्घ सहित चारिका गर्दै **सेतब्यमा** गई **सिंसपावनमा** भगवान् बस्नु भयो । **चूलकालका** दुइटी, मज्झिमकालका चारवटी र **महाकालका** आठवटी भार्याहरूले शास्ता आइपुग्नु भयो भन्ने खबर सुने । अनि चूलकालका भार्याहरूले "हाम्रा स्वामीलाई घर फर्काउनको निमित्त भगवान्लाई निम्त्याउनु



Downloaded from http://dhamma.digital/

पऱ्यो" भन्ने सोची मानिस पठाए। कुनै अपरिचित ठाउँमा निम्तो जाँदा आसन आदि बिच्छ्याउने काम सिकाउन कुनै एक भिक्षुलाई अगाडि पठाउने चलन छ। बुद्धको आसन माझमा, सारिपुत्रको दाहिनेतिर र देब्रेतिर मौग्दल्यायनको आसन बिच्छ्याई अरु आसनहरू अरु भिक्षुहरूका निमित्त विछ्याइन्छन्। त्यसैले घरमा आसनहरू बिच्छ्याउनको निमित्त **महाकालले चूलकाललाई** अगाडि पठाए। उनलाई देखेर घरका स्त्रीहरूले परिहासको निम्ति साना तथा होचा आसनहरू महास्थविरहरूको निमित्त माथितिर र ठूला तथा बाक्ला आसनहरू तलतिर साना भिक्षुहरूका निमित्त बिच्छ्याए। **चूलकालले** "यसो होइन ठूला तथा बाक्ला आसनहरू माथितिर महास्थविरहरूको निमित्त साना तथा होचा आसनहरू तलतिर साना भिक्षुहरूको निमित्त बिच्छ्याउनु पर्दछ" भन्दा स्त्रीहरूले उनको कुरा नसुने जस्तो गरी "तिमी के गरी हिडिरहेका छौ ? तिम्रो लागि आसन बिच्छ्याउनु पर्दैन ? कोसँग सोधेर तिमी प्रव्रजित भएका हौ ? कसले प्रव्रजित गरायो ? किन यहाँ आएका हौ ?" भनी उनको चीवर खोसी सेतो वस्त्र पहिराई "जाऊ **शास्तालाई** बोलाएर ल्याऊ हामी आसन मिलाउने छौं" भनी उनलाई पठाए। नि:शंकोच पूर्वक गई उनले **तथागतलाई** बोलाएर ल्याए। भोजनकृत्य सिद्धिएपछि "यिनीहरूले आफ्ना पतिलाई घर फर्काए। हामीले पनि हाम्रा पतिलाई घर फर्काउनु पऱ्यो" भन्ने सोची महाकालका भार्याहरूले **तथागतलाई** भोलिको निमित्त निम्तो गरे। **तथागतले** स्वीकार्नु भयो। त्यस दिन आसन बिच्छ्याउनको निमित्त अर्कै भिक्षु गयो। त्यसो हुनाले उनीहरूले मौका पाएनन् र भिक्षुसङ्घ आएपछि भोजन अर्पण गरे। अनि भोजन कृत्य सिद्धिएपछि ती स्त्रीहरूले "भन्ते ! **महाकाल** भिक्षुबाट भुक्तानुमोदन धर्मदेशना सुन्न चाहन्छौं" भनी भगवान्सँग बिन्ति गरे। "हुन्छ" भनी **महाकाललाई** छाडी भगवान् भिक्षुहरूकासाथ जानु भयो। बस्ने गाउँतिर पुग्दा भिक्षुहरूले भन्न थाले– "भगवान्ले यो जानेर गर्नु भएको कि नजानेर ! हिजो मात्रै **चूलकाललाई** उनका स्त्रीहरूले वस्त्र छोडाइदिए। आज **महाकाललाई** एक्लै छाडी भगवान् आउनु



Downloaded from http://dhamma.digital/

भयो । **महाकालका** त झन आठ-आठवटी भार्याहरू छन् । विचरा **महाकाल भिक्षु** बडा शीलवान् तथा गुणवान् छन् । उनको प्रव्रज्याको पनि बिघ्न हुने हो कि क्या हो ।" उनीहरूले यसरी भनेको सुनी **शास्ताले** 'भिक्षु हो ! के **भन्दैछौ** ?" भनी सोध्नु हुँदा उनीहरूले यसरी भनेको सुनी शास्ताले 'भिक्षु हो ! के **भन्दैछौ** ?" भनी सोध्नु हुँदा उनीहरूले सो कुरा सुनाएपछि भगवान्ले "के तिमीहरूले **चूलकाल** जस्तै **महाकाललाई** ठानेको ?"

"भन्ते ! हो, उनका दुइवटी मात्र भार्याहरू छन् । तर यिनका आठवटी भार्याहरू छन् । उनीहरूले घेरेको खण्डमा उनले के गर्न सक्लान र !"

"भिक्षुहो ! यस्तो नभन । **चूलकाल** जहिले पनि शुभारम्मण (= अहा ! यी स्त्री कति राम्री आदि भनी मनमा कल्पना गर्ने) बहुल गरी बस्छन् । प्रपातमा रहेको कमजोरी रुख जस्तै हुन् । मेरा पुत्र **महाकाल** चाहिं अशुभविहारी हुन् । उनी चट्टान जस्तै अचल छन्" भनी भन्नुभई यो गाथा भन्नुभयो–

७. "**सुभानुपस्सि विहरन्तं, इन्द्रियेसु असंवुतं ।**
**भोजनम्हि अमत्तञ्ञुं, कुसीतं हीन वीरियं ।**
**तं वे पसहति मारो, वातो रुक्खंव दुब्बलं ।**"

८. "**असुभानुपस्सि विहरन्तं, इन्द्रियेसु सुसंवुतं ।**
**भोजनम्हि च मत्तञ्ञुं, सद्धं आरद्धवीरियं ।**
**तं वे नप्पसहति मारो, वातो सेलंव पब्बतं ।**"

**अर्थ–**

७– "इन्द्रिय असंयम गरी राम्रो छ भनी हेर्ने, भोजनको मात्रा नजान्ने र वीर्यहीन हुनेलाई बतासले निर्बलियो रुखलाई ढाले जस्तै मारले बिताउँछ ।"




Downloaded from http://dhamma.digital/

८– "इन्द्रिय संयम गरी अशुभ दृष्टिले हेर्ने, भोजनकोमात्रा जान्ने, श्रद्धा र विर्यवान् हुनेलाई बतासले चट्टान डगाउन नसके झैं मारले छुन सक्दैन ।"

उता **महाकालका** पत्नीहरूले उनलाई घेरी "चीवर छाड्छौ कि छाड्दैनौ ?" भनी वस्त्र छोडाउन लगाउने नियत उनीहरूले लिए । यो बुझी ऋद्धि बलद्वारा धुरीबाट निस्की भगवान्ले भनिरहनु भएको उक्त गाथा सिद्धिने बेलामा आकाशबाट ओर्ल्ही भगवान्को चरणमा वन्दना गरी एक छेउमा बसे ।

यो गाथा सुनेर धेरै मानिसले मार्गफल ज्ञान प्राप्त गरे ।





Downloaded from http://dhamma.digital/

## संक्षिप्त धम्मपद कथा अभ्यास – ६

१. महाकालले किन प्रव्रजित हुने इच्छा गरे ?
२. महाकाल कसरी प्रव्रजित भए ?
३. बुद्धशासनमा कति धुरहरू छन् ? अर्थ स्पष्ट हुने गरी लेख्नुहोस् ।
४. काली स्त्रीले महाकाल भन्तेलाई आफू मसानमा बस्ने कुरा मसान पाले, विहारका प्रमुख भन्ते तथा गाउँको द्वारेलाई सूचित गर्नुपर्छ भनी किन भनेका हुन् ?
५. मसानमा स्थविरले कसरी प्रतिसम्भिदाज्ञान सहित अरहत्व लाभ गरे ?
६. महाकाल र चूलकालमा के भिन्नता रहेको छ ? स्पष्ट पार्नुहोस् ।
७. यस कथा पढेर के शिक्षा पायौ ? लेख्नुहोस् ।
८. चूलकाल महाकाल कथालाई आफ्नो भाषामा लेख्नुहोस् ।

❖❖❖❖



Downloaded from http://dhamma.digital/

# ७. देवदत्त

## ('अनिक्कसावो कासावं' भन्ने गाथाको कथा)

"**अनिक्कसावो कासावं** ..." भन्ने यो गाथा **जेतवनमा** बस्नु भएका **शास्ताले देवदत्त भिक्षुलाई राजगृहमा** काषायवस्त्र लाभ भएको कारणमा बताउनु भएको हो ।

एक समय दुइ अग्रश्रावकहरू पाँच पाँच शय परिवारहरू लिएर भगवान्सँग सोधी **जेतवनबाट** राजगृह जानुभयो । राजगृहवासीहरूले दुइ, तीन, चार तथा धेरै मानिसहरू मिली आगन्तुक दान दिए । एक दिन अनुमोदन धर्मदेशना गर्नुहुँदा आयुष्मान् **सारिपुत्रले** भन्नुभयो–

"उपासकहो ! (१) जुन पुरुषले आफूले दान दिन्छ र अर्कालाई दिन लगाउन्न त्यस्तोले जन्मे-जन्मेको ठाउँमा भोगसम्पत्ति पाउँछ तर परिवारसम्पत्ति भने पाउँदैन । (२) जुन पुरुषले आफूले दान दिन्न र अर्कालाई भने दिन लगाउँछ त्यस्तोले जन्मे जन्मेका ठाउँमा परिवारसम्पत्ति भने पाउँछ तर भोगसम्पत्ति भने पाउँदैन । (३) जुन पुरुषले आफूले पनि दिन्न अर्कालाई पनि दिन लगाउन्न भने त्यस्तोले जन्मे जन्मेका ठाउँमा पेटभरी खोले मात्र पनि पाउन सक्दैन । (४) जुन पुरुषले आफूले दान दिन्छ अर्कालाई भने दिन लगाउँछ त्यस्तोले जन्मे जन्मेको ठाउँमा भोगसम्पत्ति पनि परिवारसम्पत्ति पनि पाउँछ ।"

उपदेश सुनिरहेका मानिसहरूमध्ये एक पण्डित पुरुषको मनमा– "अहा ! निकै राम्रो कारण बताउनु भयो । अब दुबै सम्पत्ति पाउने काम गर्नु पर्‍यो" भन्ने सोचेर स्थविरलाई भोलिको निमित्त निम्तो गरे ।



Downloaded from http://dhamma.digital/

"उपासक ! तिमी कति भिक्षुहरू चाहन्छौ ?"

"भन्ते ! तपाईका परिवारहरू कति छन् ?"

"ती सबैकोसाथ भोजन स्वीकार गर्नुहोस् ।"

स्थविरले स्वीकार्नु भयो ।

अनि नगरको सडक सडकमा गई उपासकले "दाजुभाइ, आमा, दिदी, बहिनी हो । एक हजार भिक्षुहरूलाई निम्त्याएको छु । त्यसमध्ये तपाईहरूले कतिजनालाई भोजन दिन सक्नुहुन्छ ?" भन्दै सबैसँग स्वीकृति लिन थाले । मानिसहरूले आ-आफ्ना समर्थ अनुसार कसैले दशजना कसैले बीसजना र कसैले शयजनाका लागि भोजन दिने स्वीकृति दिए । अनि उपासकले भने "त्यसोभए हामीहरूले सबै वस्तुहरू एकै ठाउँमा पकाऔं ।" सबैले आ-आफ्ना खाद्य-भोज्य वस्तुहरू एकै ठाउँमा जम्मा पारे । अनि एक कुटुम्बिकले एकलाख जाने सुगन्धित काषायवस्त्र दिई– "यदि तपाईहरूको दानकार्यमा खर्चको कमी भएमा यो वस्त्र बिक्री गरी जुन चीजको कमी हुन्छ त्यो चीज पूरा गर्नुहोस्" भनी भने । उनको दानकार्यमा सबै वस्तुहरू पूरा थिए । अनि उपासकले मानिसहरूसँग सोधे– "दाजु भाइहरू हो ! यो काषायवस्त्र अमुक पुरुषले यस्तो भनी दिएका हुन् । यो वस्त्र बाँकी रहेको छ । यो कसलाई दिने हो ?"

त्यसमध्ये केहीले "**सारिपुत्र** स्थविरलाई" भनी भने । केहीले "स्थविर अन्न पाक्ने बेलामा मात्र आएर जाने हुनुहुन्छ । **देवदत्त** स्थविर चाहिं हाम्रा मंगलामंगल कामहरूमा सरीक भई पानी राख्ने घ्याम्पा भैं सधैं यहीं बस्नुहुन्छ । वहाँलाई दिनुपर्छ" भनी भने । बहुमतको आधारमा **देवदत्त** स्थविरलाई नै दिनुपर्छ भन्ने ठहर भयो । अनि त्यो काषायवस्त्र **देवदत्त स्थविरलाई** दिए । **देवदत्त स्थविरले** सो वस्त्रको चीवर बनाई पहिरी हिंडे । यो देखेर "यो चीवर त **देवदत्तलाई** सुहाउँदैन बरु **सारिपुत्रलाई** सुहाउँछ" भनी मानिसहरूले भन्न थाले ।



Downloaded from http://dhamma.digital/

अनि **राजगृहबाट श्रावस्ती** गएका एक भिक्षुले **शास्तालाई** अभिवादन गरिसकेपछि **तथागतसँग** कुशलवार्ता हुँदा **तथागतले** उनीसँग दुई अग्रश्रावकहरूको कुशलक्षेमको कुरा सोध्नुभयो। जमात सहित आएका उनले ती पण्डित उपासकले महादान दिएका कुराहरू र वस्त्र दिएको कुरा समेत सुनाई मानिसहरूले "**देवदत्तलाई** सो चीवर नसुहाएको र **सारिपुत्रलाई** सुहाउँछ" भनेको कुरा पनि सुनाए। यसै सन्दर्भमा **शास्ताले** "भिक्षुहो ! अहिले मात्र होइन अघि पनि उनले आफूलाई नसुहाउने वस्त्र लगाएका थिए" भनी भन्नुहुँदा सो भिक्षुले "कहिले ?" भनी सोधे पछि **शास्ताले** अतीतको कुरा ल्याउनु भयो–

"अतीत समयमा **वाराणसीमा ब्रह्मदत्तले** राज्य गरिरहेको बेलामा वाराणसीवासी हात्ती मार्ने एउटा मानिस हात्तीको दाँत, दाह्रा र मासु आदि बेची जीविका गर्दथ्यो। एक दिन जंगलमा हजारौं हात्तीहरू आइरहेका बेलामा उनीहरूले **प्रत्येकबुद्धलाई** देखी घुडा टेकी वन्दना गरी गए। त्यहाँदेखि उनीहरूले सधैं त्यस्तै गर्न थाले। एकदिन त्यो हात्ती मार्ने मानिसले यो देखेर "के देखेर यिनीहरू यस्तो गर्दा रहेछन्" भनी विचार गर्दा "एक **प्रत्येकबुद्धलाई** देखेर" भन्ने कुरा थाहा पाएपछि "म यिनीहरूलाई कष्टपूर्वक मार्दैछु। मैले पनि काषायवस्त्र लगाउन पर्‍यो" भनी मनमा सोची एक **प्रत्येकबुद्ध** पोखरीको तीरमा चीवर वस्त्र राखी नुहाइरहेको बेलामा उनको चीवर चोरेर लिई ओढेर एक रुखमुनि बसिरहँदा हात्तीहरू आई आफूलाई वन्दना गरी जाँदा जमातको सबभन्दा पछिल्लिरकोलाई तीर प्रहार गरी मारी दाँत आदि लिई बाँकी शरीर खाडल खनी पुर्न थाल्यो।

त्यसबखत हाम्रा **बोधिसत्त्व** हात्ती योनीमा जन्मेर सो समूहको नायक भएका थिए। त्यसबखत पनि उसले त्यस्तै गर्दथ्यो। अनि महापुरुषले आफ्नो जमातको संख्या कम भएर गएको देखेर "हाम्रो जमातमा हात्तीहरू कम भएका देखिन्छन्। उनीहरू कहाँ गए ?" भनी सोध्दा "थाहा छैन" भनेपछि "कतै जाँदा मसँग नसोधिकन जाँदैनन् किन जमात घट्यो होला" भनी सोचविचार गर्दा "शायद



Downloaded from http://dhamma.digital/

फलानो ठाउँमा एक काषायवस्त्रधारी बस्दछ। उसको काम त होइन !" भन्ने मनमा आशङ्का लागेपछि पत्ता लगाउने विचारले महापुरुष सो काषायवस्त्रधारीको छेउ पुग्दा जमातलाई अघिल्तिर पठाई आफू पछि पछि लागी केहीबेर पछि गए । जम्मै हात्तीहरू वन्दना गरी गएपछि होस राखेर विस्तारै विस्तारै आइरहेका महापुरुषलाई देखी ओढेको काषायवस्त्र फुकाली हातमा धनुष र वाँण लिई उसले प्रहार गऱ्यो । होसराखी आइरहेका महापुरुषले वाणलाई छले । अनि "यसैले मेरो जमातलाई नाश गरेको हो" भन्ने ठानी उसलाई समात्न दौडे । अनि त्यो मानिस रुखको आडमा लुकेर उभिरह्यो । "रुख समेत त्यो मानिसलाई सूँढले समाती भुइँमा बजार्ने छु" भनी **बोधिसत्त्व** रुख नजिक जाँदा उसले हातमा लिएको काषायवस्त्र देखी "यदि मैले यस काषायवस्त्रधारीलाई मारेँ भने बुद्ध, प्रत्येकबुद्ध तथा क्षीणास्रवीहरू प्रति निर्लज्जित भएको हुनेछु" भनी धैर्य राखी "तिमीले मेरा यतिका बन्धुहरूलाई माऱ्यौ होइन ?" भन्दा उसले "हो" भनेपछि "अहो ! तिमीले बडो भारी काम गऱ्यौ ! वीतरागीको काषायवस्त्र पहिरी यस्तो किसिमले यत्तिका हात्तीहरू मार्ने तिमीले बडो भारी काम गऱ्यौ !" भनी **बोधिसत्त्वले** भने ।

यो पूर्वकथा बताउनु भई शास्ताले "त्यस बखत हात्ती मार्ने पुरुष **देवदत्त** भिक्षु थिए । उनलाई पत्ता लगाउने हात्तीको नायक म नै थिएँ" भनी जातकको कुरा टुंग्याई "भिक्षु हो !" **देवदत्तले** अहिले मात्र होइन अघि पनि आफूलाई नसुहाउँदो वस्त्र लगाएका थिए" भनी यो गाथा भन्नुभयो–

९. "**अनिक्कसावो कासावं, यो वत्थं परिदहेस्सति ।**
**अपेतो दमसच्चेन, न सो कासावमरहति ॥**"

१०. "**यो च वन्तकसावस्स, सीलेसु सुसमाहितो ।**
**उपेतो दमसच्चेन, स वे कासावमरहति ॥**"




Downloaded from http://dhamma.digital/

**अर्थ–**

९– “इन्द्रिय दमन नगरी सत्यज्ञानवाट दूर भई आफ्नो मनलाई स्वच्छ नराख्नेलाई गेरुवा वस्त्र सुहाउँदैन ।”

१०– “क्लेशलाई दूर गरी आफ्नो मन स्वच्छ राखी शीलवान् भई इन्द्रिय दमन गरी सत्यज्ञानमा बस्नेलाई गेरुवा वस्त्र (काषायवस्त्र) सुहाउँछ ।”



Dhamma.Digital



Downloaded from http://dhamma.digital/

## संक्षिप्त धम्मपद कथा अभ्यास – ७

१. आयुष्मान् सारिपुत्रले अनुमोदन धर्म देशना गर्नुहुँदा के देशना गर्नुभयो ?

२. सारिपुत्र भन्तेको उपदेश सुनेर पण्डितले के गरे ?

३. 'यो चीवर त देवदत्तलाई सुहाउँदैन बरु सारिपुत्रलाई सुहाउँछ' भनी मानिसहरूले किन भने ? खुलस्त पार्नुहोस् ।

४. सारिपुत्रलाई चीवर सुहाउँछ भन्ने कुरालाई तथागतले कसरी अतीत कथाद्वारा स्पष्ट पार्नुभयो ?

५. देवदत्तको स्वभावलाई चित्रण गर्नुहोस् ।

६. देवदत्तको कथा पढेर के शिक्षा पाइन्छ ? लेख्नुहोस् ।

❖❖❖❖

Dhamma.Digital



Downloaded from http://dhamma.digital/

# ८. अग्रश्रावक

## ('असारे सार मतिनो' भन्ने गाथाको कथा)

"**असारे सार मतिनो**..." भन्ने यो गाथा **वेणुवनमा** बसिरहनु भएका **शास्ताले** **सञ्जय परिव्राजक** आउन चाहेनन् भनी अग्रश्रावकहरूले सुनाएको कुराको कारणमा बताउनु भएको हो ।

**बोधिवृक्षमुनि** (= पीपलको रुखमुनि) भगवान् बुद्धले बुद्धत्व प्राप्त गरी **ऋषिपतन मृगदावन** (हाल बनारस नजिक सारनाथ) मा **पञ्चवर्गीय** (= पाँचजना) भिक्षुहरूलाई **धर्मचक्र प्रवर्तन** गरिसकेपछि बनारसका **यश कुलपुत्र** तथा उनका ५४ जना साथीहरू समेत गरी प्रथम वर्षावासको अन्त्य सम्ममा ६० जनालाई अरहत्वमा पुऱ्याई ६० जना भिक्षुहरू भएपछि वहाँले "**चरथ भिक्खवे चारिकं**..." भनी सबैलाई मानव कल्याणको निमित्त भिन्ना भिन्नै बाटोमा पठाई आफू स्वयं त्यहाँबाट धर्मप्रचारको लागि **गयाको उरुवेलतिर** जानु हुँदा बीच बाटामा कपासको वनमा तीसजना (३०) भद्रवर्गीय कुमारहरूलाई विनीत पारी भिक्षु बनाई उनीहरूलाई पनि विभिन्न दिशातिर पठाई उरुवेलमा पुगी दुइशय, तीनशय र पाँचशय गरी जम्मा एक हजार (१०००) जटिल परिवारहरू भएका तीन दाजुभाइहरूलाई दमन गरी भिक्षु बनाई सबैलाई अरहत्वमा पुऱ्याई उनीहरूका साथ भगवान् **राजगृह** पुग्नुभयो ।

यसैको नजिकमा **उपतिस्स** (= उपतिश्य) ब्राह्मण गाउँ र **कोलित** नामक दुइ गाउँहरू थिए । यी गाउँहरू मध्ये **उपतिस्स** गाउँकी **रूपसारी** नाम गरेकी ब्राह्मणीबाट जन्मेको **उपतिस्स** गाउँको जेष्ठ ब्राह्मणको पुत्र **उपतिस्स** भन्ने र **कोलित** गाउँको जेष्ठ ब्राह्मणकी भार्या **मोग्गली** नामक ब्राह्मणीको कोखबाट जन्मेको **कोलित**



Downloaded from http://dhamma.digital/

भन्ने थिए । यी दुबैजना बालककाल देखि नै घनिष्ट मित्र थिए । एक दिन गीतिनाटिका हेरीरहेको बेलामा "यहाँ हेर्न लायक के छ र ! यी सबै मानिसहरू शयवर्ष नपुग्दै मर्नेछन् । हामीले कुनै एक मोक्षमार्ग खोज्नु पर्छ" भनी दुवैजना विचार मग्न भएर बसे । अनि **कोलितले उपतिस्ससँग** सोधे "हे सौम्य ! किन अघि अघि जस्तो हाँसेर नबसी बडो गम्भीर भई चुप लागेर बसेका हौ ? लाग्छ कि तिमी बडो विरक्तिएका छौ ?"

"**सौम्य** कोलित ! यो गीतिनाटिकामा कुनै सार छैन । यो निरर्थक छ । आफ्नो मुक्ति हुने धर्म खोज्नु पर्छ भन्ने विचार गरी बसेको हुँ । तिमी किन विरक्तिएर बसेका हौ त ?" उनले पनि त्यस्तै भने । अनि **उपतिस्सले** भने "हामी दुबैजनाको विचार एउटै रहेछ । मोक्षधर्म खोज्नेले कुनै प्रव्रज्या ग्रहण गर्नु पर्दछ । कोसँग प्रव्रजित हुने ?"

त्यस बखत **राजगृहमा सञ्जय** भन्ने परिव्राजक महत परिव्राजकहरूका साथ बस्दथे । अनि पाँचशय परिवारका साथ उनीहरू संजय परिव्राजकद्वारा प्रव्रजित भए । उनीहरू प्रव्रजित भएदेखि **संजयलाई** विशेष लाभसत्कार प्राप्त भयो । केही **समयमै** उनीहरूले **संजय** परिव्राजकको धर्मशास्त्र सिके । एकदिन उनीहरूले सोधे "आचार्य ! तपाईले जान्नु भएको धर्म यत्तिकै हो कि अथवा यो भन्दा बढ्ता छ ?"

"यत्तिकै हो, अब सबै तिमीहरूले जानिसक्यौ ।"

यसो भन्दा उनीहरूले विचार गरे "यदि यस्तो हो भने यिनकहाँ बसेर ब्रह्मचर्य पालन गर्नु व्यर्थ हो । जुन मोक्षधर्म खोज्नको निमित्त हामी घरबाट निस्केकाछौं त्यो पूरा हुने छैन । जम्बुद्वीप विशाल छ । गाउँ, निगम, नगरमा विचरण गर्दा अवश्य पनि मोक्षधर्म देशनागर्ने कुनै पुरुष भेट्न सकिने छ ।" त्यहाँदेखि उनीहरू जहाँ जहाँ पण्डितहरू थिए त्यहाँ त्यहाँ गई छलफल गर्न थाले । उनीहरूले सोधेका प्रश्नहरूको उत्तर कसैले दिन सक्दैनथे । वरु उनीहरू अरुहरूको



Downloaded from http://dhamma.digital/

प्रश्नको उत्तर दिन्थे । यसरी **जम्बुद्वीप** भ्रमण गरी फर्केर आफ्नो ठाउँमै आएर बसे । एक दिन **उपतिस्सले** भने "सौम्य कोलित ! हामीहरू मध्ये जसले पहिले अमृत पाउनेछ उसले अर्कोलाई भन्नुपर्छ" भन्ने वाचा गरे । यस्तो वाचा गरी बसिरहेका बेलामा **शास्ता** पनि **राजगृहमा** आइपुग्नु भई **वेणुवनमा** बसिरहनु भएको थियो ।

त्यस समय **पञ्चभद्रवर्गीय** भिक्षुहरू मध्ये सबैभन्दा कान्छा **अस्सजि** (= अश्वजित्) भिक्षु पनि राजगृहमै आएका थिए । अनि भोलिपल्ट उनी **राजगृहमा** भिक्षा माग्न गए । त्यस बखत बाटामा हिडिरहेका **उपतिस्स** परिव्राजकले उनलाई देखेर यस्तो सोच्न थाले– "मैले यस प्रकारका प्रव्रजितलाई अघि कहिल्यै देखेको थिइन । यो लोकमा जो अरहत् हुन् अथवा जो अरहत् मार्गमा लागेका छन् तिनीहरूमध्ये यी श्रमण पनि हुनुपर्छ ।" अतः म उनकहाँ गई "तिमी को हौ कसको उद्देश्य लिएर प्रव्रजित भएका हौ ? तिम्रो शास्तो को हो ? कसको धर्म तिमी रुचाउँछौ !" भनी सोध्नुपर्‍यो भनी विचार गरे । फेरि मनमा यस्तो लाग्यो "भिक्षाको समयमा सोध्नु ठीक छैन । बरु किन म नै यिनको पछि पछि लागेर नजाऊँ । प्यासीले कुवा खोज्नु पर्छ ।" अनि आफै पछि पछि लागेर गए । भिक्षाटन गरिसकी शहरबाट बाहिर गई एक रुखमुनि बस्न खोजेका स्थविरको निमित्त परिव्राजकले आफ्नो बस्ने आसन बिच्छ्याइदिए र भोजनपछि आफ्नो कमण्डलुबाट पानी पनि दिए । यसरी आचार्य व्रत देखाई भोजन गरिसकेका स्थविरसँग कुशलक्षेम कुरा गर्दै सोधे कि "आवुसो ! तिम्रा इन्द्रियहरू अति प्रसन्न छन् र चेहेरा अति परिशुद्ध छ । तिमी को हौ ? तिमी कसको उद्देश्य लिएर प्रव्रजित भएका हौ ? तिम्रा शास्ता को हुन् ? कसको धर्म रुचाउँछौ ?"

"यी परिव्राजकहरू बुद्ध धर्मका विपक्षी हुन्छन् । यिनलाई बुद्धधर्मको गम्भीरता देखाइदिनुपर्छ ।" यति सोची आफू बुद्धधर्ममा भर्खरै आएको भन्ने कुरा दर्शाउँदै "आवुसो ! म यस धर्ममा प्रव्रजित भएको धेरै भएको छैन । विस्तारपूर्वक धर्मको कुरा म बताउन सक्दिन" भनी भने । परिव्राजकले भने– "आवुसो ! म **उपतिस्स**



Downloaded from http://dhamma.digital/

हुँ। तिमीले आफ्नो शक्ति अनुसार थोरै वा धेरै बताऊ। त्यसलाई शय प्रकारले वा हजार प्रकारले बुझ्ने काम मेरो हुनेछ।" यसो भनेपछि स्थविरले भन्नु भयो–

**"ये धम्मा हेतुप्पभवा, तेसं हेतुं तथागतो आह।**
**तेसं च यो निरोधो, एवंवादी महासमणो'॥"**

(महा. व. पा. पृ. ३९ : महाखन्धकं।)

**अर्थ—**

"हेतुद्वारा उत्पन्न हुने वस्तु (= पञ्चस्कन्ध) र जुन वस्तु हेतुको कारणले उत्पन्न हुन्छ त्यसको हेतु पनि **तथागतले** बताउनु भएको छ। अनि त्यसको निरोध हुने उपायको कुरा पनि वहाँले बताइदिनु भएको छ। यस्तावादी **महाश्रमण गौतम** हुनुहुन्छ।"

गाथाको प्रथम दुइपद सुन्नेबित्तिकै परिव्राजकले विरज वीतमल भएको स्रोतापत्तिफल प्राप्त गरे। परिव्राजकले यस्तो पनि भने "भन्ते ! भो भइहाल्यो पुग्यो, अरु बढ्ता कुरा नभने पनि हुन्छ। बरू वहाँ हाम्रा **शास्ता** कहाँ बस्नु भएको छ ?"

"आवुसो ! **वेणुवनमा** हुनुहुन्छ।"

"भन्ते ! त्यसोभए तपाई जानुहोस्। मेरो एक साथी छ। हामीहरूको बीचमा जसले पहिले अमृत प्राप्त गर्छ उसले अर्कोलाई बताउनु पर्छ भन्ने वाचा छ। त्यसैले म त्यो वाचा पूरा गरी उसलाई पनि लिएर तपाई गएकै बाटो लागेर **शास्ताकहाँ** आउनेछु" भनी पञ्चाङ्ग प्रतिष्ठित गरी स्थविरको चरणमा ढोगी तीन पटक प्रदक्षिणा गरी स्थविरलाई पठाई आफू परिव्राजकारामतिर गए। टाढैदेखि **उपतिस्सलाई** आइरहेको देखेर **कोलित** परिव्राजकले "आज मेरो साथी **उपतिस्सका** इन्द्रिय तथा चेहरा अरु दिन जस्तो होइन वडो प्रसन्न स्वभावका देखिन्छन्। अवश्य पनि उनले



Downloaded from http://dhamma.digital/

अमृत पाए होलान्" भनी सोची आउना साथ "अमृत भेट्टायौ कि क्या हो ?" भनी सोध्दा उनले पनि 'हो, आवुसो ! अमृत प्राप्त भयो ।" भनी **अस्सजि स्थविरले** भन्नु भएको गाथा पढेर सुनाइदिए । गाथाको अवशानमा **कोलित** परिव्राजकले पनि स्रोतापत्ति फल प्राप्त गरी "सौम्य ! हाम्रा **शास्ता** कहाँ हुनुहुन्छ नि" भनी सोधे ।

"**वेणुवनमा** हुनुहुन्छ" भनी हाम्रा आचार्य **अस्सजि स्थविर** भन्नु हुन्छ ।

"त्यसो भए, सौम्य ! हामी **शास्ताको** दर्शनार्थ जाऔं ।"

यी **उपतिस्स परिव्राजक** चाहिं सधैं गुरु भक्ति गर्ने हुन् । त्यसैले साथीलाई यस्तो भने– "सौम्य ! हामीले अमृत पायौं । अत: यो कुरा हाम्रा आचार्य, **सञ्जय** परिव्राजकलाई पनि सुनाऔं । बुझ्न सके बुझ्नेछन् । बुझ्न नसके पनि हाम्रो कुरामा विश्वास गरी **शास्ताकहाँ** जान सक्छन् । बुद्धको धर्मोपदेश सुनेर मार्गफल प्रतिवेध गर्न सक्छन् ।" अनि दुबैजना **सञ्जयकहाँ** गए । उनीहरूलाई देखी **सञ्जयले** "हे तात ! के तिमीहरूले कुनै अमृतमार्ग देशक भेट्टायौ के ?" भनी सोधे ।

"हो आचार्य ! भेट्टायौं । लोकमा बुद्ध, धर्म र सङ्घ उत्पन्न भएका छन् । तपाई तुच्छ असारमा बस्नु हुन्छ । आउनुहोस् **शास्ताकहाँ** जाऔं ।"

"तिमीहरू जाओ, म जान सक्दिन ।"

"किन ?"

"म चाहिं आचार्य भएर बसेको छु । उनको शिष्य बन्नु त पानी राख्ने भाँडाबाट पानी झिक्ने डाडु जस्तै हुनु हो । म अन्तेवासी भएर बस्न सक्दिन ।"

"आचार्य ! यस्तो नभन्नुहोस् ।"

"भइहाल्यो, तिमीहरू जाओ । म जाने छैन ।"

"आचार्य ! लोकमा बुद्ध उत्पन्न भएकाले महाजनहरू हातमा माला लिई उहीं गई पूजा गर्नेछन् । हामी पनि उहीं जानेछौं । तपाई यहाँ के गरी बस्नु हुन्छ ?"

"तात ! यो लोकमा अपण्डित मूर्खहरू धेरै छन् कि पण्डित बुद्धिमान्हरू धेरै छन् ?"



Downloaded from http://dhamma.digital/

"आचार्य ! मूर्खहरू नै धेरै छन् । पण्डित बुद्धिमान्हरू थोरै छन् ।"

"तात ! त्यसोभए पण्डितहरू पण्डित **श्रमण गौतमकहाँ** जाने छन् । अपण्डित मूर्खहरू अपण्डित मूर्ख मकहाँ आउनेछन् । तिमीहरू जाओ, म जान सक्तिन ।"

"आचार्य ! तपाईले थाहा पाउनु हुनेछ" भनी उनीहरू गए । उनीहरू गएपछि **सञ्जयको** परिषद्मा फूट भयो । त्यस बखत आश्रम खालि भयो । खालि आश्रमदेखि उनले तातो रगत वमन गरे । उनीहरूका साथमा गएका परिव्राजकहरू मध्ये **सञ्जयका** अढाइ शय परिव्राजकहरू फर्केर आए । उनीहरू आ-आफ्ना अढाइ शय परिव्राजकहरूका साथ गए । चतुपरिषद्को बीचमा बसी धर्मोपदेश गरिरहनु भएका बुद्धले टाढैदेखि उनीहरू आइरहेको देखी "भिक्षु हो ! यी दुइ साथीहरू आइरहेका छन् । **उपतिस्स** र **कोलित** भन्ने । यिनीहरू मेरो भिक्षु सङ्घमा युगल अग्रश्रावकहरू हुने छन्" भनी भन्नुभयो । शास्तालाई वन्दना गरी तिनीहरू एक छेउमा बसे । अनि भगवान्सँग यस्तो बिन्ति गरे "भन्ते ! हामीले भगवान् समक्ष प्रव्रज्या र उपसम्पदा पाऊँ ।"

"भिक्षु हो ! आऊ, सुआख्यात धर्म छ । सम्यक् प्रकारले दुःख क्षय गर्नको लागि ब्रह्मचर्य पालन गर" भनी भगवान्ले भन्ने बित्तिकै, तथागत-ऋद्धिको प्रभावद्वारा उनीहरू सबै शयवर्षीय महास्थविरहरू जस्तै भई चीवरधारी भए । त्यहाँदेखि **उपतिस्स** परिव्राजकहरूलाई **सारिपुत्र** र **कोलित** परिब्राजकलाई **मौद्गल्यायन** भनी जान्न थाले । भिक्षु भएको एक साता हुँदा **मगध देशको कल्लवाल** भन्ने गाउँमा बसिरहेको बेलामा भगवान्बाट '**पचलायमान**' (अं. नि. ७ पृ. २१८ मा उल्लेख भएको छ ।) सूत्रको उपदेश सुनी **मौद्गल्यायन स्थविर** अरहत् भए । **सारिपुत्र स्थविर** चाहिं भिक्षु भएको दुइ हप्तामा राजगृहको **गृद्धकूट पर्वतस्थित सूकरखतलेन** भन्ने गुफामा यिनकै भाञ्जा **दीर्घनख** (यो सूत्रको अनुवाद लेखकको बु. प. I. पृ. ३५७ मा उल्लेख भएको छ ।) परिव्राजकलाई दिनुभएको **दीघनख**' (यो सूत्रको अनुवाद लेखकको बु. प. I. पृ. ३५७ मा उल्लेख भएको छ ।) सूत्रको उपदेश सुनिरहेको बेलामा अरहत् भएका



Downloaded from http://dhamma.digital/

हुन् । उसै दिन घाम झुल्कने वेलामा **वेणुवनमा** भगवान्ले **श्रावकसन्निपात** गरी दुबै स्थविरहरूलाई अग्रस्थान-पद प्रदान गर्नु भई प्रातिमोक्ष (भिक्षुहरूको नियमावली) उद्देशण गर्नु भएको थियो ।

भगवान्ले **सारिपुत्र** र **मौद्गल्यायन** दुइजनालाई युगल अग्रस्थान दिएको बारेमा "भगवान्ले मुख हेरी भिक्षा दिनु हुन्छ । अग्रस्थान दिनेले कि त सबभन्दा पहिले प्रवजित हुने **पञ्चभद्रवर्गीय** भिक्षुहरूलाई दिनु पर्थ्यो अथवा **यश** भिक्षु सहित उनका चउन्न जना साथीहरूलाई दिनु पर्थ्यो । उनीहरूलाई पनि नदिएको खण्डमा तीस जना **भद्रवर्गीय** भिक्षुहरूलाई दिनुपर्थ्यो अथवा **उरुवेल कश्यपादि** तीनजना **भद्रवर्गीय** भिक्षुहरूलाई दिनुपर्थ्यो" भन्दै भिक्षुहरूले असन्तोष भाव व्यक्त गरे । यो सुन्नु भई भगवान्ले "भिक्षुहो ! के भनिरहेको ?" भनी सोधनी हुँदा भिक्षुहरूले उक्त कुरा निवेदन गरे । अनि भगवान्ले भन्नुभयो- "भिक्षुहो ! मुख हेरेर दिएको होइन अपितु उनीहरूले प्रार्थना गरेर आए बमोजिम दिएको हुँ" भनी भन्नुहुँदा सो कुरा बताउनु हुन भिक्षुहरूले प्रार्थना गरेपछि **शास्ताले** यो कथा सुनाउनु भयो-

"एक लाख असंख्य कल्प अघि **सारिपुत्र** ब्राह्मण महाशाल कुलमा **सरद** (= शरद) भन्ने नामले जन्मेका थिए । **मौद्गल्यायन सिरिवड्ढक** भन्ने नामले गृहस्थी महाशाल कुलमा जन्मेका थिए । यी दुबै जना धुलोको खेल खेल्ने साथी थिए । यी मध्ये आफ्नो बाबुको मृत्युपछि सरद माणवले विचार गरे- "म इहलोकको कुरा मात्रै जान्दछु र परलोकको कुरा जान्दिन । जन्मेको प्राणीको मरण अवश्यमेव हुनेछ । अतः कहीं प्रव्रजित भई कुनै मोक्षधर्म खोजि गर्नुपर्छ । यो कुरा साथीलाई पनि भन्नुपर्छ" भनी निस्केर गई साथी **सिरिवड्ढकलाई** भने- "हे साथी ! म त प्रव्रजित भई मोक्षधर्म खोज्नेछु । तिमी प्रव्रजित हुन सक्छौ कि सक्दैनौ ?"

"साथी ! म त प्रव्रजित हुन सक्दिन । तिमीमात्र प्रव्रजित होऊ ।"

अनि उनले विचार गरे "परलोक जानेले न साथी न ज्ञातिबन्धुहरू साथमा लिएर जान्छ । आफूले गरेको आफूलाई नै हुन्छ ।" यति सोचेर घरमा गई आफ्नो



Downloaded from http://dhamma.digital/

ढुकुटी खोली कृपण याचक गरीबहरूलाई महादान दिई पर्वततिर गई ऋषिभेष धारण गरी प्रव्रजित भए । यिनका साथ लागी प्रव्रजित हुने जटिलहरू चौहत्तर हजार (७४,०००) पुगे । **पञ्चअभिज्ञा** (ऋद्धिविध-ज्ञान, दिव्यश्रोत-ज्ञान, पूर्वेनिवास-ज्ञान, चेतोपरिय (= चित्तपरिच्छेद) ज्ञान तथा दिव्यचक्षु-ज्ञानलाई 'पञ्चअभिज्ञा' भनिन्छ ।) र **अष्टसमापत्ति** (रूपावचर ध्यान चार र अरूपावचर ध्यान चारलाई 'अष्टसमापत्ति' भनिन्छ ।) लाभ गरी ती जटिलहरूलाई **कसिण** (कसिण ध्यान भनेको कस्तो हो भन्ने कुरा लेखकको बु. म. I. पृ. ३९२ र ३९९ मा समुल्लेख भएको छ ।) भावनाको कुरा सिकाइदिए र उनीहरूले पनि पञ्चअभिज्ञा र अष्टसमापत्ति ध्यान लाभ गरे ।

त्यस बखत **अनोमदर्शी बुद्ध** भगवान् लोकमा हुनुहुन्थ्यो । वहाँको जन्मस्थान **बन्धुमती** नगर हो र पिता **यशवन्त** क्षत्री र माता **यशोधरा** हुन् । वहाँले पीपल रुखमुनि बोधिज्ञान लाभ गर्नु भएको थियो । **निषभ** र **अनोम** भन्ने वहाँका दुइ अग्रश्रावकहरू थिए । **वरुण** भन्ने भिक्षु उपस्थाक र **सुन्दरा** र **सुमना** भन्ने दुइ अग्रश्राविकाहरू थिए । वहाँको आयु एकलाख वर्ष थियो । शरीरको उचाई अन्ठाउन्न (५८) हात थियो र शरीरको प्रभा बान्ह योजन फैलिन्थ्यो । एक लाख भिक्षु परिवार थिए ।

एकदिन प्रत्युष समयमा महाकरुणा समापत्तिवाट उठी लोकमा हेर्दा **सरद** तपस्वीकहाँ गएर धर्मदेशना गऱ्यो भने चौहत्तर हजार (७४,०००) जटिलहरू अरहत् हुनेछन् तथा सरद **तपस्वीले** अग्रश्रावकस्थान प्रार्थना गर्नेछन् र उनको साथी **सिरिवड्ढकले** द्वितीय अग्रश्रावकस्थान प्रार्थना गर्नेछन् । "आज त्यहाँ जानु योग्य छ" भनी पात्र चीवर ग्रहण गरी अरु कसैलाई केही नभनी **सरद तपस्वीका** अन्तेवासीहरू फलफूल लिन गइरहेको समयमा त्यहाँ पुग्नु भयो । "मलाई **बुद्ध** भनी जानुन्" भनी अधिष्ठान गरी **सरद तपस्वीले** देख्ने गरी आकाशबाट ओर्ली पृथ्वीमा उभिनु भयो । अनि वहाँको शारीरिक प्रभाव तथा शरीरमा भएका लक्षणहरूबारे "यस्ता लक्षणहरू हुने पुरुष गृहस्थी भए चक्रवर्ती राजा र गृहत्याग



Downloaded from http://dhamma.digital/

गरेमा सर्वज्ञ बुद्ध हुनेछन्" भन्ने आफ्नो शास्त्रानुसार **सरदले** परीक्षण गर्दा "यी पुरुष अवश्य पनि बुद्ध हुन्" भन्ने निश्चय गरी प्रत्युगमन गरी पञ्चांग वन्दना गरी आसन बिच्छ्याइ दिए । भगवान् बस्नु भएपछि **सरद तपस्वी** पनि आफ्नो अनुकूल आसनमा बसे । त्यतिखेरै उनका चौहत्तर हजार जटिल अन्तेवासीहरू प्रणीत तथा ओजपूर्ण फलफूलहरू लिई आइपुगे । बुद्ध र आफ्ना आचार्य बसिरहेको आकार प्रकारलाई विचार गरी "आचार्य ! यो लोकमा तपाई जस्तो श्रेष्ठ पुरुष अरु कोही छैन भन्ने धारणा गरी हामी बसिरहेका थियौं । यी पुरुष त तपाईभन्दा पनि श्रेष्ठतर जस्ता देखिन्छन्" भनी भने । "तात ! के भनेको ? अठसट्ठी लाख (६८,००,०००) योजन उचाइ भएको सुमेरु पर्वतसँग एउटा सस्यौंको गेडा दाँजे जस्तै मसँग दाँज्न खोज्दैछौ जस्तो लाग्छ" भनी भने । "यदि यी पुरुष कमसल पुरुष भएका भए हाम्रा आचार्यले यस्तो उपमा दिनु हुने थिएन होला । अहो ! कस्ता महापुरुष !" भन्दै सबैले **तथागतको** चरणमा शीरले ढोगे । अनि उनीहरूलाई आचार्यले भने "तात ! हाम्रा बुद्धलाई दिनयोग्य, उचित वस्तु छैन । **शास्ता** चाहिं भिक्षाको बेलामा यहाँ आउनु भएको छ । हामीले यथाशक्ति दिनयोग्य वस्तु देऔं । तिमीहरूले ल्याएका प्रणीत तथा ओजपूर्ण फलफूलहरू ल्याऊ" भनी ल्याउन लगाई हात धोई स्वयंले **तथागतको** भिक्षा पात्रमा राखि दिए । शास्ताले स्वीकार गर्नु भयो । पिउने पानी पनि तपस्वी आफैले छानी दिए । **तथागतले** भोजन गरिसक्नु भएपछि सबै शिष्यहरूका साथ कुशलक्षेम कुरा गरी बस्नु भयो । त्यस बखत **शास्ताले** "दुइ अग्रश्रावकहरू भिक्षुसङ्घका साथ आओ" भनी मनमा चिताउनु भयो । **शास्ताको** मनोभाव बुझी एकलाख क्षीणास्रवी परिवारका साथ उनीहरू आई **शास्तालाई** अभिवादन गरी एक छेउमा उभिए । अनि **सरद तपस्वीले** आफ्ना शिष्यहरूलाई बोलाई "तात ! बुद्ध बस्नु भएको आसन पनि होचो छ, अरु श्रावकहरूका निमित्त आसनहरू पनि छैनन् । आज तिमीहरूले बुद्धलाई भव्य रूपले स्वागत गर्न सक्नु पर्छ । अतः पर्वतको फेदीमा गई वर्णगन्ध सम्पन्न फूलहरू ल्याओ" भनी अह्राए ।



Downloaded from http://dhamma.digital/

भनिरहँदा अबेर हुन्छ अतएव आ-आफ्नो ऋद्धि प्रभावले तुरुन्त ल्याओ । तिनीहरूले तुरुन्तै वर्णगन्ध सम्पन्न फूलहरू ल्याई बुद्धको निमित्त एक योजन (चार गाउतको एक योजन हुन्छ ।) प्रमाणको पुष्पासन बिच्छ्याइ दिए । दुइ अग्र श्रावकहरूका लागि तीन गाउत प्रमाणका पुष्पासनहरू बिच्छ्याइ दिए । बाँकी भिक्षुहरूको लागि आधा आधा योजनको र नवक भिक्षुहरूको लागि उसभ (१४० हातको एक उसभ हुन्छ ?) प्रमाणको आसन बिच्छ्याइ दिए । अनि सरद तपस्वीले **तथागतको** अगाडि दुइहात जोरी उभिई "भन्ते ! मेरो दीर्घकालिक हित सुखको निमित्त यो पुष्पासनमा बस्नुहोस्" भनी प्रार्थना गरे । **शास्ता** पुष्पासनमा बस्नु भएपछि दुइ अग्रश्रावकहरू र अरु भिक्षुहरू यथायोग्य आसनहरूमा बसे । **सरद तपस्वीले तथागतलाई** पुष्पछत्र ओडाइ रहे । "जटिलहरूको यो सत्कारद्वारा जटिलहरूले महत्फल प्राप्त गरुन्" भनी तथागत **निरोधसमापत्तिमा** (यो निरोधसमापत्ति (ध्यान) मा अष्टसमापत्ति लाभी अनागामी र क्षीणास्रवी अरहत्‌हरूमात्र तल्लीन् हुन सक्छन् । अरुहरू हुन सक्दैनन् । निरोधसमापत्ति भनेको चित्त चैतसिक धर्मलाई क्रमशः निरुद्ध गर्नु हो । पटि. म. अ. क. पृ. २१९ : निरोधसमापत्तिञाणनिद्देसो ।) बस्नु भयो । तथागत निरोधसमापत्तिमा तल्लीन् हुनु भएको बुझी दुइ अग्रश्रावकहरू तथा अरु भिक्षुहरू सबै **निरोधसमापत्तिमा** तल्लीन भई बसे । सात दिन सात रातसम्म तथागत समापत्तिमा बसुञ्जेल **सरद** तपस्वीका शिष्यहरू भोजन समयमा फलफूल ल्याई खान्थे र अरु समयमा बुद्धलाई दुइहात जोरी उभिइ रहन्थे । **सरद** तपस्वी चाहिं भिक्षाको बेलामा पनि कहीं नगई पुष्पछत्र समातेरै एक सप्ताहसम्म प्रीति तथा सुखपूर्वक उभिएर नै बसे । निरोध- समापत्तिबाट उठ्नु भई **शास्ताले** दाहिनेतिर बसेका अग्रश्रावक **निषभ** स्थविरलाई बोलाई "निषभ ! सत्कार गर्ने तपस्वीहरूलाई पुष्पासनानुमोदन गर" भनी भन्नु भयो ? उनको देशनापछि **शास्ताले** द्वितीय अग्रश्रावकलाई "तिमीले पनि धर्म देशना गर" भनी भन्नु भयो । **अनोम स्थविरले** त्रिपिटक बुद्धवचन परामर्श गरी धर्मदेशना गरे । दुबै श्रावकहरूको धर्मदेशनाद्वारा कसैलाई पनि धर्मावबोध



Downloaded from http://dhamma.digital/

भएन । अनि अप्रमाण बुद्ध विषयमा बस्नुभई **शास्ताले** धर्मोपदेश गर्नुभयो । देशना सिधिएपछि **सरद तपस्वी** एकजना बाहेक अरु सबैले अरहत्व प्राप्त गरे । **शास्ताले** "आऊ भिक्षु हो !" भनी हात पसार्नु भयो । सबै केश दाह्रीहरू उतना घरीमै लुप्त भए । **सरद तपस्वी** मात्र किन अरहत् नभएका हुन् भने– अग्रश्रावकले धर्मदेशना गर्न थाल्नु भएदेखि उनको मनमा "अहो ! म पनि भविष्यमा कुनै बुद्धको शासनमा अग्रश्रावक हुन पाए हुन्थ्यो" भन्ने कल्पना गरिरहेका थिए । यसै कारणले उनले कुनै मार्गफल (बौद्ध साहित्यमा 'मार्ग र मार्गफल' भन्ने शब्दको अर्थ स्रोतापत्ति, सकृदागामी, अनागामी तथा अरहत् मार्गलाई 'मार्ग' र उसैको फल प्राप्तिलाई 'मार्गफल' भनिन्छ ।) पाउन नसकेका हुन् । अनि **तथागतलाई** वन्दना गरी अगाडि उभिई "भन्ते ! तपाईको दाहिनेतिर बसेका भिक्षु तपाईका को हुन् ?" भनी सोधे ।

"मेलै प्रवर्तन गरेको धर्मचक्रलाई अनुप्रवर्तन गर्न सक्ने श्रावकपारमीको चुचुरोमा पुगेका सोह्र प्रकारका प्रज्ञालाई (सोह्र प्रकारका प्रज्ञा भनेको कस्तो हो भन्ने बारेका कुरा पटि. म. पृ. ४५० : महापञ्ञाकथा, पञ्ञावग्गोमा वर्णित भएको छ ।) बुझेको मेरा अग्रश्रावक हुन् ।"

"भन्ते ! जो मैले एक **सप्ताहसम्म** पुष्पछत्र समाती तपाईको **स्वागत** सम्मान गरें त्यसबाट म शक्रत्व वा ब्रह्मत्व प्रार्थना गर्दिन । भविष्यमा हुने कुनै बुद्धको अग्रश्रावक प्रार्थना गर्दछु ।"

अनि **शास्ताले** भविष्य ज्ञानद्वारा हेर्दा उनको प्रार्थना एकलाख असंख्यकल्प बितेपछि सफल हुनेछ भन्ने जान्नु भई सरद तपस्वीलाई भन्नु भयो– "तिम्रो यो प्रार्थना तुच्छ हुने छैन । भविष्यमा एकलाख असंख्यकल्प पछि लोकमा **गौतम** भन्ने बुद्ध उत्पन्न हुने छन् । उनको आमा **महामाया** भन्ने देवी, पिता **शुद्धोदन** भन्ने राजा, पुत्र **राहुल** भन्ने कुमार, **आनन्द** भन्ने उपस्थाक, द्वितीय अग्रश्रावक **मौद्गल्यायन** भन्ने र तिमी चाहिं उनको प्रथम अग्रश्रावक धर्मसेनापति **सारिपुत्र** भन्ने हुनेछौ ।" यसरी तपस्वीलाई भविष्यवाणी प्रकाश गरी धर्मोपदेश गरी भिक्षुहरूका साथ



Downloaded from http://dhamma.digital/

आकाश मार्गद्वारा जानु भयो । अनि **सरद तपस्वीले** अन्तेवासिक स्थविरहरूलाई "भन्ते ! मेरा साथी **सिरिवड्ढकलाई** तिम्रो साथी **सरद तपस्वीले** भविष्यमा उत्पन्न हुने **गौतम** बुद्धको प्रथम अग्रश्रावक हुन पाउँ भनी **अनोमदर्शी बुद्धको** चरण कमलमा प्रार्थना गरे । तिमीले द्वितीय अग्रस्थान प्रार्थना गर" भनी भनिदिनुहोला भनी भने । यति भनेर पछि स्थविरहरू भन्दा अगाडि नै अर्को बाटोबाट गई उनी **सिरिवड्ढकको** दैलोमा उभिए ।

"अहो ! धेरै दिन पछि मेरा साथी सरद **तपस्वी** आउनु भयो" भनी आसन बिच्छ्याई आफू एक होचो आसनमा बसी **सिरिवड्ढकले** "भन्ते ! तपाईका अन्तेवासिक परिषद् खोइ त ?" भनी सोधे ।

"सौम्य ! मेरो आश्रममा **अनोमदर्शी बुद्ध** भगवान् आउनु भयो र उनीहरू सबै अरहत् भई वहाँका श्रावक वनेर गए । मैले चाहिं भविष्यमा हुने **गौतम** वुद्धको प्रथम अग्रश्रावक हुन सकूँ भनी प्रार्थना गरें । तिमीले पनि वहाँको द्वितीय अग्रश्रावक हुने प्रार्थना गर" भनी भने ?

"भन्ते ! बुद्धसँग मेरो परिचय छैन के गर्ने ?"

"बुद्धसँग कुरा गर्ने जिम्मा मेरो भयो । तिमी चाहिं बुद्धलाई भव्य रूपले स्वागत गर्ने प्रबन्ध मिलाऊ ।"

उनको कुरा सुनी **सिरिवड्ढकले** आफ्नो आँगनमा राजकीय सम्मानको लागि आठ करिस (चार अम्मण प्रमाणको धानको बिउ रोप्न सक्ने ठाउँ । 'अम्मण' भनेको त्यस बखतको धान भर्ने भाँडा हो ।) प्रमाणको भूमि भाग सम्म पार्न लगाई बालुवा छर्न लगाई लावा सहित पाँच प्रकारका फूलहरू छर्न लगाई नीलो कमलको मण्डप तयार पार्न लगाई बुद्धासन तयार पारी अरु भिक्षुहरूको निमित्त पनि आसनहरू तयार पार्न लगाई बडो भव्य रूपले सम्मान गर्ने व्यवस्था मिलाईसकेपछि **सरद** तपस्वीलाई निम्तो गर्ने कुराको सूचना दिए । तपस्वीले बुद्ध सहित भिक्षुसङ्घलाई निम्तो गरेर ल्याए । **सिरिवड्ढकले** प्रत्युगमन गरी तथागतको



Downloaded from http://dhamma.digital/

हातबाट भिक्षापात्र लिई मण्डपभित्र लगी आसनमा बसाली बुद्ध सहित भिक्षुसङ्घलाई प्रणीत भोजन दान दिए । भोजन पछि बुद्ध सहित भिक्षुसङ्घलाई अनर्घ वस्त्रहरू ओढाई "भन्ते ! यो पूजा सत्कार कुनै स्यानो स्थानको निमित्त होइन । अत: यस्तै प्रकारले एक सातासम्म अनुकम्पा राख्नु होस्" भनी बिन्ति गरे । **शास्ताले** स्वीकार गर्नुभयो । यस्तै रूपले एक सप्ताहसम्म दान दिई दुइ हात जोरी भगवान्लाई नमस्कार गरी उभिएर भने– "भन्ते ! मेरा साथी **सरद तपस्वीले** जुन बुद्धको प्रथम अग्रश्रावक हुन सकूँ भनी प्रार्थना गरे म उही बुद्धको द्वितीय अग्रश्रावक बन्न सकूँ भनी प्रार्थना गर्दछु" भनी बिन्ति गरे । **शास्ताले** अघि जस्तै भविष्य ज्ञानले हेर्नु भई "तिमी भविष्यमा उत्पन्न हुने उही बुद्धका द्वितीय अग्रश्रावक हुनेछौ" भनी भविष्यवाणी गर्नु भयो । बुद्धको भविष्यवाणी सुनी **सिरिवड्ढक** अति प्रफुल्लित भए । अनि बुद्ध भगवान् भुक्तानुमोदन पछि विहारमै फर्केर जानु भयो ।"

"भिक्षु हो ! त्यस बखत मेरा पुत्रहरूले गरेको प्रार्थना यही हो । आफूले प्रार्थना गरे अनुसार नै उनीहरूले पाए । मैले मुख हेरेर दिएको होइन ।"

यस्तो भन्नु भएपछि अग्रश्रावकहरूले भगवान्लाई "भन्ते ! हामीहरू घरमा छँदा गीतिकानृत्य हेर्न जाँदा...आदि" भनी **अस्सजि स्थविर** भेटे सम्मको कुरा जम्मै सुनाई "भन्ते ! अनि हामीहरू आचार्य **सञ्जय** परिव्राजककहाँ गई तपाईकहाँ ल्याउने विचारले उनको धर्ममा कुनै सार छैन भनी भन्यौं । यसपछि तपाईकहाँ आउनाको गुण पनि वतायौं । तैपनि हामीले उनलाई तपाई कहाँल्याउन सकेनौ" भनी विन्ति गरी फेरि यस्तो सुनायौं "भन्ते ! उनले भने कि अव म शिष्य भएर बस्न सक्दिन । शिष्य हुनुको मतलब पानी राख्ने भाँडाबाट पानी लिने दाडु जस्तै हुनु हो । अनि हामीहरूले भन्यौ कि अब लोकमा बुद्ध उत्पन्न भइसक्नु भयो । मानिसहरू बुद्धकहाँ जाने छन् । तपाई एक्लै के गरी वस्नु हुनेछ" भन्दा "के त यो संसारमा पण्डितहरू धेरै छन् कि मूर्खहरू धेरै छन् ?" भनी सोधे । अनि हामीहरूले "मूर्खहरू नै धेरै छन्" भनी भन्यौ । अनि उनले भने कि "त्यसो भए



Downloaded from http://dhamma.digital/

पण्डितहरू जति पण्डित भएका **श्रमण गौतम** कहाँ जाने छन् र मूर्खहरू जति मूर्ख भएको म कहाँ आउने छन् । तिमीहरू जाओ" भनी आउन चाहेनन् भन्ते !

यो सुनेर **शास्ताले**– "भिक्षुहो ! **सञ्जयले** आफ्नो मिथ्यादृष्टिको कारणले गर्दा असारलाई सार र सारलाई असार भनी ग्रहण गरे । तिमीहरूले चाहिं आफ्नो पाण्डित्यताले गर्दा सारलाई सार र असारलाई असार भनी जानी असारलाई छाडेर सारलाई नै ग्रहण गऱ्यौ" भनी भन्नु भई यो गाथा प्रकाश पार्नु भयो–

११. "**असारे सारमतिनो, सारे चा, सारदस्सिनो ।**
**ते सारं नाधिगच्छन्ति, मिच्छासङ्कप्प गोचरा ॥**"

१२. "**सारञ्च सारतो ञत्वा, असारञ्च असारतो ।**
**ते सारं अधिगच्छन्ति, सम्मासङ्कप्प गोचरा ।**"

**अर्थ—**

११– "असारलाई सार र सारलाई असार भनी ठान्ने यस्तो मिथ्यादृष्टि हुने व्यक्तिले कहिल्यै सार पदार्थ लाभ गर्न सक्दैन ।"

१२– "सारलाई सार र असारलाई असार भनी जान्ने यस्तो सम्यक्दृष्टि हुने व्यक्तिले सार पदार्थ लाभ गर्न सक्छ ।"



Downloaded from http://dhamma.digital/

## संक्षिप्त धम्मपद कथा अभ्यास – ८

१. उपतिस्स र कोलितको पारिभाषिक जीवनी लेख्नुहोस् ।
२. गीतिनाटकले उपतिस्स र कोलितको जीवनमा कस्तो परिवर्तन ल्यायो ? लेख्नुहोस् ।
३. 'हामीहरूमध्ये जसले पहिले अमृत पाउने छ उसले अर्कोलाई भन्नुपर्छ' यस वाचालाई कसरी स्पष्ट पार्नुहुन्छ ? लेख्नुहोस् ।
४. किन उपतिस्स परिव्राजक अस्सजि भिक्षुको पछि पछि लागे ? स्पष्ट पार्नुहोस् ।
५. अस्सजि भिक्षुले उपतिस्सलाई के कस्ता प्रश्नहरू गरे ?
६. उपतिस्सलाई अस्सजि भिक्षुले कसरी तथागतको धर्म सम्बन्धी कुरा प्रकाश पार्नुभयो ?
७. उपतिस्स र कोलित तथागतको चेला हुन गएपछि सञ्जय परिव्राजक र उनको आश्रममा के परिवर्तन आए ?
८. सारिपुत्र र मौद्गल्यायनलाई तथागतले किन अग्रस्थान दिनुभयो ? तथागत शास्ता कै भाषामा स्पष्ट पार्नुहोस् ।
९. सरद तपस्वीको बारेमा आफूलाई थाहा भएको कुरा लेख्नुहोस् ।
१०. 'सारलाई सार र असारलाई असार' भनिएको कुरालाई आफ्नो भाषामा स्पष्ट पार्नुहोस् ।

❖❖❖❖



Downloaded from http://dhamma.digital/

# ९. नन्दस्थविर

### ('**यथागारं दुच्छन्नं**' **भन्ने गाथाको कथा**)

"**यथागारं दुच्छन्नं**..." भन्ने यो गाथा **जेतवनमा** बसिरहनु भएका **शास्ताले नन्द** स्थविरको कारणमा बताउनु भएको हो ।

धर्मचक्र प्रवर्तन गरी **राजगृहगई वेणुवनमा शास्ता** बसिरहनु भएको बेलामा "मेरो छोरालाई बोलाई ल्याइदेओ" भनी **शुद्धोदन महाराजाले** दशपटकसम्म एक एक हजार पठाएका दूतहरू मध्ये सबैभन्दा पछि पछिल्लो पटक गएर अरहत् भएका **कालुदायी** स्थविरले "जाने बेला भयो" भन्ने ठानी बाटोको वर्णन गरी बीस हजार क्षीणास्रवी भिक्षु परिवारका साथ भगवान् बुद्धलाई **कपिलवस्तुमा** ल्याई पुऱ्याए । अनि त्यहाँ भेला भएका ज्ञाति बन्धुहरूलाई **पुष्करवृष्टि** (पोक्खरवस्सं) को कारणमा **वेस्सन्तर (विश्वन्तर) जातकका** (यो वेस्सन्तर जातक नेवारी भाषामा र नेपाली भाषामा अनुदित भएको छ । नेवारीको द्वितीयावृत्ति पाटन सुन्धरा, वकुबहाल टोल बस्ने माधवी अनागारिकाले प्रकाशित गरेकी छिन् । त्रिशूलीका धर्मरत्नद्वारा अनुदित नेपालीको प्रकाशन काठमाडौं, धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीद्वारा प्रकाशित भएको छ । हाल परियत्ति : द्वितीय प्रवेश शिक्षा, भाग-२ मा पनि संकलित छ । – सं.) कुरा बताउनु भई भोलिपल्ट भिक्षाटनको निमित्त **कपिलपुर नगरमा** जाँदा "**उत्तिट्ठे नप्पमज्जेय्य**" (यो गाथा धम्मपद लोकवग्गोमा छ; नं. १६८ ।) भन्ने गाथाद्वारा आफ्ना पिता **शुद्धोदन** महाराजालाई स्रोतापत्ति फलमा प्रतिष्ठित गराई पछि "**धम्मं चरे सुचरितं**... (यो गाथा पनि धम्मपद लोक वग्गोमा छ; नं. १६९ ।)भन्ने गाथाद्वारा



Downloaded from http://dhamma.digital/

**महाप्रजापति गौतमीलाई** स्रोतापत्ति फलमा र **शुद्धोदन महाराजलाई** सकृदागामी फलमा प्रतिष्ठित गराउनु भयो । भोजन सिद्धिएपछि **राहुलमाताको** गुण वर्णनाको कारणमा **चन्दकिन्नर** (जा. अ. क. V. पृ. ६, नं. ४८५ ।) जातक बताई त्यसको दोश्रो दिनमा **नन्द कुमारको अभिषेक, गृहप्रवेश तथा विवाह मंगल** भैरहेको बेलामा भिक्षाटन्को निमित्त प्रवेश गरी त्यहाँ मङ्गलको कुरा सुनाई **नन्द कुमारको** हातमा भिक्षापात्र समात्न लगाई आसनबाट उठी भगवान् जानु भयो । उनले **तथागत** प्रतिको गौरबले गर्दा "भिक्षापात्र लिनुहोस् भनी भन्न सकेनन् । अनि यस्तो सोच्न थाले– "भऱ्याङ्गमा पुगेपछि भिक्षापात्र लिनु हुनेछ होला ।" **शास्ताले** त्यहाँ पात्र लिनु भएन । उनले फेरि "भऱ्याङ्ग ओर्लिसकेपछि लिनु हुनेछ होला" भनी सोचे । **शास्ताले** त्यहाँ पनि लिनु भएन । फेरि उनले "पटांगिनीमा लिनु हुनेछ होला" भनी सोचे । त्यहाँ पनि लिनु भएन । कुमार चाहिं फर्कन चाहन्थे । मन नलगाई नलगाई गइरहेका थिए । **शास्ता** प्रति उत्पन्न भएको गौरवको कारणले गर्दा "भिक्षापात्र लिनु होस्" भन्न सक्दैनथे । "यहाँ लिनुहुन्छ कि, वहाँ लिनुहुन्छ कि" भन्ने आशा राख्दै गइरहेका थिए ?

त्यस समय **जनपदकल्याणीलाई** दासीहरूले भनिन्– "आर्या ! भगवान्ले **नन्द राजालाई** साथमा लैजाँदै हुनुहुन्छ । अब तपाईलाई एक्लै पार्नेछन् ।" पानी तप्कदै गरेको र आधा कोरिएको चुल्ठो समात्दै **जनपदकल्याणी** दौडेर झ्यालमा आई "आर्यपुत्र ! चाँडै आउनुहोस्" भनिन् । त्यो वाक्य उनको हृदयमा गाँठो परिरह्यो । **शास्ताले** पनि उनको हातबाट भिक्षापात्र नमागिकनै उनलाई विहारमा लगी "नन्द ! प्रव्रजित हुन्छौ के ?" भनी सोध्नु भयो । बुद्ध गौरवको कारणले "प्रव्रजित हुन्न" नभनी "हवस्, हुन्छु" भनी भने । अनि **शास्ताले** "नन्दलाई प्रव्रजित गराइदेऊ" भनी भन्नुभयो ।

**कपिलपुरमा** पुगेको तेश्रो दिनमा **नन्दलाई शास्ताले** प्रव्रजित गराउनु भएको थियो । सातौं दिनमा राहुल माताले **राहुल कुमारलाई** अलंकृत गरी भगवान्कहाँ



Downloaded from http://dhamma.digital/

पठाई "हे पुत्र ! यी बीसहजार श्रमण परिवार भएका, सुवर्णवर्ण भएका र ब्रह्मरूपवर्ण भएका श्रमण तिम्रा पिता हुनुहुन्छ" भनी **राहुलमाताले** भनिन्। वहाँकहाँ महान निधिहरू थिए । वहाँले नैष्क्रम्य गर्नु भएदेखि ती निधिहरू देख्दिनन्। जाऊ, वहाँसँग 'हे तात ! म तपाईको पुत्र हुँ र अभिषेक प्राप्त गरी म चक्रवर्ती राजा हुनेछु । मलाई धनको आवश्यकता छ । मलाई धन दिनुहोस् । पिताको धनको स्वामी पुत्र नै हुन्छ' भनी दायादच माग" भनी पठाइन् । भगवान्कहाँ कुमार पुग्ने बित्तिकै पितृस्नेह पाएर प्रसन्न चित्त लिएर "श्रमण ! तपाईको छाँया मलाई अति शीतल लाग्छ" भनी सातवर्षीय कुमारले आफू सुहाउँदो तरिकाले कुरा गरे ! भोजन सिद्धिएपछि अनुमोदन गर्नुभई आसनबाट उठी तथागत जानुभयो । कुमार (राहुल) पनि "श्रमण ! मलाई दायाद्य दिनुहोस्, मलाई दायाद्य दिनुहोस्" भन्दै भगवान्सँग सँगै गए । भगवान्ले **राहुल कुमारलाई** फर्काउनु भएन । परिजनहरूले पनि भगवान्सँगसँगै गइरहेको राहुल कुमारलाई फर्काएनन् । यसरी कुमार भगवान्सँगसँगै आरामसम्म नै गए । अनि भगवान्ले सोच्नु भयो यो कुमार पितासँग भएको धन चाहन्छ । यसले मागेको धन भने संसारचक्र घुमाउने आघात सहितको छ । यसलाई बोधिवृक्षमुनि पाएको सप्तविध **आर्यधन** (श्रद्धा, शील, हीरी, ओत्तप्प, श्रुत, त्याग र प्रज्ञालाई आर्यधन भनिन्छ ।) दिनुपर्‍यो । लोकोत्तर दायादचको स्वामी बनाइदिनेछु ।" यति सोच्नु भई **सारिपुत्र** स्थविरलाई बोलाई "कुमारलाई प्रव्रजित गराऊ" भनी भन्नु भयो । स्थविरले कुमारलाई प्रव्रजित गराउनु भयो । कुमारलाई प्रव्रजित गराए पछि **शुद्धोदन** राजालाई अत्यधिक दुःख लाग्यो । यो सहन नसकी भगवान्सँग निवेदन गरे– "भन्ते ! आमाबाबुहरूका अनुमति नपाएको बालकलाई आर्यले प्रव्रजित नगराउनु भए बेश हुने थियो" भनी वरदान मागे । भगवान्ले "हुन्छ" भनी राजालाई वरदान दिई फेरि एकदिन राजदरबारमा प्रातः कालिक भोजन सिद्धिएपछि एक छेउमा वसेका राजाले "भन्ते ! तपाईले दुष्करचर्या



Downloaded from http://dhamma.digital/

गरिरहनु भएको बेलामा एउटा देवता म कहाँ आई 'तिम्रो पुत्र मऱ्यो' भनी भन्थे । उनको वचनलाई विश्वास नगरी मैले 'मेरो पुत्र बोधिज्ञान लाभ नगरिकन मर्ने छैन" भनी प्रतिक्षेप गरे" भनी भन्दा भगवान्ले "अहिले के विश्वास गर्नुहोला र, अघि हाडहरू देखाई 'तिम्रो पुत्र मऱ्यो" भनी भन्दा त विश्वास गर्नु भएन" भन्दै यसै कारणमा **महाधम्मपाल** (जा. अ. क. IV. पृ. ८५, नं. ४४७।) जातकको कुरा सुनाउनु भयो । जातकको कुरा समाप्त हुँदा राजा अनागामी फलमा प्रतिष्ठित भए ।

यसरी आफ्ना पितालाई तीन मार्गफलमा प्रतिष्ठित गराई भिक्षु सङ्घका साथ भगवान् पुनः **राजगृहमै** जानुभयो । अनि **अनाथपिण्डिक** सेठलाई दिएको वचन पूरा गर्नु भई **जेतवनमा** गई भगवान् बस्नुभयो । त्यसबखत उत्कण्ठित भई आयुष्मान् **नन्दले** भिक्षुहरूलाई यस्तो भन्दथे– "आवुसो ! म मन नलगाई नलगाई ब्रह्मचर्य पालन गर्दछु । ब्रह्मचर्य धान्न सक्दिन । अतः शिक्षा छाडी गृहस्थी हुनेछु ।"

"नन्द ! यसो हो, किन तिमी मन नलगाई नलगाई ब्रह्मचर्य पालन गर्दैछौ ? किन ब्रह्मचर्य धान्न सक्दैनौ ? किन शिक्षा छाडी गृहस्थी हुन चाहन्छौ ?"

यो खबर सुनेर भगवान्ले आयुष्मान् **नन्दलाई** बोलाउन पठाई यस्तो भन्नुभयो– "नन्द ! के यो सत्य हो कि तिमीले भिक्षुहरूलाई म मन नलगाई नलगाई ब्रह्मचर्य पालन गर्दैछु, ब्रह्मचर्य धान्न सक्दिन र शिक्षा छाडी गृहस्थी हुनेछु भनी भनेको ?"

"हो भन्ते !"

"नन्द ! किन मन नलगाई नलगाई ब्रह्मचर्य पालन गर्दछौ नि ? किन ब्रह्मचर्य धान्न सक्दैनौ ? किन शिक्षा छाडी गृहस्थी हुन चाहन्छौ ?"

"भन्ते ! म घरबाट निस्किरहेको बेलामा आधा चुल्ठो कोरिरहेकी **जनपदकल्याणी नन्दाले** चाँडै फर्केर आऊ भनी भनेकी थिईं । भन्ते ! म उही कुरा सम्भेर मन नलगाई नलगाई ब्रह्मचर्य पालन गरिरहेको छु । सोही कुरा सम्भी शिक्षा छाडी गृहस्थी बन्न चाहेको हुँ ।"



Downloaded from http://dhamma.digital/

अनि भगवान्ले आयुष्मान् नन्दको हात समाती ऋद्धिबलद्वारा **त्रयस्त्रिंश भवनमा** लैजाँदै बीच बाटाको एक आगो लागेको खेतमा आगोले डढाई ठुटो भइरहेको रुखको ठुटोमा बसिरहेको, कान काटिएकी, ठूँडे नाक भएकी, ठुट्टो पुच्छर भएकी एउटी बाँदरनी देखाई **त्रयस्त्रिंश भवनमा** पुग्नु भयो। त्यहाँ **शक्र देवेन्द्रको** उपस्थानमा आएका परेवाको खुट्टा जस्तै राता खुट्टा भएका पाँचशय अप्सराहरू देखाउनुभयो। अनि भगवान्ले सोध्नु भयो "नन्द ! के भन्छौ त, तिम्रो **जनपदकल्याणी** राम्री छिन् कि यी अप्सराहरू ?"

"भन्ते ! यिनीहरूको अगाडि **जनपदकल्याणी** त त्यो ठूठोमा बसिरहेकी नाक कान बुच्चे बाँदरनी जस्तै देखिन्छे। यी अप्सराहरू नै राम्रा तथा दर्शनीय छन्।"

"नन्द ! ब्रह्मचर्यमा मन लगाऊ। म तिमीलाई यी अप्सराहरू दिलाइदिने छु।"

"भन्ते ! यदि तपाईले यी पाँचशय अप्सराहरू दिलाइदिनु हुन्छ भने म ब्रह्मचर्यमा मन लगाउने छु।"

अनि **नन्दलाई** लिएर भगवान् त्यहाँबाट अन्तरध्यान भई **जेतवनमा** प्रकट हुनुभयो। भिक्षुहरूले सुने कि भगवान्का भाइ, आमाका बहिनीका छोरा आयुष्मान् नन्द अप्सराहरूको कारणमा ब्रह्मचर्य पालन गर्दैछन्। भगवान्ले ती अप्सराहरू दिलाइदिने कबुल गर्नु भएको छ रे। अनि आयुष्मान् **नन्दका** साथी भिक्षुहरूले **नन्दलाई** ज्यामी जस्तै अथवा किनेको दास जस्तै हो भनी कुरा गर्न थाले। अनि साथीहरूको यो कुरा सुनेर आयुष्मान् **नन्द** बडो हैरान, बडो घृणित तथा निकै विरक्तिए। अनि एक्लै निर्जन स्थानमा अप्रमत्त भई होस, राखी ध्यान गरी आयुष्मान् **नन्द** बसिरहँदा केही समयमै जसको निमित्त कुलपुत्रहरू श्रद्धापूर्वक घरबार छाडी अनगारिय भई प्रव्रजित हुन्छन्– त्यो अर्थ प्राप्त गरी यसै जीवनमा स्वयं धर्म अवबोध गरी समाधिष्ठ भई बसे। उनलाई यो पनि बोध भयो कि अब उप्रान्त जन्म छैन, ब्रह्मचर्यवास पूरा भयो, गर्नुपर्ने गरिसकें र अब उप्रान्त केही गर्नु पर्ने बाँकी छैन। आयुष्मान् **नन्द** अरहन्तहरू मध्ये एक भए।



Downloaded from http://dhamma.digital/

अनि रातको समयमा एक देवता **जेतवन** जम्मै उज्यालो पारी भगवान्कहाँ गई अभिवादन गरी "भन्ते ! भगवान्का आमाकी बहिनीका छोरा तपाईंकी भाइ आयुष्मान् नन्द आस्रवहरू क्षय गरी क्षीणास्रवी भई चित्त निर्मल पारी ध्यानमा बसिरहेका छन्" भनी बिन्ति गरे । यो सुनेर भगवान् स्वयंले पनि ध्यान दृष्टिले विचार गर्नु हुँदा आयुष्मान् नन्द आस्रव क्षय गरी अनास्रवी भई बसिरहेका छन् भन्ने कुरा ज्ञान गर्नु भयो । अनि त्यस रात बितिसकेपछि भगवान् कहाँ आई वन्दना गरी आयुष्मान् **नन्दले** यस्तो विन्ति गरे– "भन्ते ! जुन भगवान्ले मलाई अप्सराहरू दिलाइदिने कबुल गर्नु भएको थियो अब भन्ते ! भगवान्लाई सो कबुलबाट म मुक्त गर्दछु ।"

"नन्द ! मेरो मनले तिम्रो मनलाई चिनिसकेको छ । नन्द आस्रव-क्षयगरी अनास्रवी भइसक्यौ भन्ने पनि थाहा पाएँ । एक देवताले पनि यही कुरा मलाई सुनाएका थिए । नन्द ! जुन समयमा तिमी आस्रवहरू क्षयगरी अनास्रवी भयौ सोही समयमै म मेरो कबुलबाट मुक्त भइसकेको छु !" यो कुरा बुझ्नुभई भगवान्ले त्यसबखत यो उदान प्रकट गर्नुभयो– "जो हिलोबाट उत्तीर्ण भई सबै कामरूपी काँढाहरूलाई भाँचिदिन्छ र जो निर्मोही छ उ सुख दुःखबाट कम्पित हुन्न ।"

अनि एक दिन भिक्षुहरूले आयुष्मान् नन्दसँग सोधे "आवुसो नन्द ! अघि तिमी म उत्कण्ठित भएको छु भनी भन्दथ्यौ । अहिले कस्तो छ त ?"

"आवुसो ! अब ममा गृहस्थी हुने आशा छैन ।"

यो सुनेर भिक्षुहरूले "आयुष्मान् नन्द झूट बोल्दै छन् । अरहत्व लाभ भएको कुरा जताउँदै छन् । बितेका दिनहरूमा चाहिं उत्कण्ठित छु भन्थे अहिले चाहिं मलाई गृहस्थी हुने आशा छैन भनी भन्दछन्" भन्दै भगवान् कहाँ गई यो कुरा विन्ति गरे ।

भगवान्ले "भिक्षुहो ! बितेका दिनहरूमा नन्दको आत्मभाव नराम्रोसँग



Downloaded from http://dhamma.digital/

छाएको घर जस्तो थियो। अहिले चाहिं राम्ररी छाएको घर जस्तै भएको छ। यिनले दिव्य अप्सराहरू देखेदेखि प्रव्रज्यात्वको परमार्थ पूरा गर्नको निमित्त कोशिस गरे। अब उनले सो काम सफल गरिसके" भनी भन्नु भई यो गाथा भन्नुभयो–

१३. "**यथा गारं दुच्छन्नं, वुट्ठि समतिविज्झति**
**एवं अभावितं चित्तं, रागो समतिविज्झति ॥**"

१४. "**यथा गारं सुच्छन्नं, वुट्ठि न समतिविज्झति ।**
**एवं सुभावितं चित्तं, रागो न समतिविज्झति ॥**"

**अर्थ—**

१३– "जस्तै राम्ररी नछाएको छानाबाट पानी चुहिन्छ त्यस्तै भावना नभएको चित्तमा राग चुहिन्छ ।"

१४– "जस्तै राम्ररी छाएको छानाबाट पानी चुहिंदैन त्यस्तै राम्ररी भावना भएको चित्तमा राग चुहिंदैन ।"



Downloaded from http://dhamma.digital/

## संक्षिप्त धम्मपद कथा अभ्यास – ९

१. विवाह मंगल समयमा हुन लागेको नन्दकुमारलाई तथागतले कसरी कहाँ लानुभयो ?
२. राहुल माताले राहुल कुमारलाई किन र कसरी बुद्ध समक्ष पठाइन् ?
३. बालक राहुललाई कसरी श्रामणेर प्रव्रजित भए ? विस्तारपूर्वक लेख्नुहोस् ।
४. राहुलको प्रव्रज्याले राजा शुद्धोदनलाई कस्तो प्रभाव पर्‍यो ? लेख्नुहोस् ।
५. नन्द किन मन नलगाई भिक्षु भई बसेका हुन् ?
६. नन्दले जनपदकल्याणी कसरी बिर्सन सके ? बुद्धले यस्को लागि के गर्नुभयो ?
७. अप्सराको आशमा ध्यान गर्ने नन्दले अन्ततः अप्सरा पाए त ? स्पष्ट हुने गरी लेख्नुहोस् ।
८. नन्दको हृदय परिवर्तन कसरी भयो ? सविस्तार लेख्नुहोस् ।
९. नन्द स्थविरको कथा पढेर के शिक्षा पाउनु भयो ? लेख्नुहोस् ।

Dhamma.Digital



Downloaded from http://dhamma.digital/

[२०७]

# १०. चुन्दसूकरिक

**('इध सोचति पेच्च सोचति' भन्ने गाथाको कथा)**

"**इध सोचति पेच्च सोचति**..." भन्ने यो गाथा **वेणुवनमा** बस्नु भएका शास्ताले **चुन्दसूकरिक** भन्नेको कारणमा बताउनु भएको हो ।

ऊ पचपन्न (५५) वर्ष अगाडिदेखि सुंगुर मारी मासु खाई बिक्रि गरी जीविका गरिरहेको थियो । दुर्भिक्षको समयमा गाडाभरी धानराखी जनपदहरूमा गई एक वा दुइ कुरुवा धानदिई सुंगुरका बच्चाहरू किनेर गाडाभरी राखेर ल्याई घरको पछाडितिर खोर जस्तो एक ठाउँ निर्धारण गरी उनीहरूलाई उहीं दानाको घाँस रोपी अनेक घाँसहरू र शरीरको मल ख्वाई ठूलो बनाएपछि ज-जसलाई मार्न चाहन्थ्यो उ-उसलाई खम्बामा बाँधी शरीरको मासु फुलाउनको निमित्त मुग्रोले चुट्थ्यो र 'मासु फुलेर आयो' भन्ने थाहा पाएपछि मुख च्याती लट्ठीको टुक्रा राखी तताएको पानी मुखभित्र राखिदिन्थ्यो । त्यो पानीले भूँडी सफा पारी मल सहित पानी तलबाट जब निस्किन्छ । तब अलिकतिमात्र पनि मल बाँकी छउञ्जेलसम्म त्यसै गर्थ्यो । पेट सफा भएपछि सफा पानी निस्किन्थ्यो । अनि बाँकी पानी शरीरमा छम्कि दिन्थ्यो । परालको आगोलिई रौं पोली चूपिले काट्थ्यो । बगिरहेको रगत भाँडामा थापी र त्यसमा मासु लत्पत्याई मासु पकाई छोराछोरी स्वास्नीहरूसँग बसी खान्थ्यो र बाँकी मासु बिक्रि गर्थ्यो । यस किसिमले जीविका गरिरहेको पचपन्न बर्ष (५५) बिति सक्दा पनि उसले नजिकैमा बस्नु भएका बुद्धलाई कहिल्यै एक दाडु भातसम्म पनि दिएको थिएन । अरु कुनै प्रकारको पुण्य पनि गरेको थिएन । अनि उसको शरीरमा रोग लाग्यो । जीवित छँदै अवीचि महानरकको ताप आए जस्तै अनुभव गऱ्यो । यस्तो तापले गर्दा आफूले गरेको कामको आकार जम्मै झलझल



Downloaded from http://dhamma.digital/

झलझल देख्थ्यो। सुंगुर जस्तै कराई घर-भित्र यताउता घुँडा टेकी हिड्थ्यो। घरका मानिसहरूले उसलाई समाती मुख थुनिदिन्थे। कर्मविपाकलाई कसैले छेक्न सक्दैन। ऊ कराई चिच्याई यताउता हिंड्थ्यो। उसले गर्दा सातघर सम्मका मानिसहरू निदाउन सकेका थिएनन्। मरण भयले डराएको सो पुरुष घरबाट निस्कला भन्ने डरले रोक्नको लागि ठाउँ-ठाउँका ढोकाहरूमा पालो बसे झैं बसिरहे। ऊ चाहिं घरभित्रै नरकको सन्ताप अनुभव गर्दै यताउता छटपटाइरहन्थ्यो। यसरी सातदिनसम्म यसै जीवनमा नरकको अनुभव गरी अन्त्यमा मृत्यु भई **अवीचि** महानरकमा उत्पन्न भयो।

भिक्षुहरू उसको घरमुनिबाट भिक्षाटनको लागि जाँदा सो चिच्याइरहेको आवाज सुनी सुँगुर कराइरहेको भन्ने ठानी भगवान् कहाँ गई यो खबर सुनाउँदै "भन्ते ! **चुन्दसूकरिकको** घरमा सातदिनदेखि घरको ढोका बन्द गरी सुँगुर काटिरहेको जस्तो आवाज सुनिन्छ। लाग्छ कि उसको घरमा कुनै मङ्गल कार्य भएको छ। यसरी सुँगुर मार्नेको मनमा कत्ति पनि मैत्री र करुणा छैन होला। यस्तो बिघ्न कठोर निर्दयी पुरुष त हामीले देखेका थिएनौं।"

अनि **शास्ताले** भन्नुभयो– "भिक्षुहो ! यो सातदिनसम्म उसले सुँगुर मारिरहेको होइन। अपितु गरेको काम अनुसार भोग गरिरहेछ। ऊ त्यस कर्मको सन्तापद्वारा सातदिनसम्म सुँगुर जस्तै फराउँदै घरभित्र छटपटाइरहन्थ्यो आज उसको मृत्यु भयो। अब ऊ **अवीचि महानरकमा** उत्पन्न भयो।

"भन्ते ! यस जीवनमा शोक सन्ताप हुने काम गरी फेरि यहाँबाट गएर शोक सन्ताप गर्नु पर्ने ठाउँमा नै उत्पन्न भयो।"

**भिक्षुहरूले** यस्तो भनेपछि "प्रमादी हुनेहरू– चाहे गृहस्थी होउन् चाहे प्रव्रजित होउन् दुबैतिर शोक सन्ताप गर्ने हुन्छन्" भनी भन्नु भई भगवान्‌ले त्यसबेला यो गाथा बताउनु भयो–




Downloaded from http://dhamma.digital/

**१५. "इध सोचति पेच्च सोचति,**
**पापकारी उभयत्थ सोचति ।**
**सो सोचति सो विहञ्ञति,**
**दिस्वा कम्मकिलिट्ठमत्तनो ॥"**

**अर्थ—**

१५– "पापी व्यक्तिलाई इहलोक र परलोक दुबै लोकमा शोक सन्ताप हुन्छ तथा आफूले गरेको खराब कामलाई देखेर ऊ आफै दुःखी र पीडित पनि हुन्छ ।"





Downloaded from http://dhamma.digital/

## संक्षिप्त धम्मपद कथा अभ्यास – १०

१. चुन्दसूकरिकले सुँगुरहरूलाई कसरी मार्ने गर्थ्यो ?

२. चुन्दसूकरिकले यसै जीवनमा कसरी नरकको अनुभव गरे ?

३. 'पापी व्यक्तिलाई इहलोक र परलोक दुवै लोकमा शोक सन्ताप हुन्छ' भन्ने कुरालाई चुन्दसूकरिकको कथा लेखी स्पष्ट पार्नुहोस् ।

❖❖❖❖



Downloaded from http://dhamma.digital/

[२११]

# ११. धार्मिक उपासक

**('इध मोदति पेच्च मोदति' भन्ने गाथाको कथा)**

"**इध मोदति पेच्च मोदति**..." भन्ने यो गाथा **जेतवन विहारमा** बसिरहनु भएका **शास्ताले धम्मिक उपासकको** कारणमा बताउनु भएको हो ।

**श्रावस्तीमा** पाँचसय **धम्मिक** (= धार्मिक) उपासक भन्नेहरू थिए । उनीहरू मध्ये प्रत्येकका पाँच पाँचशय (५००) परिवार उपासकहरू थिए । त्यसमध्ये जो जेठो थियो त्यसका सात पुत्र र सात पुत्री थिए । उनीहरू मध्ये प्रत्येकले एक एक 'सलाक ('सलाक' भनेको एक स्यानो काठको टुक्रा हो । यसमा आफ्नो नाम लेखी वितरण गरिन्छ । यो लिएर आएकालाई भोजन प्रदान गरिन्छ । यस प्रकारले दिने दानलाई 'सलाक-दान' भनिन्छ । आजकलको भाषामा भन्ने हो भने निमन्त्रणा कार्ड भन्न सकिन्छ ।)-यागु, सलाक-भोजन, पाक्षिक-भोजन, नवचन्द्र-भोजन र वर्षावासिक भोजन दिन्थे । यी सबै पुत्रपुत्रीहरू अनुजात (पुत्रहरू तीन प्रकारका हुन्छन्– (१) अवजातपुत्र, (२) अनुजातपुत्र तथा (३) अतिजातपुत्र । यी मध्ये आमाबाबुभन्दा कमसल काम गरी बस्नेलाई अवजात, आमाबाबु समानभई कामगरी बस्नेलाई "अनुजात" र आमाबाबु भन्दा राम्रो काम गरी बस्नेलाई "अतिजात" भनिन्छ ।) पुत्रहरू थिए । यसरी चौधै जना छोराछोरी, आफ्नी भार्या तथा आफू समेत गरी जम्मा सोन्ह सलाकदानहरू दिन्थे । यसरी उनी पुत्रपुत्री भार्या सहित शीलवान् कल्याणधर्मी तथा विभाजन गरी दान दिने कार्यमा रत थिए ।

पछि उनलाई रोग लाग्यो । आयुसंस्कार क्षय हुन थाल्यो । अनि धर्मका कुरा सुन्नेतिर मन गएपछि "आठ वा सोन्ह भिक्षुहरू पठाइदिनुहोस्" भनी उनले **शास्ताकहाँ** खबर पठाए । **शास्ताले** पठाइदिनु भयो । तिनीहरू गई खाट वरिपरि



Downloaded from http://dhamma.digital/

बिच्छ्याइराखेको आसनमा बसे । उपासकले "भन्ते ! अब मेरो निमित्त आर्यहरूको दर्शन दुर्लभ हुनेछ । सारै कमजोर भएको छु । एउटा सूत्र पाठ गर्नुहोस्" भनी विन्ति गरे ।

"उपासक ! कुनचाहिं सूत्र सुन्न चाहन्छौ ?"

"भन्ते ! सबै बुद्धहरूले नछोडेका **सतिपट्ठान सूत्र** ।"

अनि भिक्षुहरूले "**एकायनो अयं भिक्खवे मग्गो सत्तानं विसुद्धिया**..." अर्थात्– "भिक्षुहो ! सत्त्वहरूको विशुद्धिको लागि यही एक मार्ग हो..." भन्ने सूत्र पाठ प्रारम्भ गरे । त्यसबेला छ देवलोकबाट सबै अलङ्कारले अलंकृत एकहजार घोडाहरू नारेका तथा डेढशय योजन भएका छ वटा रथहरू आकाशमा आएर त्यसमा बसेका देवताहरूले "हे पुरुष ! माटाका भाँडा फुटालेर सुवर्णका भाँडा लिने जस्तै हाम्रो रथमा आऊ, हाम्रो रथमा आऊ ! हाम्रो देवभवनमा उत्पन्न होऊ, हाम्रो देवभवनमा उत्पन्न होऊ" भनी भन्न थाले । धर्मश्रवणमा बाधा दिन नचाहेका उनले उनीहरूलाई "भो भो, नकराऊ" भनी भने । "हामीलाई भनेको होला" भन्ने विचारले भिक्षुहरू चूप लागे । "हाम्रा पिता अघि अघि धर्मश्रमण गर्दा तृप्त हुँदैनथे, अहिले चाहिं आफैले भिक्षुहरूलाई बोलाउन पठाई सूत्रपाठ गर्न लगाई आफै निवारण गर्नुहुन्छ । मरणदेखि नडराउने प्राणी कोही हुँदो रहेनछ" भन्दै छोरा-छोरीहरू रुन थाले । अनि भिक्षुहरू "अब समय ठीक भएन" भन्ने ठानी आसनबाट उठी फर्के ।

केहीछिनपछि होसमा आई **उपासकले** "किन रोइरहेको ?" भनी छोरा-छोरीसँग सोधे ।

"भो पिता ! तपाई स्वयंले भिक्षुहरूलाई बोलाउन पठाई धर्मश्रवण गरिरहनु भएको बेलामा तपाईले वहाँहरूलाई रोक्नु भयो । अनि हामीहरू 'मरणदेखि नडराउने प्राणी कोही हुँदो रहेनछ' भन्दै रोइरहेका हौं' भनी सुनाए ।

"आर्यहरू खोइ त ?"

"अब समय ठीक छैन भन्दै वहाँहरू फर्केर जानुभयो ।"



Downloaded from http://dhamma.digital/

[२१३]

"पुत्र हो ! वहाँहरूलाई मैले भनेको होइन ।"

"अनि कसलाई भन्नुभएको नि ?"

"छ देवलोकबाट छवटा रथहरू ल्याई, हाम्रो देवभवनमा आऊ, हाम्रो देवभवनमा आऊ भनी देवताहरू कराइरहे अनि मैले उनीहरूलाई नकराऊ भनेको हुँ ।"

"पिता ! हामीहरूले त ती रथहरू देखेनौ । कहाँ छन् ती रथहरू ?"

"तिमीहरूले फूलमाला तयार पारिराखेका छौ के ?"

"छौं, पिता ।"

"कुन चाहिं देवलोक रमणीय छ ?"

"पिता ! सबै **बोधिसत्त्वहरू**, बुद्धमातापिताहरू बसेको **तुषितभवन** रमणीय छ ।"

"त्यसो भए **तुषितभवनबाट** आएको रथमा यो माला अड्कोस् भनी फूलमाला आकाशतिर फ्याक ।"

उनीहरूले फूलमाला फ्याके । यो रथको धुरमा अल्भेर आकाशमा भुण्डियो । त्यहाँ भेला भएका सबैले फूलमाला भुण्डिरहेको भने देखे । तर रथ चाहिं देखेनन् । अनि उपासकले "देख्छौ के यो फूलमाला ?" भनी सोध्दा "हो देख्छौ" भनी भनेपछि "यो फूलमाला **तुषितभवनबाट** आएको रथमा अल्भेर बसेको छ । म तुषितभवनमा जाँदैछु । तिमीहरू चिन्ता नगर । मकहाँ आउन चाहन्छौ भने मैले गरे अनुसार पुण्यादि गर" भनी प्राण त्याग गरी रथमा प्रतिष्ठित भए । उत्नाघरिमै तीन गाउन प्रमाणको आभरण अलंकृत आत्मभाव उत्पन्न भयो । एक हजार अप्सराहरूले परिवृत्त गरे । पच्चीस योजनिक कनकविमान उत्पन्न भयो ।

ती भिक्षुहरू विहारमा पुगेपछि **शास्ताले** सोध्नु भयो–

"भिक्षुहो ! उपासकले धर्म श्रवण गरे ?"

"हो भन्ते, गरे । तर बीचैमा उनले हामीलाई रोके । अनि उनका छोरा-छोरीहरू रुन थाले । हामी आसनबाट उठी फर्केर आयौं ।"



Downloaded from http://dhamma.digital/

"भिक्षुहो ! उनले तिमीहरूलाई रोकेको होइनन् । छ देवलोकबाट छवटा दिव्यरथहरू आकाशमा आएका थिए । त्यसमा बसेका देवताहरूले उनलाई हाम्रो रथमा आऊ, हाम्रो देवलोकमा आऊ भनी बोलाउँदै थिए । धर्मश्रवणमा बाधा नहोस् भन्ने विचारले उनले उनीहरूलाई त्यसो भनेका हुन् ।"

"यसो हो भन्ते ?"

"हो, यस्तै हो ।"

"अहिले उनी कहाँ उत्पन्न भए त ?"

"भिक्षुहो ! **तुषितभवनमा** ।"

"भन्ते ! यहाँ ज्ञातिबन्धुहरूकाबीच मुदित भई बसेर तुरुन्तै यहाँबाट गई मुदित हुने ठाउँमै उत्पन्न भए ।"

"हो, भिक्षुहो ! अप्रमादीहरू-चाहे गृहस्थी होउन् चाहे प्रवजित होउन्– सबै ठाउँमा मुदित नै हुन्छन्" भनी भन्नुभई यो गाथा भन्नुभयो–

१६. "**इध मोदति पेच्च मोदति,**
**कतपुञ्ञो उभयत्थ मोदति ।**
**सो मोदति सो पमोदति,**
**दिस्वा कम्मविसुद्धमत्तनो ॥**"

**अर्थ–**

१६– "पुण्यवान् पुरुष इहलोक र परलोक दुबै लोकमा मुदित हुन्छ; आफूले गरेको राम्रो कामलाई देखेर आफै प्रमुदित हुन्छ ।"



Downloaded from http://dhamma.digital/

[२१५]

## संक्षिप्त धम्मपद कथा अभ्यास – ११

१. 'सलाक' भन्नाले के बुझिन्छ ?
२. 'अनुजात' पुत्रहरू भन्नाले के बुझिन्छ ?
३. धार्मिक उपासकले के सूत्र सुने ? 'भो भो नकराऊ' भनी किन कराए ?
४. छोराछोरीहरू बाबुको हालत देखी किन रोए ?
५. किन धार्मिक उपासकले 'भो भो नकराऊ' भनी भनेका हुन् ? स्पष्ट पार्नुहोस् ।
६. धार्मिक उपासकको कथालाई संक्षेपमा लेख्नुहोस् ।
७. 'पुण्यवान् पुरुष इहलोक र परलोक दुबै लोकमा मुदित हुन्छ' किन ? आफ्नै भाषामा स्पष्ट हुने गरी लेख्नुहोस् ।

❖❖❖❖

Dhamma.Digital



Downloaded from http://dhamma.digital/

# १२. सुमनादेवी

### (‘इध नन्दति पेच्च नन्दति’ भन्ने गाथाको कथा)

**“इध नन्दति पेच्च नन्दति** ...” भन्ने यो गाथा **जेतवनमा** बसिरहनु भएका **शास्ताले सुमनादेवीको** कारणमा बताउनु भएको हो ।

**श्रावस्तीवासी** दिनहुँ **अनाथपिण्डिक** सेठको घरमा दुइहजार भिक्षुहरूले भोजन गर्दछन् । त्यस्तै गरी **विशाखा** महाउपासिकाको घरमा पनि । **श्रावस्तीमा** जसले भिक्षुहरूलाई दानदिन चाहन्छ उसले **अनाथपिण्डिक** र **विशाखा** महाउपासिकाहरूसँग अवकाश लिएर मात्र दानदिने काम गर्दथ्यो । किन नि ? “तिम्रो दान कार्यमा **विशाखा वा अनाथपिण्डिक** आएका छन् कि छैनन् ?” भनी सोध्दा “छैनन्” भनी भन्नपर्दा जति खर्च गरेर दानकार्य गरे तापनि “के दान हो त यो” भनी भन्दछन् । उनीहरू दुबैले भिक्षुहरूको रूची थाहा पाएका छन् तथा भिक्षुहरूलाई अनुकूल हुने गरी सेवागर्न जान्दछन् । उनीहरू भएमा भिक्षुहरूले सन्तोषपूर्वक भोजन पनि गर्छन् । त्यसो हुनाले सबै दान दिन चाहनेहरूले उनीहरूलाई सम्मिलित गराएर मात्र दान दिने गर्छन् । यसै कारणले गर्दा आफ्ना घरमा उनीहरूले भोजन गराउने मौका पाउँदैनथे । अनि **विशाखाले** “मेरो स्थानमा बसेर कसले भिक्षुहरूलाई भोजन गराउने काम गर्न सक्ला” भनी विचार गर्दा नातिनीलाई आफ्नो स्थानमा राखिदिइन् । उनले आफ्नो घरमा भिक्षुसङ्घलाई खुवाउने काम गराउँथिन । **अनाथपिण्डिकले** पनि आफ्नो स्थानमा जेठी छोरी **महासुभद्रालाई** राखे । भिक्षुहरूको सेवा शुश्रुषा गर्दा गर्दै धर्मश्रवण गरी उनी स्रोतापन्ना भई पछि पतिकुलमा गइन् । त्यसपछि माहिली छोरी **चुल्लसुभद्रालाई** राखे । उनी पनि त्यसैगरी स्रोतापन्न भई पतिकुलमा गइन् । अनि **सुमनादेवी** भन्ने



Downloaded from http://dhamma.digital/

कान्छी छोरीलाई राखे। भिक्षुसङ्घको सेवा शूश्रूषा गर्दा गर्दै धर्मश्रवण गरी उनले पनि सकृदागामी फल प्राप्त गरिन्। उनी कुमारी नै थिइन्। एक दिन उनलाई त्यस्तै रोग लाग्दा खाना पनि खान सकिनन् र भोकै भइन्। अनि पिताको मुख हेर्ने इच्छा भएपछि उनलाई बोलाउन पठाइन्। त्यस बखत **अनाथपिण्डिक** कुनै दानकार्यमा गएका थिए। उनको खबर सुनेर उनी आए र "अम्मे सुमने ! के भयो ?" भनी सोधे। सुमनाले "के हो त भाई" भनी भनिन्।

"अम्मे प्रलाप गर्दैछ्यौ कि क्या हो ?"

"भाई ! म प्रलाप गर्दिन।"

"अम्मे डरायौ कि क्या हो ?"

"भाई म डराएकी छैन।"

यति भनेर उनले प्राण त्यागिन्। **अनाथपिण्डिक** स्रोतापन्न भए तापनि छोरी प्रतिको स्नेहले शोक गर्दै छोरीको अग्नि संस्कार गरिसकेपछि विलाप गर्दै भगवान्कहाँ गए। भगवान्ले "गृहपति ! तिमी गहभरी आँसु पारी किन विलापगर्दै दुःखी दुर्मन भई आएका हौ ?" भनी सोध्नु भएपछि "भन्ते ! मेरी छोरी **सुमनादेवी** परलोक भइन्" भनी भने।

"अनि किन शोक गर्छौ त ? सबै प्राणी मर्ने नै हुन्।"

"भन्ते ! यो त म पनि जान्दछु। तर त्यत्रो लज्जा र भय सम्पन्ना **सुमनादेवी** मर्दा उनले होस थातमा राख्न सकिनन् र बेहोस भएर प्रलाप गर्दा गर्दै मरिन्। यसै कारणले मनमा सारै चोट पऱ्यो र बडो अपसोच पनि लाग्यो।"

"महासेठ ! उनले के भनिन् ?"

"भन्ते ! मैले उनीसँग अम्मे सुमने !" भनी बोलाउँदा उनले 'के हो त भाइ' भनी भनिन्। अनि फेरि मैले 'अम्मे ! प्रलाप गर्दैछ्यौ कि क्या हो ?' भनी भन्दा उनले 'म प्रलाप गर्दिन भाइ' भनी भनिन्। फेरि मैले 'अम्मे ! डराउँछ्यौ कि ?' भनी सोध्दा 'डराउँदिन भाइ' भनी यत्तिकैमा प्राण त्यागिन्।"



Downloaded from http://dhamma.digital/

अनि उनलाई भगवान्ले "महासेठ ! तिम्री छोरीले प्रलाप गरेकी होइनन् ।"

"भन्ते ! त्यसो भए किन यस्तो भनिन् त ?"

"उनीभन्दा तिमी कान्छा भएकाले त्यसो भनेकी हुन् । मार्गफलको दृष्टिले उनी तिमीभन्दा जेठी हुन् । तिमीचाहिं स्रोतापन्न छौ । उनी चाहिं सकृदागामी छिन् । अतः मार्गफलको दृष्टिले तिमीभन्दा उनी जेठी छिन् । त्यसैले यस्तो भनेकी हुन् ।"

"भन्ते ! यस्तो हो ?"

"हो यस्तै हो ।"

"भन्ते ! अब उनी कहाँ उत्पन्न भइन् त ?"

"गृहपति ! **तुषितभवनमा** ।"

"भन्ते मेरी छोरी यहाँ ज्ञातिबन्धुहरूको बीचमा आनन्दसँग बसेर फेरि यहाँबाट गएर आनन्द हुने ठाउँमै उत्पन्न भएकी रहिछिन् ।"

"गृहपति ! हो, अप्रमादी भएर वस्ने गृहस्थी भए पनि प्रव्रजित भए पनि– इहलोक र परलोक दुबै लोकमा आनन्दित नै हुन्छ" भन्नुभई **शास्ताले** यो गाथा भन्नुभयो–

१८. "**इध नन्दति पेच्च नन्दति,**
**कतपुञ्ञो उभयत्थ नन्दति ।**
**पुञ्ञमे कतन्ति नन्दति,**
**भिय्यो नन्दति सुग्गतिं गतो ॥**"

**अर्थ—**

"पुण्यवान् व्यक्तिलाई इहलोक र परलोक दुबैमा आनन्दको अनुभव हुन्छ, मैले पुण्य गरेको छु भनी आनन्दित हुन्छ र परलोकमा पुगेपछि पनि यहाँभन्दा धेरै आनन्द प्राप्त हुन्छ ।"



Downloaded from http://dhamma.digital/

[२१९]

# संक्षिप्त धम्मपद कथा अभ्यास – १२

१. सुमनादेवी को थिइन् ? उनको पारिवारिक परिचय दिनुहोस् ।
२. सुमनाले 'के हो त भाइ ?' भनी आफ्नै बाबालाई भन्नुको तात्पर्य खुलस्त पार्नुहोस् ।
३. भगवान् बुद्धले सुमनादेवीको परलोकपछि अनाथपिण्डिकलाई के भन्नुभयो ?
४. सुमनादेवीको कथालाई आफ्नै भाषामा लेख्नुहोस् ।
५. 'पुण्यवान् व्यक्तिलाई इहलोक र परलोक दुवैमा आनन्दको अनुभव हुन्छ' कसरी ? आफ्नै शैलीमा प्रष्ट हुने गरी लेख्नुहोस् ।

❖❖❖❖

Dhamma.Digital



Downloaded from http://dhamma.digital/

Downloaded from http://dhamma.digital/

# वेस्सन्तर जातक

लेखक

आचार्य भिक्षु अमृतानन्द महास्थविर

अनुवादक

धर्मरत्न शाक्य 'त्रिशुली'

223

Downloaded from http://dhamma.digital/

Downloaded from http://dhamma.digital/

नमो तस्स भगवतो अरहतो सम्मा सम्बुद्धस्स ।

# वेस्सन्तर जातक

## १. दानकाण्ड

### वर्तमान कथा

भगवान् बुद्धले बोधिवृक्षमुनि बुद्धत्व लाभ गरिसकेपछि सारनाथ मृगदावनमा जानुभई पञ्चवर्गीयहरूलाई सर्वप्रथम धर्मोपदेश गर्नुभयो । त्यसपछि शाक्यसिंह क्रमशः राजगृह जानुभई त्यहीं नै हेमन्त ऋतु बिताई पछि कालुदायि स्थविरको प्रार्थना स्वीकार गर्नुभई बीसहजार क्षीणाश्रव भिक्षुसंघका साथ वैशाख पूर्णिमाको दिन कपिलवस्तु महानगर आइपुग्नु भयो ।

भगवान्को निम्ति हजारौं शाक्य ज्ञातिवर्गको परामर्श लिएर शुद्धोदन महाराजले उहाँको लागि निग्रोध शाक्यको अत्यन्त सुन्दर तथा रमणीय उद्यानमा विहार बनाउनुभयो । यो विहारको नाम पनि 'न्यग्रोधाराम' रहन गयो । कपिलवस्तु आइपुग्नुभएपछि शाक्यमुनि बुद्ध यही विहारमा बस्नु भयो। त्यसबखत उहाँलाई दर्शन गर्न आएका शाक्यकुमारहरू लाखौं थिए । तर क्षत्रीय अभिमानले अभिभूत भएका शाक्यखलकहरू कुनैले पनि भगवान् बुद्धलाई दण्डवत् प्रणाम गरेनन् । झन् यिनी हाम्रो नाति सिद्धार्थ हुन्, यिनी हाम्रा भान्जा हुन्, यिनी हाम्रा छोरा भतिजा हुन्, यिनी हाम्रा भाइ हुन् भनी मनमा लिइराखे । नमस्कार गर्नुपर्ला भनेर केटाकेटीहरू सबै अगाडि राखेर ठूलाबडाहरू जति सबै तिनीहरूका पछाडि बसे ।



Downloaded from http://dhamma.digital/

भगवान् बुद्धले शाक्यहरूको मनोभावलाई बुझेर 'अभिज्ञा पादक' भन्ने ध्यानमा स्थित भएर गण्डम्ब वृक्षमुनि प्रातिहार्य देखाउनुभएजस्तै ऋद्धि प्रातिहार्य देखाउनुभयो । आकाशमै चंक्रमण गर्नुभयो र पैतालाको धूलो सबैको शिरमा खसाल्नुभयो । शुद्धोदन महाराज साह्रै खुसीभएर 'भो भगवान्, तपाई सानै छँदा तपाईलाई हेर्न भनी आउनु भएका कालदेवल तपस्वीलाई वन्दना गराउन उहाँको अगाडि लैजाँदा कालदेवल तपस्वीले तपाईको श्रीचरणमा वन्दना गरेको देखेर मैले तपाईंलाई वन्दना गरेको थिएँ। त्यो मेरो प्रथम वन्दना थियो। त्यसपछि रोपाइं गरि रहेको ठाउँमा तपाईंलाई राखेको जम्बुवृक्षको छायाँ अरु वृक्षहरूको छाँयाजस्तै नहटेको देखेर फेरि एकपटक तपाईंलाई वन्दना गरेको थिएँ। त्यो मेरो दोस्रो वन्दना थियो। आज तपाईंको यो आश्चर्यप्रद ऋद्धि देखेर मैले तपाईंलाई वन्दना गर्दैछु। यो मेरो तेस्रो वन्दना हो भन्दै सादर वन्दना गरे ।

शुद्धोदन महाराजले भूमिमा घोप्टो परेर पञ्चाङ्ग प्रणाम गर्ने वित्तिक्कै सबै शाक्यखलकहरूले पनि दण्डवत् गरे। यसरी उहाँ शाक्यसिंहले जात्याभिमानले कडा भैरहेका शाक्यकुलहरूलाई दमन गर्नुभई (आकाशबाट झर्नु भई) आफ्नो आसनमा बस्नुभयो।

यस घटनाले प्रभावित भएका ती शाक्यहरू "अहो, बुद्धको ऋद्धि ! अहो बुद्धको लीला !" भन्दै प्रमुदित भए । सोही बेला सम्पूर्ण आकाश बादलले ढाकेर पुष्करवृष्टि पनि भयो । यसरी वृष्टि हुँदा जसको मनमा पानी नपरे हुन्थ्यो भन्ने हुन्थ्यो, उसलाई पानी पर्दैनथ्यो। पानी परे पनि वस्त्र भिज्दैनथ्यो, कमलको पातमा पानी पर्दा झरेझैं झर्दथ्यो। यसरी आश्चर्य हुने गरी पानी परेको देखेर सभामा रहेका भिक्षु तथा शाक्यहरूका बीचमा यस्तो कुरा भयो।

"अहो कस्तो पानी परेको ! कस्तो आश्चर्यको पानी परेको !! जिउमा परोस् भनी मनमा राखे जिउमा पर्ने, नपरोस् भनी मनमा राखे नपर्ने ! मनको इच्छाअनुसार हुने ।"



Downloaded from http://dhamma.digital/

यस्तै सबैको मनमा कुरा चलिराखेको अवस्थामा भगवान्ले भन्नु भयो– "भिक्षुगण ! अहिले मात्र यसरी पानी परेको होइन । पहिले क्षत्रीय ज्ञातिहरूको समागम हुँदा पनि यस्तै आश्चर्यजनक वृष्टि भएको थियो ।"

"कहिले भगवान् ?"

"त्यसो भए भिक्षुगण ! म सुनाउँछु राम्रोसँग ध्यानपूर्वक सुन" भनी भगवान्ले आज्ञा गर्नुभयो :–

## अतीत कथा

अतीत समयमा शिविदेशको जेत्तुत्तर नगरमा शिवि महाराजले राज्य गर्नुभएको थियो । राजालाई सञ्जय नामको एक पुत्र लाभ भयो । सञ्जय राजकुमार वयस्क भएपछि मद्दराजाकी छोरी फुसतिदेवीसँग विवाह गरी राज्याभिषेक गर्‍यो । फुसतिदेवी अग्रमहिषी भइन् ।

फुसतिदेवी ९१ कल्पपहिले विपश्वी बुद्धको समयमा बन्धुमति नगरमा बन्धुमति राजाकी छोरी भएकी थिइन् । एकदिन बन्धुमति राजालाई कुनै एक राजाले श्रीखण्ड र सुवर्णको माला चढाउन ल्यायो । राजाकी दुई छोरी थिए । तसर्थ राजाले त्यो श्रीखण्ड र सुवर्णमाला छोरीहरूलाई दिने विचार गरी ठूली छोरीलाई श्रीखण्ड र सानी छोरीलाई सुवर्णमाला दियो । तिनीहरूले त्यो श्रीखण्ड र सुवर्णमाला आफूले उपभोग गर्ने विचार त्यागी विपश्वी बुद्धलाई चढाउने मनमा राखी आफ्ना बाबासित अनुमति पनि मागे । राजा खुशी भयो । अनि ती दुवै दिदीबहिनीहरूले भगवान् विपश्वी बुद्धलाई सुवर्णमाला र श्रीखण्ड पनि चढाए ।

दिदीचाहिंले श्रीखण्डचूर्णको सुगन्धले गन्धकुटी सबै सुगन्धित गराई यस पुण्यको प्रभावद्वारा म कुनै न कुनै बुद्धको आमा हुन पाऊँ भनी प्रार्थना गरिन् ।



Downloaded from http://dhamma.digital/

वहिनीचाहिंले यसको पुण्यले छिट्टै जन्ममरणवाट मुक्त भई निर्वाण साक्षात्कार गर्न सकूं भनी प्रार्थना गरिन् । कालान्तरमा ती दुवै दिदीबहिनीको प्रार्थना सफल भयो ।

९१ कल्पसम्म संसारमा घुम्दै राजाकी जेठी छोरी शाक्यमुनि बुद्धकी आमा भइन् । सानी छोरी मात्र किकि राजाको पालामा काश्यप बुद्धको सदुपदेश सुनेर अर्हत भइन् । त्यसवखत फुसतिदेवी पनि किकि राजाकी सातवटी छोरीहरूमध्ये सुधर्मा नामकी छैठौं छोरी थिइन् । तिनले पनि काश्यप बुद्धलाई अनेक सुगन्धित पदार्थद्वारा पूजा गरिन् । सोही पुण्यको प्रभावले तिनी राजकुमारी मनुष्य लोकमा जन्म ग्रहण गर्दै एकपटक देवेन्द्र शक्रकी अग्रमहिषी भइन् । इन्द्रकी अग्रमहिषी बनी स्वर्गलोकमा सुखभोग गर्देरहँदा एकदिन फुसतिदेवीको आयु समाप्त भएको देखेर नन्दन उद्यानमा विहार गरी एक ठाउँमा आराम गरिरहेकी फुसतिदेवीलाई इन्द्रले तिमीलाई आज दशवटा वर दिन्छु भन्यो । फुसतिदेवीले आफ्नो पुण्य क्षीण भएर देवलोकबाट च्युत हुन लागेको आफूले थाहा नपाएर इन्द्रसँग प्रार्थना गरिन् :–

“भो देवेन्द्र ! किन मलाई यस्तो आज्ञा गर्नुभएको ? मबाट कुन खराब काम भयो ? किन तपाईंले मलाई यसरी वरदान दिएर छिट्टै स्वर्गलोकबाट खसाल्ने विचार गर्नुभएको ?”

इन्द्रले भन्यो– ‘भो फुसति ! तिमीलाई मन नपरेर अथवा तिमीले कुनै काम बिगारेर यसो भनेको होइन । तिम्रो पुण्य क्षीण भयो । तिम्रो आयु सकियो । तिमी यहाँबाट च्युत हुने भइसकेकी छौ । त्यसकारण मैले तिमीलाई यसो भनेको हुँ ।’

इन्द्रको कुरा सुनेर फुसतिदेवीले अवश्य मेरो च्युत हुने समय भयो होला र मलाई यस्तो भन्नुभएको हो भन्ने सम्झी, त्यसो भए भो देव ! मलाई निम्न दश वर दिनुहोस्, भनी वरदान मागिन् :–



Downloaded from http://dhamma.digital/

## दश वरदान

१. म शिवि राजाकी अग्रमहिषी हुन पाउँ ।

२. सानासाना मृगहरूको आँखाजस्तै मेरो आँखा नीलवर्णको होस् ।

३. आँखिभौं र कपाल नीलो होस् ।

४. मेरो नाम फुसति होस् ।

५. कीर्तिवान, दानी, निर्लोभी, याचकहरूलाई सन्तुष्ट हुने गरी दान दिनसक्ने एउटा छोरो होस् ।

६. गर्भिणी हुँदा साधारण नारीहरूका जस्तै मेरो पेट ठूलो नदेखियोस् ।

७. जति सन्तान भएपनि मेरा स्तन नझोल्लिउन् ।

८. वृद्ध हुँदा पनि मेरो शरीरको छाला चाउरी नपरोस् ।

९. शरीरमा मल नहोस् ।

१०. अपराधिहरूलाई आफ्नै शक्तिले मुक्त गरी पठाउन सकूं ।

इन्द्रले यसलाई स्वीकार गऱ्यो ।

फुसतिदेवी देवलोकबाट च्युत भई मद्दराजाकी अग्रमहिषीको कोखमा जन्म ग्रहण गरिन् । जन्मँदा मानौं सम्पूर्ण शरीर श्रीखण्डलेप गरेझैं सुगन्धित भएको हुनाले नामाकरणको दिन देवीलाई फुसति भनी नाम राखियो । क्रमशः फुसतिदेवी अत्यन्त सुन्दरी अप्सरा जस्तै भइन् । १६ वर्षकी हुँदा शिवि राजाको छोरो सञ्जय राजकुमारसँग उसको विवाह सम्पन्न भयो ।



Downloaded from http://dhamma.digital/

फुसतिदेवीलाई सोह्रहजार महिलाहरूमध्ये अग्रमहिषी पदमा राख्यो । उनी सञ्जय राजाकी अत्यन्त प्रिय महारानी वनिन् ।

एकदिन शक्रदेवले फुसतिदेवीलाई आफूले दिएको वरदान सबै पूरा भयो कि भएन भनी दिव्य चक्षुबाट विचार गर्दा छोरो एउटा पुरा हुन बाँकी रहेको थाहापाई यो पनि पुरा गरिदिनुपऱ्यो भनी विचार गऱ्यो ।

त्यसबखत बोधिसत्त्व त्रायत्रिंश देवलोकमा उत्पन्न हुनुभएको र आयु क्षीण भएर देवलोकवाट च्युत हुन परेको समय पनि थियो । अनि देवेन्द्र शक्रले उहाँकहाँ गएर "देव ! तपाईं मनुष्य लोकमा फुसति बडामहारानीको कोखमा जन्मग्रहण गर्न जानुहोस्" भनी प्रार्थना गरे । उहाँले स्वीकृति दिएपछि इन्द्रदेवले अरु ६० हजार देवपुत्रहरूलाई पनि बोधिसत्त्व जन्मिने ठाउँमा जन्मग्रहण गर्न जानुपऱ्यो भनी प्रार्थना गरेर आफ्नो भवनमा फर्कनु भयो । महासत्त्व पनि यथा समयमा मनुष्यलोकमा जन्मग्रहण गर्न जानु भयो । अरु देवपुत्रहरू पनि महासत्त्वले जन्मग्रहण गर्न जानुभएको देशमा विभिन्न कुलमा जन्मग्रहण गर्न गए ।

## वेस्सन्तरको जन्म

सञ्जय राजाकी अग्रमहारानी फुसतिदेवीले गर्भ धारण गरिन् । एकदिन गर्भिणी महारानीमा नगरको चारैदिशा र नगरको बीच तथा आफ्नो राजदरवारमा दानशाला बनाई दानदिने इच्छा उत्पन्न भयो । राजाले गर्भिणी महारानीको मनोकामना सुनेर ज्योतिष पण्डितहरू बोलाई यस सम्बन्धमा प्रश्न गरे । ज्योतिषहरूले महारानीको गर्भमा दान दिंदा नअघाउने राजकुमारले वास गरेको छ भनी बताए । यो कुरा सुनेर राजा साह्रै खुसी भयो । महारानीको इच्छा मुताबिक ६ दिशामा दानशाला बनाइदिए ।



Downloaded from http://dhamma.digital/

बोधिसत्त्वले गर्भमा बास गरेदेखि राजाको आम्दानी दिनपर दिन वृद्धि हुन थाल्यो। बोधिसत्त्वको पुण्य प्रतापले जम्बुद्वीपका सारा राजाहरूले सञ्जय राजाकहाँ सौगात चढाउन ल्याए।

गर्भधारण गरेको दशमास पूर्ण भइरहेको बेलामा वडामहारानीको मनमा एकदिन नगर घुम्न जाने इच्छा भएर राजाकहाँ विन्ति चढाइन्। राजाले सम्पूर्ण नगर देवलोक जस्तै सिंगार्न लगाएर रानीलाई अत्यन्त राम्रो रथमा चढाई नगर परिक्रमा गर्न पठाइयो। नगर प्रदक्षिणा गर्दागर्दै वेस्स भन्ने सडकमा पुग्दा महारानीलाई प्रसव व्यथा लाग्यो। झटपट सडकको माझैमा एक प्रसूति-कोठा बनाउन लगाईयो। देवीले सोही ठाउँमा अत्यन्त सुन्दर छोरो जन्माइन्। त्यसकारण चरियापिटक, अकित्ति वग्ग ७ मा यस्तो भनिएको छ :-

***"दशमासे धारयित्वान करोन्ते पुरं पदक्खिणं***

***वेस्सानं वीथिया मज्झे जनेसि फुसति ममन्ति"***

(चरिया पिटक, अकिटि वग्गो)

अर्थात्– दश महिनासम्म गर्भ धारणगरी फुसति महारानीले नगर परिक्रमा गर्न जाँदा वेस्स भन्ने सडक माझमा मलाई जन्म दिइन्।

महासत्त्वले आमाको गर्भबाट निस्कने वित्तिक्कै अत्यन्त शुद्ध भएर आँखा खोली हातपसारेर 'आमा ! दान दिनलाई केही वस्तु छ कि ल्याऊ" भनी बोले। महारानीले बोधिसत्त्वलाई 'तात ! तिम्रो मन अघाउने गरी दानदेऊ' भनी एक हजार रूपैयाँ भएको थैलो हातमा राखिदिइन्। पालि साहित्यमा बोधिसत्त्वहरूले जन्मने वित्तिक्कै बोलेको कुरा तीन ठाउँमा उल्लेख छ। महाउमङ्ग जातकमा (स्यामा 'महोषध जातक' रोमनमा 'खण्डहार' भनेका छन्। जा. अ. क. VII. पृ. २९५ नं.५४६) यहाँ र अन्तिम जन्म



Downloaded from http://dhamma.digital/

सिद्धार्थको पालामा । अनि नामाकरणको दिन सबैको सल्लाहवाट वेस्स भन्ने बाटोमा जन्मेको हुनाले वेस्सन्तर (विश्वन्तर) भनी नाम राखे । त्यसकारण यस्तो भनेको छ :–

*"न मह्यं मत्तिकं नामं न मह्यं पेत्तिक सम्भव ।*

*जातोह्मि वेस्सवीथियं तस्मा वेस्सन्तरो अहुन्ति ।"*

अर्थात्– मेरो नाउँ आमाको तर्फवाट पनि होइन । बाबाको तर्फवाट पनि होइन । वेस्स भन्ने वाटोमा जन्मेको हुनाले मलाई वेस्सन्तर भने ।

बोधिसत्त्व जन्मेकै दिन एउटा विशिष्ट हात्तीले स्वेतवर्ण एउटा हात्तीको बच्चा राजदरवारमा छाडिगयो । वोधिसत्त्वको कारणले प्राप्त भएको हुनाले त्यसलाई प्रत्यय भनी नाम राखे । राजाले वोधिसत्त्वको निम्ति अग्ली र होची भन्ने दोषले रहित भएकी ६० हजार धाईहरू राखिदियो । बोधिसत्त्व जन्मेकै दिन जन्मेका त्यस देशका ६० हजार वच्चाहरूलाई पनि धाईहरू राखिदियो । वोधिसत्त्व शुक्ल पक्षको चन्द्रमा झैं साठीहजार बालकहरूसँगै क्रमशः बढ्दैगयो ।

राजाले बोधिसत्त्वलाई हजारौं मूल्य जाने गहना वनाइदियो । बोधिसत्त्व ४/५ वर्षको उमेर हुँदा उहाँले आफ्नो गहना सबै दास दासीहरूलाई दान दिनु भयो । दासीहरूले फिर्ता गर्दा पनि बोधिसत्त्वले लिनुभएन । अनि दासीहरूले यो कुरा राजालाई विन्ति चढाए । "राजाले मेरो छोराले दिइसकेका वस्तुहरू तिमीहरूलाई नै भयो" भन्यो । राजाले वोधिसत्त्वलाई अर्को गहना वनाइदियो । वोधिसत्त्वले बालक कालमा नै आफ्ना गहना ९ पटकसम्म धाइहरूलाई दान दिनुभयो । आठ वर्षको उमेरमा एकपटक बोधिसत्त्वले यस्तो मनमा विचार गर्नुभयो कि यदि कुनै व्यक्ति आएर मेरो हृदय माग्न आए पनि अवश्य मैले आफ्नो छाती चिरी मुटु झिकेर दिनेछु । आँखा माग्न आए आँखा पनि दिनेछु ।



Downloaded from http://dhamma.digital/

यसरी विचार गरिरहनुहुँदा चार नहुत र दुईलाख योजन अग्लो यो महापृथ्वी मत्ता हात्ती चलेझैं भूकम्प भयो । भूकम्पको शव्दले मेघ गर्जी केही क्षण वर्षा पनि भयो । बिजुली चम्कियो । सागरको पानी छचल्कियो । महाब्रह्माहरूले साधुकार दिए । त्यसकारण चरियापिटक, अकित्ति वग्गमा यस्तो भनिएको छ :-

*"यदाहं दारको होमी जातिया अट्ठवस्सिको ।*
*तदा निसज्ज पासादे दानदातुं विचिन्तयि ॥*
*हदयं ददेय्यं चक्खुम्पि मंसम्पि रुधिरम्पिच ।*
*ददेय्यं कायं सावेत्वा यदि, कोचि याचये ममन्ति ।"*

(चरिया पिटक, अकिटि वग्ग)

अर्थात्– आठ वर्षको उमेरमै मैले राजप्रसादमा बसेर दान दिने विचार गरें। यदि कुनै व्यक्ति आएर मसँग मागे मैले आफ्नो मुटु, आँखा, मासु, रगत र प्राणसम्म पनि दिनेछु भनी मनमा विचार गरें ।

बोधिसत्त्व दशवर्षको अवस्था हुँदैमा अनेक शिल्प शास्त्रमा पारंगत हुनुभयो । एकदिन राजाले बोधिसत्त्वलाई राज्यदिने विचार गरी बोधिसत्त्वको आमासँग सल्लाह गऱ्यो । फुसतिदेवीको राय लिएर सञ्जयराजाले मद्रराजाको कुलबाट मामाकी छोरी मद्दी (माद्री) देवी ल्याई विवाह गरी १६ हजार नारीहरूका बीच जेठी तुल्याई अग्रमहिषी पद दिई महासत्त्वलाई राज्याभिषेक गरिदियो । राज्याभिषेक भइसकेपछि बोधिसत्त्वले नित्य सात लाख (७,००,०००) धन खर्चगरी महादान दिनुभयो ।

केही समयपछि मद्दिरानीको तर्फबाट पुत्र लाभ भयो । छोरोलाई सुनको जालमा राख्ने गरेकोले कुमारलाई जाली-कुमार भनियो । कुमार हिंड्न सक्ने हुँदासम्म मद्दीरानी लाई एउटी छोरी पनि प्राप्त भयो । तिनलाई कालो वस्त्रले लपेटिराख्ने हुनाले कृष्णाजिनी भनी नाम राखे ।



Downloaded from http://dhamma.digital/

## बोधिसत्वको दान

बोधिसत्त्वले महीनामा ६ पटक ६ ठाउँमा स्थापित दानशालामा राम्रोसँग दान दिन्छ कि दिंदैन भनी निरीक्षण गर्न जानुहुन्थ्यो। त्यसवखत कलिङ्ग देशमा अनावृष्टि भई साह्रै हाहाकार भएको थियो। खेतमा धान फलेन। मानिसले खान पाएनन्। ठूलो अनिकाल पर्‍यो। मानिसहरूले जताततै चोर्ने, लुट्ने गर्न थाले। जनताहरू सबै राजदरवारमा गई कराउन गए। राजाले तिनीहरू कराउन आएको कारण सोद्धा जनताहरूले 'वर्षा गराउन पर्‍यो, चामल सस्तो गराउन पर्‍यो' भनी कराए। राजाले 'हुन्छ मैले सक्दो कोशिस गर्नेछु' भनेर उपोसथ शील पालनगरी व्रत बस्यो। त्यसो गर्दा पनि वृष्टि गराउन नसकेपछि राजाले जनताहरू भेला गराई भन्यो–

'भो प्रजागण ! मैले एक सप्ताहसम्म उपोसथ व्रत पालन गर्दा पनि जल वृष्टि गराउन सकिन। अब के गर्नुपर्ला ?

प्रजाहरूले भने– "भो महाराज ! त्यसो भए जेत्तुत्तर नगरमा सञ्जय राजाका छोरा वेस्सन्तर राजकुमारले जुन कुरो दान मागे पनि दिइराखेको छ। उहाँसँग सर्वश्वेत मङ्गलसम्मत एउटा हात्ती छ। त्यो हात्ती भएको देशमा कहिल्यै दुवृष्टि हुँदैन। तसर्थ कुनै ब्राह्मणहरू पठाई त्यो हात्ती माग्न पठाउन पर्‍यो। प्रजाहरूको कुरा सुनेर राजाले आठजना ब्राह्मण छानेर तिनीहरूलाई बाटो खर्च दिएर वेस्सन्तरसँग मङ्गलसम्मत हात्ती मागेर ल्याउः भनी पठायो।

ब्राह्मणहरू जेत्तुत्तर नगरमा पुगेर त्यस नगरको दानशालामा दान लिएर पेट भरिसकेपछि एकदिन हात्ती दान लिन आ-आफ्नो शरीरमा खरानी घसे। आफ्नो शरीरलाई दुर्वर्णपारेर वेस्सन्तर राजकुमार दानशालामा आउने पूर्णिमाको दिन पूर्वपट्टिको दानशालाको द्वारमा बस्न गए। बोधिसत्त्व पनि १६ सयवटा सुगन्धित जलले स्नानगरी अलंकृत हात्तीमाथि चढेर पूर्वपट्टिको दानशालामा जानुभयो।



Downloaded from http://dhamma.digital/

ब्राह्मणहरूले त्यहाँ मौका भेट्टाउन सकेनन्। त्यसपछि तिनीहरू दानशालाको दक्षिणपट्टिको दानशालाको द्वारमा गएर एक अग्लो ठाउँमा उभिरहे। वेस्सन्तर राजा त्यहाँ आइपुग्ने वित्तिकै तिनीहरू "वेस्सन्तरको जय ! वेस्सन्तरको जय ! !" भन्दै हात उठाई कराए। वेस्सन्तरले ब्राह्मणहरूको शब्द सुनेर तिनीहरूको नगिचै हात्ती लगेर "के भनेको ? के मागेको ?" भनी सोध्नुभयो। अनि तिनीहरूले भने–

'भो महाराज ! तपाईं बडा दानी धर्मात्मा हुनुहुन्छ। हाम्रो देशमा अनावृष्टि भई अत्यन्त हाहाकार भैरहेको छ। खान नपाएर मानिसहरूको मृत्यु हुँदैछ। हाम्रा राजाले वर्षा गराउन भनी उपोसथ शील पालन गरी व्रत गर्दा पनि जलवृष्टि गराउन सकेनन्। यदि हाम्रो देशको निम्ति तपाईंको मङ्गल हात्ती दान स्वरूप प्राप्त भए हाम्रो कल्याण हुनेछ। हामीहरू यतिको दुखकष्ट खपेर आएको अरु कारणले होइन केवल तपाईंको हात्ती दान लिनको लागि हो। कृपया तपाईंको मङ्गल हात्ती पाऔं।"

ब्राह्मणहरूको कुरा सुनेर बोधिसत्त्वले, "मैले आफ्नो शरीरको मासु, रगत, हाडसमेत दान गर्छु भनी मनमा राखेको छु। यिनीहरूले त हात्ती मात्र दान मागे। यो त वाहचवस्तु नै भयो। आफ्नो शरीरको वस्तु नै दिन्छु भनी मनमा लिएकोलाई यो त के ?" भनी मन प्रसन्न गरी हात्तीबाट ओर्लेर 'हुन्छ ब्राह्मणगण ! म तपाईंहरूलाई यो मेरो मङ्गल हात्ती दान दिन्छु भन्नु भयो। यति भनेर हात्तीको शरीरको जुनजुन अङ्गमा अलंकृत गरिएको थिएन सबै ठाउँमा अलंकृत गरी चाँदीको सिक्रीजस्तो हात्तीको सुंड समाती, ब्राह्मणहरूको हातमा राखी सुवर्ण कलशले जल धारा दिई, शुद्ध चित्तले हात्ती दान दिनु भयो। हात्तीमात्र होइन, हात्तीको शरीरमा सिंगारिराखेको गहना, वस्त्र र हौडा समेत गरी जम्मा चौबीस लाख (२४,००,०००) र माहुते सहित दान दिनु भयो। तिनीहरूलाई चाहिने जीवनोपकरण, हात्तीलाई दाना खुवाउने कढाई इत्यादि सबै दान दिनुभयो। महापृथ्वी कम्प भयो। त्यसकारण यस्तो भनिएको छ–



Downloaded from http://dhamma.digital/

*"तदासि यं भिंसनकं तदासि लोमहंसनं ।*

*हत्थिनागे पदिन्नम्हि मेमिनी सम्पकम्पथ ।"*

अर्थात्– त्यसबखत मैले हस्तिराज दान दिंदा ठूलो हलचलकासाथ भूकम्प भयो ।

हात्तीदान लिइसकेपछि ब्राह्मणहरू हात्तीमाथि बसेर नगरको बीच बाटोबाट गएर उत्तरद्वारबाट बाहिर निस्के । ब्राह्मणहरू हात्तीमाथि चढेर गईराखेको देखेर नागरिकहरूले 'हे ब्राह्मण ! हाम्रो राजाको हात्ती चढेर कहाँ जान लाग्यौ' भनी सोधे । ब्राह्मणहरूले 'हे महाजन हो ! हामीलाई यो हात्ती राजा विस्सन्तरले दान दिइसकेको छ । यसमा तिमीहरूको कपाल दुख्नुपर्ने किन ?" भन्दै नगरबाट निस्के । सारा नागरिकहरू रिसले भुतुक्क भएर राजदरवारमा गई राजालाई अनेक प्रकारले आलोचना गर्दै नारा लगाउँदै यसो भने–

'भो महाराज ! वेस्सन्तरले दान दिनुपरे खाने, पिउने, लगाउने लुगा गहनाहरू पो दिनुपर्छ । यसरी कुल परम्परादेखि रहिआएको राज्यको मङ्गल हात्ती पनि दान दिने हो ? जुन हात्ती नरहँदा हाम्रो देशमा दुर्भिक्ष हुन सक्छ । यतिको रणसूर दक्ष हात्ती दान दिएपछि राज्य रक्षा होला र ? अब राज्यको कुन गति हुने हो ? यदि महाराजले नागरिकहरूको कुरा मान्नुभएन भने सम्भवतः तपाईंको छोरो वेस्सन्तरसहित तपाईंको राज्यसमेत शिविनगरका नागरिकहरूले हात पार्ने छन् । (सचेत्वं न करिंस्मसि सिबिनं वचनं इमं, मञ्ञेतं सहपुत्तोन सिवि हत्थे करिस्सरेति ॥ जा. अ. VII. पृ. ४३०)

यसै भरवलाई जातक अट्ठकथा (भरव ७ पृष्ठ ४३) मा यसरी भनिएको छ–

जनताहरूको कुरा सुनेर सञ्जय राजाको मनमा "अवश्य नागरिकहरूले मेरो छोरोलाई हत्या गर्ने भए" भन्ने विचार गरेर प्रजाहरूलाई भन्यो–



Downloaded from http://dhamma.digital/

"भो प्रजागण ! तिमीहरूले जेसुकै गर वा भन तर मेरो छोरो वेस्सन्तरलाई म हत्या गराउन सक्दिन । मेरो यो शिविराज्य नष्ट ध्वस्त भए पनि निर्दोषी, धार्मिक, दयालु, सदाचारी वेस्सन्तरलाई मैले घात गर्न सक्दिन । प्रजाहरूको यस्तै कुरो भए पनि यो काम मवाट हुँदैन ।"

जनताहरूले भने– "भो महाराज ! हामीले वेस्सन्तरलाई हत्या गर्ने भनेको होइन । किन्तु उहाँले देशलाई निको तुल्याउने छाँट नदेखिएको हुनाले उहाँलाई वङ्क पर्वतमा निष्कासन गरिदिनुभए बेस होला । हाम्रो प्रार्थना यही हो ।"

राजाले भन्यो– "त्यसोभए आज एक रात वेस्सन्तरलाई रहन देऊ । भोलि उसलाई वङ्क पर्वतमा पठाइदिउँला ।"

प्रजाहरूले हुन्छ भने ।

प्रजाहरूलाई चित्त बुझाएर पठाइसकेपछि सञ्जय राजाले वेस्सन्तर राजालाई समाचार पठाउन एक वृद्ध राजकर्मचारीलाई डाकेर यसरी भन्यो–

"हे भणे ! तिमी वेस्सन्तरकहाँ गएर 'शिविनगर निवासी तथा अन्य ग्रामवासी नागरिकहरू आएर तिमीलाई वङ्क पर्वतमा भोलि नै निर्वासन गरी पठाउन मागेका छन्, तिमी देखी नागरिकहरू सारै अप्रसन्न भैरहेका छन्' भनिदिनु ।"

वेस्सन्तरको श्रीभवनमा गएर वेस्सन्तरलाई विन्ति गर्दै राजदूतले भने–

"भो महाराज ! क्षमा पाउँ । तपाईंलाई एउटा दुःखको कुरा सुनाउन आएको छु । सञ्जय महाराजकहाँ सारा नागरिकहरू आएर तपाईंलाई आज एकरात मात्र यहाँ राखेर भोलि नै वङ्क पर्वतमा निष्कासन गरिपाउँ भनी कराउन आए । तपाईं देखी नागरिकहरू सारै अप्रसन्न भएका छन् ।"



Downloaded from http://dhamma.digital/

वेस्सन्तर– "हे भणे ! शिविनगर निवासी मानिसहरू म देखी किन रिसाएको ? मैले कुनै नराम्रो काम गरेको छु र उनीहरू रिसाउने ? नडराइकन सबै कुरा भन ।"

राजदूत– "भो महाराज ! नगरवासी ग्रामवासी ब्राह्मणादि राजकुमारहरू समेत तपाईंले शिविराज्यको लक्षणसम्पन्न श्वेतहस्ती दान दिनुभयो भनी साह्रै रिसाएका हुन् । यही कारणमा तपाईंलाई निर्वासन गरिपाउँ भनेका हुन् ।"

दूतको कुरा सुनेर मनमा खुसी भएर वेस्सन्तरले भन्नुभयो– "आफ्नो शरीरमा भएको रगत, मासु, आँखा र प्राणसमेत दानदिने मनमा भएको मैले हीरा, मोती, सुन, चाँदी इत्यादि बाहृयपदार्थ दान दिएँ त के दिएँ ?" नागरिकहरूले मलाई दानदिएको बापतमा चाहे निकालून् चाहे मारिदेउन् मेरो चित्त दान दिनुबाट कहिल्यै पछि हट्ने छैन ।"

बोधिसत्त्वको कुरा सुनेर राजदूतले भन्यो– "भो महाराज ! तपाईंलाई नागरिकहरूले चोर ज्यानमारा आदि अपराधिहरू निर्वासन गरिने बाटोबाट निकाल्ने भनिरहेका छन् ।"

वेस्सन्तर– 'भो दूत ! हुन्छ मलाई दोषीहरू निकाल्ने बाटोबाट निकालियोस् । यसमा मलाई केही भन्नु छैन । मलाई नागरिकहरूले अरु कारणबाट निकाल्न खोजेको होइन । श्वेतवर्ण हात्ती दान दिएकोले नै हो । मैले नागरिकहरूसँग भोलि एकदिन यहाँ वस्नुको लागि निवेदन गर्छु । भोलि एकदिन बसेर सप्तसत भन्ने दानदिएर पर्सि अवश्य निस्कने छु ।'

'हवस् महाराज ! मैले यी कुरा नागरिकहरूकहाँ पुर्‍याउनेछु' भनी राजदूत वेस्सन्तरको श्रीभवनबाट फर्क्यो ।

राजदूतलाई विदा दिएर पठाइसकेपछि सेनापतिलाई बोलाई "भोलि मैले सप्तसत दान दिन्छु तसर्थ सातसय हात्ती, सातसय घोडा, सातसय गाई, सातसय



Downloaded from http://dhamma.digital/

दास तयार गरिराख्नु" भन्ने आज्ञा दिनुभएर बोधिसत्त्व एक्लै मद्दीरानीको खोपीमा जानुभयो । खोपीमा अति राम्रोसँग सिंगारिराखेको पलङ्गमा बस्नुभई मद्दीरानीसँग वार्तालाप गर्दै बोधिसत्त्वले भन्नुभयो–

"प्रिय मद्दी ! मैले जुन हीरामोती तिमीलाई दिइराखेको थिएँ ती सबै धन र तिम्रो जे जति दाइजो छन् ती सबै राम्रोसँग सुरक्षित गरिराख ।"

मद्दीरानी– "भो देव ! ती धन सबै कहाँ सुरक्षित गरिराख्ने ? कृपया आज्ञा हुनुभए अनुग्रहित हुनेछु ।"

वेस्सन्तर– 'भो प्रिय मद्दी ! सुरक्षित गरिराख्नुको मतलव कहीं सन्दुकमा अथवा कहीं भूमिमा गाडिराख्ने होइन । न त कहीं कसैले नदेखिने ठाउँमा राख्नु नै हो । तर शीलवान् गुणवान् ऋषिमुनि याचकहरूलाई दिनु जतिको उत्तम तरिकाले सुरक्षित गर्ने ठाउँ अन्त कतै पनि छैन । दान दिएको धन कसैले लुटेर लान सक्दैन । आफू जहाँ गएपनि यसको पुण्यरूपी धन पछ्याउँदै आउँछ । यसैलाई अनुगामिक निधान पनि भन्दछ ।'

महारानीले आफ्नो कुरा स्वीकार गरेपछि पुनः बोधिसत्त्वले मद्दीरानीलाई भन्नुभयो–

"भो देवी ! अबदेखि तिमीले आफ्ना छोराछोरीलाई राम्रोसँग मैत्रीपूर्वक स्याहार सम्भार गरी बस्नू । तिमीले सासू ससुराको सेवाटहल पनि राम्रोसँग गरी सेवा गर्नू । मकहाँबाट निस्किसकेपछि यदि कसैले आएर 'तिम्रो स्वामी म हुँ' भन्न आयो भने त्यसलाई पनि तिमीले मैत्रीपूर्वक सेवाटहल गर्नू । मैले छोडी गयो भनेर आफूलाई दुःखी नपारी आफूलाई सुहाउने मनपर्ने व्यक्तिलाई स्वामीभाव राखी आफ्नो जीवन सुखी तुल्याई बस ।"



Downloaded from http://dhamma.digital/

यस्तो कुरा सुनेर सशङ्कित मनले 'आज किन होला आर्यपुत्रले यस्तो कुरा सुनाउनु भएको' भन्ने मनले सोचेर मद्दीरानीले वेस्सन्तरसँग यसरी सोधिन्–

'भो स्वामी ! मबाट तपाईंप्रति कुन अपराध भयो ? मलाई क्षमा गर्नुहोस् । मैले तपाईंप्रति कुनै अपराध गरेझैं लाग्दैन । तैपनि म अज्ञानीबाट कुनै अपराध हुन गएको भए क्षमा पाउँ । आज तपाईंले जुनकुरा सुनाउनु भयो त्यसबाट मेरो हृदय फुट्लाझैं भएको छ । किन यस्तो आज्ञा हुनुभएको ? यसको केही कारण मैले राम्रोसँग बुझ्न सकिंन । कृपापूर्वक बताउनुहोस् ।'

महारानीको शोकपूर्ण कुरा सुनेर वेस्सन्तर राजाले स्पष्ट रुपमा भन्नुभयो–

"हे मद्दी ! तिम्रो कुनै अपराध छैन । तिमीले मलाई एउटा सिन्कोभरि पनि केही बिगार गरेकी छैनौ । बल्कि तिम्रो गुण ममा निकै छ । संसार बडो विचित्र छ । मैले सेतो हात्ती दान दिए भनेर नागरिकहरू म देखी रिसाइरहेका छन् रे । त्यसकारण मलाई नागरिकहरूले निष्कासन गर्ने निश्चय गरे । अब म भोलि एकदिन मात्र यहाँ बसेर सप्तसत भन्ने दान दिएर पर्सि नै नगरबाट निस्केर एक्लै कुनै ठाउँमा गएर बस्न जानेछु । त्यस ठाउँमा मेरो जीवन दशा कस्तो हुने हो त्यो म भन्न सक्दिन ।'

महासत्त्वको कुरा सुनेर मद्दीदेवीले भनिन्– "अहो प्राणनाथ ! यो के आज्ञा गर्नु भएको ? जस्तैभए पनि यस्तो वचन निकाल्नु, मनमा तर्क लिनु पनि राम्रो छैन । फेरि स्त्रीजातिको धर्म पनि होइन कि आफ्नो पतिदेवलाई मात्र एक्लै जङ्गलमा पठाउनु । अतएव प्राणनाथ ! तपाईं जहाँजहाँ जानुहुन्छ त्यहीं त्यहीं म पनि अवश्य आउँछु । तपाईंविना बाँचिरहनुभन्दा प्राण त्याग्नु नै मेरो लागि उत्तम छ । मेरो निम्ति त तपाईंविना एक घडी बाँचिरहनुभन्दा बलेको चितामा हाम्फालेर भष्म हुनु नै उत्तम छ । प्राणनाथ ! जस्तो जङ्गलको हात्तीनी आफूलाई जस्तोसुकै दुःखकष्ट हुने भए पनि



Downloaded from http://dhamma.digital/

आफ्ना स्वामीलाई नछाडी स्वामी जताजता गयो उतैउतै जान्छिन् त्यस्तै म पनि तपाईंको पछिपछि तपाईं जानुभएको ठाउँमा छोराछोरीहरू लिएर आउँछु । पानी नभएको नदीजस्तै म एक्लै यहाँ बसेर के गर्ने ? मलाई सम्हाल्न गाह्रो होला, मलाई चित्त बुझाउन गाह्रो होला भनी तपाईंले कत्ति पीर मान्नु पर्दैन । म तपाईंको आज्ञानुसार बसेर पाएको खाई भएको पहिरी तपाईंको सेवा सुसार गरी तपाईंलाई कुनै भार नहुने गरी बस्नेछु ।"

यसरी आफ्ना स्वामीसँग निवेदन गरी मानौं आफू पहिले जङ्गलमा बास गरिसकेकी जस्तै महारानीले अनेक प्रकारले जङ्गलको बयान गरिन् ।

## वेस्सन्तर जातक अभ्यास - १

१. वेस्सन्तर जातकको 'वर्तमान' कथा लेख्नुहोस् ।

२. वेस्सन्तर जातकको 'अतीत' कथा लेख्नुहोस् ।

३. फुसतिदेवीले मागेकी दश वरदानहरू के के हुन् ? लेख्नुहोस् ।

४. वेस्सन्तरको जन्म विषयमा संक्षिप्तमा लेख्नुहोस् ।

५. बोधिसत्त्वको दान विषयमा तपाईंलाई के थाहा छ चर्चा गर्नुहोस् ।

६. 'भो स्वामी ! मबाट तपाईंप्रति कुन अपराध भयो ?' भनी मद्रीरानीले सोधेको प्रश्नमा वेस्सन्तर राजकुमारले के जवाफ दिनुभयो ?



Downloaded from http://dhamma.digital/

# २. दानकाण्ड

उता फुसति महारानीले आफ्नो छोरो वेस्सन्तरलाई अत्यन्त कठोर समाचार सुनाउनपठाएको छ भन्ने समाचार सुनेर वेस्सन्तर के गरिरहेछ होला भन्ने विचार गरेर गुप्तभेषमा वेस्सन्तरको खोपीमा गएर ढोकाको पछाडि लुकी छोराबुहारीको कुरा सुन्दा हृदयले थाम्न नसकेर त्यहीं सुंक्कसुंक्क रूँदै यस्तो विचार गरिन्–

"धिक्कार हो यो मेरो जीवन ! यस्तो निर्दोष वेस्सन्तरलाई निकाला गरेको हेरिरहनु भन्दा विष खाएर, पर्वतबाट हाम्फालेर अथवा झुण्डिएर प्राणत्याग गर्नु राम्रो हो । याचकहरूको चित्त प्रसन्न हुने गरी दानदिने, निर्लोभी, अनेक राजाहरूबाट सत्कार पाएका कीर्तिवान् मेरो छोरो वेस्सन्तरलाई नागरिकहरूले किन निकाल्न खोजेका होलान् ? आमाबाबाको सेवाटहल गरिरहेको, जेष्ठहरूप्रति आदरभाव राख्ने, जातिवर्ग र प्रजागणको हित गर्ने मेरो छोरो वेस्सन्तरलाई किन नागरिकहरूले निकाल्न लागेको होला ?"

यसरी मनमा शोकगरी र विलापगरी फुसतिदेवीले आफ्नो छोरा वेस्सन्तर र बुहारी मद्दीलाई धैर्य दिलाई राजाकहाँ गएर यसरी प्रार्थना गरिन्–

"भो महाराज ! यदि तपाईंले शिवि नगरवासीहरूको कुरा सुनेर मेरो छोरो वेस्सन्तरलाई देश निकाला गर्नुभयो भने माहुरीले छोडेको चाकाजस्तै, फल झरेको वृक्ष जस्तै, पानी नभएको पोखरीमा हंसराजजस्तै वेस्सन्तरसँगै जन्मेका ६० हजार राजकर्मचारीहरू र सैन्यहरूले विहीन तपाईंको राज्य शून्य हुनेछ, नाश हुनेछ, अन्धकार हुनेछ, उजाड हुनेछ । त्यसकारण शिवि नगरवासीहरूको कुरा नसुन्नु होस् ।



Downloaded from http://dhamma.digital/

महारानीको अनेक प्रकारको प्रार्थना सुनेर सञ्जय राजाले आज्ञा गर्नुभयो (भो रानी फुसती ! मलाई आफ्नो छोरो वेस्सन्तर प्यारो नभएको होइन, राज्यभन्दा पनि मलाई आफ्नो छोरो प्यारो छ । तैपनि हे रानी ! हामी भनेका नागरिकहरूको सम्मतिले राजा भइरहेका हौं । त्यसकारण पहिलेदेखि चलिआएभैं शिवि राज्यको भण्डालाई र शिवि राज्यको नागरिकहरूको वचनलाई गौरव र सम्मान गर्दै आफ्नो कर्तव्य र धर्म पालन गर्दै आज मेरो अति प्यारो छोरो वेस्सन्तरलाई पनि देश निकाला गर्दैछु । कुनै किसिमबाट पनि मैले नागरिकहरूलाई असन्तोष गराउन सक्दिन । प्रजाहरूलाई सन्तोष दिलाउनु र तिनीहरूको सम्मतिअनुसार चित्तबुझाई काम गर्नु नै हाम्रो धर्म हो । राजाहरूले प्रजाहरूको कुरा विशेष ध्यान राख्नुपर्छ । योग्य र अयोग्य यी सबै तिनीहरूले नै ठहऱ्याउनेछन् । धर्म र अधर्म पनि तिनीहरूले नै बुझी लिन्छन् ।"

यो कुरा सुनेर महारानीले अत्यन्त विलाप गरिन् र महारानीले विलाप गरेको शब्द सुनेर सञ्जय राजाको राजभवनमा रहेका सारा नर-नारीहरू पनि विलाप गर्न लागे । राजभवनमा रहेका स्त्रीहरूले विलाप गरेको शब्द सुनेर वेस्सन्तर राजाको राजभवनमा रहेका परिजनहरूले पनि विरह थाम्न सकेनन् । यसरी दुवै राजभवनमा रहेका हजारौं नरनारीहरू विलाप गर्न थाले । त्यहाँ भएका मानिसहरू कुनै पनि नरोइबस्न सकेनन् ।

रातबितेपछि बिहान सबेरै सुगन्धित जलले स्नानगरी वेस्सन्तर राजा दान दिन तयार हुनुभयो । दानशालामा बस्नेहरूले दानशालामा सप्तसत दान तयार भयो भनी वेस्सन्तरकहाँ विन्ति गरे । वेस्सन्तर त्यहाँ जानुभई सबै याचकहरूलाई बडो आदर सत्कार गर्दै ज-जसले जेजे माग्यो सोही दान गर्नुभयो । कर्मचारीहरूलाई याचकहरूको चित्त नदुखाउनु भन्दै अनेक प्रकारको वस्तु दान गर्नुभयो । यो एक थोक त दानशालामा छैन भन्नु नपर्ने गरी दान दिनुभयो ।



Downloaded from http://dhamma.digital/

उता दुवै राजमहलमा रूवाबासी चल्दै थियो । यता याचकहरू सवै दान लिदैं हरे वेस्सन्तर राजा आज जेत्तुत्तर नगरबाट निस्केपछि हामीहरूलाई कसले यसरी दान देला भन्दै कराउँदै गरे । कुनै नागरिकहरू 'अहो यो वेस्सन्तर कस्तो मानिस रहेछ ? दान दियो भनेर नगरबाट निस्कासन गर्ने भइसक्यो तैपनि दान गर्न छोडेको होइन । धन्य वेस्सन्तर कुनचाहिं चाण्डालले गर्दा यस्तो असल वेस्सन्तर लाई निकाल्ने योजना गरेको होला !' भन्दै कराइरहयो । वेस्सन्तर निस्कने बेला भयो भन्ने समाचार फैलिएपछि आँखाबाट आँसू नचुहाई बस्न सक्ने कोही भएन । पशुपंक्षीहरू समेत रूखमा बस्दै झुलिरहे । कोही दान लिन आउनेहरूले दान लिइसकेपछि यस्तो भने–

"हरे ! अब हामीले कोसँग दान माग्ने ? यसरी मनमा अघाउने गरी जे भन्यो उही दान दिने महापुरुष अब कहाँ पाउने ?"

त्यसबेला भूमि कम्प भयो । बोधिसत्त्वले दान दिंदा दिंदै सन्ध्या समय भयो । रात परेपछि अलंकृत रथमा बसेर बोधिसत्त्व राजभवनमा फर्कनु भयो । अनि बोधिसत्त्वले आज अबेला भइसक्यो भोलिमात्र जाउँला भनी आमाबाबु कहाँ जानु भयो । वेस्सन्तर जाने वितिक्कै मद्दीदेवीले पनि "मैले पनि सासू ससुराबाट अनुमति लिई राख्नुपर्‍यो" भनी वेस्सन्तरसँगै नै सञ्जय राजाको राजमहलमा गइन् । दरवारमा पुगेपछि वेस्सन्तरले आफ्ना पितालाई यसरी निवेदन गर्नुभयो–

"भो बाबु ! अब म तपाईंको आज्ञा पालन गरेर नागरिकहरूको कुरा मानेर जङ्गलमा जान्छु । म त्यहाँ परिआएको दुःख कष्ट सहेर सक्दो पुण्यकर्म गरिबस्नेछु । तपाईं यो विषय वासनामा रही स्वेच्छाले काम गर्नुहोस् ।"

बाबुलाई यति विन्ति गरी बोधिसत्त्वले आमाकहाँ गई प्रव्रजित हुनलाई अनुमति माग्दै निवेदन गर्नुभयो–



Downloaded from http://dhamma.digital/

"भो आमा ! मैले आफ्नो देशमा वसेका प्रजाहरूलाई कष्ट दिएछु अतएव म जङ्गलमा जान्छु। मलाई प्रव्रजित हुनलाई वचन दिनुहोस्। शिवि देशवासीहरूको वचन मानेर म बनवास जान्छु। त्यहाँ जे दुःख पर्ला त्यो सहन म तयार छु। जङ्गलमा वसेर मैले सक्दो पुण्य गर्नेछु। तपाईंहरू यहाँ बस्नुभै आवश्यक काम गर्नुहोस्।"

छोरा वेस्सन्तरको कुरा सुनेर फुसतिदेवीले भनिन्– "तात ! तिम्रो प्रव्रज्या सफल होस्। अब तिमी वनमा जाने भैहाल्यो। तिम्रो मनोरथ पूर्णहोस्। तर यी मद्दीदेवी कुनै दुःख कष्ट नभोगेकी फेरि दुर्बली, जङ्गलमा गएर कसरी बस्लीन् ? अतएव मद्दीदेवी आफ्ना छोराछोरीसँगै यहीं रहोस्।

वेस्सन्तर– "भो माता ! मैले कसैलाई करले जङ्गलमा लाने इच्छा गरेको छैन। न मैले कुनै दासीलाई नै अनिच्छापूर्वक कहीं लान्छु। अतएव मद्दीलाई मेरोतर्फबाट कुनै करकाप छैन उसको इच्छ भए आउली नभए बस्ली। यसमा मलाई केही छैन, न मेरो कुनै प्रतिबन्ध नै छ।"

वेस्सन्तरको कुरो सुनेर राजाले मद्दीदेवीलाई भन्नुभयो– "भो मद्दी ! तिमी वनमा नजाऊ। यहीं बसेर राम्रो लगाएर मिठो खाएर छोराछोरी दुवैलाई स्याहारेर सुखपूर्वक बस। जङ्गलमा गएर नचाहिंदो दुःख भोग गर्न नजाऊ। बालकहरूलाई पनि दुःख होला, कष्ट होला। जङ्गलमा जीव-जन्तुहरूको भय पनि निकै होला।"

मद्दी रानी– "ससुराज्यू ! मलाई आफ्नो स्वामीबाहेक अरु कुनै सुख चाहिंदैन। आफ्नो स्वामीको साथमा वस्दा जस्तोसुकै दुःखकष्ट परे पनि मलाई सुख नै हुन्छ। स्वामीलाई मात्र जङ्गलमा पठाएर म यहाँ बसिरहँदा तपाईंहरूलाई पनि राम्रो छैन। फेरि यसरी बस्नु मेरो धर्म पनि होइन। अतएव मलाई नरोक्नुहोस्। तपाईंले जङ्गलमा अनेक भयहरू छन् भन्नुभयो तर म ती भयहरूदेखि कति पनि डराउँदिन। संसारमा स्त्रीजातिलाई स्वामीविना रहनु भैं दुःखकष्ट तथा भय अरू के होला ?



Downloaded from http://dhamma.digital/

अतएव मलाई जस्तोसुकै भए पनि म जङ्गलमै जान्छु । पानी नभएको नदी नाङ्गो हुन्छ । त्यस्तै पतिविनाको नारीलाई दशैजना दाजुभाइ भए तापनि नाङ्गो नै भन्छन् । जुन नारी आफ्नो स्वामीलाई दुःख पर्दा आफूले पनि दुःख अनुभव गर्ला र सुख पर्दा सुख अनुभव गर्ला त्यस्ती नारीलाई देवताहरूले पनि प्रशंसा गर्छन् । आफ्नो स्वामी भएर पनि आफू मात्र सुख खोज्ने नारीको हृदय कस्तो होला ? अतएव ससुराज्यू ! मलाई जे भए पनि जस्तोसुकै दुःख भए पनि मेरो निम्ति आफ्नो स्वामी ठूलो छ । अनन्त धन प्राप्त भए पनि म नगइछाड्दिन ।"

आफ्नी बुहारी मद्दीदेवीको कुरा सुनेर सञ्जय राजाले भन्यो–

अर्थात्– भैगो त्यसो भए यो जालिकुमार र कृष्णाजिनी दुइवटालाई यहीं छोडेर जानू ।

मद्दीदेवी– 'भो महाराज ! मेरा प्यारा बच्चाहरू छाडेर त म एक घडी पनि बस्न सक्दिन । यिनीहरूलाई जङ्गलमा कुनै तकलिफ हुने छैन । यिनीहरू जङ्गलमा आनन्दपूर्वक खेलिरहनेछन् । यी दुई बालकहरू रहँदा हामीलाई पनि रमाइलो र आनन्द हुनेछ ।'

सञ्जय राजा– 'भो मद्दी ! राजदरवारमा बसेर कस्ताकस्ता उत्तम पुराना चामलको भोजन गरिरहेका कुमारहरू जङ्गलमा फलफूल र कन्दमूल खाएर कसर ी बस्लान् ? राजदरवारमा इच्छानुसार खाइरहेका बालकहरू जङ्गलमा कसरी बस्लान् ? रेशम आदि नरम वस्त्र लगाइरहेका बच्चाहरू जङ्गलमा केराका पातका वस्त्र लगाएर कसरी बस्लान् ? जहाँ जान परे पनि रथ बाहनमा बसेर गइरहेका बालकहरू जङ्गलमा जुत्तासमेत नलगाई नाङ्गो गोडाले टेकेर हिंड्नुपर्दा यिनीहरूलाई कत्तिको कष्ट हुने होला ? यस्तो राजभवनमा श्रीशय्यामा सुतिरहेका बालकहरू त्यहाँ जङ्गलमा रूखमुनि भुइँमा कसरी सुत्लान् ? कस्ताकस्ता सुगन्ध आदि लगाएर



Downloaded from http://dhamma.digital/

सुशोभित भइरहेका बच्चाहरू त्यहाँ जङ्गलमा छारो धूलोले व्याप्त भएर कसरी बस्लान् ? यति मात्र होइन, जङ्गली स्याल, भालु तथा हात्तीहरूको भय छ। फेरि कीरा चराहरूले टोक्ने डर छ। त्यसकारण यी बालकहरूलाई यहीं छाडी जाऊ।'

वेस्सन्तरहरू राजभवनमा आफ्ना आमाबाबुहरूसँग कुरा गर्दा गर्दै रात बित्यो, बिहान भयो। सूर्य उदाए। कर्मचारीहरूले सरकारको आज्ञा मुताबिक अति राम्रा तथा बलिया चारघोडा भएको रथ राजभवनको अगाडि ल्याए। मद्दीरानीले आफ्ना सासू-ससुराहरूसँग– 'भो महाराज ! शोक नगर्नुहोस्, दुःख नमान्नुहोस्, हामीलाई जस्तो भयो त्यस्तै यी बालकहरूलाई पनि हुनेछ। यसमा केही धन्दा नमान्नुहोस्।' भनी आफ्ना स्वामीभन्दा पनि पहिल्यै दास दासीहरूसँग बिदा लिएर आफ्ना प्यारा छोराछोरी दुवै लिएर रथमा बस्न गइन्।

मद्दीरानी रथमा बस्न गइसकेपछि वेस्सन्तर पनि आमाबाबुको चरणमा प्रणाम गरेर तीन पटक परिक्रमा गरेर राजदरवारमा रहेका सबैलाई आशीर्वाद दिएर अगाडि भेटेसम्मका मानिसलाई आफूसँग भएका चीजहरू दान दिंदै राजभवनबाट बाहिर निस्केर रथमा बस्नुभयो। रथमा बसिसकेपछि आफूलाई भेट्न भनी पटाङ्गिनीमा जम्मा भैरहेका राजभारद्वारहरूसहित प्रजागणसँग पनि विदा लिएर सुखी होस् आनन्द होस्, अब हामी जान लाग्यौं भनी आशीर्वाद दिंदै रथ अगाडि बढाउनुभयो।

यसरी महासत्त्वले सबै प्रजाहरूलाई 'दान दिएर कुशल कर्म गरेर जीवन कल्याण हुने काम गरी बस' भनी धैर्य दिनुहुँदै बिदा दिनुभएर जङ्गलतर्फ प्रस्थान गर्नुभयो। त्यसबेला आमा फुसतिदेवी महारानीले मेरो छोराको काम नै दान दिनु हो तसर्थ इच्छा पूर्ण हुने गरी दान देओस् भनेर सप्तरत्नले भरिएको सातवटा गाडा उहाँको दायाँबायाँ पठाइदिइन्। वेस्सन्तरले आफ्नो शरीरमा भएको आभरणादि दान गर्दै सबैलाई आशीर्वाद दिंदै अठार पटक सम्म माग्न आएका याचकहरूलाई दान



Downloaded from http://dhamma.digital/

दिनुभयो। रथमा भएका सारा धनसम्पति हीरामोती जवाहारात सबै दान गर्नुभयो। यसरी दान दिएर रथमा बसी जङ्गलतर्फ जाँदै नगरबाट बाहिर पुगेपछि महासत्त्वको मनमा आफ्ना आमाबाबुहरू बसिराख्नुभएको स्थान एक पटक हेर्ने इच्छा भयो र भूमि घुमेर रथ नगरपट्टि फर्कियो। बोधिसत्त्वले आफ्नो आमावावुको गुण सम्झेर उनीहरू बसिरहेको राजदरवारलाई हेर्नुभयो। यसवेला पनि उहाँको करूणाको प्रभावले भूमि कम्प भयो। आफूले हेरिसकेपछि मद्दीदेवीलाई पनि आमाबाबुको प्रासाद एक पटक देखाउने मनमा लिएर भन्नुभयो–

"प्रिय मद्दी ! हेर त हाम्रो शिवि राज्यका राजा हाम्रा पूज्य बावुको रमणीय राजभवन कतिको शोभायुक्त छ।"

यसपछि महासत्त्वले आफूलाई छोड्न आएका आफ्ना साथीहरू, मन्त्रीवर्गहरू तथा साठी हजार सैन्य र अरु लावालस्करहरूलाई त्यहींबाट बिदा दिई फर्काउनुभयो र मद्दीदेवीलाई प्रिय मद्दी ! तिमीले पछाडि हेर्दै गर। कुनै ब्राह्मणादि याचकहरू आए, मलाई भन्नु रथ बढाउँछु भनी स्वयं वेस्सन्तरले रथ चलाउनुभयो।

यसरी वेस्सन्तर आफ्नो परिवारसहित रथमा बसेर बनान्तरतिर रथ वढाउँदै जाँदा वेस्सन्तरले सप्तशतिक दान दिएको छ भन्ने कुरा सुनेर दान लिन भनी आएका चारजना ब्राह्मणहरू त्यस दानलाई भेट्टाउन नसक्दा नगरवासीहरूले वेस्सन्तर रथमा बसेर बनमा गइसक्यो भनेको सुनेर अरुथोक केही पाउन नसके पनि रथमा जोतिएका घोडा भए पनि मागेर ल्याउनुपर्‍यो भन्ने मनमा लिएर ती ब्राह्मणहरू हतरपतर दगुर्दै आइरहेका ब्राह्मणहरूलाई देखेर आफ्ना स्वामी वेस्सन्तरलाई– प्राणनाथ ! पछाडि कुनै याचकहरू दगुर्दै आएको जस्तो छ भनी आदरपूर्वक निवेदन गरिन्। महासत्त्वले रथ अड्याउनुभयो। ब्राह्मणहरू अगाडि आइपुगे। किन दगुर्दै आएको भनी वेस्सन्तरले सोध्नुभएपछि तिनीहरूले अब के मागौं यी चारवटा घोडा



Downloaded from http://dhamma.digital/

दिनुभए उत्तम हुने थियो भनी प्रार्थना गरे। बोधिसत्त्वले खुसी साथ चारैवटा घोडा खोली दान गर्नुभयो।

आश्चर्यको कुरा त यो छ कि चारैवटा घोडा रथबाट निकाल्दा पनि रथको धुर भुईंमा नछोइकन त्यसै अडिरहयो। ब्राह्मणहरू घोडा लिएर गइसकेपछि चारवटा देवपुत्रहरूले रक्तवर्ण मृगको भेष धारण गरेर रथमा जोतिई रथ बढाइलगे। वेस्सन्तरले पनि तिनीहरू देवपुत्रहरू हुन् भनी थाहा पाउनुभयो।

यसरी जाँदाजाँदा बाटोको बीचमा फेरि एक ठाउँमा त्यस्तै याचकहरू आएर उहाँको रथ मागे। उहाँले तुरन्त मद्दीदेवीसहित छोराछोरीहरू रथबाट ओह्राली याचकहरूलाई आदरपूर्वक रथ दान गर्नुभयो। रथ दान गर्ने वित्तिकै रथमा जोतिई आएका चारवटा देवपुत्रहरू अन्तर्धान भए। तसर्थ भनिएको छ–

अर्थात्– भिक्षुगण ! त्यसबेला वेस्सन्तरसँग रथ दान लिन आए। वेस्सन्तरले रथ दान गरे। त्यसबेला वेस्सन्तरको मनमा कत्ति पनि दुःखको अनुभव भएको थिएन।

यति भइसकेपछि वेस्सन्तरले मद्दीरानीलाई धैर्य दिंदै भो मद्दी ! अब हामीहरू जङ्गलको प्राकृतिक सौन्दर्य हेर्दै यी दुवै बालक बोकेर हिंडेरै जाऔं भनी मद्दीलाई सानी कृष्णाजिनी बोकाई आफूले जालि कुमारलाई बोकेर दुवै आपसमा प्रेमालाप तथा दुःख सुखको कुरा गर्दै हिंडेर बाटो काट्नु भयो। तसर्थ भनिएको छ–

*राजकुमारं आदाय राजपुत्ती च दारिकं।*

*सम्मोदमाना पक्कामुं अञ्ञमञ्ञं पियंवदा॥*

अर्थात्– राजकुमारले राजकुमारलाई बोकेर राजकुमारीले राजकुमारीलाई बोकेर दुवै आपसमा सुख दुःखको कुरा गर्दै प्रसन्नतापूर्वक गए।



Downloaded from http://dhamma.digital/

## वेस्सन्तर जातक अभ्यास – २

१. फुसति महारानी किन सुँक्क सुँक्क गरी रोइन् ?

२. फुसतिदेवीले छोरो वेस्सन्तर र बुहारी मद्रीलाई धैर्य दिलाई राजाकहाँ गएर के प्रार्थना गरिन् ?

३. महारानीको प्रार्थना सुनेर राजा सञ्जयले के आज्ञा गर्नुभयो ?


४. राजभवनमा रहेका हजारौं नरनारीहरू किन विलाप गर्न थाले ?

५. नागरिकहरूको कुरा मानेर जंगल प्रवेश गर्न अगाडि वेस्सन्तर कुमारले आमाबुबासँग के कस्तो वार्तालाप गरे ?

६. वेस्सन्तर कसरी दरवार छोडेर गए ? चित्रण गर्नुहोस् ।

७. 'मेरो छोराको काम नै दान दिनु हो । तसर्थ इच्छा पूर्ण हुने गरी दान देओस् ।' यस भनाइलाई स्पष्ट पार्नुहोस् ।

Dhamma.Digital





Downloaded from http://dhamma.digital/

# ३. बन काण्ड

यसरी जाँदाजाँदा उहाँहरूले वटुवाहरूसँग वङ्क पर्वत कत्तिको टाढा छ भनी सोध्नु हुँदा उहाँहरूको इतिहास सुनेर विरह थाम्न सक्ने कोही भएन । सवैले अहो ! तपाईंहरू वङ्क पर्वतमा कहिले पुग्न सक्नु होला र निकै टाढा छ भन्थे ।

वाटोको दायाँबायाँ वृक्षमा फल फलिरहेका थिए । जालि र कृष्णाजिनीहरूले फल खान पिरे । फलफूलसहित हाँगाहरू हातले भेट्टाउन सकिने गरी नुहिरहेकोले वेस्सन्तरले फलफूल टिपेर वालकहरूलाई पेटभरि खुवाउनुभयो । फलफूलको हाँगा नुहेर आएको देखेर मद्दीदेवीले अत्यन्त आश्चर्य प्रकट गर्दै साधुकार गरे ।

जेत्तुत्तर नगरबाट सुवण्णगिरि ताल भन्ने पर्वत पाँच योजन पर्छ । त्यहाँबाट पाँच योजनमा कोन्तिमार भन्ने नदी छ । त्यहाँबाट पाँच योजन उता आरञ्जर गिरि भन्ने पहाड छ । त्यहाँवाट पाँच योजन उता दुन्निवट्ट ब्राह्मण गाउँ छ । त्यहाँबाट दश योजन उता वेस्सन्तरका मामाहरूको देश छ । यसरी तीस योजनको बाटो काटेर मामाहरूको देशमा पुग्न जानु भयो । तसर्थ चरियापिटक अकित्ति वग्ग ९ मा भनिएको छ–

*संखपिंसु पथं यक्खा अनुकम्पाय दारके ।*

*निक्खन्त दिवसे नेव चेतरट्ठं मुपागमुन्ति ॥* (चरिया पिटक, अकित्ति वग्ग ९)

अर्थात्– जालि र कृष्णाजिनीहरूको निम्ति देवगणहरूले बाटो छोटयाइ दियो । प्रस्थान गरेकै दिन वेस्सन्तरहरू मामाहरूको देश चेतराष्ट्रमा पुग्न गए ।

विहान सबेरै राजदरवारबाट प्रस्थान गर्नुभएका उहाँहरू सन्ध्यामा मामाहरूको देश चेतराष्ट्रमा पुग्नुभयो । त्यसवेला चेतराष्ट्रमा वेस्सन्तरका मामाकहाँ ६० हजार क्षत्रीयहरू थिए ।



Downloaded from http://dhamma.digital/

उहाँहरू नगरमा प्रवेश नगरिकन नगरको छेउमा रहेको एक धर्मशालामा वस्नुभयो । मद्दीदेवीले सर्वप्रथम वेस्सन्तरको पाउको धुलो झारेर पाउ पुछेर गोडा मिच्नुभयो । अनि वेस्सन्तर राजा आइरहेको कुरा थाहा दिने विचारले आफ्ना स्वामीले देखिने गरी धर्मशालाको बाहिर मद्दीदेवी बस्नुभयो अनि नगरमा आउने जाने महिलाहरूले मद्दीरानीलाई देखेर– अहो ! यिनी को हुन् ? को रहिछन् ? नयाँ जस्ता छन् भनी उहाँलाई हेर्न आए ।

कुरा चलेपछि उहाँहरू आफ्ना छोराछोरी लिएर अनाथजस्तै आउनुभएको थाहा पाएर मानिसहरू राजदरवारमा गएर वेस्सन्तर राजाहरू सपरिवार आइरहनु भएको छ भन्ने जाहेर गरे । खबर पाउने वितिक्कै राजाहरू अनेक राजकर्मचारीहरू साथमा लिएर गहभरी आँसु पारेर वेस्सन्तरसँग भेटेर यस्तो भने–

“भो वेस्सन्तर ! तपाईंको सैन्य भारदारहरू खोइ ? तपाईंको रथ र घोडाहरू खोइ ? के तपाईं घोडामा अर्थात् रथमा आउनुभएको होइन ? तपाईंको बाबुआमाहरू कुशलै हुनुहुन्छ ? तपाईंलाई कुशलै छ ?”

राजाको कुरा सुनेर वेस्सन्तरले भन्नुभयो–

भो राजन ! मलाई आनन्दै छ, मेरा आमाबाबाहरू पनि कुशलै हुनुहुन्छ । शिवि देशलाई पनि मङ्गलै छ । मैले सेतो मङ्गलसम्मत हात्ती याचकहरूलाई दान दिएँ । त्यसकारण नागरिकहरू म देखी रिसाएका हुनाले मलाई देशबाट निष्कासन गरे । मैले तिनीहरूको वचन मानेर वङ्क पर्वतमा जान्छु भनेर आएको हुँ ।

वेस्सन्तरको कुरा सुनेर राजखलकहरूले यसो भने–

“भो वेस्सन्तर ! तपाईं हामीहरूको पाहुना हुनुभयो । तपाईंले केही पीर मान्नुपर्दैन । हामीले तपाईंको खानपानको बन्दोवस्त गरिदिन्छौं ।”



Downloaded from http://dhamma.digital/

वेस्सन्तर– "भो राजन ! तपाईंहरूको अमूल्य प्रार्थनालाई म स्वीकार गर्छु। वावाले मलाई वङ्क पर्वतमा बस्न जाऊ भनी निर्वासन गर्नुभएको छ। तसर्थ म वङ्क पर्वत मै बस्न जान्छु । तपाईंहरूले मलाई वङ्क पर्वतमा बस्ने ठाउँ कृपापूर्वक देखाई दिनुहोस् ।"

राजपरिषद्‌ले भने– "भो वेस्सन्तर ! हामी गएर सञ्जय राजा समक्ष तपाईंको निर्दोष भाव जाहेर गरी नफर्कुन्जेलसम्म तपाईं यहीं वस्नुहोस् । तपाईंलाई यहाँ कुनै तकलिफ हुने छैन ।"

बोधिसत्त्वले भन्नुभयो– "भो राजन ! तपाईंहरूले यो इच्छा नगर्नुहोस् । शिवि देशका नागरिकहरू म देखी अत्यन्त क्रुद्ध भैरहेका छन् । त्यसकारण तपाईंहरूले मेरो विषयमा केही चर्चा गर्न जाँदा झन् क्रुद्ध भएर मेरो कारणबाट मेरा पूज्य वाबालाई समेत निष्कासन गरिदिन सक्छन् । तसर्थ यो कुरा त्यहाँ नपुऱ्याउनुहोस् ।"

राजपरिषदले भने– "भो वेस्सन्तर ! हामीले तपाईंको निर्दोषता देखाउँदा पनि शिवि देशवासीहरूको चित्त बुझेन भने तपाईं यहीं बसेर राज्य गर्नुहोस् । यो चेतराष्ट्र पनि अति समृद्ध छ। जङ्गलमा जाने विचार नलिनुहोस्, राज्य चलाउने मन गर्नुहोस् ।"

"वेस्सन्तरले भन्नुभयो– "भो राजन ! मलाई राज्य चलाउने मन छैन। तपाईंहरूले दिनुभएको सबै मैले स्वीकार गरें। राज्यबाट निर्वासित भैसकें। फेरि यहाँ राज्य गर्दा परस्पर शत्रुता वृद्धि हुनसक्छ। अनि मेरो कारणबाट दुई राज्यबीच झगडा भएर प्राणी हत्या हुनेछ। यो मलाई जङ्गलमा बस्न एउटा ठाउँ बन्दोबस्त गरिदिनुहोस् ।"

यसरी महासत्त्वले राज्य गर्न अस्वीकार गरेपछि चेत नगरवासीसहित सकल राजपरिषद्‌हरूले महासत्त्वको महान् सत्कार गरे । वेस्सन्तरले भने नगरमा प्रवेश गर्ने इच्छा गर्नुभएन । तसर्थ तिनीहरूले त्यहीं एक धर्मशालालाई अलंकृत गरी अङ्गरक्षकहरू



Downloaded from http://dhamma.digital/

राखेर बोधिसत्त्वलाई भव्यरूपले भोजन गराए। वेस्सन्तरले नागरिकहरूको स्वागतलाई स्वीकार गरी एक अहोरात्र त्यहाँ बसेर भोलिपल्ट विहान सबैरै अनेक प्रकारको खाद्य भोज्य वस्तु खानपिन गरी ती राजपरिषद् धर्मशालाबाट बाहिर निस्कनु भयो। साठी हजार क्षत्रीय परिवार पन्ध्र योजन मार्गसम्म बोधिसत्त्वसँगै गएर जङ्गलमा पुगेपछि त्यहाँदेखि उता पन्ध्र योजनको बाटोको कुरा बताउँदै गहभरि आँसु राखी तिनीहरूले यसो भने–

"भो वेस्सन्तर ! अब तपाईं यहाँबाट दक्षिणतिर जानुहोस् ! त्यहाँ गन्धमादान भन्ने शिला पर्वतमा पुग्नुहुन्छ। त्यहाँबाट उत्तर लागी विपुल भन्ने पर्वत भेट्टाउनु हुनेछ। त्यहाँबाट पनि पर जाँदा अनेक प्रकारका माछाहरू भएको केतुमती नाम गरेको एउटा नदी भेट्टाउनु हुनेछ। त्यहाँ केही छिन विश्राम गर्नुभई स्नान गरी त्यहाँबाट उता जानुभएपछि गुलियो फल फलेको एउटा बहरको वृक्ष भेट्टाउनु हुनेछ। त्यहाँबाट पनि पर जानुभो भने नालिक भन्ने पर्वत पुगिन्छ। त्यहाँबाट पनि उत्तर र पूर्वको कोणतिर जानुभयो भने अत्यन्त राम्रो निर्मल पानीले भरिएको मनपर्दो पुष्करणी एउटा भेट्टाउनुहुनेछ। त्यसको पनि उत्तरपूर्व कोणतर्फ जानु भई पर्णशाला बनाई आफूले इच्छा गरेअनुसारको तप गर्नुहोस्।"

यसरी पन्ध्र योजनको बाटो बताई चेतराष्ट्रका राजपरिषद्हरू त्यहाँबाट फर्के। जानुभन्दा अगाडि तिनीहरूले वेस्सन्तरको रक्षाको निम्ति जङ्गलको बाहिर एउटा अति चतुर चेतपुत्रलाई पहरा राखी त्यसलाई 'यहाँ जङ्गलमा आउने मानिसहरूलाई राम्रोसँग परीक्षा गरी हेर्नु, भनी त्यहाँबाट सबै फर्के।

## बोधिसत्त्वको तपस्वी भेष

बोधिसत्त्व पनि उनीहरूले बताएको बाटोबाट जाँदै गन्धमादान पर्वतमा पुग्नुभई त्यो दिन त्यहीं बिताउनुभई भोलिपल्ट त्यहाँबाट उत्तरर्फ लागेर विपुल पर्वत काट्नुभई क्रमशः केतुमती नदीको किनारमा पुग्नुभयो। जङ्गलमा हिंड्ने



Downloaded from http://dhamma.digital/

मानिसहरूले दिएको मासु मह आदि सेवन गरेर उनीहरूलाई सुनको सियो दिएर त्यहाँबाट क्रमशः पहाडको चुचुरोमा रहेको वहरको वृक्षनिर पुग्नुभयो। त्यहाँ केही बेर बस्नुभई आराम गरेर वहरको फल खाएर त्यहाँबाट पनि प्रस्थान गरेपछि नालिक भन्ने पर्वतमा पुग्नुभयो। त्यहाँ खोज तलास गरिहेर्दा मुचलिन्द सरोवर देख्नु भई त्यहाँबाट उत्तरपूर्वको कोणतर्फ हेरिजाँदा एउटा साँगुरो बाटो देखी त्यस बाटोबाट जाँदा क्रमशः चारकोण भएको मनपर्दो राम्रो पुष्करणीमा पुग्नुभयो।

त्यसबेला शक्रदेवले बोधिसत्त्व वङ्क पर्वतमा आइपुगेको देखेर विश्वकर्मा देवपुत्रलाई डाकेर "हे विश्वकर्मा देवपुत्र ! तिमी गएर वङ्क पर्वतमा वेस्सन्तर बोधिसत्त्वको लागि एउटा आश्रम निर्माण गरी सम्पूर्ण अमनुष्य पशुपंक्षीहरूको भय इत्यादिबाट रक्षा गरिआउनु" भनी खटाउनुभयो। विश्वकर्मा देवपुत्र त्यहाँ गएर दुईवटा पर्णशाला र बेलुका बस्ने र दिउँसो बस्ने ठाउँ बनाई त्यसभित्र ऋषि भेषलाई चाहिने सबै सामग्री राखी पर्णशालाका ठाउँठाउँमा यो आश्रममा भएको वस्त्रादि जसलाई आवश्यक छ उसले ग्रहण गरी आफ्नो धर्मपालन गर्न सकोस् भनी लेखेर अमनुष्य तथा पशुपंक्षीहरूको भयरहित गराई आफ्नो ठाउँमा फर्कियो।

महासत्त्वले एकजना मात्र जान सकिने साँगुरो बाटो देखेर "अवश्य यो बाटो आश्रमतर्फ जाने बाटो हुनसक्छ" भनी सोच्नुभएर मद्दी, जालि तथा कृष्णाजिनीहरूलाई आश्रममा पस्ने ढोकातिर राख्नुभई आफू मात्र पहिले आश्रममा पुग्नुभयो। आश्रममा पुगेपछि कुटीमा पस्नुभयो। त्यहाँ कुटीमा ठाउँठाउँमा अक्षर लेखिराखेको देखेर शक्रदेवले मलाई देख्नुभयो होला भन्ने बुझेर आफूसँग रहेको खड्ग धनुषवाण सबै एकातिर राखी आफ्नो शरीरको वस्त्र छाड्नुभई तपस्वीभेष धारण गर्नुभयो।

यसरी तपस्वीभेष धारण गरिसकेपछि लट्टी टेक्नुभई पर्णशालावाट बाहिर निस्कनुभई चंक्रमणशालामा उक्लनु भई केही बेर चंक्रमण गर्नुभई प्रत्येक बुद्ध जस्तै संयमी हुनुभई मद्दी र जालिहरू भएको ठाउँमा जानुभयो।



Downloaded from http://dhamma.digital/

मद्दीदेवीले आफ्नो स्वामीलाई तपस्वीभेषमा देखेर विरहले आँसुका धारा बगाएर वेस्सन्तरसँगै आश्रममा गएर आफ्नो निम्ति बनाइराखेको पर्णशालामा पसेर त्यहाँको तपस्वीनीवस्त्र पहिरी तपस्वीनीको भेष धारण गरिन् । पछि छोरा-छोरीहरूलाई पनि तपस्वीको वस्त्र लगाइदिइन् । यसरी चार क्षत्रीय परिवारहरू वङ्क पर्वतको बीचमा वस्नुभयो ।

यसरी तपस्वी र तपस्वीनी भएपछि मद्दीदेवीले वेस्सन्तरसँग प्रार्थना गरिन्–

'भो नाथ ! तपाईं फलफूलको निम्ति जङ्गलमा नजानुहोस् । बालकहरूको हेरविचार गरी यहीं वस्नुहोस् । म प्रतिदिन जङ्गलमा गई फलफूल खोजेर ल्याउनेछु ।'

त्यस दिनदेखि मद्दीदेवीले जङ्गलबाट ल्याएका फलफूलहरू भोजन गरेर चार क्षत्रीयहरू सुखदुःख अनुभव गर्दै जङ्गलमा वस्न थाले ।

वेस्सन्तरले पनि मद्दीदेवीलाई यसो भन्नुभयो–

"प्रिय मद्दी ! अब हामी प्रव्रजित भइसक्यौं । स्त्री ब्रह्मचर्यमा मल हो, तसर्थ अबदेखि तिमी कुबेलामा मकहाँ नआउनु ।"

मद्दीदेवीले "हुन्छ हवस्" भनी स्वीकार गरिन् ।

यसरी परस्पर वाचा बन्धन गरी उहाँहरू जङ्गलमा बस्नुभयो । महासत्त्वको मैत्री ध्यानले तीन योजनसम्मका प्राणीहरूको चित्तमा मैत्री भाव उत्पन्न भयो । परस्पर सवै आपसमा मिलेर वसे । कसैले कसैलाई हिंसादि गर्ने भावना आएन । सबै सुखी र मुदित भएर सुसम्पन्न भई वस्न थाले ।



Downloaded from http://dhamma.digital/

## मद्दीदेवीको नित्यचर्या

मद्दीदेवीको नित्यकर्म भने यस्तो बन्यो–

विहान सबेरै उठेर पानी र हातगोडा धुने पानी ठाउँठाउँमा राखेर आफ्ना स्वामी वेस्सन्तरलाई स्नान गर्ने पानी र दतिवन राखी आश्रम सबै सफासँग बढार्ने। मन पर्ने किसिमसँग बढारिसकेपछि छोराछोरी दुवैलाई बाबुकहाँ राख्न लाने। अनि एउटा झोला, गल र अंकुश लिएर बनमा जाने। बनमा गएर झोलाभरि फलफूल राखी सन्ध्या समयमा आश्रममा फर्कने। आश्रममा पुगेपछि पर्णशालामा फलफूल राखी स्नान गरिसकेपछि छोराछोरीलाई नुहाइदिने। अनि चारै क्षत्रीयहरू एकै ठाउँमा भेला भएर फलफूल खाइसकेपछि मद्दीदेवी आफ्ना छोराछोरी लिएर आफ्नो पर्णशालामा जाने।"

यस्तो किसिमको मद्दीदेवीको दिनचर्या भयो। यसरी जीविका चलाउँदै उहाँहरूले त्यस वङ्क पर्वतमा सात महिना विताउनुभयो।

## वेस्सन्तर जातक अभ्यास – ३

१. वेस्सन्तर राजकुमार परिवार सहित कहाँ गए ? त्यस विषयमा आफूलाई थाहा भएको कुरा प्रष्टसँग लेख्नुहोस्।

२. बोधिसत्त्वको तपस्वी भेष बारे चर्चा गर्नुहोस्।

३. मद्दीदेवीको नित्य चर्या कसरी बित्ने गर्दथ्यो ?



Downloaded from http://dhamma.digital/

# ४. जूजक काण्ड

त्यसबेला कलिङ्ग देशमा दुन्निवट्ट गाउँ वस्ने जूजक ब्राह्मणले यताउती पैसा माग्दै प्राप्त भएको एक सय रूपैया अर्को एउटा ब्राह्मणकहाँ नासो राखेर फेरि माग्दै हिंडयो । जूजक ब्राह्मण धैरै महीनासम्म पनि नआउँदा रूपैया नासो लिने ब्राह्मणले जूजक ब्राह्मणको एक सय रूपैया म्हासिदियो । पछि जूजक आएर रूपैया माग्दा ब्राह्मणले तिर्न नसकेर आफ्नी छोरी अमित्रतापन नामकी ब्राह्मणी उसलाई दिई पठायो । जूजक खुशी हुँदै ब्राह्मणी साथमा लिएर आफ्नो गाउँमा बस्न गयो । अमित्रतापन ब्राह्मणीले पनि जूजक ब्राह्मणको सेवा सुश्रुषा राम्रैसँग गरिन् । अरुअरु युवक ब्राह्मणहरूले अमित्रतापन ब्राह्मणीको भाव भक्ति र सेवा सुश्रुषा देखेर आफ्नी स्त्रीहरूलाई "देख्यौ फलानो बूढो जूजकको जहान ! त्यस्ती तरूणी भएर पनि त्यस्तो बूढो जूजक ब्राह्मणलाई कसरी सेवा सुश्रुषा गर्छे ! तिमीहरू मात्र यसरी अलसी भएर किन बसेको ?" भनी गाली गर्न थाले । आ-आफ्नो लोग्नेको गाली खप्नुपरेकोले ती आईमाईहरूले 'अमित्रतापन ब्राह्मणीलाई गाउँबाट नभगाई कहाँ छाड्ंला भन्ने नियत गरी एक दिन अमित्रतापन ब्राह्मणी नदीमा पानी भर्न आउँदा उनीहरू सबै मिलेर खुब गिज्याए र नाना प्रकारले उपहास गर्दै यसो भने–

"हे नानी ! तिम्रा आमाबावु कस्ता रहेछन् ? हेर ! यस्तो काम नलाग्ने वूढोलाई यस्ती तरूणी केटी दिइपठाएको । तिमी तिम्रा आमाबाबुलाई मन पर्दैन कि कसो ? तिमीलाई सुखी तुल्याउन त होइन होला यहाँ पठाएको । तिम्रा आफन्तहरूले तिमीलाई साह्रै नै अन्याय गरे । त्यस्तो वूढोसँग पनि विहे गरिपठाउने हो ? साँच्चै नै तिम्रा आफन्तहरूले तिमीलाई विगार्न नै यस्तो गरेको हुनुपर्छ ? के तिम्रा आमाबावुलाई तिमीजस्ती राम्री छोरी दिन संसारमा अरु कोही मानिस पाएनन्



Downloaded from http://dhamma.digital/

होला ? अवश्य तिमीले पहिलो जन्ममा श्रमण ब्राह्मणहरूलाई सरापेर आएको होला त्यसैले अहिले तिमीलाई यस्तो लोग्ने परेको हो । त्यस्तोसँग बसेर तिमीले के सुख पाउली के आनन्द होला र ? जोडी मिल्ने लोग्ने जुरेको भए कस्तो सुख पाइसकेकी होली । हरे ! धिक्कारै हो तिम्रो कर्म ! यस्तो बूढोसँग बस्नुभन्दा त तिमी माइती जानु नै असल छ ।"

अनि अमित्रतापन ब्राह्मणी दुःख मानेर सुंक्कसुंक्क गर्दै रूँदै घर फर्किन् । जूजक ब्राह्मणले किन रोएकी भनेर सोद्धा ब्राह्मणीले भनिन्–

"भो ब्राह्मण ! अबदेखि म भएभरको आइमाईहरूले तिमीजस्तो बूढोसँग बस्ने भनी अनेक प्रकारले गिल्ला गराई तिम्रो लागि नदीमा गएर पानी भर्न जान्न ।"

जूजक– "त्यसो भए तिमीले पानी भर्नुपर्दैन । तिमीले यसमा पीर नमान । म नै पानी भर्न जान्छु ।"

ब्राह्मणी– "म आफ्नो मालिकलाई काम गराइबस्ने कुलमा जन्मेकी नारी होइन । त्यसकारण मलाई एउटी दासी ल्याइदेऊ । होइन भने म यो घरमा बस्दिन ।"

जूजक– "भो प्रिय ! म गरीब छु । मसँग धन धान्य प्रशस्त छैन । न त मसँग कुनै ठूलो काम नै छ । त्यसकारण मैले कहाँबाट कसरी दासदासी ल्याउने ? तिमीलाई मैले चाहिंदो सेवाटहल गरी चाकरी गर्छु । तिमी नरिसाऊ ।"

ब्राह्मणी– "त्यसो भए तिमी वेस्सन्तर राजाकहाँ गएर उहाँका छोराछोरी मागेर ल्याइदेऊ । उहाँ खुब दानी हुनुहुन्छ । उहाँले अवश्य दिइपठाउनु हुनेछ ।"

जूजक– "भो ब्राह्मणी ! म निर्बल बूढो भैसकें । त्यतिको टाढाको बाटो जान सक्दिन । तिमीलाई म चाहिंदो सेवा सुश्रुषा गर्नेछु । तिमी किन रिसाउँछ्यौ ? नरिसाऊ ।"



Downloaded from http://dhamma.digital/

ब्राह्मणी– "भो ब्राह्मण तिमी त लडाईंमा नगैकन नै पराजित भएजस्तै जाँदै नगैकन त्यसै जान सक्दिन भनी कायल भयौ। यदि तिमीले दासदासी ल्याइदिएनौ भने म यस घरमा एक छिन पनि बस्दिन। मैले तिमीलाई सुख दिन पनि सक्दिन। फेरि म अरु मानिससँग हिंडेको देख्दा तिम्रो मनमा अपशोच र ताप होला। मलाई त तिम्रो मुख हेर्नुभन्दा नहेर्नु नै असल लाग्छ।"

ब्राह्मणीको कुरा सुनेर जूजकले आत्तिएर भन्यो–

"त्यसो भए भो ब्राह्मणी। तिमीले मलाई बाटोमा खाने खर्च अलि ठीक पारिदेऊ म गएर वेस्सन्तरका बालकहरू मागेर ल्याउँछु।"

जूजकको कुरा सुनेर ब्राह्मणीले छिटोछिटो गरी बाटोमा खानलाई मकैको पिठोको रोटी, सत्तु आदि तयार गरिदिइन्। ब्राह्मणले जंगलमा गएर दाउरा खोजेर ल्याई पानी ल्याएर थोत्रो भएर भत्किरहेको घर मरम्मत गरी 'अबदेखि म नफर्कुञ्जेल कुबखतमा बाहिर नजानू' भनी स्वास्नीलाई भनेर ऋषिको भेष लिएर खानेकुरा राखेको झोली काँधमा बोकेर गहभरि आँसु राख्दै स्वास्नीलाई तीनफेरी घुमेर निस्कियो।

जेत्तुत्तर नगरमा गएर त्यहाँ जम्मा भैरहेका मानिसहरूसँग 'वेस्सन्तर राजा कहाँ हुनुहुन्छ ?' भनी सोधे। तिनीहरूले तिमीहरू जस्ता चाण्डालहरूले गर्दा वेस्सन्तर राजा दान दिदैं अहिले वङ्क पर्वतमा बास बस्न जानुभयो। अझ पनि उहाँलाइ खोइ भनेर माग्न आउँदैछौ भनी जूजकलाई सबैले लखेटी पठाए। जूजक डराई भागे। संयोगवस जूजक भाग्दा भाग्दै वङ्क पर्वत, जाने बाटोमा पर्न गयो।

यसरी जूजक बाटो नछोडिकन जाँदा एक ठाउँमा घोर जंगलभित्र पऱ्यो। वनमा रहेका कुकुरहरूले त्यसलाई लखेट्दै घुमाए। त्यो डराएर रूखमा चढ्यो। रूखमा बसेर डराएको स्वरमा भने 'याचकहरूको मन सन्तुष्ट हुने गरी दान दिने वेस्सन्तर कहाँ हुनुहुन्छ ? मेरो भय तारिदिने वेस्सन्तर कहाँ हुनुहुन्छ ?'



Downloaded from http://dhamma.digital/

जूजक रूखमा वसेर डराउँदै कराइरहेको शव्द सुनेर जंगलमा पालो वसिरहेको चेतपुत्रले 'को रहेछ' भनी हेर्न आए। त्यसले रूखमाथि जूजकलाई देखेर अवश्य नै यसले वेस्सन्तरसँग दान लिन आएको होला। यसलाई यहीं समाप्त गर्नुपर्‍यो भन्ने मनमा लिएर ब्राह्मणलाई 'अव तिम्रो प्राण वच्ने छैन भन्दै त्यसतर्फ वाण सोभ्यायो।

जूजकले मरणभयले व्याकुल भै भन्यो–

"भो चेतपुत्र ! मेरो कुरा त सुन। त्यसै मलाई नमार। वेस्सन्तरका आमाबावुहरू दुखी भैरहेका छन्। फुसतिदेवी रूँदारूँदा आँखाले नदेख्ने भैसक्नुभएको छ। म राजदूत हुँ। वेस्सन्तरलाई लिन जान भनीं आएको छु। तसर्थ मलाई नमार।"

अनि चेतपुत्रले शिकारी कुकुरहरू सवै वाँधेर ब्राह्मणलाई रूखवाट ओह्राली खूव मान मिजास गरेर "अहो ! तिमी त हाम्रा मनपर्ने, वेस्सन्तरलाई मनपर्ने दूत रहेछौ। तिमीले केही धन्दा नमान" भनी त्यसलाई राम्रोसँग खानपान गरायो।

जूजकलाई खानपिन दिइसकेपछि चेतपुत्रले त्यसलाई वेस्सन्तर बसेको आश्रम देखाउँदै दाहिने हात पसारेर यसो भन्यो– 'हे जूजक त्यो गन्धमादान पर्वत देख्यौ। त्यहाँ अत्यन्त रमणीय राम्रो आश्रममा वेस्सन्तर राजा ऋषिभेष लिएर छोरा-छोरीहरूसँगै प्रसन्न भएर आगो वालेर बस्नुभएको छ।'

चेतपुत्रले आश्रमपथ देखाई वाटोको वृतान्त वताएपछि अति खुसी भएर जूजकले भन्यो–

'भो चेतपुत्र ! तिमीलाई मेरोतर्फवाट धन्यवाद छ। मसँग मह मिसाएको सत्तु छ। कृपापूर्वक यो सत्तु अलिकति स्वीकार गर।'

जूजकको कुरा सुनेर चेतपुत्रले भने–



Downloaded from http://dhamma.digital/


"हे जूजक ! मलाई तिम्रो सत्तु चाहिएको छैन । वरु मसँग भएको खानेकुरा अलिकति लिएर जाऊ । यहाँबाट सीधा गयौ भने साँगुरो सोझो एउटा गोरेटो आउँछ । त्यही बाटोबाट सरासर गयौ भने एक ठाउँमा अच्युत नामको ऋषि भेट्नेछौं । त्यहाँबाट उता जाने बाटो उहाँसँगै सोध्यौ भने तिमीलाई राम्रोसँग बताउनुहुनेछ ।"

अनि चेतपुत्रलाई नमस्कार गरेर जूजक अच्युत भएको ठाउँमा गयो ।

## वेस्सन्तर जातक अभ्यास – ४

१. जूजक ब्राह्मण कस्ता थिए ? उनको वैवाहिक जीवन बारे लेख्नुहोस् ।

२. जूजक ब्राह्मणले वेस्सन्तरको खोजी किन गर्न थाले ?





Downloaded from http://dhamma.digital/

# ५. छ क्षत्रिय काण्ड

अच्युत ऋषिकहाँ पुगेपछि जूजक ब्राह्मणले उहाँसँग कुशल वार्ता गरेपछि अच्यूत ऋषिले 'जंगलको प्राकृतिक दृष्य हेर्दा मलाई आनन्दै छ। मलाई जंगलको तरूल, फलफूल खानलाई प्राप्त छ। मलाई केही तकलिफ छैन। कुशलै छु" भन्यो।

अनि जूजकले भन्यो–

"भो ऋषि ! यदि तपाईंले सञ्जय राजाका पुत्ररत्न वेस्सन्तर राजा बस्नुभएको आश्रममा जाने बाटो देखाउनुभए बडो उपकार हुने थियो।" तपस्वीले भन्यो– "भो ब्राह्मण ! वनवासी भैरहेका वेस्सन्तरसँग धन द्रब्य केही छैन। तिमी किन उहाँकहाँ जान्छौ ? शायद तिमी उहाँका छोराछोरी माग्न आएका होला अथवा उहाँकी पतिव्रता पत्नी मद्दीदेवी माग्न आएको होला, होइन त ?"

'होइन, भो तपस्वी ! म त्यसरी केही माग्न भनी आएको होइन। केवल उहाँजस्ता सत्पुरुषहरूको दर्शन गर्नु मङ्गल छ भनी उहाँको दर्शन गर्न आएको हुँ। उहाँ मेरो शिष्य हुनुहुन्छ। उहाँलाई शिवि राजाले निष्कासन गरेदेखि मैले उहाँको मुख देख्न पाएको छैन। त्यसकारण उहाँसग एक पटक भेट्न भनी आएको हुँ। अरु केही माग्न भनी आएको होइन। तपाईंले यसमा केही शङ्का नलिइकन बाटो देखाइदिनु भयो भने म बूढोको ठूलो उपकार हुनेछ।'

अनि तपस्वीले जूजकलाई "त्यसो भए आज एक रात यहीं बसेर थकाइ मरेपछि फलफूल खाई भोलि सबेरै उठेर जाऊ" भन्यो। जूजक रातभरि त्यहीं बस्यो। भोलिपल्ट उज्यालो भएपछि तपस्वीले जूजकलाई वङ्क पर्वत जाने बाटो देखाई दियो। जूजक खुसी भएर सरासर गएर वेस्सन्तर बसिरहेको पहाडमा गयो।



Downloaded from http://dhamma.digital/

जूजकले वेस्सन्तरको आश्रमनगीचै भएको पुष्करणी देखेर विचार गऱ्यो "आज निक्कै अवेला भइसक्यो। मद्दीदेवी जंगलबाट फर्किसकेकी होलिन्। आइमाई जातले दान दिनुमा विघ्न पार्न पनि सक्छ। भोलि विहान मद्दीदेवी जंगलमा गएपछि वेस्सन्तरसँग उसका छोराछोरी मागेर मद्दीदेवी जंगलवाट फर्कनुभन्दा अगावै फर्कन्छु।" यति विचार गरेर जूजक ब्राह्मण त्यस पहाडको अनुकूल ठाउँमा बसेर रात काट्यो।

## मद्दीदेवीको स्वप्न

त्यसरात मद्दीदेवीले यसरी सपना देखिन्–

एउटा कालो मानिसले गेरुवा वस्त्र पहिरेर दुवै काँधमा रातो फूलको माला भिरेर हातमा खुकुरी लिएर भयङ्कर रूपले अगाडि आएर पर्णशालाभित्र पसी मद्दीदेवीको चुल्ठो समातेर तान्दै भूमिमा पछाऱ्यो। मद्दीदेवीको दुवै आँखा निकालेर दुवै हात काटि दियो, छाति फुटालेर रगतको भेल बगाउँदै मुटु चुँडेर लग्यो।

ब्युँझेपछि मद्दीदेवी अत्यन्त डराइन्। अहो ! कस्तो भयङ्कर सपना देखेछु। वेस्सन्तर जस्तो सपनाको फल जान्ने अरु कोही छैन भन्ने मनमा लिएर उत्तिनखेरै पर्णशालावाट वाहिर निस्केर वेस्सन्तरकहाँ गएर पर्णशालाको ढोका घच्घच्याइन्।

महासत्त्वले– 'बाहिर को हँ ?' भनी सोध्नुभयो। मद्दीदेवीले– 'भो देव ! तपाईंकी मद्दी हुँ भनिन्।'

'भद्रे ! हाम्रो वाचा भङ्ग गरी किन तिमी यसरी कुवेलामा आयौ ?'

'भो देव ! म क्लेशको वसमा परेर आएकी होइन। मैले अशङ्ग सपना देखें। तसर्थ त्यसको अर्थ सोध्न भनी आएकी हुँ।'

"त्यसो भए स्वप्न वताऊ।"–



Downloaded from http://dhamma.digital/

मद्दीदेवीले सपनामा देखेको कुरा वताइन् । वेस्सन्तरले स्वप्नको कुरा जानेर 'भोलि मेरो दानपारमि पूर्ण हुनेछ । भोलि मकहाँ कुनै याचक आएर मेरा छोराछोरी दानको रूपमा माग्ने छन् । मद्दीलाई सान्त्वना दिएर पठाउनुपर्‍यो भनी "भो मद्दी ! तिमी सुतेको अप्ठचारो पर्‍यो होला अथवा भोजनको कुफतले यस्तो भयो होला अथवा शरीरमा वायु प्रकोप भएकोले यस्तो सपना देखेकी हौली । डराउनुपर्ने कुनै कारण छैन" भनी मद्दीदेवीलाई सान्त्वना दिएर पठाउनुभयो ।

बिहान उज्यालो भएपछि मद्दीदेवी आफ्नो काम पूरा गरिसकेपछि छोरा-छोरीलाई "प्रिय बालक हो ! आज मैले असाध्य नराम्रो सपना देखेकी छु। त्यसकारण आज तिमीहरू अलि सतर्क भएर हिंड । यताउती टाढा नजानु" बालकहरूलाई वेस्सन्तरकहाँ लगी 'भो देव ! आज मैले नराम्रो सपना देखेकी छु । त्यसकारण करूणापूर्वक यी बालकहरूलाई विशेषरूपले हेरविचार गर्नु होला । म वनमा जाँदैछु ।' भनी बालकहरू जिम्मा लगाई आफू टोकरी, अंकुश आदि फलफूल टिप्न चाहिने सामान लिएर "आज के हुने होला ! भन्दै गहभरी आँसु भर्दै जंगलमा फलफूल खोज्न गइन् ।

## वेस्सन्तरको छोरा छोरी दान

जूजक पनि अब त मद्दीदेवी जंगलमा गइसकेकी होलिन् भनी पर्वतबाट ओर्ल्ही क्रमशः आश्रमको बाटो लाग्दै आश्रमतिर लागे । महासत्त्व पर्णशालाबाट बाहिर निस्केर स्वच्छ चेप्टो शिलामाथि स्वर्ण मूर्ति झैं पलेंटि मारेर मानो कुनै रक्सिवाजलाई रक्सीको प्यास लागे झैं "कहिले दान लिने व्यक्ति आउँला" भनी वाटोतिर मात्र हेरिरहे । बालकहरू पनि आफ्ना पिता कहाँ खेलिरहे । जूजकलाई विस्तारै आश्रमतिर आइरहेको देखेर "आहा, सात महिनादेखि वन्द भैरहेको मेरो दान



Downloaded from http://dhamma.digital/

दिने द्वार खोल्न आज तपाईं आउनुभयो । आउनोस् ब्राह्मण !" भनी मनमा लिएर वेस्सन्तरले अगाडि खेलिरहेका जालिकुमारलाई डाकेर भन्नुभयो– 'हे जालि ! खेल्न पुग्यो । हेर त हामीकहाँ आज हाम्रो राजदरबारमा जस्तै कुनै ब्राह्मण आई रहेछ । त्यसलाई देख्ने वितिक्कै मेरो मनमा मानो गर्मीले छटपटाई रहेकोलाई शिरमा चिसो पानी खन्याइदिएझैं मेरो मन बडो शीतल भयो ।'

बाबाको कुरा सुनेर जालिकुमारले भन्यो–

'भो बाबा ! मैले पनि एउटा बूढो मानिस देख्दैछु । त्यो त एउटा याचक ब्राह्मणजस्तो छ । अवश्य नै त्यसलाई केही आवश्यक भयो होला । उहाँ हाम्रा अतिथि हुन् ।'

यति भनेर जालिकुमार खेलिरहेको ठाउँबाट उठेर ब्राह्मणलाई आदरपूर्वक त्यसको अगाडि गएर त्यसको हातमा रहेको झोला आदि माग्यो । जूजकले यो वेस्सन्तरको छोरो जालिकुमार होला । शुरूदेखि नै यसलाई तर्साइराख्नुपर्छ भनी 'चाहिंदैन जाऊ !' भन्दै झपारेर पठायो । ब्राह्मणको कर्कश स्वर सुनेर जालिकुमार अलि पछि हटेर 'किन होला यो ब्राह्मणको स्वर यतिको कडा भएको ? योसँग के के लक्षण रहेछ भनी जूजकको शरीरमा हेर्दा अठारवटा पुरुषदोष देख्यो । बोधिसत्त्वको अगाडि गएर कुशल वार्ता गर्दै जूजकले भन्यो–

"तपाईंहरू सञ्चै हुनुहुन्छ ? के तपाईंहरूको शरीर निरोगी छ ? तपाईंहरूलाई जङ्गलको फलफूल सुलभ छ ? जङ्गली प्राणीहरूको तर्फबाट कुनै केही भय त छैन ?"

बोधिसत्त्वले ब्राह्मणलाई "सबै कुशलै छ" भनी उत्तर दिनुभयो ।

यति भनेर बोधिसत्त्वले 'यो ब्राह्मण यतिको टाढा जङ्गलमा आएको कुनै कारण होला । यो आएको कारण नै पहिले सोध्नुपर्‍यो भन्ने मनमा लिएर सोध्नुभयो–



Downloaded from http://dhamma.digital/

"भो ब्राह्मण ! तपाई यस्तो कष्ट खपेर यस्तो घनघोर जङ्गलमा के कारणले आउनुभएको ?"

जूजकले भन्यो– "भो वेस्सन्तर ! जस्तो नदीको पानी तिर्खा लागेकाहरूले पिउँदैमा कहिल्यै सुक्दैन, त्यस्तै नै तपाई श्रद्धालु दानपति हुनुभएकोले तपाईंसँग केही माग्न भनी आएको हुँ ।"

वेस्सन्तर– "भो ब्राह्मण ! यहाँ जङ्गलमा मसँग हीरामोती रूपैया पैसा त केही छैन । तैपनि मसँग भएको पदार्थ भयो भने मैले अवश्य खुसीसाथ दिनेछु । तपाईंलाई के चाहियो भन्नुहोस् ।"

जूजक– 'भो दानी वेस्सन्तर ! मलाई रूपैयाँ पैसा केही चाहिएको छैन । म साह्रै नै वृद्ध भएँ । तसर्थ मेरो टहलको लागि काम गराउन मलाई तपाईंका छोराछोरी दुइ जना माग्दछु । दिनुभयो भने अति ठूलो उपकार हुनेछ । तथा तपाईंलाई पनि महान पुण्य लाभ हुनेछ । यतिकै कारणले म यहाँसम्म दुःखकष्ट भोगेर आएको हुँ । मलाई आशा छ कि तपाईंले मेरो आशा पूर्ण गरी छिट्टै बालकहरू दान दिनुहुनेछ ।"

ब्राह्मणको कुरा सुनेर महासत्त्वको मनमा अत्यन्त आनन्द भयो । हात थाप्नेलाई हजार मुद्रा राखिदिएझैं अति प्रसन्न भएर बोधिसत्त्वले भन्नुभयो– 'भो ब्राह्मण ! तपाईं मेरा यी बालकहरूको मालिक हुनुभयो । मैले तपाईंलाई मेरा बालकहरू दिने भएँ' किन्तु एउटा कुरा तपाईंलाई भन्छु । बालकहरूकी आमा मद्दीदेवी फलफूल टिप्न बिहान सबेरै जङ्गलमा गइरहेका छिन् । भरे मात्र यहाँ फर्किन्छिन् । तसर्थ तपाईं आज एक रात यहीं बसेर मद्दीदेवीले ल्याउने मीठो फलफूल खाएर स्नान गरी थकाइ मेटेर फूलको माला पहिरी आराम गरी भोलि बिहान सबेरै बालकहरू लिएर जानुभए बेश हुनेछ ।'



Downloaded from http://dhamma.digital/

'भो वेस्सन्तर ! मेरो इच्छा त आजै यहाँबाट तुरन्तै फर्केर जाने छ । किनभने म यहाँ बसें भने तपाईंको पुण्य कार्यमा बाधा र मेरो लाभमा पनि हानि हुने सम्भव छ । आइमाई जात याचकहरूलाई सन्तुष्ट हुने गरी दान दिने खालका हुँदैनन् । तिनीहरू बडा छली र जाली हुन्छिन् । तिनीहरू माया प्रयोग गर्न जानेकी हुन्छिन् । फेरि तिनीहरू बडो कपटी हुन्छिन् । तसर्थ तिनले गर्दा तपाईंको दानमा बिघ्न हुनेछ । तपाईंले श्रद्धापूर्वक बालकहरू दान गर्नुहोस् । बालकहरूलाई आमाको मुख हेर्नुपर्ने कुनै आवश्यकता छैन । अवश्य पनि मद्दीदेवीले देखिन् भने तपाईंको यत्रो ठूलो पुण्य कार्यमा बिघ्न गर्नेछिन् । विलम्ब नगर्नुहोस् । आफ्नो श्रद्धालाई विलिन हुन नदिनुहोस् । बोलाउनुहोस् तपाईंका छोराछोरीहरू । परिशुद्ध श्रद्धा राखेर दिनुभएको दानबाट तपाईं अवश्य नै स्वर्गलोकमा जानुहुनेछ ।'

'त्यसो भए' भो ब्राह्मण ! यदि तपाईं मद्दीरानीलाई नपर्खने भए यी बालकहरू लिएर सञ्जय राजाकहाँ जानुस् । यी बालकहरू देखेर राजा खुसी भएर तपाईंलाई प्रशस्त धन सम्पति दिनुहुनेछ ।'

जूजक– 'भो वेस्सन्तर ! म यी बालकहरू लिएर राजाकहाँ जान्न । बालकहरू चोरेर ल्यायो भनी झन् मलाई दण्ड दिनेछ वा मेरो हत्या हुन पनि सक्छ । फेरि बालकहरू सरकारले खोसेर लियो भने घरमा बसेको मेरी स्त्री अमित्रतापनले मलाई गाली गर्नेछिन् ।'

वेस्सन्तर– 'भो ब्राह्मण ! तपाईंलाई मेरा बाबाले केही गर्नु हुने छैन । उहाँ पनि धर्मात्मा हुनुहुन्छ । यी बालकहरूको नरम बोलि सुनेर, यी बालकहरूको कोमल तथा मायालु मुख देखेर अवश्य नै तपाईंलाई धन्यवाद दिएर प्रशस्त धन दिनुहुनेछ ।'

जूजक– 'भो वेस्सन्तर ! म त तपाईंले भन्नुभएको काम एउटा पनि गर्न सक्दिन । मलाई राजाबाट पाउने धनको आवश्यकता पनि छैन । मलाई त यी



Downloaded from http://dhamma.digital/

वालकहरू लगेर मेरी ब्राह्मणीको काम गराउन पाए पुग्छ । अरु मलाई केही चाहिएको छैन ।'

जूजकको कडा वचन सुनेर जालि र कृष्णाजिनी दुवै डराएर पर्णशालाको पछाडि भागेर त्यहाँवाट पनि जङ्गलभित्र पसेर झारमा लुकिबसे । त्यहाँ ती बालकहरूको मनमा मानौं त्यो डरलाग्दो जूजक ब्राह्मणले पछ्याउँदै समाउन आएझैं भएर त्यहाँबाट पनि डराएर भाग्दै कहींपनि लुक्ने ठाउँ नपाएर यताउती दगुर्दै अन्तमा आश्रममा आउने बाटोको पुष्करणीको तीरमा गएर शरीरलाई केराको पातको वस्त्र बलियो गरी बसेर पोखरीमा पसेर पुष्करणीमा रहेको कमलको ठूलो पातले आफ्नो आफ्नो मुख छोपी लुकेर वसे ।

बच्चाहरू अगाडि नदेखेपछि जूजक ब्राह्मणले महासत्त्वलाई अलि आक्षेप गर्दै सुनायो– भो वेस्सन्तर ! भरखर तपाईंले मलाई बालकहरू दान दिन्छु भन्नुभयो । अहिले फेरि ती बालकहरूलाई मैले काम गराउँछु भनेको सुनेपछि आँखाको इशाराले बालकहरूलाई भगाएर थाहा नपाएझैं बसिरहनु भयो । मैले हेर्दा तपाईंजस्तो छली यो लोकमा अरु कोही होला जस्तो लाग्दैन ।

यो कुरा सुनेर महासत्त्वले अवश्य वालकहरू भाग होला भन्ने सम्झिनुभएर आत्तिएर– 'ब्राह्मण ! हतार नमान्नुहोस् । यसमा केही धन्दा मान्नुपर्दैन । मैले तपाईंलाई बालकहरू खोजेर ल्याइदिन्छु ।' भनेर वेस्सन्तर आसनवाट उठ्नु भएर पर्णशालाको पछाडि गएर बालकहरू जङ्गलमा गए भन्ने कुरा थाहा पाएर पाइलाको चिन्ह हेर्नुहुँदै बालकहरू पुष्करणीमा पसेको थाहा पाउनुभएपछि वेस्सन्तर राजाले बालकहरूलाई बोलाउँदै भन्नुभयो–



Downloaded from http://dhamma.digital/

*"एहि तात पियपुत्त पुरेथ मम पारमीं।*

*हृदयं मेभिसिञ्चेथ करोथ वचनं मम ॥*

*याना नावा च मे होथ अचला भवसागरे।*

*जारिपारं तरिस्सामि सन्तारेस्सं सदेवकन्ति ॥"*

अर्थात्– 'भो प्रिय पुत्रहरू ! यहाँ आऊ । मेरो पारमी पूरा गरिदेऊ । मेरा वचन सुनेर मेरो हृदय शीतल तुल्याइदेऊ । भवरूपी सागरबाट पार जानलाई तिमीहरू मेरो रथ वा नाऊ समान भइदेऊ । जन्ममरणको सागरबाट पार तरेर गएर देवसहित मनुष्यहरूलाई मैले पार तार्नेछु ।

बाबुको शब्द सुनेर कुमारले सोच्यो–

'जूजक ब्राह्मणले चाहे मलाई जेसुकै गरोस् । किन्तु बाबुलाई फेरि अर्को पटक बोलाउनुपर्ने कष्ट दिने छैन ।'

यति मनमा निश्चय गरेर जालिकुमार टाउको उठाई पोखरीबाट माथि आएर बाबुको पाउमा शिर राखेर गोडा बेस्सरी समातेर आँखाबाट बर्बर आँसुझार्दै रोए । अनि वेस्सन्तरले– तात ! तिम्री प्रिय बहिनी कृष्णाजिनी कहाँ छिन् ? भनी सोध्नु भयो । वेस्सन्तरको कुरा सुनेर जालिकुमारले भने– 'भो बाबु ! यी सत्त्व प्राणीहरूलाई आपद्-विपत् पर्दा सबभन्दा पहिले आफ्नो नै रक्षा गर्न खोज्छ ।'

जालिकुमारको कुरा सुनेर वेस्सन्तरले 'अवश्य यी दुइका बीचमा एकले अर्कोलाई नवताउने वाचा गरेको हुनुपर्छ' भन्ने जानी 'प्रिय कृष्णाजिनी ! तिमी कहाँ छौ ? यहाँ आऊ, तात ! भनी बोलाई दाज्यूलाई भनेझैं भन्नुभयो । कृष्णाजिनी पनि दाज्यूले जस्तै दोस्रो पटक बोलाउनु नपर्ने तुल्याउनु नै उचित छ ।' भन्ने मनमा



Downloaded from http://dhamma.digital/

लिएर पुष्करणीबाट माथि उक्लेर बाबुको अर्को बाँया गोडामा टाउको राखेर गोडामा बेस्सरी समाइ तातो आँसु बहाइन् ।

बालकहरूको तातो आँसुले बोधिसत्त्वको राम्रा कमलजस्ता गोडा धोइयो । वेस्सन्तरको आँखाबाट पनि तातो आँसू बग्यो र सुनको पाताजस्तो जालि र कृष्णाजिनीको शरीरमा मोती बर्सेभैं तपतप खसेर मानो तिनीहरूलाई आशीर्वाद दिइरहृयो ।

अन्तमा वेस्सन्तरले आफ्नो आँसु थामेर मन धैर्य गरेर छोरो जालिकुमारको हात समातेर उठाई "प्रिय तात ! तिमीहरूले मलाई दान दिने भनेर थाहा पाएकै छौं । मेरो काम नै दान दिने । त्यसकारण मनमा दुःख नमानिकन मेरो मनोरथ पूर्ण गरिदेऊ । यो तिमीहरूको उपकार र गुणलाई मैले कहिल्यै बिर्सन सक्ने छैन ।" भनी गोरुलाई मूल्य राखेभैं कुमारलाई त्यहीं नै आफ्नो मूल्य निश्चित गर्नुभई भन्नुभयो–

'प्रिय पुत्र ! तिमी यो ब्राह्मणको दासताबाट मुक्त हुने इच्छा भए उहाँलाई एक हजार असर्फी दिएर मुक्त हुनु ! तिम्री बहिनी अत्यन्त रूपवती छिन् । तसर्थ कुनै नीच कुलका मानिसहरूले रूपैया तिरेर किनी हाम्रो कुललाई कलङ्क गरिदेला । अतएव तिमीले उसलाई दासताबाट मुक्त गर्न सर्वसत्त 'सय सयवस्तु सयथरि राखिदिने' भन्ने दिलाएर मात्र मुक्त गर्नु । यो सर्वसत्त भनेको राजाले बाहेक अरु कसैले दिन सक्दैन ।

यति भनेर छोराछोरीको चित्त प्रसन्न हुने गरी धैर्य दिनुभएर सम्भाई बुभाई आश्रममा लग्नुभएर पानीले भरिएको कमण्डलु समात्नुभएर "भो ब्राह्मण ! यी मेरा पुत्रपुत्रीहरू दान गरेको प्रभावले छिट्टै सर्वज्ञता ज्ञान लाभ गरी जगतप्राणी सबै उद्धार गर्नसकुं" भन्ने प्रार्थना गरेर अगाडि बसिरहेको ब्राह्मणलाई "भो जूजक ! यी वालकहरू मलाई मन नपरेर दान दिएको होइन । यी वालकहरू मलाई मेरो हृदय र



Downloaded from http://dhamma.digital/

आँखाभन्दा पनि बढी प्यारो छ। फेरि यो भन्दा सयगुणा, हजार गुणा, लक्षगुणा भन्दा बढी मलाई त्यही सर्वज्ञ वुद्धत्व प्यारो छ। त्यसकारण मैले यतिका प्यारा छोराछोरी दान दिदैछु" भन्नु हुँदै पृथ्वी कम्प हुने गरी पानीको भारा खसालनु भई छोराछोरीहरू दुवै जूजक ब्राह्मणलाई दान गर्नुभयो।

यति बेला पृथ्वी गुञ्जायमान भयो। सबै ठाउँ साधु साधु शब्दले गुञ्जियो। चराचुरूङ्गी आदि सारा प्राणीहरूले धन्य धन्य भनेझैं शब्द निकाले। क्षणिक वर्षा पनि भयो। बिजुली चम्क्यो। हिमालय आदि पर्वतमा रहेका सिंह आदि जन्तुहरू एकै स्वरले कराउँदा जङ्गल पर्वत सबै घन्कियो।

दान दिइसकेपछि बोधिसत्त्वले अहा मेरो दान ! भन्नुहुँदै आफ्सेआफ् मनमा प्रीति उत्पन्न गर्नुहुँदै बालकहरूको मुख हेरिरहनुभयो। जूजक वनमा पसेर दाँतले टोकेर लहरा काटि ल्याएर जालिकुमारको दाहिने हातमा र कृष्णाजिनीको बाँया हातमा बेस्सरी बाँधेर त्यही लहराको एक छेउ आफूले समातेर बालकहरूलाई 'ल जाऊ' भन्दै तान्दै लग्यो। यो दृश्य वेस्सन्तरले टुलुटुलु हेरिरहनुभयो।

बालकहरूको अनुहार निन्याउरो र अँध्यारो भयो। भनेझैं छिटो हिंडेन भनेर दुष्ट ब्राह्मणले लहराको टुप्पाले स्वाँट्ट स्वाँट्ट पिट्थ्यो। यसरी पिट्दा ती कोमल शरीरका जालि र कृष्णाजिनीका शरीरमा रहेको छाला खुइलिन्थ्यो। रगत निस्कन्थ्यो। ब्राह्मणले दाज्यूलाई पिट्न लाग्दा बहिनीले आङ् थापिदिन्थी, बहिनीलाई पिट्न खोज्दा दाज्यूचाहिंले आफ्नो आङ् थापि दिन्थ्यो। यसरी दाजुबहिनी दुवै आपसमा दुःखलाई थापेर रूँदै गए। अनि एक ठाउँमा जमिन सम्म नपरेको ठाउँमा ब्राह्मण लड्यो। ब्राह्मण लडेपछि जालिहरूको हातमा बाँधिराखेको लहरा फुत्क्यो। बालकहरू दुवै रूँदै महासत्त्वको अगाडि भागे।



Downloaded from http://dhamma.digital/

महासत्त्वको अगाडि गएर बाबुको गोडामा छाँद हालेर घोप्टो पर्दै रूँदै जालिकुमारले भन्यो–

'भो बाबा ! आमा बनमा जानुभएको छ । तपाईंले भने हामीलाई दिइपठाउनु भयो । आमा नआउञ्जेल बसेर उहाँको मुख एक पटक हेरिसकेपछि हामीलाई तपाईंले दिइपठाउनुहोस् । पूज्य बाबु आमा नफर्कुञ्जेल हामीलाई नपठाउनुहोस् । आमाको एक पटक मात्र दर्शन गरें । आमाको दर्शन गरिसकेपछि यो ब्राह्मणले हामीलाई चाहे मारोस्, चाहे काटोस्, चाहे बेचोस्, हामीलाई केही धन्दा छैन ।'

## अट्ठार पुरुष दोष

यति भनि सकेपछि जालिकुमारले ब्राह्मणसँग भएका अट्ठार दोषका कुरा बताए ।

१. ब्राह्मणको गोडाको पाइताला ठूलो र ध्याप्प परेको छ ।

२. नङ् कुहिएको जस्तो नराम्रो छ ।

३. नाइटोको मासु लटकिएको छ ।

४. ओंठ बाक्लो छ ।

५. र्‍याल बहँदो छ ।

६. दाँत बाहिर निस्केको छ ।

७. नाक खोंडे छ ।

८. भुँडी ठूलो छ ।

९. ढाड टेढो छ ।



Downloaded from http://dhamma.digital/

१०. आँखा डेढे भएर डरलाग्दो छ ।

११. जुंगा तामा जस्तो रातो छ ।

१२. कपाल पहेंलो छ ।

१३. छालामा टाटापाटे छ ।

१४. आँखा बिरालोको जस्तो छ ।

१५. हात, खुट्टा र कमर बाङ्गो छ ।

१६. खुट्टा पनि डरलाग्दो बेछाँटको छ ।

१७. अति अग्लो छ ।

१८. अन्त्यत्त कडा छ ।

यति उसको पुरुष दोष देखाइसकेपछि पुनः बाबुलाई सम्झाउँदै जालिकुमारले निम्नअनुसार कुरा सुनायो– त्यस्तो अलच्छिन, छालाले ओढेको, हेर्दैमा राक्षसजस्तो भयङ्कर, मनुष्य भन्न पनि नसुहाउने निर्दयी पिशाचले हामीलाई घिसार्दै तान्दै लैजाँदा पनि तपाईले कसो हेरिरहनुभएको ? आमाबाबुको हृदय बच्चाहरू उपर साह्रै कमलो हुन्छ भन्ने सुनिराखेको छु । किन्तु तपाईंको हृदय पत्थर हो कि कसो हो ? हामीलाई यत्तिको यातना दिंदा पनि तपाईंले केही भन्नुभएन हाय हाय ! ! झन् नदेखेझैं गरी बस्नुभयो । त्यो ब्राह्मणले हामीलाई गाईलाई पिटेझैं सहनै नसकिने गरी पिट्छ । अतएव बाबु यदि तपाईंले दिएरै पठाउनु परे यी केही नजान्ने आमासँग मात्र बसिरहेकी, दूध खान नछोडेकी हिरणको बच्चाजस्ती फेरि दुःखसुख भनेको केही पनि नभोगेकी कृष्णाजिनीलाई यहीं राखेर म एकजनालाई मात्र दिइपठाउनुहोस् । यदि तपाईंले कृष्णाजिनीलाई पनि दिइपठाउनुभयो भने अवश्य पनि यी बालिका आमाको मुखहेर्न नपाउँदा रोएर मात्रै छिट्टै प्राण छोडनेछिन् ।



Downloaded from http://dhamma.digital/

## जालि र कृष्णाजिनीको विलाप

यसरी भन्दा पनि वेस्सन्तरले केही जवाफ दिनुभएन। बाबुको तर्फबाट केही जवाफ नआएपछि जालिकुमारले निम्नअनुसार आमाबाबुको कारणमा विरह गरे–

'संसारमा जन्मको चक्रमा परेका प्राणीलाई अनेक दुःख पर्छ। यो ब्राह्मणले हामीलाई पिट्ने दुःखभन्दा पनि आमाको एक पटक मुख हेर्न नपाएको ठूलो दुःख हो । हरे ! ती अभागिनी आमा जङ्गलबाट फर्कनु हुँदा सधैंभैं हिस्सी परेकी कृष्णाजिनी नदेख्नुहुँदा उहाँको मन कतिको रूने होला। उहाँ रातभरि रोइरहनु हुनेछ। हरे ! मेरो बाबु, कृष्णाजिनीको मुख हेर्न नपाएर रातभरि रुनुहुनेछ। हरे ! मेरी बहिनीको मुख हेर्न नपाएर मेरा आमाबाबुहरू रातभरि रोएर खोलाको पानी सुकेभैं उहाँहरूको प्राण पनि सुकेर जानेछ। आज यो जम्बुवृक्ष, पोखरी र अनेक फलफूलका बोटहरू पनि छोडेर जानुपऱ्यो । हरे ! हामीहरूले खेलिरहेका आश्रम अगाडिको पुष्करणी पनि छोडेर जानुपर्ने भयो। यी हाम्रा हात्ती घोडा इत्यादि खेलौंना पनि आज छोडेर जानुपर्ने भयो।'

यसरी विरह गरिरहेको बेलामा नै जूजक ब्राह्मण आएर जालि र कृष्णाजिनीलाई समातेर बाँधी तान्दै लगे। ब्राह्मणले तान्दै लछार्दै लगेको बेलामा बालकहरूले भने–

'बाबु ! हामी जाँदैछौं। कृपया आमालाई कुशल समाचार बताउनु होला। हजुरको सधैं कल्याण होस् । भो बाबु ! आमा आउनुहुँदा हामीलाई नदेखेर उहाँले ठूलो अपशोच गर्नुहुनेछ, त्यसबेला हजुरले हाम्रा हात्ती घोडा इत्यादि खेलौंना देखाएर उहाँको शोक शान्त गरिदिनुहोस् ।'

छोराको विलाप सुनेर महासत्त्वको मनमा अति शोक भयो। दया जाग्यो। केशर सिंहको पञ्जामा परेको हात्तीजस्तै, राहुले ग्रष्त गरेको चन्द्र जस्तै हृदय



Downloaded from http://dhamma.digital/

शोकाकुल भएर आफ्नो प्रकृति स्वभावमा थामेर बस्न नसकेर गहभरि आँसु पारेर पर्णशालाभित्र पस्नुभई अत्यन्त विलाप गर्नु भयो । त्यसकारण भनिएको छ–

*"ततो वेस्सन्तरो राजा दानं दत्वान खत्तियो ।*

*पण्णासालं पविसित्त्वा करुणं परिदेवयि ॥"*

अर्थात्– वेस्सन्तर राजा दान दिइसकेपछि पर्णशालाभित्र गएर हृदय विदारक रूपले विलाप गर्नुभयो ।

वेस्सन्तरले यसरी विलाप गर्नुभयो–

'हरे ! ती बालकहरूलाई तिर्खा लाग्दा तथा तिनीहरूलाई भोक लाग्दा कसले खानपिउन देला ? रात पर्ने वित्तिकै 'आमा खाऊँ' भन्दा कसले तिनीहरूलाई खान देला ? बग्गीमा अथवा घोडाको पिंठमा मात्र बसेर डुलिरहेका बालकहरू आज तिनीहरू कसरी त्यति लामो बाटो हिंडेर जाने होला ? तिनीहरूका गोडा सुन्निएर आउँदा फेरि बाटोमा थकाइ लाग्दा कसले बोकेर लैजाने होला ? कसले बुई चढाउला ? हरे ! ! त्यस्ता सुविनीत निर्दोषी बच्चाहरूलाई मेरो अगाडि नै पिट्दा तिनीहरूलाई कतिको सरम लाग्यो होला ? यी बालकलाई त के मेरो दासदासीहरूको दासदासीहरूलाई पनि कुनै लज्जा र शरम भएको मानिसले मेरो अगाडि पिट्ने साहस गर्दैन । माछाको मुखमा बल्छी अड्केझैं मेरो मुखमा पनि भयो हाय् ! यस्ता नावालक निर्दोषी बालकहरूलाई बिनाकारण पिटिरहेछ । अहो कस्तो हृदय यो ब्राह्मणको !'

यसरी विलाप गरिरहेका महासत्त्वको मनमा छोराछोरीहरूको कारणले यसरी कल्पना भयो–

"यो ब्राह्मणले मेरा छोराछोरीहरूलाई अचाकली कष्ट दिएर सास्ती गऱ्यो । खै त यो ब्राह्मणलाई दुई टुक्रा पारिदिउँ र बालकहरू लिएर आउँ ।" फेरि बोधिसत्त्वले



Downloaded from http://dhamma.digital/

"अहो वालकहरू दान दिइसकेपछि पनि तिनीहरूलाई दु:ख कष्ट भयो भनेर यसो गर्नु त उचित भएन । दान दिइसकेपछि पश्चाताप गर्नु सत्य धर्म होइन ।" भनी विचार गर्नुभई बोधिसत्त्वले आफूलाई आफैले यसरी सम्झाउनुभयो–

"कुनै बोधिसत्त्वले पनि धन, अङ्ग, प्राण, स्त्री तथा पुत्रपुत्रीहरू दान नदिइकन सम्यक्सम्बुद्ध हुनुभएको छैन भने म पनि त सम्यक्सम्बुद्ध हुने बोधिसत्त्वहरूमध्ये एक हुँ। तसर्थ मैले पनि धन, अङ्ग, प्राण, स्त्री तथा पुत्रपुत्रीहरूसमेत दान नदिइकन पूर्ण गर्न सकिने होइन ।" यति मनमा लिएर 'हे वेस्सन्तर ! तिमीले छोराछोरीहरू दान दिंदा तिनीहरूलाई दु:खकष्ट हुन्छ भन्ने कुरा कसरी बुझ्ने ? दान दिइसकेपछि बालकहरूलाई दु:खकष्ट दियो भनेर अहिले तिमीले ब्राह्मणलाई नै मार्ने मनमा राख्ने उचित छ र ? दान दिइसके पनि फेरि चित्त दुखाएर पश्चाताप गर्नु सत्यधर्ममा रहनेहरूको काम होइन' भनी आफूले आफैलाई उपदेश दिएर 'मेरा बालकहरू तिम्रो नै भएन भने फेरि एक पटक तिमीले 'मेरा बालकहरूलाई यसो गऱ्यो भनेर मनलाई माया जालमा अल्झाई त्यत्रो ठूलो काममा किन कलङ्क लगाउने ?' भन्ने विचार गरी चित्तलाई दृढ र धैर्य गरी पर्णशालावाट बाहिर निस्कनु भएर बाहिर खुला शिलामा कञ्चनको मूर्तिजस्तै पलेटी मारी बस्नुभयो ।

जूजकले बालकहरूलाई पिट्दै लग्यो । अनि जालिकुमारले बहिनी कृष्णाजिनीलाई यसरी सम्झायो–

*"सच्चं किरेवमाहंसु नरा एकच्चिया इध ।*
*यस्सनत्थि सकामाता यथा नत्थि तथेव ते ॥*
*एहि कण्ह मरिस्साम नत्थत्थो जीवितेन नो ।*
*दिन्नह्मापि जनिन्देन ब्राह्मणास्स धनेसिनो ॥"*

अर्थात्– कुनै कुनै मानिसहरूले जसको यो लोकमा आमाबाबा छैन । त्यसको यो लोकमा केही पनि छैन, मरेको बराबर छ भनी भनेको साँच्चै रहेछ ।



Downloaded from http://dhamma.digital/

'आउ कृष्णा, हामी यहाँ बसेर केही काम छैन । के गरूँ, हामीलाई वाबाले यस्तो दुष्ट धनाकांक्षी ब्राह्मणको हातमा सुम्पिसक्नुभयो ।' यस्तै कृष्णाजिनीले पनि जालिकुमारलाई अनेक विरहको कुरा बताए ।

फेरि एक पटक जूजक ब्राह्मण सम्म नभएको एक ठाउँमा लड्यो । बालकहरूको हातमा बाँधिएको डोरी फुस्क्यो । बालकहरू मानौं चुटिएको कुकुर हरूभैं: थरथर काम्दै तुरन्त एकै श्वासमा बाबा बसेको ठाउँमा गए ।

जूजक पनि झटपट उठेर लहरा समाउँदै दगुर्दै आश्रममा गएर 'तिमीहरू त खूब भाग्न सिपालु रहेछौ ।' भन्दै फेरि लहराले बालकहरूको हातमा बाँधेर घिसार्दै पिट्दै लग्यो । टुलुटुलु हेरिरहेका वेस्सन्तर राजालाई कृष्णाजिनीले भनिन्–

'भो पूज्य बाबा ! यो ब्राह्मणले हामीलाई घरको दासदासीहरूलाई जस्तै लट्ठीले पिटिरहेछ । बाबा यो त ब्राह्मणजस्तो छैन । ब्राह्मण भनेको त धार्मिक हुन्छ । यो त कुनै राक्षस ब्राह्मणको भेष लिएर आएकोभैं छ । भो बाबा ! यसले हामीलाई खान्छ । यसले हामीलाई मारेर खान लाँदैछ । यसरी लगिराखेको टुलुटुलु हेरेर तपाईं कसरी मौन भएर बस्न सक्नुभएको ? तपाईंको सधैं कल्याण होस् ।'

सानी कुमारी कृष्णाजिनी रूँदै गइरहेकी देखेर, हेरिरहेको वेस्सन्तरको ह्दय तात्तिएर आयो । ठूलो शोक भयो । नाकमा श्वास अटाएन । मुखबाट तातो श्वास निस्क्यो । आँसु सबै रगतजस्तै भएर आँखाबाट टप्के । अनि उहाँले यो दुःख र शोक भएको कारण अरु होइन, प्रेम र स्नेह हो भन्ने बुझेर 'यस्तो स्नेहलाई छाडेर मध्यस्थ हुनुपर्‍यो' भनी आफ्नो चित्तलाई धैर्य गरेर उपेक्षा भावले मध्यस्थ भएर बस्नुभयो । कुमारी कृष्णाजिनी पहाडको फेदी नपुगुन्जेल विरह गर्दै गइन्– हरे हाम्रो गोडा दुखिसक्यो । घाम अस्ताउन लागिसक्यो । तैपनि यो ब्राह्मण हिंडदैछ । अब त आमा पनि आश्रममा फर्किसक्नुभयो होला । हरे ! आमाले हामीलाई कति खोजी हिंड्नु



Downloaded from http://dhamma.digital/

भयो होला । उहाँको मुख एक पटक हेर्न पाए कतिको असल हुँदो हो । यदि उहाँले हामीलाई खोज्दै यही बाटो आउनुभए कति राम्रो हुँदो हो । उहाँले जंगलबाट ल्याउनुभएको फलफूल यो ब्राह्मणलाई पनि दिनुहुँदो होला । अनि यसको रिस पनि कम हुन्थ्यो होला । हरे ! हामीहरू खेल्ने ठाउँ अहिले कति शून्य भएको होला । अबसम्म पनि आमा फर्कनुभएको छैन कि । फर्कनुभएको भए अवश्य पनि उहाँ यहाँ आउनुहुन्थ्यो । गोडा पनि सुन्निइसक्यो । अब के गर्ने ?'

यसरी कुमारी कृष्णाजिनीले मातृ स्नेहको कारणले विलाप गरिन् ।

## मद्दीदेवी

उता वेस्सन्तरले आफ्ना प्राणसमान प्यारा बालकहरू दान दिएको प्रभावले पृथ्वी कम्प भएर गुञ्जायमान भयो । त्यो शब्द ब्रह्मलोकसम्म पनि पुग्यो । अनि हिमालयमा रहेका देवताहरूको सल्लाह भयो– "मद्दीदेवी घाम नअस्ताउँदै आश्रममा पुगिन् भने, बालकहरू नदेखेर दान गरिपठाएको थाहा पाएर उताउति दगुर्दै बालकहरू गएको बाटो लागेर अत्यन्त दु:ख कष्ट भोग्नेछिन् । तसर्थ हामीले जस्तै गरेर भए पनि मद्दीदेवीलाई बाटो छेकेर अनेक यत्न गरेर भए पनि बेलुका जून उदाइसकेपछि मात्र आश्रममा पठाउनुपर्‍यो । यति सल्लाह गरिसकेपछि देवपुत्रहरू कसैले बाघको, कसैले भालुको, कसैले सिंहको, कसैले सर्पको भेष धारण गरेर मद्दीदेवी फर्कने बाटोको बीचमा बसिरहे । मद्दीदेवी जत्ति कराए पनि अँध्यारो नहुञ्जेल बाटो नछोडी बसिरहे ।

यसरी देवपुत्रहरू अनेक जीवजन्तुहरूको भेष लिएर मद्दीदेवी जाने बाटोको माझमा बस्न गइसकेपछि मद्दीरानी– "आज मैले नराम्रो सपना देखेकोले बेलैमा फलफूल टिपी छिट्टै आश्रममा फर्कनुपर्छ ।" भन्ने मनमा लिएर यताउता फलफूल



Downloaded from http://dhamma.digital/

टिप्न खोजिन्। उसको हातबाट अंकुश खसी मात्र रह्यो। पाकेको फल नपाकेको जस्तो र नपाकेको फल पाकेको जस्तो देखिन्थ्यो। दशै दिशा अन्धकार भयो। मद्दीदेवीको मनमा– "यो के भएको ? यस्तो त मलाई कहिल्यै भएको थिएन।" भन्ने परेर एक्लै गुनगुनाई भनिन्–

'मेरो काँधबाट अंकुश खस्दैछ। दाहिने आँखा फरफराइरहेछ। अफल फलजस्तो र फल अफलजस्तो देखिरहेकी छु। दिन अँध्यारो हुँदैछ। यहाँ वनजन्तुहरूले भने मलाई बाटो छाडिदिएको होइन। सूर्य डुब्न लाग्यो। आश्रम भने टाढा छ। अर्को बाटो पनि छैन। मैले यहाँबाट फलफूल लगिसकेपछि मात्र ती बालकहरूले खान पाउनेछन्। आश्रममा अरु थोक खानेकुरा केही छैन। मेरा प्राणनाथ म आएन भनी एक्लै बच्चाहरू फुल्याइरहनुभएको होला। हरे ! ती दुःखी बालकहरू अरु दिन भए यति बेला फलफूल खाइसकेर दूध आदि लिएर कतिको रमाइलो गरी खेलिसक्थे होलान्। अरु दिनमा भए गाईकी बाछी आमाकहाँ गए जस्तै म भएको ठाउँमा आइसक्थे होलान्। अरु दिनमा भए ती बालकहरू यति बेला मसँगै कुटीमा गएर आनन्दपूर्वक बसिसके होलान् ? आश्रममा जाने बाटो भने यहीं एउटा सिवाय अर्को छँदैछैन। हे मृगराज हो, तपाईंहरूलाई मेरो नमस्कार। कृपया, मलाई जाने बाटो छाडिदिनुहोस्। भगवान्को लागि तपाईंहरू सबै म दुःखीको दाजुभाइ बनिदिनुहोस्। मलाई आज किन यस्तो हत्थे देखाएको ? म त निर्वासित राजकुमारकी स्त्री हुँ। मैले कहिल्यै बनि आफ्नो मालिक प्रति अपमान गरिराखेकी छैन। तपाईंहरूको पनि छोराछोरीहरू हेरविचार गर्न जान पर्छ होला। मसँग फलफूल धेरै छ। यसमध्ये आधी तपाईंहरूलाई दिन्छु। कृपया मलाई छिटो बाटो छाडी दिनुहोस्। मेरा आमाबाबाहरू पनि राजपुत्र राजपुत्री हुनुहुन्छ। अतएव कृपा राखी तपाईंहरू सबै दाजुभाइ भएर मलाई बाटो छाडिदिनुहोस्।"

देवपुत्रहरूले अब त बेला भयो भनी बाटो छाडिदिए।



Downloaded from http://dhamma.digital/

मद्दीदेवी पनि छिटोछिटो गएर आश्रममा पुग्न गइन् । त्यो दिन पूर्णिमा थियो । अरु दिनमा जुन ठाउँमा जालि र कृष्णाजिनी कुरिरहन्थे त्यस ठाउँमा त्यो दिन कोही बसिराखेको नदेखेर मद्दीदेवीले मनमा यस्तो विचार गरिन्–

"पहिले भए मेरा बालकहरू धूलोमा लडीबुडी गर्दै यस ठाउँमा बसेर बाछ्राबाछ्रीहरू माउ गाईको आशा लिएर कुरेभैं कुरेर बस्दथे । आज यो ठाउँमा कुकुर पनि देखिंदैन । जसरी हरिणको माउ देख्दा हरिणका बच्चाहरूले कान ठाडो पारेर घाँटी तन्काउँदै हेर्छन् त्यस्तै मेरो मुटु नै न्यानो हुने गरी म नआउञ्जेल यही ठाउँमा बसेर मलाई पर्खिरहने बालकहरू आज देखिंदैनन्, कहाँ गए होलान् ? पहिले भए मलाई देख्ने वितिक्कै दगुर्दै आएर मेरो जीउमा टाँसिन आउने बालकहरू आज सुनसान पारेर कोही पनि देखा नपरिकन कहाँ गए होलान् । मृग, बाघ, भालुहरूले आफ्ना बच्चाहरूलाई आफ्नो बासमा छाडेर चारा खोज्न गएभैं म पनि बच्चाहरूलाई आश्रममा छाडेर खानेकुरा खोज्न गएँ । पहिले-पहिले टाढैदेखि देखिने बालकहरू आज कहाँ गए होलान् ? तिनीहरूको खेलौना पनि यताउति छरिएको छ । म आउनासाथ काखमा दूध खान आउने जालि र कृष्णाजिनीहरू आज कहाँ गए होलान् ? धूलोमा खेल्दै मेरो काखमा लडेर दूध खान आउने प्रिय बच्चाहरू आज देखिंदैनन् । कहाँ गए होलान् ? यो आश्रम पनि पहिले हेर्दैमा मन पराउने किसिमसँग सफा सुग्घर हुने गरी बढारी राखेको जस्तो हुन्थ्यो । आज फोहोर जस्तो देखिन्छ । उजाड देखिन्छ । यो के भएको ? मेरा बालकहरू छैनन् कि कसो ? जङ्गलमा बस्ने चराचुरूङ्गीहरू पनि पहिलेजस्तो मीठो बोलीले कराएको सुनिंदैन । सुनसान छ । न कागको शब्द छ न लाटोकोसेरो नै कराउँछ । अवश्य मेरा प्यारा बच्चाहरू केही भए होलान् ।"

यसरी विलाप गर्दै मद्दीदेवी केही नबोली चुपलागेर बसेका वेस्सन्तरको अगाडि गइन् । उहाँसँग पनि बालकहरू नदेखेर मद्दीदेवीले वेस्सन्तरसँग प्रार्थना गरिन्–



Downloaded from http://dhamma.digital/

"भो स्वामी ! किन तपाई आज केही नबोलिकन बस्नुभएको ? जङ्गलमा रहेका चराचुरूङ्गीहरू मात्र चुप लागिरहे भनेको त तपाई पनि चुप लागेर बस्नुभएको । किन होला ! के बालकहरू बाघ-भालूले खायो कि ? अथवा कहीं खसे कि ? अथवा हस्तिलिङ्ग चराले उडाएर लग्यो कि ? खेल्न गएका फर्केनन् कि ? अथवा तपाईले कहीं काम लगाएर पठाउनुभएको छ कि ? के भयो ? यदि बालकहरू मरिसकेका भए त्यस्ता राम्रा बालकहरूको कपाल देखापर्नुपर्ने । हात गोडा नै देखिनुपर्ने । यी केही पनि देखिदैन । कहाँ गए ती लालहरू ? भो स्वामी आज्ञाहोस् ।"

यति भन्दा पनि वेस्सन्तरले केही उत्तर नदिएपछि मद्दीदेवीले "भो स्वामी ! किन तपाईंले आज मसँग नबोल्नुभएको ? मबाट केही भूल भयो कि भन्दै यसो भनिन्–

"भो नाथ ! नगरबाट निकालिनुपर्ने दु:ख र ती बालकहरूको मुख हेर्न नपाएको दु:ख भन्दा पनि मलाई तपाईंले नबोल्नुभएको ठूलो दु:ख भएको छ । भो स्वामी ! बलिरहेको आगोमा घ्यू थपेर आगो दन्काएभैं, घाउ भई रहेकोमा वाणले घोचे भैं मेरो हृदयमा खुब डाह भइरहेको छ । दिल साह्रै नै रोएको छ । भन्नुहोस् नाथ ! बालकहरू कहाँ गए ? किन आज तपाईं चुप लागेर बस्नुभएको ? हिजो बेलुकी सपना देखेकी त मानो तिम्रा बालकहरू भोलि परलोक हुनेछ भनेभैं भयो ।

मद्दीदेवीको यस्तो कुरा सुनेर बोधिसत्त्वले "यसलाई अलि कडा बचन लाएर शोक हटाउनुपर्‍यो" भन्ने विचार गरेर मद्दीदेवीलाई भन्नुभयो–

'हे मद्दी ! तिमी त वनमा फलफूल लिन भनेर विहान सबेरै गयो । तिम्रो रूप राम्रो छ । तिमी रूपवती छौ । जङ्गलमा अनेक प्रकारका शिकारीहरू तथा अनेक प्रकारका मन्त्रतन्त्र जान्ने तपस्वीहरू छन् । कसलाई थाहा छ तिमीले के गर्‍यो ?



Downloaded from http://dhamma.digital/

अथवा के गरेनौ । विहान सबेरै गएकी बेलुकी जूनको उज्यालोमा मात्र फर्केकी छौ । तिम्रो मनमा त मेरा बालकहरूलाई के भयो ? मेरा स्वामी कराइरहेका होलान् भन्ने पनि छैन होला । स्वामी भएको आइमाईको छाँट यस्तो हो ? यो कसैको दोष होइन मेरै दोष हो । मलाई मेरो राज्यबाट निकाल्नु र म निर्धनी र गरीब भएको नै दोष हो ।

वेस्सन्तरको यस्तो कडा वचन सुनेर मद्रीदेवीले यसरी विन्ति गरिन्–

"भो स्वामी ! तपाईले सुन्नुभएकै होला आज फलानो बाघ, भालु, चितुवाहरू सबै पानी पिउन आएको ठाउँमा सबै एकै स्वरले एकै समयमा नै चिच्याउँदै कराएको शब्द ! यस्तो कुरा सुन्नुपर्ला भन्ने लक्षण त मैले आज पहिल्यै देखिसकेकी थिएँ । सपना मैले नराम्रो देखें । तसर्थ झन् छिटो फलफूल टिपेर आउँछु भन्दा झन् जता हेऱ्यो उतै रूखमा पाकेको फल नपाकेको जस्तो देखियो । फलफूल भएको ठाउँमा फलफूल नभएको जस्तो फलफूल नभएको ठाउँमा फलफूल भएको जस्तो देखियो । हृदय मात्र कम्प भएकोले जति सक्यो चाँडो, पहिलेभन्दा झन् निकै छिटो आउँछु भनी आउँदा पहाडमुनि बाघ, भालु, चितुवाहरूले बाटो छेकिदियो । तिनीहरूलाई नाघेर आउँन खोज्दा तिनीहरूले 'हूँ हूँ' गर्दा मलाई ठूलो आपत पऱ्यो । आउन पनि अप्ठ्यारो बस्न पनि अप्ठ्यारो भयो । बल्ल अनेक प्रकारले विन्तिभाव गरेर अँध्यारो भएपछि मात्र मलाई जन्तुहरूले बाटो छाडिदिए । अर्को बाटो आउँ भने त्यही एउटा सिवाय अर्को बाटो थिएन । त्यसकारण अबेला भयो प्राणनाथ मलाई क्षमा गरिदिनुहोस् ।'

त्यसपछि मद्रीदेवीलाई उज्यालो नहुञ्जेल बोधिसत्त्वले केही भन्नु भएन । अनि मद्रीदेवी मात्र अनेक प्रकारले एताउती एक्लै दगुर्दै निम्न रूपले विलाप गर्दै छोराछोरीहरू खोज्दै हिंडिन् ।



Downloaded from http://dhamma.digital/

"यी मेरा वालकहरू खेलिरहने पिपलको वृक्ष हो । यहाँ पनि तिनीहरू छैनन् । कहाँ गए होलान् हरे ! यी ती वालकहरू खेलिरहने बगैंचा हुन् । यहाँ पनि तिनीहरू छैनन् । यी तिनीहरूको खेल्ने हात्ती घोडा भालु इत्यादि खेलौना हुन् । यहाँ पनि तिनीहरू छैनन् । कहाँ गए होलान् हाय !"

यसरी कराउँदै पर्वत जम्मै घुमेर हेर्दा पनि बालकहरू भेट्टाउन नसकेपछि फेरि आश्रममा आएर बच्चाहरू खोज्दै भनिन्– "यहाँ अनेक प्रकारका हरिण, हात्ती, भालु, काग, सुगा, मैना, लाटोकोसेरो इत्यादि चराचुङ्गीहरू छन् । यहाँ बसेर मेरा वालकहरू खेल्दथे । अहिले तिनीहरू यहाँ पनि छैनन् ।"

आश्रममा पनि नदेखेर मद्दीदेवी फूल फुलिरहेको बगैंचामा गएर खोजिन् । त्यहाँ पनि भेट्टाउन नसकेर पुनः महासत्त्वकहाँ गएर उहाँको मलिन मुहार देखेर भनिन्–

"भो स्वामी ! पहिले पहिले भए तपाईंले दाउरा चिरेर, पानी ल्याएर मकलमा आगो बाल्नुहुन्थ्यो । आज केही नगरी झोक्रिएर निहुरिरहनुभएको छ किन होला ? मलाई तपाईं जतिको प्यारो अरू कुनै प्राणी छैन । पहिले तपाईंको मुहार हेर्दा अथवा तपाईंसँग बस्दा मेरो जस्तोसुकै दुःख पनि हरण भएर जान्थ्यो तर आज छोराछोरीहरू नभएकोले हो कि कसो ? सँगै बसेर पनि तपाईंको मुहार हेर्दा पनि मेरो मनको दुःख हरण भएन ।"

मद्दीदेवीले यति भन्दा पनि महासत्त्व नबोलिकनै बस्नुभयो । उहाँले बोल्दै नबोलेको देखेर मद्दीदेवी अगुल्टोले पोलेको कुकुरजस्तै एकै ठाउँमा बस्न नसकेर पहिलेजस्तै फेरि एक पटक एताउती सबै जङ्गल, पर्वत, पुष्करणी तथा बगैंचामा बालकहरू खोजेर पुनः आश्रममै फर्केर आइन् र भनिन्–



Downloaded from http://dhamma.digital/

'भो देव ! भो प्राणनाथ ! ती बालकहरू मैले कहिं पनि देखिनं । तिनीहरूलाई के भयो होला ? कसो भयो होला ? पुष्करणीमा खसी डुबेर मरे कि ? अथवा जीवजन्तुहरूले खायो कि ? अथवा कहीं पर्वतवाट खसेकि ? के भयो ? चराचुरूङ्गीको शब्द पनि छैन । यो के भएको ?

यति भन्दा पनि महासत्त्वले केही वोल्नुभएन । मद्दीदेवी फेरि एक पटक वायुसमान दगुर्दै गएर सारा बन घुमेर फर्केर आइन् । यदि मद्दीदेवीले रातभरी हिंडेको बाटो नापेर हेर्ने हो भने अट्ठार योजनभन्दा वढी भयो होला । क्रमश: विहानको मिरमिरे उज्यालो हुन लाग्यो । रात बित्यो । उज्यालो भयो । मद्दीदेवी फेरि एक पटक महासत्त्वकहाँ गएर विलाप गरिन् र प्रार्थना गरिन्–

"भो स्वामी ! किन आज तपाईंले मसँग नबोल्नुभएको ? बालकहरू कसो भयो होला भन्नुहोस् । चराचुरूङ्गीहरूले पनि केही भन्दैनन् । हरे ! आज मलाई के भएको होला ! कस्तो विपत्ति भएको ! !"

यसरी करूणायुक्त रूञ्चे स्वरले सबै कुरा बताउँदै विलाप गरिरहेकी विचरी मद्दीदेवीको श्वासै निस्केन । स्वर पनि सुक्यो । छोराछोरीहरूको कारणमा रातभरी यताउती दगुरी रहेकीले उसको शरीर थाकेर क्लान्त भएर मानो पहेंलो केराको बोट ढलेझैं आफ्ना स्वामी वेस्सन्तरको अगाडि एकदम मूर्छा भएर लडिन् । दुवै आँखा पल्टाइन् । शरीर बरफजस्तै चीसो भएर कडा भयो । यसरी अरङ्ठ परेकी मद्दीदेवीलाई देखेर वेस्सन्तरको मनमा यस्तो भयो– "हाय ! हाय ! ! मद्दीदेवीले अपायक ठाउँमा प्राण छाडिन् । यदि मद्दीदेवी आफ्नो राज्यमा परलोक भए दुई दुई राज्यका जनताहरू आएर अन्तिम संस्कार गर्दा होलान् । अब यहाँ बनान्तरमा प्राण छाडिन् । मैले के गर्ने ? म भने एक्लै छु ।

यस्तो विचारले वेस्सन्तरलाई ठूलो शोक भयो । अनि उहाँले स्मृतिपूर्वक धैर्यधारण गरेर पहिले एक पटक हेर्नैपर्‍यो भनी बसिरहेको ठाउँवाट उठेर गई



Downloaded from http://dhamma.digital/

मद्दीदेवीको छातीमा हात राखी हेर्नुभयो । यसरी हेर्दा देवीको हृदय तातो भएको थाहा पाई कमण्डलुमा पानी ल्याएर सात महीनादेखि मद्दीदेवीको शरीर स्पर्श नगर्नुभएको वेस्सन्तरले आज बडो गम्भीर दुःखको कारणले गर्दा आफ्नो तपस्वी भाव पनि बिर्सेर गहभरी आँसु पार्दै हत्तपत्त उठाई विस्तारै मद्दीदेवीको टाउको आफ्नो काखमा राख्नु भयो । अलिअलि पानी छर्कंदै प्रेमपूर्वक मद्दीदेवीको कोमल चेहरा स्पर्श गरी छातीमा विस्तारै हातले मालिस गर्नुभयो । एकछिन पछि मद्दीदेवी होशमा आइन् । मद्दीदेवी जुरूक्क उठेर लज्जा स्मरण गरी वेस्सन्तरको पाउमा ढोग्दै– "भो नाथ ! तपाईंका लाल तथा मेरा पुत्रपुत्रीहरू कहाँ गए ?" भनी सोधिन् । वेस्सन्तरले "भो देवी एउटा ब्राह्मणकहाँ नोकर बस्नको लागि मैले दान दिएर पठाएँ" भन्नुभयो ।

वेस्सन्तरको कुरा सुनेर मद्दीदेवीलाई रुनु कि हाँस्नु भयो । "भो स्वामी किन तपाईंले मलाई रातभर बच्चाहरूको निम्ति रूँदै विलाप गर्दै कुदेको देख्दा पनि यसरी आज्ञा नहुनुभएको त भनिन् । महासत्त्वले मद्दीदेवीलाई आज्ञाभयो–

"प्रिय मद्दी ! मेरो विचारमा तिमीलाई सुरूमै किन कष्ट दिऊँभैं लाग्यो । त्यसकारण तिमीलाई केही नभनेको । तिमी बनमा गइरहेको बेलामा यहाँ एउटा गरीब तथा बूढो ब्राह्मण आएर हाम्रा दुईवटा बालकहरू माग्यो । मैले तिनीहरूलाई ब्राह्मणको हातमा दान गरें । ब्राह्मणलाई तिमी नफर्कुञ्जेल आश्रममै बस भनेको थिएँ किन्तु ब्राह्मण मानेन । मद्दी तिमीले केही धन्दा नमान । मनमा धैर्य गर । मलाई हेर । बालकहरू सम्झेर ज्यादा नरोऊ । यदि हामी बाँचिरहचौं भने छोराछोरीहरू फेरि लाभ हुन सक्छन् । सत्पुरुष र महापुरुषहरूले आफ्नो घरमा रहेको सविज्ञानक र अविज्ञानक पदार्थ दान दिएर चित्त दुखाउँदैनन् । यति त के, महापुरुषहरूले उत्तम निर्वाण प्रार्थना गर्दै आफ्नो मुटु फुटालेर दान दिन परे पनि दान दिनबाट पछि हट्दैनन् । त्यसकारण तिमीले यसमा केही अपशोच नगर्नू । हुनसक्छ भने मेरो यो श्रेष्ठ दानचर्यालाई अनुमोदन गर ।



Downloaded from http://dhamma.digital/

महासत्त्वको प्रेमपूर्ण दयायुक्त कुरा सुनेर मद्दीदेवीले भनिन्– "भो स्वामी ! जुन तपाईंले अमूल्य हाम्रा छोराछोरीहरू दान दिनुभयो त्यो सर्वोत्तम दानलाई मैले अनुमोदन गर्दछु । तपाई प्रसन्न हुनुहोस् । अलिकति पनि शोक वा पश्चाताप नगर्नुहोस् । अझ तपाईंको इच्छापूर्ण हुने गरी योभन्दा पनि वढ्ता दान दिनुहोस् । याचकहरूको मन प्रसन्न गर्न सक्ने हुनुहोस् ।"

महासत्त्वले "प्रिय मद्दी ! यदि मैले छोराछोरीहरू दान दिएर चित्त प्रसन्न नगरेको भए यस्ता यस्ता आश्चर्य कहाँबाट होलान् ? कसरी यो पृथ्वी कम्प होला ? भनेर पृथ्वी कम्प भएको, बिजुली चम्केको इत्यादि कुरा बताउनुभयो । महासत्त्वको कुरा सुनेर मद्दीदेवी अति नै प्रसन्न भइन् । दानानुममोदन गर्दै 'धन्य ! धन्य ! तपाईको दान ! धन्य तपाईको याचकहरू उपरको महान् करूणा ! साधु ! साधु ! ! " भनिन् । फेरि "भो स्वामी ! तपाईंको दानलाई मनुष्यलोकदेखि ब्रह्मलोक बस्ने सत्त्व प्राणी सबैले अनुमोदन गरेका छन्" भन्दै अनेक प्रकारले पुत्रपुत्री दानको वर्णन गर्दै मद्दीदेवी त्यहीं महासत्त्वको अगाडि बसिन् ।

## पत्नी दान

यसरी मद्दी र वेस्सन्तर दुवै सुखदुःखको कुरा गरिरहेको बेलामा शक्रदेवले विचार गर्नुभयो–

"वेस्सन्तर राजाले हिजो आफ्ना छोराछोरीहरू दान दिए । फेरि कुनै नीच कुलका हीनपुरुष आएर उसकी रानी मद्दीदेवी माग्न आयो भने वेस्सन्तरले विचरी पतिव्रता मद्दीदेवीलाई पनि दिइपठाउने छ । यस्तो भयो भने वेस्सन्तर अनाथ हुनेछ, एक्लो हुनेछ । त्यसकारण म गएर मद्दीदेवी दान लिएर फेरि वेस्सन्तरलाई नै जिम्मा दिएर अरु कसैलाई दिन नहुने गरी आउनुपर्‍यो ।"



Downloaded from http://dhamma.digital/

यति विचार गरेर शक्रदेव ब्राह्मणको भेष लिएर उज्यालो हुने वित्तिकै आश्रममा आइपुगेर वेस्सन्तरको अगाडि वसेर कुशल वार्ता गर्नुभयो–

"भो दानी वेस्सन्तर ! तपाईंलाई कुशलपूर्वक फलफूल प्राप्त हुन्छ कि ? बनमा प्राणीहरूले केही विघ्न त दिएको छैन होला ? तपाईंहरू सवै कुशलै हुनुहुन्छ कि ?"

महासत्त्वले भन्नुभयो–

"भो ब्राह्मण ! हामीलाई सञ्चैछ । फलफूल आदि पनि सुलभ नै छ । सात-सात महीनासम्म यस जंगलमा बस्दा तपाईजस्ता ब्राह्मणहरू देखेको यो समेत दुई पटक भयो । आउनुहोस्, बस्नुहोस् । पर्वतबाट ल्याइराखेको चिसो निर्मल जल छ । हात गोडा मुख धुनुहोस् । यी फलफूल सेवन गर्नुहोस् ।

यसरी ब्राह्मणसँग कुशल वार्ता गरी उसलाई स्वागत गरेर "तपाईं के कारणले यतिको कष्ट गरेर यहाँ आउनुभएको ?" भनी सोध्नुभयो ।

"भो ब्राह्मण तपाईले यस्तो भेष धारण गरी मृगचर्म ओढी कष्ट गर्दै यहाँ किन आउनुभएको ? के कारणले आउनुभएको ? कृपया बताउनुहोस् ।"

भेषधारी शक्रले भन्नुभयो "भो वेस्सन्तर म साह्रै बृद्ध भएँ । तसर्थ तपाईंकी रानी मद्दीदेवी एउटी मागेर लैजाउँ भनी यहाँ आएको हुँ ।"

त्यसैले भनिएको–

*"यथा वारिवहा पुरा, सब्बकालं नखीयति ।*

*एवं तं याचितागच्छिं, भरियं मे देहि याचितोति ॥"*

अर्थात्– जसरी मूल भएको कुवामा कहिल्यै पानी सुक्दैन, त्यस्तै सम्झेर रानी मद्दीदेवी माग्न भनी आएको हुँ ।



Downloaded from http://dhamma.digital/

यति कुरा सुनेर बोधिसत्त्वले "हिजो मात्र मैले एउटा ब्राह्मणलाई छोराछोरीहरू दान दिएर पठाएँ। आज फेरि मेरी स्त्री माग्न आयो। म एक्लो हुने गरी मद्दीदेवी कसरी दिइपठाउने ?" नभनिकन मनमा कति पनि नअनकनाइ हात थाप्नेलाई हजारको थैलो राखिदिएझैं, कुनैमा पनि चित्त टाँस्न नदिइकन, अलिकति पनि के गरूँ कसो गरूँ नगरिकन सारा पर्वत गुञ्जायमान हुने गरी साधुकार दिंदै भन्नुभयो–

*"ददामि न विकम्पमि यं मं याचसि ब्राह्मण।*

*सन्तं नपटि गुहामि दाने मे रमति मनो" ति॥*

अर्थात्– "भो ब्राह्मण ! मैले तपाईलाई मद्दीदेवी दान दिने भएँ । मसँग भएको वस्तु म लुकाउँदिन। मलाई दान दिन खूब मन लाग्छ।"

यति भनेर छिटो-छिटो कमण्डलुमा पानी ल्याएर मद्दीदेवीको हात समातेर ब्राह्मणको हातमा पानीको धारा खसाल्दै दान गरे। यसबखत पहिले बताएझैं भुकम्प भयो। विविध शव्दहरू निस्के।

यसरी दान दिंदा न वेस्सन्तरको मुख मलिन भयो न मद्दीदेवीको मुख अँध्यारो भयो। महासत्त्वले, "मैले यी प्राणसमानकी स्त्री दान दिएको मन नपरेर होइन। योभन्दा पनि अति मनपरेको सर्वज्ञ ज्ञानको आशा र प्रार्थना गरेर मैले यी आफ्नी प्यारी स्त्री छोराछोरीहरू दान दिएको हुँ।" भन्नुभयो। त्यसैले भनिएको छ–

*"जालि कण्हाजिनं धीतं, मद्दीदेवी पतिब्बतं ।*

*चजमानो न चिन्तेसि बोधिया येव कारणा ॥*

*न मे देस्सा उभो पुत्ता, मद्दीदेवी न देस्सिया ।*

*सब्बञ्ञुतं पियं मह्यं, तस्मापिये अदासहंति ॥"*



Downloaded from http://dhamma.digital/

अर्थात्– हे भिक्षुगण मैले त्यसबेला जालि र कृष्णाजिनी तथा पतिव्रता मद्दीदेवी दान दिंदा यही बोधिज्ञानको मात्र आशा लिएर मनमा कति पनि चिन्ता लिइन । यसरी दान दिएको छोरा छोरी र पत्नीको निम्ति होइन । त्यसबेला ममा छोरा-छोरी र स्त्रीभन्दा पनि सर्वज्ञ ज्ञानको मात्र अनुराग थियो । त्यसैले मैलें आफूलाई मनपरेको पदार्थ पनि दान दिएँ ।

दान दिइसकेपछि वेस्सन्तरले मद्दीदेवीसँग "कसो मद्दी ! मनमा दुःख लाग्यो कि ?" भनी सोध्नुहुँदा मद्दीदेवीले "भो स्वामी ! केही शङ्का लिएर मेरो मुख हेरिबक्सनुपर्दैन ।" भनी सिंहनाद गर्दै भन्नुभयो–

*"कोमारी यस्सहं भरिया, सामिको मम इसरो ।*
*यस्सिच्छे तस्स मं दज्जा विक्किणेय्य हनेय्य वा ॥"*

अर्थात्– भो स्वामी ! म तपाईंकी पत्नी हुँ । तपाईंकी दासी हुँ । तपाईंको जस्तो इच्छा छ त्यस्तै गर्नुहोस् । बेच्नुहोस् वा मार्नुहोस् ।

शक्रदेवले उहाँहरूको शुद्ध विचार देखी प्रसन्न भएर उहाँहरूको अनेक प्रकारले स्तुति र प्रशंसा गरे । फेरि उहाँहरूले गरेका महादान चर्यालाई पनि अनुमोदन गरे । अनि इन्द्रले "अब यहाँ विलम्ब गरेर बस्ने केही काम छैन । यी मद्दीदेवी कसैलाई दिन नपाउने गरी यहीं छाडेर म गए पनि भयो" भन्ने विचार गरेर भन्नुभयो–

"भो वेस्सन्तर ! यी मद्दीदेवी मैले तपाईंलाई नै दिन्छु । यी मद्दीदेवी तपाईंलाई मात्र योग्य छिन् । जस्तो पानी र शंख एकै वर्णको हुन्छ त्यस्तै तपाईंहरूको रूप, वर्ण र चित्त पनि एकैसमान छ । अतएव मद्दीदेवी तपाईंलाई नै भयो । जेत्तुत्तर नगरमा दान दियो भनेर यहाँ निर्वासित हुनुपर्दा पनि तपाईंहरूले दान दिने मनमा राखी आफ्ना छोराछोरीसमेत दान दिएर धर्मचर्या पालन गर्नुभयो । यो अति उत्तम कार्य हो । यस्तै दान पुण्य फेरिफेरि पनि गर्नुहोस् । दान दिनमा नअघाउनुहोस् ।"



Downloaded from http://dhamma.digital/

यति भनेर वेस्सन्तरहरूलाई वरदान दिने विचारले शक्रदेवले भन्नुभयो–

'भो वेस्सन्तर ! म शक्रदेव इन्द्र हुँ तपाईंलाई आठवटा वरदान दिन्छु। मागनुहोस् ।

यति भनेर दिब्यरूप प्रकाश पार्दै शक्रदेव आकाशमा स्थिर हुनुभयो ।

अनि बोधिसत्त्वले निम्न वरदानहरू मागे–

'भो शक्रदेव ! यदि मलाई वरदान दिने हो भने सर्वप्रथम

१) म दरबारमा पुग्दा मेरो बाबाले मलाई अनुमोदन गरून् ।

२) जस्तोसुकै हानी गरेका दोषीलाई पनि बन्धन मुक्त गर्न सकुँ ।

३) बूढाबूढी युवायुवती सबै सत्त्वहरू मेरो आधारमा जीविका गरून् ।

४) परदार 'परस्त्री' सेवन नगर्ने भएर स्त्रीका बसमा नपर्ने होऊँ ।

५) मेरा छोराछोरीहरू सुखपूर्वक जाऊन् ।

६) बिहान तिनीहरूलाई दिब्य भोजन प्राप्तहोस् ।

७) जति दान गरे पनि मेरो धन क्षीण नहोओस् ।

८) यस जीवनपछि च्युत भएर स्वर्गलोकमा गएर च्युत हुने जन्मबाहेक अर्को जन्म लिन नपरोस् ।"

देवेन्द्रले वेस्सन्तरको प्रार्थना सुनेर 'निकट भविष्यमै तपाईंको बाबाले तपाईंलाई लिन आउनेछ । तपाईंलाई स्वेतछत्रले ओढाई जेत्तुत्तर नगरमा लानेछ । तपाईंको मनोरथ सबै पूरा हुनेछ । केही धन्दा नमान्नुहोस् ।" भन्नुभयो ।

यसरी महासत्त्वलाई धैर्य दिएर इन्द्रदेव आफ्नो भवनमा फर्कनुभयो ।



Downloaded from http://dhamma.digital/

## महाराजाको कुरा

शक्रदेव अन्तर्धान भैसकेपछि मद्दीदेवी र वेस्सन्तर कुशल वार्ता गरी आफ्नो आश्रममै वसिरहनुभयो ।

उता जूजक ब्राह्मण वालकहरू दुवै साथमा लिएर साट्ठी योजन भएको वाटो भएर गयो । देवताहरूले वालकहरूको रक्षा गरे । सूर्य अस्ताएपछि जूजकले दुवै बालकहरूलाई रूखमा बाँधी भुईंमा सुताई आफू एक्लै बनका जीवजन्तुहरूको भयबाट मुक्त हुन रूख चढेर एक ठाउँमा दुई रूखका हाँगाहरू भएको कापमा वस्न गयो । यस बेला एउटा देवपुत्रले वेस्सन्तरको रूप धारण गरेर अर्को देवताले मद्दीदेवीको रूप धारण गरेर जालि र कृष्णाजिनी भएको ठाउँमा गएर हातको डोरी फुकाई हात गोडा धुवाई खान पिउन गराई रातभरी राम्रोसँग सुताए । उज्यालो भएपछि फेरि अघिजस्तै हातमा वाँधेर छाडेर गए ।

यसरी ती वालकहरूले सेवा गराएर स्वस्थपूर्वक गए । जूजक ब्राह्मण पनि देवताहरूको प्रभावले कलिंग देशमा जान्छु भनी जाँदाजाँदा जेत्तुत्तर नगरमा पुग्न गयो । त्यस दिन सञ्जय राजाले यसरी सपना देखे ।

"राजा न्यायालयमा वसिरहेको वेलामा एउटा मानिस आएर राजाको हातमा दुईवटा कमलको फूल राखिदियो । राजाले ती फूल आफ्नो कानमा धारण गऱ्यो । फूलको रेणु फर्र झरेर पेट्मा पऱ्यो ।"

ब्युंझेपछि राजाले बिहान सबेरै ज्योतिष ब्राह्मणसँग सपनाको अर्थ सोधे । ब्राह्मणले "भो महाराज धेरै समयदेखि परदेश लागेका ज्ञातिवन्धुहरू आउने छन्" भने ।

त्यसदिन राजा सवेरै नै खानपिन गरेर न्यायालयमा वसिरह्यो । देवताहरूले जूजकलाई राजदरबारको पटागिंनीमा राखे । त्यसबेला राजाले जूजकसँग जालि र



Downloaded from http://dhamma.digital/

कृष्णाजिनी देखेर "सिंहका वच्चाजस्तै तेजस्वी, अग्निशिखाजस्तै वलेका ती दुई बालकहरू को को रहेछन्, हेर ! हेर ! !" भनी एउटा राजदूतलाई हेर्न पठायो ।

राजपुरुष कुदेर गईकन जालि र कृष्णाजिनीसहित जूजक ब्राह्मणलाई राजाको अगाडि उपस्थित गरायो । अनि राजाले ब्राह्मणसँग सोध्यो– "हे भारद्वाज ब्राह्मण यी बालकहरू तिमीले कहाँबाट लिएर आएको ?"

जूजकले भन्यो– "भो महाराज ! आजभन्दा पन्ध्र दिन अगाडि मलाई एउटा दानी राजाले प्रसन्नतापूर्वक दान दिएका हुन् ।"

राजाले भने– "हे ब्राह्मण ! तपाईंले कस्तो प्रिय कुरा सुनाउनुभयो । तपाईंलाई यतिका राम्रा आगोजस्तै प्रज्ज्वलित बालकहरू दान दिए ? हामीले तपाईंको कुरामा कसरी विश्वास गर्ने ? तपाईंले यसको प्रमाण दिन सक्नुहुन्छ ?"

जूजकले भन्यो– "भो महाराज ! बनवासी भैरहेका जस्तोसुकै याचकहरूलाई पनि विमुख नगर्ने दानपति, दान दिनमा प्रयत्नशील, जे पनि दान दिने धर्मात्मा राजा वेस्सन्तरले मलाई यी बालकहरू दान दिइपठाउनुभएको हो ।"

जूजकको कुरा सुनेर त्यहाँ बसिरहेका राज अमात्यहरूले वेस्सन्तरलाई निन्दा गर्दै भने– "अहो ! वेस्सन्तर राजाले कतिको अयोग्य काम गरेको ? श्रद्धालु भएर घरमा बसेका दाताहरूले केवल दास-दासी इत्यादि दान दिनु राम्रो हो, आफ्ना बाल-बच्चाहरू पनि दान दिने हो ? हेर हेर ! वेस्सन्तर राजाले कतिको अन्याय गरेको ? दान दिएकै कारणले देशबाट निर्वासित हुनुपर्दा पनि यसरी दान दिदै छन् ।"

आफ्ना बाबा उपर गरेको अमात्यहरूको उपहास सुन्न नसकेर जालिकुमारले भन्यो–



Downloaded from http://dhamma.digital/

*"यस्स नत्थि घरे दासो, अस्सो चस्सतरी रथं ।*

*हत्थी च कुञ्जरो नागो, किंसो दज्जा पिता महन्ति ॥"*

अर्थात्– "भो पितामह, जुन बावासँग न घोडा छ, न रथ छ, न हात्ती छ, न केही छ, त्यस्ता मेरा बाबाले के दिने त ?"

'भो जालि ! वेस्सन्तरको दानलाई म प्रशंसा गर्छु । परन्तु त्यसले कस्तो हृदयले तिमीहरूलाई यस्तो याचकको हातमा सुम्पन सकेको होला ?"

यो कुरा सुनेर कृष्णाजिनीले भनिन्–

*"दुक्खस्स हदयं आसि अथो उण्हम्पि पस्ससि ।*

*रोहिणीहवे तम्बक्खी पिता अस्सूनि वत्तयी ॥"*

अर्थात्– "भो पितामह ! उहाँले हामीलाई फालेझैं दिनुभएको होइन । हामीलाई दिंदा उहाँको हृदयमा ठूलो दुःख थियो । उहाँको आँखा मानों माछा जस्तै राता भएका थिए । उहाँको मुटु तात्तिएर आँखावाट आँसु बहेको थियो ।"

यतिका कुरा गरिसके तापनि बालकहरूले ब्राह्मणलाई छाडी नआएको देखेर राजाले बालकहरूलाई भने–

"हे राजकुमार हौ ! तिम्रा बाबा र आमा राजकुमार तथा राजकुमारी हुन् । पहिले पहिले भए तिमीहरू मलाई देख्ने बित्तिकै दगुर्दै आएर मेरो काखमा बस्न आउँथ्यो । आज तिमीहरू किन मदेखि अलग्ग भएर एकातिर उभिइरहेका ?"

कुमारले भने– "भो महाराज ! तपाईंले आज्ञा गर्नुभए जस्तै मेरा बावा र आमा राजकुमार तथा राजकुमारी हुनुहुन्छ । त्यसैले हामी पनि पहिले राजकुमार र राजकुमारी थियौं । किन्तु अहिले हामी यो ब्राह्मणको दासदासी हौं तसर्थ तपाईंको काखमा कसरी बस्न आउने ?"



Downloaded from http://dhamma.digital/

राजाले भने– "हे बालक हो ! यस्तो कुरा गरेर मेरो चित्त नदुखाऊ । मलाई जिउँदै चित्तामा राखेझैं नराख । तिम्रो कुरा सुनेर मेरो हृदय आगोले पोले झैं पोल्यो । प्रिय बालक हो ! तिमीहरूले केही धन्दा नलेउ । तिमीहरूलाई दास भावबाट म मुक्त गरिदिन्छु । तिम्रा बुबाज्यूले तिमीहरू यस ब्राह्मणलाई दिंदा यो ब्राह्मणको हातबाट मुक्त हुन तिमीहरूको मूल्य राखेको भए मलाई बताउ, मैले मूल्य तिरेर तिमीहरूलाई मुक्त गरिदिन्छु ।"

कुमारले भने– "भो महाराज ! बुबाज्यूले हामीलाई दिनुहुँदा मेरो मूल्य एक हजार कार्षापण र बहिनी कृष्णाजिनीको मूल्य सर्वसत भनी भन्नुभएको थियो ।

कुमारको कुरा सुन्ने बित्तिकै महाराजले राजकर्मचारीहरू बोलाएर तुरून्त यो ब्राह्मणलाई एक हजार रूपैया र हात्ती, घोडा, ओढ्ने ओछ्याउने, रथ, दास, दासी तथा घर इत्यादि सय पदार्थ जुटाइदेऊ भनी आज्ञा दिएर सबै थोक सयसय राख्न लगाई तुरून्त दिन लगायो ।

ब्राह्मणसँग धेरै दास-दासीहरू भए । सात तले घर पनि भयो । ब्राह्मण धन इत्यादि सामान बटुलेर प्रासादमा चढेर मीठामीठा असल चीज भोजन गरी उँचा पलङ्गमा मजासँग बस्यो ।

उता बाजेचाहिंले जालिकुमारलाई नङ काट्न लगाई स्नान गराई खानपिन गराई अलंकृत गरी काखमा राख्यो । यहाँ कृष्णाजिनीलाई बज्यैचाहिंले काखमा राखिन् । अनि जालिसँग राजाले प्रश्न गर्नुभयो– "भो जालि ! तिम्रा आमाबाबा दुवै सन्चै छन् कि ? तिनीहरूलाई खाने पिउने राम्रोसँग प्राप्त हुन्छ कि ? तिनीहरूलाई बनका जीवजन्तुहरूले केही विघ्न वाधा त दिंदैनन् । जङ्गलवासीहरूसँग मिलजुल गरी आरामपूर्वक बसेका छन् कि ?"



Downloaded from http://dhamma.digital/

कुमारले भने– "भो महाराज ! आमाबाबाहरू दुवै आरामै हुनुहुन्छ। उहाँहरूलाई वनका जीवजन्तुहरूको तर्फबाट केही भय छैन । सबैसँग मिलजुल गरी आनन्दपूर्वक वस्नुभएको छ । आमाले दिनहुँ बनमा गएर हामी सबैलाई अम्वा, नासपाती, सुन्तला, केरा, कटहर, वेल इत्यादि अनेक फलफूलहरू ल्याउनुहुन्छ । सोही फलफूल हामी सवै खान्छौं ।

उहाँ जङ्गलवाट फर्कनुभएपछि मात्र हामी सवै जम्मा भएर एक छाक खान्छौं। हामी दिउँसो खाँदैनौं। यसरी दिनहुँ बनमा गएर फलफूल लिएर आउनुपर्ने हुँदा आमा सारै दुब्लाइसक्नुभएको छ। उहाँ अहिले हाड छाला मात्र भएकी जस्ती हुनुहुन्छ । उहाँको त्यतिको राम्रो केश सवै जटा परिसकेका छन् । छाला एउटा ओछ्याएर उहाँ भुईंमै सुत्नुहुन्छ। त्यस्ता सुख ऐश्वर्यामा वस्नुभएकी, भुईंमा टेक्नै नपर्ने आमालाई आजभोलि साह्रै दुःख परिरहेको छ। वेलुका रातपरेपछि आगो वालेर वस्नुहुन्छ।"

यसरी आमाको दुःख वताउँदै जालिकुमारले आफ्नो बावालाई देशनिकाला गरेको विषयमा बाजेलाई यसरी कुरा सुनायो–

"भो पितामह ! यो लोकवासी सबैको लागि छोराछोरी खुवै प्यारा हुन्छन् भन्छन् तर मैले हेर्दा त तपाईंलाई त्यस्तो छैनजस्तो लाग्यो ।"

राजाले आफ्नो भूल बताउँदै कुमारलाई भन्यो–

"भो कुमार हो ! मैले वडो नकाम गरें मानों ममा भूत प्रवेश भएझैं भएर मैले शिविका जनताहरूको कुरामा लागेर एकै चोटी वेस्सन्तरलाई निकालिदिएँ। भो कुमार हो ! यो राज्यमा जति धन धान्य र श्रीसम्पत्ति छ त्यो सबै वेस्सन्तरकै हो। मैले यी श्रीसम्पत्ति सबै वेस्सन्तरलाई नै सुम्पन्छु। वेस्सन्तर राजकुमार छिट्टै यहाँ आएर राज्य चलाउनआए बेस हुन्थ्यो ।"



Downloaded from http://dhamma.digital/

कुमारले भने– 'भो महाराज ! मैले बाबालाई यहाँ पाल्नुहोस् भनी सन्देश पठाउनु अलि उचित छैनजस्तो लाग्छ । अतएव तपाईंले नै लिन जानुभए अति उत्तम होला ।

नातिको न्यायोचित र कोमल वचन सुनेर सञ्जय महाराजाले मन्त्रीहरूलाई डाकेर 'छिट्टै साठी हजार सैन्य तयार गरी हात्ती, घोडा इत्यादि तयार गरी अनेक प्रकारले सिंगारी आऊ, सारा नागरिकहरूलाई पनि बोलाऊ, वेस्सन्तरलाई लिन जानुपर्‍यो, यहाँदेखि वङ्क पर्वतसम्म राम्रोसँग बाटो सम्याउन लगाऊ ।' भनी हुकुम भयो ।

राजाको हुकुम बमोजिम मन्त्रीहरूले तुरुन्त नगरमा घोषणा गरे । सारा लस्कर भेला भए । बाटो बनाउनुपर्ने ठाउँमा बनाई ठाउँठाउँमा पूर्ण कलश इत्यादि राख्न लगाए । सारा नगर दिब्य लोकजस्तै अलंकृत भयो । अनेक वाद्य जम्मा गरी ठूला-ठूला शंखहरू फुक्न लगाए ।

उता जूजक ब्राह्मण राजदरबारमा साततले प्रासादमा बसेर अपच हुने गरी खाँदा-खाँदा एकदिन परलोक भयो । जूजकको कुनै वन्धुवर्ग छ कि भनी नगरभरी झ्यालि पिटाए । कुनै आफन्त नभेट्टाएपछि जूजकको दाह कर्म गरी यसलाई दिएको धनसम्पति सबै राजकोषमा नै भित्र्याइयो । सातौं दिनमा राजा लाखौं लावा लस्कर जम्मा गरी जालिकुमारको नेतृत्वमा वङ्क पर्वतमा आफ्नो राजदरवारबाट प्रस्थान गर्‍यो ।



Downloaded from http://dhamma.digital/

## वेस्सन्तर जातक अभ्यास – ५

१. जूजक ब्राह्मण वेस्सन्तरको आश्रममा कसरी पुगे ?

२. मद्दीदेवीले देखेको स्वप्नबारे प्रष्ट हुनेगरी लेख्नुहोस् ।

३. 'आहा ! सात महिनादेखि बन्द भइरहेको मेरो दान दिने द्वार खोल्न आज तिमी आयौ। आऊ, ब्राह्मण !' यसपछि जालिकुमार र कृष्णाजिनीलाई ब्राह्मणले कसरी कहाँ लगे ?

४. राजकुमार वेस्सन्तरले आफ्नै प्राण प्यारी छोराछोरीहरूलाई दान दिनु के उचित थियो ? लेख्नुहोस् ।

५. ब्राह्मणले दान प्राप्त छोराछोरीहरूलाई कस्तो दुःख कष्ट दिए ?

६. अट्ठार पुरुष दोष भन्नाले के बुझ्नुहुन्छ ?

७. जालि र कृष्णाजिनीको विलापबारे प्रष्ट पार्नुहोस् ।

८. 'आज मैले नराम्रो सपना देखेकोले बेलैमा फलफूल टिपी छिट्टै आश्रममा फर्कनुपर्छ।' यस भनाइपछिको घट्ना स्पष्ट पार्नुहोस् ।

९. जंगलबाट मद्दीदेवी फर्किंदा किन वेस्सन्तर नबोलिकन बसे ?

१०. 'स्वामी भएको आइमाइको छाँट यस्तो हो ? यो कसैको दोष होइन मेरै दोष हो।' भनी वेस्सन्तरको कडा वचन सुनेर मद्दीदेवीले के विन्ति गरिन् ?

११. फुसतिदेवीलाई दान दिंदाको अवस्थालाई चित्रण गर्नुहोस् ।

१२. पत्नी दान गरेपछि बोधिसत्त्वले के के वरदान मागे ?

१३. जालि कुमार र कृष्णाजिनीको राजासँग कसरी भेट भयो ?

१४. वङ्क पर्वतमा गएर वनवासी वेस्सन्तरलाई कसरी लिन गए ?



Downloaded from http://dhamma.digital/

# ६. नगर काण्ड

क्रमश: सञ्जय राजा जालि र कृष्णाजिनीसँगै आश्रम पुग्ने ठाउँमा रहेको मुचलिन्द सरोवरमा पुगे। सैन्यहरू सबै त्यहीं राखे। ठाउँ-ठाउँमा सिंह ब्याघ्र आदि जन्तुहरूको भयबाट सुरक्षित हुन पालो राखे। हात्ती घोडा मानिस इत्यादि धेरै प्राणीहरूको गुञ्जायमान शव्दले पर्वतै थर्कियो। चौधहजार रथ फर्कने बाटोतिर फर्काई तयार गरिराखे। जनसमूह र प्राणीको शब्दले गुञ्जिएको आवाज सुनेर आश्रममा बस्नुभएका महासत्त्वको मनमा त्रास उत्पन्न भएर मद्दीदेवीलाई भन्नुभयो।

"प्रिय मद्दी ! सायद हाम्रा बुबाज्यूलाई जितेर हामीहरूलाई पनि बन्दी बनाउन शत्रुहरू यहाँ आएको हो कि ? हेर ! त्यतिका सैन्य देखिन्छ, राजाहरूको झण्डा पनि देखिन्छ।"

वेस्सन्तरको कुरा सुनेर मद्दीदेवी पहाडको टुप्पामा गएर नियालेर विचार गरी हेर्दा उहाँले आफ्नै सैन्य हुन् भनी बुझेर आफ्ना स्वामी महासत्त्वलाई 'होइन नाथ ! शत्रुहरू होइन, हाम्रै सैन्यहरू हुन्। झण्डा पनि हाम्रै हो" भनेर वेस्सन्तरको शङ्का हटाईदिइन्।

मद्दीरानीको कुरा सुनेर आफ्नो मनबाट भय हटाई वेस्सन्तर राजा सन्तुष्ट भएर सहर्ष पर्वतवाट ओर्लेर आश्रममा आई पर्णशालाको ढोकामा बस्नुभयो।

उता सञ्जय राजा फुसतिदेवीलाई "भो फुसति हामी सबै एकैचोटी आश्रममा गयौं भने हामी सबैको शोक बढ्नेछ। तसर्थ पहिले म जान्छु। अनि एकछिनपछि तिमी परिवारसँगै आउनू। आश्रमको नजिक पुगेपछि रथ सबै फर्काई 'अब त कुशल वार्ता समाप्त भयो होला भन्ने भएपछि आउनू। त्यसको एकछिनपछि जालि र



Downloaded from http://dhamma.digital/

कृष्णाजिनी आउनू" भनी सञ्जय राजा रथबाट ओर्लेर रथ सबै उल्टो मुख पार्न लगाई ठाउँ-ठाउँमा अङ्गरक्षकहरू राखी छोरा वेस्सन्तरकहाँ गयो ।

एकांश गरी पछ्यौरा ओढेर शुद्ध वस्त्र धारण गरेका सञ्जय राजा आफ्ना अङ्गरक्षकहरूसँगै आश्रमतिर आइरहेको देखेर वेस्सन्तर र मद्दी हत्तपत्त आसनबाट उठेर स्वागतपूर्वक वन्दना गर्नुभयो । मद्दीदेवीले सञ्जय राजाको पाउमा परी "महाराज म तपाईंकी बुहारी मद्दीदेवी हुँ" भनी पाउमा ढोगिन् ।

अनि दुवैथरि हर्षको आँसू बहाउँदै सुखदुःखका कुरा गर्दै राजाले भने–

"तात ! तिमीहरूलाई आनन्दै छ ? जङ्गलमा रहेका जङ्गली प्राणीहरूको तर्फबाट केही कष्ट त छैन ? खान पिउन फलफूल बेलाबखतमा प्राप्त हुन्छ कि ?" महासत्त्वले भन्नुभयो– "पूज्य बाबा ! तपाईंको स्नेहले हामीलाई बेलाबखतमा खानेकुरा प्राप्त भएको छ । बनमा रहेका प्राणीहरूबाट पनि केही हानी छैन । किन्तु महाराज ! हामीहरू सवारले घोडालाई दमन गरेझैं आफ्नो मनलाई दमन गरेर येनकेन पेट भरेर बाँचिरहेका छौं । आमाबाबाको दर्शनबाट बञ्चित भएर आफ्नो देश छाडी जङ्गलमा बसिरहेका हामीलाई कहाँको सुख हुन्छ ?"

यति भनेर महासत्त्वले तपाईंहरूले जालि र कृष्णाजिनीहरू देख्नुभयो कि भनी सोध्दै भन्नुभयो–

"तपाईंका प्यारा नाति-नातिनीहरू मैले एउटा ब्राह्मणलाई दान दिएँ । त्यो ब्राह्मण सारै नै दुष्ट रहेछ । गोरूलाई पिटेझैं पिटेर ती बालकहरूलाई लहराले बाँधेर लग्यो । अब ती बालकहरू के भए होलान् हामीलाई थाहा छैन । यदि तपाईंले तिनीहरूलाई देख्नुभएको भए कृपया पहिले त्यो कुरा सुनाउनुहोस् । यति सुन्न पाए हामीलाई बडो आनन्द हुनेछ ।"



Downloaded from http://dhamma.digital/

"तात ! वेस्सन्तर ! मैले जालि र कृष्णाजिनीको मूल्य तिरेर लिइसकेको छु। यसमा तिमीले केही धन्दा मान्नुपर्दैन ।"

यो सुनेर धैर्य प्राप्त भएपछि महासत्त्वले बाबासँग कुशल वार्ता गर्दै भन्नुभयो–

"बाबा ! तपाईंलाई आरामै छ कि ? मेरी आमाको आँखा ठीक छ कि ? आमालाई आराम छ कि ?"

राजा "भो पुत्र ! तिम्री आमालाई सञ्चै छ । आजसम्म केही भएको छैन । आँखाले पनि राम्रोसँग देखेकी छु ।"

महासत्त्व– "तपाईंको राज्य राम्रोसँग सञ्चालन भइराखेको छ कि ?"

राजा– "तिम्रो धर्मको प्रभावले आजसम्म राज्य राम्रैसँग चलिराखेको छ । यथा समयमा वृष्टि पनि भइराखेकै छ ।"

उता फुसतिदेवी पनि "अब त राजा शोक सन्तापबाट मुक्त भएर आरामसाथ कुशल वार्ता गरिसक्नुभयो होला" भन्ने सम्झी महान् परिवारसहित वेस्सन्तरकहाँ पुगिन् ।

आफ्नो बाबासँग कुरा गरिरहेको वेस्सन्तरले आमा आश्रमतिर आइरहेकी देखेर हत्तपत्त उठेर मद्रीसँगै दगुर्दै गएर आमाको अगाडि गएर वन्दना गरे । मद्रीदेवीले सासूका पाउ समातेर "म तपाईंकी बुहारी मद्री हुँ" भन्दै पाउमा ढोगिन् ।

वेस्सन्तर र मद्रीले फुसति महारानीलाई वन्दना गरिरहेकै बेलामा जालि र कृष्णाजिनीहरू धेरै राजकुमार र राजकुमारीहरू जम्मा गरेर अगाडि आइपुगे । मद्रीदेवी भने जालि र कृष्णाजिनीहरू आउनेछन् भनी उनीहरू आउने बाटोतिर मात्र हेरिरहिन् । राजकुमार जालि र कृष्णाजिनीहरू कुशलपूर्वक आइरहेको देखेर मद्रीदेवी



Downloaded from http://dhamma.digital/

स्थिर भएर एक ठाउँमा बसिरहन सकिनन् । बाछी देखेर माउ दगुरझैं मद्दीदेवी गहभरि आँसुराखेर मेरा लाल ! मेरा बच्चा ! भन्दै तिनीहरू आइरहेको बाटोमा दगुर्दै गइन् । राजकुमारहरू पनि आमालाई देख्ने बित्तिकै "आमा ! आमा !" भन्दै स्वाँस्वाँ र फ्वाँफ्वाँ गर्दै आमाको अगाडि दगुर्दै गए । यसरी दगुर्दै जाँदा हर्षले चित्त थाम्न नसकेर आँखाबाट आँसु खसाल्दै मद्दीदेवी बाटोमा उतानो परेर लडिन् । राजकुमारहरू पनि दगुर्दै आएर त्यहीं लडे । मद्दीदेवीको छातीबाट दूधको धारा बहेर जालि र कृष्णाजिनीको मुखमा परे । यदि यसरी मद्दीदेवीको छातीबाट दूधको धारा निस्केर तिनीहरूको मुखमा नपरेको भए तिनहिरू त्यहीं छाती सुकेर मर्थे होलान् ।

उता वेस्सन्तर पनि छोराछोरीहरू देखेर दगुर्दै आएको त्यहीं नै मूर्छा भएर लडे । सञ्जय राजा र फुसतिदेवी पनि त्यस्तै चित्त थाम्न नसकेर त्यहीं नै बेहोस भएर लडे । हेरिरहेका व्यक्तिहरूमध्ये कोही पनि यस्तो करूणदृष्य देखेर मन थाम्न नसक्ने भएर त्यहीं त्यहीं नै मूर्छित भएझैं धमाधम लडे । त्यहाँको दृष्य मानों वायुको भुमरिमा फसेकाहरूजस्तै भए ।

यतिबेला पर्वतै थर्कने गरी भूकम्प भयो । महासमुद्रको पानीमा उथलपुथल मच्चियो । पर्वतराज सुमेरू टेढो भयो । ६ वटा स्वर्गभुवनसम्म एकैनासले गुञ्जायमान भयो । त्यतिबेला शक्रदेव इन्द्रले "अहो ६ जना महा क्षत्रियहरूमध्ये एउटा पनि उठेर पानी सिञ्चन गरेर होसमा ल्याउन सकिने अवस्थामा छैन । ठूलो आपदमा पऱ्यो । पुस्करवृष्टि गरिदिनुपऱ्यो" भनी ठूला-ठूला थोपा गरी पानी बर्साइदिए । इच्छा हुनेलाई मात्र वर्षेका पानीले भिज्ने, मन नपर्नेलाई कमलको पात पानीले नभिज्नेझैं तिनीहरूको कपडा भिजेन । ६ जना क्षत्रियहरूलाई उहाँले आश्वासन दिनुभयो । मूर्छित सबै प्राणीहरू होसमा आए । तिनीहरूले यो आश्चर्य रूपले पानी परेको देखेर हर्ष र साधुकार प्रकट गरे । अनि सबै राजपुरुषहरूले वेस्सन्तरसँग यसरी प्रार्थना गरे–



Downloaded from http://dhamma.digital/

"भो वेस्सन्तर ! तपाईं शिवि देशका मालिक हुनुहुन्छ । अतएव तपाईंलाई सञ्जय महाराजले यहीं नै श्वेतछत्र धारण गराएर राज्याभिषेक दिने इच्छा गर्नुभएको छ । कृपया तपाईंले यसलाई स्वीकार गर्नुहोस् ।"

जनताको अनुरोध देखेर वेस्सन्तरले आफ्नो बाबासँग कुरागर्दै भन्नुभयो– "भो महाराज ! मैले धर्मानुकुल राज्य गरिरहेको बेलामा तपाईंले र ती नागरिकहरूले मलाई राज्यबाट निकालिपठाए । त्यसकारण म जङ्गलमा बसिरहेको छु ।"

"तात ! शिवि देशवासिको कुरा सुनेर मैले तिमीमाथि ठूलो अन्याय गर्न पुगें । मानों ममा भूत प्रवेश भएझैं भयो । जे भए पनि भयो भैसकेको कुरा विर्स । अब तिमीले जसो गरेर हुन्छ आमाबाबा दाजु-भाइ दिदी-बहिनीहरूको मन राख । छोराहरूले आमा-बाबाको सुखको निम्ति तिनीहरूको दुःख हरण गर्नको निम्ति प्राणसमेत त्याग गर्छन् । तसर्थ तिमीले यो ऋषिभेष छाडेर राज्यशासनको भार स्वीकार गर ।"

बोधिसत्त्वले 'मनमा राज्य सञ्चालन गर्ने इच्छा भएर पनि केही कुरा भनेन भने यसको महत्व र गौरव नरहने सम्झी "मलाई तपाईंले निकालि सक्नुभयो । अब फेरि मलाई व्यर्थै किन झन्झट ?" भन्दै पछि मात्र स्वीकार गर्नुभयो । वेस्सन्तरले स्वीकार गरेपछि उहाँसँगै जन्मेका साठीहजार साथीहरूले भने– "त्यसो भए अहिले केश, दाढी काट्नुपर्‍यो, स्नान गर्नुपर्‍यो ।"

अनि बोधिसत्त्वले त्यसोभए एकछिन पर्ख भनी पर्णशालाभित्र पस्नुभई ऋषिवस्त्र सबै भित्र राम्रोसँग तह लगाउनुभई बाहिर आउनुभएर "अहो कुटी ! यसमा म सात महीनासम्म बसेर पारमिताको अन्तसम्म पुग्न सकें । धन्य यो स्थान ।" भनी तीन पटक आश्रम प्रदक्षिणा गरेर पञ्चाङ्ग प्रणाम गर्नु भयो । अनि नाउले केश दाढी खौरेर स्नान गरायो । अति राम्रा-राम्रा देववस्त्र धारण गराई त्यहीं नै राज्याभिषेक दिए ।



Downloaded from http://dhamma.digital/

यति सिद्धिएपछि वेस्सन्तरको यश महान् भयो। वेस्सन्तरले जहाँ हेऱ्यो त्यहीं भूकम्प भयो। मुख माङ्गलिकहरूले वेस्सन्तरलाई यस्तो मङ्गलहोस् त्यस्तो मङ्गल होस् भनी आसिंञ्चन गरे। मङ्गल हस्ती अलंकृत गरेर उहाँको अगाडि लगे। अनि आफ्नो खड्ग धारण गरेर हात्तीमाथि चढ्नुभयो। मद्दीदेवीलाई पनि नङ कटाई स्नान गराई अलंकृत गराई अभिषेक दिएर हात्तीमाथि चढाए। यतिबेला सागरसम्म गुञ्जायमान हुने गरी महान् अद्भूत शब्द निस्के। जालि र कृष्णाजिनी पनि राम्रोसँग अलंकृत गराई बोधिसत्त्वको साथमै राखे।

अनि वेस्सन्तरले आफ्ना छोरा-छोरीहरूलाई– "तात, पहिले हामीले तिमीहरूकै कारणमा एक छाक खाएर सुतेर अनेक दुःख काटचौं। यी सबै तिमीहरूकै कल्याणको निम्ति हो। तिमीहरू छिट्टै जन्ममरण दुःखबाट मुक्त हुन सकून्। तिमीहरूले आमाबाबाको सुकीर्तिलाई रक्षा गर्न सकून्।" भनी अनेक प्रकारले प्रीतिका कुरा गर्दै बालकहरूलाई आशिष दिनुभयो।

उता फुसतिदेवी आफ्नो छोरा वेस्सन्तर र बुहारी मद्दीदेवीको सुप्रसन्न मुख देखेर आफू पनि सुप्रसन्न भएर " मेरो बुहारीले सधैं यस्तै मात्र वस्त्र लगाऊन्" भनी अनेक वस्त्र दिइपठाइन्।

त्यस बखत जङ्गलका प्राणीहरू सारा प्रमुदित भए। चराचुरङ्गी बाघ, भालु, सिंह, ब्याघ्रहरू पनि हर्षले गदगद भएर सारा वन गुञ्जायमान हुने गरी नादं गरे। चराहरू सारा आकाशरि उडेर सुमधुर शब्दले गाए।

अनि ती दुवै राजाहरू सैन्यहरू पालो वसिरहेको पालमा बस्नुभयो। त्यस जङ्गलमा बसेर सञ्जय राजाले बाह्र अक्षौहिंणी (एक अक्षौहिणीमा १,०९,३५०, पैदल सैन्य ६५६१० घोडा २१८७० रथ र २१८७० हात्ती हुन्छ।) सेनासहित एक महीना क्रीडा गऱ्यो। महासत्त्वको प्रभावले त्यस्ता घोर्विषधारी जीवजन्तुहरूले भरिएको जङ्गलमा कसैलाई कुनै प्राणीबाट हिंसा पीडा भएन। सबै आपसमा मिलेर सँगसँगै खेलिरहे।



Downloaded from http://dhamma.digital/

एक महीना यसरी बनमा बसेर क्रीडा गरिसकेपछि सञ्जय राजाले सेनापतिलाई बोलाएर "के तिमीले वेस्सन्तर राजालाई आफ्नो राज्यमा लैजान बाटो सिंगार्न सकेको छैन ?" भनी सोध्नुभयो । अमात्यले " भो महाराज, बाटो सबै सिंगारिसकें । एक महीना जङ्गलमा बितिसक्यो । अब त फर्कनु भए पनि हुन्छ" भनी विन्ति गरेपछि छोरा वेस्सन्तरलाई पनि सूचना दिन लगाई सैन्यहरूले घेरा लगाई जङ्गलबाट निस्कियो ।

राजाहरू दुई महिना बिताएर साठी योजन बाटो कटाई जेत्तुत्तर नगरमा आइपुगे । राजभवनमा प्रवेश गरेर वेस्सन्तर राजाले "बन्धनमा राखेका प्राणीहरू छाडिदेऊ" भनी घोषणा गर्नुभयो । बिरालोसम्म पनि बन्धनबाट मुक्त भए । त्यसबेला सम्पूर्ण नगर विविध किसिमले सजाई राखेको थियो । ठाउँठाउँमा तोरणद्वार बनाइराखेको, ठाउँठाउँमा नाचगान गरिरहेको, ठाउँठाउँमा मानिसहरू भेला भई महापुरुष दानी वेस्सन्तर राजा फर्कनुभयो भनेर हर्षित भएर आकाशमा पगडी टोपी फालेर रमाइरहेका थिए । दुःखी रोगी प्राणीहरू 'वेस्सन्तर महाराज जेत्तुत्तर नगरमा आइपुग्नुभयो' भन्ने समाचार सुनेर रोग ब्याधि मानसिक दुःखरहित भएर सुखी भइरहेका थिए ।

नगरमा पस्ने वित्तिकै वेस्सन्तर राजाले सर्वप्रथम 'म आइपुगें भन्ने खबर सुनेर याचक कृपणहरू भोलि मकहाँ आएर माग्न आउन सक्छन् । तिनीहरूलाई के दिनुपर्ला ?' भनी विचार गर्नुभयो । तत्क्षणमै शक्रदेव इन्द्रको पाण्डुकमल शीलासन तातिएर आएको हुनाले इन्द्रले के कारणले यस्तो भएको हो भनी दिव्य चक्षुले विचार गरिहेर्दा कारण थाहा पाएर वेस्सन्तरको राजदरवारको पछाडिपट्टिको जमीनमा र अगाडिको जमीनमा कमरसम्म आउने गरी सात प्रकारका रत्न वर्षाइदिनुभयो । सम्पूर्ण नगरमा घूंडा-घुंडासम्म गाडिने गरी रत्नको वृष्टि गरिदिनुभयो । भोलिपल्ट बिहान सम्पूर्ण नगर रत्न वृष्टि भएकोले सबैको आफ्नो ठाउँ रत्नले भरिएको



Downloaded from http://dhamma.digital/

समाचार थाहा पाएर वेस्सन्तर राजाले 'ज-जसको आफ्नो घर आँगनमा अगाडि पछाडिको जग्गामा रत्न छ ती सबै तिमीहरूलाई नै भयो भनी घोषणा गर्नुभयो। बाँकी रत्न सबै ओसारेर आफ्नो रत्नसँगै कोषमा राखी जीवनभर अनेक प्रकारले दान कार्य गर्नुभयो। त्यसैले भनिएको–

*"जातरूपमया वस्सं देव पावस्सि तावदे।*

*वेस्सन्तर पविट्ठम्हि सिवीनं रट्ठवड्ढने॥*

*ततो वेस्सन्तरो राजा दानं दत्वान खत्तियो।*

*कायस्स भेदा सप्पञ्ञो सग्गं सो उपपज्जथाति॥"*

अर्थात्– वेस्सन्तर राजा नगरमा पस्नुभएपछि रूपियाँ, पैसा, हीरा, मोतीसहित सात प्रकारका रत्न वर्षे। अनि वेस्सन्तर राजा दान दिने कुशल चर्या गर्दै मरणपछि स्वर्गलोकमा उत्पन्न हुनुभयो।

## निगमन

शास्ताले यति श्लोक भन्नुभएर हजार प्रकारले राम्रो उपरोक्त वेस्सन्तरको कथा बताइसकेपछि न्यग्रोधाराममा जम्मा भईराखेका शाक्यखलकलाई यसरी आज्ञा गर्नुभयो–

"त्यसबखतका जूजक अहिलेको देवदत्त हुन्। त्यसबखतकी अमित्रतापन अहिलेको चिञ्चमाणविका हुन्। चेतपुत्र हुने छन्दक सारथी हुन्। अच्युत तपस्वी सारिपुत्र हुन्। शक्रदेव अनुरुद्ध हुन्। सञ्जय शुद्धोदन महाराज हुन्। फुसतिदेवी महामायादेवी हुन्। मद्दीदेवी राहुलमाता हुन्। जालिकुमार राहुल कुमार र कृष्णाजिनी उत्पलवर्णा भिक्षुणी हुन्। बाँकी परिषद सबै अहिलेका बुद्ध परिषद हुन्। वेस्सनतर राजा स्वयं म नै हुँ।"



Downloaded from http://dhamma.digital/

यसरी भगवान् बुद्धले आफ्ना शाक्यखलकलाई पुष्पवृष्टिको कारणमा वेस्सन्तर वोधिसत्त्वको कुरा आज्ञा गर्नुभएर कपिलवस्तुमा रहेका सैकडौं हजारौं शाक्य खलकहरूलाई धर्मावबोध गराइदिनुभयो ! यस कथाले निकै प्राणीहरूलाई हित कल्याण भयो ।


## वेस्सन्तर जातक अभ्यास – ६

१. जनसमूह र प्राणीको शब्दले गुन्जिएको आवाज सुनेर महासत्त्वको मनमा कस्तो त्रास उत्पन्न भयो ?

२. वेस्सन्तरलाई पुनः राजदरवार कसरी फर्काइयो ?

३. 'वन्धनमा राखेका प्राणीहरूलाई छाडी देऊ' यस भनाइलाई पुष्टि गर्नुहोस् ।

Dhamma.Digital





Downloaded from http://dhamma.digital/

# पंचशील

लेखिका / लेखक

शील : सुश्री नानी मैंया मानन्धर

पञ्चशील र अर्थनीति : त्रिरत्न मानन्धर

शील पारमिता र व्यवहारिक पक्ष : कोण्डन्य



Downloaded from http://dhamma.digital/

# शील

शीलको आफ्नो अर्थ छ, आफ्नै विशेषता छ, जुन व्यक्तिगत चरित्रसँग बलियो गाँसो छ, जीवनसँग सम्वन्ध छ, समाजसँग घनिष्टता छ, अनि छ, बुद्ध धर्मसँग बलियो आधार ।

शील शीलनसँग सम्बन्धित छ, जसको अर्थ हो, जग वा आधार, जसले उभ्याइराख्नमा मद्दत गर्दछ । जसरी पुग्ने गरी जग खनेर बलियो गरी जग हालेर बनाएको घर तगडा भइबस्छ त्यस्तै मानिसले शरीरले गर्ने कर्म, वचनले गर्ने कर्म र मनले गर्ने कर्म अर्थात् काय-कर्म, वची-कर्म र मनो-कर्ममा ठीकसँग सफलता प्राप्त गर्न शील वा सदाचारको आधार लिनुपर्दछ ।

बुद्धधर्म अध्ययन गर्दा मुख्य रूपमा तीन अङ्ग देखिन आउँछ–

(१) **शील,**

(२) **समाधि** र

(३) **प्रज्ञा ।**

यी तीन अङ्गमा पनि शील पहिलो क्रममा आउँछ जसलाई राम्रोसँग थाहा नपाइकन नबुझिकन बाँकी दुइ अङ्गहरू अर्थात् समाधि र प्रज्ञा प्राप्त गर्न सकिँदैन । यस दृष्टिले हेर्दा पनि शील जग वा आधारको अर्थमा पर्न आउँछ ।

शीलको अर्थ शिर पनि हुन आउँछ । जसरी हाम्रो शिर उच्च र श्रेष्ठ छ, त्यस्तै जीवनमा शील । भनिएको पनि छ– शील नभएको जीवन टाउको नभएको शरीर जस्तै सौन्दर्यहीन हुन्छ ।

अर्को किसिमले लिइएमा शीलको अर्थ नियम नीति पनि हुन आउँछ । शील धेरै प्रकारका छन् । गृहस्थ र प्रव्रजितहरूले पालन गर्ने हिसावले विचार गर्दा यसको धेरै संख्या हुन आउँछन् । अनि स्तर पनि विभेद हुँदै जान्छन् ।



Downloaded from http://dhamma.digital/

यहाँ सबै शीलहरूमध्ये पहिलो, संपूर्ण शीलका आधार, सदाचारमा लगाउने, गृहस्थ र त्यागी दुवै पक्षले पालन गर्नुपर्ने पाँच नियम, जसलाई 'पञ्चशील' भनिन्छ। 'पञ्च' = पाँच, 'शील' = जग, आधार, नियम, नीति वा सदाचार।

यी पाँच नियम वा पञ्चशील हुन्-

१."पाणातिपाता वेरमणि सिक्खापदं समादियामि।"

अर्थात्– 'मैले प्राणी हिंसा गर्दिन' भन्ने शिक्षा (नियम) राम्रोसँग पालन गर्दछु।

२."अदिन्नादाना वेरमणि सिक्खापदं समादियामि।"

अर्थात्– 'मैले अर्काको चीजवस्तु नदेखिकन वा नदिइकन लिने छैन' भन्ने शिक्षा राम्रोसँग पालना गर्दछु।

३."कामेसु मिच्छाचारा वेरमणि सिक्खापदं समादियामि।"

अर्थात्- 'मैले (काम वासनामा वशिभूत भई) पर-स्त्री वा परपुरुष गमन गर्दिन' भन्ने शिक्षा राम्रोसँग पालन गर्दछु।

४."मुसावादा वेरमणि सिक्खापदं समादियामि।"

अर्थात्– 'म झूट बोल्दिन' भन्ने शिक्षा राम्रोसँग पालन गर्दछु।

५."सुरामेरय मज्जपमादट्ठाना वेरमणि सिक्खापदं समादियामि।"

अर्थात्– 'मैले वेहोशीको कारण बन्ने जाँड, रक्सी आदि नशा लाग्ने पदार्थ सेवन गर्दिन' भन्ने शिक्षा राम्रोसँग पालन गर्दछु।

यसो हेर्दा यी पाँच शील साधारण जस्तै देखिन्छन्। प्राणी हिंसा नगर्ने, चोरी नगर्ने, परस्त्री वा परपुरुष गमन नगर्ने, झूट नबोल्ने, लाग्ने पदार्थको सेवन नगर्ने- यी पाँचै नकारात्मक नियमलाई हेर्दा छोड्नुपर्ने पाँच चीज त हो नि जस्तो लाग्छ। हो, मूलतः छोड्नुपर्ने पाँचैवटा मात्र हुन्। तर यी पाँच शीलभित्र अरु स-साना नियम-उपनियमहरू पनि गाँसिएका छन्, जसलाई राम्रोसँग विचार गरेर लैजाँदा यिनै पाँच नियमको अन्तर्गत पर्दछन्। त्यसमा सवैभन्दा पहिले प्राणी हिंसा एउटाको नै अलिकति विश्लेषण गर्दछु।



Downloaded from http://dhamma.digital/

पञ्चशीलको पहिलो शीलमा भनिएको छ– "मैले प्राणी हिंसा गर्दिन भन्ने शिक्षा राम्रोसँग पालन गर्दछु ।" यहाँ प्राणी हिंसाको अर्थ दुइ खुट्टा, चार खुट्टे, छ खुट्टे, धेरै खुट्टा भएका, भूईंमा घिस्रेर जाने, उड्ने, पानीमा बस्ने, जुनसुकै आकार प्रकारका, ठुला, साना चेतनशील प्राणीहरूलाई चुपीले किरिकिरि गर्ने, चक्कु, छुरा आदिले चिरिचिरि गर्ने, ढुङ्गा, बालुवा ईंटा, काठ, वाण, तोप, गोली, बम, एटंम बम, आदिले हानेर मार्नु, चिमोटेर, च्यापेर, प्वाल पारेर, घोचेर, घचेटेर, खुट्टाले हानेर, पिटेर, फ्याँकेर, उचाईबाट फालेर प्राणान्त गर्नु, धुलो, पानी, आगो, तेल, औषधी वा विषको प्रयोगबाट ज्यान लिनु: प्रत्यक्ष रूपमा प्राणी हिंसा गरेको हुन जान्छ । यसको अतिरिक्त जुन काम गर्दा अरुको चित्तमा ठूलो आघात पर्छ, पीडा र दु:खको शुरूवात हुन्छ, संघर्ष र रक्तपातको कारण बन्छ, जसले गर्दा अनेक प्रकारका अशान्ति, छटपटी फैलिन्छ: त्यस्तो कार्य वा कर्म कायिक दुष्कर्मको अन्तर्गत पर्दछ । यस्ता अनुचित र असभ्य कुकर्मबाट बचेर रहनुलाई नै (बुद्ध धर्मअनुसार) हिंसा नगर्ने भन्ने शिक्षा दिइएको हो । त्यो पनि अरुलाई हिंसा नगर्नु भनी उपदेशात्मक रूपमा होइन, स्वयं आफै कर्ताले कर्ममा अर्थात् व्यावहारिकरूपमा काममा लगाउन 'म प्राणी हिंसा गर्दिन' भन्ने शिक्षा पालन गर्दछु भनी वचनबद्ध गराइराखेको छ । हुन पनि भनेको अनुसार गर्न नसकिकन अथवा गरेर भनेको कुराको सार्थकता दर्शाउन नसकिकन शिक्षाको के प्रयोजन ? त्यसकारण भगवान् बुद्धले गर्नुपर्छ भनी पञ्चशीलको शिक्षा नदिइकन गर्छु भन्ने शिक्षाको प्रयोग गराइराख्नुभएको छ । यसबाट भगवान् बुद्धको शिक्षा वा नियम नीतिको वैज्ञानिकता, दूरदर्शिता र व्यवहारिकताको पक्ष स्पष्ट झल्किन्छ । अनि बाँकी रहेका शिक्षा मात्रै कसरी अस्पष्ट हुन सक्छन् ?

पञ्चशीलको दोस्रो शिक्षा हो– "मैले अर्काको चीजवस्तु नदेखिकन वा नदिइकन लिने छैन भन्ने शिक्षा पालन गर्दछु ।" यहाँ अर्काको चीज वा वस्तु भन्नुको अर्थ आफ्नो नभएको जुनसुकै वस्तु– जस्तै माटो, ईंटा, काठ, दाउरा, ढुंगा, फलाम,



Downloaded from http://dhamma.digital/

पितल, तामा, सुन, चाँदि, हीरा, मोति, पन्ना, माणिक, जवाहरात, लुगा, अन्न, फलफूल अथवा यसको संमिश्रणबाट बनाइएका वस्तुहरू– खाने, पिउने, लाउने, पशु, पंछि, मानिस आदि आफ्नो अधीनमा नभएका, आफ्नो अधिकारमा नभएका कुनै पनि चीजवस्तु नदेखिकन, नदिइकन लिने छैन भन्ने अर्थ हो । देखे पनि 'लौ लिनु' भनी खुला दिलले नदिइकन अथवा जवर्जस्ति खोसेर लिनु पनि चोरेर लिएको अर्थ हुन आउँछ । संक्षिप्तमा भन्नुपरेमा अर्काको वस्तु चाहे मोल नपर्ने नै किन नहोस्, ती वस्तु नदेखिकन, नदिइकन जवर्जस्ति लिंदा वस्तु– धनीको चित्त अशान्त हुन्छ, असन्तुष्ट हुन्छ, चित्त दुख्छ, त्यो अदिन्नादाना हुन जान्छ । यो शिक्षा वा नियम पनि चोरी गर्नु हुँदैन भनी अनैतिकता मात्रै नदर्शाइकन अथवा चोरी नगर्नु, भनेर अरुलाई अह्राउने शिक्षा नदिइकन स्वयं कर्तालाई कराल गराउने नियम बनाइएको छ । यस शिक्षाले प्रत्येक शीलधारी व्यक्तिलाई अनुशासित गर्नमा मद्दत पुऱ्याउँछ । संख्यात्मक भन्दा गुणात्मकको अभिवृद्धि गराउँछ । किनभने कथिक भएर अरुलाई भनेर होइन, शिक्षाको अनुरूप कराल गरेअनुसार पालन गरी व्यवहारमा ल्याउनु नै साँच्चिकै शील लिनु र पालन गर्नु हुन आउँछ ।

तेस्रो शील हो– "मैले (कामवासनामा वशीभूत भई) परस्त्री वा परपुरुष गमन गर्दिन भन्ने शिक्षा राम्रोसँग पालन गर्दछु ।" पञ्चशीलको तेस्रो शीललाई विचार गरेर हेर्दा यो केवल वयस्कहरूको लागि जस्तो देखिन्छ । कारण बच्चाहरूको लागि लोग्ने मान्छे वा स्वास्नी मान्छेको के सम्बन्ध ? तिनीहरूको लागि जतिसुकै राम्रो महिला होस् वा पुरुष के मतलब ? कामवासना भनेको कुन चराको नाम हो ? भन्ने थाहा नपाएकाहरूलाई परस्त्री वा परपुरुष गमन गर्दिन भन्ने शिक्षा तिनीहरूको लागि शिक्षा मात्रै भइरहन्छ । त्यसैले तिनीहरूलाई यो शिक्षा पालन गर्न केही गाह्रो पर्दैन । शील लिंदै नलिए पनि पालन भइरहन्छ । तर वयस्क अथवा यौवनावस्थामा पुगेकाहरूलाई भने यो नियम जानिराख्नु पर्दछ, थाहा पाइराख्नु पर्दछ । यसको



Downloaded from http://dhamma.digital/

ज्ञानको अभाव भएमा वा यो शील राम्रोसँग पालन गर्न नसकेमा सामाजिक जनजीवनमा ठूल्ठूला खतराहरू आउन सक्छन्। अझ यसको कारणबाट हिंसा, चोरी आदि अरु शिक्षाहरू पनि भङ्ग हुन जाने धेरै सम्भावना हुन्छ।

परस्त्री वा परपुरुषको साधारण अर्थ हो लोग्ने भएको स्वास्नी मान्छे वा स्वास्नी भएको लोग्ने मान्छे। त्यस्तो लोग्ने मान्छे वा स्वास्नी मान्छेसँग अनैतिक आचरण गर्न परस्त्री वा परपुरुष गमन गरेको हुन्छ। साथै यसभित्र अरु अर्थ पनि समावेश भएको हुन्छ।

यहाँ अर्काको स्वास्नी मान्छे भन्नुको अर्थ अर्काको स्वास्नी वा छोरी, दिदीबहिनी वा अरु कुनै नाता पर्ने, तरूनी, यौवन भएको, विहे भइसकेको वा कसैलाई दिन्छु भनी वचन गइसकेको त्यस्तो स्वास्नी मान्छेसँग कुरा गर्ने, प्रेम गर्ने, तिनलाई मन नपराइकन अथवा आधिकारिक व्यक्तिहरूसँग नसोधिकन विहे गरेर ल्याउने वा त्यसै ल्याउने अथवा नैतिक, अनैतिकतालाई वेवास्ता गरी समाजको निन्दा चर्चालाई पर्वाह नगरी कामवासनामा वशीभूत भई आफ्नो स्वार्थसिद्धको लागि त्यस स्वास्नीमान्छेलाई आफ्नो अधिकारमा राख्नु कायिक दुराचरण गरेको ठहर्छ। यसरी नै लोग्नेमान्छेले जस्तै स्वास्नीमान्छेले पनि अर्काको हक भएको कसैको छोरो, दाजु भाइ वा अरु कुनै नाता पर्ने, तरुनो, विहे भइसकेको, अथवा अरुको अधीनमा परिसकेको, कुनै केटीसँग विवाह गरिदिन्छु भनी वचन गइसकेको लोग्नेमान्छेप्रति आँखा मिलाउनु, प्रेमालाप गर्नु, आधिकारिक व्यक्तिहरूसँग नसोधिकन, समाजको पर्वाह नगरी स्वार्थवशः, कामुकतावश लोग्नेमान्छेलाई आफ्नो अधिकारमा राख्नु पनि कामेसुमिच्छाचारको अन्तर्गत पर्दछ।

हुनत अरु स्वास्नीमान्छे वा लोग्नेमान्छेको अधीनमा रही आफ्नो भएकोसँग असंतुष्ट रहनु, अरु कुनै स्वास्नीमान्छे वा लोग्नेमान्छेको चिन्तना गरिरहनु, कल्पना गरिरहनु, अनि घरमा कलह र झगडाको वीजारोपन गरी अशान्ति मचाइराख्नु पनि



Downloaded from http://dhamma.digital/

कायिक दुराचरणको तहमा पुग्छ । यसरी कामेसुमिच्छाचाराको प्रत्यक्ष अप्रत्यक्ष दुवै किसिमले आफूलाई पनि हानी हुन्छ, परिवारमा पनि झै-झगडा बढेर असन्तोषको वातावरण सिर्जना हुन्छ, समाजमा अनाचारको कारणले अविश्वासको पात्र हुनुपर्ने हुन्छ । ईर्ष्या, डाह, द्वेष, र इबीको कारणले हिंसात्मक हुलदङ्गा पनि मचिन सक्छ । चौकी, थाना, जेलको सजाय समेत भोग्नुपर्ने हुन्छ । त्यसैले यौवन अवस्थामा प्रेमान्ध भई हुने नहुने काम गर्ने भएकोले अथवा परस्त्री वा परपुरुषलाई समेत आफ्नो गरेकोले समाजबाट निस्किने अशान्त र विकारको फल स्वयं आफैले भोग्नुपर्ने भयबाट बचाउन भगवान् बुद्धले कामेसुमिच्छाचारा वेरमणि शिक्षाको सूत्रपात गर्नुभएको हो । साथै परस्त्री वा परपुरुष गमन गर्दिन भन्ने शिक्षा राम्रोसँग पालन गर्दछु भनी उत्तम पुरुषमा सत्यकराल गराइराखेको हो ।

चौथो शीलमा भन्न लगाइएको छ "म झूट बोल्दिन भन्ने शिक्षा राम्रोसँग पालन गर्दछु ।" झूट कुरा सत्य नभएको, असत्य वचन । गरे गरेको, लिए लिएको, खाए खाएको, देखे देखेको, आदि सकारात्मक र नगरे नगरेको, नलिए नलिएको, नखाए नखाएको, नदेखे नदेखेको, आदि नकारात्मक उत्तर दिनसक्ने बानी बसाल्नु नै सत्यवचन अथवा चौथो शील पालन गरेको हुन आउँछ । झूट कुरा बोल्दिन भन्ने नियम पालन गर्न त्यति गाह्रोजस्तो लाग्दैन । हुन पनि 'हो' भने हो, होइन भने 'होइन', भन्नलाई के गाह्रो पर्छ र ? तर समय र परिस्थितिले बाँधेर ल्याउँदा पनि यो नियममा बस्न सके त ठीक छ । समय र परिस्थितिसम्म विचार गर्न किन पुग्नु पर्‍यो र ? दुइ जना बच्चा लुकामारी खेलिरहेछन् । डुम हुनेले दर्शकलाई लुक्न जाने बच्चा खोई ? कहाँ गयो हँ ? भनी सोध्दा देखेर पनि देखेको छैन, थाहा भएर पनि थाहा छैन भनी जवाफ दिने आदतले पो फसाद पर्‍यो । यस्तो मामुलि खेलवाड वा खेलकूदमा त असत्य वचन प्रयोग गर्ने, नभएको कुरा गर्ने, झुटमुठ कुरा गरी मानिसलाई छलछाम गर्ने चरित्र भएको व्यक्तिले ठूल्ठूलो कामकुरोमा, आफूलाई



Downloaded from http://dhamma.digital/

लाभसत्कार प्राप्त हुने कुरामा, आफ्नो स्वार्थसिद्ध हुने ठाउँमा के उसले झूट बोल्न बाँकी राख्ला ? झूट कुरा गर्ने वानी, खरावको संगत गर्ने वानी सानै उमेरदेखि बानी बस्ने भएकोले जीवनमा अनाचारको जरा गाडिसकेको हुन्छ । त्यस्ताहरूका लागि मारे पनि मारेको छैन, चोरी गरे पनि चोरेको छैन, कामेसुमिच्छाचार गरे पनि गरेको छैन भनी गर्न नहुने नराम्रो काम जतिमा नकारात्मक उत्तरले आफू जित्ने शिल्पमा यिनीहरूलाई कसले छुन सक्छ र ? यस्तो मिथ्याभाषणले परिवार, समाज, देश र अन्तरार्ष्ट्रिय क्षेत्रमा समेत दु:ख, अशान्ति, छटपटि, भय उत्पन्न हुने प्रतिफल भने उसले भोग नगरी सुख पाउँदैन । त्यसकारण सके बालककालदेखि नै असत्य वादबाट बच्न सक्नु पर्दछ । ठूलो भइसकेपछि अथवा बुद्धि लगाएर विवेक विचारले काम लिन सकेपछि त जस्तोसुकै अवस्था वा परिस्थितिमा परे पनि असत्य वचनबाट बचेर सत्यवादी हुनु नै मुसावादा वेरमणिको सात्विक अर्थ हो । यो शिक्षा पालन गर्छु भनेझैं व्यवहारमा उतार्नु चरित्र निर्माणको सँगै उज्ज्वल भविष्य निर्माण गर्नमा कल्याणकारी मार्ग अपनाउनु हो भन्नुमा अत्युक्ति नहोला ।

पञ्चशीलको पाँचौं वा अन्तिम शील हो– 'मैले वेहोशीको कारण बन्ने जाँड रक्सी आदि नशा लाग्ने पदार्थ सेवन गर्दिन भन्ने शिक्षा राम्रोसँग पालन गर्दछु ।' साधारण हिसावले हेरेमा जाँड, रक्सी, गाँजा, अफिम आदि लागुपदार्थको सेवनले त्यति ठूलो अपराध होलाजस्तो देखिंदैन । हाम्रो समाजमा अथवा नेपालको कतिपय जातीय समाजमा पाहुना मान्ने साधन नै जाँड, रक्सि आदि हुन्छन् । आजको सभ्य समाजमा नेता वर्गको परस्पर मित्रता बढाउने शुभ अवसरमा अथवा नीति निर्धारण वा समर्थनको शुभ क्षणमा टोष्ट (Toast) प्रस्तावमा यस्तै लागुपदार्थको प्रयोग ल्याइरहेको देखिन्छ । तर यस्तो चीजको निरन्तर सेवनले हानिकारक परिणाम निस्कने अवश्यंभावी छ । आज एक पेग पिउने गरेको छ भने भोलि दुइ पेग नपिइकन बस्न नसकिने हुन्छ । दिनदिनै पिउने आदतले गर्दा त्यसलाई छाड्ने नाम नै लिनुपर्दैन । मात्रा बढाउँदै लैजानु सिवाय घटाउने कुरै आउँदैन । अनि त्यस



Downloaded from http://dhamma.digital/

व्यक्तिको अवस्था कस्तो हुन्छ ? यदि आर्थिक अवस्था नराम्रो भएको व्यक्ति भए उसलाई झन्झन् दीन हीनतामा तानेर लग्दै आखिर कहिल्यै उठेर आउन नसक्ने अवस्थामा पुऱ्याइदिन्छ। धनी व्यक्ति परे पनि यसको दुष्परिणाम शिकारबाट बच्छु भनी उसले सपनामा पनि देख्नुपर्दैन ।

रङ्गढङ्ग नहुने गरी हिंड्ने यसबाट दिने आभूषण हो भने स्मृति एकातिर पारी वेहोशी पारी वेहोशी बन्ने यसको आवरण । अनि लाजशरम पचाएर इज्जतमा कवाज खेली आफ्नो व्यक्तित्वलाई आफैले कुल्चिने यसको प्रसाद। अन्तमा मानवताको अस्तित्व सदासदाको लागि विदा लिने सुरामेरयको वरदान नै भयो ।

त्यति मात्र कहाँ हो र ? नशा लाग्ने वस्तु सेवन गर्ने वेहोशी त हुने नै भयो। होश एकातिर पर्नेलाई लज्जा र भय हुँदैन। लज्जा र भय नभएकोले यो गर्नु हुन्छ, त्यो गर्नु हुँदैन भन्ने नैतिक अनैतिकताको विचार कहाँ गर्न सकिन्छ ? अनि नैतिकता नै नभएको मान्छेले समाजमा के मात्रै विध्वंस गर्दैन ? प्राणी हिंसा गर्ने, चोरी गर्ने, कामेसुमिच्छाचार गर्ने, नशालु चीजको सेवनबाट पाँच शील वा सदाचार हनन् हुने, लोकमा अत्याचारी, अनाचारी, अधर्मी, अविवेकी आदि अप्रियपदको पात्र भई परिवारले समेत मन नपराइकन बाँच्नुपर्ने हुन्छ। सुरामेरय आदि नशा सेवन नगरिकन जिउन नसक्ने पनि त होइन। मानिस भएर पनि पशुत्वको स्तरमा पर्ने, जीवंनमा अभिशापको भागी बन्नुपर्ने, असत्य, नराम्रो गर्न नहुने आचरण गर्नुमा मात्रै धकेलिंदै लैजाने भएकोले यस्तो जाँड, रक्सी, गाँजा, अफिम आदि लागुपदार्थको सेवन नगर्नु जीवन, समाज र राष्ट्रलाई समेत कल्याणकारी हुने भएकोले, भगवान् बुद्धले यस्तो चीजको सेवनबाट अलग्ग हुन्छु भनी पाँच शीलमा यो पनि समावेश गर्नुभएको हो। धन र स्वास्थ्यलाई भन्दा चरित्रलाई बढी महत्व दिई अंग्रेजीमा एक ठाउँमा भनिएको पनि छ :–



Downloaded from http://dhamma.digital/

*" When wealth is gone, nothing is gone*
*When health is gone, something is gone*
*When character is gone, all thing is gone."*

यसको अर्थ हो धन नभए पनि त्यति नोक्सानी भएको हुँदैन । स्वास्थ्य बिग्रियो भने केही नोक्सानी भएको हुन्छ। तर चरित्र भ्रष्ट भयो भने सर्वस्व गुमेको हुन्छ।

त्यसकारण चरित्र निर्माण बाल्यकालदेखि नै गर्नुपर्दछ । चरित्रवान बन्न सिकाउनु पर्दछ। केही नजान्ने वच्चाहरूलाई अलिकति भए पनि जाँड खाऊ, रक्सी खाऊ, चुरोट सल्काऊ भनी यस्तो चरित्र भ्रष्ट हुने कार्यमा भविष्यका सच्चा नागरिक बन्ने बच्चाहरूलाई प्रोत्साहन नदिनु, आफूले पनि सेवन नगर्नु कति कल्याणकारी परिणाम निस्किन्छ भनिरहनुपर्ने कुरा होइन । यसमा पहिले आफू वचनबद्ध भई व्यवहारमा उतार्न सकेमा अनुकरण गर्नेहरू खालि हुँदैन ।

अझ पञ्चशील पालन गर्नले चण्डाल पनि ब्राह्मण हुनसक्छ, अनि यसको अवहेलनाले ब्राह्मण पनि चण्डाल बन्न सक्छ। किनभने ब्राह्मण जन्मसिद्ध होइन। यो त एउटा पद वा श्रेणी मात्र हो। जो व्यक्तिसँग काम, क्रोध, लोभ, मोह, मद, मात्सर्य हुँदैन, जो शुद्ध पवित्र र निर्मल हुन्छ, त्यसलाई ब्राह्मण भनिन्छ । अछुत वा शुद्र त्यसलाई भनिन्छ जसले प्राणीघात गर्छ, चोरी गर्छ, व्यभिचार गर्छ, झूट बोल्छ, र जाँड रक्सी आदि लागुपदार्थको सेवन गरी अशुद्ध र अपवित्र जीवन बिताउँछ। तर शुद्र वा अछुत जातिले यी पाँचै अनाचारलाई छोडेर पञ्चशीलमा प्रतिष्ठिथत भएमा ऊ ब्राह्मण बन्न सक्छ। त्यस्तै ब्राह्मणले यी पाँचै शीललाई भङ्ग गरेमा ऊ कसरी ब्राह्मण भइरहन सक्छ ? अर्थात् पञ्चशीलको पालनले शुद्र पनि ब्राह्मण हुनसक्छ भने यसको भ्रष्टताबाट ब्राऽमण पनि शुद्र हुन जान्छ ।



Downloaded from http://dhamma.digital/

त्यसैले भगवान् बुद्धले भन्नुभएको छ :–

**न जच्चा वसलो होति न जच्चा होति ब्राह्मणो ।**

**कम्मना वसलो होति कम्मना होति ब्राह्मणो ॥**

अर्थात्– जन्मले चण्डाल हुँदैन, न ब्राह्मण नै हुन्छ । कर्मले चण्डाल हुन्छ, कर्मले नै ब्राह्मण हुन्छ ।

यो पञ्चशील वा पाँच शिक्षालाई विश्वको प्रत्येक नागरिकले अक्षरशः पालन गरेको खण्डमा अथवा हिंसात्मक प्रवृत्तिबाट अलग्ग रही, चोरी गर्ने काम कुरोलाई छोडेर, सच्चा इमान्दारी बनी, कामेसुमिच्छाचारबाट निवृतः रही, झूटमुठ व्यवहारलाई तिलाञ्जली दिई, जाँड, रक्सी, गाँजा अफिम आदि लागुपदार्थको सेवनबाट बच्न सकेमा पहरा, चौकीको के आवश्यक्ता ? न्यायालयको के प्रयोजन ? सर्वोच्च अदालत (Suprime Court) र राष्टसंघजस्तो संस्थाको पनि के मुल्य ?

पञ्चशील पालन गरेको परिणामस्वरूप स्वतः परस्पर सहयोग, सहानुभुति, प्रेम, दया, करुणाको भाव जागृत हुन्छ । विश्वास, आत्मशुद्धि , उद्धारता स्वतः स्फूरण हुन्छ । अनि मानवोपयोगी कार्य कुशलताले आत्म संतुष्टिको अनुभव भई समस्त पृथ्वी शुद्ध, पवित्र, स्वर्ग तुल्य हुनेछ भन्ने आशा र विश्वास लिन सकिन्छ ।

(श्रोत : *विपश्यना: एक जीवनोपयोगी साधना, २०५३*)



Downloaded from http://dhamma.digital/

## शील अभ्यास - १

(१) भिन्न-भिन्न अर्थमा शीलको परिचय दिनुहोस् ।

(२) पञ्चशील के के हुन् ? अर्थ सहित लेख्नुहोस् ।

(३) "मैले प्राणीहिंसा गर्दिन भन्ने शिक्षा राम्रोसँग पालन गर्छु" स्पष्ट पार्नुहोस् ।

(४) के कस्तो चीज नदेखिकन, नदिइकन लिएमा 'अदिन्नादान' हुन्छ ? प्रष्ट पार्नुहोस् ।

(५) 'कामेसुमिच्छाचारा वेरमणि' लाई तपाईले कसरी बुझ्नु भयो ? सविस्तार उल्लेख गर्नुहोस् ।

(६) "मामूलि खेलवाडमा झूट बोल्ने आदतले समाज र राष्ट्रलाई समेत हानी पुऱ्याउने सम्भावना हुन्छ ।" व्याख्या गर्नुहोस् ।

(७) "मानवताको अस्तित्व सदा-सदाको लागि विदा लिने 'सुरामेरय' को वरदान नै भयो ।" के तपाई यसमा सहमत हुनुहुन्छ ? स्पष्ट पार्नुहोस् ।

(८) "जाँड, रक्सी आदि लागू पदार्थको सेवन गर्नेले अरु चार शील बिगार्न पछि पर्दैन ।" यस भनाईलाई कसरी पुष्टि गर्नु हुन्छ ? लेख्नुहोस् ।

(९) "पञ्चशीलको पालनले शुद्र पनि ब्राह्मण हुन सक्छ" भने यसको भ्रष्टताबाट ब्राह्मण पनि शुद्र हुन जान्छ" यस तथ्यलाई उदाहरण सहित स्पष्ट गर्नुहोस् ।

(१०) 'पञ्चशील सुखी जीवनको द्योतक हो'- भनी तपाई कसरी खुलस्त पार्नु हुन्छ ? निवन्ध शैलीमा लेख्नुहोस् ।



Downloaded from http://dhamma.digital/

# पंचशील र आर्थिक विकास

आजको संसारमा अर्थले विशेष अर्थ ओगटिरहेको छ। अर्थ अथवा पैसा नै आजको दैनिक जीवनको प्रमुख विषय भइरहेको छ। आफ्नो आवश्यकता पूर्ति गर्न, समाजमा इज्जत पूर्वक रहन र आफ्नो भविष्य सुरक्षित पार्न पैसा नितान्त आवश्यक वस्तु भइरहेको छ। त्यसकारण अर्थको महत्वलाई कुनै पनि क्षेत्रले विशेषस्थान दिनु अपरिहार्य भैसकेको छ। पैसाको अपार महत्वको कारणले आज मानिसहरू जन्मै देखि पैसा कमाउने धुनमा छन्। पैसाकै लागि यहाँ मानिसहरू दिनरात लागिरहेका छन्। कुनै नोकरी गर्छन्, कोहि व्यापार गर्छन्। भने समाजसेवी भएर बस्ने र राजनीति गर्ने व्यक्तिहरू पनि प्रकारान्तरले पैसा नै कमाउने धुनमा लागिरहेका छन। हुँदा हुँदा त सत्य र मोक्ष प्रप्तिको लागि भनेर बसेका साधु सन्तहरू पनि पैसा संग्रह गर्नु नै आफ्नो महत्वपूर्ण काम ठानिरहेको हामीले यदाकदा देखिरहेका छौं।

यस्तो हुनुको मुख्य कारण नै आज पाइला पाइलामा पैसा नभइ नहुने परिस्थितिको बाध्यताले भएको हो भनेर हामीले स्वीकार्नु पर्दछ।

आज मानिसहरू जुनसुकै तवरले पनि पैसा कमाउन तिर लागिरहेका छन्। समाजको, देशको नियमलाई तोडी कालोवजार, भ्रष्टाचार, अनुचित प्रभाव इत्यादि माध्यमले यहाँ सम्पन्न हुन खोज्दैछन् मानिसहरू। जागीरको पैसाले नपुगेकोले घुस खान बाध्य भएँ, मिसावट नगरिकन लगानी त के पसलको वहाल पनि उठ्दैन भन्ने तर्क राखी भ्रष्टाचार कालोबजारी गर्नु पर्ने वाध्यतालाई नवीकरण गरिरहेको हामीले सुन्नमा र देख्नमा आंइरहेको विषय हो।

यसरी नैतिकता, इमान्दारीतालाई अंगालेर पैसा कमाउन सकिंदैन भन्ने तर्कका साथ आज मानिसहरू आर्थिक क्षेत्रमा अराजकता मच्चाउँदैछन्। आज देशले यसको परिणाम जताततै नकारात्मक रूपमा खपिरहेका् छ। समाजलाई अस्तव्यस्त



Downloaded from http://dhamma.digital/

बनाउँदैछन् । तर समाजमा दरिद्रता बढिनैरहेको छ र असन्तोष बढिरहेको छ र जताततै दुर्भावना बढिरहेको छ ।

वास्तवमा मानिस आफूले जे सुकै गरेपनि ठिक अरुले गरे बेठिक भन्ने मानसिकताबाट ग्रस्त छन् । अरुलाई परिवर्तन हुनुपर्छ भनेर मात्र वकालत गर्न जान्छन् तर आफूलाई परिवर्तन गर्न चाहदैनन् । यसै कारणले आफ्ना कार्यालयमा काम गर्न ल्याउने मान्छेसँग घुस खानु बाध्यता हो भनी अधिकार जमाउँछन् तर आफू अरु कार्यालयमा जाँदा त्यहाँका कर्मचारीले आफूसँग घुस मागेकोलाई सहजरूपले लिन सक्दैन । चामल व्यापारी चामलमा ढुङ्गा मिसाउनु आफ्नो बाध्यता ठान्छन् तर त्यो व्यापारीले अरु व्यापारीले पाउडर दूधमा पिठो मिसाएको कुरालाई सहज रूपले मान्न सक्दैनन् ।

यसरी आफूले गरेकोमा नभएपनि अरुको कार्यकलाप स्वच्छ रहनुपर्छ भन्ने मानसिकताले यो कुरा सिद्ध गर्छ । कि मानिसहरूमा सत्य, इमान्दार नैतिकताको कामना गर्ने प्रवृत्ति अद्यापि बाँकी छन् । अर्थशास्त्रीहरूको भनाइ अनुसार संसारमा सीमित साधन र श्रोत छैन तर असीमित चाहनाहरू हुन्छन् र सबै चाहनाहरू पूर्ति गर्न मानिसहरू असक्षम हुन्छन् । तर आफ्नो असिमीत चाहनाहरूलाई परिपूर्ति गर्न मानिसहरू असक्षम हुन्छन् । तर आफ्नो असीमित चाहनाहरूलाइ परिपूर्ति गर्न सकेसम्म बढी पैसा संग्रह गर्न पट्टि लाग्छन् । चाहे त्यसको लागि जे सुकै पनि गर्न किन नपरोस् ।

सामान्य रूपले मानिसहरू आफ्नो आर्थिक अवस्था उकास्न नसकेको कारण राम्रो काम अर्थात् पर्याप्त आम्दानी हुने काम नभएकोलाई दोष मान्छन् र बढी आम्दानीको खोजीमा लागिरहन्छन् । केहिगरी त्यस्तै प्रकारका काम भेटाएतापनि त्यस कामले पनि उसलाई पर्याप्त भएको महसूस हुँदैन र अन्तमा नाजाइज तरिकाले कमाउनेतिर लाग्छन् । तर राम्ररी केलाएर हेरेको खण्डमा आम्दानीको स्रोत



Downloaded from http://dhamma.digital/

बढी खोज्नु भन्दा खर्चलाई कम गर्ने तिर एकपटक ध्यान केन्द्रित गर्न सकेमा आम्दानीको स्रोतको खण्डमा धेरै पैसा वचाउने बाटोहरू भेटिन्छन् र न्यूनतम आर्थिक श्रोतले आफ्नो र परिवारको गुजारा गर्न सक्ने आत्मविश्वास उत्पन्न हुन सक्छन् ।

भगवान् बुद्धले देखाउनु भएको शीलको बाटोले हामीलाई एकातिर इमान्दारीता पूर्वक मेहनत गरी कमाउने प्रेरणा दिन्छन् भने अनावश्यक खर्च कम गरी मितव्ययी भएर पूँजी निर्माण गर्न सक्ने तुल्याउँछन् ।

यसरी शीलपालनलाई विश्लेषण गरिरहेमा शीलपालनलाई केवल सीमित महत्वको विषयको रूपमा मात्र नलिई आफ्नो आर्थिक अवस्थालाई उकास्ने साधनको रूपमा प्रष्ट्याउन सकिन्छ ।

भगवान् बुद्धको शिक्षा अनुसार गृहस्थीहरूले न्यूनतम रूपले पंचशीललाई पालन गर्नु पर्दछ। मानिसहरू र पशुहरूमा भेदनै रहेका छन्। यी पाँचशील साधारणतः सत्य अनुसन्धानको क्रममा पालन नगरी नहुने विषय हुन् । तर यस्को महत्व सामाजिक र आध्यात्मिक रूपमा मात्र नभई आर्थिक स्तर उकास्न पनि महत्वपूर्ण पाँचशील पालन गर्नु भनेको प्राणीमात्रलाई हिंसा नगर्नु, चोरी नगर्नु, व्यभिचार नगर्नु, मादक पदार्थ सेवन नगर्नु, यी पांचशीलको पालनबाट मानिसहरूलाई अनावश्यक खर्च घटाउने, अरुको विश्वास आर्जन गरेर कामको अवसर प्राप्त गर्ने, विलासिताको खर्च घटाउने इत्यादि महत्वपूर्ण अवसर प्राप्त हुन्छन् ।

आफ्नो व्यक्तिगत र सामाजिक परम्पराको ठाउँमा मानिसहरू अनावश्यक खर्च गर्ने गर्छन् । मानिसहरू विभिन्न कारणले प्राणी हिंसा गर्न उद्यत हुन्छन् ती मध्ये देउतालाई वलि दिने सामाजिक वाध्यताले पनि विभिन्न पर्व पर्वमा प्राणीलाई बलिदिने चलनलाई सकिनसकी गर्न बाध्य भैरहेका छन्। चार पाँच जनाको परिवार भएकाहरू पनि विभिन्न पूजा आजामा सिंगो राँगो, खसी, बोका इत्यादिलाई बलिदिन्छन्



Downloaded from http://dhamma.digital/

र प्रसादको रूपमा त्यस मासुको सेवन गर्छन् । मासु पसलमा मासु किन्न जाँदा १ किलो भए पुग्ने त्यस परिवारले परम्पराको नाउँमा ३०।४० किलोको त्यस जीवलाई काटी आफूले खान नसकेको मासुलाई अरुलाई बाँड्ने अथवा अनावश्यक रूपले खर्च गर्ने गर्छन् । चाहे त्यो जीवलाई काटी आफूले खान नसकेको मासुलाई अरुलाई बाँड्ने अथवा अनावश्यक रूपले खर्च गर्ने गर्छन् । चाहे त्यो जीवलाई उसले ऋण लिएर नै किन किनेको नहोस् । यसरी खसी काटने रहरमा वर्षेनी मानिसहरू ऋणमा डुबिरहेको उदाहरणहरू देख्न र सुन्नमा आइरहेका छन् । पहिला पहिला घरको मुख्य ठाउँमा मात्र बलि दिए पुग्ने पम्पराबाट जुनसुकै यन्त्र, मेशीन वा मोटरमा पनि एक एक वटा बलि दिनु पर्ने नयाँ मान्यताले त आफ्नो आम्दानीको महत्वपूर्ण भाग बलिदिने कार्यमा खर्च गरिरहेका हुन्छन् । आम्दानीबाट गर्न सक्ने वचतबाट बन्चित भई पूँजी निर्माण गर्न बाधा पुऱ्याईरहेका छन् । पैसा आर्जन गर्नु मात्र जीवनस्तर उकास्नु नभइ वचत गर्ने पनि जीवनस्तर उकास्नु हो । प्राणी हिंसा नगर्ने नियम पालन गर्नाले खर्चमा बचत हुने कुरा हाम्रो जस्तो पर्व पर्व भएको ठाउँमा असंगत हुँदैन । पंचशीलको पालनाले महत्वपूर्ण जीवजन्तु संरक्षण गर्न टेवा पुऱ्याउँछन् । शिकार खेल्ने जस्तो नराम्रो प्रवृत्तिले गर्दा विलुप्त हुन पुगेका जीवजन्तुहरूको संवर्द्धन र संरक्षण गर्न आज सरकारै लागिरहेको छ । विभिन्न राष्ट्रिय निकुञ्जहरू निर्माण गरेर वातावरणको विनाश र पर्यटन विकास भई आर्थिक विकास हुन सक्ने तथ्यलाई स्वीकार गरेर नै जीवजन्तु नमारी संरक्षण गर्ने कार्यक्रमहरू अगाडि सार्दैछन् ।

पाँचशीलमा दोस्रो नियम चोरी नगर्नु हो । आफूसँग कमाउने आर्जन गर्ने क्षमताको अभाव कामचोर प्रवृत्तिले नै मानिसहरू चोरी गर्ने काम गर्छन् । यदि आफूसँग काम गर्न जाँगर भएको भए अरुको सम्पत्तिलाई हडप्ने परिस्थिति नै आउँदैनथ्यो । यस शीलले मानिसहरूलाई चोरी कामवाट, ठगी गर्ने कामबाट



Downloaded from http://dhamma.digital/

अनुचित प्रभावले अरुसंग पैसा लिनु (घुस, भष्टाचार, कालोबजार) बाट टाढा रहने शिक्षा दिन्छन्। राम्ररी मेहनत गर्ने मानिस नै जहाँपनि सफल हुने हुन्छन्। खराव आदतले आर्जन गर्ने प्रवृत्तिवाट टाढाभई मेहनत भरेर कमाएको सम्पत्ति नै दिगो रहने र महत्व हुने हुन्छन्। सामान्यतया लुकाएको धन फुफुको श्राद्ध भने झैं अरुसँग लुटेको, ठगि गरी लिएको पैसाले ठूल्ठूला काम गर्न प्रेरित गर्दैन र यस्ता पैसाहरू सजिलै आए जस्तै सजिलै खर्च हुने हुन्छन्। फेरी यस्तो नराम्रो तवरले आर्जन गर्ने व्यक्तिहरूलाई अरु मानिसहरूले पत्याउँदैनन् र त्यस्ता व्यक्तिलाई सांच्चैकै अभाव भएको बेलामा कसैले पनि केहि दिन हिच्किचाउँदैनन्।

तेस्रो शील व्यभिचार नगर्नु हो। आफ्नो स्त्री वा पुरुषसँग सन्तुष्टि नभई पर-स्त्री र परपुरुष गमन गर्नाले परिवार र समाजमा नकारात्मक असर त पर्छ नै त्यसको साथै अनावश्यक रूपमा खर्च पनि बढ्ने हुन्छ। आफ्नो घर चलाउन पैसाको अभाव भने कराएर हिँडने मानिसहरू व्यभिचारी भई कोठी, वेश्यालयमा गएर अपरिचित स्त्रीको लागि थुप्रो पैसा खर्च गर्न हिच्किचाउँदैन। फेरी आजकाल यस्ता व्यभिचारीहरूबीच सर्ने घातक रोग एड्सले व्यक्तिको मात्र होइन सम्पूर्ण संसारलाई आक्रान्त पारेका छन्। जुन रोगले पैसालाई त वर्वाद पार्छ नै, त्यसको साथै जीवन पनि रहँदैन। जवानीको अवस्थामा अर्थ उपार्जन गर्ने जिम्मेवारी बोकेका व्यक्तिहरूमा हुने यस रोग वर्तमान संसारको लागि अभिशाप सिद्ध भइरहेको छ। यसकारणले यस्तो समस्याबाट टाढैरहन व्यभिचारबाट आफ्नो परिवार र समाजप्रति उत्तरदायी नागरिक भएर शीर ठाडो गरि हिँड्न सक्नेछ।

असत्य बचन नबोल्नु पंचशीलको चौथौ शील हो। यस शीलपालन नगरेमा कसरी आफ्नो सम्पत्ति गुमाउन पर्ने परिस्थिति आउँछ भन्ने कुरा भेंडा गोठालो र खेतालाहरूको लोक कथाले पनि सिद्ध गरेको छ। जसमा भेडा चराउन जाने गोठालो केटाले खेतालाहरूलाई जिस्काउन बाघ नआएतापनि बाघ आयो, बाघ आयो भनेर



Downloaded from http://dhamma.digital/

दुइ पटक सम्म धोका दिन्छन् र तेस्रो पटक साच्चैँकै बाघ आएर भेंडाहरू मार्न लाग्दा बाघ आयो भनेर कराउन थाल्छन् तर सँधै झैं जिस्काएको भनेर कोही आउँदैन र त्यस गोठालो केटाले आफ्नो सबै भेंडाहरू गुमाउन पुग्छ ।

असत्य बोल्ने बानी भएको व्यक्तिले जस्तो सुकै अपराध गर्न पनि पछि पर्दैन । आफूले गरेर नगरेको, लिएर नलिएको भन्ने व्यक्तिलाई न कतै राम्रो काम मिल्छ न त कुनै काम गर्न कसैले पत्याउँछ। आफूले सापट लिएर फर्काउने बेलामा लिएको छैन भन्ने व्यक्तिलाई कसैले पत्याउँदैन । संसार विश्वासमानै अडेको छ र विश्वास लिन सकेन भने यहाँ एक व्यक्तिले केहि गर्न सक्ने अवस्था छैन। जो व्यक्ति सत्यवादी, इमान्दारी छ उसलाई नै मानिसहरूले पत्याउँछन् र पैसाको मामला, कामको मामलामा त्यस्तै व्यक्ति नै सफल हुन्छन्। यसरी सत्यवादी हुनु र आर्थिक स्तर माथि उकास्नु एक अर्कामा परिपूरक छ भन्नुमा अत्युक्ति हुँदैन ।

मादक पदार्थ सेवन नगर्नु पंचशीलको अन्तिम शील हो । मानिसहरूले आज मादक पदार्थमा धेरै पैसाखर्च गरिरहेका छन् । अझ कोहि कोहि त आफ्नो सम्पूर्ण सम्पत्ति यस्तै मादक पदार्थमा खर्च गरेर कंगाल भएका छन्। वियर, रक्सी, स्मायक्स, हायसिस, हिरोइन जस्तो पदार्थको सेवन दिन प्रति दिन बढ्दैछन् । स्मायक्स, हिरोइन जस्तो मादक पदार्थको मादकता अत्याधिक हुने, पैसा पनि अत्याधिक खर्च हुने एकपटक सेवन गर्ने बानी गर्नासाथ सेवन नगरिकन बस्नै नसक्ने र तुरुन्तै मृत्यु हुने हुनाले विभिन्न राष्ट्रहरूले यसमा प्रतिबन्ध राखिरहेका छन् । तर पनि चोरी छिपी त्यस्को व्यापार बढीरहेकै छ । र सामान्य मानिसलाई पागल वनाई कंगाल पारी मृत्युको मुखमा पुऱ्याइरहेको छ । तर रक्सी वियरको सम्बन्धमा यस्तो पदार्थको सेवन आजकल त चाडपर्वमा मात्र नगरी दिनहुँ खाने प्रवृत्ति वढिरहेका छन्। झनै संचार माध्यमले नै यस्को सेवन गर्ने विज्ञापन भइरहंदा त आगोमा घ्यू थप्ने जस्तो भैरहेको छ । दिनमा १०० रुपैयां कमाउने व्यक्तिले ५०।६० जाने वियर ४।५ वटा एकैपटक खाने बहादुरी देखाउने र ७।८ सय जाने




Downloaded from http://dhamma.digital/

ह्विस्की हप्तामा एउटाको हिसावले सेवन गर्छ भने त्यसले कसरी आफ्नो आम्दानीलाई अन्धकारमा बाँडफाँड गर्छन् होला भन्ने कुरा मनन् गर्नु योग्य छ ।

मादक पदार्थको सेवनले पैसाको वर्वाद त हुन्छ नै साथसाथै स्वास्थ्य बिग्रिने र सोच्ने शक्तिमा ह्रास आएर जीवनमा नयाँ रचनात्मक काम गर्न असक्षमपना श्रृजना हुन्छन् र यसले आफ्नो काम र व्यवसायमा नकारात्मक असर पार्दछन् । यसरी आफ्नो आर्थिक अवन्नति सुरु हुन्छ ।

यसरी प्रत्येक शीलको भेग हुन गएबाट आफ्नो अमूल्य सम्पत्ति गुम्न जाने, सम्पत्ति आर्जन गर्ने अवसर कम हुन गई अन्तमा दरिद्र भएर बस्नुपर्ने स्थितिमा पुग्नु अगावै शीलपालन गरेर सभ्य नागरिक बन्ने प्रेरणा लिनु नै जीवनमा सही निर्णय लिनु हो ।

(स्रोत : बुद्धभूमि १/१)





Downloaded from http://dhamma.digital/

## शील अभ्यास- २

(१) किन मानिसहरू पैसा कमाउनमैं दिनरात लागिरहेका छन् ?

(२) पैसाको नाउँमा मानिसहरू समाजलाई कसरी अस्तव्यस्त बनाउदैछन् ? उदाहरण सहित लेख्नुहोस् ।

(३) 'वास्तवमा मानिस आफूले जे सुकै गरेपनि ठिक अरुले गरे बेठिक भन्ने मानसिकताबाट ग्रस्त छन् ।' यस भनाईलाई तपाई कसरी पुष्टी गर्नुहुन्छ ?

(४) के कसो गरेमा आम्दानीको श्रोत भण्डारमा पैसा बचाउने बाटोहरू भेटिने हुन्छन् ? विचार गरेर लेख्नुहोस् ।

(५) बुद्धले देखाउनु भएको शीलको बाटोले हामीलाई कतातिर डोऱ्याउने हुन्छ ?

(६) पञ्चशीलको पालनाले कसरी जीवजन्तुको संरक्षणमा टेवा पुग्नेहुन्छ ? प्रष्ट हुने गरी लेख्नुहोस् ।

(७) हिंसामय विधि-व्यवहारमा परी मानिसहरूले कसरी अनावश्यक खर्च गरिरहेका हुन्छन् ? उदाहरण सहित लेख्नुहोस् ।

(८) मानिसहरूले किन चोर्ने गर्दछन् ? के चोरिएको पैसा दिगो रहन्छ ?

(९) व्यभिचार भन्नाले के बुझ्नुहुन्छ ? स्पष्ट पार्नुहोस् ।

(१०) के व्यभिचारबाट मुक्त हुनसके प्राण घातक रोग एड्सबाट बच्न सकिन्छ ? एड्सको निर्मूल गर्न अव्यभिचारको कस्तो भूमिका रहन सक्छ ?

(११) शील पालन नगरे आफ्नो सम्पत्ति कसरी गुमाउनुपर्ने हुन्छ भन्ने कुरालाई गोठालो र खेतालाहरूको लोककथा प्रस्तुत गरी स्पष्ट पार्नुहोस् ।

(१२) 'सत्यवादी हुनु र आर्थिक स्तर माथि उकास्नु एक अर्कामा परिपूरक छ' भन्ने कुरालाई उदाहरण सहित स्पष्ट गर्नुहोस् ।

(१३) मादक पदार्थले आफ्नो काम र व्यवसायमा असर पार्दछ भन्ने कुरामा के तपाई सहमत हुनुहुन्छ ? खुलस्त पारी लेख्नुहोस् ।

(१४) पञ्चशील र आर्थिक विकासबीच कस्तो सम्बन्ध रहेको छ ? आफ्नै शैलीमा व्याख्या गर्नुहोस् ।



Downloaded from http://dhamma.digital/

# "शील : बुद्ध-धर्मको प्राथमिक आधार"

"सिस (शीर)" शब्दमा "स" कार "ल" भएर पालीमा "सील" अर्थात् संस्कृतमा "शील" भएको कुरा भाषा शास्त्रमा उल्लेख भएको पाइन्छ। यसरी शील शब्द निर्माणको आधारमा शीर (टाउको) भएन भने शरीरको अस्तित्व लोप हुने जस्तै शील विना गुण धर्मको सत्ता नै लोप हुन्छ । शील, सदाचार र संयम– यिनीहरू एक अर्कामा पर्याय छन् । अतः शील भनेको सदाचार हो, सदाचार नै संयम । यसर्थमा जीवनको मूल्याङ्कन गर्ने यौटा आधार नै शील हो । धर्मलाई जीवनको अभिन्न अंग मान्ने सम्पूर्ण व्यक्तिहरूले शीललाई पनि जीवनको अभिन्न अंगको रूपमा स्वीकार्नु पर्दछ । बुद्धद्वारा देशना भएकै छ कि शील त्यो वस्तु हो जसले स्वयंलाई शान्ति प्राप्त भई परलाई पनि शान्तिभाव दिन्छ । त्यसकारण मानव समाज सभ्य, सुसंस्कृत एवं सुखी तुल्याउन शील त्यति नै आवश्यक छ, जति बाँच्न–खाना ! यथार्थतः शील विनाको जीवन जीवन नै हुन सक्दैन, न समाज समाज नै हुनसक्छ। बुद्धद्वारा प्रतिपादित सद्धर्मको शुरुवात यथार्थमा शीलबाट नै भएको मान्नुपर्छ। बुद्ध-धर्मको मान्यता, उच्चता जोख्ने (स्वीकार्ने) तराजु नै शील हो। अतः बुद्ध-धर्मको चिरस्थायीको मूल कारण नैतिकता अर्थात् शीलाचरण नै हो।

शील सम्बन्धि कुरा उठाउँदा सर्वप्रथम सर्वमान्य शीलको विचार गरीनु नै राम्रो हुन्छ। प्रत्येक बौद्धहरूका लागि आरम्भिक पञ्चशील अत्यावश्यक देखिन्छ। जसमध्ये क्रमशः (क) प्राणी हिंसाबाट विरत हुने, (ख) चोरी नगर्ने, (ग) व्यभिचार (अनैतिक कर्म) नगर्ने, (घ) असत्य कुरा (भाषण) नगर्ने, (ङ) लागु पदार्थ सेवन नगर्ने ।

उपर्युक्त पञ्चशील जनसाधारण (लौकिक वा व्यावहारिक) का लागि जीवन सार्थक पार्ने दृष्टिकोणमा अपरिहार्यता देखिन्छ। शीलरूपी भऱ्याङ्गमा थुप्रै



Downloaded from http://dhamma.digital/

खुड्किलाहरू हुन्छन् तापनि प्रथम खुड्किलो यानि सच्चा व्यक्ति (नागरिक) हुन अनुशीलन गर्नु पर्ने त पञ्चशील नै हो । अनि मात्र क्रमशः अष्टशील, दशशील, (श्रामणेर शील), २२७ भिक्षु विनय, ३११ भिक्षुणी विनय देखिन्छ । शीलमध्ये दशांकुशल पछि धुताङ्ग शील कठोर र पालन गर्नमा निकै गाह्रो हुने देखिन्छ । यस धुताङ्ग शील आधुनिक बिसौं शताब्दीको युगमा आइपुग्दा यौटा अव्यावहारिक देखिन्छ तापनि पालन गर्न असम्भव हुन्छ नै भन्नु उपयुक्त हुँदैन । साँच्चै भन्ने हो भने पण्डित (भित्री)– सज्जनवर्ग र निर्वाण प्रार्थना गर्नेहरूले कहिंकतै पनि शील पालन गर्नमा लचिलो नीति अपनाउँदैनन् । भनिएको पनि छ–

**"किकी' व अण्डं चमरी'व वालधिं,**
**पियं' व पुत्तं नयनं' व एककं ।**
**तथेव सीलं अनुरक्ख मानका,**
**सुपेसला होथ सदा सगारवा ॥"**

*(विशुद्धि मार्ग, ३७)*

अर्थात्– जसरी किकी (= टिटहरि : हिन्दी) नामक पंक्षीले आफ्नो फुललाई, जसरी चौरी गाईले आफ्नो पुच्छरलाई, जसरी आमा-बाबुले आफ्नो एक्लो छोरालाई, जसरी यौटै मात्र आँखा भएकोले अर्को आँखालाई रक्षा गर्ने हो त्यसरी नै सुपेशल (शीलप्रेमी) हरूले शीललाई रक्षा गर्छ ।

अकुशल कर्मद्वारा विरत भएको चित्त अर्थात् विरति चित्त नै शील हो । हामीले जानी वा नजानी मन, वचन र शरीरद्वारा दुईवटा कर्म गरिरहेका हुन्छन् नै । या त कुशल कर्म, या अकुशल कर्म । अकुशल कर्म भनेको दश अकुशल कर्म हो । यी दुईवटै कर्महरू मन, वचन र शरीरमै आधारशील भइरहेका हुन्छन् । दश पुण्यक्रिया र दश अकुशल कर्मका रूपलाई यसरी जानौं–



Downloaded from http://dhamma.digital/

**दश पुण्य क्रिया**

*१. दान– श्रद्धा राखी दान दिनु,*
*२. शील– पञ्च, अष्ट, दश शील आदि पालन गर्नु,*
*३. भावना– समथ र विपस्सना ध्यान गर्नु,*
*४. अपचायन– त्रिरत्न र ठूलाहरूलाई आदर-गौरव गर्नु,*
*५. पत्तिदान– प्राप्त पुण्य, पुण्यानुमोदन गर्ने,*
*६. वेय्यावच्च– त्रिरत्न, आमा-बाबु र ठूलाहरूको सेवाको काम गरिदिनु,*
*७. पत्तानुमोदना– अरुले गरेको पुण्यमा सहर्ष साधुवाद दिनु,*
*८. धम्म सवण– धर्मोपदेश सुन्नु,*
*९. धम्मदेसना– धर्मोपदेश गर्नु,*
*१०. दिट्ठीजुकम्म– दृष्टि संकुचित नहुनु (सम्यक्दृष्टि)*

**दश अकुशल कर्म**

| | |
|---|---|
| *१. पाणातिपाता– प्राणी हिंसा गर्नु*<br>*२. अदिन्नादाना– चोरी गर्नु*<br>*३. कामेसुमिच्छाचारा– व्यभिचार गर्नु* | } शरीर |
| *१. मुसावादा– झूट बोल्नु*<br>*२. पिसुनावाचा– चुगली गर्नु*<br>*३. फरुसावाचा– मनमा दुख्ने गरी (गाली, शराप) भन्नु* | } वचन |
| *४. सम्फपलापवाचा– काम नलाग्ने कुरा गर्नु* | |
| *१. अविद्या– लोभ*<br>*२. व्यापाद– बदला लिने भावना हुनु*<br>*३. मिथ्यादृष्टि– अन्धविश्वास* | } चित्त |

Dhamma.Digital



Downloaded from http://dhamma.digital/

शील : चारित्र शील र वारित्र शील अनुरूप दुई प्रकारका छन् (विशुद्धि मार्ग, १२) । बुद्धद्वारा प्रदर्शित कुशल धर्मको सम्पादन गर्ने अर्थात् पालन गरी पूर्ण हुने वा श्रद्धाले पूर्ण भई ग्रहण गरिने चारित्र शील हो भने तथागत शास्ताले निषिद्ध गरेका कुरालाई त्याग्नु अर्थात् विरक्तिबाट पूर्ण हुने वारित्र शील हो । चारित्र शीलको पालन आफ्नै अन्तस्करणदेखि आत्मगौरवपूर्ण स्वइच्छाले हुनु पर्दछ । गौतम बुद्ध, जसले बोधिसत्व अवस्थामा शील जीवनको अभिन्न अंग हो भनी ठूलो आदर्शता देखाएको कुरा जातक कथाहरूमा उल्लेख भएको पाइन्छ । जातक कथाहरूमा बोधिसत्वहरूले शीलमा प्रतिष्ठित रही आदर्शता देखाएको र जीवनसँग शीलको अति घनिष्ठ सम्बन्ध रहने कुरा स्पष्टरूपले थाहा हुन्छ । जातकका घटनाहरूलाई नियालेर हेर्दा सर्वसाधारणहरूले विशुद्धरूपले शील पालन गर्नमा निकै ठूलो कठिनाई आउला, समस्या देखिएला । बोधिसत्वहरूले जस्तै नैतिक गुणमा विचार-विमर्श गरी शील पालन गर्नमा जो कसैलाई पनि ठूलो समस्या, संघर्ष र कठिनाई भोग्नु पर्ने हुन्छ । जुन अस्वाभाविक कुरा पनि होइन । तर, यसो भएता पनि शीलमा प्रतिष्ठित भई अभ्यासरत हुँदै जाँदा जति शील विशुद्ध हुँदै जान्छ त्यति नै जीवन आनन्दप्रद र शान्तिप्रद हुन्छ, यसमा कुनै शंका नै छैन ।

शील, समाधि र प्रज्ञालाई नै सारांशतः बुद्धधर्मको रूपमा मानिन्छ । यसर्थ बुद्ध धर्मको पहिलो खुड्किलो नै शील भयो । उक्त शील अर्थात् चारित्रिक विशुद्धि नै बुद्ध धर्मको आधारशीला भइरहेको छ । शील सम्बन्धमा पालि-संस्कृत साहित्यमा धेरै धेरै वर्णन गरी राखेको थाहा हुन आउँछ । आचार्य बुद्धघोषकृत "विशुद्धि मार्ग" मा शील निर्द्देश अनुरूप विस्तृत रूपले चर्चा गरिराखेको पाइन्छ । यस ग्रन्थको आधारमा भन्ने हो भने शीलले आफूलाई र अरुलाई शान्ति दिन्छ र भावनाको समाधि चित्तले एकाग्रता र प्रज्ञाको उत्पत्ति भइरहन्छ । प्रज्ञा र समाधिको जति नजिकको सम्बन्ध छ, त्यति नै समाधि र शीलको सम्बन्ध रहेको छ । स्थीर चित्त वा एकाग्र चित्तले मात्र प्रज्ञा उत्पन्न हुने सम्भव छ, तर चित्त स्थीर हुने एकाग्रता



Downloaded from http://dhamma.digital/

तब मात्र प्राप्त हुन्छ जब अन्तस्करण (भित्रि मन) देखि शीलमा प्रतिष्ठित भइन्छ। अनि स्थीर चित्तको कारणले अरहत्व वा बुद्धत्वको लाभ सम्भव हुन जान्छ।

दीघनिकाय, सोणदण्ड सूत्रमा यसरी उल्लेख भएको छ– "ब्राह्मण ! जसरी हातले हात धोइन्छ अथवा खुट्टाले खुट्टा धोइन्छ, त्यसरी नै शीलद्वारा परिशोधित प्रज्ञा हो, प्रज्ञाद्वारा परिशोधित शील हो, जहाँ शील हुन्छ त्यहाँ प्रज्ञा पनि हुन्छ र जहाँ प्रज्ञा हुन्छ त्यहाँ शील पनि, शीलवानद्वारा प्रज्ञा प्राप्ति हुन्छ त प्रज्ञावानद्वारा शील प्राप्ति हुन्छ। यसरी यस लोकमा शील र प्रज्ञा नै अग्र स्थानमा रहेको छ" उपर्युक्त वाक्यद्वारा स्वतः पुष्टि हुन्छ कि शीलको महिमा कत्तिको उच्च छ।

शीलको महिमा धेरै नै उच्च छ, गगनचुम्बी छ। स्वच्छ विचार (नौलो) को उत्पन्न शील पालनबाट मात्रै सम्भव हुनेछ। विचार-आचार परिशुद्धि गर्नको निम्ति प्राणी मात्रले शीलरूपी पानीले नुहाउनु पर्छ। शीलको मूल गुण नै कलुषित (क्लेशयुक्त) भाव हटाउने वा उन्मूलन गर्ने हो। शीलको सुगन्ध लोकमा चारै दिशामा फैलिंदै जान्छ। शील सद्गतिको सोपान र निर्वाणको साँचो हो भन्ने कहावत त विद्यमान नै छ।

आचार सम्बन्धी नियमहरू मध्ये कुनै सामाजिक जीवनसँग नजिकिएको हुन्छ त कुनै नियमहरू केवल मनुष्यको नैतिक जीवनसँग नजिकिएर रहेको हुन्छ। यस कुरालाई दृष्टिगत गरी विशुद्धि मार्गमा शीललाई आदि समाचारिक शील र आदि ब्रह्मचर्यक शील नामले दुई भागमा विभाजित गरिएको छ। आदि समाचारिक शीलको सम्बन्ध सामाजिक व्यवहारसित हुन्छ, जसलाई शिष्ट व्यवहार पनि भनिन्छ। आदि ब्रह्मचर्यक शीलको सम्बन्ध नैतिकता (सदाचार) अर्थात् नियम (इन्द्रिय संयमता) पालनसित हुन्छ, जुन कि आध्यात्मिक जीवनको प्रारम्भिक अवस्था भइदिन्छ।

शीलको आधार बिना धर्म लामो समयसम्म दिगो रहँदैन। किनभने जीवधारी प्राणी पृथ्वीमा उत्पन्न हुन्छ, हुर्किन्छ– बढ्छ; अनि पृथ्वी कै आधारपाई जीवित भइरहन्छ। यसरी नै सत्पुरुषहरूले पनि साँचै नै शीलको आधार लिई वीर्य



Downloaded from http://dhamma.digital/

र स्मृति वृद्धि गर्छ र ततः पश्चात् प्रज्ञा प्राप्त गर्दछ। अतः शील नै पृथ्वीको शान्ति हो, कुनैपनि साधनाको आधार हो र सबै बुद्धहरूको अनुशासन पनि हो। उपर्युक्त कुरालाई मिलिन्द प्रश्नमा यसरी स्पष्ट पारिएको छ–

**"शील नै मानवका लागि पृथ्वी समान आधार हो,**
**कुशल अभिवृद्धिका लागि यो एउटा मूल हो,**
**सम्पूर्ण बुद्ध शासनको यो अनुहार हो,**
**शीलस्कन्ध नै उत्तम प्रातिमोक्ष हो।"**

*(मिलिन्द प्रश्न, ४८)*

"अत्ताहि अत्तनो नाथो" भनी बुद्धले धम्मपदमा आज्ञा गर्नुभएको छ। यसर्थमा हाम्रो शरण वा आ-आफ्नो नाथ अरु कुनै नभई स्वयं आफू नै हुन्छ। जसरी हामीले आफ्नो शरण आफै भन्यौं, त्यसरी नै हाम्रो यौटा शरण शील पनि हो। शीलको आधारमा वा विना शीलाचरण श्रेयस्कर काम सफल हुनु सम्भव नै छैन। त्यसरी नै हाम्रो जीवनमा मानसिक चिन्तालाई दूर गर्नमा पनि शीलको ठूलो भूमिका रहन्छ। महाकवि अश्वघोषकृत सौन्दरानन्द महाकाव्यमा शीलको महिमा बारे यसरी वर्णन गरिएको छ– "शील त्यो हो जुन नाश भयो भने न प्रव्रजित भाव न गृहस्थता नै रहन्छ, जसरी पृथ्वी-आश्रयमा हामी उठ्न सकीरहेका छौं– त्यसरी नै विना शीलको आश्रय कुशल-श्रेयस्कर काम सम्भव हुँदैन, मानसिक पीडा रूपी अभावको उपनिषद नै पवित्र शील हो, शील सर्वप्रधान छ, शील नै मित्र, बन्धु, रक्षक, धन, बल आदि सम्पूर्ण हो, शील नै शरण हो।"

शीललाई हामीले शरणको रूपमा त स्वीकार्छौं, तर हामीले गम्भीर रूपले विचार गरिनु पर्ने कुरा हो कि शील किन अशरण हुन जान्छ वा व्यावहारिक भएर पनि किन अव्यावहारिक भइदिन्छ। यथार्थतः मानिसहरूले अकुशल कर्म मजबूर भएर वा बाध्यतावश नै गरिरहेका हुन्छन्। स्वयं भगवान् बुद्धले चक्कवत्ति सुत्त



Downloaded from http://dhamma.digital/

(दीघनिकाय) मा भन्नु भएको छ कि "दरिद्र (निर्धन) हरूसँग धन नभएमा निम्न दुर्गुण देखा पर्ने छ– चोरी, हत्या, असत्य भाषण, चुगलि, व्यभिचार, कटुवचन, नचाहिंदो व्यर्थ कुरा, अतिलोभ, दुराचार, मिथ्यादृष्टि र श्रद्धाको अभाव (त्रिरत्न, आमा-बाबु र गुरुजन प्रति)।" यसर्थमा "दरिद्रता नै दुराचरणको जड हो, दरिद्रताको विना उन्मूलन मानिसहरू दुराचार र दुर्गुणले अलग हुन सक्ने सम्भव नै छैन।" उपर्युक्त कुरालाई मध्यनजर राख्दा कुशल कार्य सम्पादन गर्नु भनेको निकै कठीन कुरो हो। शीलयुक्त जीवन गुजारा गर्ने इच्छा भएर मात्र के गर्नु, इच्छापूर्ति हुन आवश्यक अनुरूप वातावरण अनुकूल पनि हुनुपर्छ। मानव वा कुनै पनि प्राणीलाई आधारभूत आवश्यकता परिपूर्ति नभई दिएको खण्डमा त्यहाँ शील पालन मात्र कुरामा सीमित भइदिन्छ परन्तु व्यवहारमा कदापि उतार्न सकिंदैन। यो एक साधारण वर्गका लागि स्वाभाविक कुरा पनि हो।

कुनैपनि कर्मको परिणाम अवश्यमेव हुन्छ नै। हो, शील पालन गर्न त कठिन, निकै छ। तर पनि यसलाई असम्भव भन्न मिल्दैन। कठीन भारपूर्ण हुँदा हुँदै यो सम्भव पनि भइदिन्छ यदि अभ्यासरत भई गएमा। यसरी गाऱ्हो– असम्भवपूर्ण काम व्यवहारमा उतार्न सके शीलको सुपरिणाम अनुरूप पश्चाताप रहित हुन पाइने कुरा अंगुत्तर निकाय–४, ९९ मा उल्लेख भएको पाइन्छ। जुन कुरा बुद्धद्वारा आनन्दलाई देशना गर्नु भएको थियो।

साँच्चै भन्ने हो भने विना शील धर्मको बारे नजानी, नबुझी कुनै पनि काम-कुरोमा हात हाल्न जानु असफलतालाई निम्त्याउनु जस्तो हुन्छ। अर्थ नजानी कुनै पनि काम-कुरो गरेमा पनि त्यस्को कुनै मूल्य र मान्यता हुँदैन, विना प्रयोजनको भइदिन्छ। परन्तु ती काम-कुरो त मैना (सुगा) कराउने जस्तो मात्र हुन्छ। अर्थात् त्यस्को अस्तित्व जरा विना आकाशमा परिएको रूख झैं हुन्छ। शील विना जीवन जीवन नै हुँदैन भनी भगवान् बुद्धद्वारा प्रव्रजितहरूलाई यो भन्दा कम के आज्ञा दिनु हुन्छ?–




Downloaded from http://dhamma.digital/

**"सेय्यो अयो गुलो भुत्तो, ततो अग्गिसिखूपमो ।**
**यञ्चे भुञ्जेय्य दुस्सीलो, रट्ठपिण्डं असञ्जतो ॥"**

अर्थात्– "दुःशील, दुराचारी भइकन राष्ट्रपिण्ड (प्राप्त भिक्षा-अन्न) खाएर बस्नु भन्दा रातो हुनेगरी तताइएको फलामे डल्लो खानु नै अति उत्तम हुने छ।"

(श्रोत धर्मकीर्ति : वर्ष १० अंक – ४/५, पूर्णाङ्क १०२/१०३, २०४९)





Downloaded from http://dhamma.digital/

## शील अभ्यास- ३

(१) जीवनको मूल्याङ्कन गर्ने यौटा आधार शील पनि हो भन्ने कुरालाई कसरी स्पष्ट पार्नुहुन्छ ? लेख्नुहोस् ।

(२) पञ्चशील, अष्टशील र दशशील भन्नाले के बुझिन्छ ? तुलनात्मक रूपमा यसलाई प्रष्ट पार्नुहोस् ।

(३) पण्डित, सज्जनवर्ग र निर्वाण प्रार्थना गर्नेहरूले कुनैपनि हालतमा शील पालन गर्नमा लचिलो नीति अपनाउनु हुँदैन् भन्ने कुरालाई उदाहरण सहित लेख्नुहोस् ।

(४) दशपुण्य क्रियालाई क्रमश: अर्थ सहित प्रस्तुत गर्नुहोस् ।

(५) दश अकुशल कर्म के के हुन् ? स्पष्ट हुनेगरी लेख्नुहोस् ।

(६) चारित्र शील र वारित्र शील भन्नाले के बुझ्नुहुन्छ ? लेख्नुहोस् ।

(७) शीललाई किन बुद्धधर्मको पहिलो खुड्किलो मानिन्छ ?

(८) शीलको महिमा बारे दीघनिकायको सोणदण्ड सूत्रमा कसरी उल्लेख गरिएको छ ?

(९) शीलको आधार विना धर्म लामो समयसम्म दिगो रहँदैन किन ? मिलिन्द प्रश्नमा उल्लेख भए अनुसार लेख्नुहोस् ।

(१०) महाकवि अश्वघोषकृत सौन्दरानन्द महाकाव्यमा शीलको महिमा कसरी उल्लेख गरिएको छ ?

(११) "दरिद्रता नै दुराचरणको जड हो, दरिद्रताको विना उन्मूलन मानिसहरू दुराचारण र दुर्गुणले अलग हुन सक्ने सम्भव नै छैन ।" चक्कवत्ति सूत्रअनुसार यस कथनलाई पुष्टि गर्नुहोस् ।

(१२) शील विनाको जीवन जीजवन नै हुँदैन भनी भगवान् बुद्धद्वारा प्रव्रजितहरूलाई कस्तो उपदेश गर्नु भएको छ ? खुलस्त पार्नुहोस् ।

(१३) शीललाई व्यवहारिक जीवनको अभिन्न अङ्गको रूपमा चित्रण गर्नुपर्दा कुन रूपमा गर्नुहुन्छ ? लेख्नुहोस् ।



Downloaded from http://dhamma.digital/

# बौद्ध सामान्य ज्ञान

लेखन तथा संकलन

कोण्डञ्य

337

Downloaded from http://dhamma.digital/

338

Downloaded from http://dhamma.digital/

# बौद्ध सामान्य ज्ञान

## धार्मिक, साहित्यिक तथा ऐतिहासिक

### १) बुद्धत्व प्राप्ति

वैशाख पूर्णिमाको दिन सोत्थिय (= श्रोत्रिय) नामक ब्राह्मणले सिद्धार्थलाई आठ मुट्ठी तृण (= कुश घाँस) दान दिएका थिए । त्यही तृणको आसनमा बसी उहाँले बोधिज्ञान लाभ गर्नुभयो । रात्रीका विभिन्न याम (= ४ घण्टा) मा सिद्धार्थले तलका ज्ञानहरू हासिल गरी बुद्ध हुनु भएको थियो–

प्रथम याममा पूर्वानुस्मृति ज्ञान (= पूर्वजन्मको ज्ञान)
दोस्रो याममा च्युत्योत्पति ज्ञान (= उत्पत्ति विनाश ज्ञान)
तेस्रो याममा आश्रवक्षय ज्ञान (= प्रतीत्य समुत्पाद)

### २) धर्मचक्र प्रवर्तन र पञ्च भद्रवर्गीय

भगवान् बुद्धले ३६ वर्षको उमेरमा ऋषिपतन मृगदावन (= सारनाथ) मा धर्मचक्र प्रवर्तन (= प्रथम उपदेश) गर्नुभएका थिए । सारनाथमा रूखमुनि बसी उहाँले ५ जना गृहत्यागीहरूलाई प्रथम उपदेश दिनु भएका थिए । उनीहरूलाई भिक्षु बनिसकेपछि पंच भद्रवर्गीय भिक्षु भनियो । पंच भद्रवर्गीय भिक्षु भन्नाले ५ भिक्षुहरू बुझिन्छन्– कौण्डन्य, वप्प, भद्दिय, महानाम र अस्सजीत ।



Downloaded from http://dhamma.digital/

### ३) जटाधारी गुरूहरू चेला भए

भिक्षुहरूलाई धर्म प्रचार गर्न पठाई बुद्ध स्वयं उरूवेला जानुभयो । त्यहाँ उरूवेला काश्यपको कुटीमा बुद्धले काल नागराजालाई वशमा ल्याएका थिए । उहाँबाट प्रभावित भई ५०० शिष्यहरूको गुरू उरूवेल काश्यप, ३०० शिष्यहरूको गुरू नदी काश्यप र २०० शिष्यहरूको गुरू गया काश्यप– यी तीनैजना जटाधारी दाजुभाइहरू बुद्धका अनुयायी बने ।

### ४) चतुर आर्यसत्य

बुद्धको मूल उपदेश हो चार उत्तम सत्यहरू जसलाई चार आर्यसत्य (= चतुआर्यसत्य) भनिन्छन् । ती हुन्-

(१) दुःख सत्य (= दुःख)

(२) दुःख समुदय सत्य (= दुःखको कारण)

(३) दुःख निरोध सत्य (= दुःखको अन्त)

(४) दुःख निरोधगामिनी प्रतिपदा मार्ग सत्य (= दुःख अन्त गर्ने मार्ग)

### ५) दुःख आर्य-सत्य

भिक्षुहरू, दुःख आर्य-सत्य के हो ? जन्मनु दुःख हो; वृद्ध हुनु दुःख हो; शोक गर्नु दुःख हो; विलाप गर्नु, दुःख, दौर्मनस्य उपायास दुःख हो; अप्रिय संयोग दुःख हो; प्रिय-वियोग दुःख हो; इच्छा गरेको प्राप्त नहुनु दुःख हो; संक्षेपमा भन्ने हो भने पाँच उपादान स्कन्ध (= सबै भौतिक अभौतिक विषयवस्तुहरू) नै दुःख हुन् ।



Downloaded from http://dhamma.digital/

## ६) दु:ख समुदय आर्य-सत्य

भिक्षुहरू, दु:ख समुदय (उत्पन्न हुने) आर्य-सत्य के हो ? जो फेरि फेरि जन्म लिनुको कारण हो; जो लोभ तथा राग युक्त छ; जसले जहिं तहिं आनन्द लिन्छ; यो त्यही तृष्णा हो– जस्तो कि काम-तृष्णा, भव-तृष्णा तथा विभव-तृष्णा। यही तृष्णा नै दु:ख समुदय (दु:ख उत्पन्न हुने) आर्य-सत्य हो।

## ७) दु:ख निरोध आर्य-सत्य

भिक्षुहरू, दु:ख निरोध आर्य-सत्य के हो ? तृष्णाबाट बिल्कुल विराग हुनु; तृष्णालाई निरोध गर्नु; यसलाई त्याग गर्नु; परित्याग गर्नु; यसबाट मुक्त हुनु; अनाशक्त हुनु यही दु:ख निरोध गर्ने आर्य-सत्य हो।

## ८) दु:ख निरोध गामिनी प्रतिपदा आर्य-सत्य

भिक्षुहरू, दु:ख निरोधको मार्गतिर लैजाने आर्य-सत्य के हो ? काम वस्तुमा छन्दराग नामक क्लेश-कामले युक्त सुखको बार-बार भोग गर्नु; जुन हीन, ग्राम्य, अशिष्ट, अनार्य, अनर्थपूर्ण छ र जुन आफ्नो शरीरलाई व्यर्थ क्लेश दिने; दु:खमय अनार्य, अनर्थकर छ। यी दुबै अन्तलाई छोडी तथागतले मध्यम-मार्गको ज्ञान प्राप्त गर्नुभएको छ; जसले आँखा खोलिदिन्छ; ज्ञान दिन्छ; जुन शान्तिको निमित्त, अभिज्ञाको निमित्त, बोधिको निमित्त, निर्वाणको निमित्त हो।

## ९) आर्य अष्टांगिक मार्ग

दु:ख निरोधगामिनी प्रतिपदा मार्ग सत्य (वा मार्ग सत्य) भन्नाले दु:ख निरोध गर्ने मार्ग जनाउँछ। यो मार्गलाई आर्य अष्टांगिक मार्ग भनिन्छ किनकि यसमा निम्नलिखित ८ मार्गहरू सम्मलित छन् जसको अभ्यासबाट निर्वाण प्राप्त गर्न सकिन्छ–



Downloaded from http://dhamma.digital/

| | | |
|---|---|---|
| १) सम्यक् दृष्टि | – | ठीक धारणा |
| २) सम्यक् संकल्प | – | ठीक संकल्प |
| ३) सम्यक् वाचा | – | ठीक वचन |
| ४) सम्यक् कर्मान्त | – | ठीक कर्म |
| ५) सम्यक् जीवन | – | ठीक जीविका |
| ६) सम्यक् व्यायाम | – | ठीक प्रयत्न |
| ७) सम्यक् स्मृति | – | ठीक स्मृति |
| ८) सम्यक् समाधि | – | ठीक एकाग्रता |

## १०) सम्यक्-दृष्टि

भिक्षुहरू, जब आर्य श्रावकले अकुशललाई चिन्दछ; अकुशलको मूल कारणलाई चिन्दछ। कुशललाई चिन्दछ; कुशलको मूल कारणलाई चिन्दछ। त्यसबेला उसमा 'सम्यक्-दृष्टि' हुन्छ वा सोझो दृष्टि हुन्छ। त्यसबेला यस धर्ममा उसको अचल श्रद्धा हुन्छ। ऊ यस धर्ममा आएको हुन्छ।

## ११) अकुशल धर्म

भविष्य बिगार्ने दोषपूर्ण कामलाई दश अकुशल कर्म भनिन्छ। मन, वचन र शरीरबाट गरिने यी अकुशल कर्महरू यसप्रकार छन्–

*शरीरले गर्ने काम :*

१. जीव-हिंसा गर्नु अकुशल हो।

२. चोरी गर्नु अकुशल हो।

३. काम-भोग सम्बन्धी मिथ्याचार अकुशल हो।



Downloaded from http://dhamma.digital/

*वचनले गर्ने काम :*

४. झूटो बोल्नु अकुशल हो ।

५. चुगली गर्नु अकुशल हो ।

६. कडा शब्द प्रयोग गर्नु अकुशल हो ।

७. नचाहिंदो गफ गर्नु अकुशल हो ।

*मनले गर्ने काम :*

८. लोभ गर्नु अकुशल हो ।

९. क्रोध गर्नु अकुशल हो ।

१०. मिथ्या-दृष्टि अकुशल हो ।

## १२) कुशलको मूल कारण

भविष्य सपार्ने दोष रहित कामलाई कुशल कर्म भनिन्छ । मन, वचन र शरीरबाट गरिने यी कुशल कर्महरू यसप्रकार छन्–

*शरीरले गर्ने काम :*

१. जीव-हिंसाबाट विरत रहनु कुशल हो ।

२. चोरी गर्नुबाट विरत रहनु कुशल हो ।

३. काम-भोग सम्बन्धी मिथ्याचारबाट विरत रहनु कुशल हो ।

*वचनले गर्ने काम :*

४. झूटो नबोल्नु कुशल हो ।

५. छुल्याउने काम नगर्नु कुशल हो ।

६. कठोर शब्द नबोल्नु कुशल हो ।

७. नचाहिंदो गफ नगर्नु कुशल हो ।



Downloaded from http://dhamma.digital/

*मनले गर्ने काम :*

८. लोभ नगर्नु कुशल हो ।

९. रीस नगर्नु कुशल हो ।

१०. सम्यक्-दृष्टि हुनु कुशल हो ।

## १३) दश पुण्यक्रिया

शुभ कामहरूलाई दश पुण्य क्रिया पनि भनिन्छ, जसलाई यसरी पनि बुझिन्छ–

| | | |
|---|---|---|
| (१) दान | – | दान दिनु |
| (२) शील | – | राम्रो आचरण गर्नु |
| (३) भावना | – | ध्यान भावना गर्नु |
| (४) अपचायन | – | माननीयलाई मान्नु |
| (५) वेय्यावच्च | – | माननीयको सेवा गर्नु |
| (६) पत्तिदान | – | पुण्य दान दिनु |
| (७) पत्तानुमोदन | – | हर्षित भई अरुको पुण्य अनुमोदन (= ग्रहण) गर्नु |
| (८) धर्म श्रवण | – | उपदेश सुन्नु |
| (९) धर्म देशना | – | उपदेश भन्नु |
| (१०) दृष्टिजुकर्म | – | अन्धविश्वासबाट वच्नु |

## १४) ९ वटा बुद्ध गुण

(१) अरहं– गुप्त पाप नगर्ने

(२) सम्मा सम्बुद्धो– धर्मलाई स्वयं बुझ्ने

(३) विज्जाचरण सम्पन्नो– विद्या आचरणले सम्पन्न



Downloaded from http://dhamma.digital/

(४) सुगतो– सुगतिमा लागेको

(५) लोकविदू– तीनै लोकको सबै कुरो बुझ्ने

(६) अनुत्तरो पुरिस दम्म सारथी– दमन गर्न कठीन व्यक्तिहरूलाई दमन गर्ने

(७) सत्था देव मनुस्सानं– देव मनुष्यहरूको गुरु

(८) बुद्धो– चार आर्यसत्य बुझ्ने

(९) भगवा– क्लेश निर्मूल पारेका, ६ भाग्यले सम्पन्न

## १५) ६ वटा धर्म गुण

(१) स्वाक्खातो भगवता धम्मो– भगवान्ले राम्ररी देशना गर्नुभएको धर्म

(२) सन्दिट्ठिको– यसै जन्ममा फल पाउने

(३) अकालिको– छिटै फल पाउने

(४) एहि पस्सिको– यहाँ आएर हेर्न आऊ भनी देखाउन सकिने

(५) ओपनेटियको– निर्वाण पुऱ्याउने

(६) पच्चत्तं वेदितब्बो विञ्ञूहि– विद्वान्हरूले आफैले बुझ्न सकिने

## १६) ९ वटा संघ गुण

(१) सुपटिपन्नो भगवतो सावक संघो– धर्मको राम्रो आचरण गर्नु नैं भगवान्को श्रावक संघको गुण हो ।

(२) उजुपटिपन्नो– सोझै तृष्णा निर्मूल पार्ने ।

(३) ञायपटिपन्नो– न्यायको पक्षपाती ।

(४) सामीचि पटिपन्नो– राम्रो व्यवहार हुने ।

(५) आहुनेय्यो– निम्तो दिन योग्य ।

(६) पाहुनेय्यो– पाहुनालाई जस्तै सत्कार गर्न योग्य ।



Downloaded from http://dhamma.digital/

(७) दक्खिनेटयो– दान दिन योग्य ।

(८) अञ्जली करणीयो– वन्दना गर्न योग्य ।

(९) अनुत्तरं पुञ्ञखेत्तं– पुण्यरूपी बिउ रोप्न लायक खेत ।

## १७) पाँच कल्प

बुद्ध पुरुषको उत्पत्ति हुनु अति नै दुर्लभ छ । धेरै धेरै समय-कल्पको अन्तरालमा मात्र बुद्धको प्रादुर्भाव हुने गर्दछ । यसरी बौद्ध साहित्यमा बुद्ध उत्पत्ति हुने हिसाबले समयकाललाई ५ कल्पहरूमा बाँडिएका छन् । ती हुन्-

१. सारकल्प – एक मात्र बुद्ध उत्पन्न हुने
२. मन्दकल्प – दुई बुद्धहरू उत्पन्न हुने
३. वरकल्प – तीन बुद्धहरू उत्पन्न हुने
४. सारमन्दकल्प – चार बुद्धहरू उत्पन्न हुने
५. भद्रकल्प – पाँच बुद्धहरू उत्पन्न हुने

## १८) पाँच दुर्लभ

वास्तवमा सुलभ भन्दा धेरै बढी दुर्लभ नै हुन्छन् । बौद्ध साहित्यमा दुर्लभमध्ये अति नै पाँच दुर्लभहरूका रूपमा उल्लेख्य दुर्लभहरू निम्न छन्–

१. बुद्धको उत्पन्न दुर्लभ छ
२. मनुष्य जन्म दुर्लभ छ
३. श्रद्धा उत्पन्न हुनु (= सुअवसर प्राप्त हुनु) दुर्लभ छ
४. प्रव्रजित भाव दुर्लभ छ
५. सद्धर्म श्रवण अति दुर्लभ छ



Downloaded from http://dhamma.digital/

### १९) तीन प्रकारका बुद्ध

बुद्धहरू पनि थरि थरिका हुन्छन् । जसमध्ये तीन प्रकारका बुद्धहरू निम्नानुसार छन्–

१. सम्यक् सम्बुद्ध – अरुलाई पनि मुक्ति दिने आफू पनि मुक्त हुने बुद्ध
२. प्रत्येक बुद्ध – आफू मात्रै मुक्त हुने बुद्ध
३. श्रावक बुद्ध – अरुद्वारा मुक्त गरिने अरहत्

### २०) बुद्ध हुने पद्धत्ति

जसरी विविध प्रकारका बुद्ध छन् । त्यसरी नै तीन प्रकारले बुद्ध हुन सकिन्छन् भन्ने कुरा हामीले बौद्ध साहित्यमा देख्न पाउँछौं, जुन–

१. श्रद्धाधिक – श्रद्धा विकसित गरेर
२. विर्याधिक – प्रयत्न गरेर
३. प्रज्ञाधिक – प्रज्ञा विकसित गरेर

### २१) बुद्ध जो कोही हुन सक्छन् तर ....

निश्चय पनि कुनै पनि व्यक्तिले बुद्धत्व प्राप्त गर्न सक्छ तर यसको विभिन्न चर्याहरूलाई अवश्यमेव पनि सम्पन्न गर्नैपर्ने हुन्छ । विशेषतः बुद्धत्व प्राप्त गर्न दश पारमिता धर्ममा पूर्णता हासिल गर्नु पर्दछ । जुन यस प्रकारका छन्–

(१) दान
(२) शील
(३) नैष्क्रम्य (= क्लेश त्याग)
(४) प्रज्ञा (= विवेक बुद्धि)
(५) वीर्य (= उत्साह)



Downloaded from http://dhamma.digital/

(६) क्षान्ति (= सहनशीलता)
(७) सत्य
(८) अधिष्ठान (= दृढता)
(९) मैत्री
(१०) उपेक्षा (= तटस्थभाव)

## २२) तथागतमा हुने ८ विद्याहरू

तथागत बुद्धमा ८ विद्याहरू रहेका हुन्छन्। जुन यस प्रकार छन्–
(१) दिव्यचक्षु– भौतिक आँखालेभन्दा परको देख्नसक्ने विद्या
(२) दिव्यश्रोत– भौतिक कानलेभन्दा परको सुन्नसक्ने विद्या
(३) ऋद्धिबल– दिव्य चमत्कार गर्न सक्ने विद्या
(४) परचित्त विजानन– अर्काको चित्त जान्ने विद्या
(५) पूर्व निवास– पूर्वजन्म थाहा पाउने विद्या
(६) आश्रवक्षय– क्लेश मुक्त गर्ने विद्या
(७) मनोमयी– मनोकामना पुरा हुने विद्या
(८) विपस्सना– अनित्य-दुःख-अनात्म देख्ने विद्या

## २३) तथागतको दशबल

तथागत बुद्धमा दश शक्तिहरू हुने हुनाले उहाँलाई बौद्ध साहित्यमा दशबल भनेर पनि चिनिन्छ। जुन यस प्रकारका छन्–
(१) स्थान अस्थानको ठीक ज्ञान हुने
(२) कर्म र कर्मफललाई राम्ररी जान्ने
(३) सम्यक् ज्ञान हुने



Downloaded from http://dhamma.digital/

(४) ब्रह्माण्डलाई जान्ने

(५) विभिन्न प्राणीहरूको ज्ञान हुने

(६) अरुहरूको इन्द्रिय शक्तिलाई जान्ने

(७) क्लेश निर्मूल पार्न सक्ने

(८) पूर्वजन्म थाहा हुने

(९) सबैको सुगति दुर्गति जान्ने

(१०) निर्वाणलाई साक्षात्कार गर्ने

## २४) तथागत बुद्ध त्रैविद्य हुन्

(१) पूर्वेनिवास ज्ञान– पूर्वजन्म थाहा पाउने विद्या

(२) दिव्यचक्षु ज्ञान– भौतिक आँखाले भन्दा परको देख्नसक्ने विद्या

(३) आश्रवक्षय ज्ञान– क्लेश मुक्त गर्ने विद्या

## २५) बुद्धको असाधारण गुण

बुद्धमा हुने ६ असाधारण गुणहरू यस प्रकार छन्–

| | | |
|---|---|---|
| (१) समापत्ति ज्ञान | – | सबै प्राणीमाथि करूणा हुने |
| (२) सर्वश्रुत ज्ञान | – | सबै धर्मलाई राम्रोसँग बुझ्ने |
| (३) इन्द्रिय परोपरियत्ति ज्ञान | – | अरुको इन्द्रिय शक्ति थाहा पाउने |
| (४) यमक प्रातिहार्य ज्ञान | – | शरीरबाट आगो पानी आदि जोडा जोडा निकाल्न सक्ने |
| (५) आसयानुसय ज्ञान | – | सबैको मनोभाव बुझ्ने |
| (६) अनावरण ज्ञान | – | सबै कुरा स्पष्ट देख्ने |



Downloaded from http://dhamma.digital/

## २६) चार प्रकारका मानिसहरू

मानिसहरू थरि थरिका हुन्छन् । जसमध्ये कोही दुर्गतिगामी र कोही सुगतिगामी हुन्छन् । दुर्गति अँध्यारो पक्ष हो भने सुगति उज्यालो पक्ष हो । त्यसैले चार प्रकारका मानिसहरू (गति अनुसार) छन्–

(१) अँध्यारोबाट अँध्यारोमा जाने

(२) अँध्यारोबाट उज्यालोमा जाने

(३) उज्यालोबाट अँध्यारोमा जाने

(४) उज्यालोबाट उज्यालोमा जाने

## २७) चार किसिमका बादलहरू

यहाँ बोल्ने भन्नाले चार आर्य सत्य पाठ गर्नजान्नेहरू मात्र होइन त्यसलाई राम्ररी बुझ्नेहरू पनि हुन्छन् । जसलाई यसरी चार किसिमका बादलको रूपमा पनि हेर्न सकिने हुन्छ -

(१) गज्रने तर पानी नपार्ने बादल – बोल्ने मात्रै काम नगर्ने

(२) नगज्रने तर पानी पार्ने बादल – नबोल्ने तर काम गर्ने

(३) नगज्रने र पानी नपार्ने बादल – नबोल्ने र काम नगर्ने

(४) गज्रने र पानी पार्ने बादल – बोल्ने पनि काम गर्ने पनि

## २८) सन्तान थरि थरिका

सन्तानहरू सोचे जस्तो कहाँ हुन्छ र ? थरि थरिका हुन्छन् र तिनीहरूलाई यसरी अर्थ्याएर हेर्न सकिन्छ–

(१) अवजात पुत्र – आमाबाबुले भन्दा निकृष्ट काम गर्ने

(२) अनुजात पुत्र – आमावाबुले जस्तै काम गर्ने

(३) अतिजात पुत्र – आमाबावुले भन्दा राम्रो काम गर्ने



Downloaded from http://dhamma.digital/

## २९) धर्मोपदेशकमा हुनुपर्ने गुणहरू

धर्म उपदेशकहरू पनि त्यसै सफल नहुने रहेछ। उहाँहरूमा पनि विभिन्न गुणहरू हुनु आवश्यक कुरा हुन्। जस अनुरूप आवश्यक ५ गुणहरू–

(१) आनुपूर्विकथा (= क्रम मिलाएर कथा) भन्नुपर्छ

(२) कारण देखाई भन्नुपर्छ

(३) दयापूर्वक भन्नुपर्छ

(४) लाभ सत्कारको आशा नलिई भन्नुपर्छ

(५) आफ्नो प्रशंसा र अर्काको निन्दा नगरी भन्नुपर्छ

## ३०) आनुपूर्विकथा

हरेक कुरालाई प्रणालीवद्ध रूपमा वा व्यवस्थित ढङ्गमा प्रस्तुत गरिन्छ। क्रमिक रूपमा प्रस्तुत गरिने कथालाई आनुपूर्विकथा भनिन्छ। ती हुन्–

(१) दान सम्बन्धि कथा

(२) शील सम्बन्धि कथा

(३) स्वर्ग (= सुगति) कथा

(४) कामानं आदिनवो (= पंचकाम = इन्द्रिय भोगको दोष देखाउनु)

(५) ओकारो (= पंचकामको परिणाम भन्नु)

(६) संकिलेसो (= क्लेशबारे भन्नु)

(७) नेक्खम्मे आनिसंस (= नैष्क्रम्यवारे भन्नु)

## ३१) नायक गुणहरू

धर्तीमा कयौं नेता जन्मिए, कयौं नेताहरू अहिले पनि नभएका होइनन् र कयौं भविष्यको गर्भमा पनि छन्। हरेक नेताहरूमा छुटै किसिमका गुण र



Downloaded from http://dhamma.digital/

विशेषता भएन भने त्यस नेताले नेतृत्व सम्हाल्न नसक्ने हुन्छ । यसर्थमा पनि प्रत्येक नेतासंग निम्न ६ वटा गुणहरू अर्थात् नायक गुणहरू अपरिहार्य छन्–

(१) क्षमा गुण
(२) जागरिय (= जागरूकता) गुण
(३) वीर्य (= उत्साह) गुण
(४) संविभाग (= सत्य असत्य छुट्याउने) गुण
(५) दया गुण
(६) इक्खना (= हरेक पक्षमा विचार गर्ने) गुण

## ३२) दश राजधर्म

कर्तव्य धर्म सबैले पालना गर्नै पर्ने हुन्छ । राजाले पनि पालना गर्नुपर्ने कर्तव्यहरू बौद्ध साहित्यमा उल्लेख भएका छन् । राजाले पालन गर्नु पर्ने १० कर्तव्यहरूलाई दश राजधर्म पनि भनिन्छ–

(१) आमाबाबुप्रति कर्तव्य पालन गर्नु
(२) परिवारप्रति कर्तव्य पालन गर्नु
(३) मित्र र मन्त्रीहरूप्रति कर्तव्य पालन गर्नु
(४) सैनिकहरूप्रति कर्तव्य पालन गर्नु
(५) गाउँ शहरहरूप्रति कर्तव्य पालन गर्नु
(६) श्रमण ब्राह्मणहरूप्रति कर्तव्य पालन गर्नु
(७) शान्ति कायम गर्नु
(८) पशु पंक्षीहरूको आरक्षा गर्नु
(९) धर्म अनुसार आचरण गर्नु
(१०) धर्म पालनको लागि सतर्क हुनु



Downloaded from http://dhamma.digital/

## ३३) नाशबाट बच्ने उपाय

नाश हुनुबाट बच्नलाई पालन गर्नु आवश्यक ७ नियमहरू छन् जसलाई सात अपरिहानीय धर्महरू भनिन्छन्–

(१) सत्थु गारव – भगवान्लाई आदर गर्नु
(२) धर्म गारव – धर्मलाई आदर गर्नु
(३) संघ गारव – संघलाई आदर गर्नु
(४) शिक्षा गारव – शिक्षापदलाई आदर गर्नु
(५) समाधि गारव – समाधिलाई आदर गर्नु
(६) कल्याणमित्र गारव – सच्चा मित्रहरूको संगत गर्नु
(७) सोवच्चस्सता – सत्पुरुषहरूको कुरोलाई मान्ने हुन्नु

## ३४) सात अपरिहानीय धर्म

देशलाई उंभो लगाउने भनी राजनीति गर्नेहरू यहाँ धेरै धेरै नै छन्। तर विडम्बनाको कुरा यो छ कि राजनीतिक व्यक्ति भनाउंदाहरूले पालन गर्नु पर्ने जो आधारभूत नियम छन् त्यसैलाई पाखा लगाउंदै अगाडि बढिरहेका हुन्छन्। अनि यसरी देशको स्थिति पनि पाखा लाग्ने हुन्छ। त्यसैले हामीले यस कुरालाई भुल्नु हुँदैन कि सात अपरिहानीय धर्महरू पालन गरेमा राष्ट्र दृढ र समृद्धशाली भइरहने हुन्छ, जुन यस प्रकारका छन्–

(१) आपसमा भेला भई सामूहिक निर्णय गर्नु
(२) निर्णय अनुसारको कर्तव्य एक भई पुरा गर्नु
(३) कानुन र नीतिको पालन गर्नु
(४) वृद्धजनलाई आदर गर्नु
(५) स्त्रीहरूमाथि जवर्जस्ती नगर्नु



Downloaded from http://dhamma.digital/

(६) जातिय धर्मको पालन गर्नु
(७) धर्माचार्यहरूको सत्कार गर्नु

## ३५) पतनका कारणहरू

धेरै मानिसहरू पतन भइरहेका हामीले देखेका छौं भने कयौं मानिसहरू सफलताको चरम चुलीमा उकासिदै गरेकाहरू पनि हामीलेनै देखेका छौं। त्यसैले जो जीवनप्रति सजग र सतर्क रहन्छ त्यो सफलगामी हुन्छ भने जो सतर्कताबाट विमुख हुन्छ त्यो पतनोन्मुख हुन्छ। कुनै पनि व्यक्तिको पतनका ६ मूल कारणहरू हुन्छन्–

(१) धेरै बेरसम्म सुत्नु
(२) व्यभिचार गर्नु
(३) अरुसँग शत्रुभाव राख्नु
४) कर्तव्यबाट विमुख हुनु
(५) कुसंगत गर्नु
(६) लोभी हुनु

## ३६) अष्ट लोकधर्म

हर कुराहरू परिवर्तनशील छन् यहाँ, त्यसै यहाँ हर कुराहरू यौटा स्वरूपबाट अर्को स्वरूपमा परिवर्तित हुँदै अगाडि बढीरहेको हुन्छ। जो कोही स्वभाव धर्मबाट रहित भएर अगाडि बढ्न सक्ने हुँदैनन्। लोक धर्म अर्थात् समाजको स्वभाव ८ प्रकारका हुन्छन् भने बुद्धधर्मले त्यसलाई उपेक्षा भाव राख्ने उपदेश दिन्छ। ती हुन्–

(१) लाभ, (२) अलाभ,
(३) यश, (४) अयश,



Downloaded from http://dhamma.digital/

(५) निन्दा, (६) प्रशंसा,
(७) सुख, (८) दुःख

## ३७) सप्तरत्न धन

समाजमा जीविका गर्न अर्थ नभै हुन्न । भौतिक संसारमा त अर्थ सबथोक हुन् भन्ने परिभाषित गरिने प्रथा नै बरिसकेको छ । वास्तवमा अर्थ हुँदैमा मात्र नै कहाँ पो सुख हुन्छ र ? तसर्थ जीवनमा वास्तविक सुख प्राप्तिको लागि आर्थिक धनभन्दा श्रेष्ठतर सातवटा धनहरू छन् भनी बुद्धले देशना गर्नु भएको छ । जस्लाई सत्पुरूषहरूसंग वांछनिय धन मानिन्छ । यी सात सत्पुरूष धन वा सप्तरत्न धन अन्तर्गत निम्न धनहरू पर्छन्–

(१) श्रद्धा (= विवेकपूर्ण आदर र विश्वास),
(२) शील (= आवरण),
(३) हिरी (= लोक लज्जा),
(४) ओतप्प (= लोक भय),
(५) श्रुत (= विद्धता, ज्ञान),
(६) त्याग, र
(७) प्रज्ञा (= विवेक बुद्धि)

## ३८) संघ यस्तो छ

“हे, भिक्षुहरू ! तिमीहरू विभिन्न कूल, विभिन्न जातिबाट आएका हौ । जसरी देश प्रदेशका विभिन्न नदीहरू बगीरहँदा आ-आफ्नो अस्तित्वमा बगिरहने हुन्छ र जब सागरमा मिसिने हुन्छ, तब पृथक पृथक अस्तित्व लोप भएर जाने हुन्छ । अनि ती सम्पूर्ण नदीहरू समुद्रमा मिसिएर विलीन हुनेछ । हेर बुद्धको सङ्घ पनि



Downloaded from http://dhamma.digital/

समुद्र झैं हो । यो सङ्घमा सबै एकै हुन् र बराबर हुन् । जसरी गंगा र यमुनाको पानी समुद्रमा मिसिसकेपछि भेद गर्न सकिंदैन त्यसरी नै तिमीहरू सङ्घमा प्रवेश गरिसकेपछि सबै एकै समान हौ । कसैलाई पनि अलग अलग गरी हेर्न सकिंदैन ।"

## ३९) विश्वास यसरी गरिन्छ

बुद्ध– "सुनेको कुरामा मात्र विश्वास नगर तथा परम्परागत भन्दैमा सत्य सम्झने नगर । अधिकांश मानिसहरूले वा बहुजन हिताय बहुजन सुखाय हुने भएमात्र त्यसलाई व्यवहारमा उतार । यहाँ सम्म कि मैले त्यो भन्यो भन्दैमा आँखा चिम्लिएर स्वीकार नगर । विवेक विचारले परीक्षण गरी मैले भनेको जस्तो ठहरिएमा र चित्त बुझेमा मात्र स्वीकार गर । मेरो कुरा नै किन नहोस् अस्वीकार गरेको खण्डमा मलाई कत्तिपनि दुःख अपशोच हुने छैन ।"

## ४०) धर्म र व्यवहार

भिक्षुहरू, जसरी कोही मानिसलाई विषययुक्त वाणले लागेछ र उसको मित्र, साथीहरू वा आफन्तहरूले वाण निकाल्ने वैद्य कहाँ लगेछन् त त्यो मानिस भन्दछ कि– "मैले यो वाण त्यस वेलासम्म निकाल्न दिंदैन जबसम्म मलाई यो थाहा हुँदैन कि त्यो वाण हान्ने मानिस क्षत्री हो वा ब्राह्मण; वैश्य वा शूद्र; अथवा उसको नाउँ के हो ? गोत्र के हो ? अथवा त्यो मानिस अग्लो छ कि पुड्को वा ठीक्क शरीरको छ ?" तर भिक्षुहरू, उसले यो कुरा थाहा नपाउँदै त्यो मरेर जानेछ ।

## ४१) सारिपुत्रको विशेषता

प्रज्ञामा एतदग्ग प्राप्त सारिपुत्र महास्थविरमा तलका विशेषताहरू थिए–

१) चार आर्यसत्यको व्याख्या गर्न सक्ने



Downloaded from http://dhamma.digital/

२) रोगी सेवा गर्ने
३) करुणा र सहनशीलताबाट सम्पन्न
४) विहारको सफाइ र रक्षा गर्ने
५) भाँडोमा पानी भर्ने
६) ओछ्यान मिलाउने

## ४२) उपस्थापक भिक्षु आनन्द

बुद्ध ५५ वर्षको छँदा भिक्षु आनन्द बुद्धको स्थायी नीजि सेवक बनेको थियो। र उनलाई तथागतको छाया मानिन्छ। बुद्धका नीजि सेवक आनन्द बहुश्रुत् (= विद्वान्), स्मृतिवान्, चरित्रवान्, धैर्यवान् र उपस्थान (= इमान्दार सेवक) हुनाले ५५ वर्षको उमेरमा बुद्धले उनलाई नीजि सेवक छानेका थिए र उनी ५५ वर्षसम्म बुद्धको स्थायी सेवक रहिरहे।

## ४३) आनन्दद्वारा प्रस्तुत शर्तहरू

बुद्धका स्थायी नीजि सेवक बन्नु अघि आनन्दले तलका आठ शर्तहरू राखेका थिए–

१) बुद्धलाई प्राप्त भएको चीवर आनन्दलाई नदिने
२) बुद्धलाई प्राप्त भएको भिक्षा आनन्दलाई नदिने
३) बुद्ध बसेको गन्धकुटीमा आनन्दलाई नसुताउने
४) बुद्धलाई व्यक्तिगत निमन्त्रणा गरेको ठाउँमा आनन्दलाई नबोलाउने
५) आनन्दले स्वीकार गरेको ठाउँमा बुद्ध निमन्त्रणामा जानु पर्ने
६) आनन्दले दर्शनार्थीलाई कुनै पनि समयमा बुद्धकहाँ ल्याउन सकिने
७) आनन्दलाई शंका लागेको कुरो बुद्धसँग सोध्न सकिने



Downloaded from http://dhamma.digital/

८) आनन्द नभएको ठाउँमा उपदेश दिएको भए बुद्धले आनन्दलाई फेरि सुनाउनु पर्ने ।

## ४४) देवदत्त र संघभेद

भिक्षु संघमा सर्वप्रथम फुट भगवान् बुद्धकै समय कालमा देवदत्तले ल्याएको थियो । तर यो संघ भेद चीरस्थायी रहेन । उनले तलका ५ कुराहरू बुद्धसँग मागेका थिए, जुन बुद्धले अस्वीकृत गर्नु भएकोले देवदत्तले आफ्नै अलग्ग भिक्षु संघ खडा गरेको थियो । ती ५ मागहरू हुन्–

१) भिक्षुहरू जंगलमै वस्नुपर्छ ।

२) मसानमा फालिराखेको कपडा (= पांशुकूल) मात्रै चीवर लाउनुपर्छ ।

३) भिक्षा लिएरै मात्रै खानुपर्छ ।

४) रूखमुनि नै सुत्नुपर्छ ।

५) माछा मासु बिल्कुलै नखानुपर्छ ।

त्यस्तै नै हिंस्रक एवं दुष्ट देवदत्तले तीनपल्टसम्म बुद्धलाई मार्न खोजेको थियो–

१) हत्यारा पठाएर

२) गृद्धकुट पर्वतमा ढुंगा खसालेर

३) नालगिरी नामक पागल हात्ती छाडेर

## ४५) प्रख्यात अबौद्ध धार्मिक नेताहरू

बुद्धको पालामा पनि धेरै नै धार्मिक नेताहरू नरहेका होइनन् । ती मध्ये बौद्ध साहित्यमा प्राय ६ जना प्रख्यात अबौद्ध धार्मिक नेताहरूको नाम बार बार उल्लेख भइरहेका हुन्छन् । ती हुन्–



Downloaded from http://dhamma.digital/

१) पूर्ण काश्यप – नग्न साधु, नास्तिक
२) मक्खली गोशाल – नग्न साधु, नास्तिक
३) अजित केश कम्बल – कपालको लुगा लगाउने, पूर्ण भौतिकवादी
४) प्रकुध कात्यायन – नीत्यवादी
५) संजय बेलट्टपुत्र – परिव्राजक, अनिश्चयवादी
६) निर्ग्रन्थ नाथपुत्र (= महावीर) – जैन धर्मको अन्तिम गुरु

## ४६) प्रसिद्ध तीन हात्तीहरू

तीन हात्तीहरूको बुद्ध जीवनीसँग गहन सम्बन्ध छन्–

गिरिमेखल हात्ती – वशवर्त्ति मारले चढेर आएको हात्ती
नालागिरी हात्ती – देवदत्तले बुद्धलाई मार्न पठाएको हात्ती
पारिलेय्यक हात्ती – बुद्धलाई जङ्गलमा ३ महिनासम्म सेवा गर्ने हात्ती

## ४७) विशाखा र आठ वरहरू

विशाखा महाउपासिकाले आफ्नै महालता प्रसाधन (= आभूषण) ९ करोडमा किनी अरु १८ करोड थपी जम्मा २७ करोडको लागतमा भिक्षु संघको लागि पूर्वाराम विहार बनाइदिएकी थिइन् । उनले बुद्धसँग तलका ८ वरहरू मागेकी थिइन्–

१) भिक्षु संघलाई नुहाउने कपडा दिनु
२) आगन्तुकहरूलाई भोजन दान दिनु
३) यात्रीहरूलाई भोजन दान दिनु
४) रोगीहरूलाई भोजन दान दिनु
५) रोगीको सेवकलाई भोजन दान दिनु



Downloaded from http://dhamma.digital/

६) रोगीहरूलाई औषधी दान दिनु

७) रोगीहरूलाई जाउला (= यागू) दान दिनु

८) भिक्षुणीहरूलाई ऋतुमती कपडा दान दिनु

### ४८) निर्वाण

निर्वाण भन्ने कुनै विशेष ठाउँ छैन। तृष्णा निर्मूल भएको अवस्थालाई नै निर्वाण भनिन्छ। निर्वाण दुई प्रकारका छन्–

(१) सउपादिशेष निर्वाण – जिउँदो छँदा नै क्लेश मुक्त हुन् (= अरहत् वा बुद्ध हुनु)

(२) अनुपादिशेष निर्वाण – क्लेश मुक्त गरी देश त्याग गर्नु (= परिनिर्वाण हुनु)

## तथागतको अन्तिमावस्थाको कुराकानी

### ४९) बुद्धत्व प्राप्ति अघिको भोजन तथा अन्तिम भोजन

बुद्ध कुकुत्था नदिमा गई नुहाउंछ , एकदमै थकाइ लाग्छ, त्यसपछि आराम गर्दा गर्दै चुन्दले दिएको अन्तिम भोजनको कारणले गर्दानै बुद्धको परिनिर्वाण भएको हो भनी आरोप लगाउने लान्छनाहरू निक्लिएलान् भन्ने कुरालाई ध्यानमा राखेर बुद्धले पिण्डपात मध्ये दुई पिण्डपातको महान् फल र आनिशंस रहेका छन् भन्दै सुजाताको खीर (क्षीर) दान, जुन भोजन गरिसकेपछि तथागतले अनुत्तर सम्यक् सम्बोधि बुद्धत्व प्राप्त गरेका थिए, चुन्दको प्रणीत एवं सुकर मद्दवले भरिपूर्ण अन्तिम भोजन जसको सेवन पछि तगथागत अनुपादिशेष निर्वाण धातुले परिनिर्वाण प्राप्त गर्ने हुन्छ भनी स्पष्ट पारिदिन्छ।



Downloaded from http://dhamma.digital/

## ५०) चार संवेगनीय स्थान

हिसण्यवती नदी तरेर गई बुद्ध कुसीनाराको मल्लहरूको शालवन उपवर्त्तनमा पुग्छ, आनन्द यमक शाल जोडी वृक्ष-वृक्षको मध्यभागमा उत्तरतिर शीरपारी मञ्चक पलङ्ग राखिदिनु, थकाइ लागिसक्यो, एकचोटी पल्टिनु पऱ्यो भनी आनन्दलाई अऱ्हाउँछ। त्यहीं बुद्धले श्रदालु कुलपुत्रहरूका लागि यी चार स्थानहरू दर्शनीय हुन्, संवेगनीय वा वैराग्य दायक हुन-

१– जहाँ तथागतको जन्म भयो– लुम्बिनी, २– जहाँ तथागतले बुद्धत्व ज्ञान लाभ गर्नुभयो– बुद्धगया, ३– जहाँ तथागतले अनुत्तर धर्मचक्र प्रवर्तन गर्नुभयो– सारनाथ र ४– जहां तथागतले अनुपादिशेष निवार्ण धातुले परिनिर्वाण प्राप्त गर्ने हुन्छ- कुसिनारा ।

## ५१) आनन्द र बुद्धको कुराकानी

आनन्द र बुद्धबीच कुराकानी हुन्छ, भन्ते ! आईमाई (स्त्री जाति) हरू सित कसरी व्यवहार गर्ने ?

– आनन्द, नहेर्ने ।

– हेर्नै परेमा कसरी व्यवहार गर्ने ?

– कुराकानी नगरीकन ।

– कुराकानी गर्नुपरेमा .... ?

– स्मृति-होस राखी बस्नुपर्छ ।

– तथागतको शरीरलाई हामीले के गर्नुपर्छ ?

– शरीर पुजागर्ने तर्फ नलाग । सारत्थ (सच्चा पदार्थ) का लागि प्रयत्न र उद्योग गर्नुपर्छ , यसका लागि अप्रमादी, उद्योगी र संयमी भएर वस्नुपर्छ ।



Downloaded from http://dhamma.digital/

## ५२) तथागतको अन्तिम शिष्य

बुद्धको परिनिर्वाण हुनै लागेको समाचार थाहापाई अधिकांश भिक्षु, उपासक, उपासिकाहरु बुद्धको अन्तिम दर्शनार्थ ठेलम ठेल्ला हुनेगरी भीड जम्मा हुन्छ। सुभद्र परिव्राजक पनि आइपुग्छ। परिनिर्वाण शैय्यामा आसीन बुद्धलाई थकाइ लागी रहेको र वहाँलाई दुःख कष्ट होला भनेर आनन्दले सुभद्रलाई दर्शन भेटका लागी रोकिदिन्छ। यो कुरा थाहा पाएर बुद्धले सुभद्रलाई बाटो नछेक भनी आज्ञा दिन्छ। अनि सुभद्रलाई धर्मको कुरा सुनाउंछ, अन्तिमावस्थामा प्रभावित भएर त्यहीं उपसम्पदा दिक्षा लिएर पवव्रजित-भिक्षु हुन्छ। सुभद्र नै बुद्धको अन्तिम शिष्य हुन्छ।

## ५३) धर्म र विनय नै शास्ता

यसपछि बुद्धले परिषद सामू मैले जुन धर्म र विनय देशना गरेको छु, प्रज्ञप्त गरी राखेको छु, मेरो परिनिर्वाण पछि (अनुपस्थितिमा) **धर्म र विनय** नै तिमीहरूका शास्ता हुनेछ भन्ने कुरा अघिसार्दै बुद्ध, धर्म, संघ मार्ग वा प्रतिपदामा कसैको केही शंका उपशंका भए सोध्नु भनी आज्ञा हुन्छ।

## ५४) तथागतको अन्तिम वचन

अन्तिमावस्था (मरणशैय्या) मा पुसगीसकेका बुद्धले अन्तिम वचन स्वरूप ब्यक्त गर्छ– 'हन्द दानि भिक्खवे, आमन्तयामि वो, वय धम्मा संखारा अप्पमादेन सम्पादेथा'ति। अयं तथागतस्स पच्छिमा वाचा।' अर्थात् हन्द (सम्बोधन) भिक्षुहरू अब तिमीहरूलाई आमन्त्रण गर्छु। संस्कार सबै व्ययधर्म (नाशवान) हुन्। अप्रमादी (सजग र स्मृति राखेर) भएर सम्पादन गर। यो नै तथागतको अन्तिम वचन हो।



Downloaded from http://dhamma.digital/

## ५५) तथागतको महापरिनिर्वाण

तथागत ध्यानमा बस्छ, चतुर्थ ध्यानबाट समनन्तर (उठ्ने बित्तिक्कै) भगवान् बुद्ध परिनिर्वाण हुन्छ, उनले महापरिनिर्वाण प्राप्त गर्छ। चारैतिर शोक र ब्याकुलता, अनुयायीहरूको दिलमा चोट, आँखामा आँसुको बहाव, चारैतिर स्तब्धता, प्रकृति र प्राकृतिक सबै शोकाकुल .... शब्दमा वर्णन नै गर्न नसकिने तवरको दुःखद् स्थितिको श्रृजना हुन्छ। यसरी विश्वज्योति निभ्छ, विलय हुन्छ।

## ५६) तथागतको पवित्र अस्थिधातु विभाजन

बुद्धको नश्वर त्यो पार्थिव शरीरलाई कुसीनाराका मल्लहरूले कुसीनारामा एक सप्ताहसम्म ससम्मानपूर्वक अन्तिम दर्शनको लागि राखे र त्यसपछि दाहसंस्कारका लागि मुकुट बन्धन नामक मल्लहरूका चेतिय स्थानतिर लान्छ। पावा र कुसीनाराको बीचमा रहेका आयुष्मान महाकाश्यप भिक्षुगणका साथमा मशानघाटमा आइपुगिसकेपछि दाहसंस्कार कार्य सम्पन्न हुन्छ। यसपछि बुद्धको अस्थिधातु बाँडेर लिने सवालमा अजातशत्रु, वैशालीका लिच्छवि, कपिलवस्तुका शाक्य, अल्लकप्पका बुलिय, रामग्रमका कोलिय, पावाका मल्ल र कुसीनाराका मल्ल गरी आठ समूहकाबीच मुठभेड श्रृजना हुन गई ठूलो विवाद खडा हुन्छ। पछि द्रोण ब्राह्मणले मध्यस्थता निभाउँछ, अस्थिधातुलाई आठ भाग गरी बाँडिन्छ, सबैले श्रद्धा र आस्थापूर्वक थूपचैत्य निर्माण गर्छन्। अस्थिधातु पाउन पिप्पली वनका मौर्यहरू पनि आइपुग्छन् तर वितरण कार्य समाप्त भैसकेको हुन्छ र उनीहरूले गोल एकत्रित गरी त्यसैको थूप बनाउंछन् जस्लाई अङ्गार चैत्य भनिन्छ।



Downloaded from http://dhamma.digital/

## ५७) धर्म संगायना

बुद्धको महापरिनिर्वाण पश्चात् उहाँको धर्म र विनयलाई भविष्यसम्म टिकाइराख्न, परिनिर्वाण पश्चात् देखापरेका विकृति र असंयमतारूपी धूलोलाई समाप्त पार्न र तथागत शास्ताको स्मृतिको सम्मान प्रदर्शन गर्न बुद्धका प्रमुख शिष्यहरूले ४ महिनापछि अर्थात् सम्भवतः श्रावण महिनामा ५०० जवान भिक्षुहरू जमघट भई राजगृहमा प्रथम धर्म-संगायना (महाधिवेशन) गरी बुद्ध-वचनलाई एकै ठाउँमा संग्रह गरी एकाबद्ध गर्ने कार्य भयो, जसलाई संगायना वा संगीति भनिन्छ। यसको १०० वर्ष पछि वैशालीमा दुतीय धर्म संगायना भयो भने बुद्ध-परिनिर्वाण पश्चात २३६ वर्ष पछि स्रमाट अशोकको पालामा तृतीय संगायना (महाधिवेशन) पाटलीपुत्र (पटना) मा भएको थियो, जुन संगायना (महाधिवेशन) लाई विशेष महत्वपूर्ण संगायनाको रूपमा लिइन्छ। पछि प्रथम शताब्दिमा श्रीलंकाका राजा वट्टगामिनी अभयको पालामा चतुर्थ धर्म-संगायना सम्पन्न भयो। यसै बेला लगभग ई. पू. २९ तिर त्रिपिटकलाई लिपिबद्ध गरिने कार्य भएको थियो भने त्यसपछि त्रिपिटक केवल सम्पादन र संशोधनको रूपमा इ. सं. १८७१ मा बर्माका राजा मेण्डनको समयमा पाँचौ धर्म-संगायना सम्पन्नका साथ ७२९ वटा संगमर्मरमा (Marble) सम्पूर्ण त्रिपिटक उत्कीर्ण गरिए। यसपछि पुनः बर्मा देशमै इ. सं. १९५४-५६ मा छैठौं धर्म-संगायना सम्पन्न भएको थियो।

## ५८) पिटक

"पिटक" बुद्ध-भाषा वा पालि (मागधी) भाषाको एक शब्द हो। हाम्रो भाषामा पिटकको अर्थ टोकरी (डालो) हुन्छ। पिटिकको प्रचलित अर्थ टोकरी भए तापनि मज्झिम निकायको सन्दक सुत्त र चङ्कीसुत्तको "पिटकसम्पदायं" शव्दले धार्मिक वाङ्मयलाई इंगित गरेको छ। त्यसैले धेरैले पिटकलाई टोकरी भनी



Downloaded from http://dhamma.digital/

अर्थ्याउने गरे तापनि यसलाई धार्मिक वाङ्मय भन्नु बढी उपयुक्तका साथै प्रासांगिक देखिन्छ ।

## ५९) त्रिपिटक

त्रिपिटक अर्थात् बौद्धहरूका एक आधार ग्रन्थ हो । त्रिपिटक बुद्धधर्मको सर्वाधिक प्रामाणिक ग्रन्थका रूपमा स्वीकारिन्छ। मुसलमानहरूका कुरान, इसाईहरूका बाइबल, हिन्दूहरूका वेद सरह बौद्धहरूको त्रिपिटक संरचना भएको देखिन्छ तर एउटा कुरा बौद्धहरूले त्रिपिटकलाई देवरचित एवं स्वप्रमाणित मान्दैनन् । परन्तु यसलाई एउटा प्राचीन् अन्य ग्रन्थहरूभन्दा फरक देखिन्छ। बुद्धले आफ्ना शिष्यहरूलाई उपदेश दिने क्रममा कुनै पनि ग्रन्थलाई स्वप्रमाणित नमान्ने शिक्षा दिनुभएको कुरा यहाँ स्मरणीय हुन आउँछ ।

## ६०) सर्वाधिक प्रामाणिक बौद्ध साहित्य

"त्रिपिटक" नै बौद्धहरूका सर्वाधिक प्रामाणिक बौद्ध साहित्य र बौद्ध वाङ्मय हो । सुत्त पिटक, विनय पिटक र अभिधम्म पिटकको समग्र रूप नै त्रिपिटक हो । थेरगाथा ग्रन्थ अनुसार त्रिपिटक ग्रन्थमा ८४,००० धर्म-शिक्षापद (धर्मस्कन्ध) छन्, जसमध्ये ८२,००० धर्मस्कन्ध स्वयम् बुद्धद्वारा देशित हुन् भने बाँकी २००० उहाँका शिष्य भिक्षुहरूका देशना हुन् । त्रिपिटकमा जुन धर्म-देशना र ज्ञान उपलब्ध छन्, ती ज्ञानभन्दा बढी हामीलाई बुद्धको नजिक लाने ज्ञान अर्को छैन। जहाँसम्म बुद्धको व्यक्तित्वको सवाल छ, बुद्धधर्म र दर्शनको प्रश्न छ, त्यसको सबैभन्दा सजिलो चिनारी वा परिचायक भन्नु नै त्रिपिटक हो । समग्र पिटक वा त्रिपिटकमा बुद्धको महान् व्यक्तित्व, उहाँको जीवन-दर्शन, जीवनोपयोगी उपदेश, समाजमा सामाजिक भएर जीवन जीउने कलाले व्याप्त भइराखेका छन् । त्यसमा



Downloaded from http://dhamma.digital/

बुद्धको असीम, अद्भूत, आश्चर्यजनकका साथै कल्याणकारी धर्म-गाथा, ब्रह्मकाया र बोधिकाया रूपी उपदेशहरू त्रिपिटकमा अमूर्त रूपले सर्वत्र व्याप्त रहेका छन् । संक्षेपमा भन्नुपर्दा "दुःख र दुःखबाट मुक्ति"– यही नै यथार्थतः त्रिपिटकको जीवनोपयोगी उपदेश हो ।

## ६१) सुत्त पिटक

"त्रिपिटक" असीम एवं अपार धर्म-दर्शनले भरिपूर्ण साहित्यरूपी धर्म-भण्डार वा खानी हो । यसलाई तीन भागमा विभाजित गरिएका छन्– सुत्त पिटक, विनय पिटक र अभिधम्म पिटक । सुत्त पिटकलाई पाँच निकाय वा शास्त्रमा विभाजन गरिएका छन्, जो यस प्रकारका छन्– दीघ निकाय, मज्झिम निकाय, संयुक्त निकाय, अंगुत्तर निकाय र खुद्दक निकाय । सुत्त पिटक उपदेश-रूप वा व्यवहार-देशना (वोहार देसना) को शास्त्र हो । यस्लाई अधिचित्त शिक्षा अन्तर्गत पर्दछन् पनि भनिन्छ ।

## ६२) विनय पिटक

विनय पिटक स्वयम् परिपूर्ण ग्रन्थ हो, किन्तु यसको विषय वस्तुलाई तीन भागमा बाँडिएका छन्– सुत्त विभंग, खन्धक र परिवार । सुत्त विभंगको दुई विभागहरू पाराजिका र पाचित्तिय, खन्धकको दुई भाग महावग्ग र चुल्लवग्ग हुन् । विनय पिटक संयम-रूप र आज्ञा देशना (आणा देशना) को शास्त्र हो । विनय पिटक बौद्ध सङ्घको संविधान हो । यसमा विनय-नियमहरू के कति कारण र कुन परिस्थितिमा प्रतिपादन गर्नु परेको हो त्यसको वर्णन निहित छन् । यस्लाई अधिशील शिक्षा अन्तर्गत पनि मानिन्छ ।



Downloaded from http://dhamma.digital/

## ६३) अभिधम्म पिटक

अभिधम्म पिटकमा ठूल्ठूला सातवटा ग्रन्थहरू छन, जसमा नाम हुन्– धम्मसङ्गणि, धातुकथा, पुग्गलपञ्ञत्ति, कथावत्थु, यमक र पट्ठान । अभिधम्म पिटक तत्व-रूप वा उच्चतर परमार्थ-देशना (परमत्थ देसना) को शास्त्र हो । अभिधर्म पूर्णतः दार्शनिक ग्रन्थ हुन्, यसमा चित्त, चेतसिक, रूप र निब्बाण वा मन र पदार्थका विभिन्न रूप र सिद्धान्त बारे चर्चा गरिराखेका छन् । यसरी हेर्दा सुत्त पिटककमा बौद्ध परम्पराका लागि अधिचित्त शिक्षा रहेका छन् भने विनय पिटकमा अधिशील शिक्षा र अभिधम्म पिटकमा अधिप्रज्ञाशिक्षा निहित रहेका छन् ।

## ६४) महत्वपूर्ण घटनाक्रम

बुद्ध जीवनीका महत्वपूर्ण घटनाहरू तल उल्लिखित समयकालमा घटेका थिए–

| घटना | सिद्धार्थको वर्ष | ई.पू. |
|---|---|---|
| जन्म | | ५६३ |
| विवाह | १६ | ५४७ |
| गृहत्याग | २९ | ५३४ |
| बोधिज्ञान लाभ | ३५ | ५२८ |
| धर्मचक्र प्रवर्तन | ३६ | ५२८ |
| महापरिनिर्वाण | ८० | ४८३ |



Downloaded from http://dhamma.digital/

## ६५) लुम्बिनी : अशोक स्तम्भको अभिलेख

**देवान पियेन पियदसिन लाजिन वीसति वसाभिसितेन**
**अतन आगा च महियिते हिदबुधे जाते शक्य मुनीति**
**सिला विगदभिचा कालापित सिलाथभे च उसपापिते**
**हिद भगवं जातेति लुंमिनी गामे उवलिके कटे**
**अठ भागिये च**

(ब्राह्मीलिपि)

नेपालीमा रूपान्तर :

देवताका पृय पृयदर्शी राजा (अशोक) आफ्नो राज्याभिषेकको बीस वर्षपछि शाक्यमुनी बुद्ध जन्मेको यस ठाउँमा आफै आएर पूजा गरी त्यसैको उपलक्ष्यमा शिलास्तम्भ खडा गर्न लगाई लुम्बिनी गाउँलाई करमुक्त गरिदिए ।

## ६६) लुम्बिनी : श्वेनत्साङ्को शब्दमा

वाणश्रोतदेखि उत्तर-पूर्वमा अस्सी-नब्बे ली. टाढा गएपछि लुम्बिनी आई पुग्छ। यहाँ शाक्यहरूको स्नान गर्ने एउटा कुण्ड थियो। कुण्डको पानी सिसा जस्तै स्वच्छ-सफा थियो भने चारैतिर विभिन्न प्रकारका फूलहरू सजिएका थिए। यस कुण्डबाट चौविस-पच्चीस पाइला टाढा उत्तरतर्फ यौटा अशोक वृक्ष थियो, जुन सुकिसकेको थियो। यहीं बुद्धको मनुष्य लोकमा जन्म भएको थियो। बुद्धको जन्म तिथि उत्तर बैशाखको अष्टमी अर्थात् चीनि पंचाग अनुसार तेश्रो महिनाको आठौं दिनमा भएको थियो। स्थविरवादीरूको मान्यता थियो कि उत्तर वैशाखको पूर्णिमा अर्थात् चीनी पंचाग अनुसार तेश्रो महिनाको पन्ध्र दिन थियो।

यस वृक्षको पूर्वमा एउटा अशोक स्तूप थियो, जहाँ दुईवटा नागहरूले नवजात राजकुमारलाई प्रथमवार नुहाइदिएका थिए। आफ्नो जन्म हुने वित्तिकै कसैको सहारा विना नै स्वयम् चल्न हिंड-डुल गर्न सक्थे। उनले क्रमशः पूर्व,



Downloaded from http://dhamma.digital/

दक्षिण, पश्चिम र उत्तर गरी चारै दिशामा सात सात कदम पाइला टेकी घोषणा गरे "आकाश र धर्तीमा म नै सर्वश्रेष्ठ पुरुष हुँ। अब मेरो पुनर्जन्म कहिल्यै हुनेछैन।" (= अग्गो हमस्मिं लोकस्स अयं अन्तिमा जाति, नत्थिदानि पुनब्भवो, ति। पालिमा प्रचलित– अनु.) जहाँ जहाँ उनले पाइला टेकेका थिए त्यहाँ त्यहाँ कमलको फूल फुलेका थिए भने दुईवटा नाग धरतीबाट आकाशतर्फ उडे। यौटा नागले धरतीमा तातो (= उष्ण) पानी तथा अर्कोले चिसो (= शीतल) जल छर्केर राजकुमारलाई नुहाइदिए। राजकुमार स्नान-स्तूपको पूर्वमा दुईटा नाग आकाशमा उडेका थिए। त्यसैबेला मायादेवीको छेउमै जमिनको दुईतिरबाट पानी निस्के, एक ठाउँबाट तातो र अर्को ठाउँबाट चिसो पानी आए र सबैले नुहाए। पानी निस्केको ठाउँबाट दक्षिणमा पनि एउटा स्तूप थियो जहाँ इन्द्रले नवजात बुद्धलाई स्वागत गरेका थिए। जब बुद्धको जन्म भइसकेको थियो, इन्द्रले घुँडा टेकी दैवी वस्त्रद्वारा उनको स्वागत गरेका थिए। त्यसको नजिकै चार स्तूप थिए, जहाँ चार देवराजाले बुद्धलाई आफ्नो हातमा थापेका थिए। जब बुद्ध दाहिने काखबाट उत्पन्न भए, तव चार देवराजाहरूले बुद्धलाई सुवर्ण कम्बल ओढाई पिर्कामा बसाए र मायादेवीलाई भने "यहाँले एउटा सौभाग्यशाली पुत्रलाई जन्म दिनु भएको छ। यो धेरै नै खुशीको कुरा हो। जब समस्त देवतागण समेत प्रफुल्लित भएका छन् भने संसारियाहरूको कुरै नगरौं"।

यी चारस्तूपहरूको केही पर यौटा ठूलो शिला स्तम्भ थियो, जसमा अश्व (= घोडा) को प्रतिमा बनेको थियो। यो स्तम्भ सम्राट अशोकले निर्माण गरेका थिए। पछि एक जना द्वेषी नागद्वारा प्रदर्शित बिजुली (ज्वाला) बाट यस स्तम्भ बीचमै टुटी त्यसै धरतीमा लडेका थिए। यसको नजिकै (दक्षिण-पूर्व बहने) एक नदी (सरिता) थियो। यो स्थानीय जनताहरूका बीच "स्निग्ध सरिता" भनी प्रचलित थिए। जब मायादेवीले पुत्रलाई जन्म दिइन् तब देवताहरूले स्निग्ध कुण्ड उत्पन्न गरेका थिए ताकि मायादेवीले यसमा नुहाएर स्वच्छता प्राप्त गर्न सकुन्। यो कुण्ड अहिले एउटा नदीमा परिणत भैसके र पनि यसको पानी तैरिरहेको (बुलबुल) देखिन्थ्यो।



Downloaded from http://dhamma.digital/

## ६७) लुम्बिनी : चिनीया यात्री फाहियानको शब्दमा

कपिलवस्तु नगरबाट ५० ली. पूर्वमा यौटा बगैंचा थियो। बगैंचाको नाम लुम्बिनी हो । त्यहाँ महारानीले एउटा कुण्ड (पोखरी) मा नुहाएकी थिइन् । त्यसपछि पोखरीबाट उत्तर कुना भएर माथि उत्रिन् । २० पाइला जति अगाडि हिंडिन् र उनले आफ्नो हात उठाएर यौटा वृक्षको हाँगा पूर्व दिशा फर्केर समाइन् । यसपछि कुमारलाई जन्म दिइन् । कुमारले पृथ्वी- स्पर्श गरी सातपाइला टेके । दुईजना नागराजाहरूले कुमारलाई नुहाइ दिए । नुहाइदिएको स्थलमा इनार बनाइयो । स्नान गराइएको स्थल इनारमा अद्यावधि श्रमणहरूले पानी लिने गरिरहेका छन् । पानी पिउने गरेका छन् ।

## ६८) लिच्छविकालमा चैत्य

नेपालका पूर्व लिच्छविकालका र उत्तर लिच्छविकालका हजारौं चैत्यहरू नेपाली बौद्ध जनताको धर्मप्राण श्रद्धा र श्रमको पवित्र प्रतीक हो। नेपाली जनसंख्याको अनुपात र भू-क्षेत्रको आयामबाट विचार गर्दा यस देशमा यतिका चैत्यहरू हुनु, यतिका कलात्मक, वास्तुकलात्मक, अभिव्यञ्जनात्मक प्रतीकका चैत्यहरू हुनु नेपालको आफ्नै विशेषता हो। सांस्कृतिक सम्पदाको अक्षय निधि हो। लिच्छवि चैत्यको अध्ययनमा पुराना वंशावली (भूतवृतान्त), गोपाल राजवंशावली आदि पनि उल्लेखनीय श्रोत हुन्। उदाहरणको लागि केही दृष्टान्त प्रस्तुत गरिन्छ। राजा विश्व (वृष) देवले सीनगु (स्वयम्भू) विहार चैत्य भट्टारिकाको प्रतिष्ठा गरे । राजा धर्मदेवले राजविहार बनाइ धमरे चैत्य भट्टारिकको प्रतिष्ठा गरे। राजा मानदेवको तपस्याको प्रभावबाट ठूलो चैत्य उत्पन्न भयो। राजा शिवदेवले खासौ चेत (बौद्ध) प्रतिष्ठा गरे ।



Downloaded from http://dhamma.digital/

## ६९) नेपालका चैत्यहरूको विभिन्न नाउँ

नेपालका विशेषतः काठमाडौं उपत्यकामा श्रद्धालु बौद्धहरूले चैत्यको कला र वास्तुकला आश्चर्यजनक रूपमा वृद्धि विकार गरे। साथै यी कला र वास्तुकलामा दार्शनिक अभिव्यञ्जन पनि अत्यन्तै व्यापक र गहन बनाउँदै लगे। यसै अनुरूप चैत्य महाचैत्य मात्र भएको होइन, अपितु चैत्यहरूको नाउँ पनि अभिवृद्धि हुँदै गयो।

चतुर्व्युह चैत्य, शिखरकूट चैत्य, पद्मावलि चैत्य, ज्वालावलि चैत्य, पद्मज्वालावलि चैत्य, जलह्युपरि सुमेरु चैत्य, सुमेरु चैत्य, अष्टकोण चैत्य, अष्टकोण परिपद्मावलि चैत्य, वज्रधातु चैत्य, धर्मधातु चैत्य, चित्तचैतन्य चैत्य, पञ्चजीनालय चैत्य, पञ्चबुद्ध चैत्यबाहार, धर्मधातु बागीश्वर चैत्य, धर्म धातु जिनालंकृत चैत्य, जलह्योपरे जिनालंकृत चैत्य, बोधि चैत्य, रम्यकूटागार चैत्य, विम्ब र चैत्य, चारधाम बुद्धगया चैत्य, घटकूट चैत्य, नितंसप्त पद्मासन चैत्य, धातु चैत्य, उष्णीष विजय धर्मपारंगत चैत्य, व्यदिकोपरिस्मृति चैत्य, रत्न चैत्य, घण्टाकार चैत्य पद्मोपरि जिनालंकृत चैत्य, छत्राकार चैत्य, नमोबुद्ध चैत्य, श्रीलंका चैत्य, मंगल बहुद्वार चैत्य, कनकचैत्य आदि नाउँ यसैको उदाहरण हो। पालि भाषामा पनि धान्यागार र बुब्बुलाकारथूपको वर्णन पाइन्छ। त्यस्तै यी चैत्यहरूका नामाकरणमा केही प्राचीन चेतिय नाउँसँग तादात्म्य सम्बन्ध राख्दछ भने बहुसंख्यक नाउँ श्रद्धावश कलात्मक पक्ष र दार्शनिक भावलाई संगालेर राखिएका पछिल्ला नाउँहरू हुन्।

## ७०) ऐतिहासिक चारुमती स्तूप

वस्तुतः ऐतिहासिक चारुमती स्तूपलाई अशोककालीन चैत्य मानिन्छ। सम्राट अशोकले आफ्नो राज्यकालको अन्त्यतिर ई. पू. २३० ताका हिमालय भेकमा धर्म प्रचार गर्न मज्झिम स्थविरको नेतृत्वमा पाँचजना स्थविर– मज्झिम, कस्सपगोत्र, मूलदेव, सहदेव र दुन्दुभिसारको एउटा शिष्ट मण्डल पठाएको कुरा



Downloaded from http://dhamma.digital/

लंकाको महावंशमा उल्लिखित छन् । यी स्थविरहरूमध्ये एकजना हिमवन्त वा हिमालय प्रदेश अन्तर्गत नेपालमा आई धर्म प्रचार गर्न आएको अनुमान गर्न सकिन्छ । प्रचलित वंशावली, पुराण अनुसार शाक्यमुनि बुद्ध नेपाल उपत्यकामा आए-आएनन्, सम्राट अशोक पनि आए-आएनन् भन्ने कुराको विवाद यथावत कायम नै छ । यसरी नै अशोककै छोरी चारुमती उपत्यकामा आई चारुमती स्तूप लगायत अन्य अशोक स्तूप बनाए भन्ने मान्यता पनि रही आएको छ । आज कसैले चारुमती स्तूपलाई ऐतिहासिक होइन भनी भन्नलाई विना ठोस प्रमाण मन गढन्ते रूपमा भन्नु राम्रो कुरा होइन ।

## ७१) नेपालमा अशोकको आगमन

डा. डि. राइट (History of Nepal, Cabbridge, 1877, pp-13) का अनुसार किराँती राजा स्थुंगको राज्यकालमा बौद्ध सम्राट अशोक आफ्ना गुरु उपगुप्त, महारानी तिष्यरक्षिता र एक जना छोरी राजकुमारी चारुमतीको साथमा नेपाल आए, आफ्नो नाउँमा एउटा शहर अशोकपतन बसालेर यसको चार कुनामा चार ओटा र माझमा एउटा स्तूप बनाए, एउटा विहार पनि स्थापना गरे, कीर्तिपुरमा पनि एउटा स्तूप बनाए । सम्राट उपत्यकाको बौद्ध महत्वको प्रत्येक स्थानमा गए । उनले राजकुमारी चारुमतीको विवाह अशोकपतनका राजकुमार देवपालसँग गिरिदए । यही देवपालको नाउँबाट देवपत्तन (द्यौपाटन) को स्थापना भयो । सम्राट अशोकले देवपाललाई देवपत्तनका शासक बनाए, ३६०० रोपनी जग्गा दिए । चारुमतीले देवपत्तनमा एउटा विहार बनाइन्, जुन उनकै नाउँबाट चारुमती विहार (स्थानीय बोली-चाबहिल) भनियो । पाको उमेरका भएपछि देवपाल र चारुमती दुबैले प्रव्रजित जीवन बिताए । चारुमतीको मृत्यु चारुमती विहारमा नै भयो । देवपालले पनि एउटा विहार बनाए तर यसको निर्माण नसकिँदै उनको



Downloaded from http://dhamma.digital/

मृत्यु भयो । यो वंशावलीमा कसरी चारुमतीको कुरा देखियो यस वारे नेपालमा वौद्धधर्ममा तुलनात्मक र समीक्षात्मक अध्ययन गर्नुपर्ने इतिहासविद् भुवनलाल प्रधानको आशय रहेको छ । स्तूपको प्रश्नमा पाटनका चार प्रसिद्ध थूरहरू (स्तूप) शैलीको दृष्टिबाट साँची, सारनाथ र कुशीनगर आदि ठाउँमा पाएका माटोको थुम्कोको थुबे (थूर) शैलीसँग समानता राख्दछ । त्यसैले पनि भलै अशोक आएनन् रे, चारुमती पनि आइनन् रे, तर चारुमती स्तूपको प्राचीन्ता बारे भने शङ्का गर्ने ठाउँ छैन ।

## ७२) लिच्छविकालीन विहारहरू

त्यसो त लिच्छविकालीन इतिहासबाट त्यतिबेला श्रीमान विहार, श्रीराजविहार, खर्जरिकाविहार, मध्यमविहार, श्रीशिवदेव विहार, कल्याणगुप्तविहार, अभयरूचिविहार, सुजात प्रभु विहार, पुष्प बाटिका विहार, आजिका विहार आदि विहारहरू भएका कुरा लिच्छवीकालीन अभिलेखबाट प्रमाणित भैसकेको छ । त्यस बेलाका विहारहरूमा सबैभन्दा पुरानो र प्रतिष्ठित विहार **गुं विहार**लाई नै मानिन्छ । अंशुवर्माको हाँडिगाउँको अभिलेखमा **गुं विहार**लाई पशुपतिनाथ, चाँगुनारायणको दोलखाशिखरस्वामिको श्रेणीमा राखिएको छ भने त्यतिबेला सम्मान स्वरूप दिइने भाग **गुं विहार**लाई पनि पशुपतिनाथ र चाँगुनारायण सरह ६ पुराण २ पण दिइने कुराले यस विहारको विशिष्ट स्थान रहेको कुरा स्पष्ट छ । वर्तमान साँखु-वज्रयोगिनी नै प्राचीन् **गुं विहार**को हो भन्ने मत धनवज्र बज्राचार्य मान्नुहुन्छ र **गुं** शब्द किराँत परिवारको भाषाको मानी किराँतकालमै नेपालमा बुद्धधर्म प्रवेश भैसकेको संकेत गर्नुहुन्छ । स्थविरवादीहरूको मुख्य विहार **गुं विहार** पछि वज्रयानीको विहारमा परिणत भएको कुरा धनवज्र वज्राचार्यले उल्लेख गर्नु भए अनुसार चारुमती स्तूपको प्राचीनता अशोककालीन मानिएतापनि कालान्तरमा वज्रयानी



Downloaded from http://dhamma.digital/

परम्परावाट प्रभावित भएको कुरा मान्ने सामग्री यथेष्ट छन्। धनवज्र बज्राचार्यले लिच्छविकालको अभिलेख संग्रह (वि. सं. २०३०) मा लिपि, अभिलेख शैली र वंशावलीको आधारमा वृषदेवकालीन मानेर अग्रस्थानमा राखिएको चाबहिलको अभिलेखमा वर्णित **माघवर्षे काले आषाढशुदिव** १० को वचनको आधारमा गणना गरी हेर्न सके समय-निर्णय हुने सम्भावना व्यक्त गर्नुहुन्छ। चाबहिलको प्रस्तुत अभिलेख र यसमा प्रयुक्त शब्द **निन्नरी**, **महामुनि**, **भवविच्छिद्** बुद्धधर्मको इतिहासमा अत्यन्त महत्व राख्दछ।

## ७३) चारुमतीको ऐतिहासिकता बारे

वंशावली अनुसार चारुमतीले बनाएको विहार नै चायबहिल हो भन्ने लोक धारणा छ। दिव्यावदानमा भएको अशोकको यात्रा वर्णन बुद्ध-जीवनी क्रम अनुसार भएको छ र लुम्बिनी पछि अशोक कपिलवस्तु हुँदै दक्षिणतिर लागेको थियो, न कि उत्तरतिर। अशोकका छोरा महेन्द्र र छोरी सङ्घमित्रा बारेमा अशोकका शिला अभिलेखहरू मौन छन् भने वाङ्मयमा कतै चर्चा नगरिएका अशोककी रानी र छोरीको नाउँ पनि पाइएको छ। प्रयागको सम स्तम्भमा दुतीय देवी तीवरको आमाको नाउँ कारुवाकि आएको छ। कारुवाकि : डाक्टर राजवली पाण्डेयको अभिप्राय अनुसार चारुमती पनि हुन सक्छ। अशोककी चारुवाकी नाउँकी तीवरकी आमा दुतीय देवी अर्थात् कान्छी रानीको नाउँ पालि वाङ्मय र संस्कृत वाङ्मयमा प्रसिद्ध छैन। यस उसले प्रयागको स्तम्भमा पांइएकोले अशोककी चारुमती नाउँकी छोरी हुनसक्ने कुरा *नेपाल उपत्यकामा बुद्ध धर्ममा* भिक्षु सुदर्शनको आशय देखिन्छ। अशोकको धर्मयात्राको अभिलेखहरूमा, महावंश र दीपवंशादि पालि वाङ्मयमा अशोकको नेपाल उपत्यका आगमन बारे केही उल्लेख भएको छैन। यति हुँदा हुँदै पनि महिन्द र सङ्घमित्ताबारे अभिलेख मौन भए जस्तै चारुमती बारेमा पनि




Downloaded from http://dhamma.digital/

वाङ्मय मौन भएको भए कुनै आश्चर्य छैन । किनभने अशोककी द्वितीय देवी (रानी) कारुवाकी (चारुवाकी) भएको अभिलेखबाट सिद्ध भएकोले चारुवाकीको छोरी तीवलकी दिदी वा बहिनी चारुमती भन्ने हुनसक्ने सम्भावना नकार्न नसकिने भन्ने कुरालाई पनि स्वीकार्न सकिन्छ ।

सन्दर्भ स्रोत :

संक्षिप्त दीघ निकाय/मज्झिम निकाय, कोण्डन्य
वुद्ध-वचन, महास्थविर ञाणातिलोक, अनु. नानी मैया मानन्धर
बौद्ध दर्पण, प्रकाश वज्राचार्य
जगमोहन वर्म्माले १९७६ मा हिन्दीमा अनुदित चीनी यात्री फाहियानको यात्रा विवरण
ग्रन्थ, आनन्द भूमि : वर्ष २९, अंक ६, १२
आनन्द भूमि : वर्ष ३०, अंक ९
धर्मकीर्ति : वर्ष १६, अंक १, ४, ५





Downloaded from http://dhamma.digital/

## बौद्ध-सामान्य ज्ञान अभ्यास

१) चतुर आर्यसत्य भन्नाले के बुझ्नु हुन्छ ?

२) दु:ख आर्य-सत्य, दु:ख समुदय, दु:ख निरोध र दु:ख निरोध गामिनी प्रतिपदा आर्य-सत्यलाई संक्षिप्तमा परिचय दिनुहोस् ।

३) कुशलको मूल कारण के के हुन् ?

४) ९ वटा बुद्ध गुणबारे लेख्नुहोस् ।

५) बुद्ध हुन के चर्या गर्नुपर्छ ?

६) चार प्रकारका मानिसहरू र चार किसिमका बादलहरू के के हुन् ?

७) नायक गुणहरू के के हुन् ?

८) अष्ट लोकधर्मबारे के थाहा छ ?

९) विश्वास कसरी गर्नुपर्छ भनी बुद्धले उपदेश गर्नुभएको छ ?

१०) उपस्थापक भिक्षु आनन्दले के कस्ता शर्तहरू प्रस्तुत गरेका थिए ?

११) निर्वाणबारे आफूलाई थाहाभएको कुरा लेख्नुहोस् ।

१२) कसरी धर्म र विनय नै शास्ता हुन्छ ?

१३) तथागतको पवित्र अस्थिधातु विभाजनबारे लेख्नुहोस् ।

१४) त्रिपिटकबारे लेख्नुहोस् ।

१५) लुम्बिनी अशोक स्तम्भ अभिलेख बारे के थाहा छ ?

१६) श्वेनत्साङ्को शब्दमा लुम्बिनी कस्तो थियो ?

१७) ऐतिहासिक चारुमती स्तूपबारे के थाहा छ ?



Downloaded from http://dhamma.digital/

# गृही-विनय

लेखक

**भिक्षु अमृतानन्द महास्थविर**

अनुवादक

**केशवलाल कर्माचार्य**

377

Downloaded from http://dhamma.digital/

378

Downloaded from http://dhamma.digital/

# नमस्कार गर्नुपर्ने छःवटा दिशा

गृहपतिपुत्र ! भय अर्थात् निन्दा भन्ने बस्तु मानिसलाई छ : तिरबाट आउँछ। ती छ : तिर अर्थात् छ : दिशाबाट आउने भयलाई प्रतिच्छादित (रोकी) गरिराख्नु पर्दछ। छ : तिरबाट आउने निन्दादिभय नआउने गरी आचरण गर्नुपर्दछ। निन्दादि भय नआउने गरी आचरण गर्नुलाई नै 'प्रतिच्छादन' भनिन्छ।

यहाँ पहिले छ : दिशाको अर्थ केहि बताउँछु सुन-

*(पूर्वदिशा=आफ्नो अगिल्तिर । दक्षिणदिशा=दाहिनेतर्फ । पश्चिमदिशा=पछिल्तिर । उत्तरदिशा=देब्रेतर्फ । अधोदिशा=तलतिर । उर्द्धदिशा=माथितिर ।)*

(१) पूर्वदिशाको मतलब 'मातापिता' हो।

(२) दक्षिणदिशाको मतलब 'आचार्य गुरुजन' हो।

(३) पश्चिमदिशाको मतलब 'पत्नी पुत्र-पुत्रीहरू' हो।

(४) उत्तरदिशाको मतलब 'हितचिन्तक मित्रहरू' हो।

(५) अधोदिशाको मतलब 'नोकर चाकरहरू' हो।

(६) उर्द्धदिशाको मतलब 'श्रमण ब्राह्मणहरू' हो।

आमाबाबुलाई पूर्वदिशा भनेको मतलब- छोराछोरीभन्दा पूर्व (पहिले) यस लोकमा भएको हुनाले हो। र छोराछोरीलाई सबभन्दा पहिले (पूर्व) उपकार गर्ने व्यक्तिहरू हुनुभएको हुनाले हो।

आचार्य गुरुजनहरूलाई दक्षिणदिशा भनेको मतलब-दक्षिणा प्रदान गर्न योग्य व्यक्ति भएको व्यक्ति भएको हुनाले हो। 'दक्षिणा' को अर्थ कर्म (गर्नुपर्ने काम)



Downloaded from http://dhamma.digital/

# आमाबाबुप्रति छोराछोरीको कर्त्तव्य

गृहपतिपुत्र ! पाँच प्रकारले छोराछोरीले पूर्व दिशा समानका आमाबाबुको प्रत्युप्रष्ठान (सेवा भक्ति) गर्नु पर्दछ-

(१) मलाई आमबाबुले बालकावस्थादेखि दूध ख्वाई भरण पोषण गरे । अतएव मैले पनि मेरा आमाबाबुलाई भरण पोषण तथा सेवाटहल गर्नु पर्दछ । जन्म भएकै बेला देखिनै आमाबाबुले दूध ख्वाई, तेल घसी, अलिकति पनि घीन नमानी मलमूत्र सफा गरी, स्याहार-संभार गरी मेरो पालन गरे । अलि ठूलो भएपछि पनि विद्या पढाई शिल्पादि शास्त्र सिकाई, लाउने-खाने वस्तु दिइ विद्वान् बनाई दिए । 'मेरो छोरा, मेरी छोरी' भनी माया गरेर काखमा सुताई हुर्काइदिए । मैल पनि वहाँहरूको प्रत्युपष्ठान् (सेवा) गर्नु पर्दछ' भन्ने मनमा लिई वहाँहरूको वृद्धावस्थामा, हेला नगरी जीवन भर सेवा सुश्रुषा गर्नु पर्दछ । आमाबाबुलाई नुहाउन न्यानो पानी चाहिए न्यानो पानी, चिसो पानी चाहिए चिसो पानी ठीक गरिदिनु पर्दछ । विरामी पर्दा बैद्य बोलाई राम्रो औषधि गरी दिनु पर्दछ । नियमित समयमा औषधि सेवन गराउनु पर्दछ । ख्वाउनु-बर्नु काममा भक्तिपूर्वक लाग्नु पर्दछ । खुट्टा मिच्नु पर्दछ भने खुट्टा पनि मिचिदिनु पर्दछ । वृद्धावस्थाका आमाबाबुलाई कुनै प्रकारको दु :ख मनमा उत्पन्न नहुने गरी सेवाटहलमा लाग्नु पर्दछ आफूलाई थाहा नभए जाने सुनेका भिक्षुहरूलाई निमन्त्रणा गरी धर्मका कुराहरू सुन्नदिने काम गर्नु पर्दछ ।

(२) आमाबाबुलाई आइपरेको तथा आइपर्ने सरकारी कामकाज जम्मैको भार आफूले बोकिदिनु पर्दछ ।

(३) आमाबाबुको बिंडो थाम्न सक्नु पर्दछ । कुलवंश स्थीर गर्न सक्नुपर्दछ । सदाचार, कुलाचरणको परम्परालाई ग्रहण गर्न सक्नु पर्दछ । आमाबाबुको कमाई



Downloaded from http://dhamma.digital/

राखेको धन सम्पत्ति अर्थात् खेत-बारी, ज्वाहारात, आदि विनाश नगरी दानादि गर्ने कुशल चर्यालाई रक्षा गर्नु अर्थात् कुलवंश रक्षा गर्न सक्नु पर्दछ ।

यदि आमाबाबुले प्राणी हिंसा गर्ने काम, अर्काको धन चोर्ने काम, व्यभिचार गर्ने काम, झुठो बोल्ने काम, जाँड रक्सी आदि पिउने काम र शुद्ध बौद्ध गृहस्थहरूले गर्न नहुने पाँच प्रकारका व्यापार (प्राणी बेच्ने, शस्त्र बेच्ने, विष बेच्ने र मासु बेच्ने ।) गरिराखेका छन् भने, त्यस्ता अकुशल आचरणलाई छाडी धर्मानुकूलको काम गरी धन कमाई आमा बाबुले भन्दा बढ्ता उन्नति गर्न कोशिश गर्नुपर्दछ । यस प्रकारले सदाचार, सद्व्यवहारको रक्षा गरी दुराचार दुर्व्यवहारलाई त्याग्नु नै कुलवंशको रक्षा गर्नु हो ।

यदि आमाबाबुले हरेक महीनामा एकपटक वा दुईपटक वा तीनपटक दान गर्ने नियम गरिराखेका रहेछन् भने त्यसलाई नमास्ने र सके झन् बढाउनु पर्छ । यस प्रकारले वृद्धि गरेर लैजानुलाई 'कुलवंश गर्नु' भन्दछन् ।

(४) छोरा भएर जन्मेपछि आमाबाबुको 'अंश लिन योग्य' हुनु पर्दछ । अंश लिन योग्य भनेको मतलब यही हो कि त्यसबेलाको युगमा आमाबाबुको आज्ञा नमान्ने, कुलमा कलंक लगाउने दुर्वच अशिक्षित भएकोलाई 'तिम्रो मेरो कुलपुत्र होइन, निस्कि' भनेर अंश नदिने चलन रहेछ । आमाबाबुको आज्ञा मान्ने, कुलवंशको उन्नति गर्ने, इज्जत थाम्ने, आमाबाबुको कुरा सुनी रोजगार गर्ने । सुवच भई शिक्षित भएर बस्नलाई :-

१. प्राणी बेच्ने, शस्त्र बेच्ने, विष बेच्ने र मासु बेच्ने । मात्रै अंश लिई घरको मालिक बनाइराख्ने रहेछ । त्यसकारण वर्तमान समयमा पनि पुत्रवर्गले यथारीति योग्य छोरा भएर अंशलिन योग्य' भएर रहनु पर्दछ ।

(५) परलोक भैसकेका आमाबाबुहरूको नाममा दानशील-भावनामय पुण्य-कार्य गरी, आफूलाई प्राप्त भएको पुण्य सम्पत्ति वहाँहरूलाई प्राप्त होस् भनी



Downloaded from http://dhamma.digital/

मैत्रीपूर्वक पुण्यदान गर्नु पर्दछ । इहलोक छाडी परलोक गइसकेकाहरूलाई पुण्य बाहेक अरु थोक दिने कुरो केही नभएको हुनाले तिनीहरूको सम्झनामा बस्तुदान र धर्मदान दिने गर्नुपर्दछ । परलोक भइसकेका भनी आमाबाबुको गुणलाई बिर्सिदिनु हुन्न । त्यस्ता बिर्सनेलाई 'असत्पुरुष' भन्दछन् । अतएव तिनीहरूको नाममा पुण्यकार्य गर्नेलाई 'सत्पुरुष' भन्दछन् । परलोक प्राप्त आमाबाबुहरूको गुण सम्झी कृतज्ञता प्रकाश गर्नको निंति बौद्ध सदाचार अनुसार परलोक भएका तेश्रौं दिनदेखि भिक्षुसंघलाई संघदान दिनु पर्दछ । बखत-बखत कुनै भिक्षुलाई डाकी परलोक भएकाको नाममा धर्मोपदेश गराउने गर्नु । यस्तै प्रकार धर्म ग्रन्थहरूको लेखाई तथा छपाई प्रकाश गर्नु अथवा कुनै धर्मशास्त्रको पुस्तक प्रकाशनार्थ यथाशक्य सहायता दिनु । मृतकका नाममा पाठशाला बनाइ दिनु । धर्म प्रचार गर्न लाउनु । दु :खी गरीबहरूलाई उपकार गर्नु । यस प्रकारले गरिने धर्मकर्म जम्मै आमाबाबुको नाममा अर्पण गर्ने गर्नु । दिवंगतहरूको नाममा पुण्य गरी तिनीहरूलाई पुण्यदान गर्नु, गृही-धर्मानुसार दशपुण्य क्रियामध्ये 'पत्तिदान' नामक पुण्य पनि प्राप्त हुन्छ । केही गरी दिवंगतहरू अभव्य स्थानमा परिरहेका छन् भने, यसप्रकारले मैत्री पूर्वक अर्पण गरेको पुण्यको प्रभावले तिनीहरू त्यस अभव्य स्थानबाट मुक्त भई भव्यस्थानमा पुग्दछन् । यस प्रकारको चर्यालाई 'ज्ञाति धर्म' भन्दछन् ।

यस गृही-धर्मलाई भगवान् शाक्यमुनिले अनेक स्थानमा प्रशंसा गर्नु भएको छ । अतएव प्रत्येक बौद्धजनले यस बौद्ध रीतिलाई जानी राख्नु पर्दछ ।

फेरी भगवान्‌ले एक स्थानमा यस्तो आज्ञा गर्नु भएको छ कि गृहस्थीहरूले जे निहुँ थापेर भएपनि पुण्य गर्न पट्टि लाग्नु पर्दछ ।

अतएव उन्नतिको आशा गर्ने हरेक व्यक्तिले अकुशल संचय हुने प्रथा छाडी कुशल संचय हुन प्रथा ग्रहण गर्नु पर्दछ ।

गृहपतिपुत्र ! यसप्रकारले पूर्वदिशा समानका आमाबाबुलाई छोराछोरीहरूले पाँच प्रकारले प्रत्युप्रष्ठान अर्थात् सेवा टहल, भाव-भक्ति गर्नु पर्दछ ।



Downloaded from http://dhamma.digital/

## छोराहरूप्रति आमाबाबुको कर्तव्य

गृहपतिपुत्र ! पूर्वोक्त पाँच प्रकारले सेवाभक्ति गर्ने छोराहरूप्रति पूर्व दिशा समान भइरहेका आमावावुहरूले निम्न पाँच प्रकारले अनुकम्पा देखाउँछन्–

(१) नराम्रो बानी बसाल्न दिदैन । प्राणीघात आदि पञ्च दुश्शील मार्ग दिदैन । त्यस्तो दुश्शील काम गरेर हिंड्नेलाई अनेक प्रकारले अकुशल-कर्मको दु :ख विपाकको कुरा बताई, अनेक पापको दृष्टान्त दिई, उदाहरण देखाई धर्मोपदेश गर्दछन् । यसप्रकारले छोराहरूलाई पाप कर्मबाट बचाई पुण्यपथमा ल्याउँछन् ।

(२) असल असल काम कुरोमा लगाउँछन् । उत्तम उत्तम साधु महात्माहरूको सत्संगत गराउँछन् । सुपेसल शिक्षाकामी भिक्षु तथा गुरुहरूको आश्रयमा राख्दछन् । घरानी कुलीनहरू संगत गर्न लगाउँदछन् । अनाथपिण्डिक महाजनले झै आफ्ना छोरालाई पैसा दिई फकाई फुलाई भिक्षु श्रमणहरूको आश्रयमा राखी सुशिक्षित गराउँछन्, आचारी तथा सदचारी शीलबान् बनाउँछन् ।

## अनाथपिण्डिक पुत्र

भगवान् बुद्धको समयमा श्रावस्ती नामक नगरमा अनाथपिण्डिक भन्ने एकजना महाजन थिए । तिनको काल भन्ने एकजना छोरो थियो । भगवान्का अनन्य भक्त अनाथपिण्डिकको छोरो भए तापनि कालकुमारको भगवान्प्रति श्रद्धा शून्यमात्रै होइन, उल्टो भगवान् तथा भिक्षु श्रमणहरूलाई गाली गरेर हिंड्थ्यो । भगवान् आफ्नै घरमा पनि कहिलेकाँही आउनु नै भएता पनि नमस्कारसम्म गर्ने विचार पनि त्यसले गर्दैनथ्यो र धर्मकथा आदि सुन्ने इच्छा पनि त्यसको थिएन । आमाबाबुको कुरा कुनै सुन्दैनथ्यो । भगवान्मा श्रद्धा भक्ति राख्नु पर्दछ भन्ने बाबुको



Downloaded from http://dhamma.digital/

उपदेशलाई त्यसले टेर्दै टेर्दैनथ्यो । बाबु भएका अनाथपिण्डिकको मनमा भने– "यो छोरो कस्तरी मिथ्या दृष्टि भएको ? यस्तै भयो भने यो केटो दुर्गतिमा पर्नेछ । म छँदाछँदै यसलाई मिथ्यादृष्टि गरी दुर्गतिमा खस्न दिनु त उचित हैन ।" "अदन्तं दमनं दानं" अर्थात् जस्तैसुकै अदम्य पुद्गलहरूलाई दानद्वारा दमन गर्न सकिन्छ, विनीत गर्न नसकुँला र ? यसलाई म दानद्वारा दमन गर्दछु ।" भन्ने चिार उत्पन्न भइर हेको थियो छोरालाई डाकी तिनले भने– "प्रिय पुत्र ! विहारमा गई अष्टशील पालन गरेर आयौ भने तिमीलाई म एक हजार दाम दिन्छु ।"

"साँचै दिनु हुने हो ?"

"साँचै दिन्छु ।"

यस प्रकारले बाबुलाई कराल गराई त्यो कालकुमार शील ग्रहण गर्न विहार तिर हिंड्यो । शील ग्रहण पनि गऱ्यो । शील ग्रहण गरेपछि बेलुका धर्म-कथादि सुन्नु पर्दछ भन्ने कुरा त्यसलाई केही विचार भएको होइन । त्यो त बेलुका हुनासाथ एक कुनामा गई रातभरि मस्तसित सुती भोलिपल्ट बिहान सवेरै उठी घरतिर हिंड्यो ।

घर अएको छोरालाई देख्नासाथ बाबुचाहिंले, हिजो व्रत बसेको भोक लागेको होला भनी, पहिले खाने कुराको थाल परोसी दियो । तर, खाने कुरो वास्ता नगरी हिजो दिन्छु भनेको एकहजार दाम पहिले माग्यो । अनि बाबुले पनि छोराको जिद्दी देखेर दाम ल्याएर दिइदियो । दामको पोको पाएपछि मात्र कालकुमारले पनि खाने कुरो खायो ।

फेरि, एकदिन अनाथपिण्डिकले छोरालाई डाकी भने- " प्रिय पुत्र ! तिमी फेरि एकपटक भगवान् कहाँ गई वहाँले आज्ञा गर्नु भएको धर्म-पद एक लाईन सम्झेर मलाई सुनाउन सक्यौ भने अर्को एकहजार दिनेछु ।"

बाबुको यस्तो कुरा सुनी त्यो कालकुमार दाम पाउने लोभमा साह्रै खुसी हुँदै विहारमा गई भगवान्ले धर्मोपदेश गरिरहेको ठाँउमा गएर बस्यो । एकाग्र चित्तले सुनिरह्यो पनि ।



Downloaded from http://dhamma.digital/

कालकुमार त्यहाँ आएको कारण बुझी भगवान्‌ले आफ्नो ऋद्धिवलको प्रभावले धर्मोपदेशको एक अक्षर पनि त्यसले सम्झिराख्न नसक्ने गरिदिनु भयो ।

कुमारले पनि भगवान्‌को उपदेशको एक लाइन् सम्झिराख्न खूब केशिश गर्‍यो, तर एक शब्द पनि स्मृतिपटलमा अडाइ राख्न सकेन । माथिको पद नसके तलको पद त ग्रहण गरुँ भनी खूब कोशिशले एकाग्र चित्त गरी धर्मोपदेश सुनिरहृयो ।

जुन व्यक्तिले 'धर्मपद सम्झिराख्नु पर्दछ' भनी एकचित्त गरी धर्मश्रवण गर्दछ त्यस व्यक्तिले अवश्यमेव श्रोताप्रति आदि मार्ग-फल प्राप्त गर्दछ । कालकुमार पनि त्यस्तै दृढ भएर धर्मोपदेश सुनिरहृयो । भगवान्‌ले भने आफ्नो ऋद्धिबलले छोपि राख्नु भएकै थियो तैपनि त्यो कुमारले आफ्नो उत्साह र उद्योगलाई झनझन् बढाउँदै थियो । 'यो नभए अर्को, अर्को नभए अझ अर्को सम्झन्छु' भन्दा भन्दै रातभर ध्यानपूर्वक धर्मोपदेश श्रवण गर्दा त त्यसको चित्त स्रोतापत्ति फलमा प्रतिष्ठित भयो । यति भएपछि त्यो कालकुमार भोलिपल्ट बिहान भगवान् प्रमुख भिक्षुसंघलाई साथमा लिई आफ्नो घरतिर हिंड्‌यो ।

अनाथपिण्डिकले आफ्नो छोराको मुख देखेपछि यस्तो विचार मनमा उब्जाए– "आज त मेरो छोराको मुख प्रसन्न छ मन प्रफुल्ल देखिन्छ ।"

कालकुमारको मनमा यस्तो बिचार उठेको कारण के थियो भने बाबुले दामको पोका अगिल्तिर राख्न ल्याउनु भयो भने यसले शील पालन गरिरहेको त दामको पोका हाथलागी गर्न पो रहेछ 'भनी सबैले थाहा पाउँछन्' भनेर हो । किन्तु भगवान्‌बाट यो कुरा लुकेकै पनि कहाँ हुन्थ्यो र !

अनाथपिण्डिकले आफ्ना छोरा सहित भगवान् प्रमुख सकल भिक्षु संघलाई भोजन गराए ।

पहिले-पहिले भए दामको पोको अगिल्तर नराखी खान्दै नखाने केटोले आज त्यसको वास्ता किस्तानै नगरी चूप लागी सुरुसुरु खान थाल्यो ।



Downloaded from http://dhamma.digital/

भगवान्को भोजन सकिएपछि अनाथपिण्डिक महाजनले दामको पोका छोराको अगिल्तिर राख्दै भने- "कालकुमार शीलपालन गरेर आएपछि दिन्छु भनेको पोको यही हो, लौ लेऊ !"

भगवान्को अगिल्तिर बाबुको त्यसरी दामको पोको राख्न त्याएको देखेर कालकुमारलाई सार्है लाज लागेर आयो । त्यसले भन्यो- "पिताजी ! दाम फिर्ता लैजानुहोस्, मलाई चाहिन्दैन ।"

बाबु चाहिंले दामको पोको नलगी त्यहीं अगिल्तिर राखि छोडे । भगवानलाई पञ्चांग प्रणाम गर्दै निवेदेन गरे-"भन्ते ! आज पुत्र कुमारको मुख प्रसन्न छ, मनपनि अति प्रफुल्ल देखिन्छ ।"

भगवान्- "किन, के भएर हो ? "

महाजन- "भन्ते ! यसलाई मैले पहिले पहिले विहारमा पठाउनलाई मात्रै पनि दामको पोका हातमा राखिदिनु पर्दथ्यो । दाम हातमा नपरी खानसम्म खान्दैनथ्यो । तर, आज शीलपालन गरेर आएको छ भनी दामको पोको दिंदा 'मलाई चाहिंदैन' भनी त्यो दामको पोका छुँदासम्म पनि छोएन ।

भगवान्- "भो अनाथपिण्डिक ! आज तिम्रो छोरा कालकुमारले चक्रवर्ती–राज्य भन्दा पनि उत्तम, देवलोक ब्रह्म लोकको श्रीसम्पत्ति भन्दा पनि श्रेष्ठ वस्तु **स्रोतापत्ति-फल** प्राप्त गरेको छ । त्यसलाई यस्तो लौकिक धन चाहिदैन ।

यति आज्ञा गरी भगवान्ले पुनः निम्न श्लोक आज्ञा गर्नुभयो–

**"पथब्या एकरज्जेन, सग्गस्स गमनेन वा ।**
**सब्ब लोकाधिपच्चेन, सोतापत्तिफलं वरं'ति ।"**

अर्थात्- चक्रवर्ती-राज्य र स्वर्गलोकको सुखभोग भन्दा, समस्त संसारकै अधिपति भएर बस्नु भन्दा पनि स्रोतापत्ति फल प्राप्त गर्नु उत्तम छ ।



Downloaded from http://dhamma.digital/

किनभने– उपर्युक्त राज्यादि सुखभोग गरेर बसेपनि दुर्गति नरकमा पर्ने सम्भावना हुन्छ। स्रोतापत्ति फलमा पुगेपछि त्यस्तो नरकादिको भय हुँदैन। स्रोत्तापन्न भइसकेको व्यक्तिको धर्म जस्तैसुकै वलियो नभएपनि त्यसले संसारमा सातपटक भन्दा बढ्ता जन्म लिनु पर्दैन। सातौं पटकको जन्ममा सम्पूर्ण क्लेशादि निरोध हुन्छ र जन्ममरणको दुःखबाट मुक्त भई शान्त प्रणीत निर्वाण-पद प्राप्त गर्दछ। स्रोतापत्ति फल निर्वाणाधिकारी भएको हुनाले पुर्वोक्त स्वर्ग- पद प्राप्त गर्दछ। स्रोतापत्ति फल निर्वाणाधिकारी भएको हुनाले पूर्वोक्त स्वर्ग-सुखभन्दा यसलाई उत्तम श्रेष्ठ भन्दछन्।

यस प्रकारले आमाबाबुले आफ्नो सन्तानलाई अनेक उपायद्वारा सुविनीत तथा सुशिक्षित गर्न कोशिश गर्दछ।

(३) आफ्नो कुलमा चलेर आएको शिल्प विद्याको अतिरिक्त अर्को किसिमको शिल्प विद्या पनि सिकाइ दिन्छन्। शास्त्रविद्या, शिल्पविद्या तथा नीतिविद्या राम्ररी निपुण हुने गरी सम्झाई सिकाइ दिन्छन्।

(४) यौवन अवस्थामा पुगेपछि, शीलवती, विद्यावती तथा आफ्नो जातिकुलमा मिल्ने कुलीन कन्या विवाह गरिदिन्छन्।

(५) समय समयमा आवश्यकतानुसार खर्च गर्न पैसा दिनछन्। यहाँ समयको अर्थ दुइटा छन्– (१) नित्य-समय, (२) काल तथा बेला बखत।

नित्य समयमा दिने खर्च यसरी–

प्रतिदिन आमाबाबुले छोराहरूलाई, तिमीहरूलाई खर्च गर्न यति, दानपुण्य गर्न यति, गरीब गुरुवाहरूलाई दिन यति भनी तोकेर दिन्छन्।

कालसमयमा दिने खर्च यसरी–

कुनै बेलाबखतमा, चाडवाडमा, विवाह आदि मङ्गल समयमा, मन्दिर तथा विहारादिको उत्सवको समयमा दिने खर्चलाई कालसमय खर्च भन्दछन्। फेरि, मृत्यु शय्यामा परिरहेको बखतमा 'तिम्रो के के धर्म गर्न इच्छा छ गर' भनी दिने खर्चलाई पनि कालसमय खर्च अर्थात् बेला बखतमा दिने खर्च भन्दछन्।



Downloaded from http://dhamma.digital/

गृहपतिपुत्र ! पूर्वदिशा समान भइरहेका आमाबाबुलाई सेवा टहल, उपष्ठान गर्ने छोरालाई आमाबाबुले उक्त पाँच प्रकारले अनुकम्पा राख्दछन् ।

जुन कुलपुत्रले आमाबाबुको सेवा सुश्रूषा नगरी कुलभ्रष्ट काममा लाग्दछ तथा आमाबाबुको सदुपदेश पालन गर्दैन, त्यस्तो छोरालाई लोकमा सबैले निन्दा तथा धिक्कार गर्दछन् । आमाबाबुको सदुपदेशलाई उल्लंघन गरी, अनाचार गरी पराइले निन्दा धिक्कार गराई बस्नुपर्ने कुरोलाई नै "पूर्वदिशाबाट आउने भय" भन्दछन् । त्यस्तो छोरोलाई आमाबाबुले यस्तो वचन प्रयोग गर्दछन्- "यसलाई हामीले जन्मेदखि कति दुःख कष्ट भोगी पालनपोषण गरी हुर्कायौं, यसले अलिकति पनि गुण सम्झेको होइन न कुरै सुन्दछ । यस्तो छोरो पनि छोरो हो र, यस्तोलाई त कुपुत्र भनिन्छ ।"

यसलाई पनि पूर्वदिशाबाट आउने भय भन्दछन् ।

आमाबाबुहरूले पनि सन्तानहरू प्रति गर्नुपर्ने कतव्यद्वारा उपकार गर्नु पर्दछ । खालि खान र लाउन दिंदैमा सन्तानप्रति आमाबाबुको कर्त्तव्य पूरा हुँदैन । बालककालदेखि विद्या र शिल्प सिकाउनु पर्दछ । सदुपदेशद्वारा शिक्षा दिनु पर्दछ । चरित्रको सुधार गर्न ल्याउनु पर्दछ । बालकहरूको स्वभाव देखासिखी गर्ने हुनाले आफ्नो चरित्रको पनि सुधार गर्नु पर्दछ । बालकहरूको स्वभाव देखासिखी गर्ने हुनाले आफ्नो चरित्र पनि राम्रो पार्नु पर्दछ । सुसंगतमा लगाउनु पर्दछ । शास्त्र-विद्याद्वारा पूर्णज्ञान प्राप्त गराउनु पर्दछ । छोरालाई राम्ररी विद्या पढ्न दिएन भने आमाबाबु निन्दाका पात्र बन्दछन् । छोरामाथि अनुकम्पा राखी दूरदर्शी हुनसकेन भने आमाबाबुलाई पनि भय आउँछ । छोराहरूले 'मेरा आमाबाबुले मलाई मानिसलाई चाहिने शास्त्रादि विद्या केही नसिकाई खाली साँढेलाई ख्वाउने जस्तो गरी ख्वाइमात्रै राखे' भनी निन्दा गर्दछन् । त्यसको निंति आमाबाबुहरूले पनि सन्तानहरूतर्फबाट भय नआउने गरी कर्त्तव्य पालन गर्न सक्नु पर्दछ । आफ्नो छोरा भन्दैमा आफ्नो छोरो भन्दैमा आफ्नो स्वार्थको निंति छोराबाट मनपरी काम लिनु पनि उचित छैन ।



Downloaded from http://dhamma.digital/

गृहपतिपुत्र ! तिम्रो बाबुले तिमीलाई लोकमा व्यवहृत 'पूर्वादि दिशाको नमस्कार गर' भनेको होइन, परन्तु पूर्वादि दिशा समानका आमाबाबुलाई 'नमस्कार गर' भनेको हो । अतएव गृहपतिपुत्र ! पूर्वादि दिशा भनेको तिम्रा आमाबाबु नै हुन् । यही अर्थ सम्झी तिमीले नमस्कार गर्ने गर्नू ।

## गृही-विनय अभ्यास – १

१) प्रतिच्छन्न भन्नाले के बुझिन्छ ?
२) छ: दिशाहरू के-के हुन् र तिनीहरूको मतलब के-के हुन् ?
३) आमा-बाबुप्रति छोराछोरीहरूको कर्तव्य कति प्रकारका छन् ?
४) सत्पुरुष असत्पुरुष भन्नाले के बुझिन्छ ?
५) ज्ञाति धर्म भन्नाले के बझिन्छ ?
६) छोराहरूप्रति आमाबाबुको कर्तव्य के हुन् ?
७) पटकै कुरा नसुन्ने कालकुमारको व्यवहारले अनाथपिण्डिक किन चिन्तित भए ? त्यस कुमार कसरी विहारमा पुग्यो ?
८) काल कुमार कसरी श्रोतापन्न भए प्रष्ट गर्नुहोस् ।
९) चक्रवर्ती-राज्य र स्वर्गलोकको सुखभोग भन्दा, संसारकै अधिपति भएर बस्नु भन्दा पनि श्रोतापत्ति फल प्राप्त गर्नु किन श्रेष्ठोत्तम छ ? पुष्टि गर्नुहोस् ।
१०) कस्तालाई कुपुत्र भनिन्छ ?
११) पूर्वदिशाबाट आउने भय भन्नाले के बुझ्नुहुन्छ ?
१२) अनाथपिण्डिक पुत्र कालकुमारको हृदय परिवर्तन कसरी भयो ? कथात्मक रूपमा प्रस्तुत गर्नुहोस् ।



Downloaded from http://dhamma.digital/

## आचार्य प्रति शिष्यको कर्त्तव्य

गृहपतिपुत्र ! शिष्यहरूले आचार्य अर्थात् गुरुहरूलाई दक्षिणदिशा सामान ठानी पाँच प्रकारले सेवाभक्ति गर्नुपर्दछ ।

(१) आशनबाट उठी गौरव राख्नु पर्दछ । आफ्ना आचार्यहरू आइरहेका देखे भने आफू बसिरहेको आसनबाट उठी आदर स्वागतमा लाग्नु पर्दछ । आचार्यको हातमा रहेको पात्र, छाता आदि बस्तु आफूले बोकी, आचार्यलाई उच्चासनमा बसाली पात्र छाता आदि यथायोग्य स्थानमा राखिदिनु पर्दछ । गर्मीको समयमा भए आदरपूर्वक पंखा हम्कि दिनु पर्दछ ।

(२) उपस्थान (सेवा) गर्नु पर्दछ । यहाँ जानुको मतलब विद्या पढ्न जानुको अतिरिक्त दिनको तीनपटक जति गई यथासमयमा सेवा-टहल गर्नुपर्ने काम गरिदिनु हो ।

(३) सुश्रुषा (सुस्ससा) गर्नु पर्दछ । 'सुश्रुषा'को मतलब एकाग्र चित्त गरी विद्याध्ययन गर्नु हो । नबुझेसम्म गुरुसित सोधी हृदयंगम गर्नु । एकाग्र चित्तले विद्या अध्ययन गरेन भने विशेष ज्ञान प्राप्त गर्न । सकिदैन । त्यसकारण गुरुजनले दिएको विद्या ध्यानपूर्वक सुन्नु पर्दछ । आफूले नबुझेको ठाउँमा आदरपूर्वक प्रश्न गरी राम्ररी ध्यान गर्नु पर्दछ ।

(४) यी बाहेक अरु बाँकि भएका सानातिना कामहरू गरेर सेवा गर्नु पर्दछ ।

शिष्यजनले गुरुजनलाई विहान मुख धुन, तातोपानी चाहिने बेलाम तातोपानी, चिसोपानी चाहिने बेलामा चिसो पानी तथा दतिवन आदि यथायोग्य सामान ठीक पारी दिनु पर्दछ । भोजन बेला भएपछि, खाने पानी अगिल्तिर राखिदिई भोजन परोसी दिनु पर्दछ अनि दण्डवत् गरी एक छेउमा बसिरहनु पर्दछ । गुरुको वस्त्रादि मैलिएको रहेछ भने 'भन्ते ! कृपया त्यो मैलो लुगा फुकाली दिनुहोस् भनी नम्रतापूर्वक प्रार्थना गर्नु पर्दछ । भक्तिपूर्वक त्यो लुगा सफासित धोइदिने काम गर्नु पर्दछ, फेरि साँझको



Downloaded from http://dhamma.digital/

वेला भएपछि स्नान गर्नलाई पानी ठीक पारी 'गुरुवर ! गर्न पानी ठीक भो' भनी निवेदन गर्नु पर्दछ। गुरुलाई सञ्चो नहुने वेलामा आफ्नो कामकुरो छाडेरै भएपनि गुरुलाई चिकित्सा आदि गराउने प्रबन्ध गराउन सक्नु पर्दछ। प्रव्रजित भइरहेका शिष्यहरूले पनि 'आचरियवत्त' जम्मै सुविनीतपूर्वक गर्न जानिराख्नु पर्दछ। यस प्रकारले गुरुजनको सेवा-टहल गर्दा शिष्यजन प्रति गुरुजनको चित्त मृदु हुन थाल्दछ, आफूलाई पनि पुण्य प्राप्त हुन्छ।

(५) सत्कारपूर्वक शिल्पविद्या सिकी गुरुको सेवा गर्नु पर्दछ। यहाँ 'सत्कार' को अर्थ गुरुले दिएको पाठ बारम्बार घोकी कण्ठस्थ पार्नु हो। एउटै पाठ मात्रै भएपनि परिशुद्ध हुने गरी पढ्नु तथा हृदयंगम गर्नु पर्दछ, यसप्रकारले विद्या हासिल गर्नुलाई 'गुरु सेवा गर्नु' भन्दछन्।

गृहपत्रिपुत्र ! यसरी पाँच प्रकारले दक्षिणदिशा समान भइरहेका आचार्यजनहरूको शिष्यहरूले सेवा भक्ति गर्नुपर्दछ।

## शिष्यप्रति आचार्यको कर्तव्य

गृहपतिपुत्र ! पूर्वोक्त पाँच प्रकारले सेवा भक्ति गर्ने शिष्यप्रति दक्षिणदिशा समानका आचार्यहरूले निम्न पाँच प्रकारले अनुकम्पा राख्दछन्।

(१) सुविनीत हुने गरी सम्झाइ-सिकाइ दिन्छन् यस प्रकारले रहनु पर्दछ, यसप्रकारका संगत गर्नुपर्दछ, समाज सेवा यस रूपले गर्नुपर्दछ आदि कुरा सिकाइ दिन्छन्। जे कुरामा पनि धैर्य राख्नु पर्दछ भनी सिकाइदिन्छन्। आफ्नो उन्नति हुने अर्ति-बुद्धि दिने श्रमण ब्राह्मण तथा कल्याणमित्रहरूको सेवा टहल कुन प्रकारले गर्नुपर्दछ भन्ने कुरा सिकाइदिन्छन्। प्राणीघात आदि पञ्चदुश्शील कार्य गर्नु हुन्न, सभा समाजमा तथा परिषद् आदिमा यस प्रकारले बोल्नु पर्दछ, अरुले आफूलाई केही



Downloaded from http://dhamma.digital/

भन्नासाथ एकदम जरंग रिसाउनु हुन्न भन्ने कुरा आचार्यजन हुनेले सिकाई दिन्छन् । आमाबाबुको प्रतिदिन आदरपूर्वक वन्दना गर्नुपर्दछ, आफूभन्दा पाको उमेरका व्यक्तिहरूलाई मान मर्यादा राख्नु पर्दछ, सवैसित मेल मिलाप गरेर बस्नु पर्दछ भन्ने सिकाइदिन्छन् ।

यस प्रकारले आचार-विचार, चारित्र-वारित्रादि सभ्यताको वारेमा शिक्षा दिई प्रेमपूर्वक योग्य सम्झाउने-सिकाउने गरिदिन्छन् ।

(२) पढाएको विद्याको पद वर अर्थ राम्ररी छुटयाई, सन्धि भेद देखाई सविस्तार हृदयंगम हुने गरी सिकाइदिन्छन् । 'यसको शव्दार्थ यसरी यसको पदार्थ यो, भावार्थ यो, यसको पद व्यञ्जन यसप्रकारले हुन्छ, यो शव्द यस सूत्रले यस प्रकारले बनिरहेको छ, यस शव्दको अर्थ यस्तो ठाउँमा यस्तो हुन्छ, यस्तो ठाउँमा यस्तो हुन्छ,' भनी अनेक प्रकारले अर्थ, प्रमाण, उदाहरण तथा उपमा आदि दिई हृदयंगम हुने गरी सिकाइ दिन्छन् ।

(३) शिल्प सम्बन्धी हरेक विद्या र धर्म सम्वन्धी हरेक विषय पनि सम्झाइबुझाइ दिन्छन् । 'यस शिल्पले यो हुन्छ । यस्तो कर्म गरेमा यस्तो पाप लाग्दछ, यस्तो कर्म गरेमा यस्तो पुण्य प्राप्त हुन्छ । यस प्रकारको विद्या धर्म तथा सिद्धान्त यस्ता यस्ता व्यक्तिले जानिराख्नु पर्दछ । यस सिद्धान्तको निंति यो काम त्याग्नु पर्दछ र यसको निंति यो कार्य ग्रहण गर्नु पर्दछ आदि सल्लाह दिन्छन् । यस्तो काम गरे यस्तो सुफल प्राप्त हुन्छ र यस्तो काम गरे यस्तो कुफल मिल्दछ, यस्तोलाई कुशल कार्य र यस्तोलाई अकुशल कार्य भन्दछन्' भनी बुझाइदिन्छन् । यस प्रकारले आचार्यजनले आफ्नो शिष्यलाई अनेक तरहले सम्झाइ बुझाई शिक्षा दिन्छन् ।

(४) बन्धुवर्गको अगिल्तिर आफ्नो शिष्यको गुणवर्णन गरी उनीप्रति विश्वास उत्पन्न गराइदिन्छन । 'यो मेरो अत्यन्य विद्वान् शिष्य-रत्न हो । मैले जाने जति



Downloaded from http://dhamma.digital/

यसले जानिसकेको छ। कामकाजमा पनि साह्रै प्रवीण छ। अनेक प्रकारका बहुश्रुत पनि छ। यस्ता बहुश्रुतहरूलाई सर्वसाधारण सबैले चिनिराख्नु योग्य छ 'भनी सकल बन्धुवर्गलाई आफ्नो शिष्यको परिचय दिन्छन् ।

(५) आचार्यजनले आफ्नो शिष्यको, दिशा विदिशाबाट आउने, भयलाई परित्राण (हटाउनु) गरिदिन्छन्। गुरुजनहरूले सिकाइदिएका शास्त्रादि शिल्प विद्या नै शिष्यहरूको भय निवारण गर्ने अस्त्र हो । विद्या अध्ययनबाट पारंगत भइसकेका व्यक्तिले जहाँसुकै पनि लाभ-सत्कार-मान पाउँछन्। यी जम्मै कुरा गुरुकै कृपाले प्राप्त हुने हुन्। किनभने त्यस व्यक्तिले पाएको सत्कार मान-लाभ आदि त्यसका गुरुले दिइराखेको शिक्षाकै नतिजा हो। लोकजनले त्यसको प्रशंसा गर्दा त्यसले सबभन्दा पहिले आफ्नै गुरुको प्रशंसा गर्दछन्। यी बाहेक, सर्पादि विषधर जीवजन्तुद्वारा कुनै प्रकारको भय उत्पन्न हुँदा त्यस भयबाट मुक्त हुने मन्त्र विद्यादि सिकाइदिईराखेको हुनाले गुरुलाई 'भयत्राता' पनि भन्दछन्। कुनै शिष्यले दिएको उत्तरमा संदेह भई प्रश्नकर्ता त्यस शिष्यको गुरुकहाँ गएर उही प्रश्न सोध्यो भने गुरुले यस प्रकारले उत्तर दिन्छन्- 'उपासक ! त्यसले भनेको कुरा ठीक हो त्यो मानिस मेरो निपुण शिष्य हो। यसमा तपाईले कुनै संशय मान्नु पर्दैन। त्यसले भन्ने कुरा फरक हुँदैन। त्यस्ता व्यक्तिलाई सत्संगत गरे हुन्छ।"

यस प्रकारले आचार्यजनले हानी हुन आउने कुरालाई पनि लाभमा परिणत गरी सत्कार प्राप्त गरिदिन्छ, उपकार गरिदिन्छ। त्यसकारण गुरुजनलाई 'भयत्राता' भनेका हुन् ।

गृहपतिपुत्र ! दक्षिण दिशा समानका आचार्यहरूलाई सेवा-टहल उपष्ठान गर्ने शिष्यको प्रति आचार्यहरूले यसरी पाँच प्रकारले अनुकम्पा राख्दछन् ।



Downloaded from http://dhamma.digital/

# गृही विनय अभ्यास – २

१) शिष्यहरूले आचार्य-गुरुहरूप्रति दक्षिणदिशा समान कति प्रकारले सेवाभक्ति अर्थात् कर्तव्य पालना गर्नुपर्दछ ? उल्लेख गर्नुहोस् ।

२) आचार्य-गुरूप्रति शिष्यहरूले गर्नुपर्ने कर्तव्यलाई सविस्तार लेख्नुहोस् ।

३) आचार्यले शिष्यप्रति दक्षिणदिशा समान कति प्रकारले अनुकम्पा राख्दछन् ? उल्लेख गर्नुहोस् ।

४) गुरुजनलाई किन 'भयत्राता' भनिन्छ ?

५) शिष्यप्रति आचार्यले गर्नुपर्ने कर्तव्यलाई सविस्तार लेख्नुहोस् ।



Downloaded from http://dhamma.digital/

# स्त्रीप्रति पुरुषको कर्तव्य

गृहपतिपुत्र ! पति (लोग्ने भइरहेकोले पश्चिमदिशा समानी आफ्नी पत्नी (स्वास्नी) प्रति पाँच प्रकारले उचित व्यवहार गर्नुपर्दछ।

(१) पतिले पत्नीसित अपमान गर्नु हुन्न, आफ्नो पत्नीलाई सम्बोधन गर्दा असभ्य अर्थात् हेलाको वचन प्रयोग गर्नु हुन्न । प्रेमपूर्वक 'देवी' वा 'प्रिये' वा 'आमित्नी' भनेर बोलाउनु पर्दछ । अर्थात् जसरी बोलाउँदा पत्नीको हृदयरूपी पोखरीमा स्नेहरूपी कमल फुल्दछ, त्यस्तै किसिमले बोलाउनु पर्दछ ।

(२) पतिले पत्नीको अपमान गर्नु हुन्न । आफ्नी पत्नी भयो भन्दैमा नराम्रो वचनले गाली गर्नु हुन्न । आफ्नी पत्नीलाई दुःख सुखको एकमात्र मित्र सम्भी व्यवहार गर्नु पर्दछ। आफ्नी अर्द्धाङ्गिनी सम्भी केवल पत्नीले गर्न योग्य काम मात्रै सम्भनु ठूलो भूल हो। पत्नीले यसमा ठूलो अपमान सम्भन्छ।

(३) आफ्नी पत्नी बाहेक अरु स्त्रीजन गमन गर्नु हुन्न । सत्य पुरुष अर्थात् सज्जन पतिले आफ्नी स्त्री बाहेक अरु स्त्रीको कल्पनासम्म पनि गर्दैन । आफ्नी स्त्रीलाई 'आत्मिनी' सम्भी धर्मपालन गरेर बस्नु पर्दछ ।

(४) पत्नीको जिम्मामा पतिले घरको धनसम्पत्ति आदि जम्मै छोड़िदिनु पर्दछ। यहाँ धन सम्पत्ति आदि ऐश्वर्यको अर्थ साधारण लोकले लाउने अर्थ होइन । कुलीन स्त्रीजातिलाई घरको धन सम्पत्ति जम्मै जिम्मा दिई नाना प्रकारका गहना तथा राम्रा राम्रा लुगा आदि दिई ऐश आराममा राखिछोडे पनि भान्छाको अधिकार नदिएसम्म सन्तुष्ट हुँदैनन् । त्यसकारण स्त्रीलाई सन्तुष्ट पार्न भान्छाकै सम्पूर्ण अधिकार दिनुपर्दछ। भान्छाको अधिकार दिनुनै ऐश्वर्य दिनु हो। यस प्रकारले पतिले आफ्नी पत्नीलाई घरको ऐश्वर्यको जिम्मालाई दिनुपर्दछ ।



Downloaded from http://dhamma.digital/

(५) गहना तथा वस्त्रादि दिनु पर्दछ, तर आफ्नो शक्ति अनुसार मात्रै । पतिले आफ्नी पत्नीलाई आफ्नो कमाइ अनुसार गहना तथा वस्त्र दिएन भने पत्नीले गृह लक्ष्मी भएर गर्नुपर्ने काममा शिथिलता ल्याउँछे । तर, दिनु पर्दछ भनेर आफ्नो शक्तिले नभ्याउने गरी ऋणै लाग्ने गरी दिनु उचित होइन । (बरु पतिलाई ऋण लागेको छ भने पत्नीले आफ्नो माइतीबाटै दिएको गहना भएपनि बेचेर पतिलाई ऋणबाट मुक्त गरिदिनु पर्दछ ।) आफ्नो स्तर तथा कमाइलाई सुहाउने गरी गहना लाएर हिंड्नु पनि योग्य छैन । अर्काको देखासिखी गर्नु हुन्न । आफ्नो नोक्सान नहुने गरी तथा गृहस्थाश्रम चिरस्थायी हुने गरी पत्नीलाई लगाउन लाउन दिनुपर्दछ ।

गृहपतिपुत्र ! यी पाँच प्रकारले पश्चिमदिशा समानकी पत्नीप्रति पुरुषले योग्य व्यवहार गर्नुपर्दछ ।

## पुरुषप्रति स्त्रीको कर्तव्य

गृहपतिपुत्र ! पूर्वोक्त पाँच प्रकारले योग्य व्यवहार गर्ने पुरुषप्रति पश्चिमदिशा समानकी स्त्रीले निम्न पाँच प्रकारले सेवा गर्दछ :–

(१) गर्नुपर्ने काम तथा समयमा गर्दछे, ढीलो गरिदैन । चूल्हा-चौका अर्थात् भान्छा घरको काम गर्न अल्सी मान्दिन । 'मेरो धर्म नै यही हो' भनी पतिको निंति गर्नु पर्ने जम्मै काम ध्यान दिएर गर्दछे ।

(२) इष्टमित्र तथा छरछिमेकीहरूलाई संग्रह गर्दछे । आफ्ना लोग्नेतिरका नाता कुटुम्ब तथा आफ्नै माइतीतिरका नाता कुटुम्बहरूलाई बेला बखतमा निमन्त्रण गरी यथायोग्य उपहार दिन्छ तथा ख्वाउने गर्ने गर्दछे । आगन्तुकहरूको पनि राम्रो आदर सत्कार गर्दछे । स्वामीको इज्जतलाई सकेसम्म बढाउने कोशिश गर्दछे ।

(३) सपनामा पनि पर-पुरुषको कल्पना गर्दिन । गृहस्थाश्रममा रहेकी गृहलक्ष्मीले आफ्नो स्वामी एकजना बाहेक अन्य पुरुषको आशा गर्दिन । पतिव्रता



Downloaded from http://dhamma.digital/

धर्म पालन गरी अनन्य पुरुष भक्ति गर्दछे । आफ्नो पतिव्रता-धर्मको बलले, बोधिसत्वकी स्त्रीले मार्न लगेको आफ्नो पतिलाई बचाए भै आफ्नो पतिलाई अनेक आपत विपतबाट बचाउँछे ।

## बोधिसत्वकी स्त्रीको कथा

परापूर्वकालमा गंगाजीको किनारमा वाराणसी भन्ने एउटा उन्नतिशील नगर थियो । त्यहाँ ब्रह्मदत्त नाम गरेका राजा राज्य गर्दथे । उनैको राज्यकालमा त्यहीं वारणसी (कोशी) को आसपासमा बोधिसत्वको पनि जन्म भएको थियो । बोधिसत्वले युवावस्था भएपछि बाराणसीका एउटी कुलकन्या विवाह गरे । तिनको शील स्वभाव पनि उत्तिकै राम्रो थियो । पतिव्रता थिइन् । तिनको रूपसित तिनको गुण मिल्दथ्यो । असाध्य गुणी तथा धर्मात्मा थिइन् । जति भक्ति र स्नेह बोधिसत्वप्रति थियो, त्यतिकै भक्ति र स्नेह तिनीप्रति पनि बोधिसत्वको थियो । यस प्रकारले दुवैजना प्रेमको डोरीले बाँधिएर शरीर भिन्न भएपनि हृदय त एउटै गरेर बसेका थिए ।

एकदिन सुजाताले आफ्नो माइतमा आमा बाबुको दर्शन गर्न जाने इच्छा प्रकट गरिन् । बोधिसत्वले पनि पत्नीको इच्छा बुझेर बाटाको सामल सब ठीक गर्न लगाई बैल गाडामा आफू अगिल्तिर बसी सुजातालाई पछिल्तिर राखी वाराणसी तर्फ अगाडि बढे ।

केही समयपछि तिनीहरू वाराणसी नगरको समीप पुगे । त्यहाँ गाडाबाट वर्ली नुहाइधुवाइ गरी खान-पान पनि गरे । घरबाट लाएरआएको लुगा मैलिसकेको हुनाले उनीहरूले अर्को लुगा फेरे । घर आइपुग्यो भनी सुजाता पनि सिंगारिएर गाडा पछिल्तिर बसिन् । माइत घर हेरेर गाडा फेरि हिंड्यो । गाडा नगरभित्रबाट हिंड्न थाल्यो । त्यसैबेला त्यहाँका राजा ब्रह्मदत्त हात्तीमा बसी नगर परिक्रमा गर्न आई



Downloaded from http://dhamma.digital/

रहेका रहेछन् । उनले सुजातालाई पनि देखे । सुजाताको रूप देखेर राजा मोहित भएर मनमा पाप पनि चिताए । एउटा दूतलाई पठाई त्यस युवतीको बिहे भएको छ कि छैन बुझ्न पठाए । दूत आएर राजालाई त्यस युवतीको बिहे भैसकेको छ र त्यो फलानो गाउँको पति भनेर बताए । तैपनि राजाले आफ्नो रागचित्तलाई जित्न सकेनन् र क्लेशको दास भएर राजाले यस्तो विचार गरे-"कुनै उपायद्वारा यसको पतिलाई मारेर यी युवती आफ्नी गराउनु पर्‍यो ।"

यस्तो मनमा लिई राजाले एउटा कर्मचारीलाई बोलाई भने-"भणे ! तिमी यो चुडामणि एउटा लिएर गई त्यस गाडामा नदेखिने गरी राखेर आऊ ।"

त्यो कर्मचारी गई बोधिसत्वको गाडामा चुडामणि (रत्न) राखेर आयो ।

राजाले 'मेरो चुडामणि हरायो' भनी हल्ला फैलाई दिए । चुडामणि हरायो भन्ने सुनेका सबै नगरबासीहरू आत्तिए । राजाले, नगरको जम्मै ढोका बन्दगरी चोर पत्ता लगाऊ भनी हुकुम दिए । राजपुरुषहरू यत्रतत्र छरिए । नगर भरी खैलाबैला भयो । एउटा दूत, अरु चार पाँचजना सिपाही साथमा लिएर आई बोधिसत्वको गाडामा खोजतलास गरे । आफूले अघि राखेर आएको स्थानबाट मणि झिकी 'चोर यही हो' भनी पिट्दै घिसार्दै बोधिसत्वलाई राजाको अगिल्तिर लग्यो । राजाले पनि तुरुन्तै 'यसको टाउको काट्नु' भनी हुकुम दिए ।

बोधिसत्वलाई कोर्दाले पिट्दै नगरको दक्षिणतिरको ढोकाबाट बाहिर लगे । सुजाता पनि छाती पिट्दै बोधिसत्वको पछिपछि लागिन् । राजपुरुषहरूले नगर बाहिर पुगेपछि, बोधिसत्वलाई बाँधी टाउको काट्न राँगो लडाए झैं लडाए । त्यसै बेला सुजाताले आफ्नो शीलगुण अनुस्मरण गर्दै, 'यस लोकमा शीलवान् सदचारीहरूलाई कष्ट पीडा दिने अत्याचारी दुराचारीहरूलाई रोक्न सक्ने देवगणहरू कोही छैन कि कसो ! !' भन्दै निम्न गाथा उच्चारण गरिन्–



Downloaded from http://dhamma.digital/

**नसान्ति देवा पसवन्ति ।**

**नहिनून सन्ति इध लोकपाला ॥**

**सहसा करोन्तानमसञ्ञकानं ।**

**नहिनुन सन्ति पटिसंधितारो'ति ॥**

अर्थात्– यस लोकमा शीलवान्लाई देख्न सक्ने र पापीहरूलाई हटाउन सक्ने देवताहरू नभएका रहेछन् ! अथवा यस्तो (दृश्य) हेर्नुपर्ला भनी उनीहरू देवलोकैमा बसिरहेका होलान् । शीलवान्हरूलाई रक्षा गर्ने लोकपाल देवाताहरू तथा श्रमण ब्राह्मणहरू पनि यस लोकमा रहेनछन् । यस प्रकारले साहसिक कार्य गरी अत्याचार गर्नेहरूलाई निषेध गर्ने पनि यस लोकमा कोही रहेनछ !

यस प्रकारल विलाप गर्दै ती शीलवती सदाचारी सुजाता रोएकी हुँदा, तिनको शीलगुणको प्रभावले 'इन्द्रको सिंहासन कसले ताक्यो' भनी ध्यानदृष्टिले हेर्दा इन्द्रले कारण थाहा पाए । 'पतिव्रता सुजातालाई बचाउन जानु मेरो कर्तव्य हो' भनी इन्द्रमहाराज देवलोकबाट तुरुन्तै पृथ्वीतल झरे । अनि आफ्नो देवानुभावले हात्ती चढेका राजालाई, बोधिसत्व उत्तानो पारीराखेको अचानोमा ल्याई राखे । र बोधिसत्वलाई राजवस्त्रले सिंगारी हात्तीमाथि पारिदए । राजदूतहरूले बोधिसत्व नै भन्ने ठानी राजाको टाउको काटिदिए । काटिसकेपछि यो त राजाको टाउको पो रहेछ भन्ने थाहा पाए ।

अनि पति शक्रदेव इन्द्रले आफ्नो दिव्यदेह सबैलाई देखाई बोधिसत्वलाई राज्याभिषेक दिए । सुजातालाई अग्रमहारानी बनाइ दिए ।

मन्त्री, राजकर्मचारी, ब्राह्मणादि गृहस्थहरू सबैले इन्द्रदेखि खुसी भैएर यस्तो वाक्य भने-"अधार्मिक राजाको अन्त्य भयो । अब हामीलाई इन्द्रदेवले दिएका धार्मिक राजा लाभ भयो ।"

इन्द्रले पनि आकाशैबाट भने– "भो महाजनहरू, आजदेखि इन्द्रले दिएको राजाले तिमीहरूको पालन गर्ने छन्, राज्य-शासन गर्नेछन् । राजा अधर्मी भयो भने



Downloaded from http://dhamma.digital/

बेलामा पानी नपरी कुबेलामा पर्दछ। क्षुधाभय, रोगभय, शस्त्रभय यी तीन प्रकारका भय हरहमेशा भइरहन्छ। प्रजाहरूमा प्रकोप उत्पन्न हुन थाल्दछ। राजा सिंहासनबाट च्यूत हुन्छ, चाँडै नै नाश हुन्छ।"

यति भनी इन्द्रले निम्न गाथा पनि पढेर सुनाए-

**अकाले वस्सति तस्स, काले तस्स न वस्सति ।**
**सग्गा च चवतिट्‌ठाना, ननु सो तावता हतो'ति ॥**

अर्थात्– त्यसको (पापीराजाको) राज्यमा समयमा पानी पर्दैन । कुसमयमा पानी पर्दछ। स्वर्गबाट च्यूत हुन्छ, अर्थात् मनुष्य भावले च्यूत भई नरकमा पर्दछ। यस प्रकारले त्यसको पतन चाँडैन हुन्छ। मरिसके पछि पनि चिरकालसम्म नरकको भोग गर्नु पर्नेछ।

यस प्रकारले वाराणसी बासीहरूलाई उपदेश दिई इन्द्रदेव आफ्नो भवन फर्के। बोधिसत्व तथा सुजाता पनि धर्मानुसार राज्य चलाई अन्तमा स्वर्गपरायण भए ।

(४) पतिले कमाएर ल्याएको धनसम्पत्तिको रक्षा गर्दछे। 'मेरा स्वामीले खेती गरी, व्यापार गरी अथवा कुनै शिल्प देखाई रातदिन नभनी पसिना खेती गरी अथवा कुनै शिल्प देखाई रातदिन नभनी पसिना बहाई दुःख कष्ट भोगी कमाएर ल्याएको धन, नचाहिने वाहियात काममा खर्च गर्नु उचित छैन' भनी आवश्यक काममा मात्रै उचित रूपले खर्च गर्नु उचित छैन' भनी आवश्यक काममा मात्र उचित रूपले खर्च गर्दछे। खर्च गरी बाँकी रहेका धन राम्ररी संचित गरी राख्दछे।

(५) गृह विज्ञानमा अर्थात् घरको सफाइ गर्नमा दक्ष हुन्छे, चूल्हाको काममा पोख्त हुन्छे। अल्सी भनेको कति पनि मान्दैन । यस संसारमा अनेक प्रकारका आइमाईहरू छन्। कुनै केटाकेटीदेखि अल्सी भएर कुनै काम-काज नगर्ने किसिमका छन् कुनै आफ्नो रूप देखाई लोग्नेमान्छे नचाउने हुन्छन् कुनै आफ्नो लोग्नेको कमाइ बलिया नभएपनि 'ऋणै काढेर भएपनि गहना बनाइ देऊ' भनी रीस देखाई माइती



Downloaded from http://dhamma.digital/

गइरहने हुन्छन्, कुनै चार पाँचजना साथीहरू जम्मा भई चाहिने नचाहिने गफ गरिरहने हुन्छन्, कुनै आफ्नो स्वामीले केही भन्यो कि निहुँ झिकी झगडा गरी बोल्दै नबोली मुख फुलाएर रहने हुन्छन् । तर शीलवती गृहलक्ष्मी आइमाई माथि भनिएकी स्वास्नीमानिस झैं कहिल्यै हुँदैनन् । आफ्नो स्वामीको अनुमति विना माइतसम्म पनि जान्दैनन् । उद्योगी भएर स्वामीको हरेक काममा सहयोग गर्दछन् । स्त्रीले जान्नु पर्ने हरेक शिल्प जानी राख्दछन् । यस प्रकारले गृही-विनय राम्ररी जानेका स्त्री-रत्नहरू भएको घरमा जन्म भएका पुत्रपुत्रीहरू समेत गृही-विनयमा निपुण हुन्छन् ।

गृहपतिपुत्र ! पश्चिमदिशा समानका स्त्रीहरूलाई पाँच प्रकारले योग्य व्यवहार गर्ने स्वामीलाई, गृहलक्ष्मी पत्नीले उपरोक्त पाँच प्रकारले सेवा गर्दछन् ।

## गृही विनय अभ्यास – ३

१) पुरुषले पश्चिमदिश समानी पत्नी-स्त्रीप्रति कति प्रकारले कर्तव्य पालना गर्नु पर्दछ ? लेख्नुहोस् ।

२) स्त्रीप्रति पुरुषले गर्नुपर्ने कर्तव्यलाई सविस्तार लेख्नुहोस् ।

३) पुरुषप्रति स्त्रीले गर्नुपर्ने कर्तव्यलाई सविस्तार लेख्नुहोस् ।

४) ब्रह्मदत्त राजाले स्त्रीहरूप्रति अति नै अशक्त भएर क्लेशको दास भई कस्तो, कुनियतपूर्ण षड्यन्त्र रचे ?

५) पतिव्रती सुजाताले बोधिसत्वलाई बचाउने के कस्तो व्यवहार देखाइन् ?

६) आधुनिक समाजमा सुजाता जस्ती पविव्रती स्त्रीको के महत्व छ ?

७) आजको समाजमा सुजाताको पतिव्रती प्रवृत्ति कुन रूपमा अगाडि बढीरहेको जस्तो ठान्नु हुन्छ ? आफ्नै भाषामा प्रष्ट्याउनुहोस् ।



Downloaded from http://dhamma.digital/

# मित्रप्रति कुलपुत्रको कर्तव्य

गृहपतिपुत्र ! उत्तरदिशा समानका मित्रहरूको, कुलपुत्रहरूले पाँच प्रकारले उपष्ठान (सेवा) गर्नु पर्दछ ।

(१) दानद्वारा सेवा गर्नुपर्दछ । दान दिएर सेवा गर्नुको मतलब यो हो कि समय समयमा उपकारी मित्रलाई आफूसित भएको, आफूले दिन सक्ने वस्तु दिई सेवा गर्नुपर्दछ ।

(२) प्रियवादी हुनुपर्दछ । मित्रको चित्त दुख्ने गरी कुरा गर्नु हुन्न । 'चित्त दुख्ने गरी कुरा नगर्नु ' को मतलब यो हो कि मनमा एकथोक मुखमा एकथोक कदाचित् गर्नु हुन्न । कुनै अवस्थामा पनि ढाँटेर कुरा गर्नु ठीक छैन । आफ्नो चित्त पनि शुद्ध होस्, मित्रको चित्त पनि आनन्द रहोस्-यस तरिकाले कुरा गर्नु पर्दछ ।

(३) हित हुने तथा सुख वृद्धि हुने काम गरिदिनु पर्दछ । मित्रलाई फायदा हुने काम गरिदिनु पर्दछ । मित्रले नजानेको कुनै कुरा छ भने सिकाई-सम्झाई दिनु पर्दछ । नराम्रो बानी छोड्न लगाई राम्रो बानी बसाल्न लाउनु पर्दछ ।

(४) आफू जस्तै ठान्नु पर्दछ । खान लाउन नपाउने बेलामा आफूलाई जस्तो दुःख हुने हो, मित्रलाई पनि त्यस्तै हुँदो हो भन्ने सम्झी हेरविचार गर्नु पर्दछ । प्रेमपूर्वक नङ र मासु झैं मिलेर बस्नु पर्दछ ।

(५) सत्य वचन बोल्नु पर्दछ । मित्रको अगिल्तिर कहिल्यै ढाँटी-छली कुरा गर्नु हुन्न । मनमा छलकपट राखी ढाँटेर गरेको कुराले मित्रको कदापी सेवा हुन्न ।

गृहपतिपुत्र ! यी पाँच प्रकारले उत्तरदिशा समानका मित्रहरूको कुलपुत्रहरूले सेवा गर्नु पर्दछ ।



Downloaded from http://dhamma.digital/

## कुलपुत्रप्रति मित्रको कर्तव्य

गृहपतिपुत्र ! पूर्वोक्त पाँच प्रकारले सेवा गर्ने कुलपुत्रहरूमा, उत्तर दिशा समानका मित्रहरूले निम्न पाँच प्रकारले अनुकम्पा राख्नु पर्दछ ।

(१) सुरापान गरेर बेहोश (प्रमाद) भइरहंदा मित्रको रक्षा गर्नु पर्दछ ।

(२) प्रमाद (बेहोश) मा परिरहेको बखतमा मित्रको धन सम्पत्ति रक्षा गरिदिनु पर्दछ ।

(३) भय आपत परी आफ्नो शरणमा आउने अवस्थामा कदाचित अपमान गर्नु हुँदैन । शरण दिई धैर्य दिलाई आफूले सकेको सहायता भित्री हृदयदेखि दिनु पर्दछ ।

(४) आपत-विपतमा विशेष ध्यान राखी उपकार सहायता गर्नु पर्दछ ।

(५) आफ्नो मित्रको छोराछोरी आदि वंश परिवारलाई समेत मान राखी उचित व्यवहार गर्नु पर्दछ ।

गृहपतिपुत्र ! उत्तरदिशा समानका मित्रहरूको सेवा गर्ने कुलपुत्रहरूले यी पाँच प्रकारको अनुकम्पा राख्नु पर्दछ ।

## नोकर-चाकरप्रति मालिकको कर्तव्य

गृहपतिपुत्र ! अधोदिशा समानका नोकर-चाकरलाई मालिकहरूले पाँच प्रकारले उचित व्यवहार गर्नु पर्दछ ।

(१) नवयुवकलाई गराउनु पर्ने काम बुढो भइसकोकोलाई गराउनु ठीक छैन । लोग्ने मान्छेको काम स्वास्नी मान्छेलाई गराउनु हुँदैन । स्वास्नी मान्छेले गर्ने काम लोग्ने मान्छेलाई गराउनु उचित छैन । ठूलो मान्छेको काम केटाकेटीलाई गराउनु



Downloaded from http://dhamma.digital/

हुँदैन। केटाकेटीको काम ठूलो मान्छेलाई गराउनु हुँदैन। काम गर्ने व्यक्तिको शक्ति, परिमाण विचार गरेर, उमेर अवस्था हेरेर मात्रै काम अऱ्हाउनु जान्नु पर्दछ।

(२) बेला बखतमा खाने-लाउने कुरो दिन जान्नु पर्दछ। काम अनुसार पारिश्रमिक पनि दिन जान्नु पर्दछ। केवल कामै मात्र गराएर खाने-लाउने कुरोमा हेर विचार गरेन भने नोकरले अन्त गएर मालिकको निन्दा गर्न थाल्दछ। अतएव मालिकहरूले यस विषयमा राम्ररी विचार पुऱ्याई नोकरचाकरहरूको तर्फबाट निन्दा, भय नआउने गरी व्यवहार गर्नुपर्दछ।

(३) मालिकले नोकर बिरामी हुँदा औषधी गरेर उपकार गर्नु पर्दछ। रोगी भएका नेकरचाकरप्रति बेवास्ता गर्नु मालिकको धर्म होइन। सेवकप्रति दयाभाव देखाई औषधी गराई उपकार गर्ने मालिकको कीर्ति लोकमा चल्दछ। जीउले नसकेपछि वास्ता नै गरेन-यो सान्है निन्दनीय काम हो। नोकर बिरामी हुँदा, 'यसले हाम्रो सेवा-टहल धेरै गरेको छ' भनी त्यसको उपकार गर्नु पर्दछ।

(४) आफूले खाने वस्तु धेरथोरै भएपनि किन नहोस् बाँडिचुँडी ख्वाउनु पर्दछ। कहीं देश-विदेशबाट कुनै चीज आउँदा, नोकरै त हो नि, भनी हेला गरी आफूहरूले मात्रै खानु हुन्न। केही अलिकति मात्रै भएपनि तिनीहरूलाई बाँडी दिनु पर्दछ। यस प्रकारले आचार र सद्व्यवहार भएको मालिकप्रति नोकरको पनि सद्भावना र भक्ति आदर रहन्छ।

(५) समय समयमा बिन्दा पनि दिनु पर्दछ। सँधै कामैमा मात्र जोताइराख्नु हुन्न। यहाँ समयको दुइ अर्थ छ- (१) नित्यसमय र (२) कालसममय। यी दुवै समयमा बिदा दिन जान्नु पर्दछ।

सधैं काममा मात्रै जोताइराख्नु उचित छैन। बीच बीचमा आराम लिनको निंति छुट्टी पनि दिनु पर्दछ। नित्यसमयको बिदा भनेर यसैलाई भन्दछन्। विधि-व्यवहारमा, चाडबाड आइपर्दा दिने बिदालाई कालसमयमको बिदा भन्दछन्। त्यसबेला मालिकले नोकरको आवश्यकता हेरी केही चीजबीज तथा केही खर्च पनि दिन जान्नु पर्दछ।



Downloaded from http://dhamma.digital/

यस प्रकारले समयमा बिदा दिने दस्तुर गरिराख्नु पर्दछ ।

गृहपतिपुत्र ! यी पाँच प्रकारले मालिकहरूले पश्चिमदिशा समानका नोकर चाकरसित उचित व्यवहार गर्नु पर्दछ ।

## मालिकप्रति नोकरको कर्तव्य

गृहपतिपुत्र ! पूर्वोक्त पाँच प्रकारले उचित व्यवहार गर्ने मालिकप्रति अधोदिशा समानका नोकर-चाकरहरूले निम्न पाँच प्रकारले सेवा गर्दछन् ।

(१) बिहान मालिक उठ्नु भन्दा अगाडि नै उठिसक्छन् । धेरैबेर सुत्नु पर्ने नोकरहरू मालिको प्रियपात्र हुन सक्तैनन् । मालिकलाई खुसी पार्न सकेन भने नोकर जीवनले धन कमाउन सक्दैन, अतएव, नोकर-चाकरले मालिक भन्दा पहिले नै उठी बिहानको काम-धन्दा सिध्याइ सकिराख्नु पर्दछ ।

(२) बेलुका पनि मालिकभन्दा पहिले कहिल्यै सुत्दैनन् । मालिकहरूको सुत्नुभन्दा अगाडि सुते भने मालिकहरूले कुनै काम अन्हाउन बोलाउँदा अगाडि भएनन् भने नोकर-चाकरप्रति मालिकहरूको मन अप्रसन्न हुन्छ । अतएव नोकर-चाकर मालिकभन्दा पछि मात्रै सुत्ने बानी गर्नुपर्दछ ।

(३) नोकर-चाकरले कुनै पदार्थ पनि मालिकले दिएपछि मात्र लिनु पर्दछ । मालिकले नदिइकन कुनै पदार्थ पनि लिनु हुँदैन । इमान्दार सेवकलाई नै मालिकले भर पत्यार गर्दछ । इमान्दार व्यक्तिले जहाँ गएपनि काम पाउँछ, र त्यलाई जीविका चलाउन मुश्किल पर्दैन । अतएव नोकरी गरी जीवन निर्वाह गर्नुपर्ने व्यक्तिले कुनै वस्तुमा पनि लोभ नगरी इमान्दार भएर रहनु पर्दछ । काम गर्न जान्नु पर्दछ । जुनसुकै काम पनि सफा सुघर हुने गरी गर्न जान्नु पर्दछ अलसी मानेर अधकल्चो काम गऱ्यो भने आफूलाई कहिल्यै जस हुन्न, सदा मन खिन्न राखेर बस्नु पर्ने



Downloaded from http://dhamma.digital/

हुन्छ । त्यसकारण सेवकहरूले हडबड नगरी अति सुनिनीत तथा निपुणतापूर्वक काम गर्नु पर्दछ ।

(५) असल नोकर मालिकहरूको गुण प्रशंसा गर्ने हुन्छ । मेरा मालिकहरू जस्ता दयावान् कमै हुन्छन् हामी नोकर-चाकरलाई कहिल्यै कडा वचन लाउनु हुन्न । हामीलाई आजसम्म पनि 'हामी नोकर' भन्ने भावना आएको छैन । जहिले पनि हामीसित समान व्यवहार गर्नु हुन्छ । भेदभाव कहिल्यै राख्नुहुन्न । बाहिरबाट केही खानेकुरो ल्याउनु भएपनि नोकरचाकरसम्मलाई पनि बाँडीचुँडी खानुहुन्छ । असल नोकरहरूले यस प्रकारले मालिकहरूको गुण बखान गरेर हिंड्छन् ।

गृहपतिपुत्र ! अधोदिशा समानका नोकर-चाकरप्रति उचित व्यवहार गर्ने मालिकहरूको यी पाँच प्रकारले नोकर-चाकरहरूले सेवा टहल गर्दछन् ।

## गृही विनय-अभ्यास -४

१) उत्तरदिशा समानका मित्रप्रति कुलपुत्रको के-कस्तो कर्तव्य रहेको हुन्छ ? लेख्नुहोस् ।
२) उत्तरदिशा समानका मित्रहरूको कुलपुत्रहरूमा कति प्रकारले अनुकम्पा राख्नु पर्दछ ? लेख्नुहोस् ।
३) नोकर-चाकर प्रति मालिकको कर्तव्य कस्तो हुनुपर्दछ ? लेख्नुहोस् ।
४) नित्थ समय र काल समय भन्नाले के बुझिन्छ ?
५) नोकरले ल्याएको आफ्नो कर्तव्य पालना गरे उसको जीवन सफल हुनसक्छ । त्यसैले मालिकप्रति नोकर-चाकरले के कस्तो कर्तव्य पालना गर्नुपर्दछ ? लेख्नुहोस् ।
६) नोकर-चाकरको विषयलाई आजको समाजसित तुलना गरी लेख्नुहोस् ।



Downloaded from http://dhamma.digital/

# श्रमण-ब्राह्मणप्रति कुलपुत्रको कर्तव्य

गृहपतिपुत्र ! उर्द्धदिशा समानका श्रमण-ब्राह्मणहरूप्रति कुलपुत्रहरूले पाँच प्रकारले सेवाभक्ति गर्नु पर्दछ ।

(१) मैत्रीपूर्वक काय-कर्म गर्नु पर्दछ। श्रमण ब्राह्मणहरूको काम गर्दा मैत्रीभावले गर्नु पर्दछ । मैत्रीपूर्वक निमन्त्रणा गर्नु पर्दछ । यस्तो कामलाई 'मैत्री-काय-कर्म' भन्दछन् ।

'श्रमण' -को अर्थ भिक्षु हो । 'ब्राह्मण' को अर्थ क्षीणास्रव व्यक्ति हो । 'बाहिर त पापोति ब्राह्मणो, समितत्ताति समणो'-यस उक्तिको अनुसार पाप क्षय भइसकेकालाई 'ब्राह्मण', र यथार्थानुसार चर्या गर्ने शान्त प्रकृतिलाई 'श्रमण' भन्दछन्। यस सिद्धान्त अनुसार यो 'ब्राह्मण' यो 'श्रमण' भन्ने थाहा हुन्छ ।

**न जच्चा वसलो होति, न जच्चा होति ब्राह्मणो ।**
**कम्मना वसलो होति, कम्मना होति ब्राह्मणो ॥**

अर्थात्– जन्मले चाण्डाल हुने होइन, जन्मले ब्राह्मण हुने पनि होइन। कर्मैले चाण्डाल हुने हो भने कर्मैले मात्र ब्राह्मण हुने हो ।

यस उपरोक्त श्लोकमा कर्मको अर्थ 'आफूले गरेको काम' हो। यस्ता श्रमण-ब्राह्मण भएका बिहारमा गएर कुलपुत्रहरूले उनीहरूलाई निमन्त्रणा गर्नु पर्दछ । परिस्सावनं अर्थात् पानी छान्ने कपडा बनाइदिनु पर्दछ । स्नान आदि गर्न पानी राखिदिनु पर्दछ। तातोपानी चाहिए तातोपानी तयार गरिदिनु पर्दछ। बिरामी हुँदा औषधी आदि ख्वाई सेवा-टहल गर्नु पर्दछ। जीउ मिच्नु पर्दछ भने त्यो काम पनि गर्नु पर्दछ। यसरी मैत्री-काय कर्मद्वारा उपष्ठान गर्नु पर्दछ ।

(२) मैत्रीयुक्त वचनले कुरा गर्नु पर्दछ। भिक्षुहरू भिक्षाटन गर्न आउँदा भिक्षा दिन नजानेहरूलाई यसरी भिक्षा दिनु पर्दछ भनी सिकाइदिनु पर्दछ। भिक्षाटन गर्न आएको नदेखेकाहरूलाई सूचना दिनु पर्दछ। आदर पूर्वक भिक्षा दिन नजानेकाहरूलाई



Downloaded from http://dhamma.digital/

आदर राख्ने विधि सिकाइदिनु पर्दछ। यस्तो कामलाई 'मैत्री-वची-कर्म' अर्थात् मैत्री युक्त वचीकर्म भन्दछन्। धर्मकथा सुन्दा हरेक अध्यायको अन्त्यमा भक्तिपूर्वक हात जोडी साधुकार दिनु पर्दछ। चारजनाको अघिल्तिर श्रमणहरूको गुण वर्णन गर्नु पर्दछ।

(३) मनमा मैत्रीभाव राख्नु पर्दछ। श्रमण-ब्राह्मणहरूको अभिवृद्धिका कामना गर्नु पर्दछ। तिनीहरू उपर मैत्रीभाव राख्नु पर्दछ। निरोगी होउन्, सुखी होउन् भनी चिताउनु पर्दछ श्रमण-ब्राह्मणहरूको दुःख कष्ट देखेर मनमा करुणा जगाई उपकारमा लाग्नु पर्दछ।

(४) श्रमण-ब्राह्मणहरूको निंति (अनावटद्वारा) सदा ढोका खुल्ला राख्नु पर्दछ। ढोका खुल्ला राख्नुको अर्थ साँच्चै नै खुल्ला राख्नु होइन। त्यसको मतलब यही हो कि श्रमण-ब्राह्मणहरू भिक्षा लिन आउँदा अविलम्ब भिक्षा दिनु पर्दछ। जुन व्यक्तिले भिक्षा आदि श्रमण-ब्राह्मणको नित्य भोजन, आसन, चीवर तथा औषधी (चतुप्रत्यय) आदिले सेवा गर्दछ, त्यसैले श्रमणहरूका निम्ति सदा ढोका खोलेको ठहरिन्छ। कहिलेकाहीं आउने श्रमणहरूको निंति सदा ढोका खोलेको ठहरिन्छ। कहिलेकहीं आउने श्रमणहरूलाई राम्ररी सत्कार गर्न नसके तापनि आफूसित भएको सामग्रीले 'छैन, सक्दिन' नभनी आफ्नो गच्छे अनुसार दान प्रदान गर्ने व्यक्तिको घरमा ढोका लाइराखे पनि 'खुलेको-ढोका' भनिन्छ।

(५) कुलपुत्रले श्रमण-ब्राह्मणहरूलाई ख्वाउनेवर्ने कामले पनि सेवा गर्दछ। विहानको समय भए अष्टमण्डल (क्वाति) जलपान आदि प्रदान गर्नु पर्दछ। बाह्र बज्नुभन्दा अगाडि दिउँसो भए दिवा भोजन प्रदान गर्नुपर्दछ। बाह्र बजिसकेको भए आठ प्रकारका फल-फूलको शरबत मध्ये जुनसुकै भएपनि बनाएर प्रदान गर्नु पर्दछ। जुनसुकै समयमा भिक्षु-श्रमणहरू आएपनि यथासमय स्वागत सत्कार गर्नु पर्दछ।

गृहपतिपुत्र ! यी पाँच प्रकारले कुलपुत्रहरूले उर्द्धदिशा समानका श्रमण ब्राह्मणको सेवा भक्ति गर्दछन्।



Downloaded from http://dhamma.digital/

## कुलपुत्रपति श्रमण-ब्राह्मणको कर्तव्य

गृहपतिपुत्र ! पूर्वोक्त पाँच प्रकारले उपष्ठान गर्ने कुलपुत्रहरूप्रति उर्द्धदिशा समानका श्रमण-ब्राह्मणहरूले निम्न पाँच प्रकारले अनुकम्पा राख्दछन् ।

(१) पाप गर्नबाट रोक्दछ । नराम्रो संगत गर्न दिंदैन । मिथ्यादृष्टि धारण गर्न दिंदैन ।

(२) असल कर्ममा लगाउँछ । पञ्चशील, अष्टशील पालन गराउँछ । दान, शील, भावनाको उपदेश दिन्छ ।

(३) भित्री हृदयले अनुकम्पा राख्दछ । सकल दाताहरूको सुख, हित, वृद्धिको कामना गर्दछ । निरोगी होस्, दुःखी नहोस्, शत्रु नाश होस् भन्ने मैत्रीपूर्वक आशिक दिन्छ । आशीर्वाद दिन्छ । आफ्ना दाताहरूको घरमा आफूभन्दा जानेका विद्वान, प्रज्ञावान् श्रमण-ब्राह्मणहरू लगी धर्मोपदेश गराउँछ । दाताहरूलाई ज्ञान-चक्षु प्राप्त हुने यत्न गरिदिन्छ ।

(४) कहिल्यै नसुनेको कथाकुरा सुनाउँछ । आचरण, चारित्र-वारित्र, शील तथा रीतिथिति आदि कर्तव्य सिकाइदिन्छ । नाना प्रकारका नयाँ नयाँ कुरा सुनाई अर्तिबुद्धि दिन्छ । अर्थात् हरेक प्रकारले उपकार गर्दछ ।

(५) सुगति स्वर्गलोक प्राप्त हुने मार्ग शास्त्रानुसार देखाइदिन्छ । काम र त्यसको फल देखाई उपदेश दिन्छ । प्राणीघात आदि पञ्चदुःशील-कर्म गरेमा अवश्य पनि दुर्गति प्राप्त हुन्छ, पञ्चसुशील-कर्म गरेमा निश्चय पनि सुगति-स्वर्ग प्राप्त हुन्छ भनी कुशल-मार्गमा आरुढ गराउँछ ।

गृहपतिपुत्र ! उर्द्धदिशा समानका श्रमण-ब्राह्मणहरूको सेवाटहल गर्ने कुलपुत्रहरूलाई श्रमण-ब्राह्मणहरूले यी पाँच प्रकारको अनुकम्पा राख्दछन् ।

यस प्रकारले तथागत शाक्यमुनिले सिगालपुत्रलाई उपदेश गरिसक्नु भएपछि पुन : निम्न गाथा आज्ञा गर्नुभयो ।



Downloaded from http://dhamma.digital/

**"माता पिता पुब्बा दिसा, आचरिया दक्खिणा दिसा ।**
**पुत्त-दारा दिसा पच्छा, मित्ता मच्चा च उत्तरा ॥**
**दास-कम्मकरा हेट्ठा, उद्धं समण ब्राह्मणा ।**
**एसा दिसा नमस्सेय्य, अलमत्थ कुले गिहि ॥**
**पण्डितो सीलसम्पन्नो, सण्हो च पटिभाणवा ।**
**निवातवुत्ति अत्थद्धो, तादिसो लभते यसं ॥"**

अर्थात्– आमाबाबु पूर्वदिशा, आचार्य दक्षिणदिशा, स्त्री-पुत्र-पुत्रीहरू पश्चिमदिशा, साथी भाइहरू उत्तरदिशा, नोकरचाकरहरू अधोदिशा, श्रमण-ब्राह्मणहरू उर्द्धदिशा हुन् । यति छ : दिशा नमस्कार गरिहने गृहस्थीलाई हरएक प्रकारको अर्थ सिद्ध हुन्छ। पण्डित-विद्वान) भएर नरम वचन प्रयोग गरी निरहंकारी तथा निहतमानी भएर गृहवास गर्ने व्यक्तिलाई यश लाभ हुन्छ ।

**उट्ठानको अनलसो, आपदासु निसेधति ।**
**अच्छिन्न वुत्ति मेधावी, तादिसो लभते यसं ॥**
**संगाहको मित्तकरो, वदञ्ञू वीतमच्छरो ।**
**नेता-विनेता-अनुनेता, तादिसो लभते यसं ॥**

अर्थात्– वीर्यवान् आपद् आइपरे पनि हरेस नखाई धैर्य बाँधी आपतलाई टार्ने, अटूटरूपले आफ्नो कर्तव्य पालन गर्ने स्थानोचित प्रज्ञा भएको व्यक्तिलाई यश प्राप्त हुन्छ। चार प्रकारको संग्रह वस्तु संग्रह गर्ने, मित्र लाभ गरेर हिंड्ने, याचकले (माग्नेले) भनेको बुझ्नसक्ने (वदञ्ञू) स्वभाव भएको, अर्थ देखाइदिने, कारण सहित अर्थ प्रकाश गर्ने, बारम्बार अर्थ सिद्ध हुने मार्गमा लैजाने व्यक्तिलाई यश लाभ हुन्छ।

(कुनै व्यक्ति साथीको घरमा गई चिज माग्ने विचार गर्दछ। माग्न नसकी अर्थोकै कुरा गर्न थाल्दछ, तर सुनिरहने साथीले त्यसको कुरा गराइको छाँट हेरी यसलाई त. फलानो वस्तु चाहिएको रहेछ भन्ने वुझी सो वस्तु दिएर साथीको इच्छा



Downloaded from http://dhamma.digital/

पूर्ण गरिदिन्छ। यस प्रकारले अर्काको मनको इच्छालाई आफ्नो अनुमान बुद्धिले बुझिलिनुलाई 'वदञ्ञू' भन्दछन्।)

चारवटा लोकसंग्रह वस्तु :–

**"दानञ्च पियवाचञ्च, अत्थचरिया च या इध।**
**समानत्तता च धम्मेसु, तत्थ तत्थ यथारहं॥**
**एते खो संगहा लोके रथस्साणिव यायतो।**
**एते चे संगहा नस्सु, न माता पुत्त कारणा॥**
**लभेथ मानं पूजं वा, पिता वा पुत्त कारणा।**
**यस्मा च संगहे एते, समवेक्खन्ति पण्डिता।**
**तस्मा महत्तं पप्पोति, पासंसा च भवन्तिते'ति॥"**

अर्थात्– (१) दान दिनु, (२) प्रिय वचनले कुरा गर्नु (३) परजनको हित हुने, लाभ हुने काम गरिदिनु, (४) स्थानानुसार जोसुकैसित पनि समानात्मता र ाखेर हिंड्नु तथा 'म ठूलो' भन्ने अभिमान नराख्नु। यी चार कारणलाई 'लोकसंग्रह वस्तु' भन्दछन्।

जस्तो धुरीको भरोसामा रथको पाँग्रा घुम्दछ त्यस्तै गृहस्थरूपी रथको पाँग्रा पनि यही चार प्रकारका संग्रह वस्तुको भरोसामा घुम्दछ। अर्थात् उपर्युक्त चारवटा संग्रह वस्तु भएका गृहस्थीको गृह-धर्म वृद्धि हुन्छ। यी चारवटा संग्रह-वस्तु भएन भने न आमाबाबुबाट पुत्रपुत्रीको, न पुत्रपुत्रीबाट आमाबाबुको आदर सत्कार हुन्छ।

पण्डितजनले यी चार संग्रह वस्तुको राम्ररी विचार गरी काम गर्नु हुनाले, उनीहरूको विशेषरूपले महान् वृद्धि हुने हो। तथा, उनीहरू प्रशंसाका पात्र हुने पनि त्यसैकारणले हो।



Downloaded from http://dhamma.digital/

यस प्रकारले भगवान्‌को छ : वटा दिशा नमस्कार गर्ने विधि आज्ञा गरिसक्नु भएपछि सिगालपुत्रले, अत्यन्त सन्तोष भई भगवानलाई विन्ति गरे– "धन्य ! धन्य ! भन्ते ! घोप्टी राखेको भाँडोलाई ठाडो पारिदिंदा, छोपी राखेकोलाई खोलि दिंदा, बाटो बिराएकोलाई बाटो देखाइ दिंदा, अन्ध्यारोमा तेलको बत्ती बालीदिंदा, जस्तो आँखा भएको व्यक्तिले रूपादि वस्तु देख्दछ, त्यस्तै तपाईंले मलाई अनेक प्रकारले धर्मोपदेश गरी अन्धा समानको व्यक्ति मलाई ज्ञानरूपी आँखा प्राप्त गराइदिनु भयो । अब म तपाई बुद्धको शरणमा, धर्मको शरणमा र संघको शरणमा आउँछु । आजदेखि मलाई तपाईले शरणमा आएको उपासक भनी आश्रयमा लिनुहोस् ।

गृहपतिपुत्र ! तिम्रा बाबुले तिमीलाई 'छः वटा दिशा नमस्कार गर्नु' भनेर गएको यही आमाबाबु इत्यादि छः प्रकारका दिशाको बारेमा हो ! लोकले व्यवहार गर्ने बाहिरका छः वटा दिशाको बारेमा होइन । बाबुको आज्ञा यदि तिमीले पालन गर्ने हो भने त्यही पूर्वोक्त छः वटा दिशा प्रतिदिन नमस्कार गर्ने गर ।

यति उपदेश आज्ञा गरी भगवान बुद्ध भिक्षाटनको निम्ति राजगृह नगरभित्र जानु भयो ।

सिगालपुत्र पनि सन्तोष हुँदै त्रिरत्नको शरणमा गए । आफ्नो चालीस करोड धन-सम्पत्ति पनि बुद्ध शासनको निम्ति परित्याग गरे । त्यसपछि सिगालपुत्रले गृही-विनयानुसार गृहस्थाश्रम चलाई अन्तमा सुगति परायण भएर गए ।

## सिगालोवाद सूत्र समाप्त

भिक्षु– उपासक ! तथागतले सिगालपुत्रलाई आज्ञा गर्नु भएको गृहस्थीहरूले गर्नुपर्ने गृही-विनयको कुरा बताए । यो उपदेश-शिक्षानुसार गृहस्थीहरूले गर्नु योग्य



Downloaded from http://dhamma.digital/

छ। यो उपदेशनुसार आचरण गरे भने गृहस्थाश्रममा रहेका व्यक्तिहरूलाई यसलोक र परलोकमा सुख आनन्द प्राप्त हुनेछ ।

उपासक– भन्ते ! यस्तो अमूल्य कुरा बताउनु भएकोमा तपाईलाई सहश्र धन्यवाद छ। हाम्रो निम्ति त यो 'गृही-विनय परमावश्यक छ। भगवान् बुद्धको यस सिद्धान्त र सदुपदेश हामीले ग्रहण गर्नुपर्ने नै हो । यस प्रकारले तपाई भिक्षुहरू जस्ताले हामी जस्ता अज्ञानीहरूलाई बारम्बार यसरी उपदेश दिइरहनु भयो भने नेपाली बौद्धमार्गीहरूको मात्रै होइन । सकल नेपाली मात्रको पनि होइन, अझ संसारका सकल मानिसको चरित्र र समाजको सुधार हुनेछ ।

भिक्षु- उपासक, तपाईको कुरा ठीक हो । तर उद्योग विना कुनै काम पनि हुँदैन । हाम्रो समाजमा सुधारका प्रेरकहरू धेरै हुन सक्छन् । तर, 'छँदै छैन' भनी चुप लागेर बसेर केही हुँदैन । बिना खोजीले कुनै कुरो पनि प्राप्त हुँदैन । कुनै एकजना पण्डितले भनेको पनि छ–

**"धिक्कार धिक्कार तिमी निरबुद्धिलाई,**
**खोजी विना केही हुँदैन भाइ !"**

कुनै श्रमण-ब्राह्मण तथा भिक्षुहरूले उपदेश दिएको ग्रहण गर्ने हामीलाई चासो छैन भने हाम्रो सुधार कसरी हुन्छ ? सनातनदेखि चलेर आएको कुल-धर्म तथा रीतिथिति बुझ्ने वास्ता नै हामीमा छैन । धर्मशास्त्र, विद्या, शिल्प, कला तथा साहित्य-सुधार पट्टी हामीले ध्यान दिएनौं भने हाम्रो अवनति हुन्छ, हुन्छ। साँच्चै भनू भने हाम्रो समाजले यस दिशातिर उत्तिको ध्यान दिएको देखिँदैन ।

उपासक– त्यसै त भन्नुपर्‍यो अब के गरुँ !

भिक्षु– फेरि 'के गरुँ !' -उही नैराश्यको बादल ! के गरुँ भनिरहेर हाम्रो सुधार कहिल्यै हुँदैन । 'गृही-विनय' को आदेशानुसार आचरण गर्ने यत्न गर्नु पर्दछ । अनि मात्रै हाम्रो सुधार सम्भव हुन्छ ।



Downloaded from http://dhamma.digital/

गृहस्थीहरूको सुधार हुने विधि र उपदेश शिक्षा वर्णन गरिराखेकोले यस ग्रन्थलाई 'गृही-विनय' भनेको हो । यो सिगालोवाद सूत्रको अनुसार आचरण गर्ने व्यक्तिको सुधार र अभिवृद्धि बाहेक असुधार र अवृद्धि कदाचित हुँदैन त्यसकारण यस गृही-विनय शिक्षालाई ग्रहण गरी घरलाई स्वर्गतुल्य बनाउनु पर्‍यो । धार्मिक जीविका गरिरहने व्यक्तिलाई यस लोकमा पनि परलोकमा पनि शान्ति प्राप्त हुन्छ । यस्तै प्रकारले धर्मचर्या वृद्धि गरेर लग्यो भने त्यस व्यक्तिले क्रमश: जन्म मरणबाट मुक्त भई निर्वाण प्राप्त गर्न सकिनेछ ।

उपासक– साधु ! साधु ! साधु !

## गृही विनय–अभ्यास – ५

भगवान् बुद्धको पालामा कोलिय जनपदको कक्करपत्त भन्ने निगममा दीर्घजाणु कोलियपुत्र (दीघजाणु कोलिय पुत्त) बस्दथे ।

१) 'श्रमण' र 'ब्राह्मण' शब्दलाई सरलभाषामा प्रष्ट पार्नुहोस् ।

२) 'न जकचा ................. ब्राह्मणो ।' यस गाथालाई नेपालीमा अर्थ्याउनुहोस् ।

३) उर्द्धदिशा समानका श्रमण-ब्राह्मणहरूप्रति कुलपुत्रहरूले गर्नु पर्ने पाँच प्रकारका सेवाभक्ति-कर्तव्य के-के हुन् ? लेख्नुहोस् ।

४) कुलपुत्रप्रति श्रमण-ब्राह्मणहरूले कति प्रकारले अनुकम्पा राख्दछन् ?

५) 'वदञ्ञू' भन्नाले के बुझ्नुहुन्छ ? प्रष्टचाउनुहोस् ।

६) 'लोकसंग्रह' भन्नाले के बुझिन्छ ? लेख्नुहोस् ।

७) सिगालिपुत्रले के कुरा प्रकट गरी त्रिरत्नको शरणमा आएको उपासक भनी आश्रय दिनुहोस् भनी बुद्ध समक्ष कसरी प्रार्थना गरे ?



Downloaded from http://dhamma.digital/

८) 'गृही-विनय' भन्नाले के बुझिन्छ ? यस्को परिभाषा दिई यसबाट सभ्य समाज निर्माण गर्न के कस्तो योगदान पुऱ्याउने हुन्छ ? आफ्नै शैलीमा प्रकाश पार्नुहोस् ।
९) आधुनिक समाजमा 'गृही-विनय' लाई कसरी व्यवहारमा उतार्न सकिएला ? आफ्नो तर्क प्रष्तुत गर्नुहोस् ।

# गृही सुख हुने उपदेश

भगवान् बुद्धको पालामा कोलिय जनपदको कक्करपत्त भन्ने निगममा दीर्घजाणु कोलियपुत्र (दीघजाणु कोलिय पुत्त) बस्दथे ।

एक समय भगवान् गौतम बुद्ध त्यस निगममा आउनु भएको थियो । अनि दीर्घजाणु कोलियपुत्र भगवान् बसिरहनु भएको ठाउँमा गई गृहस्थीहरूको इहलौकिक र पारलौकिक हित र सुख हुने कुरा बताउनु होस् भनी प्रार्थना गर्दा वहाँले अङ्गुत्तर निकायको अट्ठकनिपातमा उल्लिखित दीघजाणु सूत्रको उपदेश सुनाउनु भयो । सूत्र यसप्रकार छ–

"एक समय भगवान् कोलिय (जनपद) को कक्करपत्त (यो 'कक्करपत्त' भन्ने निगम हाल लुम्बिनी अञ्चलको लुम्बिनी नजिक भारतीय सीमानाको 'ककरहवा' हुनसक्छ भन्ने विचार भरतसिंह उपाध्यायले आफ्नो बु भा. भ. पृ. ३११ मा उल्लेख गरेका छन् ।) भन्ने कोलियहरूको निगममा बसिरहनु भएको थियो । (अं. नि-८ पृ. ३७५ दीघजाणुसुत्तं, गोतमीवग्गो, अ. क. II पृ. ७७८ ।)

"अनि दीघजाणु (= दीर्घजानु लामोखुट्टा) कोलियपुत्र जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गए । त्यहाँ पुगेपछि भगवान्लाई अभिवादन गरी एक छेउमा बसे । एक छेउमा बसेका दीघजाणु कोलियपुत्रले भगवान्संग यस्तो बिन्ति गरे–



Downloaded from http://dhamma.digital/

"भन्ते ! हामी गृही कामभोगी हौं जो केटाकेटीहरूको झंझटमा परी घरबारमा सुतेर बस्छौं र हामी काशीको चन्दन लगाउँछौं, मालागन्धविलेपन धारण गर्छौं तथा सुनचाँदी सेवन गर्छौं । भन्ते ! भगवान्ले हामीलाई त्यस्तो धर्मोपदेश गर्नुहोस जो हामीहरूको निमित्त यसै जीवनमा हित र यसै जीवनमा सुख तथा पारलौकिक हित र पारलौकिक सुख हुन सकोस् ।"

## चार सम्पदा

"इहलौकिकसुख-ब्यग्घपज्ज ! (व्यघ्रपदय) चार कारणले कुलपुत्रको यसै जीवनमा हित र यसै जीवनमा सुख हुन्छ । कुन चार भने ? (१) उट्ठानसम्पदाद्धार, (२) आरक्षासम्पदाद्वारा, (३) कल्याणमित्रताद्वारा र (४) समानजीविकाद्वारा ।

('ब्यग्घपज्ज' (= व्यघ्रपथ्य) भनिएको कोलियहरूको परम्परागत खान्दानी नाम हो । कोलियका पूर्वजहरू व्यघ्रपथमा जन्मेका थिए । त्यसैले उनीहरूलाई 'ब्यग्घपज्ज' भएिको हो भनी मनो. र. पृ II ७७८ : दीघजाणुसुत्तवण्णनाले उल्लेख गरेको छ ।)

"(१) ब्यग्घपज्ज ! उट्ठानसम्पदा भनेको कस्तो हो ? ब्यग्घपज्ज ! यहाँ कुलपुत्र जुन कामद्वारा जीविका गर्छ– चाहे त्यो कृषि कर्म होस्, व्यापार होस्, धनुषविद्या होस्, नोकरी होस् अथवा कुनै शिल्पविद्या होस्-त्यहाँ (त्यस काममा) चलाक हुन्छ, निरालसी हुन्छ उपाय-कौशल्यताले युक्त विचार पुऱ्याई काम गर्ने र कामकाज गर्नमा र कामकाज संविधान गर्नमा सक्षम हुन्छ । ब्यग्घपज्ज ! यसैलाई 'उट्ठानसम्पदा' भन्दछन् ।

(२) "ब्यग्घपज्ज ! आरक्षासम्पदा भनको कस्तो हो ? ब्यग्घपज्ज ९ यहाँ कुलपुत्रका भोगसम्पत्तिहरू हुन्छन् जो उट्ठानवल-वीर्यद्वारा, बाहुवलद्वारा पसिना बगाई धर्मपूर्वक कमाएका । ती भोगसम्पत्तिहरू गुप्तरूपले रक्षा गरेको हुन्छ– 'यी



Downloaded from http://dhamma.digital/

भोगसम्पत्तिहरू राजाले हरण गर्न नसकुन्, चोरले चोर्न नसकोस्, आगोले भस्म पार्न नसकोस्, पानीले बगाउन नसकोस् र अवांछनीय पुरुषको हातमा नपरोस्' भनी गुप्तरूपले आरक्षा गरेको हुन्छ। ब्यग्घपज्ज ! यसैलाई 'आरक्षासम्पदा' भन्दछन्।

(३) "ब्यग्घपज्ज ! कल्याणमित्रता भनेको कस्तो हो ? ब्यग्घपज्ज ! जुन गाउँ वा निगममा कुलपुत्र बस्दछ त्यस ठाउँमा जो गृहपति वा गृहपतिपुत्र तरुण वा वृद्ध वा वृद्धस्वभावका, श्रद्धासम्पन्न, शीलसम्पन्न, त्यागसम्पन्न र प्रज्ञासम्पन्न हुन्छन् तिनीहरूसंग बस्छ, कुरा गर्छ, छलफल गर्छ र सत्संगत गर्छ। जसरी उनीहरू श्रद्धासम्पन्न भए त्यसरी नै आफू पनि सिक्छ, जसरी उनीहरू त्याग सम्पन्न भए त्यसरी नै आफू पनि सिक्छ, जसरी प्रज्ञासम्पन्न भए त्यसरी नै आफू पनि सिक्छ र उनीहरूसँग बस्छ, कुरा गर्छ, छलफल गर्छ र सत्संगत गर्छ। ब्यग्घपज्ज ! यसैलाई "कल्याणमित्रता" भन्दछन्।

(४) "ब्यग्घपज्ज ! समजीविका भनेको कस्तो हो ? ब्यग्घपज्ज ! यहाँ कुलपुत्रले भोगसम्पत्तिको आयलाई पनि बुझी भोगसम्पत्तिको व्ययलाई पनि बुझी समानरूपले जीविका गर्छ– न अति धेरै, न अति थोरै (खर्च गर्छ)- 'यसरी मेरो आय, व्ययभन्दा बढी हुनेछ न कि आयभन्दा व्यय बढी हुनेछ, (भनी खर्च गर्छ)। ब्यग्घपज्ज ! जस्तै कुनै तुलाधर वा तुलाधर अन्तेबासिकले तुला समात्दा जान्दछ कि- 'यतिले यो कम छ वा यतिले यो बढी छ।' ब्यग्घपज्ज ! त्यस्तै गरी यहाँ कुलपुत्रले भोगसम्पत्तिको आयलाई पनि जानी भोगसम्पत्तिको व्ययलाई पनि जानी समानरूपले जीविका गर्छ– 'यसरी मेरो आय, व्ययभन्दा बढी हुनेछ न कि आयभन्दा व्यय बढी हुनेछ' (भनी खर्च गर्छ ) ब्यग्घपज्ज ! यदि यो कुलपुत्रको कम आय भएर धेरै खर्च गरी जीविका गर्छ भने- उसलाई यस्तो भन्ने हुन्छन्- 'यो कुलपुत्रले उदुम्बर (= डुम्री ) खाए झै भोगसम्पत्ति खान्दै छ' ब्यग्घपज्ज ! यदि यो कुलपुत्रले धेरै आय भएर पनि कष्टपूर्वक जीविका गर्छ भने– उसलाई यस्तो भन्ने हुन्छन्– 'यो कुलपुत्र बुढो हुन



Downloaded from http://dhamma.digital/

नपाउँदै मर्नेछ ।' ब्यग्घपज्ज ! जब कुलपुत्रले भोगसम्पत्तिको आयलाई पनि बुझी– न अति धेरै, न अति थोरै (खर्च गर्छ)– 'यसरी मेरो आय, व्ययभन्दा बढी हुनेछ न कि आयभन्दा व्यय बढी हुनेछ' (भनी खर्च गर्छ) । ब्यग्घपज्ज ! यसैलाई 'समजीविका' भन्दछन् ।

## विनाशका चार कारणहरू

"ब्यग्घपज्ज ! यसरी भोगसम्पत्तिद्वारा सुसम्पन्न हुनेका विनाशका कारणहरू – (अपाय मुखानि) चारवटा हुन्छन्- (१) स्त्रीधुर्त, (२) सुराधुर्त, (३) अक्षधुर्त (जुवाडी) र (४) पापमित्र (खराब साथी) पापसहाय पापविश्वासी । ब्यग्घपज्ज ! जस्तै कुनै ठूलो तलाउका चारवटा आयमुखहरू (= पानी आउने मुहानहरू) र चारवटा अपायमुखहरू (पानी जाने मुखहरू) हुन्छन् । अनि सो पुरुषले जो ती पानी आउने मुहानहरू हुन् तिनीहरू बन्द गर्छ र जो ती पानीजाने मुखहरू हुन् तिनीहरू खोलिदिन्छ र मुसलधारा पानी पनि पर्दैन । ब्यग्घपज्ज ! यस्तो अवस्थामा त्यो ठूलो तलाउको पानी सुकेर नै जाने सम्भावना हुन्छ बढेर आउने सम्भावना हुन्न । ब्यग्घपज्ज ! यस्तै गरी भोगसम्पत्तिद्वारा सुसम्पन्न हुनेका चारवटा विनाशका कारणहरू हुन्छन्– स्त्रीधुर्त, सुरधुर्त, अक्षधुर्त र पापमित्र पापसहाय पाप विश्वासी ।

"ब्यग्घपज्ज ! यसरी भोगसम्पत्तिद्वारा सुसम्पन्न हुनेका चारवटा आयमुखहरू (= अभिवृद्धिका कारणहरू) हुन्छन्- (१) स्त्रीधुर्त हुन्न, (२) सुराधुर्त हुन्न, (३) अक्षधुर्त हुन्न र (४) कल्याणमित्र कल्याणसहाय कल्याणविश्वासी हुन्छ, ब्यग्घपज्ज ! जस्तै कुनै ठूलो तलाउका चारवटा आयमुखहरू (= पानी आउने मुहानहरू) र चारवटा अपायमुखहरू (पानी जाने मुखहरू) हुन्छन् । अनि सो पुरुषले जो ती पानी आउने मुहानहरू हुन् तिनीहरू खोलिदिन्छ र जो ती पानीजाने मुखहरू हुन् तिनीहरू बन्द



Downloaded from http://dhamma.digital/

गर्छ र मुसलधार पानी पनि पर्दछ । व्यग्घपज्ज ! यस्तो अवस्थामा त्यो ठूलो तलाउको पानी पनि पर्दछ। ब्यग्घपज्ज ! यस्तो अवस्थामा त्यो ठूलो तलाउको पानी बढेर पानी आउने नै सम्भावना हुन्छ र घटेर जाने सम्भावना हुन्न । ब्यग्घपज्ज ! यस्तै गरी भोगसम्पत्तिद्वारा सुसम्पन्न हुनेका चारवटा आयमुखहरू हुन्न र कल्याणमित्र कल्याणसहाय कल्याणविश्वासी हुन्छ । ब्यग्घपज्ज ! यी चार कारणले गर्दा यसै जीवनमा कुलपुत्रको हित र सुख हुन्छ ।

पारलौकिक सुख- "ब्यग्घपज्ज ! चार कारणले गर्दा कुलपुत्रको पारलौकिक हित र पारलौकिक सुख हुन्छ। कुन चार भने ?- (१) श्रद्धासम्पदा, (२) शीलसम्पदा, (३) त्यागसम्पदा र (४) प्रज्ञासम्पदा ।

(१) "ब्यग्घपज्ज ! श्रद्धासम्पदा भनेको कस्तो हो त ?

ब्यग्घपज्ज ! यहाँ कुलपुत्र श्रद्धावान् हुन्छ, तथागतको बोधिमा यसरी श्रद्धा राख्छ- वहाँ भगवान् अरहन्त हुनुहुन्छ, सम्यक्सम्बुद्ध हुनुहुन्छ, अनुत्तर हुनुहुन्छ, पुरुषदम्य सारथी हुनुहुन्छ, देवमनुष्यहरूका शास्ता हुनुहुन्छ तथा भगवान् हुनुहुन्छ ।' ब्यग्घपज्ज ! यसैलाई 'श्रद्धासम्पदा' भन्दछन् ।

(२) "ब्यग्घपज्ज ! शीलसम्पदा भनेको कस्तो हो त ? ब्यग्घपज्ज ! यहाँ कुलपुत्र (१) प्राणीघातबाट अलग रहन्छ, (२) अदिन्नादानबाट (= चोरीबाट) अलग रहन्छ, (३) काममिथ्याचारबाट अलग रहन्छ, (४) मृषावादाबाट अलग रहन्छ र (५) सुरामेरयमद्य प्रमादस्थानबाट अलग रहन्छ। ब्यग्घपज्ज ! ययैलाई 'शीलसम्पदा' भन्दछन् ।

(३) "ब्यग्घपज्ज ! त्यागसम्पदा भनेको कस्तो हो त ? ब्यग्घपज्ज ! यहाँ कुलपुत्र निर्लोभी भएर, त्यागी भएर, शुद्ध हातले दानकार्यमा अग्रसर भएर, याचकपात्र भएर तथा दानसंविभाजनमा रत भएर घरमा बस्छ । ब्यग्घपज्ज ! यसैलाई 'त्यागसम्पदा' भन्दछन् ।



Downloaded from http://dhamma.digital/

(४) "ब्यग्घपज्ज ! प्रज्ञासम्पदा भनेको कस्तो हो त ? ब्यग्घपज्ज ! यहाँ कुलपुत्र प्रज्ञावान् हुन्छ, उदयास्तगामिनी प्रज्ञाले सुसम्पन्न हुन्छ तथा आर्यनिर्वेधिक सम्यक् दुःखक्षयगामिनी प्रज्ञाले सम्पन्न हुन्छ। ब्यग्घपज्ज ! यसैलाई 'प्रज्ञा सम्पदा' भन्दछन्। व्यग्घपज्ज ! यी चार कारणले कुलपुत्रको पारलौकिक हित र पारलौकिक सुख हुन्छ।

**१. "उट्ठाता कम्मधेय्येसु, अप्पमत्तो विधानवा ।**
**समं कप्पेति जीविकं, सम्भतं अनुरक्खति ॥**

**२. "सद्धो सीलेन सम्पन्नो, वदञ्ञू वीतमच्छरो ।**
**निच्चं मग्गं विसोधेति, सोत्थानं सम्परायिकं ।**

**३. "इच्चेते अट्ठ धम्मा च, सद्धस्स धरमेसिनो ।**
**अक्खाता सच्चानमेन, उभयत्थ सुखावहा ॥**

**४. "दिट्ठधम्महितत्थाय, सम्परायसुखाय च ।**
**एवमेतं गहट्ठानं, चागो पुञ्ञं पवड्ढती'ति ॥**

अर्थात्–

"१– कामकाजमा वीर्यवान् हुने, अप्रमादी, व्यवधान सम्पन्न गर्ने, समानरूपले जीविका गर्ने र प्राप्त धनको रक्षा गर्ने;

२– श्रद्धावान्, शीलसम्पन्न, भनेको कुरा बुझ्ने मात्सर्य रहित र हरबखत मार्ग शोधन गरी पारलौकिक-हितको निमित्त काम गर्ने;

३– यसरी श्रद्धापूर्वक घरमा बस्ने गृहस्थीलाई सत्यको नाममा भनिएका यी आठ गुणधर्महरूद्वारा उभयार्थ सुखावह हुन्छ;

४– यसरी गृहस्थीको निमित्त त्यागले पुण्य बढ्छ र इहलोकको निमित्त हित र परलोकको निमित्त सुख पनि हुन्छ।"



Downloaded from http://dhamma.digital/

## गृहस्थीहरूले विशेष ध्यानमा राख्नु पर्ने कारणहरू

यदि कुनै गृहस्थीहरूको भोगसम्पत्तिहरू अचिरस्थायी हुन्छन् भने ती निम्न चार कारणहरूबाट वा अरु कुनै त्यस्तै कारणहरूबाट हुन सक्तछन् भनी अङ्गुत्तर निकायको चतुक्क निपातमा भगवान् बुद्धले उपदेशको रूपमा भन्नु भएको छ। जस्तै–

(१) हराएको वस्तु खोजी नगर्नाले।

(२) पुरानो भएर जीर्ण-सीर्ण भएको वस्तुको पुनः जीर्णोद्धार नगर्नाले।

(३) प्रमाण भन्दा बाहिर रही खान-पान गरी लुगाफाटा लगाई मोजमज्जा गर्नाले।

(४) दुश्शील असंयमी स्त्री वा पुरुषलाई ढुकुटीको वा भण्डारको अधिपति बनाउनाले।

यदि कुनै गृहस्थीहरूको भोगसम्पत्तिहरू चिरस्थायी हुन्छन् भने ती निम्न चार कारणहरूबाट वा अरु कुनै त्यस्तै कारणहरूबाट हुन सक्तछन् भनी भगवान् बुद्धले उपदेशको रूपमा भन्नु भएको छ। जस्तै–

(१) हराएको बस्तु खोजी गर्नाले।

(२) पुरानो भएर जीर्ण-सीर्ण भएको बस्तुको पुनः जीर्णोद्धार गर्नाले।

(३) आफ्नो प्रमाण भित्र रही खान-पान गरी लुगाफाटा लगाई मोजमज्जा गर्नाले।

(४) शीलवान् संयमी वा पुरुषलाई ढुकुटीको वा भण्डारको अधिपति बनाउनाले (अं. नि-४ पृ. २६४ : कुलसुत्तं)



Downloaded from http://dhamma.digital/

## उपासकले गर्न नहुने व्यापार

निम्न पाँच वटा व्यापारहरू त्रिशरणमा गएका उपासकहरूले गर्नु र गराउनु उचित छैन भनी अङ्गुत्तरनिकायको पञ्चकनिपातमा भगवान् बुद्धले उपदेशको रूपमा भन्नु भएको छ। जस्तै–

(१) काट-मार गर्ने शस्त्र बनाई वा बनाउन लगाई त्यसको क्रयविक्रय गर्न र गर्न लगाउनु हुन्न।

(२) सत्वप्राणीहरू खासगरी मानिसहरू क्रय-विक्रय गर्नु र गराउनु हुन्न।

(३) मांस क्रय-विक्रय गर्नु र गराउनु हुन्न।

(४) अमल लाग्ने कुनै पनि मादक पदार्थहरू क्रय-विक्रय गर्नु र गराउनु हुन्न।

(५) कुनै प्रकारको विषालु पदार्थ बनाई वा बनाउन लगाई त्यसको क्रय-विक्रय गर्नु र गराउनु हुन्न।

उपरोक्त क्रय-विक्रयद्वारा उपार्जित धनसम्पत्तिद्वारा जीविका गर्नेको जीवनलाई अधार्मिक जीवन भनी भन्दछन्। अतः शुद्ध उपासकले त्यस किसिमको जीविकाबाट दूर रहन सक्नुपर्छ। (अं. नि.-५ पृ. ४५४ : वणिज्जसुत्तं)

Dhamma.Digital

## प्रज्ञा वृद्धि हुने कारण

निम्न चार कारणबाट मानिसको प्रज्ञावृद्धि विकाश हुनसक्छ भनी अङ्गुत्तर निकायको चतुक्कनिपातमा भगवान् बुद्धले प्रकाश पार्नु भएको छ। जस्तै–

(१) आफूभन्दा ठूला घरानी बुद्धिवान् सत्पुरुषको सत्संगत गर्नाले।

(२) समय समयमा सद्धर्मको श्रवण गर्ने बानी बसाल्नाले।



Downloaded from http://dhamma.digital/

(३) कुनै काम-कुरा गर्दा राम्ररी विचार पुऱ्याई, राम्ररी होस् राखी सचेत भई काम-कुरा गर्ने बानी बसाल्नाले ।

(४) कसैको हानी नहुने, कसैलाई हिंसा नहुने गरी धर्मानुकूल काम-काज गर्ने बानी बसाल्नाले ।

मानिसहरूको निमित्त उक्त चार कारणहरू बहुपकारी पनि हुन्छन् । - अं. नि. ४ पृ. २६० पञ्ञावुद्धिसुत्तं )

Dhamma.Digital



Downloaded from http://dhamma.digital/

# गृही विनय–अभ्यास – ६

१) चार गृही सुख हुने चार सम्पदाहरू के-के हुन् ? नाम लेख्नुहोस् ।

२) गृही चार सम्पदाको परिभाषा लेखी स्पष्ट हुने गरी प्रकाश पार्नुहोस् ।

३) विनाशका चार कारणहरूलाई प्रष्ट हुने गरी लेख्नुहोस् ।

४) पारलौकिक हित र पारलौकिक सुख भन्नाले के बुझिन्छ ?

५) श्रद्धा सम्पदा र शीलसम्पदा भन्नाले के बुझ्नुहुन्छ ?

६) त्याग सम्पदा र प्रज्ञासम्पदाको अर्थ स्पष्ट पार्नुहोस् ।

७) गृहस्थीहरूले विशेष ध्यानमा राख्नुपर्ने कारणहरू के के हुन् ?

८) अङ्गुत्तर निकाय अनुसार उपासकले गर्न नहुने व्यापार के हुन् ? खुलस्त पार्नुहोस् ।

९) के-कसो गर्नाले प्रज्ञा वृद्धि हुने हुन्छ ?

१०) हाम्रो समाजमा 'गृही-विनय' को के महत्व रहेको छ ? यसबाट समाजलाई कतातिर डोऱ्याउन सकिने हुन्छ ? आफ्नै भाषामा लेख्नुहोस् ।

**समाप्त**



Downloaded from http://dhamma.digital/

# परियत्ति : द्वितीय प्रवेश शिक्षा

'समाप्त'

Dhamma.Digital

भवतु सब्ब मङ्गलं ।



Downloaded from http://dhamma.digital/

# नेपाल बौद्ध परियत्ति शिक्षाको एक चिनारी

**परियत्ति शिक्षा के हो ?**

राजकुमार सिद्धार्थको रूपमा नेपालका सुपुत्र, विश्वज्योति भगवान् बुद्धको जन्म नेपालको लुम्बिनी ग्राममा (हाल कपिलवस्तु तौलिहवा नजिकै) आजभन्दा करीब २६२६ वर्ष पूर्व भएको हो । उहाँ संसारलाई जलाइरहेको दुखाग्नि देखी चिन्तित हुनुहुन्थ्यो र शान्तिको मार्ग खोज्न एकदिन राजसी ऐस आराम, प्यारी पत्नी यशोधरा र पुत्र राहुललाई त्यागगरी अज्ञानता र दुःखबाट मुक्तिको मार्ग खोज्न घरबाट निस्कनुभयो । त्यसबेलामा नाम चलेका ज्ञानीजनहरूबाट आफूले खोजेको शान्तिको ज्ञान प्राप्तहुने नदेखेपछि आफैले सो ज्ञान प्राप्तगर्न ६ वर्षसम्म कठोर तपस्या गर्नुभयो । अन्तमा बोधिबृक्षमुनि ध्यानरतहुँदा उहाँले सम्यक्सम्बोधि प्राप्त गर्नुभयो र बुद्ध कहलाउनुभयो । तत्पश्चात् आफैले पत्ता लगाएको अमृतमय बुद्धधर्मको सन्देश ४५ वर्षसम्म आफूले स्थापना गर्नुभएको संघका भिक्षुहरूमा तथा गृहस्थहरूमा फैलाउँदै ८० वर्षको उमेरमा महापरिनिर्वाण हुनुभयो ।

प्राणीमात्रको हित र सुखको लागि भगवान् बुद्धले धर्मचक्र प्रवर्तन गर्नुभएदेखि परिनिर्वाणको समयमा मल्लहरूको सालवनमा भिक्षु आनन्द तथा अन्य भिक्षुहरू तथा सुभद्र परिब्राजकहरूलाई दिनुभएको अन्तिम धर्मोपदेशसम्म ४५ वर्ष तक निरन्तर अभिव्यक्त गर्नुभएका आदि, मध्य र अन्तमा पनि कल्याणकारी मूल र प्रामाणिक बुद्धवचन त्रिपिटक ग्रन्थमा सुरक्षित गरिएको छ । बुद्धवचन सुत्तपिटक, विनयपिटक र अभिधम्मपिटक गरी ३ भागमा विभक्त गरिएको भएर नै त्रिपिटक भनिएको हो । पिटक भनेको धर्म साहित्यको पिटक (डालो) हो । बुद्धशासनमा परियत्ति, प्रतिपत्ति र प्रतिवेध ३ भाग मा विभाजित शासन मध्ये त्रिपिटक परियत्ति शासन हो । परियत्ति भनेको बुद्धवचन त्रिपिटकको अध्ययन अध्यापन गर्नुपर्ने सैद्धान्तिक् पक्ष हो भने प्रतिपत्ति भनेको व्यवहारिक प्रयोगात्मक पक्ष हो । अनि



Downloaded from http://dhamma.digital/

प्रतिवेध भनेको शुद्धधर्मको अभ्यासबाट प्राप्तहुने मार्गफल र निर्वाण हो । परियत्ति शासन भएन भने प्रतिपत्ति शासन हुँदैन । त्यस्तै प्रतिपत्ति शासन भएन भने प्रतिवेध शासन हुँदैन । त्यसो भएर नै बुद्धशासनको आधारशीला भइरहेको परियत्ति अर्थात् बुद्धवचन शुद्धरूपले सुरक्षितगरी राख्न संगायनहरू भै राखेका छन् ।

परियत्तिको महत्वबारे अंगुत्तर निकायको अट्ठकथाको मनोरथपूरणी ग्रन्थको एउटा गाथामा यस्तो भनिएको छ - *“सूत्र रहेन भने र विनय नष्ट भयो भने लोक त्यस्तै प्रकारले अन्धकारमय हुनेछ जस्तो सूर्य अस्ताउँदा हुन्छ । सूत्र आदि रक्षा भइरह्यो भने प्रतिपत्ति रक्षाहुन्छ , परियत्तिमा स्थिर भइरहने धीर पण्डित योगक्षेम निर्वाण प्राप्तगर्नबाट विमुख हुँदैन ।”*

## नेपाल बौद्ध परियत्ति शिक्षाको संक्षिप्त इतिहास

आजभन्दा २६०० वर्ष अगाडि हाम्रो देश नेपालको लुम्बिनी उपवनमा कपिलवस्तुका राजा शुद्धोदन र अग्रमहिषी महामायादेवीका सुपुत्र राजकुमार सिद्धार्थको जन्म भयो । उहाँ २९ वर्षको उमेरमा गृहत्यागगरी ३५ वर्षको उमेरमा बुद्धगयाको बोधिवृक्ष मुनि बोधिज्ञान प्राप्त गरी सर्वज्ञबुद्ध हुनुभयो । बुद्धत्व प्राप्तिपछि भगवान बुद्धले संसारको हित र कल्याणको निम्ति ४५ वर्षसम्म गाउँ-गाउँमा, शहर-शहरमा, जनपदबाट जनपदमा चारिकागरी धर्म उपदेश गर्नुभयो । भिक्षाटनबाट फर्किसकेपछि खुट्टाधुने समयसम्म त्यसै नबसि उहाँ धर्मोपदेश गर्नुहुन्थ्यो । यसप्रकारको धर्मउपदेशदिने आदर्शलाई त्यसपछिको उहाँको शरणमा आउने सबै भिक्षु, श्रमण र श्रद्धालुहरूले पनि पालनगऱ्यो । बुद्धको महापरिनिर्वाणपछि बुद्धोपदेश लोपनहोस् भनेर मगध सम्राट् अजातशत्रुको संरक्षणमा आयुष्मान् महाकाश्यप महास्थविरको नेतृत्वमा पहिलो संगायना भयो ।

त्यसको १०० वर्षपछि राजा कालाशोकको संरक्षणमा आयुष्मान् रेवत महास्थविरको नेतृत्वमा विनय-नियम शुद्ध र स्वच्छ रूपले कायम गरीराख्ने विशेष उद्देश्य राखी दोस्रो संगायना भयो ।



Downloaded from http://dhamma.digital/

सम्राट् अशोकले चारैदिशातिर धर्मदूतहरू पठाई बुद्धको उपदेश प्रचार प्रसार गर्नुभयो। धर्मको संगायनालाई फेरी चिरस्थायीको कामना गरी श्रीलंकाका राजा वट्टगामिनिले बुद्धोपदेश त्रिपिटकलाई ताडपत्रमा लिपिवद्ध गरायो। यसको अगाडि बुद्धोपदेश लिपिवद्ध नभएसम्म त्यसलाई कण्ठ गरिराख्ने जिम्मा लिइराख्ने भिक्षुहरूले विभिन्न रूपले भाणक भाणक विभाजन गरी गुरूशिष्य परम्परा आ-आफूले जिम्मा लिइराखेकोलाई त्यसै अनुरूप अभिभारा वोकी पूर्णरूपले जिम्मेबार बहन गरी राखेको थियो। दुर्भिक्षादि प्राकृतिक भय-अन्तराय आएजस्तै अधार्मिक राजाहरू वा अधिकारीहरूबाट पनि अनेकौं बिघ्नबाधा आई शासनलाई धक्का पुग्नजाने अवस्थामा आ-आफूहरू केही भएमा धर्मको अंश नै लोप हुनसक्छ भनेर यत्रो भय लिई, संवेग लिई बुद्ध-शासन सुरक्षाको निम्ति दत्तचित्त भइराख्यो कि भनेरसाध्य छैन। जस्तो उहाँ दूरदर्शी बुद्ध-श्रावकहरूले भविष्यलाई देखी भय गर्नुहुन्छ, त्यो स्थिति साँच्चै नै आई बुद्ध-शासनप्रति कहिले अराजकतापूर्ण दमननीतिको प्रहारभयो, दुर्भिक्षादि भयको सामना गर्नुपर्‍यो, अधार्मिक अधिकारीहरूको हातबाट बच्न लुकी लुकी नदी नाला पहाड पर्वतको सहारा लिनुपर्‍यो। खाने,पिउने कुराको अभावमा खालि पेटको भरमा पनि हतोत्साही नभएका उहाँ आजानी वीरपुरूष भिक्षुहरूले बुद्धोपदेशको सुरक्षाको जिम्मा पूरा गर्‍यो। पछि यो परम्पराबाट मात्र शासन स्थिरनहुने स्थिति बुझी बाहिरको राम्रो वातावरण अनुकूल भइसकेपछि चौंथो संगायनागरी पुस्तकारूढको गतिलो काम सम्पन्न गर्नुभयो।

बुद्धोपदेश सबै ताडपत्रमा पुस्तकारूढको रूपमा लिपिबद्ध भईसकेपछि यसको व्याख्या, टीका, अनुटीका, ग्रन्थी अनुग्रन्थी आदि धेरै धेरै ग्रन्थहरू लेख्ने तथा प्रचार प्रसारगर्ने काममा कति, कसरी अविस्मरणीय अमूल्य काम-कुरा भई सकिसक्यो। त्यस्तै धर्मको परिशुद्धताको लागि राजाबाट संगायन पनि भैसक्यो। पाँचौं संगायनाहुँदा पहिला भन्दा बुद्ध-शासन चिरस्थायीगर्ने ठूलो इच्छा प्रबल श्रद्धा राखी बर्मी राजा मेण्डोनले मार्बलमा बुद्धोपदेश कुँदी शिलालेखको रूपमा सम्पूर्ण त्रिपिटक लिपिबद्ध गर्नुभयो। आज यी शिलालेख राखीराखेको प्रत्येक चैत्यहरू



Downloaded from http://dhamma.digital/

धर्मको मन्दिरको रूपमा अहिलेसम्म दर्शन गर्नसकिन्छ । बुद्धधर्म जानी, बुझी तदनुसार आचरण गर्नुपर्ने धर्म भएकोले यसको प्रचार-प्रसारको निकै आवश्यक छ ।

गौतम बुद्ध जन्मभएको लुम्बिनी त्यस्तै नै उहाँको जीवनसँग सम्वन्ध भएको कपिलवस्तु, देवदह भएको नेपाल देशमा बुद्धको उपदेशको अध्ययन-अध्यापन समय समयमा भैराखेको इतिहासबाट प्रष्ट हुन्छ । प्राचीन युगमा मौखीक रूपमा धर्मको प्रचार-प्रसार भएता पनि लिच्छवी युगमा हाम्रो देशमा धैरै बुद्ध-धर्म, बौद्ध दर्शन र बौद्धकलाको अध्ययन-अध्यापनको केन्द्र थियो । मध्ययुगमा पनि कैयौं बौद्ध विहारमा यसरी नै अध्ययन-अध्यापनको व्यवस्था थियो । जयस्थिति मल्लको समयदेखी बौद्ध विषयमा यसप्रकारको अध्ययन-अध्यापनको काम व्यवस्थित रूपमा हुन सकेन । त्यसपछि गुथी पारायण पद्धतिबाट यसको अध्ययन-अध्यापन पद्धतिलाई जीवित बनाइराख्यो ।

एशियामा फेरी संस्कृति र सभ्यताको पुनर्जागरण आयो । नेपालमा पनि बुद्ध बुद्ध-धर्म पुनः प्रचार-प्रसार भयो । यस कार्यमा भिक्षु प्रज्ञानन्द, भिक्षु धम्मालोक, भिक्षु शाक्यानन्द, भिक्षु अमृतानन्द, भिक्षु सुबोधानन्द, भिक्षु सुमंगलहरूको विशेष योगदान रहिआएको छ । बि.सं. २००१ सालमा तत्कालीन राणशासनमा नेपालमा भएका चारजना भिक्षुहरू र चारजना श्रामणेरहरूलाई नेपालमा बुद्ध-धर्म प्रचार-प्रसार नगर्नु भन्दाभन्दै पनि प्रचार-प्रसार गऱ्यो भन्ने आरोप लगाई देश निकाला गरी बुद्ध-धर्मको इतिहास समाप्तगर्ने प्रयास गरेता पनि नेपालका बौद्धहरूले भार तमा बसेर भए पनि धर्मको जागरणगर्ने काममा लागीरहे । यही क्रममा सन् १९४४ मा सारनाथमा 'धर्मोदय सभा' को गठन भयो । सन् १९४६मा भिक्षु अमृतानन्द महास्थविरको प्रयत्नबाट श्रीलंकाका प्रसिद्ध बौद्ध विद्वान् भिक्षु नारद महास्थविर प्रमुख ५ जना भिक्षुहरूको शिष्टमण्डलको रूपमा नेपालमा आउनु भयो । उहाँहरूले तत्कालीन राणाशासक पद्मशम्सेरलाई अनुरोधगरी देश निकाला गरीएका भिक्षुहरू पुनः नेपालमा फर्किनुभयो । त्यसपछि नेपालका धैरै श्रद्धालु उपासक-उपासिकाहरूले प्रब्रज्या ग्रहण गर्नुभयो ।



Downloaded from http://dhamma.digital/

सन् १९५१ मा "अखिल नेपाल भिक्षु महासंघ" को स्थापना भयो । भिक्षु महासंघद्वारा धर्मदेशनाबाट विहारमा सिकाउने, अध्ययन-अध्यापन गराउने काम पुनः शुरू भयो । यसबाट श्रीलंका, बर्मा, थाईल्याण्ड आदि देशहरूले नेपालका भिक्षुहरूलाई बुद्ध-धर्म अध्ययनार्थ छात्रवृत्ति प्रदान गरी नेपालको बुद्धधर्मको इतिहासमा कहिल्यै नबिर्सिने छाप राखिदियो। यसमा तत्कालदेखी कुशीनगर भारतमा बसोबास गरी आफूले सक्दो बुद्ध-धर्मको प्रचार-प्रसारको काममा धेरै योगदान दिदैरहेका ऊ चन्द्रमणी महास्थविरको पनि ठूलो देन रहेको छ। नेपालका पुराना भिक्षु, अनागारिकाहरू धेरैजसो उहाँकै शिष्यहरू छन् ।

हाम्रो देशमा बुद्ध-धर्म सम्बन्धी अध्ययन र अध्यापनगर्ने कार्य अत्यन्त आवश्यक भएकोले यसलाई सुहाउँदो समय र परिस्थितिलाई हेरेर त्रिशूली सुगत बौद्ध मण्डलका सचिव धर्मरत्न शाक्यको सुझाव अनुसार श्रद्देय भिक्षु बुद्धघोष महास्थविर त्रिशूली सुगतपुर विहारमा पाल्नुभएको बेलामा बि.सं.२०१९ मा बुद्ध-धर्मको अध्ययन र अध्यापन कार्यको शुभारम्भ गर्नुभयो । जुन परीक्षा क्रममा १ कक्षादेखि ५ कक्षासम्म परीक्षार्थीहरू उत्तीर्ण पनि भयो ।

त्यसपछि भिक्षु बुद्धघोष महास्थविर र धर्मरत्न शाक्य 'त्रिशूली' ले "अखिल नेपाल भिक्षु महासंघ" मा प्रस्ताव पेश गरे अनुसार ५ बैशाख २०२० मा नवौं बैठकले परिवर्तित र परिवर्द्धित गरी त्यस शिक्षाकार्य अधिराज्यभरी संचालन गर्नेगरी स्वीकारगरी यस शिक्षाको अध्ययन-अध्यापनको क्रमलाई "नेपाल बौद्ध परियत्ति शिक्षा" नामाकरण गर्ने निर्णय भयो । त्यसै बैठकको निर्णय अनुसार यस शुभकार्यको शुभारम्भ "अखिल नेपाल भिक्षु महासंघ" का अध्यक्ष पूज्य प्रज्ञानन्द महास्थविरको ६४ औं जन्मदिनमा उद्घाटन भयो ।

"अखिल नेपाल भिक्षु महासंघ" को निर्णय अनुसार बु.सं.२५०७ को बुद्ध-जयन्तीको शुभदिनमा परीक्षा केन्द्र निर्णय भएको ठाउँमा नेपाल अधिराज्य भरी ठीक ८:४५ बजे विहान "नेपाल बौद्ध परियत्ति शिक्षा" को अध्ययन र अध्यापन कार्य प्रारम्भ भयो । यस सन्देश रेडियो नेपालबाट पनि त्यसै समयमा प्रसारण गरिदियो ।



Downloaded from http://dhamma.digital/

ने.सं.१००८, दिल्लागा ११ (वि.सं.२०२०, आषाढ १८ गते) को दिनमा अ.ने.भि.महासंघको बैठकको निर्णय अनुसार बौद्ध परियत्ति शिक्षाको पहिलो परीक्षामा कक्षा १ देखि कक्षा ५ सम्मको व्यवस्थागर्ने सम्पूर्ण कार्यभार श्रामणेर सुदर्शनलाई सुम्पियो । त्यस्तै महासंघको मैत्रीले विभिन्न परीक्षा केन्द्रमा परीक्षा नियन्त्रकहरू नियुक्त गरियो । पहिलो परीक्षा बि.सं.२०२० आश्विन २८ गते (अक्टोबर १४, १९६३) देखि भयो । पहिलोदेखी छैठौं परीक्षामा आशातीत सफलता र बुद्ध-धर्मको अध्ययन-अध्यापनको उत्साहबर्द्धक वातावरणको फलस्वरूप अ.ने.भि.महासंघबाट २३ फागुन २०२० को बैठकमा सातौं परीक्षालाई उपाधि परीक्षा गर्ने निर्णय भयो । शुरूमा सद्धम्म पालकसम्म अध्यापन गरिने ने.बौ.प.शिक्षामा सो तह उत्तीर्ण गरेका विद्यार्थी भएपछि अझ उच्च शिक्षा दिन सद्धम्मपालक उत्तीर्ण धर्मरत्न शाक्य र अ.सुशीला प्रमुख सबै विद्यार्थीहरूको आग्रह बमोजिम परियत्ति सद्धम्म कोविदसम्मको पाठ्यक्रम तयार गरी उच्चशिक्षा प्रारम्भ गरियो । त्यसपछि यस शिक्षालाई परिस्थिति र वातावरण सुहाउँदो ढंगले समय समयमा विभिन्न प्रकारले परिवर्तन र परिवर्द्धन गर्ने क्रममा विभिन्न नीति नियमहरू निर्धारण गर्ने र समिति उपसमिति गठन गर्ने देखि लिएर शिक्षण व्यवस्थापन सुदृढिकरण गर्दै व्यवस्थित रूपले कामकुरा अगाडि बढ्दै गयो । शुरूमा प्रारम्भिक प्रथमवर्ष देखि प्रवेश द्वितीयवर्षसम्म मात्र व्यवस्था भइराखेको यस शिक्षा आज आएर अन्तिम उपाधि परीक्षाको रूपमा "परियत्ति सद्धम्म कोविद उपाधि परीक्षा" सम्म संचालन हुँदै आइराखेको छ ।



Downloaded from http://dhamma.digital/

# नेपाल बौद्ध परियत्ति शिक्षा

प्रधान कार्यालय,

मणिमण्डप महाविहार, पटको, ललितपुर

फोन नं. : ५५२६५१७

सम्पर्क सचिवालय : विश्व शान्ति विहार
नयाँ बानेश्वर, मीनभवन, काठमाडौं
फोन नं. : ४४८२२५०, ४४८२९८४

## बौद्ध परियत्ति शिक्षा स्तर

१. परियत्ति सद्धम्म पालकको प्रारम्भिक प्रथम वर्ष
२. परियत्ति सद्धम्म पालकको प्रारम्भिक द्वितीय वर्ष
३. परियत्ति सद्धम्म पालकको प्रारम्भिक तृतीय वर्ष
४. परियत्ति सद्धम्म पालकको प्रवेश प्रथम वर्ष
५. परियत्ति सद्धम्म पालकको प्रवेश द्वितीय वर्ष
६. परियत्ति सद्धम्म पालकको प्रवेश तृतीय वर्ष
७. परियत्ति सद्धम्म पालकको उपाधि वर्ष
८. परियत्ति सद्धम्म कोविद प्रथम वर्ष
९. परियत्ति सद्धम्म कोविद मध्यम वर्ष
१०. परियत्ति सद्धम्म कोविद अन्तिम वर्ष



Downloaded from http://dhamma.digital/

If you [illegible]
please pass it on to others or
[illegible] it to a monastery, school or public [illegible]
Thanks for your co-operation.
**Namo Amitabha!**


《尼泊爾文國語：二年級佛學課本》
財團法人佛陀教育基金會 印贈
台北市杭州南路一段五十五號十一樓
Printed and donated for free distribution by
**Corporate Body of the Buddha Educational Founda**
55 Hang Chow South Road Sec 1, Taipei, Taiwan, R.
Tel:886-2-23951198,Fax:886-2-23913415
Email:overseas@budaedu.org
Website: http://www.budaedu.org


**This book is for free distribution, it is not for sale.**
यो पुस्तक निःशुल्क वितरणको लागि हो, बिक्रीको लागि होइन


Printed in Taiwan



Downloaded from http://dhamma.digital/

Downloaded from http://dhamma.digital/